CC-0. In Public Domain. Digitization by eGangotri

छान्दोग्योपनिषद्

८।३४

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

छान्दोग्योपनिषद्

[दण्डान्वयी पदार्थ र सरल वाक्यार्थ-सहित]

•

अनुवादक

माधवप्रसाद देवकोटा

•

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

प्रथम संस्करण : २०३५

२०५२/३/१४

८/३४

मुद्रक :
शिवशंकर प्रसाद
दीपक प्रेस,
एस० १७/२७२, नदेसर, वाराणसी क्याण्ट (भारत)

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०१४ साल आषाढ़ ९ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ। यसका जन्मदाता स्वनामधन्य स्वर्गीय श्री ५ महेन्द्रबाट हुकूम भएअनुसार यसको मूल उद्देश्य—'देशको मौलिक परम्परा-लाई युगानुकूल बाटोमा अग्रसर गराउनु'—नै हो।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवका कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल वैशाख १ गतेदेखि नवीन व्यवस्थाअनुसार कार्य गर्न प्रारम्भ गरेको छ। यसअनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गम्भीर तुल्याइएको छ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनु-सन्धानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको संचालनद्वारा यसले प्रगतिशील नेपाली राष्ट्रसुहाउँदो कार्य द्रुतता औ गम्भीरताका साथ गर्ने चेष्टा गर्नेछ।

देश-देशान्तरमा नेपाली राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिंजाउन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउने आशा गरेको छ।

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वैशाख २०३१

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

विषय	पृष्ठ
१. शान्तिपाठ	१
प्रथम अध्याय	
प्रथम खण्ड	
२. प्राक्कथन	३
३. उद्गीथदृष्टिले ओङ्कारको उपासना	४
४. उद्गीथको रसतमत्व	५
५. उद्गीथोपासनान्तर्गत ऋक्, साम र उद्गीथको निर्णय	६
६. ओङ्कारमा संसृष्ट जोडीको समागमको फल	७
७. उद्गीथ दृष्टिले ओङ्कारको उपासना गर्नाको फल	७
८. ओङ्कारको समृद्धिगुणवत्ता	७
९. ओङ्कारको स्तुति	८
१०. अज्ञ र तज्ज्ञका कर्मको भेद	९
द्वितीय खण्ड	
११. प्राणोपासनाको उत्कृष्टता सूचित गर्ने आख्यायिका	९
१२. घ्राणादिको सदोषत्व	१०
१३. मुख्य प्राणद्वारा असुरहरूको पराभव	१२
१४. प्राणोपासकको महत्त्व	१३
१५. प्राणको आङ्गिरस संज्ञा हुनामा कारण	१४
१६. प्राणको बृहस्पति संज्ञा हुनामा हेतु	१४
१७. प्राणको आमास्य संज्ञा हुनामा हेतु	१५
१८. प्राणदृष्टिले ओङ्कारोपासनाको फल	१६
तृतीय खण्ड	
१९. आदित्य दृष्टिले उद्गीथको उपासना	१६
२०. सूर्य र प्राणको समानता तथा प्राणदृष्टिले उद्गीथोपासना	१७
२१. व्यानदृष्टिले उद्गीथोपासना	१७
२२. व्यानप्रयुक्त हुनाले वाक्, ऋक्, साम र उद्गीथको समानता	१८
२३. उद्गीथका अक्षरहरूमा प्राणादि दृष्टि	१९

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
२४. 'उद्गीथ'का अक्षरहरूमा द्युलोक आदि तथा सामवेद आदि दृष्टि	२०
२५. सकामोपासनाको क्रम	२०
चतुर्थ खण्ड	
२६. उद्गीथसंज्ञक ओङ्कारका उपासनासँग सम्बद्ध आख्यायिका	२२
२७. ओङ्कारको उपयोग र महत्त्व	२४
२८. ओङ्कारोपासनाको फल	२४
पञ्चम खण्ड	
२९. ओङ्कार, उद्गीथ र आदित्यको अभेद	२५
३०. रश्मिदृष्टिले आदित्यको व्यस्तोपासनाको विधान र फल	२५
३१. मुख्य प्राणदृष्टिले उद्गीथको उपासना	२६
३२. प्राणभेद दृष्टिले मुख्य-प्राणको व्यस्तोपासनाको विधान र फल	२६
३३. प्रणव र उद्गीथको अभेद दर्शनको फल	२७
षष्ठ खण्ड	
३४. अनेक प्रकारको आधिदैविक उद्गीथोपासना	२८
सप्तम खण्ड	
३५. अध्यात्म-उद्गीथोपासना	३२
३६. आदित्य-अन्तर्गत र नेत्रान्तर्गत पुरुषको एकता	३४
३७. यिनको अभेददृष्टिले उपासना गर्दाको फल	३५
अष्टम खण्ड	
३८. उद्गीथोपासनाको उत्कृष्टता प्रदर्शित गर्नलाई शिलक, दाल्भ्य र प्रवाहणको संवाद	३६
नवम खण्ड	
३९. प्रवाहणको उक्ति—आकाश नै सबको आश्रय हो	४१
४०. आकाशसंज्ञक उद्गीथको उत्कृष्टता र त्यसका उपासनाको फल	४१
दशम खण्ड	
४१. उषस्तिको आख्यान	४३
४२. राज-यज्ञमा उषस्ति र ऋत्विक्हरूको संवाद	४५
एकादश खण्ड	
४३. राजा र उषस्तिको संवाद	४७
४४. उषस्तिका प्रति प्रस्तोताको प्रश्न	४८
४५. उषस्तिको उत्तर—प्रस्तावानुगत देवता प्राण हो	४८
४६. उद्गाताको प्रश्न	४९
४७. उषस्तिको उत्तर—उद्गीथानुगत देवता आदित्य हो	४९

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
४८. प्रतिहर्ताको प्रश्न	५०
४९. उषस्तिको उत्तर—प्रतिहारानुगत देवता अन्न हो	५०
द्वादश खण्ड	
५०. शौवसाम-सम्बन्धी उपाख्यान	५१
५१. कुकुरहरूले गरेको हिङ्कार	५३
त्रयोदश खण्ड	
५२. सामावयवभूत—स्तोमाक्षर-सम्बन्धी उपासनाहरू	५३
५३. स्तोमाक्षरसंबन्धी उपासनाहरूको फल	५५

द्वितीय अध्याय

प्रथम खण्ड	
५४. साधुदृष्टिले समस्त सामको उपासना	५६
द्वितीय खण्ड	
५५. लोकदृष्टिले पाँच प्रकारका सामको उपासना	५८
५६. ओलँदाका लोकहरूमा पञ्चविध सामको उपासना	५८
तृतीय खण्ड	
५७. वृष्टिदृष्टिले पाँच प्रकारका सामको उपासना	५९
चतुर्थ खण्ड	
५८. जलदृष्टिले पाँच प्रकारका सामको उपासना	६०
पञ्चम खण्ड	
५९. ऋतुदृष्टिले पाँच प्रकारका सामको उपासना	६१
षष्ठ खण्ड	
६०. पशुदृष्टिले पाँच प्रकारका सामको उपासना	६२
सप्तम खण्ड	
६१. प्राणदृष्टिले पाँच प्रकारको सामको उपासना	६३
अष्टम खण्ड	
६२. वाणीविषय सप्तविध सामको उपासना	६५
नवम खण्ड	
६३. आदित्यविषयक सात प्रकारका सामको उपासना	६६
दशम खण्ड	
६४. मृत्युदेखि अतीत सप्तविध सामको उपासना	७०

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय पृष्ठ

एकादश खण्ड
६५. गायत्र सामको उपासना ७३
द्वादश खण्ड
६६. रथन्तर सामको उपासना ७४
त्रयोदश खण्ड
६७. वामदेव्य सामको उपासना ७६
चतुर्दश खण्ड
६८. बृहत्सामोपासना ७७
पञ्चदश खण्ड
६९. वैरूप समोपासना ७९
षोडश खण्ड
७०. वैराज सामको उपासना ८०
सप्तदश खण्ड
७१. शक्वरी सामोपासना ८१
अष्टादश खण्ड
७२. रेवती सामको उपासना ८२
एकोनविंश खण्ड
७३. यज्ञायज्ञीयसामोपासना ८४
विंश खण्ड
७४. राजन-सामोपासना ८५
एकविंश खण्ड
७५. सर्वविषयक सामको उपासना ८६
७६. सर्वविषयक सामको उपासनाको उत्कर्ष ८७
द्वाविंश खण्ड
७७. विनर्दिगुणविशिष्ट सामको उपासना ८८
७८. स्तवनका समयमा ध्यान गर्ने प्रकार ८९
७९. स्वरादि वर्णहरूको देवात्मकता ८९
८०. वर्णहरूका उच्चारण कालमा चिन्तनीय ९०
त्रयोविंश खण्ड
८१. तीन धर्मस्कन्ध ९१
८२. त्रयी विद्या र व्याहृतिहरूको उत्पत्ति ९३
८३. ओङ्कारको उत्पत्ति ९४
Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय **पृष्ठ**

चतुर्विंश खण्ड
८४. सवनहरूका अधिकारीको देवता ९५
८५. साम आदि जान्ने नै यज्ञ गर्न योग्य हुन्छ ९५
८६. प्रातःसवनको वसु देवतासम्बन्धी सामगान ९६
८७. मध्याह्न सवनमा रुद्रसम्बन्धी सामगान ९७
८८. तृतीय सवनमा आदित्य-सम्बन्धी र विश्वेदेवसम्बन्धी सामगान ९८

तृतीय अध्याय

प्रथम खण्ड
८९. मधुविद्या १०१
९०. आदित्य आदिमा मधु आदि दृष्टि १०१
९१. आदित्यका पूर्वदिशासम्बन्धी किरणहरूमा मधुनाड्यादि दृष्टि १०१
द्वितीय खण्ड
९२. आदित्यको दक्षिण दिशासम्बन्धी किरणहरूमा मधुनाड्यादि दृष्टि १०३
तृतीय खण्ड
९३. आदित्यका पश्चिम दिशासम्बन्धी किरणहरूमा मधुनाड्यादि दृष्टि १०४
चतुर्थ खण्ड
९४. आदित्यको उत्तरदिशासम्बन्धी किरणहरूमा मधुनाडयादि दृष्टि १०५
पञ्चम खण्ड
९५. आदित्यका ऊर्ध्वदिशासम्बन्धी किरणहरूमा मधुनाडयादि दृष्टि १०६
षष्ठ खण्ड
९६. वसुहरूको जीवनाश्रयभूत प्रथम अमृतको उपासना १०८
सप्तम खण्ड
९७. रुद्रहरूको जीवनाश्रयभूत द्वितीय अमृतको उपासना ११०
अष्टम खण्ड
९८. आदित्यहरूको जीवनाश्रयभूत तृतीय अमृतको उपासना ११२
नवम खण्ड
९९. मरुद्गणको जीवनाश्रयभूत चतुर्थ अमृतको उपासना ११४
दशम खण्ड
१००. साध्यहरूको जीवनाश्रयभूत पन्चम अमृतको उपासना ११६
एकादश खण्ड
१०१. भोगक्षयपछि सबको उपसंहार हुँदा आदित्यरूप ब्रह्मको स्वरूपमा स्थिति ११८

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
१०२. ब्रह्मलोकका विषयमा विद्वान्हरूको अनुभव	११८
१०३. मधुविद्याको फल	११९
१०४. सम्प्रदाय-परम्परा	११९
द्वादश खण्ड	
१०५. गायत्रीद्वारा ब्रह्मको उपासना	१२०
१०६. कार्य ब्रह्म र शुद्ध ब्रह्मको भेद	१२२
१०७ भूताकाश, देहाकाश र हृदयाकाशको अभेद	१२३
त्रयोदश खण्ड	
१०८. हृदयान्तर्गत पूर्वसुषिभूत प्राणको उपासना	१२४
१०९. हृदयान्तर्गत दक्षिणसुषिभूत व्यानको उपासना	१२५
११०. हृदयान्तर्गत पश्चिमसुषिभूत अपानको उपासना	१२५
१११. हृदयान्तर्गत उत्तरसुषिभूत समानको उपासना	१२६
११२. हृदयान्तर्गत ऊर्ध्वसुषिभूत उदानको उपासना	१२६
११३. उपर्युक्त प्राणादि द्वारपालहरूको उपासनाको फल	१२७
११४. हृदयस्थित मुख्य ब्रह्मको उपासना	१२७
११५. हृदयस्थित परमज्योतिको अनुमापक लिङ्ग	१२८
चतुर्दर्श खण्ड	
(शण्डिल्यविद्या)	
११६. सर्वदृष्टिले ब्रह्मको उपासना	१२९
११७. समग्र ब्रह्ममा आरोपित गुण	१२९
११८. ब्रह्म सानोभन्दा सानो र ठूलोभन्दा ठूलो छ	१३०
११९. हृदयस्थित ब्रह्मको र परब्रह्मको एकता	१३०
पञ्चदश खण्ड	
१२०. विराट् कोशको उपासना	१३१
षोडश खण्ड	
१२१. आत्मयज्ञको उपासना	१३४
सप्तदश खण्ड	
१२२. अक्षयादि फल दिने आत्मयज्ञको उपासना	१३९
अष्टादश खण्ड	
१२३. मन आदि दृष्टिले अध्यात्म र आधिदैवब्रह्मको उपासना	१४२
एकोनविंश खण्ड	
१२४. आदित्य र अण्डदृष्टिले अध्यात्म एवं आधिदैविक उपासना	१४५

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
चतुर्थ अध्याय	
प्रथम खण्ड	
१२५. राजा जानश्रुति र रैक्वको उपाख्यान	१४८
द्वितीय खण्ड	
१२६. रैक्वका प्रति जानश्रुतिको उपसत्ति	१५२
तृतीय खण्ड	
१२७. रैक्वद्वारा संवर्ग विद्याको उपदेश	१५५
१२८. संवर्गको स्तुतिका निमित्त आख्यायिका	१५७
चतुर्थ खण्ड	
१२९. सत्यकामको ब्रह्मचर्य-पालन र वनमा गई गाई चराउनु	१५९
पञ्चम खण्ड	
१३०. वृषभबाट सत्यकामलाई ब्रह्मको प्रथम पादको उपदेश	१६२
षष्ठ खण्ड	
१३१. अग्निबाट ब्रह्मका द्वितीय पादको उपदेश	१६४
सप्तम खण्ड	
१३२. हाँसबाट ब्रह्मका तृतीय पादको उपदेश	१६६
अष्टम खण्ड	
१३३. पानीकागबाट ब्रह्मको चतुर्थ पादको उपदेश	१६८
नवम खण्ड	
१३४. सत्यकामले आचार्यकुलमा पुगेर आचार्यबाट पुनः उपदेश ग्रहण गर्नु	१७०
दशम खण्ड	
१३५. उपकोशलका प्रति अग्निद्वारा ब्रह्मविद्याको उपदेश	१७२
एकादश खण्ड	
१३६. गार्हपत्याग्निविद्या	१७५
द्वादश खण्ड	
१३७. अन्वाहार्यपचनाग्निविद्या	१७६
त्रयोदश खण्ड	
१३८. आहवनीयाग्निविद्या	१७८
चतुर्दश खण्ड	
१३९. आचार्यको आगमन	१७९
१४०. आचार्य र उपकोशलको संवाद	१८०

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय पृष्ठ

पञ्चदश खण्ड

१४१. आचार्यको उपदेश—नेत्रस्थित पुरुषको उपासना १८१
१४२. उक्त ब्रह्मोपासकको गति १८३

षोडश खण्ड

१४३. यज्ञोपासना १८४
१४४, ब्रह्माका मौनभङ्गले यज्ञको हानि १८५
१४५. ब्रह्माको मौन पालनले यज्ञको प्रतिष्ठा १८६

सप्तदश खण्ड

१४६. यज्ञदोषको प्रायश्चित्तरूपले व्याहृतिहरूको उपासना १८७
१४७. विद्वान् ब्रह्माको विशिष्टता १८९

पञ्चम अध्याय

प्रथम खण्ड

१४८. ज्येष्ठ श्रेष्ठादि गुणको उपासना १९१
१४९. इन्द्रियहरूको विवाद १९३
१५०. प्रजापतिको निणय १९३
१५१. वाक् इन्द्रियको परीक्षा १९४
१५२. चक्षु इन्द्रियको परीक्षा १९४
१५३. श्रोत्र इन्द्रियको परीक्षा १९५
१५४. मनको परीक्षा १९५
१५५. प्राणको परीक्षा र विजय १९६
१५६, इन्द्रियहरूद्वारा प्राणको स्तुति १९६

द्वितीय खण्ड

१५७. प्राणलाई अन्नको निर्देश १९८
१५८. प्राणलाई वस्त्रको निर्देश १९९
१५९. प्राणविद्याको स्तुति १९९
१६०. मन्थकर्म २००

तृतीय खण्ड

१६१. पाञ्चालहरूका सभामा श्वेतकेतु २०३
१६२. प्रवाहणको प्रश्न २०४
१६३. प्रवाहणवाट पराभूत श्वेतकेतु आफ्ना बाबुकहाँ आउनु २०५
१६४. पिता र पुत्र प्रवाहणकहाँ आउनु २०६

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
१६५. प्रवाहणको वर प्रदान	२०७
चतुर्थ खण्ड	
१६६. पञ्चम प्रश्नको उत्तर	२०८
१६७. लोकरूपा अग्निविद्या	२०८
पञ्चम खण्ड	
१६८. पर्जन्यरूप अग्निविद्या	२०९
षष्ठ खण्ड	
१६९. पृथिवीरूप अग्निविद्या	२१०
सप्तम खण्ड	
१७०. पुरुषरूष अग्निविद्या	२११
अष्टम खण्ड	
१७१. स्त्रीरूप अग्निविद्या	२१२
नवम खण्ड	
१७२. पञ्चम आहुतिमा पुरुषत्वमा प्राप्त भएका जलको गति	२१३
दशम खण्ड	
१७३. प्रथम प्रश्नको उत्तर	२१४
१७४. तृतीय प्रश्नको उत्तर (देवयान र धूमयानको व्यावर्तन स्थान)	२१५
१७५. द्वितीय प्रश्नको उत्तर (पुनरावर्त्तनको क्रम)	२१६
१७६. अनुशयी जीवहरूको कर्मानुरूप गति	२१८
१७७. चतुर्थ प्रश्नको उत्तर (अशास्त्रीय प्रवृत्तिवालाको गति)	२१८
१७८. पाँच पतित	२१९
१७९. पञ्चाग्निविद्याको महत्त्व	२२०
एकादश खण्ड	
१८०. औपमन्यव आदिको आत्ममीमांसाविषयक प्रस्ताव	२२०
१८१. औपमन्यव आदि उद्दालककहाँ आउनु	२२१
१८२. उद्दालक औपमन्यव आदिका साथ अश्वपतिकहाँ आउनु	२२२
१८३. अश्वपतिद्वारा मुनिहरूको स्वागत	२२२
१८४. अश्वपतिका प्रति मुनिहरूको प्रार्थना	२२३
१८५. राजाप्रति मुनिहरूको उपसत्ति	२२४

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय पृष्ठ

द्वादश खण्ड

१८६. अश्वपति र औपमन्यवको संवाद २२४

त्रयोदश खण्ड

१८७. अश्वपति र सत्ययज्ञको संवाद २२६

चतुर्दश खण्ड

१८८. अश्वपति र इन्द्रद्युम्नको संवाद २२७

पञ्चदश खण्ड

१८९. अश्वपति र जनको संवाद २२९

षोडश खण्ड

१९०. अश्वपति र बुडिलको संवाद २३०

सप्तदश खण्ड

१९१. अश्वपति र उद्दालकको संवाद २३२

अष्टादश खण्ड

१९२. अश्वपतिको उपदेश—सग्लो वैश्वानरको उपासनाको फल २३३

१९३. वैश्वानरको सांगोपांग स्वरूप २३४

एकोनविंश खण्ड

१९४. भोजनको अग्निहोत्रत्व सिद्धिका निमित्त 'प्राणाय स्वाहा' यस पहिलो आहुतिको वर्णन २३५

विंश खण्ड

१९५. 'व्यानाय स्वाहा' यस दोस्रो आहुतिको वर्णन २३६

एकविंश खण्ड

१९६. 'अपानाय स्वाहा' यस तेस्रो आहुतिको वर्णन २३७

द्वाविंश खण्ड

१९७. 'समानाय स्वाहा' यस चौथो आहुतिको वर्णन २३८

त्रयोविंश खण्ड

१९८. 'उदानाय स्वाहा' यस पाँचौं आहुतिको वर्णन २३९

चतुर्विंश खण्ड

१९९. अविद्वान्का हवनको स्वरूप २४०

२००. विद्वान्का हवनको स्वरूप २४१

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय पृष्ठ

षष्ठ अध्याय

प्रथम खण्ड

२०१. आरुणिको आफ्नो छोरा श्वेतकेतुप्रति उपदेश २४३

द्वितीय खण्ड

२०२. अन्य पक्षको खण्डनपूर्वक जगत्का सद्रूपताको समर्थन २४६

तृतीय खण्ड

२०३. सृष्टिको क्रम २४९

चतुर्थ खण्ड

२०४. एकको ज्ञानले सबको ज्ञान २५२

पञ्चम खण्ड

२०५. अन्न आदिको विविध परिणाम २५७

षष्ठ खण्ड

२०६. अन्न आदिको सूक्ष्म भाग नै मन आदि हुन्छ २५९

सप्तम खण्ड

२०७. षोडशकलाविशिष्ट पुरुषको उपदेश २६१

अष्टम खण्ड

२०८. सुषुप्तिकालमा जीवका स्थितिको उपदेश २६४

नवम खण्ड

२०९. सुषुप्तिमा 'सत्' मा प्राप्त भएको ज्ञान नहुनामा मौरीको दृष्टान्त २७०

दशम खण्ड

२१०. नदीको दृष्टान्तद्वारा उपदेश २७२

एकादश खण्ड

२११. वृक्षको दृष्टान्तद्वारा उपदेश २७४

द्वादश खण्ड

२१२. वटवृक्षका फलको दृष्टान्तद्वारा उपदेश २७६

त्रयोदश खण्ड

२१३. नूनको दृष्टान्तद्वारा उपदेश २७८

चतुर्दश खण्ड

२१४. अन्यत्रबाट ल्याएका पुरुषको दृष्टान्तद्वारा उपदेश २८१

पञ्चदश खण्ड

२१५. मुमूर्षु पुरुषको दृष्टान्तद्वारा उपदेश २८३

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय पृष्ठ

षोडश खण्ड

२१६. चोरका तप्त परशु ग्रहणको दृष्टान्तद्वारा उपदेश २८५

सप्तम अध्याय

प्रथम खण्ड

२१७. नारदका प्रति सनत्कुमारको उपदेश २८७

द्वितीय खण्ड

२१८. नामको भन्दा वाणीको महत्त्व २९०

तृतीय खण्ड

११९. वाक्को अपेक्षा मनको श्रेष्ठता २९२

चतुर्थ खण्ड

२२०. मनभन्दा सङ्कल्पको श्रेष्ठता २९४

पञ्चम खण्ड

२२१. सङ्कल्पभन्दा चित्तको प्रधानता २९६

षष्ठ खण्ड

२२२. चित्तका अपेक्षा ध्यानको महत्त्व २९७

सप्तम खण्ड

२२३. ध्यानको भन्दा विज्ञानको महत्ता ३००

अष्टम खण्ड

२२४. विज्ञानभन्दा बलको श्रेष्ठता ३०२

नवम खण्ड

२२५. बलको भन्दा अन्नको प्रधानता ३०४

दशम खण्ड

२२६. अन्नको भन्दा जलको महत्त्व ३०६

एकादश खण्ड

२२७. जलका अपेक्षा तेजको प्रधानता ३०७

द्वादश खण्ड

२२८. तेजको भन्दा आकाशको प्रधानता ३०९

त्रयोदश खण्ड

२२९. आकाशको अपेक्षा स्मरणको महत्त्व ३११

चतुर्दश खण्ड

२३०. स्मरणभन्दा आशाको महत्त्व ३१२

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय पृष्ठ

पञ्चदश खण्ड
२३१. आशाका अपेक्षा प्राणको प्राधान्य ३१३
षोडश खण्ड
२३२. सत्य नै जान्न योग्य छ ३१६
सप्तदश खण्ड
२३३. विज्ञान नै जान्न योग्य छ ३१७
अष्टादश खण्ड
२३४. मति नै जान्न योग्य छ ३१७
एकोनविंश खण्ड
२३५. श्रद्धा नै जान्न योग्य छ ३१८
विंश खण्ड
२३६. निष्ठा नै जान्न योग्य छ ३१९
एकविंश खण्ड
२३७. कृति नै जान्न योग्य छ ३१९
द्वाविंश खण्ड
२३८. सुख नै जान्न योग्य छ ३२०
त्रयोविंश खण्ड
२३९. भूमा नै जान्न योग्य छ ३२१
चतुर्विंश खण्ड
२४०. भूमाका स्वरूपको प्रतिपादन ३२१
पञ्चविंश खण्ड
२४१. सर्वत्र भूमा नै छ ३२३
षड्विंश खण्ड
२४२. यस प्रकार जान्नेलाई मिल्ने फलको उपदेश ३२५

अष्टम अध्याय

प्रथम खण्ड
२४३. दहर-पुण्डरीकमा ब्रह्मको उपासना ३२८
२४४. पुण्यकर्मका फलको अनित्यत्व ३३२
द्वितीय खण्ड
२४५. दहर-ब्रह्मका उपासनाको फल ३३३

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय | **पृष्ठः**

तृतीय खण्ड

२४६. असत्यले आवृत सत्यको उपासना र नामाक्षरको उपासना ३३६

चतुर्थ खण्ड

२४७. सेतुरूप आत्माको उपासना ३३९

पञ्चम खण्ड

२४८. यज्ञादिमा ब्रह्मचर्यदृष्टि ३४१

षष्ठ खण्ड

२४९. हृदयनाडी र सूर्यरश्मिरूप मार्गको उपासना ३४३

सप्तम खण्ड

२५०. आत्मतत्त्वको अनुसन्धान गर्नाका निमित्त इन्द्र र विरोचन प्रजापतिकहाँ जानु ३४७

अष्टम खण्ड

२५१. इन्द्र र विरोचनले जलपूर्ण भिउँटमा आफ्नो प्रतिविम्ब हेर्नु ३५०

नवम खण्ड

२५२. इन्द्रको पुनः प्रजापतिकहाँ आउनु ३५३

दशम खण्ड

२५३. इन्द्रका प्रति स्वप्नपुरुषको उपदेश ३५६

एकादश खण्ड

२५४. सुषुप्त पुरुषको उपदेश ३५९

द्वादश खण्ड

२५५. मर्त्यशरीर आदिको उपदेश ३६२

त्रयोदश खण्ड

२५६. 'श्यामाच्छबलम्' यस मन्त्रको उपदेश ३६६

चतुर्दश खण्ड

२५७. कारणरूपले आकाशसंज्ञक ब्रह्मको उपदेश ३६६

पञ्चदश खण्ड

२५८. आत्मज्ञानको परम्परा, नियम र फलको वर्णन ३६७

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

तत्सद्ब्रह्मणे नमः

छान्दोग्योपनिषद्

दण्डान्वयी पदार्थ र सरल वाक्यार्थ सहित

शान्तिपाठ

ॐ आप्यायन्तु ममाङ्गानि वाक्प्राणश्चक्षुः श्रोत्रमथो बलमिन्द्रियाणि च सर्वाणि। सर्वं ब्रह्मौपनिषदं माहं ब्रह्म निराकुर्यां मा मा ब्रह्म निराकरोद-निराकरणमस्त्वनिराकरणं मेऽस्तु। तदात्मनि निरते य उपनिषत्सु धर्मास्ते मयि सन्तु ते मयि सन्तु ॥

ॐ शान्तिः ! शान्तिः !! शान्तिः !!!

दण्डान्वयी पदार्थ—ॐ = हे परमात्मा ! मम = मेरा, अङ्गानि = अङ्गहरू, वाक् = वाणी, प्राणः = प्राण, चक्षुः = देख्ने इन्द्रिय, श्रोत्रम् = सुन्ने इन्द्रिय, आप्यायन्तु = परिपुष्ट होऊन्, अथो = तथा, सर्वाणि = सम्पूर्ण, इन्द्रियाणि = इन्द्रियहरू, बलम् = शक्ति, [प्राप्नुवन्तु] = पाऊन्, सर्वम् = यो सबै, औपनिषदम् = उपनिषत्प्रतिपादित, ब्रह्म = ब्रह्म हो, अहम् = म, ब्रह्म = ब्रह्मलाई, मा निराकुर्याम्=अस्वीकार नगरूँ, ब्रह्म = ब्रह्मले (पनि), मा = मलाई, मा निराकरोत् = परित्याग नगरोस्, अनिराकरणम् = (उसको साथ मेरो) अटूट सम्बन्ध, अस्तु = होओस्, मे = मेरा साथ, (उसको) अनिराकरणम् = अटूट सम्बन्ध, अस्तु=होओस्, उपनिषत्सु=उपनिषद्हरूमा (प्रतिपादित), ये = जो, धर्माः = धर्महरू छन्, ते = ती सब, तदात्मनि=उस परमात्मामा, निरते = लागेका, मयि = ममा, सन्तु = होऊन् ।

ॐ = हे परमात्मा ! शान्तिः शान्तिः शान्तिः = तीनै तापको शान्ति होओस् ।

सरल वाक्यार्थ—हे परमात्मा ! मेरा अङ्गहरू र बोल्ने, देख्ने, सुन्ने आदि सबै ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियहरू र प्राणसमूह परिपुष्ट होऊन् । एवं सम्पूर्ण इन्द्रियहरूले शक्ति (ओज) प्राप्त गरून् । यो सबै उपनिषद्मा प्रतिपादन गरिएको ब्रह्म हो । त्यस ब्रह्मलाई म कहिल्यै अस्वीकार नगरूँ, त्यस ब्रह्मले पनि मलाई परित्याग नगरोस् । मेरो र उसको अटूट सम्बन्ध रहोस् । उपनिषद्हरूमा बताएका जो धर्महरू छन् ती उस परमात्मामा लागेका ममा मौजूद होऊन् । आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनै ताप शान्त होऊन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम अध्याय

प्रथम खण्ड

प्राक्कथन

(उपासनाको ज्ञानसँग सम्बन्ध)

'ओमित्येतदक्षरम्'—यसदेखि आरम्भ हुने अष्टाध्यायी छान्दोग्य उपनिषद् हो। यो उपनिषद् सामवेदीय तवल्कार शाखाको अन्तर्गत छ। त्यसमा सम्बन्ध—

प्राणादि देवताहरूको विज्ञानसहित गरिएको समस्त कर्म अर्चिरादि मार्गद्वारा ब्रह्मलोक प्राप्तिको कारण अवगत छ। केवल कर्मचाहिँ धूमादि मार्गद्वारा चन्द्रलोक प्राप्तिको कारण छ। यी दुवै मार्गबाट छुटेका मनमानी स्वभावानुसार प्रवृत्त हुनेहरूको कष्टमयी अधोगति पनि बताइएको छ। आत्यन्तिक पुरुषार्थसिद्धि भने ती दुइमध्ये कुनै मार्गबाट पनि हुँदैन। अतः संसारका यी त्रिविध गतिका कारणहरू पन्छाएर कर्मनिरपेक्ष अद्वैत आत्मविज्ञान बताउनु छ र प्रस्तुत उपनिषद् आरम्भ गरिन्छ।

पक्कै हो अद्वैत-आत्म-विज्ञानविना आत्यन्तिक-निःश्रेयस प्राप्ति हुँदैन। भनिने नै छ—"जो मानिस यस अद्वैत-आत्म-विज्ञानको विपरीत ज्ञान गर्दछन् ती अनात्माका अधीन हुन्छन्।" यसको विपरीत (आत्म-ज्ञान) भएमा चाहिँ "स्वराट् (स्वयम् राजा = ब्रह्म) हुन्छ।" (छा० उ० १।२५।२)

यसै कारण अद्वैत-आत्म-दर्शन कर्मका साथ चल्ने हुँदैन। क्रिया, कारक र फलरूप भेदलाई पन्छाई "सत् (ब्रह्म) एक र अद्वितीय छ।" (छा० उ० ६।२।१), "यो सब आत्मा नै हो।" (छा० उ० ७।२५।२) इत्यादि वाक्यले पैदा गरेका आत्मज्ञानलाई बोध गर्ने अरू कुनै प्रतीति हुनु संभव छैन। 'कर्मविधिकै प्रतीति छ नि!' भनिएला, तर छैन, किनभने कर्तृत्व, भोक्तृत्व ठहराउने एवं तज्जनित कर्मफलमा रागद्वेषादि दोष राख्ने अधिकारीका निमित्त नै कर्म विधान गरिएको हो।

'संपूर्ण वेदार्थ जानेकालाई कर्म विधान गरिएकाले अद्वैत ज्ञानीले पनि त कर्म गर्नुपर्छ नि!' भनिएला, त्यसो होइन, कर्माधिकारीसँग सम्बन्ध राख्ने कर्तृत्व-भोक्तृत्व आदि ज्ञान "सत् (ब्रह्म) एक र अद्वितीय छ।" "यो सब आत्मा नै हो।" इत्यादि वाक्यले पन्छाइदिइसकेको छ। त्यसकारण अविद्यादि दोषवालाका निमित्त नै कर्महरू विधान गरिएका हुन्, अद्वैत ज्ञानीका निमित्त होइनन्। अतएव भनिन्छ—"यी सब (कर्मकाण्डी) पुण्यलोकमा प्राप्त हुन्छन्। ब्रह्मनिष्ठचाहिँ अमृतत्व (मोक्ष) मा प्राप्त हुन्छ। (छा० उ० २।२३।१)

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस अद्वैत विद्याका प्रकरणमा अभ्युदय (सांसारिक उन्नति) का साधन उपासनाहरू कहिन्छन् । 'आत्मा मनोमय प्राणशरीर छ' भनिने इत्यादि उपासनाहरू अद्वैत ब्रह्मका अपेक्षा केही विकारमा प्राप्त भएका ब्रह्मसँग सम्वन्ध राख्नेछन् र कैवल्य मोक्षको समीपवर्त्ती फल भएका छन् ।

कर्माङ्गसँग सम्वन्ध भएकाचाहिं उपासना कर्म-समृद्धि नै फल हुनेछन् । उपनिषद् शब्दले जानिने हुनाले र मनोवृत्तिरूप हुनाले आत्मज्ञानमा र उपासनामा समानता पनि छ । यसैले आत्मविद्याका प्रकरणमा यी उपासना राखिएका हुन् । त्यसो भए अद्वैत ज्ञानको र उपासनाको फरक के भयो त ? भने, अद्वैत विज्ञान भनेको 'यो जे जति छ सब आत्मा नै हो' भन्ने आत्मैकत्व-बोध हुनु हो । प्रकाश पाउनासाथ भएको डोरीको निश्चयले उत्निखेरै सर्पको प्रतीति हटाइदिए जस्तै गरी यस बोधले निष्क्रिय आत्मामा स्वभावतः आरोप गरिआएका कर्ता, क्रिया र फलहरूका भेदहरूलाई तत्कालै नष्ट गरिदिन्छ । उपासनाचाहिं शास्त्राभिमत कुनै आलम्बनलाई लिएर त्यसमा एकनासको चित्तवृत्तिको प्रवाह गराउनु हो । ती दुइमा यै फरक छ । ती उपासना चित्तशोधक हुनाले वस्तुतत्त्वका अवभासक हुँदा अद्वैत ज्ञानका उपकारक हुन्छन् र ती आलम्वन विषयक हुनाले सुखसाध्य पनि छन् । यस-उसले पहिले ती उपासनाहरू बताइन्छन् ।

त्यस प्रसंगमा कर्मको अभ्यास मजबूत भैरहेकाले कर्म त्याग गरेर उपासनामा मात्र चित्त लगाउनु गाह्रै हुन्छ भन्ने अभिप्रायले प्रथमतः कर्माङ्ग विषयकै उपासना बताइन्छ ।

उद्गीथ दृष्टिले ओंकारको उपासना

ओमित्येतदक्षरमुद्गीथमुपासीत । ओमिति ह्युद्गायति तस्योपव्याख्यानम् ॥ १ ॥

दण्डान्वयी पदार्थ—ओम् इति एतत्='ओम्' यो, अक्षरम् = अक्षर, उद्गीथम्= उद्गीथ हो । उपासीत (यसको) = उपासना गरोस्, हि = किनभने, ओम् इति = 'ओम्' यसरी, [आरम्भ] = शुरू गरेर, उद्गायति = (सामवेदीले) उद्गान गर्दछ, तस्य = त्यस ओङ्कारको, उपव्याख्यानम् = उपासना प्रकार, त्यसको विभूति एवं फलहरू चिह्नाउने रूपको कथन, [प्रवर्तते] = चल्दछ ।

सरल वाक्यार्थ—'ओम्' यो अक्षर उद्गीथ हो । यसको उपासना गर्नुपर्दछ । किनभने 'ओम्' शब्दबाट आरम्भ गरेर नै उद्गाताले सामगान गर्दछ । अब त्यस ओङ्कारको उपव्याख्यान (उपासना-प्रकार, विभूति एवं फलहरूको कथन) चल्दछ ।

टिप्पणी—सामवेदीय स्तोत्रविशेषको नाम 'उद्गीथभक्ति' छ । ओङ्कार त्यसको अंश हो । अतः यसलाई 'उद्गीथ' भन्दछन् ।

ओङ्कार ज्यादै महत्त्वपूर्ण वस्तु छ । यो परमात्माको समीपवर्त्ती प्यारो नाम हो, यस नामले पुकार्दा त्यो खुशी हुन्छ । जस्तै—

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"अदृश्यविग्रहो देवो भावग्राह्यो मनोमयः।
तस्योङ्कारः स्मृतो नाम तेनाऽऽहूतः प्रसीदति ॥" (स्मृति)

तथा ओङ्कार परमात्माको प्रतिमा जस्तो प्रतीक पनि हो र शब्दात्मक रूपले पनि उपासनीय छ। जस्तो भनिएको छ—

"ओमित्येतदक्षरमिदꣳ सर्वं तस्योपव्याख्यानं भूतं भवद् भविष्यदिति सर्वमोङ्कार एव। यच्चान्यत्त्रिकालातीतं तदप्योङ्कार एव।" (माण्डूक्य उ० १–२)

यो अक्षर समस्त वेदको आद्य मन्त्राक्षर हो।। मन्त्रहरू प्रयोग गर्नुभन्दा अघि यसलाई प्रयोग गर्नाले ती मन्त्रहरू परिपूर्ण भई यथावत् फल दिने हुन्छन्। जस्तो :–

"आद्यं मन्त्राक्षरं ब्रह्म त्रयी यस्मिन् प्रतिष्ठिता।
सर्वमन्त्रप्रयोगेषु ओमित्यादौ प्रयुज्यते।
तेन संपरिपूर्णानि यथोक्तानि भवन्ति हि ॥"

एवं योग, दान, तप, स्वाध्याय, जप, ध्यान, सन्ध्योपासन, प्राणायाम, होम, दैव-पित्र्य-मन्त्रोच्चार, ब्रह्मारम्भादि समस्त कार्यका आदिमा र अन्तमा यसको उच्चारण गर्नु भन्ने छन्दोगपरिशिष्टहरूमा उल्लेख छ, अतएव भनिन्छ—

"तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः।
प्रवर्त्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥" (गीता)

इत्यादि प्रमाणबाट परमात्माको नाम पनि प्रतीक पनि भएकाले र समस्त वाङ्मयको आद्य मन्त्राक्षर समेत हुनाले परमात्माको उपासनामा ओङ्कार श्रेष्ठ साधन छ।

उद्गीथको रसतमत्व

एषां भूतानां पृथिवी रसः पृथिव्या आपो रसः। अपामोषधयो रस ओषधीनां पुरुषो रसः पुरुषस्य वाग्रसो वाच ऋग्रस ऋचः साम रसः साम्न उद्गीथो रसः ॥ २ ॥

द० प०—एषाम् = यी, भूतानाम् = प्राणीहरूको, पृथिवी = पृथ्वी, रसः = सार हो, पृथिव्याः = पृथिवीको, आपः = पानी, रसः = सार हो, अपाम् = पानीको, ओषधयः = धान्यादिहरू, रसः = सार हो, ओषधीनाम् = धान्यादिहरूको, पुरुषः = पुरुष, रसः = सार हो, पुरुषस्य = पुरुषको, वाक् = वाणी, रसः = सार हो, वाचः = वाणीको, ऋक् = ऋग्वेद, रसः = सार हो, ऋचः = ऋग्वेदको, साम = सामवेद, रसः = सार हो, साम्नः = सामवेदको, उद्गीथः = ओङ्कार, रसः = सार हो।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—यी चर अचर सबको पृथिवी सार हो । पृथिवीमा नै सब यी आश्रित छन् । पृथिवीको सार पानी हो । पानीमा नै पृथिवी ओतप्रोत छ । पानीको सार धान्यहरू हुन् । धान्यहरू पानीकै परिणाम हुन् । धान्यहरूको सार पुरुष हो । अन्नकै परिणाम हो नरदेह । पुरुषको सार वाणी हो । त्यसका अवयवहरूमध्ये वाणी नै सार वस्तु छ । वाणीको सार ऋग्वेद हो; ऋग्वेदको सार सामवेद हो । सामवेदको सार ओङ्कार हो ।

स एष रसानाꣳ रसतमः परमः परार्ध्योऽष्टमो यदुद्गीथः ॥ ३ ॥

द० प०—सः = त्यो, एषः = यो, अष्टमः = आठौं सार, रसानाम् = सारहरूमध्ये, रसतमः = अत्यन्त सार, परमः = ज्यादै, परार्ध्यः = श्रेष्ठतम हो, यद् = जो, उद्गीथः = ओङ्कार हो ।

स० वा०—त्यो यो आठौं सार सारहरूमध्ये अत्यन्त सार ज्यादै श्रेष्ठ वस्तु हो, जो ओङ्कार हो ।

उद्गीथोपासनान्तर्गत ऋक्, साम र उद्गीथको निर्णय

कतमा कतमर्क्कतमत्कतमत्साम कतमः कतम उद्गीथ इति विमृष्टं भवति ॥ ४ ॥

द० प०—कतमा कतमा = कुन कुन, ऋक् = ऋक् हो, कतमत् कतमत् = कुन कुन, साम = साम हो, कतमः कतमः = कुन कुन, उद्गीथः = उद्गीथ हो, (अव) इति = यो कुरा, विमृष्टम् = विचार गरिएको, भवति = हुन्छ ।

स० वा०—'वचनको सार ऋक् हो' इत्यादि भनियो । अब त्यसमा विचार गरिन्छ—कुन कुन ऋक् हो, कुन कुन साम हो, कुन कुन उद्गीथ हो ।

वागेवर्क् प्राणः सामोमित्येतदक्षरमुद्गीथः । तद्वा एतन्मिथुनं यद्वाक्च प्राणश्चर्क् च साम च ॥ ५ ॥

द० प०—वाक् एव=वाणी नै, ऋक्-ऋक् हो, प्राणः = प्राण; साम = साम हो, ओम् इति='ओम्' यो, अक्षरम् = अक्षर, उद्गीथः = उद्गीथ हो, तद्=त्यो, एतद्=यो, मिथुनम्=जोडी हो, यद्=जो, ऋक्=ऋक्को कारण, च = र, साम=सामको कारण, च=पनि, वाक्=वाणी, च=र, प्राणः=प्राण, च=पनि हो ।

स० वा०—वाणी नै ऋक् हो, प्राण नै साम हो र 'ओम्' यो अक्षर नै उद्गीथ हो । यो यौटा जोडी हो जो ऋक् र सामका कारणभूत वाक् र प्राण हुन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओंकारमा संसृष्ट जोडीका समागमको फल

तद्वेतन्मिथुनमोमित्येतस्मिन्नक्षरे सꣳसृज्यते यदा वै मिथुनौ समागच्छत आपयतो वै तावन्योन्यस्य कामम् ॥६॥

द० प०—तद् = त्यो, एतद् = यो, मिथुनम् = जोडी, ओम् इति = 'ओम्' यो, अक्षरे = अक्षरमा, संसृज्यते = जुटेको छ, यदा = जब, वै = निश्चयले, मिथुनौ = जोडीका अवयव, समागच्छतः = जुट्तछन्, [तदा] = तव, तौ = ती अवयव, अन्योन्यस्य = परस्परको, कामम् = कामना, वै = अवश्य, आपयतः = पुऱ्याउँछन् ।

स० वा०—उक्त वाक् र प्राणीको जोडी 'ओम्' यस अक्षरमा जुटेको छ। अभिप्राय हो—सबै कामना पूर्ण गर्ने गुणले युक्त भएका वाक् र प्राण जब ओङ्कारमा जुटेका हुन्छन् त ओङ्कार पनि उक्त गुणले युक्त हुनु प्रसिद्धै छ। वाक् प्राणको जोडी-सँग ओङ्कार जुट्नु यै हो कि ओङ्कार वाङ्मय हुनु र प्राण-निष्पाद्य हुनु ।

जसरी लोकमा जोडी (स्त्री पुरुष) का अवयव रति-समयमा जुट्तछन् र दुवैका कामना पूर्ण गर्ने हुन्छन् उसै गरी आफूमा प्रविष्ट जोडी (वाक् र प्राण) द्वारा संपूर्ण कामना पूर्ण गरिदिने गुण ओङ्कारमा छ भन्ने कुरा प्रसिद्ध छ ।

उद्गीथ दृष्टिले ओंकारको उपासना गर्नाको फल

आपयिता ह वै कामानां भवति य एतदेवं विद्वानक्षरमुद्गीथमुपास्ते ॥७॥

द० प०—यः = जो, एतद् = यो, अक्षरम् = अक्षरलाई, एवम् = यस्तो, विद्वान् = जान्दछ र उपास्ते = उपासना गर्दछ, [सः] = त्यो, कामानाम् = कामनाहरू, आपयिता = पूर्ण गरिदिने, वै = निश्चयले, भवति = हुन्छ, ह = यो कुरा प्रसिद्ध छ ।

स० वा०—जो यस ओङ्कारलाई यस्ता प्रकारको कामना पुऱ्याइदिने गुणले युक्त भएको उद्गीथ भनेर जान्दछ र उपासना गर्दछ त्यो उपासक समेत अवश्य समस्त कामना पुऱ्याइदिने हुन्छ । यो प्रसिद्धै छ ।

ओङ्कारको समृद्धिगुणवत्ता

तद्वा एतदनुज्ञाक्षरं यद्धि किं चानुजानात्योमित्येव तदाह एषा एव समृद्धिर्यदनुज्ञा । समर्धयिता ह वै कामानां भवति य एतदेवं विद्वानक्षरमुद्गीथ-मुपास्ते ॥८॥

द० प०—तद् = त्यो, एतद् = यो, अक्षरम् = ओङ्काररूप अक्षर, वै = निश्चयले, अनुज्ञा = अनुमति बुझाउने, अक्षरम् = अक्षर हो, हि = किनभने, (मनुष्य) यत् किम् च = जुन कुनै कुरालाई पनि, अनुजानाति = अनुमति दिन्छ (मञ्जूर गर्दछ) त त्यसलाई,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओम् इति एव='ओम्' यसो नै, आह = भन्दछ। एषा=यो (अनुमति), उ एव=नै, समृद्धिः=असल वृद्धि हो (अतः ओम् अक्षर पनि समृद्धि गुणले युक्त छ), यः=जो, एतद्=यो, अक्षरलाई, एवम्=यस्तो गुणले युक्त भएको, उद्गीथम्=उद्गीथ भनी, विद्वान्=जान्दछ र, उपास्ते=उपासना गर्दछ, [सः]=त्यो, वै=निश्चयले, कामानाम्=कामनाहरूको, समर्धयिता=पूरण गर्ने, भवति=हुन्छ ।

स० वा०—यो 'ओम्' रूप अक्षर निस्सै अनुमति (मञ्जूरी) बुझाउने अक्षर हो। किनभने मनुष्य कसैलाई जुनसुकै कुरामा अनुमति दिंदा पनि 'ओम्' (ॐ) भन्दछ। यो अनुमति नै सम्पन्नतामूलक हुनाले सम्पन्नता हो। अर्थात् समृद्धि (सम्पन्नता) छ र नै मनुष्य केही दिने गर्ने विषयमा अनुमति दिन्छ, त्यसै कोही दिंदैन। अतः 'ओम्' अक्षर पनि समृद्धि गुणले युक्त छ। जो यस 'ओम्' अक्षरलाई यस्तो गुणले युक्त भएको जान्दछ र उपासना गर्दछ, त्यो समृद्धि गुणको उपासक हुनाले तत्स्वभावै हुने हुँदा निश्चय नै कामनाहरू पूर्ण गर्नें हुन्छ।

ओङ्कारको स्तुति

तेनेयं त्रयी विद्या वर्त्तत ओमित्याश्रावयत्योमिति शंसत्योमित्युद्गायत्येतस्यैवाक्षरस्यापचित्यै महिम्ना रसेन ॥९॥

द० प०—तेन = त्यस (ओङ्कार) ले, इयम्=यो, त्रयी = ऋग्वेद-आदिरूप, विद्या=विद्या, वर्त्तते=प्रवृत्त हुन्छ। ओम् इति='ओम्' भनेर, आश्रावयति=(अध्वर्यु) आश्रावण गर्दछ, ओम् इति='ओम्' भनेर, शंसति=(होता) शंसन गर्दछ, ओम् इति='ओम्' भनेर, उद्गायति=(उद्गाता) सामगान गर्दछ, [तत् च कर्म]=त्यो कर्म, एतस्य=यस, अक्षरस्य=अक्षरको, एव=नै, अपचित्यै=सत्कारका निमित्त हो, [किंच]=अर्को कुरा, एतस्य एव=यसै अक्षरको, महिम्ना=महत्त्व (ऋत्विक्, यजमान आदिका प्राण) ले, (तथा) रसेन=धान, जौ आदिका रसबाट भएका हविले, [यज्ञः तायते]=यज्ञ फैलाइन्छ।

स० वा०—यै ओङ्कारबाट ऋग्वेद आदि विद्या प्रवृत्त हुन्छ। 'ओम्' उच्चारण गरेर उध्वर्युले आश्रावण गर्दछ। 'ओम्' उच्चारण गरेर होताले शंसन गर्दछ। 'ओम्' उच्चारण गरेर नै उद्गाताले साम-गान गर्दछ। यो क्रियाकलाप पनि त्यै ओङ्कारका सत्कारलाई हो। फलतः ओङ्कार परमात्माको प्रतीक हुनाले परमात्माकै सम्मानलाई हो। यज्ञहरू हुने पनि यै अक्षरको महत्त्व (ऋत्विक्-यजमानादिका प्राण) ले र रस (धान, जौ आदि अन्नका रसले बनेका हवि) ले हो।

अर्थात् याग-होमादि यै ओङ्कारले गरिन्छ, त्यो सूर्यमा प्राप्त हुन्छ, अनि वृष्टि आदिका क्रमले प्राण एवम् अन्न हुन्छ, अनि तिनैले यज्ञ फैलाइन्छ। यसैले भनिएको हो—'ओङ्कारकै महिमा र रसले यज्ञ हुन्छ।'

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञ र तज्ज्ञका कर्मको भेद

तेनोभौ कुरुतो यश्चैतदेवं वेद यश्च न वेद। नाना तु विद्या चाविद्या च यदेव विद्यया करोति श्रद्धयोपनिषदा तदेव वीर्यवत्तरं भवतीति खल्वेतस्यैवाक्षरस्योपव्याख्यानं भवति ॥१०॥

द० प०—तेन=त्यस (अक्षर) ले, उभौ=दुवै, कुरुतः=कर्म गर्दछन्; यः च = जो, एतत्=यस ओङ्कारलाई, एवम्=यस्तो गुणविशिष्ट, वेद=जान्दछ, च=र, यः=जुन, न वेद=जान्दैन, (नजाने पनि कर्ममा के फरक पर्छ? भन्न हुँदैन), विद्या=थाह हुनु, च=र, अविद्या=थाह नहुनु, च=पनि, नाना तु=बेग्लै नै हुन्, (किनभने) यत्=जुन कर्म, एव = नै, श्रद्धया=श्रद्धाले, उपनिषदा=योगले, करोति=गर्दछ, तत् एव=त्यै कर्म, वीर्यवत्तरम्=नजान्नेले गरेकोभन्दा बढ्ता फल हुने हुन्छ। इति=यो, खलु=निश्चय, एतस्य=यो, अक्षरस्य=उद्गीथ नामक ओङ्कारको, एव=नै, उपव्याख्यानम् = व्याख्या, भवति=हो।

स० वा०—ओङ्कारको यस्तो गुण जान्नेले पनि नजान्नेले पनि कर्म त दुवैले गर्दछन्। तर जान्नु र नजान्नु अवश्यै अलग कुरा हुन्। किनभने मनुष्य जुन कर्म अङ्गका गुणलाई जानेर श्रद्धावान् र योगयुक्त भई गर्दछ, त्यो कर्म अवश्य नै गुण नजान्नेले गरेकोभन्दा बढ्ता फलवाला हुन्छ।

यो रसतम, आप्ति, समृद्धि गुणले युक्त भएको अक्षर भनेर उपासना गर्न विधान गरिएको कुरो प्रस्तुत उद्गीथनामक ओङ्कार नै हो र यहाँसम्मको ग्रन्थ त्यसैको व्याख्यास्वरूप हो।

पहिलो अध्यायमा पहिलो खण्ड समाप्त

द्वितीय खण्ड

प्राणोपासनाको उत्कृष्टता सूचित गर्ने आख्यायिका

देवासुरा ह वै यत्र संयेतिर उभये प्राजापत्यास्तद्ध देवा उद्गीथमाजह्रुरनेनैनानभिभविष्याम इति ॥ १ ॥

द० प०—ह वै=प्राचीन कालमा भएको कुरा हो, प्राजापत्याः=प्रजापतिका छोरा, उभये=दुइ थरी, देवासुराः=देवता र असुर (दैत्य, दानव) हरूले, यत्र=जुन

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुराका निमित्तमा, संयेतिरे=संग्राम गरेथे, तत्=त्यस निमित्तमा, देवाः = देवताहरूले, अनेन=यस उद्गीथद्वारा, एनान्=यिनीहरूलाई, अभिभविष्यामः =दबाउनेछौं, इति= यसो भनी, उद्गीथम्=उद्गीथभक्तिले उपलक्षित औद्गात्र कर्म, आजह्रुः=गरे, अर्थात् सामगान हुने ज्योतिष्टोमादि यज्ञको अनुष्ठान गरे।

स० वा०—यो प्राचीन कालमा भएको कुरो हो। प्रजापतिका दुइ थरी छोरा देवता र असुरहरू जुन परस्परका भोग्य विषय हरण गर्ने निमित्तमा संग्राम गर्दथे त्यसै निमित्तमा देवताहरूले उद्गाताको कर्म (सामगान) द्वारा यी असुरहरूलाई दबाउनेछौं भनी सामगान हुने ज्योतिष्टोमादि यज्ञको अनुष्ठान गरे।

टिप्पणी—यहाँ 'पुरुष नै उक्थ हो', 'यै ठूलो प्रजापति हो' भन्ने श्रुत्यन्तर हुनाले प्रजापति भनेर कर्म र उपासनामा अधिकार प्राप्त भएको पुरुष सम्झनुपर्दछ। त्यसका छोरा देव र असुर भनेर करणका शास्त्रीय सद्वृत्ति र स्वाभाविक दुर्वृत्तिहरूलाई सम्झनुपर्दछ। प्रत्येक व्यक्तिका यी दुई थरी वृत्तिको संग्राम अनादि कालदेखि चलि नै रहेको छ। यै भित्री चिरन्तन देवासुर संग्राम हो।

प्राणादिको सदोषत्व

सम्बन्ध—जब तिनीहरूले उद्गीथ कर्मको अनुष्ठान गर्न चाहे तब

ते ह नासिक्यं प्राणमुद्गीथमुपासाञ्चक्रिरे। तꣳ हासुराः पाप्मना विविधुस्तस्मात्तेनोभयं जिघ्रति सुरभि च दुर्गन्धि च पाप्मना ह्येष विद्धः ॥ २ ॥

द० प०—ते=ती, देवाः=देवताहरूले, नासिक्यम्=नाकमा भएको, प्राणम्= प्राणलाई अर्थात् चेतनावान् घ्राण इन्द्रियलाई, उद्गीथम्=उद्गीथकर्ता अर्थात् उद्गाता भन्ने रूपले, उपासाञ्चक्रिरे=उपासना गरे, ह=भएको कुरा हो, तम्=त्यस (घ्राण)-लाई, असुराः=दैत्य-दानवहरूले, पाप्मना=पापले, अविध्यत्=विद्ध गरे, पापसंयुक्त पारे, तस्मात्=त्यसकारण, (लोक), तेन=त्यो घ्राणले, सुरभि=सुगन्ध, च=र, दुर्गन्धि= दुर्गन्ध, च=पनि, उभयम्=दुवै कुरा, जिघ्रति=सुङ्दछ, हि=ठीक हो, एषः=यो घ्राण, विद्धः=पाप संयुक्त छ।

स० वा०—ती देवताहरूले नाकमा भएको प्राण अर्थात् चेतनायुक्त घ्राण इन्द्रियलाई उद्गाता भन्ने रूपले उपासना गरे। त्यस घ्राणलाई असुरहरूले आफ्ना अधर्म र आसक्तिरूप पापले युक्त पारे। त्यसै कारण लोक त्यो घ्राणले सुगन्ध, दुर्गन्ध दुवै सुङ्दछ। (सुङ्नु त पर्दथ्यो सुगन्ध मात्र), ठीक हो, यो घ्राण पापसंयुक्त छ।

टिप्पणी—यहाँ प्राण (घ्राण) लाई 'उद्गाता रूपले उपासना गरे' भन्ने पदहरूको अर्थ हुन आयो। तर 'खल्वेतस्यैवाक्षरस्य' भनी ओङ्कार नै उपास्य रूपमा

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृत हुनाले प्राण (घ्राण) दृष्टिले उद्गीथको उपासना गरे भन्ने मतलब सम्झनुपर्दछ। त्यसो भएमा प्रकृत अर्थको परित्याग र अप्रकृत अर्थको उपादानरूप दोष हट्ने हुन्छ। यस्तै यस प्रकरणका कण्डिकाहरूमा वाक् आदि रूपले उद्गीथ (ओङ्कार)-को उपासना गरे भन्ने अर्थ मान्नुपर्दछ।

अथ ह वाचमुद्गीथमुपासाञ्चक्रिरे। ताँ हासुराः पाप्मना विविधुस्तस्मात्तयोभयं वदति सत्यं चानृतं च पाप्मना ह्येषा विद्धा ॥ ३ ॥

द० प०—अथ=अनि, (देवताहरूले) वाचम्=वाक् इन्द्रियलाई, उद्गीथम्=उद्गीथकर्ता (उद्गाता) भन्ने भावले, उपासाञ्चक्रिरे=उपासना गरे, ह=यो अघि भएको कुरा हो, ताम्=त्यस वाक् इन्द्रियलाई, असुराः=असुरहरूले, पाप्मना=पापले, विविधुः=विद्ध गरे अर्थात् पापसंयुक्त पारे। ह=प्रसिद्ध छ, तस्मात्=त्यसकारणले, (लोक), तया=त्यस वाक् इन्द्रियले, सत्यम्=साँचो, च=र, अनृतम्=झूटो, च=पनि, उभयम् = दुवै, वदति=बोल्दछ, (बोल्नु त पर्थ्यो साँचो मात्र), हि=ठीक हो, एषा=यो वाक् इन्द्रिय, पाप्मना=पापले, विद्धा=संयुक्त छ।

स० वा०—अनि देवताहरूले वाक् इन्द्रियलाई उद्गाता भन्ने भावले उपासना गरे। दैत्य-दानवहरूले त्यस वाक् इन्द्रियलाई आफ्नो अधर्म र आसक्ति रूप पापले संयुक्त पारे। त्यसकारण लोक त्यस वाक् इन्द्रियले साँचो पनि झूटो पनि दुवै बोल्दछ। बोल्नु त पर्थ्यो साँचो मात्र। ठीक हो, त्यो वाक् इन्द्रिय पापले संयुक्त छ।

अथ ह चक्षुरुद्गीथमुपासाञ्चक्रिरे। तद्धासुराः पाप्मना विविधुस्तस्मात्तेनोभयं पश्यति दर्शनीयं चादर्शनीयं च पाप्मना ह्येतद्विद्धम् ॥ ४ ॥

द० प०—अथ=यसपछि, (देवताहरूले), चक्षुः=चक्षु इन्द्रियलाई, उद्गीथम्=उद्गीथकर्ता (उद्गाता) भनेर, उपासाञ्चक्रिरे=उपासना गरे, ह=अघि भएको कुरा हो, असुराः=असुरहरूले, तद्=त्यस (चक्षु इन्द्रियलाई), पाप्मना=पापले, विविधुः=संयुक्त पारे, तस्मात्=त्यसकारणले, (लोक), तेन=त्यस (चक्षु इन्द्रिय) ले, दर्शनीयम्=देख्न लायक, च=र, अदर्शनीयम्=देख्न बेलायक, च=पनि, उभयम्=दुवैलाई, पश्यति=हेर्दछ, (हेर्नुपर्ने त थियो लायक चीजलाई मात्र), हि=ठीक हों, एतत्=यो चक्षु, पाप्मना=पापले, विद्धम्=विद्ध (युक्त) भएको छ।

स० वा०—यसपछि देवताहरूले चक्षु इन्द्रियलाई उद्गाता भन्ने भावले उपासना गरे। अनि असुरहरूले त्यस चक्षु इन्द्रियलाई पापले विद्ध पारे। त्यसकारण

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोक आँखाले लायक पनि बेलायक पनि दुवै कुरा हेर्दछ (लायक कुरा मात्र हेर्नुपर्थ्यो), ठीक हो, यो चक्षु इन्द्रिय अधर्म र आसक्तिरूप पापले युक्त भएको छ।

अथ ह श्रोत्रमुद्गीथमुपासाञ्चक्रिरे। तद्धासुराः पाप्मना विविधुस्तस्मात्तेनोभयꣳ शृणोति श्रवणीयं चाश्रवणीयं च पाप्मना ह्येतद्विद्धम् ॥ ५ ॥

द० प०—अथ=यसपछि, (देवताहरूले), श्रोत्रम्=श्रवणेन्द्रियलाई, उद्गीथम्=उद्गीथकर्ता (उद्गाता) भनी, उपासाञ्चक्रिरे=उपासना गरे, (तब), असुराः=असुरहरूले, तत्=त्यस (श्रवणेन्द्रिय) लाई, पाप्मना=पापले, विविधुः=विद्ध (युक्त) गरे, तस्मात्=त्यसकारणले, (लोक), तेन=त्यस (श्रवणेन्द्रिय) ले, श्रवणीयम्=सुन्न लायक, च=र, अश्रवणीयम्=सुन्न बेलायक, च=पनि, उभयम्=दुवै कुरा, शृणोति=सुन्दछ, हि=ठीक हो, एतद्=यो (श्रवणेन्द्रिय), पाप्मना=पापले, विद्धम्=संयुक्त छ।

स० वा०—यसपछि देवताहरूले श्रवणेन्द्रियलाई उद्गाता भावले उपासना गरे। तब असुरहरूले त्यस श्रवणेन्द्रियलाई पापले संयुक्त पारे। त्यसैले गर्दा लोक श्रवणेन्द्रियले असल कुरा पनि सुन्दछ, कमसल कुरा पनि सुन्दछ। (सुन्नु त पर्थ्यो असल कुरा मात्र)। ठीक हो यो श्रवणेन्द्रिय अधर्म र आसक्ति रूप पापले संयुक्त छ।

अथ ह मन उद्गीथमुपासाञ्चक्रिरे। तद्धासुराः पाप्मना विविधुस्तस्मात्तेनोभयꣳ संकल्पयते संकल्पनीयं चासंकल्पनीयं च पाप्मना ह्येतद्विद्धम् ॥६॥

द० प०–अथ=अनि,(देवताहरूले), मनः=मनलाई, उद्गीथम्=उद्गीथकर्ता (उद्गाता) भन्ने भावनाले, उपासाञ्चक्रिरे=उपासना गरे, (तब), असुराः=असुरहरूले, तद्=त्यस (मन) लाई, पाप्मना=पापले, विविधुः=वेधन गरे (संयुक्त पारे), तस्मात्=त्यसकारणले, (लोक), तेन=त्यस (मन) ले, संकल्पनीयम्=संकल्प गर्न योग्य, च=र, असङ्कल्पनीयम्=संकल्प गर्न अयोग्य, उभयम्=दुवै कुरा, संकल्पयते=कल्पना गर्दछ, हि=यसकारणले कि, एतद्=यो (मन), पाप्मना=पापले, विद्धम्=विद्ध (संयुक्त) छ।

स० वा०—अनि देवताहरूले मनलाई उद्गाता भावले उपासना गरे। तब असुरहरूले त्यस मनलाई आफ्नो अधर्म र आसक्तिरूप पापले संयुक्त पारे। त्यसैले गर्दा त्यस मनले असल कुरा पनि कमसल कुरा पनि कल्पना गर्दछ, कल्पना त गर्नुपर्थ्यो असल कुरा मात्र। किन त ? भने यो मन पापले संयुक्त पारिएको छ।

मुख्य प्राणद्वारा असुरहरूको पराभव

अथ ह य एवायं मुख्यः प्राणस्तमुद्गीथमुपासांचक्रिरे। तꣳ हासुरा ऋत्वा विदध्वंसुर्यथाश्मानमाखणमृत्वा विध्वꣳसेत ॥ ७ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ=अनि, (देवताहरूले), यः=जुन, एव=नै, अयम्=यो, मुख्यः=मुख्य, प्राणः=प्राण हो, तम्=त्यसलाई, उद्गीथम्=उद्गीथकर्ता (उद्गाता) भनी, उपासांचक्रिरे=उपासना गरे, ह=यो प्रसिद्ध छ, (तत्र) असुराः=असुरहरू, तम्=त्यस (प्राण) का नगीच, ऋत्वा=पुगेर, विदध्वंसुः=ध्वस्त भए, यथा=जसरी, [लोष्टः]=माटाको ढेलो, आखणम्=दुर्भेद्य, अश्मानम्=ढुङ्गामा, [ऋत्वा]=पुगेर, (विध्वंसेत=ध्वस्तै (फ्यास्सै) होला ।

स० वा०—अनि देवताहरूले—जुन यो मुख्य प्राण हो, त्यसलाई (उद्गाता) भन्ने भावले उपासना गरे, (त्यतिखेर चाँहि) असुरहरू, त्यस प्राणमा पुग्नासाथ ध्वस्तै भए । जसरी ढुंगा फुटाल्ने मनसायले फ्याँकिएको माटाको ढेलो ढुंगामा लाग्नासाथ फ्यास्सै हुन्छ ।

प्राणोपासकको महत्त्व

एवं यथाश्मानमाखणमृत्वा विध्वꣳसत एवꣳ हैव स विध्वꣳसते य एवं विदि पापं कामयते यश्चैनमभिदासति स एषोऽश्माखणः ॥ ८ ॥

द० प०—एवम्=यसरी, (कसरी ?), यथा=जसरी, आखणम्=दुर्भेद्य, अश्मानम्=ढुंगामा, ऋत्वा=पुगेर, [लोष्टः]=माटाको ढेलो, विध्वंसेत=ध्वस्त होला, एवम्=यसै गरी, ह एव=निश्चय नै, सः=त्यो, विध्वंसते=नष्ट हुन्छ, यः=जो, एवं विदि=यस्तो प्राणलाई जानी उपासना गर्ने पुरुष प्रति, पापम्=अपराध, कर्तुम्=गर्न, कामयते=चाहन्छ, च=तथा, यः=जो, एनम्=यस प्राणोपासकलाई, अभिदासति=गाली र मार-पीट गर्दछ । सः=त्यो, एषः=यो, प्राणोपासक, अश्माखणः=अभेद्य ढुङ्गा जस्तो दुर्धर्ष छ ।

टिप्पणी—शङ्का—नाकमा भएको प्राण पनि वायुरूपै त हो नि ! किन त्यो पाप–विद्ध भयो ? अनि किन मुख्य प्राण पाप–विद्ध भएन ? **समाधान**—नाकमा रहेको प्राण आफू रहेको ठाउँका इन्द्रियका दोषले गर्दा पाप–विद्ध भयो । मुख्य प्राणमा त्यस्तो आश्रय दोष नहुनाले र स्थानदेवता प्रबल हुनाले त्यो पाप–विद्ध भएन । जस्तो बसिलाहरू जान्नेका हातमा छन् भने काम दिने हुन्छन्, नजान्नेका हातमा छन् भने काम दिने हुँदैनन् । यसै गरी दोषी घ्राणको साथमा रहेकाले नासिकास्थित प्राणले आफूलाई पापबाट बचाउने काम दिन सकेन । उक्त दोष नहुनाले मुख्य प्राण पापबाट बच्यो ।

नैवैतेन सुरभि न दुर्गन्धि विजानात्यपहतपाप्मा ह्येष तेन यदश्नाति यत्पिबति तेनेतरान्प्राणानवति । एतमु एवान्ततोऽवित्त्वोत्क्रामति व्याददात्येवान्तत इति ॥ ९ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—(लोक) एतेन=यस (मुख्य प्राण) द्वारा, सुरभि=सुगन्ध, न एव जानाति=अवश्य थाह गर्दैन, दुर्गन्धि=दुर्गन्ध (पनि), न एव विजानाति=अवश्य थाह गर्दैन, हि=किनभने, एषः=यो (मुख्य प्राण), अपहतपाप्मा=पाप हटाएको वस्तु छ, (लोक), तेन=त्यस (प्राण) द्वारा, यत्=जो, अश्नाति=खान्छ, यत्=जो, पिबति=पिउँछ, तेन=त्यस (खाए-पिएका वस्तु) ले, इतरान्=अरू, प्राणान्=अमुख्य प्राण (घ्राणेन्द्रिय आदि) लाई, अवति=पालन गर्दछ, अन्ततः=अन्तकालमा, एतम्=यो (मुख्य प्राण अर्थात् मुख्य प्राणका वृत्तिरूप अन्न-पान), अवित्त्वा=नपाएर, एव=नै, (घ्राणादि प्राण समूह) उत्क्रामति=निक्लन्छ, (अतः) अन्ततः=आखिर (मरण-समय) मा, व्याददाति एव=मुख बाएकै हुन्छ ।

स० वा०—लोक यस मुख्य प्राणद्वारा न सुगन्ध थाह गर्छ न दुर्गन्ध; किनभने यो मुख्य प्राण पापरहित वस्तु छ । लोक त्यस प्राणद्वारा जो खान्छ, जो पिउँछ, त्यसबाट अरू अमुख्य प्राण (घ्राणेन्द्रिय आदि) लाई पालन गर्दछ । यसरी आफूलाई मात्र पालन नगरेर अरूहरूलाई समेत पालन गर्ने हुनाले मुख्य प्राण शुद्ध छ । अन्त्य कालमा यसै मुख्य प्राणका वृत्तिरूप अन्न-पान नपाएर नै घ्राण आदि प्राणसमूह शरीरबाट निक्लने हुन्छन् । यो पक्का छ कि प्राणीले अन्त्यकालमा मुख बाएकै हुन्छ । यसबाट स्पष्ट थाह हुन्छ—खानाको इच्छा भएको तर नपाएको अवस्था रहेछ ।

प्राणको आङ्गिरस संज्ञा हुनामा कारण

तं᳝ हाङ्गिरा उद्‌गीथमुपासाञ्चक्र एतमु एवाङ्गिरसं मन्यन्तेऽङ्गानां यद्रसः ॥ १० ॥

द० प०—अङ्गिराः=अङ्गिरा ऋषिले, तम्=त्यस (मुख्य प्राण) लाई, उद्‌गीथम्=ओङ्कार भनी, उपासांचक्रे=उपासना गरेका थिए, ह=यो कुरा प्रसिद्ध छ, (अतः) एतम्=यस प्राणलाई, उ एव=नै, आङ्गिरसम्=आङ्गिरस, मन्यन्ते=ठान्दछन्, यत्=जुन कारणले, (यी अङ्गिरा), अङ्गानाम्=अङ्गहरूको, रसः=रस थिए ।

स० वा०—अङ्गिरा ऋषिले त्यस प्राणलाई ओङ्कार भन्ने भावनाले उपासना गरेका थिए । यसैले प्राणलाई आङ्गिरस ठान्दछन्, जुन कारणले कि यी अङ्गिरा प्राणरूपै भएर आफूस्वरूप प्राणलाई उपासना गरेका हुनाले तिनी अङ्गका रस थिए ।

प्राणको बृहस्पति संज्ञा हुनामा हेतु

तेन तं᳝ ह बृहस्पतिरुद्‌गीथमुपासांचक्र एतमु एव बृहस्पतिं मन्यन्ते वाग्घि बृहती तस्या एष पतिः ॥११॥

द० प०—बृहस्पतिः=बृहस्पतिले, तम्=त्यस (प्राण) लाई, उद्‌गीथम्=ओङ्कार

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने भावनाले, उपासांचक्रे=उपासना गरेथे, ह=प्रसिद्ध छ, तेन=त्यस कारणले, एतम्=यस (प्राण) लाई, उ एव=नै, बृहस्पतिम्=बृहस्पति, मन्यन्ते=मान्दछन्, हि = जुन कारणले, वाक् = वाणी, बृहती=बृहती हो, तस्याः=त्यसका, एषः=यी, पतिः=मालिक हुन् ।

स० वा०—बृहस्पतिले त्यस प्राणलाई ओङ्कार भावले उपासना गरेथे । यस-कारणले यस प्राणलाई बृहस्पति मान्दछन्, जुन कारणले कि यी बृहस्पति प्राणरूपै भएर आफूस्वरूप प्राणलाई उपासना गरेका हुनाले यिनी वाणीका पति छन् ।

प्राणको आयास्य संज्ञा हुनामा हेतु

तेन तँ हायास्य उद्गीथमुपासांचक्र एतमु एवायास्यं मन्यन्त आस्याद्यदयते ॥१२॥

द० प०—आयास्यः=आयास्य ऋषिले, तम्=त्यस (प्राण) लाई, उद्गीथम्=ओङ्कार भनी, उपासाञ्चक्रे=उपासना गरेथे । ह=प्रसिद्ध छ, तेन=त्यसकारणले, एतम्=यस (प्राण) लाई, उ एव=नै, आयास्यम्=आयास्य, मन्यन्ते=मान्दछन्, यद्=जुन कारणले, आस्यात्=मुखबाट, अयते=निक्लन्छन् ।

स० वा०—आयास्य ऋषिले त्यस प्राणलाई ओङ्कारभावले उपासना गरेथे । त्यसकारणले यस प्राणलाई नै आयास्य मान्दछन्, जुन कारणले प्राणरूपले रहेका आयास्य ऋषि आस्य (मुख) बाट निक्लन्छन् ।

तेन त ँ ह बको दाल्भ्यो विदांचकार । स ह नैमिशीयानामुद्गाता बभूव स ह स्मैभ्यः कामानागायति ॥१३॥

द० प०—तम्=त्यस (प्राण) लाई, दाल्भ्यः=दलभका छोरा, बकः=बक नामक मुनिले, विदांचकार=पूर्वप्रदर्शित रूपले जानेथे, तेन=त्यसकारणले, सः=ती, नैमिशी-यानाम्=नैमिषारण्यमा सत्र याग गर्ने ऋषिहरूका, उद्गाता=सामगान गर्ने, बभूव=भएथे, ह=प्रसिद्ध छ, सः=तिनले, एभ्यः=यी नैमिशीयहरूका निमित्त, कामान्=अभीष्ट कुराहरू, आगायति स्म=गानद्वारा प्रार्थना गरिदिएथे, ह=यो अघि भएको कुरा हो ।

स० वा०—दलभका छोरा बक नामक मुनिले माथि बताए अनुसारको रूपले जानेर उपासना गरेथे । त्यसै कारणले तिनी नैमिषारण्यमा सत्र याग गरेर रहने ऋषि-हरूका सामगायक भएका थिए । तिनले उनीहरूका निमित्त अभीष्ट कुरा सामगानद्वारा प्रार्थना गरिदिएथे । यो पुरा कालमा भएको कुरा हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणदृष्टिले ओंकारोपासनाको फल

आगाता ह वै कामानां भवति य एतदेवं विद्वानक्षरमुद्गीथमुपास्त इत्यध्यात्मम् ॥१४॥

द० प०—(त्यो) कामानाम्=अभीष्ट वस्तुहरूको, अगाता=उद्गान गर्ने, ह वै=निस्सै, भवति=हुन्छ, यः=जो, एतत्=यो, उद्गीथम्=उद्गीथ संज्ञक, अक्षरम्=अक्षर (ओङ्कार) लाई, एवम्=यस्तो (कहिए अनुसार), विद्वान्=जान्दछ र उपास्ते=उपासना गर्दछ, इति अध्यात्मम्=यो उद्गीथोपासना, अध्यात्मम्=आत्मविषयक हो ।

स० वा०—त्यो पुरुष अभीष्ट वस्तुहरूको उद्गान गर्ने अवश्य हुन्छ, जो यस उद्गीथ संज्ञक अक्षर ओङ्कारलाई बताए अनुसार जान्दछ र उपासना गर्दछ । यो उद्गीथोपासना अध्यात्म (आत्मविषयक) हो ।

पहिलो अध्यायमा दोस्रो खण्ड समाप्त

तृतीय खण्ड

आदित्य दृष्टिले उद्गीथको उपासना

अथाधिदैवतं य एवासौ तपति तमुद्गीथमुपासीतोद्यन्वा एष प्रजाभ्य उद्गायति । उद्यꣳस्तमोभयमपहन्त्यपहन्ता ह वै भयस्य तमसो भवति य एवं वेद ॥१॥

द० प०—अथ=यसपछि, अधिदैवतम्=देवताविषयक, उद्गीथको उपासना आरम्भ गरिन्छ, यः=जुन, एव=नै, असौ=ती (आदित्य), तपति=प्रकाश गर्दछन्, तम्=तिनीलाई, उद्गीथम्=ओङ्कार भनेर, उपासीत=उपासना गरोस्, एष=यी (आदित्य), उद्यन् वै=उदाउँदा-उदाउँदै, प्रजाभ्यः=जनहरूका निमित्त, उद्गायति=उद्गान गर्दछन्, उद्यन्=उदाउँदै, तमोभयम्=अन्धकारको डर, अपहन्ति=नाश गर्दछन्, यः=जो, एवम्=यस्तो गुण भएका आदित्यलाई, वेद=जान्दछ र उपासना गर्दछ, (त्यो) वै=अवश्य, भयस्य=डरको (र), तमसः=अज्ञानको, अपहन्ता=नाशक, भवति=हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—अब (आत्मविषयक उद्गीथोपासना बताइसकेपछि) देवताविषयक उद्गीथोपासना कहिन्छ। जुन यी प्रकाश गर्दछन् यी सूर्यलाई उद्गीथ (ओंकार) भनेर उपासना गर्नू। अक्षर वाचक उद्गीथ शब्द सूर्यमा कसरी प्रयुक्त भएको ? भन्ने शङ्कामा व्युत्पत्ति बताउँदछ—सूर्य उदित हुँदाहुँदै जनहरूका निमित्त अन्नको उत्पत्तिका लागि यज्ञमा उद्गाताले गरेजस्तो उद्गान गर्दछन्। तथा उदाउँदै अन्धकारको नाश गर्दछन्। जो सूर्यलाई यस्तो गुण भएका जान्दछ र उपासना गर्दछ त्यो अवश्य जन्म मरणादिक डरको र त्यसको कारणभूत अज्ञानको नाश गर्ने हुन्छ।

सूर्य र प्राणको समानता तथा प्राणदृष्टिले उद्गीथोपासना

समान उ एवायं चासौ चोष्णोऽयमुष्णोऽसौ स्वर इतीममाचक्षते स्वर इति प्रत्यास्वर इत्यमुं तस्माद्वा एतमिममनुं चोद्गीथमुपासीत ॥ २ ॥

द० प०—अयम्=यो (प्राण), च=र, असौ=ती (सूर्य), च=पनि, उ एव=अवश्य, समानः=बराबर छन्, अयम्=यो (प्राण), उष्णः=तातो छ, असौ=ती (सूर्य पनि), उष्णः=ताता छन्, इमम्=यस (प्राण) लाई, स्वरः इति ='स्वर' भनी, आचक्षते=भन्दछन्, अमुम्=ती (सूर्य) लाई, स्वरः इति='स्वर' यसो (र), प्रत्यास्वरः इति='प्रत्यास्वर' यसो (पनि), आचक्षते=भन्दछन्, तस्मात् वै=त्यसै कारणले, एतम्=यस (प्राण) लाई, च=र, इमम् अमुम्=यिनै तिनी (सूर्य) लाई, उद्गीथम्=उद्गीथ भनी, उपासीत=उपासना गरोस्।

स० वा०—यो प्राण र ती सूर्य बराबरै छन्। कसरी ? यो प्राण तातो छ, ती सूर्य पनि ताता छन्। यस प्राणलाई स्वरण—गमन गर्ने हुनाले 'स्वर' भन्दछन्। सूर्यलाई उदाएर गमन गर्ने हुनाले 'स्वर' भन्दछन्, अस्ताएर पुनः फर्केर आउने हुनाले 'प्रत्यास्वर' पनि भन्दछन्। त्यसकारण तत्त्व फरक नभएकाले यस प्राणलाई पनि ती सूर्यलाई पनि उद्गीथ भन्ने भावले उपासना गर्नू।

व्यानदृष्टिले उद्गीथोपासना

अथ खलु व्यानमेवोद्गीथमुपासीत यद्वै प्राणिति स प्राणो यदपानिति सोऽपानः। अथ यः प्राणापानयोः सन्धिः स व्यानो यो व्यानः सा वाक्। तस्मादप्राणन्ननपानन्वाचमभिव्याहरति ॥ ३ ॥

द० प०—अथ खलु=अब अर्के प्रकारले उद्गीथोपासना कहिन्छ। व्यानम् एव=व्यानलाई नै, उद्गीथम्=उद्गीथ भन्ने भावले, उपासीत=उपासना गरोस्, यद्=जुन, वै=नै, प्राणिति=नाक-मुखबाट वायु बाहिर निकाल्छ, सः=त्यो, प्राणः =प्राण हो, यद्=सो, अपानिति=नाक-मुखबाट वायुलाई भित्र खिच्छ, सः=त्यो,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपानः=अपान हो, अथ=अब, यः=जो, प्राणापानयोः=प्राण र अपानको, सन्धिः=जोर्नी (बीचको वृत्ति) हो, सः=त्यो, व्यानः=व्यान हो, यः=जो, व्यानः=व्यान हो, सा=त्यो, वाक्=वाणी हो, अर्थात् वाणी व्यानकै कार्य हो, तस्मात्=त्यसकारण, अप्राणन्=श्वास बाहिर नछोड्दा (र), अनपानन्=श्वास भित्र नखिँच्ता, वाचम्=वचन, अभिव्याहरति = बोल्दछ ।

स० वा०—अब अर्को प्रकारले उद्गीथको उपासना कहिन्छ । व्यानलाई नै उद्गीथ भन्ने भावनाले उपासना गर्नू । नाक र मुखबाट जो बाहिर वायु निकास्छ त्यो प्राण हो, नाक-मुखबाट जो वायुलाई भित्र खिच्छ त्यो अपान हो । जो ती दुइको सन्धि अर्थात् बीचको वृत्ति हो त्यो व्यान हो । (यहाँ सांख्यादि शास्त्रप्रसिद्ध व्यान अभिप्रेत छैन) प्राण, अपानलाई छोड़ेर किन व्यानको उपासना कहिन्छ ? भने वीर्यवान् कर्मको हेतु हुनाले । कसरी ? जो व्यान हो त्यो वाणी हो । अर्थात् वाणी व्यानको कार्य हो । श्वास छोड्ने, खिच्ने नगरेकै वेलामा अर्थात् सन्धिको व्यानवृत्तिमा नै मानिस वचन बोल्ने हुन्छ ।

व्यानप्रयुक्त हुनाले वाक्, ऋक्, साम र उद्गीथको समानता

या वाक्सर्क्तस्माद्प्राणन्ननपानन्नृचमभिव्याहरति यर्क्तत्साम तस्माद्-प्राणन्ननपानन्साम गायति यत्साम स उद्गीथस्तस्माद्प्राणन्ननपानन्नुद्-गायति ॥ ४ ॥

द० प०—या=जो, वाक्=वाणी हो, सा=त्यो, ऋक्=ऋक् हो, तस्मात्=त्यसकारण, अप्राणन्=श्वास ननिकाल्दा (र), अनपानन्=श्वास नखिच्ता, ऋचम्=ऋचा, अभिव्याहरति=उच्चारण गर्दछ, (तथा) या=जो, ऋक्=ऋक् हो, तत्=त्यो, साम=साम हो, (ऋक्मै रहेको हो) तस्मात्=त्यसकारण (पुरुष), अप्राणन्=श्वास ननिकाल्दा (र), अनपानन् = श्वास नखिच्ता, साम = साम, गायति=गाउँदछ, (एवम्) यत्=जो, साम=साम हो, सः=त्यो, उद्गीथः=उद्गीथ हो, तस्मात्=त्यसकारण, अप्राणन्=श्वास ननिकाल्दा (र), अनपानन्=श्वास नखिच्ता नै, उद्गीथम्=उद्गीथ, उद्गायति = (उद्गाताले) गाउँदछ ।

स० वा०—जो वाणी हो त्यो ऋग्वेद हो (वाणीविशेषै त ऋक् हो), त्यसकारण, पुरुष ऋक्लाई श्वास ननिकाल्दा र नखिच्ता उच्चारण गर्दछ, जो ऋक् हो त्यो सामवेद हो (सामवेद ऋक्-स्थितै हो)। त्यसकारण सामलाई, श्वास ननिकाल्दा र नखिच्ता नै उच्चारण गर्दछ । जो साम हो त्यो उद्गीथ हो । (सामवेदकै अवयव त हो उद्गीथ—ओङ्कार) त्यसो हुनाले उद्गाता श्वास ननिकाल्दा र नखिँच्ताकै बीचमा उद्गीथ उच्चारण गर्दछ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतो यान्यन्यानि वीर्यवन्ति कर्माणि यथाग्नेर्मन्थनमाजेः सरणं दृढस्य धनुष आयमनमप्राणन्ननपानꣳ स्तानि करोत्येतस्य हेतोर्व्यानमेवोद्गीथमुपासीत ॥ ५ ॥

द० प०—अतः=यसकारणले, यानि=जुन, अन्यानि=अरू, वीर्यवन्ति=कोशिश विशेष पर्ने, कर्माणि=काम छन्, यथा=जस्तो, अग्निः=अग्नि, मन्थनम्=मथन गर्नु, आजेः=ढुङ्गोसम्म, सरणम्=दौड्नु, दृढस्य=मजबूत, धनुषः=धनु, आयमनम्=खिँच्नु, तानि=ती काम, (पुरुष) अप्राणन्=श्वास बाहिर ननिकाल्दा (र), अनपानन्=श्वास भित्र नखिच्ताका वेलामा नै, करोति=गर्दछ, एतस्य=यस, हेतोः=निमित्त, व्यानम् एव=व्यानवृत्तिलाई नै, उद्गीथम्=उद्गीथ भनेर, उपासीत=उपासना गर्नू ।

स० वा०—यसकारणले अरू पनि जुन विशेष कोशिश पर्ने कामहरू छन्; जस्तै–अग्नि मथन गर्नु, ढुङ्गोसम्म दौड्नु, मजबूत धनु खिँच्नुहरू छन्, ती काम मनुष्य श्वास ननिकालेका र नखिचेका बीचका अवस्थामा नै गर्दछ । यसका निमित्त व्यानवृत्तिलाई नै उद्गीथ भन्ने भावले उपासना गर्नू [ज्यादा बल पर्ने काम गर्दा लोकमा जो पनि श्वास रोकेरै गर्दछ, यो अनुभूतै छ ।]

उद्गीथका अक्षरहरूमा प्राणादि दृष्टि

अथ खलूद्गीथाक्षराण्युपासीतोद्गीथ इति प्राण एवोत्प्राणेन ह्युत्तिष्ठति वाग्गीर्वाचो ह गिर इत्याचक्षतेऽन्नं थमन्ने हीदꣳ सर्वꣳ स्थितम् ॥ ६ ॥

द० प०—अथ खलु=प्रकारान्तरले उद्गीथको उपासना कहिन्छ, उद्गीथाक्षराणि='उद्गीथ' शब्दका अक्षरहरूलाई, उद्गीथः इति='उद्गीथ' भन्ने भावले, उपासीत=उपासना गरोस्, (कसरी ?) प्राणः एव=प्राण नै, उद् 'उद्' हो, हि=जुन कारणले, (पुरुष) प्राणेन=प्राणले, उत्तिष्ठति=उठ्छ, वाक्=वचन, गीः='गी' हो, ह=प्रसिद्ध छ, वाचः=वचनलाई, गिरः इति='गिरः' यसो, आचक्षते=भन्दछन्, अन्नम्=अन्न, थम्='थ' हो, हि=जुन कारणले, इदम्=यो, सर्वम्=सबै, अन्ने=अन्नमा, स्थितम्=रहेको छ ।

स० वा०—अब प्रकारान्तरले उद्गीथको उपासना कहिन्छ । त्यो कसरी त भने, 'उद्गीथ' शब्दका अन्तर्गत अक्षरहरूलाई उद्गीथ नै भनेर उपासना गर्नू । प्राण नै 'उद्' हो, किनभने प्राणी प्राणले नै उठ्तछ, अन्यथा सक्तैन । वचन नै 'गी' हो, किनभने शिष्टहरू वचनहरूलाई 'गिरः' भन्दछन् । अन्न नै 'थ' हो, किनभने यो सब प्राणि-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ग अन्नमा नै स्थित छ । अतः साररूपमा—प्राणदृष्टिले 'उद्' लाई, वाणीदृष्टिले 'गी' लाई र अन्नदृष्टिले 'थ' लाई उपासना गर्नू । अवयवको उपासना पनि अवयवीकै उपासना ठहर्दछ ।

'उद्‌गीथ' का अक्षरहरूमा द्युलोक आदि तथा सामवेद आदि दृष्टि

द्यौरेवोदन्तरिक्षं गीः पृथिवी थमादित्य एवोद्वायुर्गीरग्निस्थꣳ सामवेद एवोद्यजुर्वेदो गीऋग्वेदस्थं दुग्धेऽस्मै वाग्दोहं यो वाचो दोहोऽन्नवानन्नादो भवति य एतान्येवं विद्वानुद्‌गीथाक्षराण्युपास्त उद्‌गीथ इति ॥ ७ ॥

द० प०—द्यौः = द्युलोक, एव = नै, उद् = 'उद्' हो, अन्तरिक्षम् = अन्तरिक्ष, गीः = 'गी' हो, पृथिवी = पृथ्वी, थम् = 'थ' हो, (तथा) आदित्यः = सूर्य, एव = नै, उद् = 'उद्' हो, वायुः = वायु, गीः = 'गी' हो, अग्निः = अग्नि, थम् 'थ' हो, (एवम्) सामवेदः = सामवेद, एव = नै, उद् = 'उद्' हो, यजुर्वेदः = यजुर्वेद, गीः = 'गी' हो, ऋग्वेदः = ऋग्वेद, थम् = 'थ' हो, एतानि = यी, उद्‌गीथाक्षराणि = 'उद्‌गीथ' शब्दका अक्षरहरूलाई, विद्वान् = जान्ने, यः = जुन पुरुष, उद्‌गीथः इति = 'उद्‌गीथ' भनेर, उपास्ते = उपासना गर्दछ, अस्मै = यसलाई, वाक् = वाणीले, दोहम् = दुहिने कुरा, दुग्धे = दुहिदिन्छ, यः = जुन, वाचः = ऋक् आदि शब्दको, दोहः = साध्य (फल) हो, तथा = त्यो (पुरुष), अन्नवान् = प्रशस्त अन्न भएको, (र) अन्नादः = अन्नको भोक्ता, भवति = हुन्छ ।

स० वा०—'उद्‌गीथ' शब्दमा द्युलोक नै उच्च स्थानको हुनाले 'उद्' हो, अन्तरिक्ष लोकहरूलाई ग्रास गर्ने हुनाले 'गी' हो, पृथिवी प्राणीहरू रहने ठाउँ हुनाले 'थ' हो । (एवम्) सूर्य नै ऊँचो हुनाले 'उद्' हो, वायु अग्नि आदिलाई ग्रस्त गर्ने हुनाले 'गी' हो, अग्नि यज्ञीय कर्महरूमा रहने हुनाले 'थ' हो । तथा सामवेद नै स्वर्ग-संस्तुत हुनाले 'उद्' हो, यजुर्वेद यजुर्मन्त्रले दिएको हवि देवताहरूले निल्ने हुनाले 'गी' हो, ऋग्वेद साम रहने ठाउँ हुनाले 'थ' हो । यस पुरुषलाई वाणीले दुहिने कुरा दुहिदिन्छ, जो ऋग्वेदादि वचनको साध्य फल हो, तथा यो पुरुष प्रशस्त अन्नवाला र अन्नको भोक्ता हुन्छ, जो यी 'उद्-गी-थ' का अक्षरहरूलाई यस प्रकार जानेर 'उद्‌गीथ' नै भनी उपासना गर्दछ ।

सकामोपासनाको क्रम

अथ खल्वाशीः समृद्धिरुपसरणानीत्युपासीत येन साम्ना स्तोष्यन्स्यात्तत्सामोपधावेत् ॥ ८ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ=अत्र, आशीः समृद्धिः=कामनाको समृद्धि (जसरी हुन्छ, त्यो वर्णन गरिन्छ), उपसरणानि=ध्येय कुरालाई, उपासीत=उपासना गरोस्, (कसरी ?) (उद्‌गाताले) येन=जुन, साम्ना=साममन्त्रले, स्तोष्यन्=स्तुति गर्न आँटेको छ, तत्=त्यो, साम=सामलाई, उपधावेत्=चिन्तन गरोस् ।

स० वा०—अत्र कामनाको समृद्धि जसरी हुन्छ सो बताइन्छ । ध्येय वस्तु-हरूको उपासना गर्नुपर्दछ । त्यसमा उद्‌गाताले त्यतिखेर जुन साममन्त्रले स्तुति गर्न आँटेको छ त्यसै सामलाई त्यसका उत्पत्ति आदि क्रमले चिन्तन गर्नू ।

यस्यामृचि तामृचं यदार्षेयं तमृषिं यां देवतामभिष्टोष्यन्स्यात्तां देवतामुपधावेत् ॥ ९ ॥

द० प०—(त्यो साम) यस्याम्=जुन, ऋचि=ऋचामा, (प्रतिष्ठित छ), ताम्=त्यस, ऋचम्=ऋचालाई, यदार्षेयम्=जुन ऋषिवाला छ, तम्=ती, ऋषिम्=ऋषिलाई, (उद्‌गाताले) याम्=जुन, देवताम्=देवतालाई, अभिष्टोष्यन्=स्तुति गर्न आँटेको, स्यात्=होला, ताम्=ती, देवताम्=देवतालाई, उपधावेत्=चिन्तन गरोस् ।

स० वा०—त्यो साम जुन ऋचामा पर्दछ त्यस ऋचालाई, त्यो सामका जुन ऋषि हुन् उनलाई उद्‌गाताले जुन देवतालाई स्तुति गर्न आँटेको छ ती देवतालाई चिन्तन गर्नू ।

येनच्छन्दसा स्तोष्यन्स्यात्तच्छन्द उपधावेद्येन स्तोमेन स्तोष्यमाणः स्यात्तꣳ स्तोममुपधावेत् ॥ १० ॥

द० प०—(उद्‌गाताले) येन=जुन, छन्दसा=छन्दले, स्तोष्यन्=स्तुति गर्न आँटेको, स्यात्=होला, तत्=त्यो, छन्दः=छन्दलाई, उपधावेत्=चिन्तन गरोस्, (तथा) येन=जुन, स्तोमेन=स्तोमले, स्तोष्यमाणः=स्तुति गर्न आँटेको, स्यात्=होला, तत्=त्यो, स्तोमम्=स्तोमलाई, उपधावेत्=चिन्तन गरोस् ।

स० वा०—उद्‌गाताले जुन छन्दले स्तुति गर्न आँटेको छ त्यस छन्दलाई र जुन स्तोमले स्तुति गर्न आँटेको छ त्यस स्तोमलाई चिन्तन गर्नू ।

यां दिशमभिष्टोष्यन्स्यात्तां दिशमुपधावेत् ॥ ११ ॥

द० प०—(उद्‌गाताले) याम्=जुन, दिशम्=दिशालाई, अभिष्टोष्यन्=स्तुति गर्न आँटेको, स्यात्=होला, ताम्=त्यस, दिशम्=दिशालाई, उपधावेत्=चिन्तन गर्नू ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—उद्गाताले जुन दिशालाई स्तुति गर्न आँटेको होला त्यस दिशालाई अधिष्ठात्री देवता आदि सहित चिन्तन गर्नू ।

आत्मानमन्तत उपसृत्य स्तुवीत कामं ध्यायन्नप्रमत्तोऽभ्याशो ह यदस्मै स कामः समृध्येत यत्कामः स्तुवीतेति यत्कामः स्तुवीतेति ॥ १२ ॥

द० प०—(उद्गाताले) अन्ततः=आखिरमा, आत्मानम्=आफूलाई (गोत्र नाम आदिले), उपसृत्य=चिन्तन गरेर, कामम्=अभीष्ट वस्तुलाई, ध्यायन्=चिन्तन गर्दै, अप्रमत्तः=स्वरव्यञ्जनादिबाट नचुकीकन, स्तुवीत=स्तुति गरोस्, यत्=जसमा, अस्मै=यस स्तोतालाई, ह=निश्चयले, अभ्याशः=चाँडै नै, सः=त्यो, कामः=अभिलाषा, समृध्येत=सफल होला, यत्कामः=जुन इच्छावाला भएर, स्तुवीत=स्तुति गर्ला, यत्कामः=जुन इच्छावाला भएर, स्तुवीत=स्तुति गर्ला ।

स० वा०—उद्गाताले आखिरमा गोत्र नाम आदिले आफूलाई चिन्तन गर्नू र इच्छा लागेको कुरालाई चिन्तन गर्दै स्वर व्यञ्जनादिबाट नचुकीकन राम्ररी स्तुति गर्नू । जसमा यस स्तोतालाई त्यो कामना निश्चयले चाँडै नै सफल होस् जुन कामना लिएर स्तुति गरेको होला ।

पहिलो अध्यायमा तेस्रो खण्ड समाप्त

चतुर्थ खण्ड

उद्गीथसंज्ञक ओङ्कारको उपासनासँग संबद्ध आख्यायिका

ओमित्येतदक्षरमुद्गीथमुपासीतोमिति ह्युद्गायति तस्योपव्याख्यानम् ॥ १॥

द० प०—ओम् इति='ओम्' यस प्रकारको, एतत्=यो, अक्षरम्=अक्षरलाई, उद्गीथम्=उद्गीथ भनेर, उपासीत=उपासना गरोस्, हि=किनभने, ओम् इति='ओम्' यस्तो उच्चारण गरेर, (उद्गाताले) उद्गायति=उद्गान (साम-

Prof. Amodavardhana Kaundinyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गान) गर्दछ, (अतः ओङ्कार उद्‌गीथ हो)। तस्य=त्यसको, उपव्याख्यानम्= कथन, [प्रवर्त्तते]=चल्दछ ।

स० वा०—'ओम्' यस प्रकारको यो अक्षरलाई उद्‌गीथ भनी उपासना गर्नू । किनभने यज्ञमा उद्‌गाताले 'ओम्' यस्तो उच्चारण गरेर नै सामगान गर्दछ । अतः ओङ्कार उद्‌गीथ हो । अब त्यसको कथन चल्दछ ।

टिप्पणी—उद्‌गीथको प्रकरण चलिरहेकैमा पनि यसो भन्नु बीचमा उद्‌गीथका अक्षरका उपासना-विधानले छेकिएकाले अन्यत्र प्रसङ्ग नहोओस् भनेर हो । प्रस्तुत अमृत अभय आदि गुणले विशिष्ट अक्षर ओङ्कारकै उपासना विधान गर्नु छ र आउँदो ग्रन्थ आरम्भ गरिन्छ ।

देवा वै मृत्योर्बिभ्यतस्त्रयीं विद्यां प्राविशꣳस्ते छन्दोभिरच्छादयन्यदेभिरच्छादयꣳस्तच्छन्दसां छन्दस्त्वम् ॥ २ ॥

द० प०—(कुनै समयमा) देवाः=देवताहरूले, वै=निश्चयसाथ, मृत्योः= मृत्युदेखि, बिभ्यतः=डराएर, त्रयीम् विद्याम्=वेदविहित कर्ममा, प्राविशन्=प्रवेश गरे, अर्थात् वैदिक कर्मको आरम्भ गरे, (फेरि) ते = तिनीहरूले (आफूलाई), छन्दोभिः= मन्त्रहरूले, अच्छादयन्=ढाके, यत्=जुन कारणले, एभिः=यिनी (मन्त्रहरू) ले, अच्छादयन्=ढाके, तत्=त्यसकारणले, छन्दसाम्=मन्त्रहरूको, छन्दस्त्वम्=छन्दपन (प्रसिद्ध) छ ।

स० वा०—कुनै समयमा देवताहरूले निस्सै मृत्युदेखि डराएर रक्षा गर्ने स धन ठहराई वेदविहित कर्म गर्न लागे । त्यस बखत तिनीहरूले सुरक्षित हुन आफूलाई मन्त्रहरूले आच्छादन गरेथे (छोपेथे) । त्यसै कारणले मन्त्रहरूको छन्दोभाव प्रसिद्ध भएको छ ।

तानु तत्र मृत्युर्यथा मत्स्यमुदके परिपश्येदेवं पर्यपश्यदृचि साम्नि यजुषि । ते नु विदित्वोर्ध्वा ऋचः साम्नो यजुषः स्वरमेव प्राविशन् ॥ ३ ॥

द० प०—यथा=जसरी, (मलाहाले) उदके = पानीमा, मत्स्यम्=माछालाई, परिपश्येत्=देख्तछ, एवम्=यसै गरी, उ=कठै, मृत्युः=मृत्युले, तान्=ती देवताहरूलाई, तत्र=त्यहाँ, पर्यपश्यत्=देख्यो, (कहाँ ?) ऋचि = ऋग्वेदमा, साम्नि=सामवेदमा (र) यजुषि=यजुर्वेदमा अर्थात् ऋग्-यजुः-साम-सम्बन्धी कर्ममा । (अनि) ते=ती देवताहरूले, उ=वितर्कपूर्वक, विदित्वा=थाह पाएर, ऋचः=ऋक्‌देखि, साम्नः=सामदेखि (र) यजुषः=यजुदेखि, ऊर्ध्वा=उठेर अर्थात् तिनीहरूलाई छोडिदिएर, स्वरम् एव= स्वरमा नै अर्थात् ओङ्कारमा नै, प्राविशन्=पसे अर्थात् ओङ्कारकै उपासनामा लागे ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—कठै ! मलाहाले पानीमा माछालाई देखे जस्तै गरी मृत्युले ती देवताहरूलाई ऋग्-यजुः-साम-सम्बन्धी कर्ममा देख्यो। अनि ती देवताहरूले तर्कना गरी थाह पाएर ऋक्-साम-यजुः-सम्बन्धी कर्मबाट मृत्युको भय नछुट्ने ठहराई ती कर्मलाई छोडिदिएर स्वर (ओङ्कार) कै उपासनामा लागे।

ओङ्कारको उपयोग र महत्व

सम्बन्ध—अक्षर कसरी 'स्वर' शब्द-वाच्य हुन्छ ? यसमा भनिन्छ—

यदा वा ऋचमाप्नोत्योमित्येवातिस्वरत्येवँसामैवं यजुरेष उ स्वरो यदेतदक्षरमेतदमृतमभयं तत्प्रविश्य देवा अमृता अभया अभवन् ॥ ४ ॥

द० प०—यदा = जब, वै = नै, (उपासक) ऋचम् = ऋक्लाई, आप्नोति= पाउँदछ, (तब) ओम् इति एव = 'ओम्' यसो भनेर नै, अतिस्वरति = आदरसाथ उच्चारण गर्दछ, एवम् = यसै गरी, साम =सामलाई, एवम् = यसै गरी, यजुः=यजुलाई, अतिस्वरति = आदरसाथ उच्चारण गर्दछ, एषः उ स्वरः= यो स्वर नै हो, यद् = जो, एतत् = यो, अक्षरम् = अक्षर हो। एतद् = यो, अमृतम् = अमृत, (एवम्) अभयम् = अभयरूप छ, तत्=त्यसमा, प्रविश्य=पसेर, अर्थात् त्यसको उपासना गरेर। देवाः = देवताहरू, अमृताः = नमर्ने र अभयाः = निर्भय, अभवन् = भएथे।

स० वा०—जब उपासक ऋक्लाई पाउँदछ त 'ओम्' यसो भनेर नै आदरसाथ उच्चारण गर्दछ। यसै गरी सामलाई र यजुलाई पाउँदा 'ओम्' भनी आदरसाथ उच्चारण गर्दछ। यो स्वर नै हो। जुन यो अक्षर हो यो अमृत एवं अभयरूप छ। अतएव त्यसको उपासना गरेर देवताहरू नमर्ने र नीडर भएथे।

ओङ्कारोपासनाको फल

स य एतदेवं विद्वानक्षरं प्रणौत्येतदेवाक्षरँस्वरममृतमभयं प्रविशति तत्प्रविश्य यदमृता देवास्तदमृतो भवति ॥ ५ ॥

द० प०—यः = जो, एतद्=यो, अक्षरम् = अक्षरलाई, एवम् = यस्तो, विद्वान्= जानेर, प्रणौति=उपासना गर्दछ, सः=त्यो, एतद् एव=यै, स्वरम्='स्वर' शब्दवाच्य, अमृतम्=अमृत, अभयम् = अभय, अक्षरम् = अक्षर (ओङ्कार) मा, प्रविशति= प्रवेश गर्दछ, तत्=त्यसमा, प्रविश्य=पसेर, देवाः = देवताहरू, यदमृताः=जुन अमृतत्वले अमर भए, तदमृतः=त्यै अमृतत्वले अमर, भवति=हुन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—जो यस ओङ्काररूप अक्षरलाई यस्तो जानेर उपासना गर्दछ, त्यो यै 'स्वर' शब्दवाच्य अमृत एवं अभयरूप अक्षरमा प्रवेश गर्दछ र देवताहरू जुन अमृतत्वले अमर भएथे, त्यै अमृतत्वले अमर हुन्छ। अर्थात् ब्रह्ममा प्रवेश भएपछि त्यसको अमृतत्वमा कुनै कम-बेसी हुँदैन।

पहिलो अध्यायमा चौथो खण्ड समाप्त

●

पञ्चम खण्ड

ओङ्कार, उद्गीथ र आदित्यको अभेद

अथ खलु य उद्गीथः स प्रणवो यः प्रणवः स उद्गीथ इत्यसौ वा आदित्य उद्गीथ एष प्रणव ओमिति ह्येष स्वरन्नेति ॥ १ ॥

द० प०—अथ=अब अर्को दृष्टिले उपासना कहिन्छ। यः = जो, उद्गीथः= उद्गीथ हो, सः=त्यो, खलु = निश्चयले, प्रणवः=प्रणव हो, यः=जो, प्रणवः=प्रणव हो, सः = त्यो, उद्गीथः=उद्गीथ हो, इति=यस प्रकार, असौ=उ, आदित्यः=सूर्य, वै = निश्चयले, उद्गीथः=उद्गीथ हुन्, एषः=यिनै, प्रणवः = प्रणव हुन्, हि = यस-कारणले कि, एषः = यी सूर्य, ओम् इति = 'ओम्' यस्तो, स्वरन् = उच्चारण गर्दै, एति =हिंड्दछन्।

स० वा०—अब अर्को दृष्टिले उपासना कहिन्छ। जो उद्गीथ हो त्यो निस्सै ऋग्वेदीको प्रणव हो, जो प्रणव हो त्यो सामवेदीको उद्गीथ हो। यस प्रकार ती सूर्य नै उद्गीथ हुन्, प्रणव शब्दवाच्य पनि ऋग्वेदीका यिनै हुन्। यी 'ओम्' यस्तो उच्चा-रण गर्दै हिंड्दछन् (लोकयात्रा गर्दछन्।)

रश्मिदृष्टिले आदित्यको व्यस्तोपासनाको विधान र फल

एतमु एवाहमभ्यगासिषं तस्मान्मम त्वमेकोऽसीति ह कौषीतकिः पुत्र-मुवाच रश्मीꣳस्त्वं पर्यावर्त्तयाद्बहवो वै ते भविष्यन्तीत्यधिदैवतम् ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—ह = यो अघि भएको कुरा हो । उ = हे बाबू ! एतम् एव = यो सूर्यलाई नै, अहम् = मैले, अभ्यगासिषम्—प्रमुख रूपले गाएथें, तस्मात् = त्यसकारण, मम = मेरो, त्वम् = तँ, एकः = एउटै (छोरो), असि = छस्, इति = यसो भनेर, कौषीतकिः = कुषीतकका छोराले, पुत्रम् = छोरालाई, उवाच = भनेथे, त्वम् = तँ, रश्मीन् = सूर्यका किरणहरूलाई, पर्यावर्तयात् = (सूर्य र किरणको) भेदपूर्वक उपासना गर्, ते = तँलाई, वै = अवश्य, बहवः = धेरै (छोराहरू), भविष्यन्ति = हुनेछन्, इति = यो, अधिदैवतम् = देवता-संबन्धी उपासना हो ।

स० वा०—यो अधि भएको कुरा हो । मैले यी सूर्यलाई नै प्रमुखरूपले गाएथें, यसैले मेरो तँ एउटा मात्र छोरो छस्, भनेर कौषीतकि ऋषिले भने—'तँ सूर्य र किरणहरूलाई भिन्न दृष्टिले चिन्तन गर्, तँलाई धेरै पुत्र हुनेछन् ।' यो देवता-संबन्धी उपासना हो ।

मुख्य प्राणदृष्टिले उद्गीथको उपासना

अथाध्यात्मं य एवायं मुख्यः प्राणस्तमुद्गीथमुपासीतोमिति ह्येष स्वरन्नेति ॥ ३ ॥

द० प०—अथ = अब आत्मा (शरीर) संबन्धी उपासना कहिन्छ । यः = जो, एव = नै, अयम् = यो, मुख्यः प्राणः = खास प्राण छ, तम् = त्यसलाई, उद्गीथम् = उद्गीथ भनी, उपासीत = उपासना गरोस्, हि = किनभने, एषः = यो प्राण, ओम् इति = 'ओम्' यस्तो, स्वरन् = शब्द गर्दै, अर्थात् इन्द्रियहरूको प्रवृत्ति-निमित्त राय दिइरहेछ कि भनेजस्तो गरी, एति = चल्दछ ।

स० वा०—अब अध्यात्म-शरीरस्थवस्तुसंबन्धी उपासना कहिन्छ । जो यो मुख्य प्राण छ, त्यसलाई उद्गीथ भनी उपासना गर्नू । किनभने यो प्राण 'ओम्' यस्तो शब्द गर्दै इन्द्रियहरूलाई स्व-स्वविषयमा प्रवृत्त हुन राय दिइरहेछ कि जस्तो गरी चल्दछ ।

प्राणभेद-दृष्टिले मुख्य-प्राणको व्यस्तोपासनाको विधान र फल

एतमु एवाहमभ्यगासिषं तस्मान्मम त्वमेकोऽसीति ह कौषीतकिः पुत्रमुवाच प्राणांस्त्वं भूमानमभिगायताद् बहवो वै मे भविष्यन्तीति ॥४॥

द० प०—उ = हे बाबू ! एतम् = यस (प्राण) लाई, उ एव = नै, अहम् = मैले, अभ्यगासिषम् = मुख्यरूपले गाएको हुँ, तस्मात् = त्यसकारण, मम = मेरो, त्वम् = तँ, एकः =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा (छोरो), असि=छस्, इति=यसो भनी, कौषीतकिः=कुषीतकका छोराले, पुत्रम्=छोरालाई, उवाच=भने, त्वम्=तँ, मे=मेरा (छोराहरू), वै=निस्सै, बहवः=धेरै, भविष्यन्ति=हुनेछन्, इति=यस्तो चिन्तन गरेर, प्राणान्=वाक् आदि अमुख्य प्राण (इन्द्रियहरू) लाई र मुख्य प्राणलाई, भूमानम्=बहुत्वरूपले, अभिगायतात्=विशेषतया गान गर् ।

स० वा०—'यस प्राणलाई नै मैले मुख्य रूपले गाएको हुँ । त्यसकारण मेरो तँ एउटा मात्र छोरो छस् ।' यसो भनेर कौषीतकि ऋषिले छोरालाई भन्नाए—"तँ 'मेरा छोरा अवश्य धेरै हुनेछन्' भन्ने चिन्तन गरेर वाक् आदि इन्द्रियहरू र प्राण-समेतलाई बहुत्वरूपले विशेषतः गान गर् ।"

प्रणव र उद्‌गीथको अभेद दर्शनको फल

अथ खलु य उद्‌गीथः स प्रणवो यः प्रणवः स उद्‌गीथ इति होतृ-षदनाद्धैवापि दुरुद्‌गीतमनुसमाहरतीत्यनुसमाहरतीति ॥ ५ ॥

द० प०—अथ=अनि, यः–जो, उद्‌गीथः=उद्‌गीथ हो, सः=त्यो, खलु=निश्चयले, प्रणवः=प्रणव हो, यः=जो, प्रणवः=प्रणव हो, सः=त्यो, उद्‌गीथः=उद्‌गीथ हो, इति=यस्तो दृष्टि राखेर, (होताले) होतृषदनात्=होता रहने ठाउँबाट अर्थात् सम्यक् प्रयुक्त हौत्र कर्मबाट, दुरुद्‌गीतम् एव अपि=बेठीकै भएको उद्‌गानलाई पनि, अनुसमाहरति = संशोधन गर्दछ, अनुसमाहरति = संशोधन गर्दछ ।

इति–यो पञ्चम खण्ड समाप्त भयो ।

स० वा०—अनि जो यो उद्‌गीथ हो, त्यो निस्सै प्रणव हो । जो प्रणव हो त्यो उद्‌गीथ हो । यस्तो दृष्टि राखेर होताले राम्ररी गरेका हौत्र कर्मबाट कदाचित् बेठीकै भएको उद्‌गानलाई पनि ठीक पारिदिन्छ ।

पहिलो अध्यायको पाँचौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठ खण्ड

अनेक प्रकारका आधिदैविक उद्गीथोपासना

संबन्ध—अब समस्त फलको प्राप्तिका लागि उद्गीथका अरू उपासना विधान गरिन्छन्—

इयमेवर्गग्निः साम तदेतदेतस्यामृच्यध्यूढꣳसाम तस्मादृच्यध्यूढꣳ साम गीयत इयमेव साग्निरमस्तत्साम ॥ १ ॥

द० प०—इयम् = यो (पृथिवी), एव=नै, ऋक्=ऋक् हो, अग्निः=अग्नि, साम = साम हो, (कसरी ?) तत्=त्यो, एतत्=यो, साम=अग्निनामक साम, एतस्याम्= यो पृथिवीसंज्ञक, ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसै कारण, (आजकल पनि) ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते= गाइन्छ, इयम् एव=यो पृथ्वी नै, सा=सा हो, अग्निः=अग्नि, अमः=अम हो। तत्=त्यै (दुइ मिलेर) साम = साम हो।

स० वा०—यो पृथ्वी नै ऋक् हो। अग्नि साम हो। कसरी भने, त्यो यो अग्निनामक साम पृथ्वीसंज्ञक ऋक्मा उपरिभावले श्रेष्ठ भावले रहेको छ। त्यसै कारण आजकल पनि ऋक्मा श्रेष्ठ भावले रहेको साम गाइन्छ। जस्तो ऋक् र साम परस्पर ज्यादा फरक छैनन्, त्यस्तै पृथिवी र अग्नि। कसरी भने, यो पृथ्वी 'साम' शब्दको पूर्वार्ध 'सा' को वाच्य हो,अग्नि उत्तरार्ध 'अम' को वाच्य हो, अतः एकै 'साम' शब्दका वाच्य हुनाले पृथ्वी र अग्नि नित्य संश्लिष्ट छन् र फरक छैनन्। अतएव उपासनामा ऋक् र साममा पृथ्वी र अग्नि भन्ने दृष्टि राख्नू।

अन्तरिक्षमेवर्ग्वायुः साम तदेतदेतस्यामृच्यध्यूढꣳ साम। तस्मादृच्य-ध्यूढꣳ साम गीयतेऽन्तरिक्षमेव सा वायुरमस्तत्साम ॥ २ ॥

द० प०—अन्तरिक्षम्=अन्तरिक्ष, एव=नै, ऋक्=ऋक् हो, वायुः=वायु, साम= साम हो, तत्=त्यो, एतत्=यो वायुनामक साम, एतस्याम्=यो, ऋचि=अन्तरिक्षसंज्ञक ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसकारणले, (आजकल पनि) ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते=गाइन्छ, अन्तरिक्षम् एव=अन्तरिक्ष नै, सा='सा' हो, वायुः=वायु, अमः='अम' हो, तत्=त्यै (दुइ मिलेर) साम=साम हो।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—अन्तरिक्ष नै ऋक् हो, वायु साम हो । कसरी भने, त्यो यो वायुनामक साम अन्तरिक्षरूप ऋक्मा उपरिभावले रहेको छ । त्यसै कारण आजकल पनि ऋक्मा उपरिभावले रहेको साम गाइन्छ । जस्तो ऋक् र साम परस्पर ज्यादा फरक छैनन्, त्यस्तै अन्तरिक्ष र वायु । कसरी भने, यो अन्तरिक्ष 'साम' शब्दको पूर्वार्ध 'सा' को वाच्य हो, वायु उत्तरार्ध 'अम' को वाच्य हो । अतः अन्तरिक्ष र वायु एकै 'साम' शब्दका वाच्य हुनाले ज्यादा फरक छैनन् । अतएव उपासना गर्दा ऋक् र साममा अन्तरिक्ष र वायु भन्ने दृष्टि राख्नू ।

द्यौरेवर्गादित्यः साम तदेतदेतस्यामृच्यध्यूढꣳसाम । तस्मादृच्यध्यूढꣳ साम गीयते । द्यौरेव सादित्योऽमस्तत्साम ॥ ३ ॥

द० प०—द्यौः=द्युलोक, एव=नै, ऋक्=ऋक् हो, आदित्यः=सूर्य, साम=साम हो, (कसरी ?) तत्=त्यो, एतत्=यो आदित्यनामक साम, एतस्याम्=यो द्युलोक-संज्ञक, ऋचि = ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसै कारणले (आजकल पनि), ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते= गाइन्छ, द्यौः एव = द्युलोक नै, सा = 'सा' हो, आदित्यः = सूर्य, अमः = 'अम' हो, तत् = त्यो (दुई मिलेर), साम = साम हो ।

स० वा०—द्युलोक नै ऋक् हो, सूर्य साम हो । कसरी भने, यो सूर्यनामक साम द्युलोक संज्ञक ऋक्मा उपरिभावले रहेको छ । यसै कारणले आजकल पनि ऋक्मा उपरिभावले रहेको साम गाइन्छ । जस्तो ऋक् र साम परस्पर ज्यादा फरक छैनन् त्यस्तै द्युलोक र सूर्य । कसरी भने, यो द्युलोक 'साम' शब्दको पूर्वार्ध 'सा' को वाच्य हो, सूर्य उत्तरार्ध 'अम' को वाच्य हो । अतः एकै 'साम' शब्दका वाच्य हुनाले द्युलोक र सूर्य ज्यादा फरक छैनन् । यसउसले उपासना गर्दा ऋक् र साममा द्युलोक र सूर्य भन्ने भावना गर्नू ।

नक्षत्राण्येवर्क्चन्द्रमाः साम तदेतदेतस्यामृच्यध्यूढꣳ साम । तस्मादृच्य-ध्यूढꣳ साम गीयते । नक्षत्राण्येव सा चन्द्रमा अमस्तत्साम ॥ ४ ॥

द० प०—नक्षत्राणि=नक्षत्रहरू, एव=नै, ऋक्=ऋक् हो, चन्द्रमाः= चन्द्रमा, साम=साम हो, (कसरी ?), तत्=त्यो, एतत्=यो चन्द्रनामक साम, एतस्याम्=यो, ऋचि=नक्षत्रसंज्ञक ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसै कारणले, (आजकल पनि), ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते=गाइन्छ, नक्षत्राणि एव=नक्षत्रहरू नै, सा = 'सा' हो, चन्द्रमाः=चन्द्रमा, अमः='अम' हो, तत्=त्यो (दुइ मिलेर) साम=साम हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—नक्षत्रहरू नै ऋक् हो, चन्द्रमा साम हो। कसरी भने, यो चन्द्रनामक साम नक्षत्रसंज्ञक ऋक्मा उपरिभावले रहेको छ। त्यसै कारण आजकल पनि ऋक्मा उपरिभावले रहेको साम गाइन्छ। जस्तो ऋक् र साम परस्पर ज्यादा फरक छैनन् उस्तै नक्षत्रहरू र चन्द्रमा। कसरी भने, यी नक्षत्र 'साम' शब्दको पूर्वार्ध 'सा' का वाच्य हुन्, चन्द्रमा उत्तरार्ध 'अम' को वाच्य हो। अतः एकै 'साम' शब्दका वाच्य हुनाले नक्षत्र र चन्द्रमा नितान्त फरक छैनन्। यस—उसले उपासना गर्दा ऋक् र साममा नक्षत्रहरू र चन्द्रमाको भावना गर्नू।

अथ यदेतदादित्यस्य शुक्लं भाः सैवर्गथ यन्नीलं परः कृष्णं तत्साम तदेतदेतस्यामृच्यध्यूढꣳसाम। तस्मादृच्यध्यूढꣳसाम गीयते ॥ ५ ॥

द० प०—अथ=अब अर्को कुरा, यत्=जो, एतत्=यो, आदित्यस्य=सूर्यको, शुक्लम्=सेतो, भाः=चमक छ, सा=त्यो, एव=नै, ऋक्=ऋक् हो, अथ=अनि, यत्=जो, नीलम्=नीलो, परः कृष्णम्=अत्यन्त श्यामता छ, तत्=त्यो, साम=साम हो, (कसरी ?) तत्=त्यो, एतत्=यो, (नीलनामक साम) एतस्याम्=यस, ऋचि=शुक्लकान्तिसंज्ञक ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसकारणले, (आजकल पनि) ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते=गाइन्छ।

स० वा०—अब अर्को कुरा–जो यो सूर्यको सेतो कान्ति छ त्यो नै ऋक् हो। अनि जो नीलो वर्ण (अत्यन्त सावधान दृष्टिवालाले देखिने) छ त्यो साम हो। (कसरी ?) त्यो यो नीलवर्णनामक साम शुक्लकान्तिसंज्ञक ऋक्मा उपरिभावले रहेको छ। त्यसकारण (आजकल पनि) ऋक्मा उपरिभावले रहेको साम गाइन्छ।

अथ यदेवैतदादित्यस्य शुक्लं भाः सैव साथ यन्नीलं परः कृष्णं तदमस्तत्सामाथ य एषोऽन्तरादित्ये हिरण्मयः पुरुषो दृश्यते हिरण्यश्मश्रुर्हिरण्यकेश आप्रणखात्सर्व एव सुवर्णः ॥ ६ ॥

द० प०—अथ=अनि, यत्=जुन, एव=नै, एतत्=यो, आदित्यस्य=सूर्यको, शुक्लम्=सेतो, भाः=चमक छ, सा=त्यो, एव=नै, सा='सा' हो, अथ=अनि, यत्=जो, नीलम्=नीलो, परः कृष्णम्=अत्यन्त श्यामता छ, तत्=त्यो, अमः='अम' हो, तत्=त्यो, (दुई मिलेर) साम=साम हो, अथ=अर्को कुरा, यः=जो, एषः=यो, अन्तः आदित्ये=सूर्यमण्डलका माझमा, हिरण्मयः=सुनैसुनले बनेजस्तो, पुरुषः=पुरुष, दृश्यते=(समाहितचित्तवालाहरूले) देखिन्छ (त्यो), हिरण्यश्मश्रुः=सुनौला दाह्री जुँगा भएको, हिरण्यकेशः=सुनौला केश भएको, (तथा) आप्रणखात्=पाउका नङसम्म, सर्वः एव=सबका सब नै, सुवर्णः=सुनौलो छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—अनि जो यो सूर्यको सेतो चमक छ त्यो 'साम' शब्दको पूर्वार्ध 'सा' हो, अनि जो नीलो अत्यन्त श्याम वर्ण छ त्यो उत्तरार्ध 'अम' हो, त्यो दुइ मिलेर साम हो । अतः उपासना गर्दा सूर्यस्थ शुक्लवर्ण र नीलवर्णमा ऋक् र सामको भावना गर्नू अनि अर्को कुरा जो यो सूर्यमण्डलका माझमा सुनै-सुनले बनेजस्तो पुरुष समाहित=चित्तवालाहरूले देखिन्छ त्यो सुनौला दाह्री जुँगा, सुनौलै केश भएको छ । किं बहुना ? पाउका नङसम्म सबका सब नै सुनौला छ अर्थात् ज्योतिर्मय छ ।

तस्य यथा कप्यासं पुण्डरीकमेवमक्षिणी तस्योदिति नाम स एष सर्वेभ्यः पाप्मभ्यः उदित उदेति ह वै सर्वेभ्यः पाप्मभ्यो य एवं वेद ॥७॥

द० प०—यथा=जस्तो, कप्यासम्=वानरको गुदस्थल, पुण्डरीकम्=लाल भैकन तेजिलो हुन्छ, एवम्=यस्तै, (लाल तेजस्वी,) तस्य=त्यस पुरुषका, अक्षिणी=दुई आँखा छन्, तस्य=त्यस पुरुषको, उत् इति='उत्' यो, नाम=गौण नाम हो, (कुन गुणले ?) सः=त्यै, एषः=यो पुरुष, सर्वेभ्यः=संपूर्ण, पाप्मभ्यः=पापहरूदेखि, उत्=इतः उँभो, =पुगेको छ, (त्यो पनि) ह वै=निस्सै, सर्वेभ्यः=संपूर्ण, पाप्मभ्यः=पापहरूदेखि, उत्=उपर, एति=जान्छ, यः=जो, एवम्=यस्तो, वेद=जान्दछ ।

स० वा०—जस्तो बानरको गुदस्थल लाल र तेजस्वी हुन्छ, त्यस्तै त्यस पुरुषका आँखा लाल र तेजस्वी छन् । त्यस पुरुषको 'उत्' यो गौण नाम छ । कुन गुणले भने, यो समस्त पापहरूदेखि माथि पुगेको छ । त्यो उपासक पनि समस्त पापदेखि अवश्य माथि पुग्दछ, जो सूर्यमण्डलस्थ पुरुषलाई उक्त गुणले सम्पन्न जान्दछ ।

तस्यर्क्च साम च गेष्णौ तस्मादुद्गीथस्तस्मात्त्वेवोद्गातैतस्य हि गाता । स एष ये चामुष्मात्पराञ्चो लोकास्तेषां चेष्टे देवकामानां चेत्यधिदैवतम् ॥ ८ ॥

द० प०—तस्य=त्यस 'उत्' नामक देवताका, ऋक्=ऋक्, च=र, साम=साम, च=पनि, गेष्णो=पक्ष हुन् अर्थात् पृथिवी अग्नि आदि अघि कहिए-अनुसारका जोडा दुइ पक्ष हुन्, तस्मात्=त्यसकारण, उद्गीथः=उद्गीथ हो, तस्मात् एव तु=त्यसैले त, एतस्य=यो, गाता=गाउने, उद्गाता=(उसलाई गाउने हुनाले) उद्गाता (कहिन्छ), सः=त्यो, एषः=यो देव, ये च=जो, अमुष्मात्=त्यस देवदेखि, पराञ्चः=मास्तिरका, लोकाः=लोकहरू छन्, तेषाम्=तिनीहरूलाई, ईष्टे=अधीनमा लिन्छ, च=धारण समेत गर्दछ, (तथा) देवकामानाम्=देवताका अभीष्ट कुराहरूलाई, ईष्टे=अधीन गर्दछ, च=पनि, इति=यो, अधिदैवतम्=उद्गीथ देवको देवताविषयक स्वरूप, [उक्तम्]=कहियो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यस उत्-संज्ञक देवको ऋक् र साम पक्ष हुन् अर्थात् अघि कहिएको अनुसारका पृथिवी अग्नि आदि जोडा दुइ पक्ष हुन् । त्यसै कारणले त्यो देव उद्गीथ हो । त्यसैले नै यो उत्लाई गाउने व्यक्ति हुनाले 'उद्गाता' भनिन्छ । यो देव यसदेखि माथितिरका लोकहरूप्रति र देवताका काम्य वस्तुहरूप्रति आधिपत्य राख्तछ । यो उद्गीथ देवको देवताविषयक स्वरूप कहियो ।

पहिलो अध्यायको छैटौं खण्ड समाप्त

सप्तम खण्ड

अध्यात्म–उद्गीथोपासना

अथाध्यात्मं वागेवर्क्प्राणः साम तदेतदेतस्यामृच्यध्यूढꣳ साम तस्मादृच्यध्यूढꣳ साम गीयते । वागेव सा प्राणोऽमस्तत्साम ॥ १ ॥

द० प०—अथ=अव, अध्यात्मम्=आत्म (शरीर) विषयक । उद्गीथको उपासना कहिन्छ, वाक्=वाणी, एव=नै, ऋक्=ऋक् हो, प्राणः=वायुसहित घ्राण, साम=साम हो, तत्=त्यो, एतत्=यो, साम=साम, एतस्याम्=यो, ऋचि=वाणी-संज्ञक ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसकारणले, ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते=गाइन्छ, वाक्=वाणी, एव=नै, सा='सा' हो, प्राणः=प्राण, अमः='अम' हो, तत्=(ती दुइ मिलेर) साम=साम हो ।

स० वा०—अब आत्म (शरीर) विषयक उद्गीथको उपासना कहिन्छ–वाणी ऋक् हो, वायुसहित घ्राण साम हो । तल–माथि रहेकाले दुइमा समानता छ । त्यो घ्राण-नामक साम यो वाणीसंज्ञक ऋक्मा उपरिभावले रहेको छ । त्यसकारण ऋक्मा उपरिभावले रहेको साम गाइन्छ । वाणी नै 'सा' हो र वायुसहित घ्राण 'अम' हो । ती दुइ मिलेर 'साम' हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्षुरेवर्गात्मा साम तदेतदेतस्यामृच्यध्यूढꣳ साम तस्मादृच्यध्यूढꣳ साम गीयते । चक्षुरेव सात्मामस्तत्साम ॥ २॥

द० प०—चक्षुः एव=चक्षु नै, ऋक्=ऋक् हो, आत्मा=छायास्वरूप, साम=साम हो, तत्=त्यो, एतत्=यो, साम=छायास्वरूप नामक साम, एतस्याम्=यो, ऋचि=चक्षुः संज्ञक ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसकारण, ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते=गाइन्छ, चक्षुः एव=चक्षु नै, सा='सा' हो, आत्मा=छायास्वरूप, अमः='अम' हो, तत्=त्यो, (दुइ मिलेर) साम हो ।

स० वा०—चक्षु नै ऋक् हो, छायास्वरूप पुरुष साम हो । त्यो छायास्वरूप भनिएको साम यो, चक्षु भनिएको ऋक्मा उपरिभावले रहेको छ । त्यसकारण ऋक्मा उपरिभावले रहेको साम गाइन्छ । चक्षु नै 'सा' हो, छायास्वरूप पुरुष 'अम' हो । त्यो दुइ मिलेर 'साम' हो ।

श्रोत्रमेवर्ङ्मनः साम तदेतदेतस्यामृच्यध्यूढꣳ साम तस्मादृच्यध्यूढꣳ साम गीयते । श्रोत्रमेव सा मनोऽमस्तत्साम ॥ ३ ॥

द० प०—श्रोत्रम्=श्रोत्र, एव=नै, ऋक्=ऋक् हो, मनः=मन, साम=साम हो, तत्=त्यो, एतत्=यो, साम=मनोनामक साम, ऋचि=श्रोतसंज्ञक ऋक्-मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसकारण, ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते=गाइन्छ, श्रोत्रम् एव=श्रोत्र नै, सा='सा' हो, मनः=मन, अमः='अम' हो, तत्=त्यो (दुइ मिलेर) साम='साम' हो ।

स० वा०—श्रवणेन्द्रिय नै ऋक् हो, मन साम हो । त्यो मनोनामक साम श्रवणेन्द्रिय संज्ञक ऋक्मा उपरिभावले रहेको छ । त्यसकारण ऋक्मा उपरिभावले रहेको साम गाइन्छ । श्रवणेन्द्रिय नै 'सा' हो र मन 'अम' हो । ती दुइ मिलेर 'साम' हो ।

अथ यदेतदक्ष्णः शुक्लं भाः सैवर्गथ यन्नीलं परः कृष्णं तत्साम । तदेतदेतस्यामृच्यध्यूढꣳ साम । तस्मादृच्यध्यूढꣳ साम गीयते । अथ यदेवैतदक्ष्णः शुक्लं भाः सैव साथ यन्नीलं परः कृष्णं तदमस्तत्साम ॥ ४ ॥

द० प०—अथ=अब अर्को कुरा, यत्=जो, एतत्=यो, अक्ष्णः=आँखाको, शुक्लम्=सफेद, भाः=चमक छ, सा एव=त्यो नै, ऋक्=ऋक् हो, अथ=अनि, यत्=जो, नीलम्=नीलो, परः कृष्णम्=अत्यन्त श्यामता हो, तत्=त्यो, साम=साम हो, तत्=त्यो, एतत्=यो, साम=नीलवर्ण नामक साम, अस्याम्=यो, ऋचि=शुक्ल-कान्ति संज्ञक ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको छ, तस्मात्=त्यसकारण, ऋचि=ऋक्मा, अध्यूढम्=उपरिभावले रहेको, साम=साम, गीयते=गाइन्छ, अथ=अनि,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत्=जो, एव=नै, एतत्=यो, अक्षण:=आँखाको, शुक्लम्=सफेद, भाः=चमक हो, सा एव=त्यो नै, सा='सा' हो, अथ=अनि, यत्=जो, नीलम्=नीलो, परः कृष्णम्=अत्यन्त श्यामता हो, तत्=त्यो, अम:='अम' हो, तत्=ती (दुइ मिलेर) साम='साम' हो ।

स० वा०—अब अर्को कुरा—जो यो आँखाको सफेद चमक छ, त्यो ऋक् हो, अनि जो नीलो अत्यन्त श्यामता हो त्यो साम हो । त्यो यो नीलवर्ण-नामक साम शुक्लकान्ति-संज्ञक ऋक्मा उपरिभावले रहेको छ । त्यसकारण ऋक्मा उपरिभावले रहेको साम गाइन्छ । अनि जो यो आँखाको सफेद चमक हो, त्यो 'सा' हो, जो नीलो अत्यन्त श्यामता हो त्यो 'अम' हो । त्यो (दुइ मिलेर) 'साम' हो ।

आदित्य-अन्तर्गत र नेत्रान्तर्गत पुरुषको एकता

अथ य एषोऽन्तरक्षिणि पुरुषो दृश्यते सैवर्क्तत्साम तदुक्थं तद्यजुस्तद् ब्रह्म । तस्यैतस्य तदेव रूपं यदमुष्य रूपं यावमुष्य गेष्णौ तौ गेष्णौ यन्नाम तन्नाम ॥ ५ ॥

द० प०—अथ=तथा, यः=जो, एषः=यो, अन्तरक्षिणि=आँखाभित्र, पुरुषः=पुरुष, दृश्यते=देखिन्छ, वा एव=त्यो नै, (अध्यातमपट्टि वाक् आदि, अधिदैवपट्टि पृथिवी आदि) ऋक्=ऋक् हो, तत्=त्यो, साम=साम हो, तत्=त्यै, उक्थम्=उक्थ हो, तत्=त्यै, यजुः=यजु हो, तत्=त्यै, ब्रह्म संपूर्ण देव हो, तस्य=त्यै, एतस्य=यो चाक्षुष पुरुषको, तत् एव=त्यै, रूपम्=रूप हो, यत्=जो, अमुष्य=त्यस आदित्य पुरुषको, रूपम्=रूप छ, यौ=जुन, अमुष्य=त्यस आदित्य पुरुषका, गेष्णौ=पक्ष हुन्, तौ=ती नै [अस्य अपि]=यस चाक्षुष पुरुषका पनि, गेष्णौ=पक्ष हुन्, यत्=जो, [अमुष्य]=त्यस आदित्य पुरुषको, नाम='उत्' 'उद्गीथ' यस्ता नाम हो, तत्=त्यै, [अस्य अपि]=यस चाक्षुष पुरुषका पनि, नाम=नाम हो ।

स० वा०—तथा जो यो आँखाभित्र पुरुष देखिन्छ त्यो नै अध्यातमपट्टि वाक् आदि र अधिदैवपट्टि पृथिवी आदि ऋक् हो । त्यै साम हो, त्यै उक्थ हो, त्यै यजुः हो र त्यै संपूर्ण वेद हो । यस चाक्षुष पुरुषको त्यै रूप हो, जुन आदित्य-पुरुषको रूप हो । यस चाक्षुष पुरुषका पक्ष तिनै हुन्, जुन आदित्य-पुरुषका हुन् । यस चाक्षुष पुरुषको त्यै नाम हो, जुन आदित्य-पुरुषको 'उत्', 'उद्गीथ' यस्तो नाम हो ।

स एष ये चैतस्मादर्वाञ्चो लोकास्तेषां चेष्टे मनुष्यकामनां चेति । तद्य इमे वीणायां गायन्त्येतं ते गायन्ति तस्मात्ते धनसनयः ॥ ६ ॥

द० प०—सः=त्यो, एषः=यो चाक्षुष पुरुष, ये च=जुन पनि, एत-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मात्=यस चाक्षुष पुरुषदेखि, अर्वाञ्चः=तलतिरका, लोकाः=लोकहरू छन्, तेषाम्=तिनीहरू प्रति, च=र, मनुष्यकामानाम्=मनुष्यका काम्यवस्तुहरूप्रति, ईष्टे=आधिपत्य राख्दछ, तत्=त्यसकारण, ये=जुन, इमे=यी (गायकहरू), वीणायाम्=वीणामा, गायन्ति=गान गर्दछन्, ते=ती, एतम्=यसै (ईश्वर) लाई, गायन्ति=गाउँदछन्, तस्मात्=त्यसले, ते=तिनीहरू, धनसनयः=धनलाभले युक्त हुन्छन् ।

स० वा०—त्यो यो चाक्षुष पुरुष चक्षुवर्त्ती शरीर आत्मादेखि मनितिरका यावत् लोकहरू र मनुष्यका काम्य वस्तुहरूप्रति आधिपत्य राख्तछ। त्यसकारण जुन यी गायकहरू वीणामा गान गर्दछन् ती यै ईशनशीललाई गान गर्दछन्, अतः तिनीहरू धनलाभले युक्त हुन्छन् ।

यिनको अभेददृष्टिले उपासना गर्दाको फल

अथ य एतदेवं विद्वान्साम गायत्युभौ स गायति सोऽमुनैव स एष ये चामुष्मात्पराञ्चो लोकास्तांश्चाप्नोति देवकामांश्च ॥ ७ ॥

द० प०—अथ=तथा, यः=जो, एतत्=यस उद्गीथदेवलाई, एवम्=यसरी (कहिए-अनुसार), विद्वान्=जानेर, साम=साम, गायति=गाउँदछ, सः=त्यो, उभौ=दुवै (चाक्षुष आत्मा र आदित्य-आत्मा) लाई, गायति=गाउँदछ, सः=गानले प्रसिद्ध, सः=त्यो, एषः=यो उपासक, ये च=जुन पनि, अमुष्मात्=आदित्य-पुरुषदेखि, पराञ्चः=माथितिरका, लोकाः=लोकहरू छन्, तान्=तिनीहरूलाई, च=र, देवकामान्=देवताका काम्य विषयहरूलाई, च=पनि, अमुना=तिनै आदित्यद्वारा, आप्नोति=पाउँदछ ।

स० वा०—तथा जो यस उद्गीथ देवलाई कहिए-अनुसार जानेर सामगान गर्दछ त्यो चाक्षुष आत्मा र आदित्यात्मा दुवैलाई गान गर्दछ । त्यो साम गाउने उपासक त्यस आदित्यदेखि माथितिरका लोकहरू र देवताका काम्य विषयहरू समेत त्यै आदित्यद्वारा प्राप्त गर्दछ ।

अथानेनैव ये चैतस्मादर्वाञ्चो लोकास्तांश्चाप्नोति मनुष्यकामांश्च तस्मादु हैवंविदुद्गाता ब्रूयात् ॥ ८ ॥

कं ते काममागायानीत्येष ह्येव कामागानस्येष्टे य एवं विद्वान्साम गायति साम गायति ॥ ९ ॥

द० प०—अथ=तथा, (उपासक), ये च=जुन पनि, एतस्मात्=यस चाक्षुष पुरुषदेखि, अर्वाञ्चः=मनितिरका, लोकाः=लोकहरू छन्, तान्=तिनीहरू-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई, च=र, मानुष्यकामान्=मनुष्यका काम्य विषयहरूलाई, च=पनि, अनेन= यै चाक्षुष पुरुषद्वारा, आप्नोति=पाउँदछ। तस्मात्=त्यसकारणले, एवंवित्=यस्तो जान्ने, उद्गाता=उद्गाताले, उ ह=अनुकम्पाले, इति=यसो, ब्रूयात्=भनोस्, ते=तिम्रो, कम्=कुन, कामम्=इच्छा गरिएको कुरा, आगायानि=गान गरूँ?, हि=किनभने, एष:=यो उद्गाता, एव=नै, कामागानस्य=काम्य वस्तुको आगान गर्ने विषयमा, ईष्टे=स्वामित्व राख्तछ, य:=जो, एवम्=यस्तो (कहे-अनुसार), विद्वान्=जानेर, साम=साम, गायति=गाउँदछ, साम=साम, गायति=गाउँदछ।

स० वा०—तथा उपासक—यस चाक्षुष पुरुषदेखि मनितिरका लोकहरू जुन पनि छन् तिनलाई र मनुष्यका काम्य विषयहरूलाई यै चाक्षुष पुरुषद्वारा प्राप्त गर्दछ। त्यसकारण यस्तो जान्ने उद्गाताले उपासकलाई अनुकम्पासाथ भनोस् कि 'तिम्रो कुन अभीष्ट वस्तुको आगान गरूँ?' किनभने यो उद्गाता नै काम्य वस्तुको आगान प्रति स्वामित्व राख्दछ। जो यसरी बताए-अनुसार सामगान गर्दछ, सामगान गर्दछ।

पहिलो अध्यायमा सातौं खण्ड समाप्त

अष्टम खण्ड

उद्गीथोपासनाको उत्कृष्टता प्रदर्शित गर्नलाई
शिलक, दाल्भ्य र प्रवाहरणको संवाद

सम्बन्ध—उद्गीथ-संज्ञक अक्षर (ओङ्कार) अनेक प्रकारले उपासनीय हुनाका कारण श्रुति-प्रकारान्तरले त्यसको परोवरीयस्त्वगुणविशिष्ट फलवाला एक उपासना प्रस्तुत गर्दछ। इतिहासचाहिं सुखपूर्वक वोध गराउनानिमित्त छ।

त्रयो होद्गीथे कुशला बभूवुः शिलकः शालावत्यश्चैकितायनो दाल्भ्यः प्रवाहणो जैवलिरिति ते होचुरुद्गीथे वै कुशलाः स्मो हन्तोद्गीथे कथां वदाम इति ॥ १ ॥

द० प०—ह=यो अघि भएको कुरा हो, (कुनै समयमा) उद्गीथे= उद्गीथ विद्यामा, शालावत्यः=शलावानका छोरा, शिलकः=शिलक, चैकितायनः=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिकितायनका छोरा, दाल्भ्यः=दाल्भ्य (र), जैवलिः=जीवलका छोरा, प्रवाहणः= प्रवाहण, इति=यी, त्रयः=तीन जना, कुशलाः=निपुण, बभूवुः=थिए, ते= तिनीहरूले, (परस्परमा), इति=यसो, ऊचुः=भने, (हामी), उद्गीथे=उद्गीथ विद्यामा, वै=अवश्य, कुशलाः=निपुण, स्मः=छौं, (अतः), हन्त=तपाईंहरूको राय हुन्छ भने, उद्गीथे=उद्गीथ विद्याका सम्बन्धमा, कथाम्=विचार, वदामः= कहौं, अर्थात् वाद गरौं ।

स० वा०—यो अघि भएको कुरा हो । कुनै समयमा उद्गीथ विद्यामा शालावान्का छोरा शिलक, चिकितायनका छोरा दाल्भ्य र जीवलका छोरा प्रवाहण यी तीन जना शिपालु थिए । तिनीहरूले आपसमा भने–हामी उद्गीथ विद्यामा कुशल छौं, अतः तपाईंहरूको राय हुन्छ भने यस उद्गीथ विषयमा पक्ष-प्रतिपक्षको उपन्यासपूर्वक परस्पर वाद गरौं ।

तथेति ह समुपविविशुः स ह प्रवाहणो जैवलिरुवाच भगवन्तावग्रे वदतां ब्राह्मणयोर्वदतोर्वाचꣳश्रोष्यामीति ॥ २ ॥

द० प०—(तिनीहरू) तथा इति=त्यसै होस् भनेर, समुपविष्टाः=बसे, ह=कुरा प्रसिद्ध छ, सः=ती, जैवलिः=जीवलका छोरा, प्रवाहणः=प्रवाहणले, इति=यसो, उवाच=भने, ह=हो, भगवन्तौ=पूज्य तपाईं दुइ, अग्रे=अगाडि, वदताम्=बोल्नुहोस्, वदतोः=बोल्नुहुने, ब्राह्मणयोः=ब्राह्मणहरूको, वाचम्=वाणी, श्रोष्यामि=सुनुँला ।

स० वा०—तिनीहरूले 'हओस्' भनेर बसे । यो कुरा प्रसिद्ध छ । अनि जीवलका छोरा प्रवाहणले भने—पूज्य तपाईं दुइ अगाडि बोल्नुहोस्, म बोल्नुहुने ब्राह्मण तपाईंहरूको वाणी सुनुँला ।

स ह शिलकः शालावत्यश्चैकितायनं दाल्भ्यमुवाच हन्त त्वा पृच्छानीति पृच्छेति होवाच ॥ ३ ॥

द० प०—(दुइ ब्राह्मणमध्यका) सः=ती, ह=प्रसिद्ध, शालावत्यः= शालावान्का छोरा, शिलकः=शिलकले, चैकितायनम्=चिकितायनका छोरा, दाल्भ्यम्=दाल्भ्यलाई, इति=यसो, उवाच=भने, त्वा=तपाईंलाई, पृच्छानि= सोधूँ कि, (दाल्भ्यले) पृच्छ इति=सोध्नुहोस् भनी, उवाच=भने, ह=यो अघि भएको कुरा हो ।

स० वा०—दुइ ब्राह्मणमध्यका शालावान्का छोरा शिलकले चिकितायनका छोरा दाल्भ्यलाई भने—तपाईंको अनुमति मिल्छ भने म तपाईंसँग प्रश्न गरूँ कि ! दाल्भ्यले भने—'हुन्छ, गर्नुहोस् ।'

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

का साम्नो गतिरिति स्वर इति होवाच। स्वरस्य का गतिरिति प्राण इति होवाच। प्राणस्य का गतिरित्यन्नमिति होवाचान्नस्य का गतिरित्याप इति होवाच ॥ ४ ॥

द० प०—(अनुमति पाएर शिलकले) साम्नः=प्रकृत साम (उद्गीथ)-को, गतिः=आश्रय, का=कुन हो ? इति=यस्तो प्रश्न गरे, (दाल्भ्यले) स्वरः इति=स्वर हो, यसो, उवाच=भने, ह=हो, (अनि शिलकले) स्वरस्य= स्वरको, गतिः=आश्रय, का=कुन हो ? इति=यसरी सोधे, (दाल्भ्यले) प्राणः= प्राण हो, इति=यसो, उवाच=भने, ह=हो, (अनि शिलकले) प्राणस्य=प्राणको, गतिः=आश्रय, का=कुन हो ? इति=यसरी सोधे, (दाल्भ्यले) अन्नम्=अन्न हो, इति=यसो भने, ह=हो, (अनि शिलकले) अन्नस्य=अन्नको, गतिः=आश्रय, का= कुन हो ? इति=यसरी सोधे, (दाल्भ्यले) आपः=पानी, इति=यसो भने, ह=हो।

स० वा०—अनुमति पाएर शिलकले प्रश्न गरे—साम (उद्गीथ) को आश्रय कुन हो ? दाल्भ्यले उत्तर दिए—स्वर। (साम स्वरात्मकै छ) शिलक—स्वरको आश्रय कुन हो ? दाल्भ्य—प्राण। (स्वर प्राण-निष्पाद्यै त छ)—प्राणको आश्रय कुन हो ? दाल्भ्य—अन्न। (अन्नकै आधारमा प्राण छ)। शिलक—अन्नको आश्रय कुन हो नि ? दाल्भ्य—पानी (पानीबाटै त अन्न उब्जन्छ)।

अपां का गतिरित्यसौ लोक इति होवाचामुष्य लोकस्य का गतिरिति न स्वर्गं लोकमतिनयेदिति होवाच स्वर्गं वयं लोकꣳ सामाभिसंस्थापयामः स्वर्गसꣳस्तावꣳ हि सामेति ॥ ५ ॥

द० प०—(अनि शिलकले) अपाम्=पानीको, गतिः=आश्रय, का=कुन हो ? इति=यसरी सोधे, (दाल्भ्यले) असौ=उ, लोकः=लोक हो, इति=यसो, उवाच=भने, ह=हो, (अनि शिलकले) अमुष्य=उस, लोकस्य=लोकको, गतिः=आश्रय, का=कुन हो ? इति=यसरी सोधे, (दाल्भ्यले) स्वर्गम्=स्वर्ग, लोकम्=लोकलाई, न अतिनयेत्=नघाएर नलैजानू, इति=यसो, उवाच=भने, ह=हो, वयम्=हामीहरू, साम=सामलाई, स्वर्गम्=स्वर्ग, लोकम्=लोकमा, अभिसंस्थापयामः=राख्तछौं, हि=किनभने, साम=साम, स्वर्गसंस्तावम्=स्वर्ग-रूपले स्तुति गरिएको छ।

स० वा०—शिलक—पानीको आश्रय कुन हो नि ? दाल्भ्य—उ लोक हो। (उ लोकबाट नै वृष्टि संभव हुन्छ)। शिलक—उ लोकको आश्रय कुन हो नि ? दाल्भ्य—सामलाई स्वर्गलोक नघाएर अन्त लैजानु उचित छैन। हामी सामलाई स्वर्गलोकमा नै राख्तछौं। किनभने साम स्वर्गरूपले स्तुति गरिएको छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तꣳह शिलकः शालावत्यश्चैकितायनं दाल्भ्यमुवाचाप्रतिष्ठितं वै किल ते दाल्भ्य साम यस्त्वेतर्हि ब्रूयान्मूर्धा ते विपतिष्यतीति मूर्धा ते विपतेदिति ॥६॥

द० प०—शालावत्यः=शलावान्का छोरा, शिलकः=शिलकले, तम्=ती, चैकितायनम्=चिकितायनका छोरा, दाल्भ्यम्=दाल्भ्यलाई, इति=यसो, उवाच= भने, दाल्भ्य=हे दाल्भ्य, ते=तिम्रो, साम=साम, अप्रतिष्ठितम् वै=आश्रयमा नपुगेकै छ, किल=क्यारे, यः तु=जुन कुनैले, एतर्हि=यस बखत, ते=तिम्रो, मूर्धा=शिर, विपतिष्यति=गिर्नेछ, इति=यसो, ब्रूयात्=भनिदियो भने, ते= तिम्रो, मूर्धा=शिर, विपतेत्=गिर्ला ।

स० वा०—अनि शलावान्का छोरा शिलकले ती चिकितायनका छोरा दाल्भ्यलाई भने—दाल्भ्य ! तिम्रो साम आश्रयमा नपुगेको छ क्यार, जुन होस्, कुनैले यस बखत 'तिम्रो शिर गिर्नेछ' भनिदियो भने तिम्रो शिर गिर्ला ।

टिप्पणी—शङ्का—अपराध भए आफै गिर्नुपर्छ, नभए कसैले भने पनि गिर्नुपर्दैन भने 'यस बखत कसैले' तिम्रो टाउको खस्ला भनिदिए तिम्रो टाउको खस्ला भन्नाको के अभिप्राय हो ? **समाधान**—गरेका शुभाशुभ कर्मको फल-प्राप्तिमा देश, काल र निमित्तको अपेक्षा रहने पनि हुन्छ । यस स्थितिमा शिर गिर्नाको निमित्त भूत अज्ञान पनि अर्काले भनिदिनुरूप निमित्तको सापेक्ष रहेछ भन्ने सम्झनुपर्दछ ।

हन्ताहमेतद्भगवतो वेदानीति विद्धीति होवाचामुष्य लोकस्य का गतिरित्ययं लोक इति होवाचास्य लोकस्य का गतिरिति न प्रतिष्ठां लोकमतिनयेदिति होवाच प्रतिष्ठां वयं लोकꣳसामाभिसꣳस्थापयामः प्रतिष्ठासꣳस्तावꣳहि सामेति ॥ ७ ॥

द० प०—(यसो भनिएका दाल्भ्यले भने) हन्त=यस अज्ञानमा खेद छ, अहम्=म, एतत्=यो कुरा, भगवतः=यहाँबाट, वेदानि=जानूँ, इति=यसो (भने), (शिलकले) विद्धि=जान, इति=यसो उवाच (भने), ह=हो । अमुष्य=उस, लोकस्य=लोकको, गतिः=आश्रय, का=कुन हो ? इति=यसरी (सोधिएका शिलकले) अयम्=यो, लोकः=लोक हो, इति=यसो, उवाच=भने, ह=हो, (अनि दाल्भ्यले) अस्य=यस, लोकस्य=लोकको, गतिः=आश्रय, का=कुन हो नि ? इति=यसरी प्रश्न गरे, (शिलकले) प्रतिष्ठाम्=परमाश्रयभूत, [इमाम्]= यो, लोकम्=लोकलाई, न अतिनयेत्=नघाएर अन्त लैजानु ठीक छैन, इति=यसो, उवाच=भने, ह=हो, वयम्=हामी, साम=सामलाई, प्रतिष्ठाम्=आश्रयभूत,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकम्=यस लोकमा, अभिसंस्थापयामः=राख्तछौं, हि=किनभने, साम=साम, प्रतिष्ठासंस्तावम्=प्रतिष्ठारूपले स्तुति गरिएको छ, इति=यसो (पनि) भने।

स० वा०—यसो भनिएका दाल्भ्यले भने—यस अज्ञानमा खेद छ। म यो कुरा यहाँबाट जानूँ। शिलकले भने—हुन्छ, जान। तब दाल्भ्यले सोधे—उस लोकको आश्रय कुन हो त ? शिलकले भने—याँ लोक हो। (यस लोकले नै याग-दान-होमादि-बाट उस लोकलाई पोषण गर्दछ)। अनि दाल्भ्यले भने—यस लोकको आश्रय कुन हो नि ? शिलकले भने—सामलाई आश्रयभूत यो लोक नघाई अन्त लैजान हुँदैन। हामी सामलाई आश्रयभूत यै लोकमा राख्तछौं। किनभने, साम प्रतिष्ठारूपले स्तुति गरिएको छ। प्रतिष्ठा यै लोक हो।

तँऽह प्रवाहणो जैवलिरुवाचान्तवद्वै किल ते शालावत्य साम यस्त्वेतर्हि ब्रूयान्मूर्धा ते विपतिष्यतीति मूर्धा ते विपतेदिति हन्ताहमेतद्भगवतो वेदानीति विद्धीति होवाच ॥ ८ ॥

द० प०—(अनि) तम्=ती शिलकलाई, जैवलिः=जीवलका छोरा, प्रवाहणः=प्रवाहणले, इति=यसो, उवाच=भने, ह=यो अघि भएको कुरा हो, शालावत्य=हे शलावान्‌का छोरा शिलक ! ते=तिम्रो, साम=साम, अन्तवत् वै=अन्तवान् नै छ, किल=क्यार, यः तु = जुन कुनैले, एतर्हि=यस वखत, ते=तिम्रो, मूर्धा=टाउको, विपतिष्यति=खस्नेछ, इति=यसो, ब्रूयात्=भनिदियोस् त, ते=तिम्रो, मूर्धा=टाउको, विपतेत्=खस्ला। (अनि शिलकले) हन्त=नजानेमा खेद छ, अहम्=म, एतत्=यो कुरा, भगवतः=यहाँबाट, वेदानि=जानूँ, इति=यसो भने (अनि प्रवाहणले) विद्धि=जान, इति=यसो, उवाच=भने, ह=भएको कुरा हो।

स० वा०—अनि ती शिलकलाई जीवलका छोरा प्रवाहणले भने—ए शलावान्‌का छोरा शिलक ! तिम्रो साम अन्त (नाश)-वान् छ क्यार, यस वेला कसैले तिम्रो टाउको खस्नेछ भनिदियो भने तिम्रो टाउको खस्ला। शिलकले भने—यो नजानेमा खेद छ, म यो कुरा यहाँबाट जान्न पाऊँ, प्रवाहणले भने—हुन्छ, जान।

पहिला अध्यायमा आठौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवम खण्ड

प्रवाहणको उक्ति--आकाश नै सबको आश्रय हो

अस्य लोकस्य का गतिरित्याकाश इति होवाच सर्वाणि ह वा इमानि भूतान्याकाशादेव समुत्पद्यन्त आकाशं प्रत्यस्तं यन्त्याकाशो ह्येवैभ्यो ज्यायानाकाशः परायणम् ॥ १ ॥

द० प०—अस्य=यस, लोकस्य=लोकको, गतिः=आश्रय, का = कुन हो ? इति = यस प्रश्नमा, (प्रवाहणले) आकाशः = परमात्मा, इति=यसो, उवाच = भने, ह = यो कुरा प्रसिद्ध छ, ह वै = निस्सै, इमानि=यी, सर्वाणि = संपूर्ण, भूतानि = भूतहरू (स्थावर, जङ्गम), आकाशात् एव = परमात्माबाट नै, समुत्पद्यन्ते=उत्पन्न हुन्छन्, आकाशम् प्रति = परमात्मामै प्राप्त भएर, अस्तं यन्ति = लीन हुन्छन्, हि = जुन कारणले, एभ्यः = यी भूतहरूभन्दा, आकाशः = परमात्मा, ज्यायान् = ज्यादै ठूलो छ (र) परायणम्=परम आश्रम हो।

स० वा०—यस लोकको आश्रय कुन हो त ? यस प्रश्नमा प्रवाहणले भने—परमात्मा। निस्सै पनि संपूर्ण स्थावर, जंगम परमात्माबाट नै उब्जन्छन्, परमात्मामै बिलाउँछन्। किनभने यी भूतहरूभन्दा परमात्मा ज्यादै ठूलो छ र त्यो नै परम आश्रय हो।

आकाशसंज्ञक उद्गीथको उत्कृष्टता र त्यसका उपासनाको फल

स एष परोवरीयानुद्गीथः स एषोऽनन्तः परोवरीयो हास्य भवति परोवरीयसो ह लोकाञ्जयति य एतदेवं विद्वान्परोवरीयाꣳ समुद्गीथमुपास्ते ॥ २ ॥

द० प०—सः = त्यो, एषः = यो, उद्गीथः = उद्गीथ (ओङ्कार), परोवरीयः = श्रेष्ठभन्दा पनि परम श्रेष्ठ छ, अर्थात् परमात्मा भावमा प्राप्त छ, (अतएव) सः = त्यो (उद्गीथ), अनन्तः = अन्तरहित छ, अस्य = यस उपासकको [जीवनम्] = जीवन, परोवरीयः = अत्यन्त उत्कृष्ट, भवति = हुन्छ, ह = निश्चय हो, (तथा यो) परोवरीयसः = परम श्रेष्ठ, लोकान् = ब्रह्माकाशपर्यन्त लोकहरूलाई, जयति = स्वाधीन पार्दछ, ह = भएको कुरा हो, यः = जो, एतद् = यो उद्गीथलाई, एवम् = यस्ता प्रकारको, परोवरीयांसम् = परमश्रेष्ठ, विद्वान् = जानेर, उपास्ते = उपासना गर्दछ।

स० वा०—त्यै यो प्रस्तुत उद्गीथ (ओङ्कार) परम उत्कृष्ट छ अर्थात्

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्मभावले संपन्न छ । अन्तरहित छ । जसले यस उद्गीथलाई यस्तो परमोत्कृष्ट जानेर उपासना गर्दछ त्यसको जीवन अत्यन्त उत्कृष्ट हुन्छ र त्यसले ब्रह्माकाशपर्यन्त-का परमोत्कृष्ट लोकलाई स्वाधीन गर्दछ । यो यथाभूत कुरा हो ।

तꣳहैतमतिधन्वा शौनक उदरशाण्डिल्यायोक्त्वोवाच यावत्त एनं प्रजाया-मुद्गीथं वेदिष्यन्ते परोवरीयो हैभ्यस्तावदस्मिँल्लोके जीवनं भविष्यति ॥ ३ ॥

द० प०—शौनकः=शुनकका छोरा, अतिधन्वा = अतिधन्वाले, तम् = त्यो, एतम् = यो उद्गीथ, उदरशाण्डिल्याय=उदरशाण्डिल्यलाई, उक्त्वा=कहेर, उवाच = भनेथे, ते=तिम्रा, प्रजायाम्=सन्तानमा, यावत् = जहाँसम्म, एतम्= यस, उद्गीथम् = उद्गीथलाई, वेदिष्यन्ते = जान्नेछन्, तावत् = त्यहाँसम्म, अस्मिन्= यो, लोके = लोकमा, [तेभ्यः=तिनीहरूलाई,] एभ्यः=यी प्रसिद्ध लौकिक जीवन-वालाहरूभन्दा, परोवरीयः = श्रेष्ठतम, जीवनम् = जीवन, भविष्यति=हुनेछ ।

स० वा०—शुनकका छोरा अतिधन्वाले त्यै यो उद्गीथ विद्या उदरशाण्डिल्यलाई बताएर भनेथे—तिम्रा सन्तानमा जहाँसम्म यस उद्गीथलाई जान्नेछन्, त्यहाँसम्म यस लोकमा तिनीहरूको जीवन यी प्रसिद्ध जीवनवालाहरूको भन्दा उत्तरोतर उत्कृष्ट हुनेछ । यो भै आएको कुरा छ ।

तथामुष्मिँल्लोके लोक इति । स य एतदेवं विद्वानुपास्ते परोवरीय एव हास्यास्मिँल्लोके जीवनं भवति तथामुष्मिँल्लोके लोक इति लोके लोक इति ॥ ४ ॥

द० प०—तथा=त्यस्तै, अमुष्मिन् लोके=परलोकमा (पनि), लोकः= उत्तरोत्तर उत्कृष्ट लोक प्राप्त हुन्छ, (अतिधन्वाले शाण्डिल्यलाई) इति=यसो भने, सः=त्यो, यः=जो, एतत्=यस कुरालाई, एवम्=यसरी, विद्वान्=जानीकन, उपास्ते=उपासना गर्दछ, अस्य=त्यसको, जीवनम्=जिन्दगी, अस्मिन्=यो, लोके= लोकमा, परोवरीयः=सर्वोत्कृष्ट, एव=नै, भवति=हुन्छ, तथा=त्यस्तै, अमुष्मिन् लोके=परलोकमा (पनि), लोकः=उत्तरोत्तर उत्कृष्ट लोक, भवति=प्राप्त हुन्छ ।

स० वा०—परलोकमा पनि त्यस्तै उत्तरोत्तर उत्कृष्ट लोक प्राप्त हुन्छ । अतिधन्वाले शाण्डिल्यलाई यसो भने । त्यो जो कुनै पनि पुरुष यस कुरा (उद्गीथ)–लाई यसरी बताए-अनुसार जानेर उपासना गर्दछ, त्यसको जीवन यस लोकमा उत्कृष्टतर हुन्छ । त्यस्तै परलोकमा पनि उत्तरोत्तर उत्कृष्ट लोक नै प्राप्त हुन्छ ।

परोवरीय उद्गीथको उपासना वर्णन समाप्त भयो ।

पहिलो अध्यायमा नवौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशम खण्ड

उषस्तिको आख्यान

संबन्ध—उद्गीथोपासनाका प्रसङ्गमा प्रस्ताव–परिहार–विषयक उपासना पनि बताउनु छ र आगामी ग्रन्थ आरम्भ गरिन्छ । आख्यायिकाचाहिं सुखपूर्वक बोध गराउना-निमित्त हो ।

मटचीहतेषु कुरुष्वाटिक्या सह जाययोषस्तिर्ह चाक्रायण इभ्यग्रामे प्रद्राणक उवास ॥ १ ॥

द० प०—कुरुषु=कुरु देशको अनाज, मटचीहतेषु=वज्र परेर नाशिएमा, (अनिकाल परेमा), इभ्यग्रामे=इभ्य ग्राममा, आटिक्या=स्तनादि स्त्रीचिह्न प्रकट नभएकी, जायया=भार्या, सह=सँग, चाक्रायणः=चक्रका सन्तान, उषस्तिः= उषस्ति, प्रद्राणकः=(अन्नका अभावले) दुर्गतिमा प्राप्त भएर, उवास=बसेका थिए ।

स० वा०—कुरुदेशको अनाज बज्र परेर नाशिएको अनिकालका वखत चक्रका सन्तान उषस्ति स्तनादि स्त्रीचिह्न प्रकट भै नसकेकी भार्याका साथ अन्नका अभावले दुर्दशामा परेर इभ्यग्राममा रहेका थिए ।

स हेभ्यं कुल्माषान्खादन्तं बिभिक्षे तꣳ होवाच । नेतोऽन्ये विद्यन्ते यच्च-ये म इम उपनिहिता इति ॥ २ ॥

द० प०—सः=तिनी (उषस्ति) ले, कुल्माषान्=भटमास, खादन्तम्= खान लागेको, इभ्यम्=माहुतेसँग, बिभिक्षे=माँगे, ह=हो, (त्यस माहुतेले) तम्= तिनीलाई, इति=यसो, उवाच=भन्यो, इतः अन्ये=यी बाहेक, न विद्यन्ते=छैनन्, यत्=जो, मे=मेरा, चये=थुप्रामा (थियो) [ते] इमे=ती यी, उपनिहिताः= खाने भाँडामा हालिसकिए । (के गरूँ !)

स० वा०—ती उषस्तिले भटमास खान लागेका माहुतेसँग माँगे । त्यसले उषस्तिलाई भन्यो—यी–बाहेक अरू छैनन्, मेरा थुप्रामा जो थिए, ती यी खाने भाँडामा हालिसकिए । म कसो गरूँ !

एतेषां मे देहीति होवाच तानस्मै प्रददौ हन्तानुपानमित्युच्छिष्टं वै मे पीतꣳ स्यादिति होवाच ॥ ३ ॥

द० प०—(यसो भनिएका उषस्तिले) एतेषाम्=यिनै, मे=मलाई, देहि= देऊ, इति = यसो, उवाच = भने, ह = हो, (अनि) अस्मै = यिनीलाई, तान् = ती

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भटमास, प्रददौ = दियो (र) इति = यसो (भन्यो), हन्त = बरा !, अनुपातम् = (यो) पानी, [गृहाण] = लिनुहोस्, (तब उषस्तिले) इति = यसो, उवाच = भने, मे = मैंले, वै = निस्सै, उच्छिष्टम् = जूठो, पीतम्= पिएको, स्यात्=होला, (अतः यो पानी लिन्नँ), ह=यो भएको कुरा हो।

स० वा०—यसो भनिएका उषस्तिले 'यिनै भटमास मलाई देऊ' भने। अनि माहुतेले यिनीलाई तिनै भटमास दियो र साथको पानी लिएर भन्यो—बरा ! यो पानी लिनोस्। तब उषस्तिले भने—मैंले यो पानी पिए त जूठो पिएको हुन्छ, लिन्नँ।

न स्विदेतेऽप्युच्छिष्टा इति न वा अजीविष्यमिमानखादन्निति होवाच कामो म उदकपानमिति ॥ ४ ॥

द० प०—(तब माहुतेले) इति=यसो (भन्यो), एते=यी (भटमास), अपि=पनि, उच्छिष्टाः=जूठा, न स्वित्=होइनन् र ? (उषस्तिले), इमान्=यी, भटमास, अखादन्=नखाँदो हुँ त, वै=निस्सै, न अजीविष्यम्=बाँच्ने थिइनँ, इति=यसो भनेर, मे=मलाई, उदकपानम्=जलपान (त), कामः=इच्छानुसार मिल्दछ, इति=यसो, उवाच=भने, ह=यो अघि भएको कुरा हो।

स० वा०—तब माहुतेले भन्यो—के यी भटमास पनि जूठा होइनन् र ? उषस्तिले भने—यी नखादो हुँ त निस्सै बाँचने थिइनँ अतः प्राणरक्षालाई खाएँ। जल-पान त मलाई इच्छानुसार शुद्ध नै मिल्न सक्तछ।

टिप्पणी—यसको अभिप्राय यो हो—यस्तो दुरवस्थामा प्राप्त भएका विद्या-धर्म-यशोवान् आफू र अरू समेतको भलाइमा समर्थ भएका व्यक्तिलाई यस्तो कर्म गर्दा पनि पापको स्पर्श हुँदैन। त्यस्तालाई पनि प्राणरक्षाका निमित्त अरू अनिन्द्य उपाय संभव भएमा यस्तो कर्म गर्नु दोषदायी नै हुन्छ। ज्ञानका घमण्डले यस्तो निन्द्य काम गरेमा नरकपात हुनु त स्वाभाविक छँदै छ। यहाँ उषस्तिको उपायान्तर नभएको आपद्ग्रस्त अवस्था 'प्रद्राणक' शब्दले स्पष्ट गरेको छ।

स ह खादित्वातिशेषाञ्जायाया आजहार साग्र एव सुभिक्षा बभूव तान्प्रतिगृह्य निदधौ ॥ ५ ॥

द० प०—सः=ती उषस्तिले, खादित्वा=खाएर, अतिशेषान्=बाँकी रहेका भटमास, जायायै=भार्याका निमित्त, आजहार=ल्याए, सा=ती भार्या, अग्रे एव=अघिबाटै, सुभिक्षा=राम्रो भिक्षा पाएकी, बभूव=थिइन्, तान्=ती (पतिले ल्याइ-दिएका भटमास), प्रतिगृह्य=लिएर, निदधौ=राखिन्, ह=हो।

स० वा०—ती उषस्तिले पाएका भटमास खाएर, बचेका भार्याका निमित्त-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याए । तर भार्याले अघिबाटै राम्रो भिक्षा पाइसकेकी थिइन् र पतिले ल्याइदिएका भटमास लिएर राखिन् ।

स ह प्रातः संजिहान उवाच यद्बतान्नस्य लभेमहि लभेमहि धनमात्राँ राजासौ यक्ष्यते स मा सर्वैरार्त्विज्यैर्वृणीतेति ॥ ६ ॥

द० प०—सः=ती उषस्तिले, प्रातः=बिहान, संजिहानः=बिछ्यौना छोड्दै, उवाच=भने, यद्=यदि, बत=खिन्न भएको मैले, अन्नस्य=अन्नको, (केही मात्र) लभेमहि=पाऔं (त), धनमात्राम्=केही धन, लभेमहि=पाउँदो हुँ, असौ=ती, राजा=राजा, यक्ष्यते=यज्ञ गर्ने भएका छन्, सः=तिनले, मा=मलाई सर्वैः= समस्त, आर्त्विज्यैः=ऋत्विक् कर्महरूले, वृणीत इति=वरण गर्दा हुन् नै ।

स० वा०—ती उषस्तिले बिहान बिछ्यौना छोड्दै भने—खिन्न भएका मैले थोरै अन्न पाए केही धन लाभ गर्ने थिएँ । ती राजा यज्ञ गर्ने भएका छन् । तिनले मलाई संपूर्ण ऋत्विक्-कर्मका निमित्त वरण गर्दा हुन् नै ।

तं जायोवाच हन्त पत इम एव कुल्माषा इति तान्खादित्वामुं यज्ञं विततमेयाय ॥ ७ ॥

द० प०—तम्=तिनीलाई, जाया=भार्याले, इति=यसो, उवाच=भनिन्, हन्त=कठै ! पते=पतिज्यू, इमें एव=यिनै, कल्माषाः=भटमास छन्, (अनि उषस्तिले) तान्=तिनै, खादित्वा=खाएर, अमुम्=त्यो, विततम्=विस्तारित, यज्ञम्=यज्ञमा, एयाय = गए ।

स० वा०—ती उषस्तिलाई भार्याले भनिन्—कठै ! पतिज्यू ! यिनै मेरा हातमा दिनुभएका भटमास छन् । अरू त केही छैन । अनि उषस्तिले तिनै अघिल्ला दिन ल्याएका भटमास खाएर, त्यो विस्तारित राजाका यज्ञमा गए ॥

राज-यज्ञमा उषस्ति र ऋत्विक्हरूको संवाद

तत्रोद्गातॄनास्तावे स्तोष्यमाणानुपोपविवेश स ह प्रस्तोतारमुवाच ॥८॥

द० प०—तत्र=त्यहाँ, आस्तावे=स्तुति गर्ने ठाउँमा, स्तोष्यमाणान्=स्तुति गर्न आँटेका, उद्गातॄन्=उद्गाताहरूका, उप=नजीकमा, उपविवेश=बसे, (र) सः= तिनले, प्रस्तोतारम्=प्रस्तोतालाई, उवाच=भने ।

स० वा०—त्यहाँ स्तुति गर्ने ठाउँमा सामद्वारा स्तुति गर्न तयार भएका उद्गाताहरूका नजीकमा बसेर तिनले प्रस्तोतालाई भने ।

प्रस्तोतर्या देवता प्रस्तावमन्वायत्ता तां चेदविद्वान्प्रस्तोष्यसि मूर्धा ते विपतिष्यतीति ॥ ९ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—प्रस्तोतः=हे प्रस्तोता !, या=जुन, देवता=देवता, प्रस्तावम्=प्रस्ताव भक्तिमा अनुगत छन्, ताम्=ती देवतालाई, अविद्वान्=नजानीकन, [विदुषो मम समीपे]=जान्ने मेरा नजीकमा, प्रस्तोष्यसि चेत्=स्तुति गरौला त, ते=तिम्रो, मूर्धा=शिर, विपतिष्यति=गिर्नेछ ।

स० वा०—हे प्रस्तोता ! जुन देवता प्रस्तावभक्ति (स्तुति गर्ने साम भाग) मा अनुगत छ, त्यसलाई नजानीकन जान्ने मेरा नजीकमा स्तुति गर्‍यौ भने तिम्रो शिर गिर्नेछ ।

टिप्पणी—यहाँ 'जान्ने मेरा नजीकमा' भन्नाले यो कुरा अवगत हुन्छ—कर्मको सर्वाङ्ग जान्ने योग्य पुरुष अगाडि हुँदाहुँदै नजान्ने पुरुषले ऋत्विक् कर्म गर्नु अनर्थकारक हुन्छ ।

एवमेवोद्गातारमुवाचोद्गातर्या देवतोद्गीथमन्वायत्ता तां चेदविद्वानुद्गास्यसि मूर्धा ते विपतिष्यतीति ॥ १० ॥

एवमेव प्रतिहर्तारमुवाच प्रतिहर्तर्या देवता प्रतिहारमन्वायत्ता तां चेदविद्वान्प्रतिहरिष्यसि मूर्धा ते विपतिष्यतीति ते ह समारतास्तूष्णीमासाञ्चक्रिरे ॥ ११ ॥

द० प०—एवम् एव=यसै गरी, उद्गातारम्=उद्गातालाई, इति=यसो, उवाच=भने, उद्गातः=हे उद्गाता ! या=जुन, देवता=देवता, उद्गीथम्=उद्गीथमा, अन्वायत्ता=अनुगत छ, ताम्=त्यस देवतालाई, अविद्वान्=नजानीकन, (जान्ने मेरा नजीकमा) उद्गास्यसि चेत्=उद्गान गरौला त, ते=तिम्रो, मूर्धा=टाउको, विपतिष्यति=खस्नेछ । एवम् एव=यसै गरी, प्रतिहर्त्तारम्=प्रतिहर्त्तालाई, इति=यसो, उवाच=भने, प्रतिहर्त्तः !=हे प्रतिहर्त्ता ! या=जुन, देवता=देवता, प्रतिहारम्=प्रतिहारमा, अन्वायत्ता=अनुगत छ, ताम्=त्यस देवतालाई, अविद्वान्=नजनीकन (मेरा नजीकमा), प्रतिहरिष्यसि चेत्=प्रतिहरण गरौला त, ते=तिम्रो, मूर्धा=टाउको, विपतिष्यति=खस्नेछ, (तब) ते=ती प्रस्तोता आदि, समारताः=कर्म गर्नबाट हटे, (र) तूष्णीम्=चुपचापसाथ, आसांचक्रिरे=बसे ।

स० वा०—यसै गरी उद्गातालाई भने—हे उद्गाता ! जुन देवता उद्गीथमा अनुगत छ, त्यस देवतालाई नजानीकन जान्ने मेरा नजीकमा उद्गान गरौला त तिम्रो टाउको खस्नेछ । यसै गरी प्रतिहर्त्तालाई भने—हे प्रतिहर्त्ता ! जुन देवता प्रतिहारमा अनुगत छ त्यस देवतालाई नजानीकन जान्ने मेरा नजीकमा प्रतिहरण गरौला त तिम्रो टाउको खस्नेछ । तब ती प्रस्तोता आदि सब तत् तत् कर्मबाट हटे र शिर गिर्ने डरले चुपचापसाथ बसे ।

पहिलो अध्यायमा दशौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकादश खण्ड

राजा र उषस्तिको संवाद

अथ हैनं यजमान उवाच भगवन्तं वा अहं विविदिषाणीत्युषस्तिरस्मि चाक्रायण इति होवाच ॥ १ ॥

द० प०—अथ = यसपछि, एनम् = यी उषस्तिलाई, यजमानः = यज्ञ गर्ने राजाले, इति = यसो, उवाच = भने, अहम् = म, भगवन्तम् = पूज्य यहाँलाई, वै = निश्चयसाथ = विविदिषाणि = चिन्न चाहन्छु, (उषस्तिले) चाक्रायणः = चक्रको सन्तति, उषस्तिः = उषस्ति नामको, अस्मि = हुँ, इति = यसो, उवाच = भने, ह = यो अघि भएको कुरा हो ।

स० वा०—यसपछि उषस्तिलाई यज्ञ गर्न लागेका राजाले भने—म, पूज्य यहाँलाई चिन्न चाहन्छु, अनि उषस्तिले भने—म चक्रको सन्तान उषस्ति नामको हुँ । यो अघि भएको कुरा हो ।

स होवाच भगवन्तं वा अहमेभिः सर्वैरार्त्विज्यैः पर्यैषिषं भगवतो वा अहमवित्त्यान्यानवृषि ॥ २ ॥

द० प०—सः = ती राजाले, उवाच = भने, अहम् = मैले, सर्वैः = संपूर्ण, आर्त्विज्यैः = ऋत्विक् कर्मका लागि, भगवन्तम् वै = यहाँलाई नै, पर्यैषिषम् = खोजेको थिएँ, (तर) अहम् = मैले, वै = निश्चयले, भगवतः = यहाँलाई, अवित्त्या = नपाउनाले, अन्यान् = अरू ब्राह्मणहरूलाई, अवृषि = वरण गरें ।

स० वा०—ती राजाले भने—मैले समस्त ऋत्विक्-कर्मका निमित्त यहाँलाई नै खोजेको थिएँ, तर यहाँलाई नभेट्टाएर अरू ब्राह्मणहरूलाई वरण गरें ।

भगवाꣳस्त्वेव मे सर्वैरार्त्विज्यैरिति तथेत्यथ तर्ह्येत एव समतिसृष्टाः स्तुवतां यावत्त्वेभ्यो धनं दद्यास्तावन्मम दद्या इति तथेति ह यजमान उवाच ॥ ३ ॥

द० प०—(अझ पनि) भगवान् = पूज्य यहाँ, तु एव = नै, मे = मेरा, सर्वैः = संपूर्ण, आर्त्विज्यैः = ऋत्विक्-कर्मका निमित्त [अस्तु] = रहनुहोस्, (अनि उषस्तिले) तथा इति = त्यसै होस्, भनी मञ्जूर भए, अथ = अनि (उषस्तिले) इति = यसो (भने), तर्हि = त्यसो भए, समतिसृष्टाः = मैले राम्ररी राय दिइएका,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एते एव = यिनै ऋत्विक्हरू, स्तुवताम् = स्तुति गरून्, तु = किन्तु, यावत् = जति, एभ्यः = यिनीहरूलाई, धनम् = धन (दक्षिणा), दद्याः = दिनुहोला, तावत् = त्यति, मम = मलाई, दद्याः = दिनुहोला, (तब) यजमानः = यज्ञ गर्ने राजाले, तथा इति = त्यसै हुनेछ, इति = यसो, उवाच = भने, यो कुरा, ह = प्रसिद्ध छ ।

स० वा०—अझ पनि पूज्य यहाँ नै मेरा समस्त ऋत्विक् कर्महरूका लागि रहनुहोस् । उषस्तिले भने 'हुन्छ ।' त्यसो हो भने मैले खुशीसाथ राय दिइएका यिनै ऋत्विक्हरूले स्तुति गरून् । तर जति यिनीहरूलाई दक्षिणा दिनुहोला उति नै मलाई दिनुहोला । यजमान राजाले भने—'त्यसै हुनेछ ।'

उषस्तिका प्रति प्रस्तोताको प्रश्न

अथ हैनं प्रस्तोतोपससाद प्रस्तोतर्या देवता प्रस्तावमन्वायत्ता तां चेदविद्वान्प्रस्तोष्यसि मूर्धा ते विपतिष्यसीति मा भगवानवोचत्कतमा सा देवतेति ॥ ४ ॥

द० प०—अथ = अब, प्रस्तोता = प्रस्तोता, एनम् = यी (उषस्तिका) उपससाद = समीपमा आए, (र) इति = यसो (भने), प्रस्तोतः = हे प्रस्तोता ! या = जुन, देवता = देवता, प्रस्तावम् = प्रस्तावमा, अन्वायत्ता = अनुगत छ, ताम् = त्यसलाई, अविद्वान् = नजानीकन, प्रस्तोष्यसि चेत् = स्तुति गरौला त, ते = तिम्रो, मूर्धा = शिर, विपतिष्यति = गिर्नेछ, इति = यसो, भगवान् = पूज्य यहाँले, अवोचत् = भन्नुभयो, सा = त्यो, देवता = देवता, कतमा = कुनचाहिं हो त ?

स० वा०—अब प्रस्तोता यी उषस्तिका नजीकमा आएर भने—यहाँले मलाई 'हे प्रस्तोता ! जुन देवता प्रस्तावमा अनुगत छ त्यस देवतालाई नजानीकन स्तुति गरौला त तिम्रो शिर गिर्दछ, यसो भन्नुभयो, त्यो देवता कुनचाहिं हो त ?

उषस्तिको उत्तर—प्रस्तावानुगत देवता प्राण हो

प्राण इति होवाच सर्वाणि ह वा इमानि भूतानि प्राणमेवाभिसंविशन्ति प्राणमभ्युज्जिहते । सैषा देवता प्रस्तावमन्वायत्ता । तां चेदविद्वान्प्रास्तोष्यो मूर्धा ते व्यपतिष्यत्तथोक्तस्य मयेति ॥ ५ ॥

द० प०—(उषस्तिले) प्राणः = प्राण, इति = यसो, उवाच = भने, ह = हो, इमानि = यी, सर्वाणि = सबै, भूतानि = स्थावर जङ्गम, ह वै = निस्सै, प्राणम् एव = प्राणलाई नै, अभि = लक्ष्य गरेर, संविशन्ति = प्रवेश गर्दछन्, प्राणम् अभि = प्राणलाई लक्ष्य गरेर, उज्जिहते = प्रकट हुन्छन्, सा एषा = त्यै यो, देवता = देवता, प्रस्तावम् = प्रस्तावमा, अन्वायत्ता = अनुगत छ, ताम् = त्यसलाई, अविद्वान् = नजानीकन,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रास्तोष्यः चेत् = प्रस्तवन गर्दा हौ त, मया = मैले, तथा = त्यसो, उक्तस्य = भनिएका, ते = तिम्रो, मूर्धा = शिर, व्यपतिष्यत् = खस्ने थियो ।

स० वा०—अनि उषस्तिले 'प्राण' भनेर जबाफ दिए । निस्सै हो, यी संपूर्ण स्थावर जंगम प्रलयकालमा प्राणमा नै प्रवेश गर्दछन् अर्थात् प्राणरूपले नै उसमा रहन्छन्, उत्पत्तिकालमा प्राणबाटै उत्पन्न हुन्छन् । त्यै यो प्राण देवता प्रस्तावमा अनुगत छ । त्यसलाई नजानीकन प्रस्तवन गर्दा हौ त मैले त्यसो भनिएका तिम्रो शिर गिर्ने थियो । ठीक गर्‍यौ, मैले रोक्ता कामबाट हट्यौ ।

उद्गाताको प्रश्न

अथ हैनमुद्गातोपससादोद्गातर्या देवतोद्गीथमन्वायत्ता तां चेदविद्वानुद्गास्यसि मूर्धा ते विपतिष्यतीति मा भगवानवोचत्कतमा सा देवतेति ॥ ६ ॥

द० प०—अथ = अनि, उद्गाता = उद्गाता, एनम् = यी उषस्तिका, उपससाद = नजीक आए (र), इति = यसो (भने), उद्गातः = हे उद्गाता, या = जुन, देवता = देवता, उद्गीथम् = उद्गीथमा, अन्यायत्ता = अनुगत छ, तम् = त्यसलाई, अविद्वान् = नजानोकन, उद्गास्यसि चेत् = उद्गान गरौला त, ते = तिम्रो, मूर्धा = शिर, विपतिष्यति = गिर्नेछ, इति = यसो, भगवान् = यहाँले, मा = मलाई, अवोचत् = भन्नुभयो, सा = त्यो, देवता = देवता, कतमा = कुनचाहिं हो त ?

स० वा०—अनि उद्गाता उषस्तिका नजीक आएर भने—'हे उद्गाता' जुन देवता उद्गीथमा अनुगत छ, त्यसलाई नजानीकन उद्गान गरौला त तिम्रो शिर गिर्नेछ भनी यहाँले मलाई भन्नुभयो । 'त्यो देवता कुन हो त ?'

उषस्तिको उत्तर—उद्गीथानुगत देवता आदित्य हो

आदित्य इति होवाच सर्वाणि ह वा इमानि भूतान्यादित्यमुच्चैः सन्तं गायन्ति सैषा देवतोद्गीथमन्वायत्ता तां चेदविद्वानुदगास्यो मूर्धा ते व्यपतिष्यत्तथोक्तस्य मयेति ॥ ७ ॥

द० प०—(अनि उषस्तिले) आदित्यः इति=सूर्य हो भनी, उवाच=भने, ह=हो, ह वै=निस्सै, इमानि=यी, भूतानि=प्राणीहरू, उच्चैः सन्तम्—उच्च भैरहेका, आदित्यम्=सूर्यलाई, गायन्ति=गान (स्तवन) गर्दछन्, सा=त्यो, एषा = यो, देवता = देवता, उद्गीथम्=उद्गीथमा, अन्वायत्ता=अनुगत छ, ताम्=त्यसलाई, अविद्वान्=नजानीकन, उद्गास्यः चेत् = गान गर्दा हौ त, मया=मैले, तथा=त्यसो, उक्तस्य=भनिएका, ते=तिम्रो, मूर्धा=शिर, व्यपतिष्यत्=गिर्ने थियो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—अनि उषस्तिले सूर्य भनी जवाफ दिए। निस्सै हो, यी संपूर्ण प्राणी उच्च भैरहेका सूर्यलाई गान गर्दछन् । त्यो यो देवता उद्गीथमा अनुगत छ। त्यसलाई नजानीकन उद्गान गर्दा हौ त मैले त्यसो भनिएका तिम्रो शिर गिर्नें थियो। ठीक गऱ्यौ जो कि मैले रोक्ता उद्गानमा रोकियौ ।

प्रतिहर्ताको प्रश्न

अथ हैनं प्रतिहर्तोपससाद प्रतिहर्तर्या देवता प्रतिहारमन्वायत्ता तां चेदविद्वान्प्रतिहरिष्यसि मूर्धा ते विपतिष्यतीति मा भगवानवोचत्कतमा सा देवतेति ॥ ८ ॥

द० प०—अथ=यसपछि, प्रतिहर्ता=प्रतिहर्ता, एनम् = यिनी (उषस्ति) का, उपससाद=नजीक आए (र), इति=यसो (भने), प्रतिहर्तः=हे प्रतिहर्ता ! या= जुन, देवता=देवता, प्रतिहारम्=प्रतिहारमा, अन्वायत्ता=अनुगत छ, ताम्=त्यसलाई, अविद्वान्=नजानीकन, प्रतिहरिष्यसि चेत्=प्रतिहरण गरौला त, ते=तिम्रो, मूर्धा= शिर, विपतिष्यति=गिर्नेछ, इति=यसो, मा=मलाई, भगवान् = यहाँले, अवोचत्= भन्नुभयो, सा=त्यो, देवता=देवता, कतमा=कुनचाहिं हो त ?

स० वा०—यसपछि प्रतिहर्ताले उषस्तिका नजीक आएर भने—'हे प्रतिहर्ता! जुन देवता प्रतिहारमा अनुगत छ त्यसलाई नजानीकन प्रतिहरण गरौला त तिम्रो शिर गिर्नेछ भनी यहाँले मलाई भन्नुभयो त्यो देवता कुन हो त ?

उषस्तिको उत्तर—प्रतिहारानुगत देवता अन्न हो

अन्नमिति होवाच सर्वाणि ह वा इमानि भूतान्यन्नमेव प्रतिहरमाणानि जीवन्ति सैषा देवता प्रतिहारमन्वायत्ता तां चेदविद्वान्प्रत्यहरिष्यो मूर्धा ते व्यपतिष्यत्तथोक्तस्य मयेति तथोक्तस्य मयेति ॥ ९ ॥

द० प०—(उषस्तिले) अन्नम्=अन्न हो, इति=यसो, उवाच=भने, ह= हो, ह वै=निस्सै हो, इमानि=यी, सर्वाणि=समस्त, भूतानि=प्राणीहरू, अन्नम् एव = अन्न नै, प्रतिहरमाणानि=आफूकहाँ सबैतिरबाट ल्याउँदा, जीवन्ति=बाँच्तछन्, सा= त्यो, एषा=यो, देवता=देवता, प्रतिहारम्=प्रतिहारमा, अन्वायत्ता = अनुगत छ, ताम्= त्यसलाई, अविद्वान्=नजानीकन, प्रत्यहरिष्यः चेत्=प्रतिहरण गर्दा हौ त, मया= मैले, तथा=त्यसो, उक्तस्य=भनिएका, ते=तिम्रो, मूर्धा=शिर, व्यपतिष्यत्= गिर्ने थियो।

स० वा०—उषस्तिले 'अन्न' भनी जवाफ दिए। निस्सै हो, यी संपूर्ण प्राणीहरू

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्न नै आफूकहाँ सब्रतिरबाट ल्याउँदा अर्थात् अन्नै संग्रह गर्दा बाँच्ने हुन् । त्यो यो देवता प्रतिहारमा अनुगत छ । त्यसलाई नजानीकन प्रतिहरण गर्दा हौ त मैले त्यसो भनिएका तिम्रो टाउको खस्ने थियो । ठीक गर्‍यौ मैले रोक्ता, रोकियौ ।

पहिला अध्यायमा एघारौं खण्ड समाप्त

द्वादश खण्ड

शौवसामसंबन्धी उपाख्यान

संबन्ध—अतीत खण्डमा अन्न नपाउनाले जूठो बासी अन्न खानुपर्नेसम्मको कष्ट अवस्था कहियो । त्यस्तो नहोस् भनेर अन्न लाभका निमित्त अब शौव सामको आरम्भ गरिन्छ ।

अथातः शौव उद्गीथस्तद्ध बको दाल्भ्यो ग्लावो वा मैत्रेयः स्वाध्यायमुद्व्राज ॥ १ ॥

द० प०—अथ=त्यसपछि, अतः=यहाँदेखि, शौवः=कुकुरहरूले देखेको, उद्गीथः=उद्गीथ, [प्रस्तूयते]=आरम्भ गरिन्छ, तत्=त्यसमा, ह=प्रसिद्ध छ, दल्भ्यः=दाल्भका छोरा, बकः=यो 'बक' पनि, (भनिने), मैत्रेयः=मित्रका छोरा ग्लावः='ग्लाव' (पनि भनिने) ऋषि, स्वाध्यायम्=स्वाध्याय गर्न, उद्व्राज=(गाउँदेखि बाहिर) गए ।

स० वा०—त्यसपछि अब कुकुरहरूले देखेको उद्गीथ शुरू गरिन्छ । त्यसमा प्रसिद्ध छ—दलभका छोरा 'बक' पनि भनिने मित्राका छोरा 'ग्लाव' पनि भनिने व्यक्ति वेदाध्ययनका निमित्त गाउँदेखि बाहिर जलाशयका नगीच गएका थिए ।

तस्मै श्वा श्वेतः प्रादुर्बभूव तमन्ये श्वान उपसमेत्योचुरन्नं नो भगवानागायत्वशनायाम वा इति ॥ २ ॥

द० प०—तस्मै=तिनको अनुग्रहका निमित्त, श्वेतः=सेतो, श्वा=कुकुर, प्रादुर्बभूव=प्रकट भयो, अन्ये=अरू, श्वानः=कुकुरहरूले, तम्=त्यसका, उपसमेत्य=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नजीक गएर, इति=यसो, ऊचुः=भने, भगवान्=मान्य यहाँले, नः=हाम्रा निमित्त, अन्नम्=अन्न, आगायतु=गान गर्नुहोस्, वै=अवश्य हो, अशनायामः=भोकाएका छौं।

स० वा०—तिनी बकलाई अनुग्रह गर्नानिमित्त एउटा सेतो कुकुर प्रकट भयो। अनि त अरू कुकुरहरू त्यसका नजीक आएर भने—मान्य ! यहाँले हाम्रा निमित्त अन्न पाउने आगान (स्तुतिगान) गरिदिनुपऱ्यो। हामी अवश्य भोकाएका छौं।

तान्होवाचेहैव मा प्रातरुपसमीयातेति तद्ध बको दाल्भ्यो ग्लावो वा मैत्रेयः प्रतिपालयाञ्चकार ॥ ३ ॥

द० प०—(सेतो कुकुरले) तान्=ती कुकुरहरूलाई, इति=यसो, उवाच =भन्यो, ह=हो, इह एव='यही,' मा=मलाई, प्रातः=बिहान, उपसमीयात= पर्ख, तत् ह=त्यहाँ नै, दाल्भ्यः–दलभका छोरा 'बकः=वा 'बक' पनि भनिने, मैत्रेयः =मित्राका छोरा, ग्लावः=ग्लौ पनि भनिने ऋषिले, प्रतिपालयाञ्चकार=पर्खिराखे।

स० वा०—सेतो कुकुरले ती अरू कुकुरलाई भन्यो—बिहान मलाई यहीं पर्खिराख। अनि ती दलभका छोरा 'बक' पनि भनिने मित्राका छोरा 'ग्लाव' पनि भनिने ऋषिले त्यहीं पर्खिराखे।

टिप्पणी—यस काण्डिकामा 'प्रतिपालयाञ्चकार' यो एक वचनको क्रियापद देख्नाले थाहा हुन्छ—दलभका छोरा 'बक' भनिने पनि मित्राका छोरा 'ग्लाव' भनिने पनि उनै हुन्। दत्तक पुत्रहरूको दोहोरो गोत्र हुन्छ र नाम पनि दुइतर्फबाट रहेका अलग-अलग दुइ नाम हुन सक्छन्। यिनी यै किसिमका ऋषि हुन्।

ते ह यथैवेह बहिष्पवमानेन स्तोष्यमाणाः सꣳरब्धाः सर्पन्तीत्येवमासस्रृपुस्ते ह समुपविश्य हिं चक्रुः ॥ ४ ॥

द० प०—यथा एव=जसो गरी, इह=यज्ञ कर्ममा, बहिष्पवमानेन=बहिस्पवमान नामक, स्तोत्रेण=स्तोत्रले, स्तोष्यमाणाः=स्तुति गर्न आँटेका, (उद्गाताहरू), संरब्धाः=परस्पर जुटेर, सर्पन्ति=भ्रमण गर्दछन्, एवम्=यसै गरी, ते=ती कुकुरहरू (परस्पर जुटेर), आससृपुः=भ्रमण गरे, ह=हो, (अनि) ते=तिनीहरूले, समुपविश्य=बसेर, हिं चक्रुः=हिङ्कार गरे।

स० वा०—जसरी यज्ञकर्ममा बहिष्पवमान-नामक स्तोत्रले स्तुति गर्न आँटेका उद्गाताहरू परस्पर जुटेर भ्रमण गर्दछन्, उसै गरी ती कुकुरहरू जुटेर—एउटाको पुच्छर अर्कोले मुखले च्यापेर भ्रमण गरे अनि हिङ्कार गरे।

From Amodayardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुकुरहरूले गरेको हिङ्कार

ओ ३ मदा ३ मों ३ पिबा ३ मों ३ देवो वरुणः प्रजापतिः सविता २ न्नमिहा २ हरदन्नपते ३ ऽन्नमिहा २ हरा २ हरो ३ मिति ॥ ५ ॥

द० प०—ओम् अदामः=(हामी) खान्छौं, ओम् पिबामः=हामीहरू पिउँछौं, ओम् देवः=प्रकाशमान, वरुणः=वर्षणकर्ता, प्रजापतिः=पालनकर्ता, सविता= उत्पत्तिकर्ता आदित्यले, अन्नम्=अन्न, इह=यहाँ, आहरत्=ल्याऊन्, अन्नपते=हे अन्नका मालिक !, अन्नम्=अन्न, इह=यहाँ, आहर=ल्याऊ । ओम् ।

स० वा०—हामी खान्छौं, हामी पिउँछौं । प्रकाशमान वर्षणकर्ता पालनकर्ता र उत्पत्तिकर्ता सूर्यले यहाँ अन्न ल्याऊन् । पाकद्वारा अन्नको उत्पत्तिकर्ता हुनाले हे अन्नका मालिक सूर्य ! यहाँ अन्न ल्याऊ ।

टिप्पणी—ओङ्कारहरू आदि-अन्तमा उच्चारण गरिई सर्वार्थपूरक हुन्छन् ।

पहिला अध्यायमा बाह्रौं खण्ड समाप्त

त्रयोदश खण्ड

सामावयवभूत—स्तोमाक्षर-सम्बन्धी उपासनाहरू

सम्बन्ध—सामभक्तिविषयक उपासना सामका अवयवसँग संबद्ध छ । अतः अब सामको एक अवयव मात्र जो स्तोमाक्षर हुन् तद्विषयक अरू उपासनाको वर्णन गरिन्छ । किनभने सामावयव हुनाले तिनको पनि सामभक्तिका साथ सम्बद्ध हुनु समानै छ ।

अयं वाव लोको हाउकारो वायुर्हाइकारश्चन्द्रमा अथकारः । आत्मेहकारो ऽग्निरीकारः ॥ १ ॥

द० प०—अयम्=यो, लोकः=लोक, एव=नै, हाउकारः=हाउकार (रथन्तर साममा प्रसिद्ध स्तोभ) हो, वायुः=वायु, हाइकारः=हाइकार (वामदेव्य साममा प्रसिद्ध स्तोभ) हो, चन्द्रमाः=चन्द्रमा, अथकारः=अथकार (अ-थ= अन्नमा स्थित भन्ने बुझाउने हुनाले) हो, आत्मा=आत्मा, इहकारः=(प्रत्यक् आत्मा

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ भनेर निर्देश गरिने हुनाले) इहकार हो, अग्निः=अग्नि, ईकारः=(आग्नेय समस्त साम 'ई' मा समाप्त गरिने हुनाले) ईकार हो ।

स० वा०—यो लोक नै हाउकार हो । किनभने यो स्तोभ रथन्तर साममा प्रसिद्ध छ, यता 'इयं वै रथन्तरम्' भनी पृथ्वीलाई 'रथन्तर' भनिएको छ । यै संबन्धको समानताले हाउकार स्तोभ यो लोक हो भनी उपासना गर्नू । वायु हाइकार हो, किनभने यो स्तोभ वामदेव साममा प्रसिद्ध छ, यता वायु र जलको सम्बन्ध वामदेव सामको मूल हो । यै समानताले हाइकार स्तोभ वायु हो भनी उपासना गर्नू । चन्द्रमा अथकार हो, किनभने 'अ—थ' शब्दले 'अन्नमा स्थित' भन्ने संकेत गर्दछ । चन्द्रमा अन्नात्मा छ । यस समानताले अथकार चन्द्रमा हो भनी उपासना गर्नू । आत्मा इहकार हो, किनभने यो स्तोभ 'इह' यस प्रकारको छ, यो प्रत्यक्ष आत्मा पनि इह (यहाँ) भनेर निर्देश गरिन्छ । यै समानताले इहकार आत्मा हो भनी उपासना गर्नू । अग्नि ईकार हो, किनभने यो स्तोभ पनि 'ई' यस रूपको छ, आग्नेय साम पनि सबै 'ई' आखिरमा हुनेछन् । यै समानताले ईकार स्तोभ अग्नि हो भनी उपासना गर्नू ।

आदित्य ऊकारो निहव एकारो विश्वे देवा औहोयिकारो प्रजापतिर्हिङ्कारः प्राणः स्वरोऽन्नं या वाग्विराट् ॥ २ ॥

द० प०—आदित्यः = सूर्य, ऊकारः=ऊकार हो, निहवः=आह्वान, एकारः= एकार हो, विश्वे देवाः=विश्वे देव, औहोयिकारः=औहोयिकार हो, प्रजापतिः= प्रजापति, हिङ्कारः=हिङ्कार हो, प्राणः=प्राण, स्वरः = स्वर हो, अन्नम्=अन्न, या=या हो, वाक्=वाणी, विराट्=विराट् हो ।

स० वा०—सूर्य ऊकार हो, किनभने स्तोभ छ 'ऊ', उद्गाताहरू पनि ऊर्ध्वस्थलैमा रहेका सूर्यलाई गान गर्दछन्, यस समानताले ऊकार स्तोभ सूर्य हो भनी उपासना गर्नू । आह्वान (बोलाहट) एकार हो, किनभने 'एहि' भनेर बोलाउँछन् । यस समानताले एकार स्तोभ आह्वान हो भनी उपासना गर्नू । विश्वे देवहरू औहोयिकार हुन्, किनकि वैश्वदेव्य साममा नै यो स्तोभ देखिन्छ । यस समानताले औहोयिकार विश्वेदेवा हुन् भनी उपासना गर्नू । प्रजापति हिङ्कार हो, किनभने प्रजापति कुनै प्रकारले निर्वचन गर्न सकिदैन, हिङ्कार पनि अव्यक्त नै छ । यस समानताले हिङ्कार स्तोभ प्रजापति हो भनी उपासना गर्नू । प्राण स्वर (एक प्रकारको स्तोभ) हो, किनकि प्राण पनि स्वर खुल्नामा कारण छ । यै सादृश्यले स्वर स्तोभ प्राण हो भनी उपासना गर्नू । अन्न या हो, किनकि अन्नले नै प्राणी यात (गमन) गर्दछ । यै सादृश्यले या स्तोभ अन्न हो भनी उपासनीय छ । वाक्=विराट् हो, किनकि वैराज साममा वाक् स्तोभ देखिन्छ । यै सम्बन्ध साम्यले वाक्स्तोभ विराट् भावले उपासनीय छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनिरुक्तस्त्रयोदशः स्तोभः संचरो हुङ्कारः ॥ ३ ॥

द० प०—अनिरुक्तः = निर्वचन गर्न नसकिने, (अत एव) संचरः=विकल्प्यमान स्वरूप, त्रयोदशः=तेह्रौं, स्तोभः=स्तोभ, हुङ्कारः = हुङ्कार हो ।

स० वा०—यो यै हो भनेर निर्वचन गर्न नसकिने अतएव विविध रूपले विकल्प मात्र गरिने तेह्रौं स्तोभ हुङ्कार हो । अतः यो हुङ्कार स्तोभलाई अनिरुक्त विशेष नै भन्ने भावले उपासना गर्नू ।

स्तोभाक्षर-सम्बन्धी उपासनाहरूको फल

दुग्धेऽस्मै वाग्दोहं यो वाचो दोहोऽन्नवानन्नादो भवति य एतामेवं साम्नामुपनिषदं वेदोपनिषदं वेद ॥ ४ ॥

द० प०—अस्मै=यस पुरुषलाई, वाक्=वाणीले, दोहम्=दुहिने कुरा, दोग्धि=दुहिदिन्छ, यः=जो, वाचः=ऋक् आदि शब्दको, दोहः=साध्य (फल) हो, (तथा त्यो पुरुष) अन्नवान्=प्रशस्त अन्न भएको, (र) अन्नादः=अन्नको भोक्ता, भवति=हुन्छ, यः=जो, एताम्=यो, साम्नाम्=सामका अव्यय स्तोभाक्षर विषयको, उपनिषदम्=दर्शन, वेद=जान्दछ, उपनिषदम्=दर्शन, वेद=जान्दछ ।

स० वा०—यस उपासकलाई वाणीले दुहिने कुरा दुहिदिन्छ, जो ऋक् आदि शब्दको साध्य (फल) हो । तथा त्यो उपासक प्रशस्त अन्न भएको एवम् अन्नको भोक्ता हुन्छ, जो यस सामका अवयव स्तोभाक्षरविषयको दर्शन (भावना गर्ने दृष्टि) जान्दछ र तदनुसार उपासना-समेत गर्दछ ।

पहिला अध्यायमा तेह्रौं खण्ड समाप्त

प्रथमाध्यायः समाप्तः

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय अध्याय

प्रथम खण्ड

साधुदृष्टिले समस्त सामको उपासना

सम्बन्ध—'ओमित्येतदक्षरम्' इत्यादि ग्रन्थले सामको अवयव विषयक भएको अनेक फलवाला उपासनाको उपदेश गरियो। त्यसपछि स्तोभाक्षरविषयक उपासना कहियो। यो हर-तरहबाट सामको एक देशसँग सम्बन्ध राख्ने मात्र भयो। अब समस्त साममा समस्त सामविषयक उपासनाहरू कहन्छु भनेर श्रुति आरम्भ गर्दछ। यो एक देशको उपासनापछि एकदेशी (समस्त) को उपासना वर्णन गर्नु युक्त पनि हो।

ॐ समस्तस्य खलु साम्न उपासनꣳ साधु यत्खलु साधु तत्सामेत्याचक्षते यदसाधु तदसामेति ॥ १ ॥

द० प०—समस्तस्य=संपूर्ण, साम्नः=सामको, उपासनम्=उपासना, साधु=बढिया छ, खलु=निश्चय हो, यत्=जुन, खलु = निश्चयले, साधु=असल छ, तत्=त्यसलाई, साम इति=साम भनी, आचक्षते=भन्दछन्, यत्=जुन, असाधु=नबढिया छ, तत्=त्यसलाई, असाम इति=नबढिया भनी, आचक्षते=भन्दछन्।

स० वा०—समस्त सामको उपासना बढिया छ। पूर्वोक्त उपासनाहरू नबढिया हुन् त? भनिएला। त्यस अभिप्रायले साधु भनिएको होइन, किन्तु समस्त साममा साधुत्व भावना राखी उपासना गर्नु भन्ने तात्पर्य हो। समस्त साम बढिया भनेर थाह कसरी भयो? भने, लोकमा जुन साधु (बढिया) छ त्यसलाई 'साम' भन्दछन् र जुन नबढिया छ त्यसलाई 'असाम' भन्दछन्।

तदुताप्याहुः साम्नैनमुपागादिति साधुनैनमुपागादित्येव तदाहुरसाम्नैनमुपागादित्यसाधुनैनमुपागादित्येव तदाहुः ॥ २ ॥

द० प०—तत्=त्यसै विषयमा, उतापि=यसो पनि, आहुः=भन्दछन्, एनम्=यसकहाँ, साम्ना=सामले, उपागात् = गयो, इति=यसो भनेको, एनम्=यसकहाँ, साधुना=बढिया भावले, उपागात्=गयो, इति एव=यसो भनेको नै, तत्=हो भनी, आहुः=भन्दछन्, एनम्=यसकहाँ, असाम्ना=असामले, उपागात्=गयो, इति=यसो भनेको, एनम्=यसकहाँ, असाधुना=नबढिया भावले, उपागात्=गयो, इति एव=यसो नै भनेको, तत्=त्यो हो भनी, आहुः=भन्दछन्।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यस विषयमा यसो पनि भन्दछन्—लौकिकहरू 'यस (राजा वा सामन्त) कहाँ सामले गयो भनेको साधु (बढिया) भावले गयो भनेको हो' भन्दछन् । 'असामले गयो भनेको नबढिया भावले गयो भनेको हो' भन्दछन् ।

अथोताप्याहुः साम नो बतेति यत्साधु भवति साधु बतेत्येव तदाहुरसाम नो बतेति यदसाधु भवत्यसाधु बतेत्येव तदाहुः ॥ ३ ॥

द० प०—अथ = अनि, उतापि = यसो पनि, आहुः = भन्दछन्, नः = हामीलाई, साम = साम भयो, बतः = सन्तोष छ । इति = यसो भनेको, यत् = जब, साधु = वेस, भवति = भएको हुन्छ, तत् = तव, साधु = बढिया भयो, बत = संतोष छ, इति एव = यसै भनेको हो, आहुः = भन्दछन्, (तथा) नः = हामीलाई, असाम = असाम भयो, वत = खेद छ, इति = यसो भनेको, यत् = जब, असाधुः = नबढिया, भवति = भएको हुन्छ, तत् = तव, असाधु = नबढिया भयो, वत = खेद छ, इति एव = यसो भनेको भनी, आहुः = भन्दछन् ।

स० वा०—अनि यसो पनि भन्दछन्—'हामीलाई साम भयो, अतः संतोष छ' भनेको जब बढिया भएको हुन्छ तब 'बढिया भयो, अतः संतोष छ' यसै भनेको हो भन्दछन् । 'हामीलाई असाम भयो, अतः खेद छ' भनेको जब नबढिया भएको हुन्छ, तब 'नबढिया भयो, अतः खेद छ' यसै भनेको हो भन्दछन् । यसबाट यै सिद्ध भयो कि 'साम' शब्द र 'साधु' शब्द एकार्थकै हुन् ।

स य एतदेवं विद्वान्साधु सामेत्युपास्तेऽभ्याशो ह यदेनꣳ साधवो धर्मा आ च गच्छेयुरुप च नमेयुः ॥ ४ ॥

द० प०—(यसकारण) सः = त्यो, यः = जो, कोही, एतत् = यस कुरालाई, एवम् = यसरी, विद्वान् = जानेर, साम = साम, साधु = बढिया छ, इति = यस्तो मानी, उपास्ते = उपासना गर्दछ, एनम् = त्यस उपासकलाई, साधवः = बढिया, धर्माः = धर्महरू, अभ्याशो ह = चाँडै नै, आगच्छेयुः = आउलान्, च = र, उपनमेयुः च = भोग्य रूपले उपस्थित पनि होलान् ।

स० वा०—यसकारण जो कोही होस्, यस कुरालाई यसरी कहे-अनुसार जानेर 'साम साधु (असल) वस्तु हो' भनी उपासना गर्दछ, त्यसलाई श्रुति, स्मृतिका आविरुद्ध असल धर्महरू चाँडै नै प्राप्त होलान् र भोग्यरूपले उपस्थित पनि होलान् ।

दोस्रो अध्यायमा पहिलो खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय खण्ड

लोकदृष्टिले पाँच प्रकारका सामको उपासना

सम्बन्ध—कुन हुन् त ती साधुदृष्टिविशिष्ट उपासनीय समस्त साम ? यस जिज्ञासामा भनिन्छ—

लोकेषु पञ्चविधꣳसामोपासीत पृथिवी हिङ्कारः । अग्निः प्रस्तावोऽन्तरिक्षमुद्गीथ आदित्यः प्रतिहारो द्यौर्निधनमित्यूर्ध्वेषु ॥ १ ॥

द० प०—लोकेषु=लोकहरूमा, पञ्चविधम्=पांच प्रकारको, साम=सामलाई, उपासीत = उपासना गरोस्, (कसरी ?) पृथिवी=पृथ्वी, हिङ्कारः=हिङ्कार हो, अग्निः=अग्नि, प्रस्तावः = प्रस्ताव हो, अन्तरिक्षम्=अन्तरिक्ष, उद्गीथः= उद्गीथ हो, आदित्यः=सूर्य, प्रतिहारः=प्रतिहार हो, द्यौः=द्युलोक, निधनम् = निधन हो, इति=यसरी, ऊर्ध्वेषु=माथितिर चढ्दाका लोकहरूमा (साम-दृष्टि गरोस्) ।

स० वा०—लोकहरूमा पांच प्रकारको सामलाई उपासना गर्नू । कसरी भने, पृथिवी हिङ्कार हो, किनभने, लोकहरूमा पृथ्वी पहिलो छ, स्तोमहरूमा हिङ्कार पहिलो छ । यो समानता छ । अग्नि प्रस्ताव हो, अग्निमा नै कर्महरू प्रस्तुत गरिन्छन्, अन्तरिक्ष उद्गीथ हो, अन्तरिक्ष गगन हो, उद्गीथमा पनि 'ग' छ । सूर्य प्रतिहार हो, सूर्यप्रति प्राणी आफूप्रति अभिमुख छ । द्युलोक निधन हो, यहाँबाट मरेर गएकाहरू द्युलोकमा राखिन्छन् । माथितिर चढ्दाका यी लोकमा यसरी सामदृष्टि गर्नू ।

ओर्लंदाका लोकहरूमा पञ्चविध सामको उपासना

अथावृत्तेषु द्यौर्हिङ्कार आदित्यः प्रस्तावोऽन्तरिक्षमुद्गीथोऽग्निः प्रतिहारः पृथिवी निधनम् ॥ २ ॥

द० प०—अथ=अनि, आवृत्तेषु=ओर्लंदाका लोकहरूमा, द्यौः=द्युलोक, हिङ्कारः=हिङ्कार हो, आदित्यः=सूर्य, प्रस्तावः=प्रस्ताव हो, अन्तरिक्षम्=अन्तरिक्ष, उद्गीथः=उद्गीथ हो, अग्निः=अग्नि, प्रतिहारः=प्रतिहार हो, पृथिवी=पृथ्वी, निधनम्=निधन हो ।

स० वा०—अनि, ओर्लंदाखेरिका लोकहरूमा पाँच प्रकारका सामको उपासना गर्नू । कसरी भने, द्युलोक हिङ्कार हो, किनभने फर्कंदाका लोकहरूमा द्युलोक प्रथम

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ, स्तोममा हिङ्कार प्रथम छ। यै समानता छ। आदित्य प्रस्ताव हो, किनभने, सूर्य उदाएपछि नै प्राणीका कर्महरू प्रस्तुत हुन्छन्। अन्तरिक्ष उद्गीथ हो, अन्तरिक्ष गगन हो, उद्गीथ शब्दमा 'ग' अक्षर छ, यै समानता छ। अग्नि प्रतीहार हो, किनभने, अग्नि प्राणोहरूले प्रतिहरण गरिन्छ। पृथिवी निधन हो, किनकि द्युलोक आदिबाट आएका प्राणीहरू यहीं निहित हुन्छन्—राखिन्छन्।

कल्पन्ते हास्मै लोका ऊर्ध्वाश्चावृत्ताश्च य एतदेवं विद्वाँल्लोकेषु पञ्चविधं सामोपास्ते ॥ ३ ॥

द० प०—अस्मै=यस उपासकलाई, ऊर्ध्वाः=चढ्ने क्रमका, च=र, आवृत्ताः= ओर्लने क्रमका, च=पनि, लोकाः=लोकहरू, कल्पन्ते=भोग्य रूपले उपस्थित हुन्छन्। यः=जो, एतत्=यस कुरालाई, एवम्=यसरी, विद्वान्=जानेर, उपास्ते=उपासना गर्दछ।

स० वा०—यस उपासकलाई चढ्ने क्रमका र ओर्लने क्रमका लोकहरू भोग्य रूपले उपस्थित हुन्छन्, जो यसलाई यस प्रकार जानेर लोकहरूमा पाँच किसिमका सामलाई उपासना गर्दछ।

दोस्रो अध्यायमा दोस्रो खण्ड समाप्त

तृतीय खण्ड

वृष्टि-दृष्टिले पाँच प्रकारका सामको उपासना

वृष्टौ पञ्चविधꣳ सामोपासीत पुरोवातो हिङ्कारो मेघो जायते स प्रस्तावो वर्षति स उद्गीथो विद्योतते स्तनयति स प्रतिहारः ॥ १ ॥

द० प०—वृष्टौ=वृष्टिमा, पञ्चविधम्=पाँच प्रकारको, साम=सामलाई, उपासीत=उपासना गरोस्, पुरोवातः=पूर्विया वायु, हिङ्कार=हिङ्कार हो, मेघः= मेघ, जायते=उत्पन्न हुन्छ, सः=त्यो, प्रस्तावः=प्रस्ताव हो, वर्षति=बर्सन्छ, सः= त्यो, उद्गीथः=उद्गीथ हो, विद्योतते=चम्कन्छ, स्तनयति=गर्जन्छ, सः=त्यो, प्रतिहारः=प्रतिहार हो।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—वृष्टिमा पाँच प्रकारको सामलाई उपासना गर्नू । पूर्ववायु हिङ्कार हो । वृष्टिमा पूर्विया बतास पहिलो छ । साममा हिङ्कार पहिलो छ । यै समानता छ । मेघ उत्पन्न हुन्छ, यो प्रस्ताव हो, वर्षा ऋतुमा मेघ उठ्ता वृष्टिको प्रस्ताव भयो भन्ने प्रसिद्धि छ । यै समानता छ । मेघ वर्षन्छ, यै श्रेष्ठताले त्यो उद्गीथ हो । बिजुली चम्कन्छ, गर्जन्छ, त्यो प्रतिहार हो, बिजुली प्रतिहृत हुन्छ—यताउति फैलिन्छ । यो समानता छ ।

उद्गृह्णाति तन्निधनं वर्षति हास्मै वर्षयति ह य एतदेवं विद्वान्वृष्टौ पञ्चविधꣳसामोपास्ते ॥ २ ॥

द० प०—उद्गृह्णाति = जल ग्रहण गर्दछ, तत् = त्यो, निधनम् = निधन हो, अस्मै = यस उपासकलाई, वर्षति = वर्षा हुन्छ (तथा) यो, वर्षयति = स्वयं वर्षा गराउँदछ, यः = जो, एतद् = यो कुरा, एवम् = यसरो, विद्वान् = जान्दछ (र), वृष्टौ = वृष्टिमा, पञ्चविधम् = पाँच प्रकारको, साम = सामलाई, उपास्ते = उपासना गर्दछ ।

स० वा०—जल ग्रहण गर्दछ त्यो निधन हो । दृष्टिबाट जल प्राप्त भएपछि ग्रहण गर्नु र निधन यी दुवै अन्तिम कार्य हुन् र यी दुइमा यो समानता छ । जो यस कुरालाई यसरी जानेर वृष्टिमा पाँच प्रकारको सामको उपासना गर्दछ त्यसलाई वर्षा हुन्छ र नभए पनि स्वयं गराउँछ ।

दोस्रो अध्यायमा तेस्रो खण्ड समाप्त

●

चतुर्थ खण्ड

जलदृष्टिले पाँच प्रकारको सामको उपासना

सर्वास्वप्सु पञ्चविधꣳ सामोपासीत मेघो यत्संप्लवते स हिङ्कारो यद् वर्षति स प्रस्तावो याः प्राच्यः स्यन्दन्ते स उद्गीथो याः प्रतीच्यः स प्रतिहारः समुद्रो निधनम् ॥ १ ॥

द० प०—सर्वासु = सब, अप्सु = जलमा, पञ्चविधम् = पांच प्रकारको, साम = सामलाई, उपासीत = उपासना गरोस्, मेघः = बादल, यत् = जो, संप्लवते = परस्पर

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुधेर घना हुन्छ, सः=त्यो, हिङ्कार=हिङ्कार हो, यत्=जो, वर्षति=वर्षन्छ, सः=त्यो, प्रस्तावः=प्रस्ताव हो, याः=जुन, प्राच्याः=पूर्वतर्फ, स्यन्दन्ते=बग्दछन्, सः=त्यो, उद्गीथः=उद्गीथ हो, याः=जुन, प्रतीच्यः=पश्चिमतर्फ, स्यन्दन्ते=बग्दछन्, सः=त्यो, प्रतिहारः=प्रतिहार हो, समुद्रः=समुद्र, निधनम्=निधन हो ।

स० वा०—समस्त जलमा पाँच प्रकारका सामको उपासना गर्नू । बादल जो, परस्पर जुटेर घना हुन्छ त्यो हिङ्कार हो, बादल जुटेर घन हुनु जलको प्रारम्भ हो हिङ्कार सामको प्रथम स्तोभ हो, यै समानता छ । जो वर्षन्छ, सो प्रस्ताव हो, जल बर्सेर सर्वत्र ढाक्न प्रस्तुत हुन्छ, यै समानता छ । जो गङ्गा आदि रूपले पूर्वतर्फ बग्दछ त्यो श्रेष्ठ हुनाले उद्गीथ हो । जो पश्चिमतर्फ बग्दछ त्यो प्रतिहार हो, 'प्रति' शब्द पर्नु बराबरी हो, समुद्र निधन हो, जलको निधन—पर्यवसान समद्रैमा हुन्छ ।

न हाप्सु प्रेत्यप्सुमान्भवति य एतदेवं विद्वान्सर्वास्वप्सु पञ्चविधꣳ सामोपास्ते ॥ २ ॥

द० प०—यः=जो, एतद्=यो कुरा, एवम्=यसरी, विद्वान्=जानेर, सर्वासु=सम्पूर्ण, अप्सु=जलमा, पञ्चविधम्=पाँच प्रकारको, साम=सामलाई, उपास्ते=उपासना गर्दछ, [सः]=त्यो, अप्सु=पानीमा (डुबेर), न प्रेति=मर्दैन, अप्सुमान्=जलले सम्पन्न, भवति=हुन्छ ।

स० वा०—जो यो कुरा यसै गरी जानेर सब जलमा पाँच प्रकारको सामलाई उपासना गर्दछ, त्यो पानीमा डुबेर मर्दैन, तथा इच्छानुकूल जलले संपन्न हुन्छ ।

दोस्रो अध्यायमा चौथो खण्ड समाप्त

पञ्चम खण्ड

ऋतुदृष्टिले पांच प्रकारका सामको उपासना

ऋतुषु पञ्चविधꣳ सामोपासीत वसन्तो हिङ्कारो ग्रीष्मः प्रस्तावो वर्षा उद्गीथः शरत्प्रतिहारो हेमन्तो निधनम् ॥ १ ॥

द० प०—ऋतुषु=ऋतुहरूमा, पञ्चविधम्=पाँच प्रकारको, साम=साम-लाई, उपासीत=उपासना गर्नूं, (कसरी ?) वसन्तः=वसन्त, हिङ्कारः=हिङ्कार

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, ग्रीष्मः=ग्रीष्म, प्रस्तावः=प्रस्ताव हो, वर्षा=वर्षा, उद्गीथः=उद्गीथ हो, शरद् = शरद्, प्रतिहारः=प्रतिहार हो, हेमन्तः=हेमन्त, निधनम्=निधन हो।

स० वा०—ऋतुहरूमा पांच प्रकारको सामलाई उपासना गर्नू । कसरी भने। वसन्त हिङ्कार हो, साममा पहिलो हिङ्कार, ऋतुमा पहिलो वसन्त, यै समानता छ ग्रीष्म-प्रस्ताव हो। यसमा वर्षाका निमित्त अन्न-संग्रह प्रस्तुत गरिन्छ । वर्षा उद्गीथ हो, साममा मुख्य उद्गीथ हो, ऋतुहरूमा मुख्य वर्षा, किनकि प्राणाधार अनाजको उत्पादनमा चाहिने पानी त्यसैले दिन्छ, यै समानता छ । शरद् प्रतिहार हो, यसमा रोगी र मरेकाहरूलाई प्रतिहरण (मार्ने र बाहिर निकाल्ने काम) विशेष हुन्छ । हेमन्त निधन हो, हावाका अभावमा प्राणीहरूको निधन हुने हुन्छ । यो समानता छ ।

कल्पन्ते हास्मा ऋतव ऋतुमान्भवति य एतदेवं विद्वानृतुषु पञ्चविधꣳ सामोपास्ते ॥ २ ॥

द० प०—अस्मै=यस उपासकलाई, ऋतवः = ऋतुहरू, कल्पन्ते (ऋतुव्यवस्थाको अनुरूप फल दिन) समर्थ हुन्छन्, तथा=त्यो, ऋतुमान् = ऋतुसम्वन्धी भोगले संपन्न, भवति = हुन्छ, यः = जो, एतत्=यस कुरालाई, एवम्=यस प्रकार, विद्वान्= जान्दछ (र) ऋतुषु=ऋतुहरूमा, पञ्चविधम्=पांच प्रकारको, साम = सामलाई, उपास्ते = उपासना गर्दछ ।

स० वा०—यस उपासकलाई ऋतुहरू ऋतुव्यवस्थाका अनुरूप फल दिन तयार हुन्छन् तथा यो पुरुष ऋतुसम्वन्धी भोगहरूले सम्पन्न हुन्छ । जो यस कुरालाई बताए-अनुसार जान्दछ र ऋतुहरूमा पांच प्रकारका सामको उपासना गर्दछ ।

दोस्रो अध्यायमा पाचौं खण्ड समाप्त

षष्ठ खण्ड

पशुदृष्टिले पांच प्रकारका सामको उपासना

पशुषु पञ्चविधꣳ सामोपासीताजा हिङ्कारोऽवयः प्रस्तावो गाव उद्गीथोऽश्वाः प्रतिहारः पुरुषो निधनम् ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—पशुषु=पशुहरूमा, पञ्चविधम्=पाँच प्रकारको, साम=सामलाई, उपासीत=उपासना गरोस्, (कसरी ?) अजाः=बाख्राहरू, हिङ्कारः = हिङ्कार हो, अवयः=भेडाहरू, प्रस्तावः=प्रस्ताव हो, गावः=गाई-गोरु, उद्गीथः=उद्गीथ हो, अश्वाः = घोड़ाहरू, प्रतिहारः = प्रतिहार हो, पुरुषः=मनुष्य, निधनम्=निधन हो ।

स० वा०—पशुहरूमा पाँच प्रकारका सामको उपासना गर्नू । कसरी भने, बाख्राहरू हिङ्कार हो, 'अजः पशूनां प्रथमः' भनिएकाले पशुहरूमा बाख्रो पनि पहिलो, सामहरूमा हिङ्कार पनि पहिलो, यै समानता छ । भेडाहरू प्रस्ताव हो, भेडा–बाख्राको साहचर्य देखिनाले अजरूप हिङ्कारका साथै रहेको प्रस्ताव भेडालाई मान्नु ठीकै छ । गाई-गोरु उद्गीथ हो, साममा उद्गीथ जस्तै पशुहरूमा श्रेष्ठ गोजाति छ । घोडाहरू प्रतिहार हो, मानिसहरूलाई प्रतिहरण (वहन) गर्दछन् । मनुष्य निधन हो, पशुहरू मनुष्यकै आश्रयमा निहित (रहने) हुनाले निधन हो ।

भवन्ति हास्य पशवः पशुमान्भवति य एतदेवं विद्वान्पशुषु पञ्चविधꣳ सामोपास्ते ॥ २ ॥

द० प०—अस्य = यस उपासकका, पशवः=पशुहरू, भवन्ति=हुन्छन्, (तथा यो) पशुमान्=पशुहरूले सम्पन्न, भवति=हुन्छ, यः=जो, एतत्=यस कुरालाई, एवम् यस प्रकार, विद्वान्=जानीकन, पशुषु = पशुहरूमा, पञ्चविधम्=पाँच प्रकारको, साम =सामलाई, उपास्ते=उपासना गर्दछ ।

स० वा०—यस उपासकका पशुहरू हुन्छन् र यो पशुहरूले सम्पन्न हुन्छ । जो यस कुरालाई यस प्रकार जान्दछ र पशुहरूमा पांच प्रकारका सामको उपासना गर्दछ ।

दोस्रो अध्यायमा छैटौं खण्ड समाप्त

सप्तम खण्ड

प्राण दृष्टिले पाँच प्रकारका सामको उपासना

प्राणेषु पञ्चविधं परोवरीयः सामोपासीत प्राणो हिङ्कारो वाक्प्रस्तावश्चक्षुरुद्गीथः श्रोत्रं प्रतिहारो मनो निधनं परोवरीयाꣳसि वा एतानि ॥ १ ॥

द० प०—प्राणेषु=गौण प्राण (करणहरू) मा, पञ्चविधम् = पाँच प्रकारको,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परोवरीयः = उत्तरोत्तर श्रेष्ठ भएको, साम=सामलाई, उपासीत=उपासना गरोस् (कसरी ?), प्राणः=घ्राणेन्द्रिय, हिङ्कारः=हिङ्कार हो, वाक्=वाक् इन्द्रिय, प्रस्तावः = प्रस्ताव हो, चक्षुः=चक्षु इन्द्रिय, उद्गीथः=उद्गीथ हो, श्रोत्रम्=श्रवणेन्द्रिय प्रतिहारः=प्रतिहार हो, मनः = मन, निधनम्=निधन हो, एतानि=यी, वै= निश्चयले, परोवरीयांसि=उत्तरोत्तर उत्कृष्ट छन् ।

स० वा०—गौण प्राण (करणहरू) मा उत्तरोत्तर श्रेष्ठ पाँच प्रकारका सामको उपासना गर्नू । कसरी भने, घ्राणेन्द्रिय हिङ्कार हो, साममा उत्तरोत्तर श्रेष्ठ-हरूमध्ये हिङ्कार, करणमा घ्राणेन्द्रिय पहिलो छ, यै समानता छ । वाक् इन्द्रिय प्रस्ताव हो, वचनले नै सकल वस्तु प्रस्तुत गरिन्छ । घ्राणभन्दा वाक् उत्तम छ, अप्राप्त वस्तु पनि वाक्ले बोलिन्छ । घ्राणले त पाएको गन्ध मात्र । चक्षु इन्द्रिय उद्गीथ हो । वाक् इन्द्रियले भन्दा धेरै विषय चक्षु इन्द्रियले प्रकाश गर्दछ । अतः चक्षु उत्तम छ । श्रवणेन्द्रिय प्रतिहार हो, सबैतिरबाट प्रतिहरण (श्रवण) गरिने हुनाले चक्षुभन्दा श्रोत्र उत्तम छ । मन निधन हो, पुरुषका भोग्य रूपले सब इन्द्रियद्वारा ल्याइएका विषयहरू मनमा निहित (रहेका) हुन्छन् । संपूर्ण इन्द्रियका विषयहरूलाई व्याप्त गर्ने हुनाले र अप्रत्यक्ष विषयलाई पनि ग्रहण गर्ने हुनाले श्रोत्रेन्द्रियभन्दा पनि मन उत्तम छ । यस प्रकार यी घ्राणादिहरू उत्तरोत्तर उत्कृष्ट छन् ।

परोवरीयो हास्य भवति परोवरीयसो ह लोकाञ्जयति य एतदेवं विद्वान् प्राणेषु पञ्चविधं परोवरीयः सामोपास्त इति तु पञ्चविधस्य ॥ २ ॥

द० प०—अस्य=यस उपासकको, (जीवन), परोवरीयः=ज्यादै उत्कृष्ट, भवति=हुन्छ, (तथा) यसले, परोवरीयसः=उत्तमोत्तम, लोकान् = लोकहरू, जयति=वश गर्छ, यः=जो, एतत्=यो कुरा, एवम्=यस प्रकार, विद्वान्=जानेर, प्राणेषु = करणहरूमा, पञ्चविधम्=पाँच प्रकारको, परोवरीयः = उत्तरोत्तर उत्कृष्ट, साम=सामलाई, उपास्ते=उपासना गर्दछ, इति तु=यो त, पञ्चविधस्य=पाँच प्रकारका, [साम्नः उपासना उक्ता] = सामको उपासना कहियो ।

स० वा०—यस उपासकको जीवन ज्यादै उत्कृष्ट हुन्छ । एवं यसले उत्तमोत्तम लोकहरू जित्छ—आफ्ना भोग्य पार्दछ । जसले करणहरूमा पाँच प्रकारका सामलाई, यस प्रकार उत्तरोत्तर उत्कृष्ट रूपमा जान्दछ र उक्त करणहरूमा पाँच प्रकारका उत्तरोत्तर उत्कृष्ट सामलाई उपासना गर्दछ । यसरी पाँच प्रकारका सामको उपासना निरूपित भयो ।

दोस्रो अध्यायमा सातौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम खण्ड

वाणीविषयक सप्तविध सामको उपासना

अथ सप्तविधस्य वाचि सप्तविधꣳ सामोपासीत यत्किं च वाचो हुमिति स हिङ्कारो यत्प्रेति स प्रस्तावो यदेति स आदिः ॥ १ ॥

द० प०—अथ=यसपछि, सप्तविधस्य = सात प्रकारका सामको (उपासना कहिन्छ), वाचि=वचनमा, सप्तविधम्=सात प्रकारको, साम=सामलाई, उपासीत= उपासना गरोस्, यत् किं च=जुन कुनै पनि, वाचः = शब्दको, हुम् इति = 'हुम्' यस्तो विशेष रूप छ, सः=त्यो, हिङ्कारः=हिङ्कार हो, यत्=जो, प्र इति='प्र' यो शब्दरूप छ, सः = त्यो, प्रस्तावः=प्रस्ताव हो, यत्=जो, आ इति = 'आ' यस्तो शब्दरूप हो, सः = त्यो, आदिः = आदि हो ।

स० वा०—पञ्चविध सामको निरूपण गरेपछि अब सात प्रकारका सामको उपासना कहिन्छ, शब्दमा सात प्रकारका सामको उपासना गर्नू । कसरी भने, जुनकुनै पनि शब्दको 'हुम्' यो विशेष रूप छ, त्यो हिङ्कार हो, दुवैमा हकार हुनाले समता छ । जो 'प्र'शब्द हो, त्यो प्रस्ताव हो, 'प्र'शब्दको समानता छ । जो 'आ' हो त्यो आदि हो, आकारको समानता छ ।

यदुदिति स उद्‌गीथो यत्प्रतीति स प्रतिहारो यदुपेति स उपद्रवो यन्नीति तन्निधनम् ॥ २ ॥

द० प०—यत्=जो, उत् इति='उत्' यो शब्दरूप हो, सः = त्यो, उद्‌गीथः= उद्‌गीथ हो, यत्=जो, प्रति इति='प्रति' यो शब्द हो, सः = त्यो, प्रतिहारः=प्रतिहार हो। यत्=जो, उप इति='उप' यो शब्द हो, सः=त्यो, उपद्रवः=उपद्रव हो, यत्=जो, नि इति='नि' यो शब्दरूप हो, तत् = त्यो, निधनम्=निधन हो ।

स० वा०—'उत्' यो शब्दरूप उद्‌गीथ हो । किनकि 'उद्‌गीथ' शब्द उत्पूर्वक छ । 'प्रति' यो शब्दरूप प्रतिहार हो, दुवैमा 'प्रति'शब्द छ । 'उप' यो शब्द उपद्रव हो, उपद्रव शब्द 'उप' बाट थालिएको छ । 'नि' यो शब्दरूप निधन हो, 'नि'शब्दबाट समानता छ ।

दुग्धेऽस्मै वाग्दोहं यो वाचो दोहोऽन्नवानन्नादो भवति य एतदेवं विद्वान्वाचि सप्तविधꣳ सामोपास्ते ॥ ३ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अस्मै=यस उपासकलाई, वाक्=वाणीले, दोहम्=दुहिने कुरा, दुग्धे=दुहिदिन्छ, यः=जुन, वाचः=ऋक् आदि शब्दको, दोहः=साध्य, (फल) हो, (तथा यो पुरुष), अन्नवान्=प्रशस्त अन्न भएको, अन्नादः = अन्नको भोक्ता, भवति=हुन्छ ।

स० वा०—यस उपासकलाई वाणीले दुहिने कुरा जति दुहिदिन्छ, जो ऋक् आदि शब्दको साध्य—फल हो । तथा यो पुरुष प्रशस्त अन्न भएको एवं अन्नको भोक्ता हुन्छ ।

दोस्रो अध्यायमा आठौं खण्ड समाप्त

नवम खण्ड

आदित्यविषयक सात प्रकारका सामको उपासना

अथ खल्वमुमादित्यꣳ सप्तविधꣳ सामोपासीत सर्वदा समस्तेन साम मां प्रति मां प्रतीति सर्वेण समस्तेन साम ॥ १ ॥

द० प०—अथ=अर्को कुरा, अमुम् = त्यो, आदित्यम्=आदित्यलाई, [समस्ते साम्नि अवयवविभागशोऽध्यस्य] = समस्त साममा अवयवको विभागैपिच्छे आरोपित गरेर, सप्तविधम् = सात प्रकारको, साम = सामलाई, खलु= निश्चयले, उपासीत= उपासना गरोस्, (आदित्यको सामरूपता कुन किसिमले छ ?) सर्वदा = सधैं, समः = वृद्धि, क्षय नहुनाले, सम छ, यै हेतुले साम हो, तथा सूर्य 'मां प्रति मां प्रति' = मतिर छ, मतिर छ, इति = यस्तो समान बुद्धि पैदा गर्दछ र, सर्वेण = सबैसँग, समः = बराबर छ, तेन = त्यसकारणले, साम = साम हो ।

स० वा०—अर्को कुरा—यो आदित्यलाई समस्त सामका अवयवको विभागैपिच्छे आरोपित गरेर सात प्रकारको सामलाई उपासना गर्नू । आदित्यको सामरूपता कसरी छ ? भने, यो वृद्धि क्षय नभई सधैं समानै रहने हुनाले सम छ र यसैले यो साम हो । फेरि अर्को हेतु—यो आदित्य सबैमा 'मेरो सामु छ—मेरो सामु छ' भन्ने समान बुद्धि (समक्ष) पैदा गर्नेछ र सबैसँग सम हुनाले साम हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मिन्निमानि सर्वाणि भूतान्यन्वायत्तानीति विद्यात्तस्य यत्पुरोदयात्स हिङ्कारस्तदस्य पशवोऽन्वायत्तास्तस्मात्ते हिं कुर्वन्ति हिंकारभाजिनो ह्येतस्य साम्नः ॥ २ ॥

द० प०—तस्मिन्=त्यस आदित्यमा, इमानि=यी, सर्वाणि = संपूर्ण, भूतानि= भूतहरू, अन्वायत्तानि = अनुगत छन्, इति = यस्तो, विद्यात् = जानोस्, तस्य = त्यस (आदित्य) को, यत् = जो, उदयात् = उदाउनुभन्दा, पुरा = पहिलो हो, सः=त्यो, हिङ्कारः = हिङ्कार हो, अस्य = यस आदित्यको, तत् = त्यस (पहिलो हिङ्कारात्मक स्थिति) मा, पशवः = पशुहरू, अन्वायत्ताः=अनुगत छन्, तस्मात्=त्यसकारण, ते = ती पशुहरू, हिम् कुर्वन्ति = (सूर्य नउदाउँदै) हिम् गर्दछन्, हि = यसकारणले कि, (ती पशुहरू), एतस्य = यस आदित्य संज्ञक, साम्नः = सामको, हिङ्कारभाजिनः = हिङ्काररूप भागलाई सेवन गर्ने हुन् ।

स० वा०—त्यस आदित्यमा यी सम्पूर्ण भूतहरू आजीव्य रूपले अनुगत छन् भन्ने जान्नुपर्दछ । त्यस आदित्यको जो उदयभन्दा अघिको स्थिति हो, त्यो हिङ्कार हो । त्यस पहिलो, हिङ्कारात्मक स्थितिमा पशुहरू अनुगत छन् अर्थात् जीवनका आधार भन्ने भावले आश्रित छन् । त्यसकारण ती पशुहरू सूर्य उदाउनुभन्दा अघि 'हिं हिं' गर्दछन् । यसकारणले कि ती पशुहरू यस आदित्यसंज्ञक सामको हिङ्काररूप भागलाई सेवन गर्ने हुन् ।

अथ यत्प्रथमोदिते स प्रस्तावस्तदस्य मनुष्या अन्वायत्तास्तस्मात्ते प्रस्तुतिकामाः प्रशंसाकामाः प्रस्तावभाजिनो ह्येतस्य साम्नः ॥ ३ ॥

द० प०—अथ=तथा, प्रथमोदिते=पहिले उदाउनेबित्तिकै, यत्=जो, (आदित्यको रूप) हो, सः=त्यो, प्रस्तावः = प्रस्ताव हो, अस्य=यस (आदित्य) को, तत्=त्यस (प्रस्ताव रूप) मा, मनुष्याः=मनुष्यहरू, अन्वायत्ताः= अनुगत छन्, तस्मात्=त्यसकारण, ते=ती (मनुष्यहरू), प्रस्तुतिकामाः=प्रस्तुति चाहने, (र) प्रशंसाकामाः=प्रशंसा चाहने छन्, हि = यसकारणले कि, (ती मनुष्यहरू) एतस्य=यस (आदित्यसंज्ञक), साम्नः=सामको, प्रस्तावभाजिनः= प्रस्तावरूप भागलाई सेवन गर्ने हुन् ।

स० वा०—तथा आदित्यको पहिले उदाउनेबित्तिकै जुन रूप हो, त्यो प्रस्ताव हो । त्यस प्रस्ताव रूपमा | मनुष्यहरू अनुगत छन् अर्थात् जीवनको आधार भन्ने भावले आश्रित छन् । त्यसकारण ती मनुष्यहरू प्रत्यक्षस्तुति एवं परोक्षस्तुति चाहने छन् । यसकारणले कि ती यस आदित्यसंज्ञक सामको प्रस्तावरूप भागलाई सेवन गर्ने हुन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ यत्संगववेलायाँ स आदिस्तदस्य वयाँसि स्यन्वायत्तानि तस्मात्तान्यन्तरिक्षेऽनारम्बणान्यादायात्मानं परिपतन्त्यादिभाजीनि ह्येतस्य साम्नः ॥ ४ ॥

द० प०—अथ=तथा, संगववेलायाम् = संगववेला (सूर्योदयका तीन मुहूर्त्तपछिको समय) मा, यत्=जो (आदित्यको रूप) छ, सः=त्यो, आदिः=आदि (ओङ्कार) हो, अस्य=यस (आदित्य) का, तत्=त्यो आदि रूपमा, वयांसि=पक्षीहरू, अन्वायत्तानि = अनुगत छन्, तस्मात्=त्यसकारण, तानि=ती (पक्षीहरू), अन्तरिक्षे = अन्तरिक्षमा, अनारम्बणानि=निराधार (भएर पनि), आत्मानम् = आफूलाई, (आलम्बन रूपले) आदाय=लिएर, परिपतन्ति=सर्वत्र उड्दछन्, हि = यसकारणले कि (ती पक्षीहरू) एतस्य = यस (आदित्यसंज्ञक), साम्नः= सामका, आदिभाजीनि=ओङ्काररूप भागलाई सेवन गर्ने हुन् ।

स० वा०—तथा संगव (सूर्योदयका तीन मुहूर्त्तपछिको समय) मा आदित्यको जुन रूप छ त्यो आदि (ओङ्कार) हो । त्यस रूपमा पक्षीहरू अनुगत (जीवनको आधार भन्ने भावले आश्रित) छन् । त्यसकारण ती पक्षीहरू अन्तरिक्षमा आधार केही नभईकन पनि आफैलाई आलम्बन रूपले लिएर सबतर्फ उड्दछन् । कारण, यो हो कि ती पक्षीहरू यस आदित्यसंज्ञक सामका आदिरूप भागलाई सेवन गर्ने हुन् । ['आदाय' र 'आदि' मा 'आ' रहेकाले साम्य मानिएको हो ।]

अथ यत्संप्रति मध्यन्दिने स उद्गीथस्तदस्य देवा अन्वायत्तास्तस्मात्ते सत्तमाः प्राजापत्यानामुद्गीथभाजिनो ह्येतस्य साम्नः ॥ ५ ॥

द० प०—अथ=तथा, सम्प्रति मध्यन्दिने=ठीक मध्याह्नमा, यत्=जो (आदित्यको रूप) हो, सः=त्यो, उद्गीथः=उद्गीथ हो, अस्य=यस (आदित्य) का, तत्=त्यस (उद्गीथ रूप) मा, देवाः=देवताहरू, अन्वायत्ताः=अनुगत छन्, तस्मात्=त्यसकारण, ते=ती (देवताहरू), प्राजापत्यानाम् = प्रजापतिका सन्तानहरूमा, सत्तमाः=विशिष्ट छन्, हि=यसकारणले कि (ती देवताहरू), एतस्य=यस (आदित्यसंज्ञक), साम्नः=सामको, उद्गीथ भाजिनः=उद्गीथभागलाई सेवन गर्ने हुन् ।

स० वा०—तथा ठीक मध्याह्नमा आदित्यको जुन रूप छ, त्यो उद्गीथ हो । त्यस उद्गीथ रूपमा त्यतिखेर ज्यादा चहकिलो हुनाले देवताहरू 'जीवनको आधार' भन्ने भावले आश्रित छन् । त्यसकारण ती देवताहरू प्रजापतिका सन्तानहरूमा विशिष्ट छन् । कारण, यो हो कि ती देवताहरू यस आदित्यसंज्ञक सामको उद्गीथ भागलाई सेवन गर्ने हुन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ यदूर्ध्वं मध्यन्दिनात्प्रागपराह्णात्स प्रतिहारस्तदस्य गर्भा अन्वायत्तास्तस्मात्ते प्रतिहृता नावपद्यन्ते प्रतिहारभाजिनो ह्येतस्य साम्नः ॥ ६ ॥

द० प०—अथ=तथा, मध्यन्दिनात्=मध्याह्नदेखि, ऊर्ध्वम्=उँभो (पछि), अपरह्णात्=अपराह्नदेखि, प्राक्=पहिले, यत्=जो (आदित्यको रूप) छ, सः= त्यो, प्रतिहारः=प्रतिहार हो, अस्य=यस (आदित्य) का, तत्=त्यस (प्रतिहार-रूप) मा, गर्भाः=गर्भहरू, अन्वायत्ताः=अनुगत छन्, तस्मात्=त्यसकारण, ते=ती (गर्भहरू), प्रतिहृताः=माथितिर खिँचिएका हुन्छन् (र), न अवपद्यन्ते=तलतिर झर्दैनन्, हि=यसकारणले कि, (ती गर्भहरू), एतस्य=यस (आदित्य संज्ञक), साम्नः=सामको, प्रतिहारभाजिनः=प्रतिहाररूप भागलाई सेवन गर्ने हुन् ।

स० वा०—तथा मध्याह्नपछि अपराह्न अघि आदित्यको जुन रूप छ त्यो प्रतिहार हो, यस आदित्यका त्यस प्रतिहार रूपमा गर्भहरू अनुगत छन् अर्थात् आधार भन्ने भावले आश्रित छन् । त्यसकारण ती गर्भहरू सविताका प्रतिहाररूप भागले माथितिर खिँचिएका हुन्छन् र हार हुँदाहुँदै पनि तलतिर नझर्ने हुन्छन् । यसकारणले कि ती गर्भ यस आदित्यसंज्ञक साममा प्रतिहाररूप भागलाई सेवन गर्ने हुन् ।

अथ यदूर्ध्वमपराह्णात्प्रागस्तमयात्स उपद्रवस्तदस्यारण्या अन्वायत्तास्तस्मात्ते पुरुषं दृष्ट्वा कक्षꣳश्वभ्रमित्युपद्रवन्त्युपद्रवभाजिनो ह्येतस्य साम्नः ॥ ७ ॥

द० प०—अथ=तथा, अपराह्णात्=अपराह्णदेखि, ऊर्ध्वम्=उभो (पछि), अस्तमयात्=अस्ताउनुभन्दा, प्राक्=पहिले, यत्=जुन (आदित्यको रूप) छ, सः= त्यो, उपद्रवः=उपद्रव हो, अस्य=यस (आदित्य) का, तत्=त्यस (उपद्रवरूप) मा, आरण्याः=जङ्गली पशुहरू, अन्वायत्ताः=अनुगत छन्, तस्मात्=त्यसकारण, ते=ती (जङ्गली जनावर), पुरुषम्=मानिसलाई, दृष्ट्वा=देखेर, कक्षम्=जङ्गल, श्वभ्रम्=भय-शून्य छ, इति=यस्तो ठानेर, उपद्रवन्ति=(वनतिरै) भाग्दछन्, हि=यसकारणले कि, (ती जङ्गली जनावर), एतस्य=यस (आदित्यसंज्ञक), साम्नः=सामको, उपद्रवभाजिनः=उपद्रवरूप भागलाई सेवन गर्ने हुन् ।

स० वा०—तथा अपराह्णपछि अस्ताउनुभन्दा अघि आदित्यको जुन रूप छ त्यो उपद्रव हो । त्यस उपद्रव रूपमा जङ्गली जनावरहरू अनुगत छन् अर्थात् जीवनको आधार भन्ने रूपले आश्रित छन् । त्यसकारण ती जङ्गली जनावर मानिसलाई देखेर जङ्गल निर्भय छ भनी त्यतै भाग्दछन् । यसकारणले कि ती जङ्गली जनावर यस आदित्यसंज्ञक सामको उपद्रवरूप भागलाई सेवन गर्ने हुन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ यत्प्रथमास्तमिते तन्निधनं तदस्य पितरोऽन्वायत्तास्तस्मात्तान्निदधति निधनभाजिनो ह्येतस्य साम्न एवं खल्वमुमादित्यꣳ सप्तविधꣳ सामोपास्ते ॥ ८ ॥

द० प०—अथ=तथा, प्रथमास्तमिते = अस्ताउनेबित्तिकै, यत् = जुन (आदित्यको रूप) छ, तत्=त्यो, निधनम्=निधन हो, अस्य=यस (आदित्य) को, तत् = त्यो निधन रूपमा, पितरः=पितृहरू, अन्वायत्ताः=अनुगत छन्, तस्मात्= त्यसकारण, तान्=तिनीहरूलाई, निदधति=(कुशमा) राख्तछन्, अथवा पिण्ड स्थापित गर्दछन्, हि = यसकारणले कि, (तो पितृहरू), एतस्य = यस (आदित्य-संज्ञक), साम्नः=सामको, निधनभाजिनः=निधनरूप भागलाई सेवन गर्ने हुन्, (उपासकले), एवम्=यस्ता प्रकारले, खलु=निश्चयसाथ, अमुम्=त्यो, आदित्यम्= आदित्यरूप, सप्तविधम्=सात प्रकारको, साम=सामलाई, उपासना गर्दछ [यः तस्य तदापत्तिः फलम्] = जो त्यसलाई त्यै रूपमा प्राप्त हुनु फल हुन्छ ।

स० वा०—तथा अस्ताउनेबित्तिकै आदित्यको जुन रूप छ, त्यो निधन हो। त्यस निधनरूपमा पितृहरू अनुगत (जीवनको आधार भन्ने भावले आश्रित) छन्। कारण, तिनीहरूलाई पितृ पितामह प्रपितामह रूपले कुशमा राख्तछन्, अथवा तिनीहरूका निमित्त कुशमा पिण्ड स्थापित गर्दछन्। यसकारणले कि ती पितृहरू यस आदित्यसंज्ञक सामको निधनरूप भागलाई सेवन गर्ने हुन्। उपासकले ती आदित्यरूप सात प्रकारका सामलाई यस प्रकार उपासना गर्नू, त्यै रूपमा प्राप्त हुने फल हुन्छ ।

दोस्रो अध्यायको नवौं खण्ड समाप्त

दशम खण्ड

मृत्युदेखि अतीत सप्तविध सामको उपासना

सम्बन्ध—अहोरात्रादि कालद्वारा जगत्लाई मार्ने हुनाले, आदित्य मृत्युरूप हो। त्यसलाई पार गर्नाका निमित्त यो सामोपासन उपदेश गरिन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ खल्वात्मसंमितमतिमृत्यु सप्तविधꣳ सामोपासीत हिङ्कार इति त्र्यक्षरं प्रस्ताव इति त्र्यक्षरं तत्समम् ॥ १ ॥

द० प०—अथ खलु = अब निश्चयले सप्तविध सामको उपासना कहिन्छ, आत्मसंमितम् = आफ्ना अवयवका तुल्यताले परिमित, अतिमृत्यु = पार गरिदिने, सप्तविधम् = सात प्रकारको, साम = सामलाई, उपासीत = उपासना गरोस्, हिङ्कारः इति = 'हिङ्कार' यो, त्र्यक्षरम् = तीन अक्षरवाला छ, तत् = त्यसकारण, समम् = (अघिल्लासँग) बराबर छ ।

स० वा०—अब निश्चयसाथ सात प्रकारका सामको उपासना कहिन्छ । आफ्नो (सामको) अवयवका तुल्यताले अङ्कलिएका आदित्यरूप मृत्युलाई पार गरिदिने सात प्रकारको सामलाई उपासना गर्नू । 'हिङ्कार' यो तीन अक्षरवाला छ, 'प्रस्ताव' यो पनि तीन अक्षरवाला छ । त्यसकारण यो अघिल्लासँग बराबर छ ।

टिप्पणी—जस्तो पहिला अध्यायमा उद्गीथ भागका नामाक्षरलाई उद्गीथ नै भनेर उपासना गर्न विधान गरिएथ्यो, त्यस्तै यहाँ सामका सात प्रकारका भक्ति (भाग)-का नामाक्षर जम्मा गरेर तीन-तीन अक्षरले समान हुनाका कारण सामत्व कल्पना गरेर उपास्यरूपले बताइएका छन् ।

त्यस उपासनाले मृत्यु (आदित्य) विषयक अक्षर संख्याको तुल्यतामा कारण त्यस आदित्यरूप मृत्युमा प्राप्त भएर तिनमा बढ्ता भएको अक्षरद्वारा त्यस आदित्यरूप मृत्युलाई पार गर्नाकै निमित्त श्रुतिले उपासकको संक्रमण कल्पना गर्दछ । यो कुरा पञ्चम कण्डिकामा गएर खुल्नेछ ।

आदिरिति द्व्यक्षरं प्रतिहार इति चतुरक्षरं तत इहैकं तत्समम् ॥ २ ॥

द० प०—आदिः इति = 'आदिः' यो, द्व्यक्षरम् = दुइ अक्षरवाला छ, प्रतिहारः इति = 'प्रतिहार' यो, चतुरक्षरम् = चार अक्षरवाला छ, ततः = त्यसबाट, इह = यहाँ, एकम् = एक अक्षर, [अवच्छिद्य आद्यक्षरयोः प्रक्षिप्यते] = छुट्ट्याएर आदिका दुइ अक्षरमा थपिन्छ, (त्यसले) तत् = त्यो, समम् = बराबर हुन्छ ।

स० वा०—'आदि' यो दुइ अक्षरवाला छ । 'प्रतिहार' यो चार अक्षरवाला छ । त्यसबाट एक अक्षर छुट्ट्याएर 'आदि' का दुइ अक्षरमा थपिन्छ । तब त्यो बराबर हुन्छ ।

उद्गीथ इति त्र्यक्षरमुपद्रव इति चतुरक्षरं त्रिभिस्त्रिभिः समं भवत्यक्षरमतिशिष्यते त्र्यक्षरं तत्समम् ॥ ३ ॥

द० प०—'उद्गीथः इति = 'उद्गीथ' यो, त्र्यक्षरम् = तीन अक्षरवाला छ,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपद्रवः इति='उपद्रव' यो, चतुरक्षरम्=चार अक्षरवाला छ, त्रिभिः त्रिभिः= तीन तीन अक्षरले, समम्=बराबर, भवति=हुन्छ, अक्षरम्=एक अक्षर, अतिशिष्यते—बाँकी रहन्छ, (तर त्यो पनि) 'अक्षर' हो, अतः त्र्यक्षरम् = तीन अक्षर वाला नै हो, तत् = त्यसकारणले, समम्=बराबर छ ।

स० वा०—'उद्गीथ' यो तीन अक्षरवाला छ । 'उपद्रव' यो चार अक्षरवाला छ । यहाँ तीन-तीन अक्षरले चाहिं बराबर हुन्छ र एक अक्षर उब्रन्छ । तर त्यो पनि 'अक्षर' हो र तीन अक्षरवाला नै मानिन्छ । त्यसकारण त्यो पनि बराबरै छ ।

निधनमिति त्र्यक्षरं तत्सममेव भवति तानि ह वा एतानि द्वाविंशतिरक्षराणि ॥ ४ ॥

द० प०—निधनम् इति='निधनम्' यो, अक्षरम्=तीन अक्षरवाला छ, तत्= त्यो, समम् एव = बराबरै, भवति = छ, तानि=ती, एतानि=यी, अक्षराणि=अक्षरहरू, ह वै=अवश्य, द्वाविंशतिः=बाईस छन् ।

स० वा०—'निधन' यो तीन अक्षरवाला छ, त्यो बराबरै छ । ती यी सातै सामका अक्षरहरू निस्सै बाईस छन् ।

एकविंशत्यादित्यमाप्नोत्येकविंशो वा इतोऽसावादित्यो द्वाविंशेन परमादित्याज्जयति तन्नाकं तद्विशोकम् ॥ ५ ॥

द० प०—(तीमध्ये) एकविंशत्या=एक्काईस अक्षरले, आदित्यम्=आदित्यरूप मृत्युलाई, आप्नोति = पाउँदछ, (किनभने), आदित्यः=आदित्य, इतः=यहाँबाट, वै=निश्चयले, एकविंशः = एक्काईसौं लोक हो, द्वाविंशेन = बाईसौं अक्षरले, आदित्यात् = आदित्यभन्दा, परम् = परको लोकलाई, जयति=जित्तछ (वश गर्छ), तत्=त्यो लोक, नाकम्=दुःखरहित छ, तत् = त्यो, विशोकम्=मानस दुःखहीन छ ।

स० वा०—ती बाईस अक्षरमध्ये एक्काईस अक्षरले आदित्यरूप मृत्युलोक प्राप्त गर्दछ । किनभने आदित्य संख्यामा यहाँबाट एक्काईसौं हुन्छ । यो कुरा यसरी भनिन्छ—बाह्र महीना, पाँच ऋतु, तीन लोक, यो आदित्य । बाईसौं अक्षरले त्यस आदित्यभन्दा परको लोकलाई जित्तछ । यो लोक मृत्युको विषय नहुनाले दुःखहीन छ, तथा इतर मानस दुःखले पनि वर्जित छ ।

आप्नोति हादित्यस्य जयं परो हास्यादित्यजयाज्जयो भवति य एतदेवं विद्वानात्मसंमितमतिमृत्यु सप्तविधं सामोपास्ते सामोपास्ते ॥ ६ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—(त्यो पुरुष) आदित्यस्य=आदित्यलोकप्रति, जयम्=जीत, आप्नोति=पाउँदछ, (तथा) अस्य=यसलाई, आदित्यजयात् = आदित्यलोकको जीतदेखि, परः=उत्कृष्ट, जयः=जीत, भवति=हुन्छ, यः = जो, एतत्=यस कुरालाई, एवम्=यस प्रकार, विद्वान्=जानेर, आत्मसंमितम्=आफ्नो (सामको) अवयवको तुल्यताले अड्कलिएको, अतिमृत्यु=मृत्यु पार गरिदिने, सप्तविधम्=सात प्रकारको, साम=सामलाई, उपास्ते=उपासना गर्दछ, साम=सामलाई, उपास्ते= उपासना गर्दछ ।

स० वा०—त्यो पुरुष आदित्य उपर जीत पाउँदछ । त्यस्तै त्यसलाई आदित्य लोकको जीतदेखि पनि उत्कृष्ट जीत प्राप्त हुन्छ । जो यस (प्रकृत) कुरालाई यस प्रकार (कहिए-अनुसार) जानेर सामका अवयवका समताले अड्कलिएको मृत्यु पार गरिदिने सात प्रकारको सामलाई उपासना गर्दछ ।

दोस्रो अध्यायमा दशौं खण्ड समाप्त

एकादश खण्ड

गायत्र सामको उपासना

सम्बन्ध—नाम नलिईकन पाँच प्रकार र सात प्रकारका सामको उपासना कहियो । अब 'गायत्र' आदि नाम लिएर विशिष्ट फलवाला अरू सामोपासनाहरू कहिन्छन् । गायत्र आदि उपासनाहरूको तिनकै क्रम-अनुसार कर्ममा प्रयोग गरिन्छ ।

मनो हिङ्कारो वाक्प्रस्तावश्चक्षुरुद्गीथः श्रोत्रं प्रतिहारः प्राणो निधनमेतद्गायत्रं प्राणेषु प्रोतम् ॥ १ ॥

द० प०—मनः = मन, हिङ्कारः = हिङ्कार हो, वाक् = वाक् इन्द्रिय, प्रस्तावः= प्रस्ताव हो, चक्षुः = चक्षु इन्द्रिय, उद्गीथः = उद्गीथ हो । श्रोत्रम् = श्रोत्र इन्द्रिय, प्रतिहारः = प्रतिहार हो, प्राणः = प्राण, निधनम् = निधन हो, एतद् = यो, गायत्रम्= गायत्र नामक साम = साम, प्राणेषु = प्राणहरूमा, प्रोतम् = प्रतिष्ठित छ ।

Prof. Amodavardhana Kauhdinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—मन हिङ्कार हो, मन संपूर्ण इन्द्रियवृत्तिहरूमा प्रथम छ र समानता छ। वाक् इन्द्रिय प्रस्ताव हो, समानता यो छ—हिङ्कारपछि प्रस्ताव आउँछ, मनपछि वाक् आउँछ। चक्षु इन्द्रिय उद्गीथ हो। साममा श्रेष्ठ उद्गीथ छ, इन्द्रियमा चक्षु छ। श्रोत्रम्—श्रोत्र इन्द्रिय, प्रतिहारः—प्रतिहार हो, विषयहरूबाट प्रतिहृत हुन्छ—खिँचिन्छ। प्राण निधन हो, स्वप्न अवस्थामा सबै करण प्राणमा निहित हुन्छन्। यो गायत्र साम प्राणरूपले स्तवन गरिएकाले प्राणमा प्रतिष्ठित छ।

स य एवमेतद्गायत्रं प्राणेषु प्रोतं वेद प्राणी भवति सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या महामनाः स्यात्तद्व्रतम्॥ २॥

द० प०—यः=जो, एतत्=यो, गायत्रम्=गायत्रसंज्ञक साम, एवम्=यस प्रकार, प्राणेषु=प्राणहरूमा, प्रोतम्=प्रतिष्ठित, वेद=जान्दछ, सः=त्यो, प्राणी=प्राणवान् (अविकलकरणवाला), भवति=हुन्छ, सर्वम्=संपूर्ण, आयुः=आयु, एति=प्राप्त गर्दछ, ज्योक्=चमकिलो भई, जीवति=बाँच्दछ, प्रजया=सन्ततिले (र), पशुभिः=पशुहरूले, महान्=ठूलो, भवति=हुन्छ, कीर्त्या=यशले, महान्=बडो, भवति=हुन्छ, महामनाः=उदारहृदय, स्यात्=होला, तत्=त्यो, व्रतम्=(उसको) व्रत हो।

स० वा०—जो यस गायत्रसंज्ञक सामलाई यसरी प्राणहरूमा प्रतिष्ठित भएको जान्दछ, त्यो अविकल करणवाला हुन्छ। तथा पूरै (शय वर्ष) आयु पाउँदछ। चमक हुने गरी जीउँछ। सन्तान र पशुहरूले ठूलो हुन्छ। एवं यशले पनि बडो हुन्छ। यस्तै उदार हृदयको पनि होला किनभने त्यो उसको व्रत हो।

दोस्रो अध्यायमा एघारौं खण्ड समाप्त

द्वादश खण्ड

रथन्तर सामको उपासना

अभिमन्थति स हिङ्कारो धूमो जायते स प्रस्तावो ज्वलति स उद्गीथोऽङ्गारा भवन्ति स प्रतिहार उपशाम्यति तन्निधनꣳ सꣳशाम्यति तन्निधनमेतद्रथन्तरमग्नौ प्रोतम्॥ १॥

Prof. Anandavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अभिमन्थति=(अग्नि) मथन गर्दछ, सः=त्यो, हिङ्कारः=हिङ्कार हो, धूमः=धूआँ, जायते=उत्पन्न हुन्छ, सः=त्यो, प्रस्तावः=प्रस्ताव हो, ज्वलति=बल्दछ, सः=त्यो, उद्गीथः=उद्गीथ हो, अङ्गाराः=फिलिङ्गाहरू, भवन्ति=हुन्छन्, सः=त्यो, प्रतिहारः=प्रतिहार हो, उपशाम्यति=शान्त हुँदै जान्छ, तत्=त्यो, निधनम्=निधन हो, शाम्यति=शान्त हुन्छ, तत्=त्यो, निधनम्=निधन हो, एतद्=यो, रथन्तरम्=रथन्तर नामको (साम), अग्नौ=अग्निमा, प्रोतम्=प्रतिष्ठित छ ।

स० वा०—अग्नि मथन गर्दछ, त्यो हिङ्कार हो। पहिलो क्रिया, पहिलो साम, यै समानता छ । धूआँ उठ्छ, त्यो प्रस्ताव हो । हिङ्कारका पछि प्रस्ताव आउँछ, अग्निमथन गर्न लाग्नुका पछि धूआँ उठ्छ, यै समानता छ । बल्दछ, त्यो उद्गीथ हो । साममा उद्गीथ श्रेष्ठ छ, प्रज्वलनको हविसँग संवन्ध हुने हुनाले श्रेष्ठ छ । फिलिङ्गाहरू हुन्छन्, त्यो प्रतिहार हो । फिलिङ्गाहरूको प्रतिहरण (यता-उति लैजानु) हुन्छ । अग्नि शान्त हुन लाग्छ, त्यो निधन हो । समाप्तिमा दुइको समानता छ । यो रथन्तर साम अग्निमा प्रतिष्ठित छ; अग्निमन्थनका बखत गाइन्छ ।

स य एवमेतद्रथन्तरमग्नौ प्रोतं वेद ब्रह्मवर्चस्यन्नादो भवति सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या न पत्यङ्ङग्निमाचामेन्न निष्ठीवेत्तद्व्रतम् ॥ २ ॥

द० प०—यः=जो, एवम् = यस प्रकार, एतद् = यस, रथन्तरम् = रथन्तर सामलाई, अग्नौ = अग्निमा, प्रोतम् = प्रतिष्ठित, वेद = जान्दछ, सः = त्यो, ब्रह्मवर्चसी = सदाचार र स्वाध्यायका तेजले युक्त, अन्नादः = अन्नको भोक्ता (प्रदीप्त अग्नि भएको), भवति = हुन्छ, सर्वम् = संपूर्ण, आयुः = आयु (सय वर्षको), एति = प्राप्त गर्दछ, ज्योक् = चहकिलो हुने गरी, जीवति = जीउँछ, प्रजया = सन्तानले, पशुभिः = पशुहरूले, महान् = ठूलो, भवति = हुन्छ, कीर्त्या = यशले, महान् = बडो, भवति = हुन्छ, अग्निम् = अग्निका, प्रत्यक् = संमुख, न आचामेत् = नखाओस्, न निष्ठीवेत्=न थुकोस्, एतद् = यो, व्रतम् = रथन्तरोपासकको व्रत हो ।

स० वा०—जो यस प्रकार यस रथन्तर सामलाई अग्निमा प्रतिष्ठित जान्दछ, त्यो सदाचार र स्वाध्यायका तेजले युक्त हुन्छ। अन्नको भोक्ता (प्रदीप्त अग्नि भएको) हुन्छ। सय वर्षको पूरै आयु पाउने हुन्छ। चहकिलो छांटले जीउँछ। सन्तान र पशुहरूले ठूलो हुन्छ एवं सुयशले पनि बडो हुन्छ। अग्निका सम्मुख खाने नगर्नु, थुक्नें पनि नगर्नु, यो रथन्तरोपासकको व्रत हो ।

दोस्रो अध्यायमा बाह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोदश खण्ड

वमादेव्य सामको उपासना

उपमन्त्रयते स हिङ्कारो ज्ञपयते स प्रस्तावः स्त्रिया सह शेते स उद्गीथः प्रति स्त्रीं सह शेते स प्रतिहारः कालं गच्छति तन्निधनं पारं गच्छति तन्निधनमेतद्वामदेव्यं मिथुने प्रोतम् ॥ १ ॥

द० प०––उपमन्त्रयते = सङ्केत गर्दछ, सः = त्यो, हिङ्कारः = हिङ्कार हो, ज्ञपयते = खुश पार्छ, सः = त्यो, प्रस्तावः = प्रस्ताव हो, स्त्रिया सह = स्त्रीसँग, शेते = सुत्छ, सः = त्यो, उद्गीथः = उद्गीथ हो, प्रति स्त्रीम् = स्त्रीको संमुख भएर, सह शेते = सँगै सुत्छ, सः = त्यो, प्रतिहारः = प्रतिहार हो, कालम्=समयमा, गच्छति = गमन गर्दछ, तत् = त्यो, निधनम् = निधन हो, पारम् = समाप्तिमा, गच्छति = प्राप्त हुन्छ, तत् = त्यो (पनि), निधनम् = निधन हो, एतद् = यो, वामदेव्यम् = वामदेव्यनामक (साम), मिथुने = स्त्रीपुरुषको जोडीमा, प्रोतम् = प्रतिष्ठित छ ।

स० वा०—सहवास क्रियामा पहिले संकेत गर्दछ, त्यो हिङ्कार हो । दुवै चीज पहिला छन् र समानै छन् । अनि खुश पार्छ, त्यो प्रस्ताव हो । दोस्रो क्रिया, दोस्रो साम. यै समानता छ । एक शय्यामा जानु उद्गीथ हो, विषय अनुसार दुवैमा श्रेष्ठताको समानता छ। स्त्री-संमुख भएर सह शयन गर्छ––स्त्रीको संमुखीभाव हुन्छ, त्यो प्रतिहार हो। पुरुषका चित्तको प्रतिहरण (खिँचाउ) हुन्छ। अनि समयमा गमन गर्छ त्यो आखिरी हुनाले निधन हो। तत्पश्चात् सहवास क्रियाको पार हुन्छ, त्यो पनि निधन हो । समाप्तिको समानता छ। यो वामदेव्य साम वायु र जलका जोडीको विषय हुनाले स्त्री-पुरुषको जोडीमा प्रतिष्ठित छ ।

स य एवमेतद्वामदेव्यं मिथुने प्रोतं वेद मिथुनी भवति मिथुनान्मिथुनात्प्राजायते सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या न काञ्चन परिहरेत्तद्व्रतम् ॥ २ ॥

द० प०—यः––जो, एतद्=यो, वामदेव्यम् = वामदेव्यसंज्ञक सामलाई, एवम् = यसरी मिथुने = स्त्रीपुरुषका जोडीमा, प्रोतम् = प्रतिष्ठित, वेद = जान्दछ, सः = त्यो, मिथुनीभवति = जोडी हुन्छ अर्थात् विधुर हुँदैन, मिथुनात् मिथुनात् = हर एक जुटाइबाट, [illegible] हुँदैन, (तथा) सर्वम् = संपूर्ण,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुः = आयु, एति = प्राप्त गर्दछ, ज्योक् = चहकिलो हुने गरी, जीवति = जीउँछ, प्रजया = सन्तानले, पशुभिः = पशुहरूले, महान् = ठूलो, भवति = हुन्छ, (एवम्) कीर्त्या = यशले, महान् = वडो, भवति = हुन्छ, काञ्चन = (शयनमा प्राप्त भएकी) समागम चाहने कुनै स्त्रीलाई, न परिहरेत् = न छोडोस्, एतद् = यो, व्रतम् = (वामदेव्य सामका उपासकको) व्रत हो ।

स० वा०—जो यस वामदेव्य सामलाई यस प्रकार स्त्री-पुरुषको जोडीमा प्रतिष्ठित जान्दछ त्यो जोडीमा नै रहन्छ अर्थात् विधुर हुँदैन, तथा हरएक सहवासबाट सन्ततिरूपले जन्मने हुन्छ । कहिल्यै वीर्य निष्फल हुँदैन । एवम् त्यसले पूरै आयु प्राप्त गर्दछ र चहकिलो हुने गरी जीउँछ । तथा सन्तान र पशुहरूले सम्पन्न हुन्छ एवं सुयशले वडो हुन्छ । आफ्ना बिछ्यौनामा प्राप्त भएकी संगमार्थिनी कुनै स्त्रीलाई नछोड्नू । यो वामदेव्य सामका उपासकको व्रत हो ।

टिप्पणी—यद्यपि यो उपासना अश्लील देखिन्छ र यस्तो पनि के उपासना भन्ने अश्रद्धा हुन सक्छ, तर तत् तत् क्रियालाई विधान-अनुसार तत् तत् सामरूपले भावित गरी स्वैर प्रवृत्तिको वासनाले नधमिल्याई पवित्र भावनाले अधिकारवाला (गृहस्थ)-ले सहवास गरिन्छ भने यसले पनि उपासनाको रूप अवश्य लिन्छ । आफ्नो शयनमा प्राप्त भएकी समागमार्थिनी छ भने कुनै स्त्रीलाई नछोड्नू भन्ने कुरा पनि यसै वामदेव्य सामको अङ्गरूपमा विधान गरिएको हुनाले दोषी क्रिया सम्झनु हुँदैन । निषेधका स्मृति-वाक्यहरू यस बाहेकका प्रसङ्गमा हुन् । वचनको प्रामाण्यले नै धर्मको जानकारी गरिने हुनाले प्रस्तुत विधानको निषेधशास्त्रहरूसँग विरोध छैन ।

दोस्रो अध्यायमा तेह्रौं खण्ड समाप्त

चतुर्दश खण्ड

बृहत्सामोपासना

उद्यन्हिङ्कार उदितः प्रस्तावो मध्यन्दिन उद्गीथोऽपराह्णः प्रतिहारोऽस्तं यन्निधनमेतद् बृहदादित्ये प्रोतम् ॥ १ ॥

द० प०—उद्यन्=उदाउन लागेको (सविता), हिङ्कारः = हिङ्कार हो, उदितः = उदाएको, प्रस्तावः = प्रस्ताव हो, मध्यन्दिनः=मध्याह्नकालीन, उद्गीथः=उद्गीथ

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, अपराह्णः = अपराह्णकालीन, प्रतिहारः = प्रतिहार हो, अस्तम् यन् = अस्ताउन लागेको, निधनम् = निधन हो, एतद् = यो, बृहत्साम, आदित्ये = सूर्यमा, प्रोतम् = प्रतिष्ठित छ।

स० वा०—उदाउन लागेको सविता हिङ्कार हो। पहिले देखिने हुनाले पहिलो हुङ्कारसँग समानता छ। उदाएको प्रस्ताव हो। दैनिक कर्महरूका प्रस्तवनको हेतु हुनाले समानता छ। मध्याह्नकालीन सूर्य उद्‌गीथ हो। मध्याह्नको सूर्य उत्कृष्ट हुनाले उत्कृष्ट उद्‌गीथसँग समता छ। अपराह्णकालीन सूर्य प्रतिहार हो। त्यस बखत पशु-हरूको घरतर्फ प्रतिहरण (ल्याउने काम) गरिन्छ। अस्ताउन लागेको सूर्य निधन हो। रातमा सबै प्राणीलाई निधान (घरमा राख्ने काम) गर्दछ। यो बृहत्संज्ञक साम सूर्यमा प्रतिष्ठित छ।

स य एवमेतद् बृहदादित्ये प्रोतं वेद तेजस्व्यन्नादो भवति सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या तपन्तं न निन्देत्तद्-व्रतम् ॥ २ ॥

द० प०—यः=जो, एतद् = यो, बृहत् = बृहत्सामलाई, एवम् = यस प्रकार, आदित्ये = सूर्यमा, प्रोतम् = प्रतिष्ठित, वेद = जान्दछ, सः = त्यो, तेजस्वी = तेजिलो, अन्नादः = प्रदीप्त अग्नि भएको, भवति = हुन्छ, सर्वम् = सबै (पूरै), आयुः = आयु, एति = प्राप्त गर्दछ, ज्योक् = चमकिलो हुने गरी, जीवति = जीउँछ, प्रजया=सन्तानले, (र), पशुभिः = पशुहरूले, महान् = ठूलो (संपन्न), भवति = हुन्छ, तपन्तम् = सूर्यलाई, न निन्देत् = निन्दा नगरोस्, तद् = त्यो, व्रतम् = व्रत हो।

स० वा०—जो यस बृहत्सामलाई यस प्रकार सूर्यमा प्रतिष्ठित भएको जान्दछ त्यो तेजस्वी जठराग्नि प्रदीप्त भएको हुन्छ। तथा पूरै (सय वर्षको) आयु पाउँदछ। चहकिलो हुने गरी जीउँछ। सन्तान र पशुहरूले संपन्न एवं सुयशले बडो हुन्छ। सूर्यलाई निन्दा नगर्नू। यो बृहत्सामका उपासकको व्रत हो ॥

दोस्रो अध्यायमा चौधौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चदश खण्ड

वैरूप समाको उपासना

अभ्राणि संप्लवन्ते स हिङ्कारो मेघो जायते स प्रस्तावो वर्षति स उद्गीथो विद्योतते स्तनयति स प्रतिहार उद्गृह्णाति तन्निधनमेतद्वैरूपं पर्जन्ये प्रोतम् ॥ १ ॥

द० प०—अभ्राणि = बादलहरू, संप्लवन्ते = जम्मा हुन्छन्, सः = त्यो, हिङ्कारः = हिङ्कार हो, मेघः = मेघ, जायते = उत्पन्न हुन्छ, सः = त्यो, प्रस्तावः = प्रस्ताव हो, वर्षति=वर्षन्छ, सः = त्यो, उद्गीथः = उद्गीथ हो, विद्योतते = चम्कन्छ, स्तनयति = गर्जन्छ, सः = त्यो, प्रतिहारः = प्रतिहार हो, उद्गृह्णाति = जल ग्रहण गर्दछ, तत् = त्यो, निधनम् = निधन हो, एतद् = यो, वैरूपम् = वैरूपनामक साम, पर्जन्ये = मेघमा, प्रोतम् = प्रतिष्ठित छ ।

स० वा०—बादलहरू जम्मा हुन्छन्, त्यो हिङ्कार हो । दुवै पहिला क्रिया हुनाले समानता छ । मेघ उत्पन्न हुन्छ, त्यो प्रस्ताव हो । मेघ उत्पन्न हुँदा वृष्टि प्रस्तुत हुन्छ भन्ने प्रसिद्धि छ । वर्षन्छ, त्यो उद्गीथ हो । दुवै श्रेष्ठताले समान छन् । चम्कन्छ तथा गर्जन्छ, त्यो प्रतिहार हो । त्यो चमक तथा गर्जन प्रतिहृत हुन्छ (यताउति फैलिन्छ), जल ग्रहण गर्दछ, त्यो निधन हो । अन्तिम क्रिया जल ग्रहण हो, अन्तिम साम निधन हो, यँ समानता छ । यो वैरूपसंज्ञक साम मेघमा प्रतिष्ठित छ ।

स य एवमेतद्वैरूपं पर्जन्ये प्रोतं वेद विरूपाꣳश्च सुरूपाꣳश्च पशूनवरुन्धे सर्वमायुरेति ज्योग्जीवति महान् प्रजया पशुभिर्भवति महान्कीर्त्या वर्षन्तं न निन्देत्तद् व्रतम् ॥ २ ॥

द० प०—यः = जो, एतद् = यो, वैरूपम् = वैरूपसंज्ञक सामलाई, पर्जन्ये = मेघमा, प्रोतम् = प्रतिष्ठित भएको, वेद = जान्दछ, सः = त्यो, विरूपान् = विरूप, च=र, सुरूपान्=सुन्दररूपका, पशून्=पशुहरूलाई, अवरुन्धे=प्राप्त गर्दछ, सर्वम्= पूरै, आयुः=जीवनकाल, एति=प्राप्त गर्दछ, ज्योक् = चहकिलो हुने गरी, जीवति = जीउँछ, (तथा) प्रजया = सन्तानले, च = र, पशुभिः = पशुहरूले, महान् = ठूलो, भवति = हुन्छ, कीर्त्या = यशले, महान् = बडो, भवति = हुन्छ, वर्षन्तम् = बर्सन लागेको मेघलाई, न निन्देत् = निन्दा नगरोस्, तद् = त्यो, व्रतम् = व्रत हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—जो यस वैरूप सामलाई यस प्रकार मेघमा प्रतिष्ठित जान्दछ, त्यो नराम्रा राम्रा सब किसिमका भेडा, बाखा आदि पशुहरू पाउँदछ। तथा पूरै आयु पाउँदछ। चमकिलो छांटले जीउँछ। अनि सन्तान र पशुहरूले ठूलो हुन्छ, तथा यशले पनि वडो हुन्छ। वर्षन लागेको मेघलाई निन्दा नगर्नू। यो वैरूप सामका उपासकको व्रत हो।

दोस्रो अध्यायमा पन्ध्रौं खण्ड समाप्त

षोडश खण्ड

वैराज सामको उपासना

वसन्तो हिङ्कारो ग्रीष्मः प्रस्तावो वर्षा उद्‌गीथः शरत्प्रतिहारो हेमन्तो निधनमेतद् वैराजमृतुषु प्रोतम् ॥ १ ॥

द० प०—वसन्तः=वसन्त ऋतु, हिङ्कारः=हिङ्कार हो, ग्रीष्मः=ग्रीष्म ऋतु, प्रस्तावः=प्रस्ताव हो, वर्षा = वर्षा ऋतु; उद्‌गीथः=उद्‌गीथ हो, शरद् = शरत् ऋतु, प्रतिहारः = प्रतिहार हो, हेमन्तः = हेमन्त ऋतु, निधनन् = निधन हो, एतद् = यो, वैराजम् = वैराजसंज्ञक साम, ऋतुषु = ऋतुहरूमा, प्रोतम् = प्रतिष्ठित छ।

स० वा०—वसन्त ऋतु हिङ्कार हो। दुवै आफ्ना वर्गमा पहिलो हुनु समानता छ। ग्रीष्म ऋतु प्रस्ताव हो, वर्षा ऋतुका निम्ति अन्न संग्रहको प्रस्ताव गरिन्छ। वर्षा उद्‌गीथ हो। आफाफ्ना वर्गमा दुवै प्रधान छन्। शरद् ऋतु प्रतिहार हो। रोगीहरू र मरेकाहरूलाई प्रतिहरण (सार्ने, बाहिर निकाल्ने) गरिन्छ। हेमन्त निधन हो। हावाका अभावमा प्राणीहरूको निधन (मृत्यु) हुने हुन्छ यो वैराज साम ऋतुहरूमा प्रतिष्ठित छ।

स य एवमेतद्वैराजमृतुषु प्रोतं वेद विराजति प्रजया पशुभिर्ब्रह्मवर्चसेन सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्यर्तून्न निन्देत्तद् व्रतम् ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यः = जो, एतद् = यो, वैराजम् = वैराजसंज्ञक सामलाई, एवम् = यस प्रकार, ऋतुषु = ऋतुहरूमा, प्रोतम् = प्रतिष्ठित, वेद = जान्दछ, सः = त्यो, प्रजया = सन्तानले, पशुभिः = पशुहरूले, ब्रह्मवर्चसेन = ब्रह्मतेजले, विराजति = शोभित हुन्छ, (तथा) सर्वम् = पूरै, आयुः = जीवनकाल, एति = प्राप्त गर्दछ, ज्योक् = चहकिलो हुने गरी, जीवति = जीउँछ, प्रजया = सन्तानले, पशुभिः= पशुहरूले, महान्= ठूलो, भवति = हुन्छ, (एवं) कीर्त्या = यशले, महान् = बडो, भवति = हुन्छ, ऋतून् = ऋतुहरूलाई, न निन्देत् = निन्दा नगरोस्, तद् = त्यो, व्रतम् = व्रत हो ।

स० वा०—जो यो वैराज सामलाई यस किसिमले ऋतुहरूमा प्रतिष्ठित भएको जान्दछ त्यो सन्तानले, पशुहरूले र ब्रह्मतेजले सुशोभित हुन्छ, तथा पूरै आयु पाउँदछ, चमकिलो हुने गरी जीउँदछ । एवं सन्तान, पशुहरू र यशले संपन्न हुन्छ । ऋतुहरूलाई निन्दा नगरोस् । यो वैराज सामका उपासकको व्रत हो ॥

दोस्रो अध्यायमा सोह्रौं खण्ड समाप्त

सप्तदश खण्ड

शक्वरी सामोपासना

पृथिवी हिङ्कारोऽन्तरिक्षं प्रस्तावो द्यौरुद्गीथो दिशः प्रतिहारः समुद्रो निधनमेताः शक्वर्यो लोकेषु प्रोताः ॥ १ ॥

द० प०—पृथिवी = पृथ्वी, हिंङ्कारः=हिङ्कार हो, अन्तरिक्षम्=अन्तरिक्ष, प्रस्तावः=प्रस्ताव हो, द्यौः=द्युलोक, उद्गीथः=उद्गीथ हो, दिशः = दिशाहरू, प्रतिहारः=प्रतिहार हो, समुद्रः=समुद्र, निधनम्=निधन हो, एताः=यी, शक्वर्यः= शक्वरीसंज्ञक साम, लोकेषु=लोकहरूमा, प्रोताः=प्रतिष्ठित छन् ।

स० वा०—पृथ्वी हिङ्कार हो । आफाफ्ना वर्गमा यी दुइ पहिला छन् र समानता छ । अन्तरिक्ष प्रस्ताव हो । लोकगमन अन्तरिक्षले नै प्रस्तुत गर्दछ । द्युलोक उद्गीथ हो, श्रेष्ठता दुवैतर्फ छ । दिशा प्रतिहार हो, जे पनि प्रतिहरण (लैजाने

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम) गरिन्छ त कुनै-न-कुनै दिशामा नै लगिन्छ। समुद्र निधन हो, समस्त जलको निधान समुद्र नै हो । यो शक्वरीसंज्ञक साम लोकहरूमा प्रतिष्ठित छ ।

स य एवमेताः शक्वर्यो लोकेषु प्रोता वेद लोकी भवति सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या लोकान्न निन्देत्तद्व्रतम् ॥ २ ॥

द० प०—यः=जो, एताः=यी, शक्वर्यः=शक्वरीसंज्ञक साम, एवम्=यसरी, लोकेषु=लोकहरूमा, प्रोताः=प्रतिष्ठित भएको, वेद=जान्दछ, सः=त्यो, लोकी=लोकवान्, भवति=हुन्छ, सर्वम्=सबै, आयुः=आयु, एति=पाउँदछ, ज्योक्=चमकिलो हुने गरी, जीवति=जीउँछ, प्रजया=सन्तानले, (र) पशुभिः=पशुहरूले, महान्=ठूलो (संपन्न), भवति=हुन्छ, कीर्त्या=यशले (पनि), महान्=वडो, भवति=हुन्छ, लोकान्=लोकहरूलाई, न निन्देत्=निन्दा नगरोस्, तद्=त्यो, व्रतम्=व्रत हो ।

स० वा०—जो यस शक्वरीसंज्ञक सामलाई यस प्रकार लोकहरूमा प्रतिष्ठित जान्दछ त्यो उत्तम लोकहरू पाउने हुन्छ तथा पूरै आयु पाउँदछ र चमकिलो हुने गरी जीउँछ। सन्तानले र पशुहरूले संपन्न हुन्छ एवं यशले वडो पनि हुन्छ। लोकहरूलाई निन्दा नगरोस् । यो शक्वरीसंज्ञक सामका उपासकको व्रत हो ॥

दोस्रो अध्यायको सत्रौं खण्ड समाप्त

अष्टादश खण्ड

रेवती सामको उपासना

अजा हिङ्कारोऽवयः प्रस्तावो गाव उद्गीथोऽश्वाः प्रतिहारः पुरुषो निधनमेता रेवत्यः पशुषु प्रोताः ॥ १ ॥

द० प०—अजाः=बाखाहरू, हिङ्कारः=हिङ्कार हो, अवयः=भेडाहरू, प्रस्तावः=प्रस्ताव हो, गावः=गाईगोरुहरू, उद्गीथः=उद्गीथ हो, अश्वाः=घोडा-

Prof. Amedavardhana Kaundinyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरू, प्रतिहारः = प्रतिहार हो, पुरुषः = मनुष्य, निधनम् = निधन हो। एताः = यी, रेवत्यः = रेवतीसंज्ञक साम, पशुषु = पशुहरूमा, प्रोताः = प्रतिष्ठित छन्।

स० वा०––बाखाहरू हिङ्कार हो, **'अजः पशूनां प्रथमः'** भनिएकाले बाखा पशुहरूमा पहिलो जाति मानिन्छ र पहिलो हिङ्कारसँग समानता छ। भेडाहरू प्रस्ताव हो। भेडा पहिला बाखासँग, प्रस्ताव पहिला हिङ्कारसँगै गनिन्छन् र समानता छ। गाई-गोरुहरू उद्गीथ हो। आफाफ्ना वर्गमा यी श्रेष्ठ छन् र समानता छ। घोडाहरू प्रतिहार हो, पुरुषहरूलाई प्रतिहरण (अन्यत्र पुऱ्याउने काम) गर्दछन्। मनुष्य निधन हो, पशुहरूको आश्रय मनुष्य नै हो। यो रेवती-संज्ञक साम पशुहरूमा प्रतिष्ठित छ।

टिप्पणी––'निधन' शब्द लगभग 'निधान' शब्द नै भएकाले धेरै स्थलमा 'रहने ठाउँ' भन्ने अर्थबाट समानता मानिएको छ।

स य एवमेता रेवत्यः पशुषु प्रोता वेद पशुमान् भवति सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या पशून्न निन्देत्तद्व्रतम् ॥ २ ॥

द० प०—यः = जो, एताः = यी, रेवत्यः = रेवतीसंज्ञक साम, एवम् = यस प्रकार, पशुषु = पशुहरूमा, प्रोताः = प्रतिष्ठित, वेद = जान्दछ, सः = त्यो, पशुमान् = पशुहरूले संपन्न, भवति = हुन्छ, (तथा) सर्वम् = सबै (पूरै), आयुः = आयु, एति = प्राप्त गर्दछ, ज्योक् = चमकिलो हुने गरी, जीवति = जीउँछ, प्रजया = सन्तानले, (र) पशुभिः = पशुहरूले, महान् = ठूलो (संपन्न), भवति = हुन्छ, (एवम्) कीर्त्या = यशले, महान् = बडो, भवति = हुन्छ, पशून् = पशुहरूलाई, न निन्देत् = निन्दा नरोस्, तत् = त्यो, व्रतम् = व्रत हो।

स० वा०––जो यस रेवतीसंज्ञक सामलाई यस प्रकार पशुहरूमा प्रतिष्ठित भएको जान्दछ, त्यो पशुहरूले संपन्न हुन्छ। पूरै आयु पाउँछ। चमकिलो हुने गरी जीउँछ। सन्तान र पशुहरूले संपन्न हुन्छ, एवं यशले मान्य हुन्छ। पशुहरूलाई निन्दा नगरोस्, त्यो रेवतीसंज्ञक सामका उपासकको व्रत हो।

दोस्रो अध्यायया अठारौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकोनविंश-खण्ड

यज्ञायज्ञीयसामोपासना

लोम हिङ्कारस्त्वक्प्रस्तावो माꣳसमुद्गीथोऽस्थि प्रतिहारो मज्जा निधनमेतद्यज्ञायज्ञीयमङ्गेषु प्रोतम् ॥ १ ॥

द० प०––लोम=रौं, हिङ्कारः=हिङ्कार हो, त्वक्=छाला, प्रस्तावः=प्रस्ताव हो, मांसम् = मासु, उद्गीथः = उद्गीथ हो, अस्थि = हाड, प्रतिहारः = प्रतिहार हो, मज्जा = मासी, निधनम् = निधन हो, एतद् = यो, यज्ञायज्ञीयम् = यज्ञायज्ञीयसंज्ञक साम, अङ्गेषु = अवयवहरूमा, प्रोतम् = प्रतिष्ठित छ ।

स० वा०—रौं हिङ्कार हो, उम्रेको चीज हुनाले अवयवहरूमा सर्वप्रथम देखालु रौं छ र समानता छ । छाला प्रस्ताव हो, हिङ्कारपछि प्रस्ताव आएजस्तै रौंपछि देखालु अवयव छाला छ । मासु उद्गीथ हो, साममा उद्गीथ जस्तै अवयवहरूमा मासु श्रेष्ठ छ । हाड प्रतिहार हो, मासुबाट कठिन रूपमा प्रतिहृत (ल्याइएको = बन्न आएको) वस्तु छ । मासी निधन हो, कथित पाँच अवयवमा अन्तिम छ । यो यज्ञायज्ञीय साम अवयवहरूमा प्रतिष्ठित छ ।

स य एवमेतद्यज्ञायज्ञीयमङ्गेषु प्रोतं वेदाङ्गी भवति नाङ्गेन विहूर्छति सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या संवत्सरं मज्ज्ञो नाश्नीयात्तद्व्रतं मज्ज्ञो नाश्नीयादिति वा ॥ २ ॥

द० प०––यः = जो, एतद् = यो, यज्ञायज्ञीयम् = यज्ञायज्ञीयसंज्ञक साम, एवम् = यस प्रकार, अङ्गेषु = अवयवहरूया, प्रोतम् = प्रतिष्ठित, वेद=जान्दछ, सः = त्यो, अङ्गी = समग्र अङ्गले पूर्ण हुन्छ, अङ्गेन = अवयवहरूबाट, न विहूर्छति = बाङ्गो अर्थात् कुनै अङ्गले विकल हुँदैन, सर्वम् = सबै, आयुः = आयु, एति = प्राप्त गर्दछ, ज्योक् = चहकिलो किसिमले, जीवति = जीउँछ, प्रजया = सन्तानले, (र) पशुभिः = पशुहरूले, महान् = ठूलो (संपन्न), भवति = हुन्छ, कीर्त्या = यशले, महान्=बडो (मान्य), भवति = हुन्छ, संवत्सरम् = वर्षभरि, मज्ज्ञः = माछा-मासुहरू, न अश्नीयात् = नखाओस्, वा = अथवा, मज्ज्ञः = माछा-मासुहरू, न अश्नीयात् = (कहिल्यै) नखाओस्, इति = यो, व्रतम् = व्रत हो ।

स० वा०—जो यस यज्ञायज्ञीय सामलाई यस प्रकार अवयवहरूमा प्रतिष्ठित भएको जान्दछ त्यो समग्र अङ्गले पूर्ण हुन्छ, कुनै अवयव टेढामेढा बन्न-खोटका हुँदैनन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा पूरै आयु प्राप्त गर्दछ र चहकिलो छाँटले जीउँछ। एवं सन्तान र पशुहरूले सम्पन्न हुन्छ, यशले पनि मान्य हुन्छ। वर्षभरि माछा-मासु नखाओस्, अथवा सर्वदैव माछा-मासु त्यागोस्। यो यज्ञायज्ञीय सामका उपासकको नियम हो।

दोस्रो अध्यायमा उन्नाईशौं खण्ड समाप्त

विंश खण्ड

राजन-सामोपासना

अग्निर्हिङ्कारो वायुः प्रस्ताव आदित्य उद्गीथो नक्षत्राणि प्रतिहारश्चन्द्रमा निधनमेतद्राजनं देवतासु प्रोतम् ॥ १ ॥

द० प०—अग्निः=अग्नि, हिङ्कारः = हिङ्कार हो, वायुः = वायु, प्रस्तावः = प्रस्ताव हो, आदित्यः = सूर्य, उद्गीथः = उद्गीथ हो, नक्षत्राणि = नक्षत्रहरू, प्रतिहारः = प्रतिहार हो, चन्द्रमाः = चन्द्रमा, निधनम् = निधन हो, एतद् = यो; राजनम् = राजन नामक साम, देवतासु = देवताहरूमा, प्रोतम् = प्रतिष्ठित छ।

स० वा०—अग्नि हिङ्कार हो, प्रथम स्थानको हुनाले समानता छ। वायु प्रस्ताव हो, दुवै पक्षमा पहिला पछि लगत्तै निर्देश गरिनु समानता छ। सूर्य उद्गीथ हो, दुवै श्रेष्ठ छन्। नक्षत्रहरू प्रतिहार हो, ती प्रतिहृत (सर्वतः छरिएका) छन्। चन्द्रमा निधन हो, कर्मकाण्डीहरूको अन्तिम गति त्यै छ। यो राजन साम देवताहरूमा प्रतिष्ठित छ।

स य एवमेतद्राजनं देवतासु प्रोतं वेदैतासामेव देवतानाꣳ सलोकताꣳ सार्ष्टिताꣳ सायुज्यं गच्छति सर्वमायुरेति ज्योग्जीवति महान्प्रजया पशुभिर्भवति महान्कीर्त्या ब्राह्मणान्न निन्देत्तद्व्रतम् ॥ २ ॥

द० प०—यः = जो, एतद् = यो, राजनम् = राजन नामक सामलाई, एवम् = यस प्रकार, देवतासु = देवताहरूमा, प्रोतम् = प्रतिष्ठित, वेद = जान्दछ, सः = त्यो, एतासाम् एव = यिनै, देवतानाम् = देवताहरूको, सलोकताम् = एकै लोकमा रहने हुन, सार्ष्टिताम् = एकै किसिमको ऐश्वर्यवान् हुन, सायुज्यम् = एकै देहको हुन, गच्छति =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ, (तथा) सर्वम् = सबै, आयुः = आयु, एति = प्राप्त गर्दछ, ज्योक् = चमकदार हुने गरी, जीवति = जीउँछ, प्रजया = सन्तानले (र), पशुभिः = पशुहरूले, महान् = ठूलो हुन्छ, (एवं) कीर्त्या = यशले, महान् = मान्य, भवति = हुन्छ, ब्राह्मणान् = ब्राह्मणहरूलाई, न निन्देत् = निन्दा नगरोस्, तद् = त्यो, व्रतम् = व्रत हो ।

स० वा०—जो यस राजन नामक सामलाई यस प्रकार देवताहरूमा प्रतिष्ठित जान्दछ, त्यो यिनै देवताहरूका एकै लोकमा रहने हुन्, वा एकै किसिमको ऐश्वर्य भएका हुन्, अथवा उही एकै देहको हुन पाउँछ। तथा पूरै आयु प्राप्त गर्दछ र चमकिलो छाँटले जीउँछ। एवं सन्तान र पशुहरूले सम्पन्न हुन्छ। यशले पनि मान्य हुन्छ। ब्राह्मणहरूलाई निन्दा नगरोस्, त्यो राजन नामक सामका उपासकको व्रत हो ।

दोस्रो अध्यायमा बीसौं खण्ड समाप्त

एकविंश खण्ड

सर्वविषयक सामको उपासना

त्रयी विद्या हिङ्कारस्त्रय इमे लोकाः प्रस्तावोऽग्निर्वायुरादित्यः स उद्गीथो नक्षत्राणि वयाꣳसि मरीचयः स प्रतिहारः सर्पा गन्धर्वाः पितरस्तन्निधनमेतत्साम सर्वस्मिन्प्रोतम् ॥ १ ॥

द० प०—त्रयी विद्याः = समस्त वेद, हिङ्कारः = हिङ्कार हो, त्रयः = तीन, इमे = यी, लोकाः = लोक, प्रस्तावः = प्रस्ताव हो, अग्निः = अग्नि, वायुः=वायु (र) आदित्यः = सूर्य, सः = त्यो (प्रसिद्ध), उद्गीथः = उद्गीथ हो, नक्षत्राणि = नक्षत्रहरू, वयांसि = पक्षीहरू (र), मरीचयः = किरणहरू, सः = त्यो, प्रतिहारः = प्रतिहार हो, सर्पाः = सर्पहरू, गन्धर्वाः = गन्धर्वहरू (र), पितरः = पितृहरू, तत्=त्यो, निधनम्= निधन हो, एतत् = यो, साम = साम, सर्वस्मिन् = सबै विषयमा, प्रोतम्=प्रतिष्ठित छ ।

स० वा०—संपूर्ण वेद हिङ्कार हो, साममा पहिलो हिङ्कार हो, सम्पूर्ण कर्मको आरम्भमा वेद चाहिने हुनाले यो पनि पहिलो हो । तीन लोक प्रस्ताव हो, हिङ्कार-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि प्रस्ताव आउनु र वेदपछि लोकहरू प्राप्त हुनु समानता छ। अग्नि, वायु र सूर्य उद्गीथ हुन्, दुवैतर्फ श्रेष्ठता छ। नक्षत्र, पक्षी र किरणहरू प्रतिहार हो, यो प्रतिहृत अर्थात् सबैतिर फैलिएका छन्। सर्प, गन्धर्व र पितृहरू निधन हो, सर्प आदि शब्दमा धकार हुनाले समानता छ। यो साम सबै विषयमा प्रतिष्ठित छ।

टिप्पणी—यहाँ सर्प शब्दमा धकार छैन तापनि त्यसको पर्याय 'विषधर, फणधर' आदि शब्दको धकार लिई समानता मान्नुपर्दछ। जस्तो २।२।१ मा उद्गीथसँग अन्तरिक्षको समानता मात्र अन्तरिक्ष शब्दको पर्याय 'गगन' शब्द लिइएको थियो।

स य एवमेतत्साम सर्वस्मिन्प्रोतं वेद सर्वꣳह भवति ॥ २ ॥

द० प०—यः=जो, एतद् = यस, साम = सामलाई, एवम् = यसरी, सर्वस्मिन् = सबैमा, प्रोतम् = प्रतिष्ठित, वेद=जान्दछ, सः = त्यो, सर्वम् = सबै, ह = नै, भवति = हुन्छ।

स० वा०—जो यस सर्वविषयक सामलाई यसरी सबैमा प्रतिष्ठित जान्दछ, त्यो सबै नै हुन्छ अर्थात् सबैमा स्वामित्व राख्ने हुन्छ।

सर्वविषयक सामको उपासनाको उत्कर्ष

तदेष श्लोको यानि पञ्चधा त्रीणि त्रीणि तेभ्यो न ज्यायः परमन्यदस्ति ॥ ३ ॥

द० प०—तद् = त्यस विषयमा, एषः = यो, श्लोकः = मन्त्र छ; यानि = जुन, पञ्चधा=पाँच प्रकारले (कहिएका), त्रीणि त्रीणि = तीन तीन (त्रयी विद्या आदि गरिएका) छन्, तेभ्यः = ती पाँच त्रिकदेखि, परम्=भिन्न, ज्यायः = ठूलो, अन्यत्= अर्को वस्तु, न अस्ति = छैन।

स० वा०—त्यस विषयमा यो मन्त्र छ—जुन पाँच प्रकारले कहिएका त्रयी विद्या आदि त्रिकहरू छन्, ती पाँच त्रिकभन्दा बाहेकको अर्को ठूलो वस्तु छैन अर्थात् त्यसैमा सबैको अन्तर्भाव छ।

यस्तद्वेद स वेद सर्वꣳ सर्वा दिशो बलिमस्मै हरन्ति सर्वमस्मीत्युपासीत तद्व्रतं तद्व्रतम् ॥ ४ ॥

द० प०—यः = जो, तत् = त्यस पञ्च त्रिकको महिमा, वेद=जान्दछ, सः = त्यो; सर्वम् = समस्त वस्तु, वेद = जान्दछ, अस्मै = यस उपासकलाई, सर्वाः = संपूर्ण, दिशः = दिशाहरू, बलिम् = उपहार, हरन्ति = चढाउँछन्, (म) सर्वम् = सबै, अस्मि

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

=हुँ, इति = यस्तो भनी, उपासीत = उपासना गरोस्, तद् = त्यो, व्रतम् = व्रत हो, तद् = त्यो, व्रतम् = नियम हो ।

स० वा०—जो त्यस पञ्चत्रिकको महिमा जान्दछ र उपासना गर्दछ, त्यो सबै (अर्थात् सबै कुरा जान्ने) हुन्छ । त्यस उपासकलाई संपूर्ण दिशाहरू उपहार चढाउँछन् अर्थात् सबैतिरबाट अपेक्षित वस्तु प्रस्तुत हुन्छन् । 'म सबै हुँ' भनी उपासना गरोस् । यो सर्वविषयक सामका उपासनाको नियम हो ॥

दोस्रो अध्यायमा एक्काईसौं खण्ड समाप्त

द्वाविंश खण्ड

विनर्दिगुणविशिष्ट सामको उपासना

संबन्ध—सामका उपासनाका प्रसङ्गले फलविशेषको सम्बन्ध हुने हुँदा गानविशेष आदि सम्पत्ति उद्गातालाई उपदेश गरिन्छ ।

विनर्दि साम्नो वृणे पशव्यमित्यग्नेरुद्गीथोऽनिरुक्तः प्रजापतेर्निरुक्तः सोमस्य मृदु श्लक्ष्णं वायोः श्लक्ष्णं बलवदिन्द्रस्य क्रौञ्चं बृहस्पतेरपध्वान्तं वरुणस्य तान्सर्वानेवोपसेवेत वारुणं त्वेव वर्जयेत् ॥ १ ॥

द० प०—साम्नः=सामको, विनर्दि = विनर्दिनामक (गान) लाई, वृणे= वरण गर्दछु, (त्यो) पाशव्यम् = पशुहरूलाई हित गर्ने छ । अग्नेः = अग्नि देवता-संबन्धी, उद्गीथः=उद्गान हो, प्रजापतेः=प्रजापति देवता-संबन्धी गान विशेष, अनिरुक्तः=फलानो जस्तो भनेर निर्देश नगरिएको छ, सोमस्य=चन्द्र देवता-संबन्धी गान विशेष, निरुक्तः=स्पष्ट छ, वायोः=वायुदेवता-संबन्धी गान, मृदुः=कोमल (तथा), श्लक्ष्णम्=मसिनो छ । इन्द्रस्य=इन्द्र देवता-संबन्धी गान, श्लक्ष्णम्=मसिनो (र), बलवत् = बलियो, (यत्नले उच्चारण गर्नुपर्ने) छ, बृहस्पतेः=बृहस्पति देवता-संबन्धी गान, क्रौञ्चम्=कन्याङकुरुङको शब्द जस्तो छ, वरुणस्य=वरुण देवता-संबन्धी=गान, अपध्वस्तम्=भ्रष्ट छ, तान्=ती, सर्वान् एव = सबैलाई, उपसेवेत=सेवन गरोस्, वारुणम् तु एव=वरुण देवता-संबन्धी गान मात्र, वर्जयेत्=छोडोस् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—सामको विर्नदि (साँढेको स्वर जस्तो) नामक गानलाई म वरण गर्छु, त्यो पशुहरूलाई हित गर्ने छ र अग्नि देवता-संबन्धी उद्‌गान हो। प्रजापति देवता-संबन्धी गान-विशेष फलानो जस्तो भनेर निर्देश गरिएको छैन। चन्द्रदेवता संबन्धी गान-विशेष स्वच्छ छ। वायुदेवता-संबन्धी गान कोमल र मसिनो छ। इन्द्र-देवता-संबन्धी गान मसिनो तर बलियो (गाउन कोशिश पर्ने) छ। बृहस्पति देवता-संबन्धी गान कन्याङकुरुङको स्वरे जस्तो छ। वरुण देवता-संबन्धी गान फुटेको काँसको भाँडो बजेजस्तो भ्रष्ट छ। यी सबै गान-विशेषलाई काम लगाउनू, केवल वरुण-देवता-संबन्धी गानलाई वर्जित गर्नू।

स्तवनका समयमा ध्यान गर्ने प्रकार

अमृतत्वं देवेभ्य आगायानीत्यागायेत्स्वधां पितृभ्य आशां मनुष्येभ्यस्तृणोदकं पशुभ्यः स्वर्गं लोकं यजमानायान्नमात्मन आगायानीत्येतानि मनसा ध्यायन्नप्रमत्तः स्तुवीत ॥ २ ॥

द० प०—(म) देवेभ्यः=देवताहरूका निमित्त, अमृतत्वम्=अमृतत्व, आगायानि=साधन गरूँ, इति=यस्तो चिताएर, आगायेत्=गान गरोस्, पितृभ्यः=पितृहरूका निमित्त, स्वधाम्=स्वधा, मनुष्येभ्यः=मनुष्यहरूका निमित्त, आशाम्=इष्ट वस्तु, पशुभ्यः=पशुहरूका निमित्त, तृणोदकम्=घाँस पानी, यजमानाय=यज्ञ गर्नेका निमित्त, स्वर्गम्=स्वर्ग, लोकम्=लोक, आत्मने=आफ्ना निमित्त, अन्तम्=अन्त,=आगायानि=साधन गरूँ,एतानि=यी कुरा, मनसा=मनले, ध्यायन्=चिन्तन गर्दै, अप्रमत्तः=सावधान भएर, स्तुवीत=स्तवन गरोस्।

स० वा०—'म देवताहरूका निमित्त अमृतत्व साधन गरूँ' यस्तो चिताएर गान गरोस्, पितृहरूका निमित्त स्वधा, मनुष्यहरूका निमित्त अभीष्ट वस्तु, पशुहरूका निमित्त घाँस-पानी, यज्ञ गर्नेहरूका निमित्त स्वर्गलोक र आफ्ना निमित्त अन्न साधन गरूँ। यी कुरा मनले चिन्तन गर्दै सावधान भई स्तवन गर्नू।

स्वरादि वर्णहरूको देवात्मकता

सर्वे स्वरा इन्द्रस्यात्मानः सर्व ऊष्माणः प्रजापतेरात्मनः सर्वे स्पर्शा मृत्योरात्मानस्तं यदि स्वरेषूपालभेतेन्द्रं॰ शरणं प्रपन्नोऽभूवं स त्वा प्रति वक्ष्यतीत्येनं ब्रूयात् ॥ ३ ॥

द० प०—सर्वे=संपूर्ण, स्वराः=अकारादि वर्ण, इन्द्रस्य=बलकर्मवाला प्राणका, आत्मानः=देहका अवयवस्थानीय हुन्, सर्वे=संपूर्ण, ऊष्माणः='श, ष, स

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ह' हरू, प्रजापतेः=विराट्का, आत्मनः=देहावयवस्थानीय हुन्, सर्वे=समस्त, स्पर्श ('क' देखि 'म' सम्मका वर्ण), मृत्योः=मृत्युका, आत्मानः=अवयवस्थानीय हुन्, तम्=त्यस (यस्तो जान्ने उद्गाता) लाई, (कसैले), स्वरेषु=स्वरहरूका विषयमा, उपालभेत यदि=दोष लगाएछ भने, इन्द्रम् प्राणरूप ईश्वरलाई, शरणम्=आश्रय, प्रपन्नः=लिएको, अभूवम्=थिएँ, सः=तिनले, त्वा प्रति=तिम्रा उपर, वक्ष्यति=उत्तर दिनेछन्, इति=यसो, एनम्=यस (दोष लगाउने) लाई, ब्रूयात्=भनोस् ।

स० वा०—संपूर्ण स्वर (अकारादि वर्ण) इन्द्र (बलकर्म भएका) प्राणका शरीरावयव स्थानीय हुन् । सबै ऊष्म (श, ष, स, ह) विराट्का शरीरावयव स्थानीय हुन् । समस्त स्पर्श ('क' देखि 'म' सम्मका वर्ण) मृत्युका शरीरावयव स्थानीय हुन् । यस्तो जान्ने उद्गातालाई स्वरका विषयमा कसैले दोष लगाएछ भने उसलाई भनोस् कि–'प्राणरूप ईश्वरलाई आश्रय लिएको थिएँ, तिमीलाई तिनैले उत्तर देलान् ।'

अथ यद्येनमूष्मसूपालभेत प्रजापतिꣳ शरणं प्रपन्नोऽभूवं स त्वा प्रति पेक्ष्यतीत्येनं ब्रूयादथ यद्येनꣳ स्पर्शेपूपालभेत मृत्युꣳ शरणं प्रपन्नोऽभूवं स त्वा प्रति धक्ष्यतीत्येनं ब्रूयात् ॥ ४ ॥

द० प०—अथ=अनि, एनम्=यस (यस्तो जान्ने उद्गाता) लाई, (कसैले), ऊष्मसु=ऊष्म वर्णका विषयमा, उपालभेत=यदि खोट लगाउलात, प्रजापतिम्=विराट्लाई, शरणम्=आश्रय, प्रपन्नः=लिएको, अभवम्=थिएँ, सः=तिनै, त्वा प्रति=तिमी उपर, पेक्ष्यति=चूर्ण गर्ने होलान्, इति=यसो, एनम्=यस (दोष लगाउने)-लाई, ब्रूयात्=भनोस्, अथ=अनि, एनम्=यस (यस्तो जान्ने उद्गाता) लाई, (कसैले) स्पर्शेषु=स्पर्शवर्णका विषयमा, उपालभेत=यदि=दोष लगाएछ भने, मृत्युम्=मृत्युलाई, शरणम् प्रपन्नः=आश्रय लिएको, अभूवम्=थिएँ, सः=ती, त्वा प्रति=तिम्रा उपर, धक्ष्यति=डढाउने होलान्, इति=यसो, एनम्=यस (दोष लगाउने) लाई, ब्रूयात्=भनोस् ।'

स० वा०—यस्तो जान्ने उद्गातालाई कसैले ऊष्मवर्णका विषयमा खोट लगाउला त त्यसलाई भन्नू—'मैले विराट्लाई आश्रय लिएको थिएँ, तिनीले तिमीलाई धूलो पार्ने छन् ।' अनि उक्त कुरा जान्ने उद्गातालाई कसैले स्पर्शवर्णका विषयमा दोष लगायो भने त्यसलाई भन्नू—'मैले मृत्युलाई आश्रय लिएको थिएँ, उनले तिमीलाई डढाउलान् ।

वर्णहरूका उच्चारण कालमा चिन्तनीय

सर्वे स्वरा घोषवन्तो बलवन्तो वक्तव्या इन्द्रे बलं ददानीति सर्व

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऊष्माणो ऽग्रस्ता अनिरस्ता विवृता वक्तव्याः प्रजापतेरात्मात्मानं परिददानीति सर्वे स्पर्शा लेशेनानभिनिहिता वक्तव्या मृत्योरात्मानं परिहराणीति ॥ ५ ॥

द० प०—इन्द्रे=प्राणरूप ईश्वरमा, बलम्=बल, ददानि=आधान गरूँ, इति=यस्तो चिन्तन गरेर, सर्वे=संपूर्ण, स्वराः=स्वरहरू, घोषवन्तः=घोष प्रयत्नवाला, (र) बलवन्तः=बल पर्ने गरी, वक्तव्याः=उच्चारण गर्नू, प्रजापतेः = विराट्लाई, आत्मानम्=आफू, ददानि = दिऊँ, इति=यस्तो चिन्तन गरेर, सर्वे=सबै, ऊष्माणः=ऊष्मवर्ण, अग्रस्ताः=भित्र नदबाईकन, अनिरस्ताः=बाहिर ज्यादा ननिकालीकन, (र) विवृताः=विवृत प्रयत्नले युक्त हुने गरी, वक्तव्याः=उच्चारण गर्नुपर्दछ। मृत्योः=मृत्युबाट, आत्मानम्=आफूलाई, परिहराणि=बिस्तारै उठाऊँ, इति=यस्तो चिन्तन गरेर, सर्वे=संपूर्ण, स्पर्शाः=स्पर्श वर्ण, लेशेन=थोरैजसो, अनभिनिहिताः=परस्पर नजुटेका गरी, वक्तव्याः=उच्चारण गर्नु योग्य छन्।

स० वा०—'प्राणरूप ईश्वरमा बल आधान गरूँ' यस्तो चिन्तन गरेर संपूर्ण स्वरहरू घोष प्रयत्न हुने र बल पर्ने गरी उच्चारण गर्नुपर्दछ। "विराट्लाई आफू दिऊँ", यस्तो चिन्तन गरेर सबै ऊष्मवर्णहरूलाई भित्र पनि नदबाएर बाहिर पनि ज्यादा ननिकालेर विवृत प्रयत्नले युक्त हुने गरी उच्चारण गर्नुपर्दछ। 'मृत्युबाट आफूलाई बिस्तारै हटाऊँ' यस्तो चिन्तन गरेर संपूर्ण स्पर्शवर्ण अलिकति मात्र परस्पर नजुटेका गरी उच्चारण गर्नुपर्दछ।

दोस्रो अध्यायमा बाईशौं खण्ड समाप्त

•

त्रयोविंश खण्ड

तीन धर्मस्कन्ध

सम्बन्ध—ओङ्कारको उपासना-विधान गर्ना-निमित्त 'त्रयो धर्मस्कन्धाः' इत्यादि ग्रन्थ आरम्भ गरिन्छ। यसमा यस्तो नठान्नू कि 'सामका अवयवभूत उद्गीथादि स्वरूप ओङ्कारको उपासनाले नै फल पाइन्छ नि!' के त भने, कुरा यो हो—जो समस्त सामोपासनाले र कर्महरूले पाउन नसकिने अमृतत्वरूप हो, त्यो केवल ओङ्कार-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को उपासनाले पाइन्छ। त्यसैको प्रशंसाका निमित्त यस साम प्रकरणमा त्यसको उपन्यास गरिएको छ।

त्रयो धर्मस्कन्धा यज्ञोऽध्ययनं दानमिति प्रथमस्तप एव द्वितीयो ब्रह्मचार्याचार्यकुलवासी तृतीयोऽत्यन्तमात्मानमाचार्यकुलेऽवसादयन्सर्व एते पुण्यलोका भवन्ति ब्रह्मसꣳस्थोऽमृतत्वमेति ॥ १ ॥

द० प०—धर्मस्कन्धाः=धर्मका विभाग, त्रयः=तीन छन्, (तिनमा) यज्ञः=अग्निहोत्र आदि, अध्ययनम्=नियमपूर्वक ऋग्वेद आदिको अभ्यास, (र) दानम्=भिक्षा माँग्नेहरूलाई यथाशक्ति द्रव्य-प्रदान, इति=यो, प्रथमः=पहिलो (एक) स्कन्ध हो, (यो कर्म गृहस्थसँग सम्बन्ध राख्ने हुनाले यिनको कर्ता गृहस्थाश्रमी सम्झनुपर्छ।), तपः=कृच्छ्र चान्द्रायण आदि, एव=नै, द्वितीयः=दोस्रो स्कन्ध हो, (यसले युक्त तपस्वी वानप्रस्थाश्रमी अथवा साधारण संन्यासी हुन्छ।), ब्रह्मचारी =ब्रह्मचर्यमा रहने, आचार्यमण्डलवासी=गुरुकुलमा नै रहन शील भएको (जो कि), आत्मानम्=शरीरलाई, आचार्यकुले=गुरुकुलमा, अत्यन्तम्=ज्यादै नै, अवसादयन्=क्षीण गराउने अर्थात् नैष्ठिक ब्रह्मचारी, तृतीयः=तेस्रो स्कन्ध हो, एते=यी, सर्वे=सबै, पुण्यलोकाः=पुण्यलोक प्राप्त गर्ने, भवन्ति=हुन्छन्, ब्रह्मसंस्थः=ब्रह्ममा राम्रै गरी स्थित भएको संन्यासीचाहिं, अमृतत्वम्=अमरण धर्मीपन (मोक्ष) मा, एति=प्राप्त हुन्छ।

स० वा०—धर्मका विभाग तीन छन्–तिनमा अग्निहोत्रादि यज्ञ, नियमपूर्वकको वेदाभ्यास र भिक्षा माँग्नेहरूलाई यथाशक्ति द्रव्य-प्रदान यो एक स्कन्ध (विभाग) हो, यी कर्म गृहस्थसँग सम्बन्ध राख्ने हुनाले यिनको कर्ता गृहस्थाश्रमी सम्झनुपर्छ। कृच्छ्र, चान्द्रायण आदि तप हो, त्यो दोस्रो स्कन्ध हो। त्यसले युक्त हुन्छ तपस्वी। त्यसले वानप्रस्थाश्रमी वा साधारण संन्यासी सम्झनुपर्छ। ब्रह्मचर्य लिई गुरुकुलमा रहने, जो कि गुरुकुलमै शरीर क्षीण गराउने नैष्ठिक ब्रह्मचारी हो, त्यसको कर्म तेस्रो स्कन्ध हो। यी गृहस्थ वानप्रस्थ र नैष्ठिक ब्रह्मचारीहरू पुण्यलोक प्राप्त गर्ने हुन्छन्। बाँकी रह्यो—ब्रह्ममा राम्रै गरी स्थित भएको संन्यासाश्रमी, त्यो अमरण धर्मीपन अर्थात् मोक्ष प्राप्त गर्ने हुन्छ।

टिप्पणी—यहाँ कोही भन्दछन्—यस कण्डिकामा ज्ञान नभएका चारै आश्रमीलाई आफ्ना कर्मका अनुष्ठानबाट पुण्यलोक मिल्छ भन्ने कहिएको छ। यसमा संन्यासी छुटेको छैन। किनभने त्यसका पनि ज्ञान, यम, नियमहरू तप नै हुन्छन्। यसकारण यहाँ तपः शब्दले संन्यासी पनि तपस्वी (वानप्रस्थ) पनि ग्रहण गरिएका छन्। अतः तिनै चार आश्रमीमध्ये जो ब्रह्ममा राम्ररी स्थित प्रणवोपासक हो, त्यो अमृतत्व प्राप्त गर्दछ भन्ने अभिप्राय हो। अधिकार चारैलाई समान छ, ब्रह्मसंस्थ हुनलाई निषेध पनि

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । आफाफ्ना कर्मको अनुष्ठान गरिसकेपछिका अवकाशमा ब्रह्ममा स्थित हुन सक्नु पनि संभवै छ । संन्यासधर्म-युक्त नै ज्ञान अमृतत्व-साधन हो भन्न पनि हुँदैन, आश्रम-धर्मत्व अरू आश्रमधर्ममा पनि एकैनास छ । ज्ञान-विशिष्ट धर्म नै अमृतत्वको साधन हो भन्ने माने पनि यो नियम सबै आश्रमीका निमित्त समानै छ । त्यस्तो कुनै वचन छैन कि 'संन्यास लिएकै चाहिं ब्रह्मसंस्थलाई मोक्ष प्राप्त हुन्छ, अरूलाई हुँदैन ।' किन्तु समस्त उपनिषद्को सिद्धान्त छ—'ज्ञानले मोक्ष हुन्छ ।' त्यसकारण आश्रमविहित कर्मवालाहरूमा जो ब्रह्मसंस्था छ, त्यो अमृतत्व प्राप्त गर्दछ भन्नु नै युक्त हुन्छ ।

तर त्यसो हैन । कर्मको निमित्तभूत प्रतीति र विद्या प्रतीतिको परस्पर विरोध छ । कर्ता आदिकारक, क्रिया र फलको प्रतीति युक्त हुनुरूप निमित्त लिएर 'यो गर, यो नगर' भन्ने कर्मविधिहरू प्रवृत्त भएका छन् । त्यो निमित्त शास्त्रले उब्जाएको होइन, सबै प्राणीमा देखिन्छ र स्वाभाविकै हो । 'एकै अद्वितीय सत् हो (छा० उ० ६।२।१) 'यो सब आत्मा नै हो' (छा० उ० ७।२५।२) 'यो सब ब्रह्म नै हो' (नृसिंही० उ० ७) यस्तो विद्यारूप प्रतीतिचाहिं शास्त्रले उब्जाएको हो । त्यो प्रतीति कर्मविधिको निमित्तभूत स्वभावमा भैरहेको क्रिया–कारक–फल–भेदरूप प्रतीतिलाई खतम नगरीकन उब्जँदैन । किनकि भेद-प्रतीति र अभेद–प्रतीतिको परस्पर विरोध छ । तिमिर रोग नाश भएपछि द्विचन्द्रादि भेद-प्रतीतिलाई नष्ट नगरीकन एकचन्द्रत्व-प्रतीति उब्जँदैन, विद्या-प्रतीति र अविद्या-प्रतीतिको परस्पर विरोध छ । एउटाका सत्तामा अर्को रहन कसै सक्तैन ।

यस स्थितिमा जुन भेद-प्रतीतिलाई लिएर कर्मविधिहरू प्रवृत्त भएका छन्, त्यो प्रतीति उक्त उपनिषद्वाक्यप्रमाणले उब्जाएका एकत्व-प्रतीतिले जुन पुरुषको नष्ट भएको छ त्यो निमित्त निवृत्त भएकाले समस्त कर्मबाट निवृत्त भएको हुन्छ । त्यै निवृत्तकर्मा पुरुष 'ब्रह्मसंस्थ' भनिन्छ । त्यस्तो ब्रह्मसंस्थ संन्यासी नै हुन सक्छ, अरू हुन सक्तैन ।

त्रयी विद्या र व्याहृतिको उत्पत्ति

संबन्ध—जसमा स्थित हुनाले अमृतत्व प्राप्त गर्दछ, त्यसको निरूपण गर्नाका निमित्त भन्दछ—

प्रजापतिर्लोकानभ्यतपत्तेभ्योऽभितप्तेभ्यस्त्रयी विद्या संप्रास्रवत्तामभ्य-तपत्तस्या अभितप्ताया एतान्यक्षराणि संप्रास्रवन्त भूर्भुवः स्वरिति ॥ २ ॥

द० प०—प्रजापति=विराट्ले, लोकान्=लोकहरूलाई (उद्देश्य गरेर), अभ्यतपत्=ध्यानरूप तप गरे, अभितप्तेभ्यः=ध्यानरूपले तपिएका, तेभ्यः=ती लोक-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरूबाट, त्रयी विद्या=वेदविद्या, संप्रास्रवत्=प्रादुर्भूत भयो। ताम्=त्यस (वेदविद्या) लाई (उद्देश्य गरेर), अभ्यतपत्=ध्यानरूपले तप गरे, अभितप्तायाः=ध्यानरूपले तपिएका, तस्याः=त्यस (वेदविद्या) बाट, भूः, भुवः, स्वः, एतानि=यी, अक्षराणि=अक्षरहरू, संप्रास्रवन्त=प्रादुर्भूत भए।

स० वा०—विराट्ले लोकहरूलाई उद्देश्य गरेर ध्यानरूप तप गरे। ध्यानरूपले तपिएका ती लोकहरूबाट विराट्का मनमा वेद विद्या प्रादुर्भूत भयो। अनि त्यस वेदविद्यालाई उद्देश्य गरेर ध्यानरूप तप गरे। ध्यानरूपले तपिएका त्यस वेदविद्याबाट विराट्का मनमा 'भूः,' भुवः,' 'स्वः' यी व्याहृतिरूप तीन अक्षर प्रादुर्भूत भए।

ओंकारको उत्पत्ति

तान्यभ्यतपत्तेभ्योऽभितप्तेभ्य ओंकारः संप्रास्रवत्तद्यथा शंकुना सर्वाणि पर्णानि संतृण्णान्येवमोङ्कारेण सर्वा वाक्संतृण्णोङ्कार एवेदꣳ सर्वमोङ्कार एवेदꣳ सर्वम् ॥ ३ ॥

द० प०—(विराट्ले) तानि=ती, व्याहृतिरूप अक्षरलाई (उद्देश्य गरेर), अभ्यतपत्=ध्यानरूप तप गरे, अभितप्तेभ्यः=ध्यानरूपले तपिएका, तेभ्यः=ती अक्षरहरूबाट, ॐकारः=ओङ्कार, संप्रास्रवत्=प्रादुर्भूत भयो, तद्=त्यो ओङ्काररूप ब्रह्म, (कस्तो छ त ?), यथा=जसरी, शङ्कुना=भेट्नाले, (नसारूपले), सर्वाणि=संपूर्ण, पत्राणि=पातहरू, संतृष्णानि=व्याप्त हुन्छन्, एवम्=यसै गरी, ओङ्कारेण ओङ्कारले, सर्वाः=समस्त, वाक्=वाणी, संतृष्णा=व्याप्त छ, (अतः) इदम्=यो, सर्वम्=संपूर्ण जगत्, ओङ्कार एव=ओङ्कार नै हो। इदम्=यो सम्पूर्ण जगत्, ओङ्कार एव=ओङ्कार नै हो।

स० वा०—अनि विराट्ले ती व्याहृतिरूप अक्षरलाई उद्देश्य गरेर ध्यानरूप तप गरे। ध्यानरूपले तपिएका ती व्याहृतिरूप अक्षरहरूबाट विराट्का मनमा ओङ्कार प्रादुर्भूत भयो। त्यो ओङ्काररूप ब्रह्मले जसरी भेट्नाले नसारूपले पूरै पातलाई व्याप्त गरेको हुन्छ, उसै गरी समस्त वाणीलाई व्याप्त गरेको छ। तब यावत् नामधेय परमात्माको विकार हुनाले यो जति छ, समस्त जगत् ओङ्कार नै हो।

द्वितीय अध्यायमा तेईसौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्विंश खण्ड

सवनहरूका अधिकारी देवता

संबन्ध—सामोपासनाका प्रसङ्गले कर्मको अङ्गरूप हुन आएका ओङ्कारलाई सो कर्माङ्गताबाट हटाई परमात्माको प्रतीक हुनाका कारण अमृतत्वको हेतुरूपले महान् बनाएर अब प्रकरण प्राप्त यज्ञकै अङ्ग भएका सामान, होम, मन्त्र र उत्थानको उपदेश गर्दै श्रुति भन्दछ—

ब्रह्मवादिनो वदन्ति यद्वसूनां प्रातः सवनꣳ रुद्राणां माध्यन्दिनꣳ सवनमादित्यानां च विश्वेषां च देवानां तृतीयसवनम् ॥ १ ॥

द० प०—ब्रह्मवादिनः=ब्रह्मवादीहरू, वदन्ति=भन्दछन् कि, यत्=जुन, प्रातः सवनम्=प्रातः सवन हो, (त्यो) वसूनाम्=वसुहरूको हो, माध्यन्दिनम्=मध्याह्न सवन, रुद्राणाम्=रुद्रहरूको हो, तृतीयसवनम् = सायाह्न सवन, आदित्यानाम् =आदित्यहरूको, च = र, विश्वेषाम् देवानाम् = विश्वेदेवहरूको, च=पनि, हो ।

स० वा०—ब्रह्मचारीहरू भन्दछन्—प्रातः सवन वसुदेवताहरूको हो, अर्थात् प्रातः सवनसँग संबद्ध भएको यो लोक यज्ञ सवनका अधिपत्ति वसुहरूले वश गरिएको छ । मध्याह्न सवन रुद्रहरूको हो । अर्थात् यस सवनसँग संबद्ध भएको अन्तरिक्ष लोक रुद्रहरूले वश गरिएको छ । सायाह्न सवन आदित्य र विश्वेदेवहरूको हो । अर्थात् यस सवनसँग संबद्ध भएको द्युलोक आदित्य र विश्वेदेवहरूले वश गरिएको छ । अतः यज्ञ गर्नेका निमित्त अवशिष्ट रहेको लोक कुनै छैन ।

साम आदि जान्ने नै यज्ञ गर्न योग्य हुन्छ

क्व तर्हि यजमानस्य लोक इति स यस्तं न विद्यात्कथं कुर्यादथ विद्वान् कुर्यात् ॥ २ ॥

द० प०—तर्हि=त्यसो भए, यजमानस्य=यजमानको, लोक=लोक, क्व=कहाँ छ ? इति=यसो भनेर, यः = जो, तम्=त्यस लोकलाई (आपस गर्ने उपाय), न विद्यात्=जानोइन, सः=त्यो, कथम्=कसरी, कुर्यात्=यज्ञ गर्ला, अथ=पक्षान्तरमा, विद्वान्=जान्दछ त, कुर्यात्=यज्ञ गर्ला ।

स० वा०—त्यसो भए यज्ञ गर्नेको लोक कहा छ त ? भनेर जो लोक आपस गर्ने उपाय जानोइन, त्यो यज्ञ कसरी गर्ला ? यदि जान्दछ त गर्ला ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रातः सवनका वसुदेवता-संबन्धी साम-गान

संवन्ध—के हो त त्यो जान्नुपर्ने कुरा ? भने—

पुरा प्रातरनुवाकस्योपाकरणाज्जघनेन गार्हपत्यस्योदङ्मुख उपविश्य स वासवꣳ सामाभिगायति ॥ ३ ॥

द० प०—प्रातरनुवाकस्य=प्रातरनुवाक (एक 'शस्त्र' नामक स्तोत्र पाठ) को, उपाकरणात्=आरम्भ गर्नुभन्दा, पुरा=अघि, सः=त्यो यजमान, गार्हपत्यस्य=गार्हपत्य अग्निको, जघनेन=पश्चिमपट्टि, उदङ्मुखः=उत्तर मोहडा गरी, उपविश्य=बसेर, वासवम्=वसुदेवता-सम्बन्धी, साम=साम, अभिगायति=गाउँदछ ।

स० वा०—प्रातरनुवाक (प्रातः कालमा पढिने 'शास्त्र' नामक स्तोत्र पाठ) को आरम्भ गर्नुभन्दा पहिले यजमान गार्हपत्य अग्निका पश्चिमपट्टि उत्तर मोहडा भई बसेर वसुदेवता-सम्बन्धी साम गान गर्दछ ।

टिप्पणी—जुन ऋक् मन्त्रहरूको गान गरिदैन उनलाई शस्त्र भन्दछन् र जुन शस्त्रहरूको प्रातः कालमा पाठ गरिन्छ, उनको नाम 'प्रातरनुवाक' हो ।

लो ३ कद्वारमपावा ३ णू ३ ३ पश्येम त्वा वयꣳ रा ३ ३ ३ ३ ३ हु ३ म् आ ३३ ज्या ३ यो ३ आ ३ २ १ १ १ इति ॥ ४ ॥

द० प०—[हे अग्ने]=हे अग्निदेव ! (तिमी), लोकद्वारम्=यस पृथ्वी-लोकको ढोका, अपावृणु=खोलिदेऊ, (हामी), राज्याय=राज्य प्राप्तिका निमित्त, (त्यस द्वारबाट), त्वा=तिमीलाई, पश्येम=हेरौं । इति=यो वसुदैवत्य साम हो ।

स० वा०—हे अग्निदेव ! तिमी यस पृथ्वी लोकको ढोका खोलिदेऊ । हामी राज्य प्राप्तिका निमित्ता त्यस द्वारबाट तिम्रो दर्शन गरौं ।

अथ जुहोति नमोऽग्नये पृथिवीक्षिते लोकक्षिते लोकं मे यजमानाय विन्दैष वै यजमानस्य लोक एतास्मि ॥ ५ ॥

अत्र यजमानः परस्तादायुषः स्याहापजहि परिघमित्युक्त्वोत्तिष्ठति तस्मै । वसवः प्रातः सवनꣳ संप्रयच्छन्ति ॥ ६ ॥

द० प०—अथ=त्यसपछि, (यजमान यस मन्त्रद्वारा) जुहोति=हवन गर्दछ, पृथिवीक्षिते=पृथ्वीमा रहने, लोकक्षिते=पृथ्वीरूपै लोकमा निवास गर्ने, अग्नये=अग्निदेवलाई, नमः=नमस्कार छ, (तिमी), यजमानाय=यज्ञ गर्ने, मे=मलाई, लोकम्=पृथ्वीलोक, विन्द=प्राप्त गराऊ, वै=निस्सै, एषः=यो, लोकः=पृथ्वी लोक, यजमानस्य=यज्ञ गर्नेको हो । अत्र=यस लोकमा, यजमानः=यज्ञ गर्ने म, आयुषः=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनकालका, परस्तात्=पछि, एता अस्मि=जानेछु, स्वाहा=आहुति प्रदान गर्दछु, परिघम् = आग्लो, अपजहि=हटाइदेऊ, इति=यस प्रकारको मन्त्र पढेर, उत्तिष्ठति = उठ्तछ, तस्मै=त्यस यजमानलाई, वसवः=वसुदेवताहरू, प्रातःसवनम्=प्रातः सवन-सँग सम्बद्ध भएको लोक, सम्प्रयच्छन्ति=दिन्छन् ।

स० वा०—त्यसपछि यजमान यस ('नमोऽग्नये' देखि 'स्वाहा' सम्मका) मन्त्र-द्वारा हवन गर्दछ । उसको अर्थ छ—पृथ्वीमा रहने पृथ्वीरूपै लोकमा निवास गर्ने अग्निदेवलाई नमस्कार छ । तिमी यज्ञ गर्ने मलाई लोक प्राप्त गराऊ । निस्सै यो पृथ्वीलोक यज्ञ गर्नेको हो । यस लोकमा यज्ञ गर्ने म आयु समाप्त भएपछि जानेछु । म यो आहुति गर्दछु । लोकद्वारको आग्लो हटाइदेऊ । यस प्रकारको मन्त्र पढेर उठ्तछ । यतो भएपछि वसुदेवताहरू यजमानलाई प्रातः सवनसँग सम्बद्ध भएको पृथ्वीलोक प्रदान गर्दछन् ।

मध्याह्न सवनमा रुद्र-सम्बन्धी सामगान

पुरा माध्यन्दिनस्य सवनस्योपाकरणाज्जघनेनाग्नीध्रीयस्योदङ्मुख उपविश्य स रौद्रꣳ सामाभिगायति ॥ ७ ॥

द० प०—माध्यन्दिनस्य सवनस्य=मध्याह्न सवनको, उपकरणात्=आरम्भ हुनु-भन्दा, पुरा=अघि, सः=त्यो यजमान, अग्नीध्रीयस्य=दक्षिणाग्निका, जघनेन=पश्चिमपट्टि, उदङ्मुखः=उत्तर मोहडा गरी, उपविश्य=बसेर, रौद्रम्=रुद्र देवता-सम्बन्धी, साम=साम, अभिगायति=गाउँदछ ।

स० वा०—मध्याह्न सवनको आरम्भ हुनुभन्दा अघि यजमान दक्षिणाग्निका पश्चिमपट्टि उत्तर मोहडा लाई रुद्रदेवता-सम्बन्धी साम गाउँदछ ।

लो३ ऽकद्वारमपावा३र्णू ३३ पश्येम त्वा वयं वैरा ३ ३ ३ ३ ३ हु ३ म् आ ३३ ज्या ३ यो ३ आ ३ २ १ १ १ इति ॥ ८ ॥

द० प०—[हे वायो]=हे वायुदेव, (तिमी), लोकद्वारम्=अन्तरिक्ष लोकको ढोका, अपावृणु=खोलिदेऊ, (जुन द्वारबाट हामी) वैराज्याय=वैराज्यपद-का लागि, त्वा=तिमीलाई, पश्येम=हेरौं । इति=यो रुद्रदैवत्य साम हो ।

स० वा०—हे वायुदेव ! तिमी अन्तरिक्ष लोकको ढोका खोलिदेऊ । जुन द्वार-बाट हामी वैराज्यपदका लागि तिम्रो दर्शन गरौं ।

अथ जुहोति नमो वायवेऽन्तरिक्षक्षिते लोकक्षिते लोकं मे यजमानाय विन्दैष वै यजमानस्य लोक एतास्मि ॥ ९ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र यजमानः परस्तादायुषः स्वाहापजहि परिघमित्युक्त्वोत्तिष्ठति तस्मै रुद्रा माध्यन्दिनꣳ सवनꣳ संप्रयच्छन्ति ॥ १० ॥

द० प०—अथ = त्यसपछि, (यजमान यस मन्त्रद्वारा), जुहोति = हवन गर्दछ, अन्तरिक्षक्षिते = अन्तरिक्षमा रहने, लोकक्षिते = अन्तरिक्षरूपै लोकमा निवास गर्ने, वायवे = वायुदेवलाई, नमः = नमस्कार छ, (तिमी), यजमानाय = यज्ञ गर्ने, मे = मलाई, लोकम् = अन्तरिक्ष लोक, विन्द = प्राप्त गराऊ, वै = निस्सै, एष = यो, लोकः = अन्तरिक्ष लोक, यजमानस्य = यज्ञ गर्नेको हो, अत्र = यस लोकमा, यजमानः = यज्ञ गर्ने म, आयुषः = जीवनकालको, परस्तात् = पछि, एतास्मि = जानेछु, स्वाहा = यो आहुति प्रदान गर्दछु, परिघम् = आग्लो, अपजहि = हटाइदेऊ, इति = यस प्रकार मन्त्र पढेर, उत्तिष्ठति = उठ्तछ, तस्मै = त्यस यजमानलाई, रुद्राः = रुद्रदेवताहरू, माध्यन्दिनम् सवनम् = मध्याह्न सवनसँग संबन्ध भएको लोक, संप्रयच्छन्ति = दिन्छन् ।

स० वा०—त्यसपछि यजमान यस 'नमो वायवे' देखि 'स्वाहा' सम्मका मन्त्रले हवन गर्दछ। जसको अर्थ छ—अन्तरिक्षमा रहने, अन्तरिक्ष लोकैमा निवास गर्ने वायुदेवलाई नमस्कार छ। तिमी यज्ञ गर्ने मलाई अन्तरिक्ष लोक प्राप्त गराऊ, निस्सै यो अन्तरिच्च लोक यज्ञ गर्नेको हो। यहाँ यज्ञ गर्ने म आयु समाप्त भएपछि जानेछु। यो आहुति प्रदान गर्दछु। लोकद्वारको आग्लो हटाइदेऊ। यस प्रकार मन्त्र पढेर उठ्तछ। त्यसलाई रुद्रदेवताले, मध्याह्न सवनसँग संबद्ध भएको लोक प्रदान गर्दछन्।

तृतीय सवनमा आदित्य-संबन्धी र विश्वेदेवसंबन्धी साम-गान

पुरा तृतीयसवनस्योपाकरणाज्जघनेनाहवनीयस्योदङ्मुख उपविश्य स आदित्यꣳ स वैश्वदेवꣳ सामाभिगायति ॥ ११ ॥

द० प०—तृतीयसवनस्य = तृतीय (सायाह्न) सवनको, उपाकरणात् = आरम्भ हुनुभन्दा, पुरा = अघि, सः = त्यो यजमान, आहवनीयस्य = आहवनीय अग्निका, जघनेन = पश्चिमपट्टि, उदङ्मुखः = उत्तर मोहडा गरी, उपविश्य = बसेर, आदित्यम् = आदित्यदेवता-संबन्धी, साम = साम, अभिगायति = गाउँदछ, सः = त्यै यजमान, वैश्वदेवम् = विश्वदेवसंबन्धी, साम = साम, अभिगायति = गाउँदछ ।

स० वा०—तृतीय सवन (माध्याह्न सवन) को आरम्भ गर्नुभन्दा अघि, यजमान आहवनीय अग्निका पश्चिमपट्टि उत्तर मोहडा भई बसेर आदित्यदेवता-संबन्धी र विश्वेदेव देवता-संबन्धी साम गाउँदछ।

लो३कद्वारमपावा३ र्णू ३३ पश्येम त्वा वयꣳ स्वारा ३३३३३ हु ३ म् आ ३३ ज्या ३ यो ३ आ ३ २ १ १ १ इति ॥ १२ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदित्यमथ वैश्वदेवं लो३ कद्वारमपावा ३ र्णू ३३ पश्येम त्वा वयꣳ साम्रा ३ ३ ३ ३ ३ हु ३ म् आ ३३ ज्या ३ यो ३ आ ३ २ १ १ १ इति ॥ १३ ॥

द० प०—[हे आदित्य]=हे आदित्य देव !, (तिमी), लोकद्वारम्=लोकको ढोका, अपावृणु=खोलिदेऊ, (जुन द्वारबाट), वयम्=हामी, स्वाराज्याय=स्वर्ग-राज्यका निमित्त, त्वा=तिमीलाई, पश्येम=हेरौं, इति=यो, आदित्यम्=आदित्य-संबन्धी साम हो, अथ=अनि, इति=यो, वैश्वदेवम्=विश्वेदेवसंबन्धी (साम कहिन्छ), [विश्वेदेवाः]=हे विश्वेदेवहो (तिमीहरू), लोकद्वारम्=लोकको ढोका, अपावृणु=खोलिदेऊ (जुन द्वारबाट), वयम्=हामी, सम्राज्याय=साम्राज्यका निमित्त, त्वा=तिमीलाई, पश्येम=हेरौं, इति=यो विश्वेदेव-संबन्धी साम हो।

स० वा०—हे आदित्यदेव ! तिमी स्वर्गलोकको ढोका खोलिदेऊ। जुन द्वार-बाट हामी स्वर्गराज्यका निमित्त तिम्रो दर्शन गरौं। यो आदित्यसंबन्धी साम हो। अब विश्वेदेवसंबन्धी साम कहिन्छ। हे विश्वेदेव ! तिमी स्वर्गलोकको ढोका खोलिदेऊ। जुन द्वारबाट हामी साम्राज्यका निमित्त तिम्रो दर्शन गरौं।

अथ जुहोति नम आदित्येभ्यश्च विश्वेभ्यश्च देवेभ्यो दिविक्षिद्भ्यो लोकक्षिद्भ्यो लोकं मे यजमानाय विन्दत ॥ १४ ॥

एष वै यजमानस्य लोक एतास्म्यत्र यजमानः परस्तादायुषः स्वाहापहत परिघमित्युक्त्वोत्तिष्ठति ॥ १५ ॥

द० प०—अथ=यसपछि (यजमान यस मन्त्रले), जुहोति=हवन गर्दछ, दिविक्षिद्भ्यः=स्वर्गमा रहने, लोकक्षिद्भ्यः=स्वर्गरूपै लोकमा निवास गर्ने, आदित्ये-भ्यः=आदित्य देवहरूलाई, च=र, विश्वेभ्यः देवेभ्यः=विश्वेदेवहरूलाई, च=पनि, नमः=नमस्कार छ, (तिमीहरू), यजमानाय=यज्ञ गर्ने, मे=मलाई, लोकम्=स्वर्गलोक, विन्दत=प्राप्त गराओ, वै=निस्सै, एषः=यो, लोकः=स्वर्गलोक, यज-मानस्य=यज्ञ गर्नेको हो, अत्र=यहाँ, यजमानः=यज्ञ गर्ने म, आयुषः=जीवनकालको, परस्तात्=पछि, एतास्मि=जानेछु, स्वाहा=यो आहुति प्रदान गर्दछु, परिघम्=आग्लो, अपहत=हटाइदेओ, इति=यसो, उक्त्वा=भनेर, उत्तिष्ठति=उठ्तछ।

स० वा०—यसपछि यजमान यस ('नम आदित्येभ्यः' देखि 'स्वाहा' सम्मका) मन्त्रले हवन गर्दछ। जसको अर्थ छ—स्वर्गमा रहने, स्वर्गरूपै लोकमा निवास गर्ने आदित्यदेवहरूलाई र विश्वेदेवहरूलाई नमस्कार छ। तिमीहरू यज्ञ गर्ने मलाई स्वर्गलोक प्राप्त गराओ। निस्सै यो स्वर्गलोक यज्ञ गर्नेको हो। यहाँ यज्ञ गर्ने म

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयु समाप्त भएपछि जानेछु । यो आहुति प्रदान गर्दछु । स्वर्गलोकको आग्लो हटाइ-देओ, यसो भनेर उठ्तछ ।

तस्मा आदित्याश्च विश्वे च देवास्तृतीयसवनꣳ सम्प्रयच्छन्त्येष ह वै यज्ञस्य मात्रां वेद य एवं वेद य एवं वेद ॥ १६ ॥

द० प०—तस्मै=त्यस यजमानलाई, आदित्याः=आदित्यहरू, च=र, विश्वे-देवाः=विश्वेदेवहरू, च=पनि, तृतीयसवनम्=तृतीय (सायाह्न) सवनसँग संबद्ध-भएको लोक, संप्रयच्छन्ति=दिन्छन्, एषः=यो यजमान, ह वै=नै, यज्ञस्य=यज्ञको, मात्राम्=यथार्थ स्वरूप, वेद=जान्दछ, यः=जो, एवम्=यस प्रकार, वेद=जान्दछ ।

स० वा०—त्यस यज्ञकर्तालाई आदित्यहरू र विश्वेदेवहरूले तृतीय (सायाह्न) सवनसँग संबद्ध भएको लोक प्रदान गर्दछन् । यो यज्ञकर्ता नै यज्ञको यथार्थ स्वरूप जान्दछ, जो कहिए-अनुसार साम, होम, मन्त्र र उत्थाहरूलाई जान्दछ ।

दोस्रो अध्यायमा चौबीसौं खण्ड समाप्त

दोस्रो अध्याय समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय अध्याय

प्रथम खण्ड

मधुविद्या

संबन्ध—'ॐ असौ वा आदित्यः' इत्यादि अध्यायका आरम्भमा संबद्ध यस प्रकार छ। दोस्रो अध्यायका अन्तमा भनियो—'त्यसले यज्ञको यथार्थ स्वरूप जान्दछ।' यज्ञविषयक साम, होम, मन्त्र र उत्थानहरू विशिष्ट फल प्राप्तिका निमित्त यज्ञका अङ्गभूत हुन् र ती पनि उपदेश गरिए। संपूर्ण यज्ञहरूका कार्यनिष्पत्ति रूप (फल-स्वरूप) सूर्य ठूलो शोभाले चम्किरहेछन्। संपूर्ण प्राणीका कर्मफलभूत तिनै सविता सबैका प्रत्यक्षरूपमा जीवनाश्रय भैरहेका छन्। यसकारण यज्ञको निरूपण गरिसकेपछि त्यसको कार्यभूत सूर्य-विषयक उपासना—जो संपूर्ण पुरुषार्थभन्दा श्रेष्ठतम फल भएको छ—विधान गरूँ भनी श्रुतिले आरम्भ गर्दछ।

आदित्य आदिमा मधु आदि दृष्टि

ॐ असौ वा आदित्यो देवमधु तस्य द्यौरेव तिरश्चीनवंशोऽन्तरिक्षमपूपो मरीचयः पुत्राः॥ १॥

द० प०—ॐ असौ=ती, आदित्यः=सूर्य, वै=निश्चयले, देवमधुः=देवता-हरूका मह हुन्, द्यौः=द्युलोक, एव=नै, तस्य=त्यस महको, तिरश्चीनवंशः=तेर्सो बाँस हो, (जसमा महको चाका झुन्डिन्छ), अन्तरिक्षम्=अन्तरिक्ष, अपूपः=चाका हो, मरीचयः=सूर्यकिरणहरू, पुत्राः=मौरीका बच्चा हुन्।

स० वा०—ती सूर्य निश्चय पनि देवताहरूका मह हुन्, द्युलोक नै त्यसको तेर्सो बाँस हो। स्वर्गलोक तेर्सो जस्तो नै लाग्छ, जसमा चाका झुन्डिन्छ। अन्तरिक्ष द्युलोकरूप बाँसमा लागेकाले महको चाका हो र सूर्यका किरणहरू मौरीका बच्चा हुन्।

अन्तरिक्षरूपी महको चाकामा रहेका किरणहरूभित्र रहेका हुनाले मधुकर बीजभूत पुत्रहरू जस्तै हितकारी नै देखिन्छन्।

आदित्यका पूर्वदिशासंबन्धी किरणहरूमा मधुनाड्यादि दृष्टि

तस्य ये प्राञ्चो रश्मयस्ता एवास्य प्राच्यो मधुनाड्यः। ऋच एव मधुकृत ऋग्वेद एव पुष्पं ता अमृता आपस्ता वा एता ऋचः॥ २॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतमृग्वेदमभ्यतपꣳ स्तस्याभितप्तस्य यशस्तेज इन्द्रियं वीर्यमन्नाद्यꣳ रसोऽजायत ॥ ३ ॥

द० प०—तस्य=तिनी (सविता) का, ये=जो, प्राञ्चः=पूर्वतर्फ गएका, रश्मयः=किरणहरू हुन्, ताः एव=तिनै, अस्य=यस (मह) का, प्राच्यः=पूर्वतर्फका, मधुनाड्यः=महका आधारभूत छिद्र हुन्, तत्र=त्यहाँ, ऋचः एव=ऋचाहरू नै, मधुकृतः=मौरीहरू हुन्, ऋग्वेदः एव=ऋग्वेदविहित कर्म नै, पुष्पम्=फूल हो, ताः=ती (कर्ममा प्रयुक्त सोमरस-घिउ दूधहरू), अमृताः=अमृत (मोक्ष) निमित्तका, आपः=रस हुन्छन्, ताः वै=तिनै, एताः=यी, ऋचः=(कर्ममा प्रयुक्त) ऋचाहरूले, एतम्=यो, ऋग्वेदम्=ऋग्वेदविहित कर्मलाई, अभ्यतपन्=अभितप्त गरे, अभितप्तस्य=अभिताप गरिएका, तस्य=त्यस (ऋग्वेदविहित कर्म) को, यशः=यश, तेजः=तेज, इन्द्रियको साबूतपन, वीर्यम्=सामर्थ्य र अनाद्यम्=खाइने अन्न, (यी फलस्वरूप) रसः=रस, अजायत=भयो ।

स० वा०—ती सविताका जो पूर्वतर्फ गएका किरण हुन्, तिनै यस महका पूर्वतर्फका महका आधारभूत छिद्र हुन् । त्यहाँ ऋचाहरू नै मौरी हुन्, ऋग्वेदविहित कर्म नै फूल हो, ती कर्ममा प्रयोग गरिएका सोमरस, घिउ र दूधहरू मोक्ष-निमित्तको रस हो । तिनै यी कर्ममा प्रयुक्त ऋचाहरूले ऋग्वेदविहित कर्मलाई अभितप्त गरे । अभितप्त गरिएका त्यस ऋग्वेदविहित कर्मको यश, तेज, इन्द्रियको साबूतपन, बल र खाइने अन्न यी फलस्वरूपको रस भयो । जस्तो कुनै पग्लने चीजलाई तताइदिएपछि त्यो रसरूपमा आउँछ, उसै गरी मन्त्रहरूले कर्महरूलाई तताइदिएपछि (सम्पन्न पारिदिएपछि) यश तेज आदि फलस्वरूप रस हुन आयो । सारार्थ यो हो—जस्तो मौरीहरूले फूलबाट रस खिँचेर महरूपमा दिन्छन्, त्यस्तै ऋचाहरूले ऋग्वेदविहित कर्मबाट यश, तेज आदि कर्म-फल स्वरूप रस दिन्छन् ।

तद्व्यक्षरत्तदादित्यमभितोऽश्रयत्तद्वा एतद्यदेतदादित्यस्य रोहितꣳ रूपम् ॥ ४ ॥

द० प०—तद्=त्यो (यश आदि अन्नाद्य पर्यन्त रस), व्यक्षरत्=विशेषरूपले चुह्यो अर्थात् माथितिर गयो, तद्=त्यसले, आदित्यम्=सूर्यको, अभितः=पास (पूर्वभाग) मा, अश्रयत्=आश्रय गर्‍यो, तद्=त्यो, वै=निश्चयले, एतद्=यो हो, यद्=जो, एतद्=यो, आदित्यस्य=सूर्यको, रोहितम्=रातो, रूपम्=रूप हो ।

स० वा०—त्यो यश आदि भक्ष्य पर्यन्त रस विशेषरूपले गयो । त्यसले सूर्यका पास पूर्वतर्फ आश्रय गर्‍यो । त्यो यै चीज हो—जो सूर्यको रातो रूप छ ।

तेस्रो अध्यायमा प्रथम खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय खण्ड

आदित्यको दक्षिण दशा-सम्बन्धी किरणहरूमा मधुनाड्यादि-दृष्टि

अथ येऽस्य दक्षिणा रश्मयस्ता एवास्य दक्षिणा मधुनाड्यो यजूꣳष्येव मधुकृतो यजुर्वेद एव पुष्पं ता अमृता आपः ॥ १ ॥

द० प०—अथ=तथा, ये = जो, अस्य = यी सविताका, दक्षिणा = दक्खिनतिर गएका, रश्मयः = किरणहरू छन्, ताः एव = तिनै, अस्य = यस (मह) का, दक्षिणा= दक्खिनतिरका, मधुकृतः = मौरीहरू हुन्, यजुर्वेदः एव=यजुर्वेद–विहित कर्म नै, पुष्पम्= फूल हो, ताः = ती, मधुनाड्यः = महका आधारभूत छिद्र हुन् । यजूंषि एव=यजुर्मन्त्र-हरू नै (कर्ममा प्रयुक्त सोमरस, घिउ, दूधहरू), अमृताः = अमृतत्वका हेतुभूत, आपः = रस हुन् ।

स० वा०—तथा सूर्यका जुन दक्षिणदिशातिर गएका किरणहरू हुन्, तिनै यस महका दक्षिणतिर रहेका महका आधारभूत छिद्र हुन् । यजुर्मन्त्रहरू नै मौरी हुन् । यजुर्वेद-विहित कर्म नै फूल हो । ती कर्ममा काम लगाइएका सोमरस, घिउ र दूधहरू अमृतत्वको हेतुभूत रस हो [यी पदार्थहरूको समता पूर्ववत् जान्नुपर्दछ ।]

तानि वा एतानि यजूꣳष्येतं यजुर्वेदमभ्यतपꣳस्तस्याभितप्तस्य यशस्तेज इन्द्रियं वीर्यमन्नाद्यꣳरसोऽजायत ॥ २ ॥

तद्व्यक्षरत्तदादित्यमभितोऽश्रयत्तद्वा एतद्यदेतदादित्यस्य शुक्लꣳ रूपम् ॥ ३ ॥

द० प०—तानि = ती, एतानि = यी, यजूंषि = यजुर्मन्त्रहरूले, यजुर्वेदम् = यजुर्वेद-विहित कर्मलाई, अभ्यतपन् = अभितप्त गरे, वै = निस्सै हो, अभितप्तस्य = तपिएका, तस्य = त्यस यजुर्वेद-विहित कर्मको, यशः = यश, तेजः = तेज, इन्द्रियम् = इन्द्रियको साबूतपन, वीर्यम्=सामर्थ्य, अन्नाद्यम् = खाइने अन्न, रसः = रस, अजायत = भयो । तद् = त्यो रस, व्यक्षरत् = विशेषरूपले चुह्यो अर्थात् माथितिर गयो, तद् = त्यसले, आदित्यम् = सूर्यका, अभितः = पास (दक्षिण भाग) मा, अश्रयत् = आश्रय गऱ्यो, तद् = त्यो, वै = निश्चयले, एतद् = यो चीज हो, यद् = जो, एतद् = यो, आदित्यस्य = सूर्यको, शुक्लम् = सेतो, रूपम् = रूप हो ।

स० वा०—ती यजुर्मन्त्रहरूले यजुर्वेद–विहित कर्मलाई अभितप्त गरे । तब तपिएका त्यस यजुर्वेद-विहित कर्मको यश, तेज, इन्द्रियको साबूतपन, बल र खाद्य अन्न

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी रूपको फल रस भयो। त्यो रस माथितिर गयो र सूर्यको दक्षिणपट्टि आश्रय गर्‍यो। त्यो निस्सै यो चीज हो जो, सूर्यको सेतो रूप हो।

तेस्रो अध्यायमा दोस्रो खण्ड समाप्त

•

तृतीय खण्ड

आदित्यका पश्चिमदिशा-सम्बन्धी किरणहरूमा मधुनाड्यादि दृष्टि

अथ येऽस्य प्रत्यञ्चो रश्मयस्ता एवास्य प्रतीच्यो मधुनाड्यः सामान्येव मधुकृतः समावेद एव पुष्पं ता अमृता आपः ॥ १ ॥

द० प०—अथ = तथा, ये = जो, अस्य = यो सूर्यका, प्रत्यञ्चः = पश्चिम दिशातिर गएका, रश्मयः=किरणहरू हुन्, ताः एव = तिनै, अस्य = यस (मह) का, प्रतीच्यः=पश्चिमतिरका, मधुनाड्यः = महका आधारभूत छिद्रहरू हुन्, सामानि एव = सामहरू नै, मधुकृतः = मौरीहरू हुन्, सामवेदः एव = सामवेद-विहित कर्म नै, पुष्पम् = फूल हो, ताः = ती (कर्ममा प्रयोग गरिएका सोमरस, घिउ र दूधहरू), अमृताः = अमृतत्वको हेतुभूत, आपः = रस हो।

स० वा०—तथा यी सूर्यका जो पश्चिमतिर गएका किरणहरू हुन्, तिनै यस महका पश्चिमतिरका महका आधारभूत छिद्र हुन्, सामहरू नै मौरी हुन्। सामवेद-विहित कर्म नै फूल हो। ती कर्ममा प्रयुक्त सोमरस, घिउ तथा दूधहरू अमृतत्वको साधनभूत रस हो।

तानि वा एतानि सामान्येतँ सामवेदमभ्यतपँस्तस्याभितप्तस्य यशस्तेज इन्द्रियं वीर्यमन्नाद्यँ रसोऽजायत ॥ २ ॥

द० प०—तानि = ती, एतानि = यी, सामानि = सामहरूले, एतम् = यस, सामवेदम्=सामवेद-विहित कर्मलाई, अभ्यतपन् = अभितप्त गरे, वै = निस्सै हो, अभितप्तस्य = तपिएका, तस्य = त्यस सामवेदविहित कर्मको, यशः = यश, तेजः = तेज, इन्द्रियम्= इन्द्रियको साबूतपन, वीर्यम् = बल (र), अन्नाद्यम् = खाइने अन्न, रसः = रस, अजायत = भयो।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—ती यी सामहरूले यस सामविहित कर्मलाई निस्सै अभितप्त गरे, तपिएका त्यस सामविहित कर्मको—यश, तेज, इन्द्रियको साबूतपन बल र खाद्य अन्न यो रूपको फल रस भयो ।

तद्व्यक्षरत्तदादित्यमभितोऽश्रयत्तद्वा एतद्यदेतदादित्यस्य कृष्णꣳ रूपम् ॥ ३ ॥

द० प०—तद् = त्यो रस, व्यक्षरत् = विशेषरूपले चुह्यो अर्थात् माथितिर गयो, तद् = त्यसले, आदित्यम् = सूर्यका, अभितः = पास (पश्चिम भाग) मा, अश्रयत् आश्रय गऱ्यो, तद् = त्यो, वै = निस्सै, एतद् = यो चीज हो, यद् = जो, एतद् = यो, आदित्यस्य = सूर्यको, कृष्णम् = कालो, रूपम् = रूप हो ।

स० वा०—त्यो रस माथितिर गएर सूर्यका पश्चिम भागमा आश्रय गऱ्यो । त्यो निस्सै यो चीज हो, जो सूर्यको कालो रूप हो ।

तेस्रो अध्यायमा तेस्रो खण्ड समाप्त

●

चतुर्थ खण्ड

आदित्यको उत्तरदिशा-सम्बन्धी किरणहरूमा मधुनाड्यादि दृष्टि

अथ येऽस्योदञ्चो रश्मयस्ता एवास्योदीच्यो मधुनाड्योऽथर्वाङ्गिरस एव मधुकृत इतिहासपुराणं पुष्पं ता अमृता आपः ॥ १ ॥

द० प०—अथ = तथा, ये = जो, अस्य = यी सूर्यका, उदञ्चः = उत्तरतिर गएका, रश्मयः = किरणहरू हुन्, ताः एव = ती नै, अस्य = यस सूर्यरूप महका, उदीच्याः = उत्तरतिरका, मधुनाड्यः = महका आधारभूत छिद्रहरू हुन्, अथर्वाङ्गिरसः एव = अथर्वाङ्गिरस मन्त्र नै, मधुकृतः = मौरीहरू हुन्, इतिहास-पुराणम्=इतिहास-पुराण-विहित कर्म, पुष्पम् = फूल हो, ताः = ती (कर्ममा प्रयुक्त सोमरस, घिउ र दूध-हरू), अमृताः = अमृतत्वका साधनभूत, आप := रस हो ।

स० वा०—तथा जो यो सूर्यका उत्तर दिशातर्फ गएका किरणहरू हुन्, तिनै यस सूर्यरूप महका उत्तरतर्फका महका आधारभूत छिद्र हुन् । अथर्वाङ्गिरस मन्त्रहरू

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौरी हुन् । इतिहास-पुराण-विहित कर्म फूल हो, ती कर्ममा प्रयोग गरिएका सोमरस, घिउ र दूधहरू अमृतत्वको हेतुभूत रस हो ।

ते वा एतेऽथर्वाङ्गिरस एतदितिहासपुराणमभ्यतपꣳस्तस्याभितप्तस्य यशस्तेज इन्द्रियं वीर्यमन्नाद्यꣳ रसोऽजायत ॥ २ ॥

द० प०--ते = ती, एते = यी, अथर्वाङ्गिरसः = अथर्वाङ्गिरस मन्त्रहरूले, एतद्=यो, इतिहास-पुराणम् = इतिहास-पुराण-विहित कर्मलाई, अभ्यतपन् = अभितप्त गरे, अभितप्तस्य = तपिएका, तस्य = त्यस इतिहास-पुराण-विहित कर्मको, यशः= यश, तेजः=तेज, इन्द्रियम्=इन्द्रियको साबूतपन, वीर्यम्=बल र, अन्नाद्यम्=खाद्य अन्न यो रूपको फल, रसः=रस, अजायत=भयो ।

स० वा०—ती यी अथर्वाङ्गिरस मन्त्रहरूले इतिहास-पुराण-विहित कर्मलाई अभितप्त गरे । तपिएको त्यस इतिहास-पुराण-विहित कर्मको—यश, तेज, इन्द्रियको साबूतपन, बल र खाद्य अन्न यी रूपको=फल रस भयो ।

तद्व्यक्षरत्तदादित्यमभितोऽश्रयत्तद्वा एतद्यदेतदादित्यस्य परं कृष्णꣳ रूपम् ॥ ३ ॥

द० प०—तत्=त्यो रस, व्यक्षरत्=विशेष रूपले चुह्यो अर्थात् माथितिर गयो, तत् = त्यसले, आदित्यम्=सूर्यका, अभितः=पास (उत्तर भाग) मा, अश्रयत् =आश्रय गऱ्यो । तद् = त्यो, वै=निस्सै, एतत्=यो चीज हो, यद्=जो, एतद्= यो, आदित्यस्य=सूर्यको, परम् = अत्यन्त, कृष्णम्=कालो, रूपम् = रूप हो ।

स० वा०—त्यो रस माथितिर गयो र सूर्यका उत्तर भागमा अश्रय गऱ्यो । त्यो निस्सै यो चीज हो, जो यो सूर्यको अत्यन्त कालो रूप हो ।

तेस्रो अध्यायमा चौथो खण्ड समाप्त

●

पञ्चम खण्ड

आदित्यको ऊर्ध्वदिशा-सम्बन्धी किरणहरूमा मधुनाड्यादि दृष्टि

अथ येऽस्योर्ध्वा रश्मयस्ता एवास्योर्ध्वा मधुनाड्यो गुह्या एवादेशा मधुकृतो ब्रह्मैव पुष्पं ता अमृता आपः ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ = तथा, ये = जो, अस्य = यी सूर्यका, ऊर्ध्वाः = उँभोतिर गएका, रश्मयः = किरणहरू छन्, ताः एव = तिनै, अस्य = यस सूर्यरूप महका, ऊर्ध्वाः = माथितिरका, मधुनाड्यः = महका आधारभूत छिद्रहरू हुन् । गुह्याः एव = गुप्त नै, आदेशाः = लोकद्वारीय विधिहरू र उपासनाहरू, मधुकृतः = मौरीहरू हुन्, ब्रह्म एव = प्रणवरूप ब्रह्म नै, पुष्पम् = फूल हो, ताः = ती (कर्ममा प्रमुख सोमरस, घिउ र दूधहरू), अमृताः = अमृतत्वको हेतुभूत, आपः = रस हो ।

स० वा०--तथा जो यी सूर्यका उँभोतिर गएका किरणहरू हुन्, तिनै यस सूर्यरूप महका आधारभूत छिद्रहरू हुन् । गुप्त लोकधारीय विधिहरू र उपासनाहरू मौरी हुन् । प्रणवरूप ब्रह्म नै फूल हो । ती कर्ममा प्रयोग गरिएका सोमरस, घिउ र दूधहरू अमृतत्व (मोक्ष) को हेतुभूत रस हो ।

टिप्पणी—**'लोकद्वारमपावृणु पश्येम त्वा वयम्'** (लोकको ढोका खोलिदेऊ, जसबाट हामी तिमीलाई देखौं) इत्यादि नै 'लोकद्वारीय आदि विधि' हुन् ।

ते वा एते गुह्या आदेशा एतद्ब्रह्माभ्यतपꣳस्तस्याभितप्तस्य यशस्तेज इन्द्रियं वीर्यमन्नाद्यꣳ रसोऽजायत ॥ २ ॥

द० प०—ते = ती, एते= यी, गुह्याः = गुप्त, आदेशाः = लोकद्वारीय आदि विधिहरूले, एतद् = यो, ब्रह्म = प्रणवरूप ब्रह्मलाई, वै = निस्सै, अभ्यतपत्= अभितप्त गरे, अभितप्तस्य = तपिएका, तस्य = त्यस प्रणवरूप ब्रह्मको, यशः = यश, तेजः=तेज, इन्द्रियम् = इन्द्रिय-शक्ति, वीर्यम् = बल, अन्नाद्यम् = खाद्य अन्न यी रूपको फल, रसः = रस, अजायत = भयो ।

स० वा०—तिनी यी लोकद्वारीय विधिहरूले प्रणवरूप ब्रह्मलाई निस्सै अभितप्त गरे । अनि तपिएका त्यस प्रणवरूप ब्रह्मको—यश, तेज, इन्द्रिय-शक्ति, बल र खाद्य अन्न यी रूपको--फल रस भयो ।

तद्व्यक्षरत्तदादित्यमभितोऽश्रयत्तद्वा एतद्यदेतदादित्यस्य मध्ये क्षोभत इव ॥ ३ ॥

द० प०—तद् = त्यो (रस), व्यक्षरत् = विशेषरूपले चुह्यो अर्थात् माथितिर गयो, तद् = त्यसले, आदित्यम् = सूर्यका, अभितः = पास (माथिल्लो भाग) मा, अश्रयत् = आश्रय गर्‍यो, तद् = त्यो, वै = निस्सै, एतद् = यो, आदित्यस्य = सूर्यका, मध्ये =बीचमा, क्षोभते =हल्लेजस्तो गर्छ ।

स० वा०—त्यो रस माथितिर गयो र सूर्यका माथिल्लो भागमा आश्रय गर्‍यो । त्यो निस्सै त्यो चीज हो जो यो सूर्यमण्डलका बीचमा हल्लेजस्तो गर्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ते वा एते रसानाᳬ रसा वेदा हि रसास्तेषामेते रसास्तानि वा एतान्यमृतानाममृतानि वेदा ह्यमृतास्तेषामेतान्यमृतानि ॥ ४ ॥

द० प०—ते = ती, एते = यी, रातो आदि रूप, वै = निस्सै, रसानाम् = रसहरूका (पनि), रसाः = रस (सार) हुन्, हि = किनभने, वेदाः = वेदहरू, रसः = लोकका सार वस्तु हुन्, तेषाम् = तिनी (कर्मभावमा प्राप्त भएका रसहरूका पनि), एते = यी, रातो आदिरूप, रसाः = सार हुन्, तानि = ती, एतानि = यी, वै = निश्चयले, अमृतानाम् = अमृतहरूका (पनि), अमृतानि = अमृत हुन्, हि = किनभने, वेदाः = वेदहरू, अमृताः = नित्य हुनाले अमृत हुन्, तेषाम् = तिनीहरूका (पनि), एतानि = यी उक्त रक्तादि रूपहरू, अमृतानि = अमृत हुन् ।

स० वा०—ती यी रातो आदिरूप निस्सै रसहरूका पनि रस (सार) हुन् । किनभने, वेदहरू लोकका सार वस्तु हुन्, कर्मभावमा प्राप्त भएका ती वेदका पनि यी रूप सार हुन् । ती यी रूप अमृतहरूका पनि अमृत हुन् । किनभने, वेदहरू नित्य हुनाले अमृत हुन्, तिनका पनि यी रक्त आदि रूपहरू अमृत हुन्, अर्थात् अत्यन्त सारभूत वस्तु हुन् ।

तेस्रो अध्यायमा पाँचौं खण्ड समाप्त

षष्ठ खण्ड

वसुहरूको जीवनाश्रयभूत प्रथम अमृतको उपासना

तद्यत्प्रथमममृतं तद्वसव उपजीवन्त्यग्निना मुखेन न वै देवा अश्नन्ति न पिबन्त्येतदेवामृतं दृष्ट्वा तृप्यन्ति ॥ १ ॥

द० प०—तत् = त्यहाँ, यत् = जो, प्रथमम् = पहिलो, अमृतम् = रक्तवर्णरूप अमृत हो, तत् = त्यसलाई, वसवः = वसुहरू, अग्निना मुखेन = अग्नि-प्रधान भई, उपजीवन्ति = आधार गरी बाँच्तछन्, देवाः = देवताहरू, वै = निस्सै, न अश्नन्ति = खाँदैनन्, न पिबन्ति = पिउँदैनन्, एतत् = यो, अमृतम् = अमृत, दृष्ट्वा एव = देखेर नै, तृप्यन्ति = तृप्त हुन्छन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यस सूर्यमा जो रक्तवर्णरूप अमृत हो, त्यसलाई—वसुदेवताहरू, अग्नि-प्रधान भई—आश्रय लिएर बाँच्तछन् । देवताहरू निस्सै खाँदैनन्, पिउँदैनन्, किन्तु अमृत देखेर नै तृप्त हुन्छन् ।

त एतदेव रूपमभिसंविशन्त्येतस्माद्रूपादुद्यन्ति ॥ २ ॥

द० प०—ते=ती वसुहरू, एतद् एव=यै, रूपम्=रूपलाई, अभिसंलक्ष्य=लक्षित गरेर, अभिसंविशन्ति=उदासीन रहन्छन्, एतस्मात्=यै रूपबाट, उद्यन्ति=उत्साह गर्ने हुन्छन् ।

स० वा०—ती वसुदेवताहरू यै रूपलाई ताकेर 'अहिले हाम्रो भोगको अवसर छैन' भनेर उदासीन रहन्छन्, जब भोगको अवसर आएको हुन्छ तब यै रूपबाट अमृतभोगका निमित्त उत्साहवान् हुन्छन् ।

स य एतदेवममृतं वेद वसूनामेवैको भूत्वाग्निनैव मुखेनैतदेवामृतं दृष्ट्वा तृप्यति स एतदेव रूपमभिसंविशत्येतस्माद्रूपादुदेति ॥ ३ ॥

द० प०—यः=जो, एवम्=यसरी, एतद्=यस, अमृतम्=अमृतलाई, वेद=जान्दछ, सः=त्यो, वसूनाम्=वसुहरूमध्ये, एकः=एउटा, भूत्वा=भएर, अग्निना एव मुखेन=अग्नि-प्रधानै भई, एतद्=यो, अमृतम्=अमृत, दृष्ट्वा एव=देखेर नै, तृप्यति=तृप्त हुन्छ, सः=त्यो, एतद् एव=यै, रूपम्=रूपलाई (लक्ष्य गरेर), अभिसंविशति=उदासीन रहन्छ, (तथा) एतस्मात्=यस, रूपात्=रूपबाट, उदेति=उत्साहवान् हुन्छ ।

स० वा०—जो यसरी (कहिए-अनुसार) यस अमृतलाई जान्दछ, त्यो वसुहरूमध्ये एउटा भएर अग्नि-प्रधान भई यस अमृतलाई देखेर नै तृप्त हुन्छ । त्यो यै रूपलाई लक्षित गरेर भोगको अवसर नभएमा उदासीन रहन्छ, अनि भोगको अवसर भएमा यै रूपबाट उत्साहवान् हुन्छ ।

स यावदादित्यः पुरस्तादुदेता पश्चादस्तमेता वसूनामेव तावदाधिपत्यꣳ स्वाराज्यं पर्येता ॥ ४ ॥

द० प०—सः=त्यो उपासक, यावत्=जहाँसम्म, आदित्यः=सूर्य, पुरस्तात्=पूर्व दिशामा, उदेता=उदाउँछन्, पश्चात्=पश्चिम दिशामा, अस्तम् एता=अस्ताउँछन्, तावत्=त्यति कालसम्म, वसूनाम् एव=वसुदेवताहरूकै, आधिपत्यम्=स्वामित्व (र), स्वाराज्यम्=स्वराट्भाव, पर्येता=सबतर्फबाट प्राप्त गर्दछ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यो उपासक जहाँसम्म सूर्य पूर्वमा उदाउँछन् र पश्चिममा अस्ताउँछन् त्यति कालसम्म वसुदेवताहरूकै स्वामित्व र स्वराट् भाव प्राप्त गर्दछ। [न त चन्द्रलोकमा गएको केवल कर्मी जस्तो देवताहरूको भोग्य भई परतन्त्र नै रहन्छ।]

तेस्रो अध्यायमा छैटौं खण्ड समाप्त

सप्तम खण्ड

रुद्रहरूको जीवनाश्रयभूत द्वितीय अमृतको उपासना

अथ यद् द्वितीयममृतं तद्रुद्रा उपजीवन्तीन्द्रेण मुखेन न वै देवा अश्नन्ति न पिबन्त्येतदेवामृतं दृष्ट्वा तृप्यन्ति ॥ १ ॥

द० प०—अथ = अब, यद् = जो, द्वितीयम् = दोस्रो, अमृतम् = शुक्लवर्णरूप अमृत हो, तद् = त्यसलाई, रुद्राः = रुद्रदेवताहरू, इन्द्रेण मुखेन = इन्द्र-प्रधान भई, उपजीवन्ति = आश्रय लिई बाँच्तछन्, देवाः = देवताहरू, वै = निस्सै, न अश्नन्ति = खाँदैनन्, न पिबन्ति = पिउँदैनन्, एतद्=यस, अमृतम् = अमृतलाई, दृष्ट्वा एव = देखेर नै, तृप्यन्ति = तृप्त हुन्छन्।

स० वा०—अब जो दोस्रो शुक्लवर्ण-रूप अमृत हो, त्यसलाई—रुद्र देवताहरू इन्द्र-प्रधान भई—आश्रय लिई बाँच्तछन्। देवताहरू खाँदैनन्, पिउँदैनन्, किन्तु यस अमृतलाई देखेर नै तृप्त हुन्छन्।

त एतदेव रूपमभिसंविशन्त्येतस्माद्रूपादुद्यन्ति ॥ २ ॥

द० प०—ते = तिनीहरू, एतत् एव = यै, रूपम्=रूपलाई (लक्षित गरेर), अभिसंविशन्ति = उदासीन रहन्छन्, एतस्मात् = यै, रूपात् = रूपबाट, उद्यन्ति = उत्साहयुक्त हुन्छन्।

स० वा०—ती रुद्रदेवताहरू यै रूपलाई लक्षित गरेर 'अहिले हाम्रो भोगको अवसर छैन, भनेर उदासीन रहन्छन्। जब भोगको अवसर आएको हुन्छ तब यै रूपबाट अमृतभोगका निमित्त उत्साहयुक्त हुन्छन्।

Prof. Amodavardhana Kaundinyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स य एतदेवममृतं वेद रुद्राणामेवैको भूत्वेन्द्रेणैव मुखेनैतदेवामृतं दृष्ट्वा तृप्यति स एतदेव रूपमभिसंविशत्येतस्माद्रूपादुदेति ॥ ३ ॥

द० प०—यः=जो, एवम्=यस प्रकार; एतद्=यस, अमृतम्=अमृतलाई, वेद=जान्दछ; सः=त्यो, रुद्राणाम् एव=रुद्रहरूमध्ये नै, एकः=एउटा, भूत्वा=भएर, इन्द्रेण एव मुखेन=इन्द्र-प्रधानै भई, एतद्=यो, अमृतम्=अमृतलाई, दृष्ट्वा एव=देखेर नै, तृप्यति=तृप्त हुन्छ, सः=त्यो, एतद् एव=यै, रूपम्=रूपलाई (लक्षित गरेर) अभिसंविशति=उदासीन रहन्छ, एतस्मात्=यस, रूपात्=रूपबाट, उदेति=उद्यमशील हुन्छ।

स० वा०—जो यसरी (कहिए-अनुसार) यस अमृतलाई जान्दछ, त्यो रुद्रहरूमध्येमा नै एउटा भएर इन्द्र-प्रधान भई यस अमृतलाई देखेर नै तृप्त हुन्छ। त्यो यै रूपलाई लक्षित गरेर भोगको अवसर नभएमा उदासीन रहन्छ, भोगको अवसर हुँदा अमृतभोगका निमित्त यसै रूपबाट उद्यमशील हुन्छ।

स यावदादित्यः पुरस्तादुदेता पश्चादस्तमेता द्विस्तावद्दक्षिणत उदेतोत्तरतोऽस्तमेता रुद्राणामेव तावदाधिपत्यꣳ स्वाराज्यं पर्येता ॥ ४ ॥

द० प०—सः=त्यो उपासक, यावत्=जहाँसम्म, आदित्यः=सूर्य, पुरस्तात्=पूर्वदिशामा, उदेता=उदाउँछन्, (र) पश्चात्=पश्चिम दिशामा, अस्तम् एता=अस्ताउँछन्, द्विस्तावत्=त्यसको दुगुना कालसम्म, दक्षिणतः=दक्षिन दिशामा, उदेता=उदाउँछन् (र), उत्तरतः=उत्तर दिशामा, अस्तम् एता=अस्ताउँछन्, तावत्=त्यति कालसम्म, रुद्राणाम् एव=रुद्रहरूकै, आधिपत्यम्=स्वामित्व, (एवं) स्वाराज्यम्=स्वराट्‌भाव, पर्येता=सबतर्फबाट प्राप्त गर्दछ।

स० वा०—त्यो उपासक जतिन्जेल सूर्य पूर्व दिशामा उदाउँछन्, पश्चिम दिशामा अस्ताउँछन् र यसको दुगुना कालसम्म दक्षिण दिशामा उदाउँछन्, उत्तर दिशामा अस्ताउँछन्, त्यतिन्जेलसम्म रुद्रदेवताहरूकै स्वामित्व र स्वराट् भाव प्राप्त गर्दछ।

तेस्रो अध्यायमा सातौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम खण्ड

आदित्यहरूको जीवनाश्रयभूत तृतीय अमृतको उपासना

अथ यत्तृतीयममृतं तदादित्या उपजीवन्ति वरुणेन मुखेन न वै देवा अश्नन्ति न पिबन्त्येतदेवामृतं दृष्ट्वा तृप्यन्ति ॥१॥

द० प०—अथ=तदनन्तर, यत् = जो, तृतीयम् = तेस्रो, अमृतम् = कृष्णवर्ण-रूप अमृत छ, तत् = त्यसलाई, आदित्याः = आदित्यहरू, वरुणेन मुखेन = वरुण-प्रधान भएर, उपजीवन्ति = आश्रय लिएर बाँच्तछन्, देवाः = देवताहरू, न अश्नन्ति = खाँदैनन्, न पिबन्ति = पिउँदैनन्, एतद्=यो, अमृतम् = अमृतलाई, दृष्ट्वा एव = देखेर नै, तृप्यन्ति = तृप्त हुन्छन् ।

स० वा०—अनि जो तेस्रो कृष्णवर्ण रूप अमृत छ, त्यसलाई आदित्यहरू वरुण-प्रधान भएर—आश्रय लिई बाँच्तछन् । देवताहरू निस्सै खाँदैनन्, पिउँदैनन्, किन्तु यस अमृतलाई देखेर नै तृप्त हुन्छन् ।

त एतदेव रूपमभिसंविशन्त्येतस्माद्रूपादुद्यन्ति ॥२॥

द० प०—ते = ती (आदित्यहरू), एतद् एव = यै, रूपम् = रूपलाई, (लक्षित गरेर), अभिसंविशन्ति=उदासीन रहन्छन्, एतस्मात्=यस, रूपात्= रूपबाट, उद्यन्ति=उत्साहवान् हुन्छन् ।

स० वा०—ती आदित्यहरू यै रूपलाई लक्षित गरेर भोगको अवसर नहुँदा उदासीन रहन्छन् । भोगको अवसर हुँदा यै रूपबाट उत्साहवान् हुन्छन् ।

स य एतदेवममृतं वेदादित्यानामेवैको भूत्वा वरुणेनैव मुखेनैतदेवामृतं दृष्ट्वा तृप्यति स एतदेव रूपमभिसंविशत्येतस्माद्रूपादुदेति ॥३॥

द० प०—यः=जो, एतद्=यो, अमृतम्=अमृतलाई, एवम्=यसरी, वेद=जान्दछ, सः=त्यो, आदित्यानाम् एव=आदित्यहरूमध्ये नै, एकः = एउटा, भूत्वा = भएर, वरुणेन एव मुखेन = वरुण-प्रधान नै भई, एतद् = यो, अमृतम्= अमृतलाई, दृष्ट्वा एव=देखेर नै, तृप्यति=तृप्त हुन्छ, सः=त्यो, एतत् एव= यै नै, रूपम्=रूपलाई (लक्षित गरेर), अभिसंविशति = उदासीन रहन्छ, एतस्मात् = यस, रूपात् = रूपबाट, उदेति = उत्साही हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—जो यस अमृतलाई कहिए-अनुसार जान्दछ, त्यो आदित्यहरूमध्ये नै एउटा भएर वरुण-प्रधान भई यस अमृतलाई देखेर नै तृप्त हुन्छ। त्यो रूपलाई लक्षित गरेर भोगको अवसर नहुँदा उदासीन रहन्छ, भोगको अवसर हुँदा अमृत-भोगका निमित्त उत्साही हुन्छ।

स यावदादित्यो दक्षिणत उदेतोत्तरतोऽस्तमेता द्विस्तावत्पश्चादुदेता पुरस्तादस्तमेतादित्यानामेव तावदाधिपत्यꣳ स्वाराज्यं पर्येता ॥ ४ ॥

द० प०—सः=त्यो उपासक, यावत्=जतिन्जेल, आदित्यः=सूर्य, दक्षिणतः =दक्षिण दिशामा, उदेता=उदाउँछन्, उत्तरतः=उत्तर दिशामा, अस्तम् एता= अस्ताउँछन्, तथा द्विस्तावत्=त्यसको दुगुना समयसम्म, पश्चात्=पश्चिम दिशामा, उदेता=उदाउँछन्, पुरस्तात्=पूर्व दिशामा, अस्तमेता=अस्ताउँछन्, तावत्= त्यतिन्जेल, आदित्यानाम् एव=आदित्यहरूकै, आधिपत्यम्=स्वामित्व, (एवं) स्व-राज्यम्=स्वराट् भाव, पर्येता=सबतर्फबाट प्राप्त गर्दछ।

स० वा०—त्यो उपासक जतिन्जेल सूर्य दक्षिण दिशामा उदाउँछन्, उत्तर-दिशामा अस्ताउँछन् तथा त्यसको दुगुना समयसम्म पश्चिममा उदाउँछन्, पूर्वमा अस्ताउँछन्, त्यतिन्जेल आदित्यहरूकै स्वामित्व र स्वराट् भाव प्राप्त गर्दछ।

टिप्पणी—यहाँ सूर्यको उदयास्तकाल दिशा-दिशाका हिसाबले फरक-फरक बताइयो। तर यो पौराणिक दृष्टिमा मेल खाँदैन। किनभने, चार दिशामा इन्द्र, यम, वरुण र सोमका शहरहरूमा सूर्यको उदयास्त काल बराबरै भनिएको छ। अर्थात् इन्द्रपुरीमा उदाएर वरुण पुरीमा अस्ताए पनि यमपुरीमा उदाएर सोमपुरीमा अस्ताए पनि एवम् यसको उल्टो क्रम भए पनि, भनौं चारै स्थितिमा उदयदेखि अस्तसम्मलाई लाग्ने समय उत्तिकै बताइएको छ। कारण, मानसोत्तर पर्वतका शिखरमा जो सूर्यको सुमेरु वरिपरि घुम्ने मार्ग हो, त्यो सर्वत्र समान छ।

यस आक्षेपको परिहार द्रविडाचार्यबाट यसरी भएको छ—

अमरावती (इन्द्रपुरी) आदि शहरहरूको नाश उत्तरोत्तर दुगुना कालमा हुने हुन्छ। सूर्यको उदय भनेको यो हो कि त्यस प्रदेशका बासिन्दा प्राणीले देखिने हुन आउनु। नदेखिने हुन जानुचाहिं अस्त। वास्तवमा सूर्यको उदय र अस्त भन्नु छँदै छैन। अब त्यस प्रदेशका निवासी प्राणी नभएमा तिनका प्रति सूर्य त्यै मार्गले जाँदा पनि उदाएका अस्ताएका ठहर्दैनन्, किनकि देखिन आउनु र नदेखिन जानु भन्ने कुरै रहेन। अमरावती (इन्द्रपुरी) का अपेक्षामा संयमिनी (यमपुरी) डबल कालसम्म रहन्छ। अतः त्यहाँका बासिन्दाप्रति मानो सूर्य दक्षिणबाट उदाएको, उत्तरमा अस्ता-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एको हुन्छ। [यो हाम्रा ग्रमझले भनिएको हो।] त्यस्तै हालत अरू पुरीहरूमा पनि सम्झनू। सुमेरु पर्वतचाहिँ जुनसुकै पुरीका अपेक्षामा पनि उत्तरै हुन्छ।

जब अमरावतीमा सूर्य मध्याह्न स्थितिमा हुन्छन्; तब संयमनीमा उदाउँदो अवस्थामा हुन्छन्। त्यहाँ मध्याह्न स्थितिमा हुँदा वरुणपुरी (पश्चिम) मा उदाएका देखिन्छन्। त्यस्तै त्यहाँ मध्याह्न स्थितिमा हुँदा सोमपुरी (उत्तर) मा उदाएका देखिन्छन्। किनभने उनको घुम्ने चक्र बराबरै छ। इलावृत (सुमेरुको पीठ प्रदेश)का बासिन्दाका दृष्टिमा भने चारैतिरबाट पर्वतमय पर्खालले सूर्य किरण छेकिने हुनाले सूर्य उँभोबाट उदाएको उँधो अस्ताएको जस्तो देखिन्छ। पर्वतका उपरि छिद्रबाट मात्र सूर्यको प्रकाश पसेकाले त्यस्तो भएको हो।

यस प्रकरणमा बताइएका भोगकालका द्वैगुण्यले गर्दा ऋक् आदि अमृतका उपजीवीहरूको पराक्रम उत्तरोत्तर दुगुना-दुगुना अधिक हुने अनुमान हुन्छ। भोगकाल आउँदा उत्साह हुने र नआउँदा उदासीन रहने कुरा उक्त रुद्रादि देवताहरूको र यो विषय साङ्गोपाङ्ग जानी उपासना गर्ने विद्वान्को बराबरै हुन्छ।

तेस्रो अध्यायमा आठौं खण्ड समाप्त

नवम खण्ड

मरुद्गणको जीवनाश्रयभूत चतुर्थ अमृतको उपासना

अथ यच्चतुर्थममृतं तन्मरुत उपजीवन्ति सोमेन मुखेन न वै देवा अश्नन्ति न पिबन्त्येतदेवामृतं दृष्ट्वा तृप्यन्ति ॥ १ ॥

द० प०—अथ=अनि; यत्=जो, चतुर्थम्=चौथो अतिशय कृष्णवर्णरूप, अमृतम्=अमृत हो, तत्=त्यसलाई, मरुतः=मरुत् देवताहरू, सोमेन मुखेन=सोम-प्रधान भएर, उपजीवन्ति=आश्रय लिई जीउँदछन्, देवाः=देवताहरू, वै=निस्सै, न अश्नन्ति=खाँदैनन्, न पिबन्ति=पिउँदैनन्, किन्तु, एतद्=यो, अमृतम्=अमृतलाई, दृष्ट्वा एव=देखेर नै, तृप्यन्ति=तृप्त हुन्छन्।

सं० वा०—अनि जो चौथो अतिशय कृष्णवर्णरूप अमृत हो, त्यसलाई

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

मरुद्गण चन्द्रप्रधान भई आश्रय लिएर जीउँछन् । देवताहरू निस्सै खाँदैनन्, पिउँदैनन्, किन्तु यस अमृतलाई देखेर नै तृप्त हुन्छन् ।

त एतदेव रूपमभिसंविशन्त्येतस्माद्रूपादुद्यन्ति ॥ २ ॥

द० प०—ते=ती (मरुत्हरू), एतद् एव=यै, रूपम् = रूपलाई (लक्षित गरेर), अभिसंविशन्ति=उदासीन रहन्छन्, एतस्मात्=यस रूपबाट, उद्यन्ति= उत्साहवान् हुन्छन् ।

स० वा०—ती मरुत् देवताहरू यै रूपलाई लक्षित गरेर भोगको अवसर नहुँदा उदासीन रहन्छन्, भोगको अवसर हुँदा यस रूपबाट उत्साहवान् हुन्छन् ।

स य एतदेवममृतं वेद मरुतामेवैको भूत्वा सोमेनैव मुखेनैतदेवामृतं दृष्ट्वा तृप्यति स एतदेव रूपमभिसंविशत्येतस्माद्रूपादुदेति ॥ ३ ॥

द० प०—यः=जो, एवम्=यसरी, एतद्=यस, अमृतम्=अमृतलाई, वेद= जान्दछ, सः=त्यो, मरुताम् एव = मरुत् देवताहरूमध्येकै, एकः=एउटा, भूत्वा = भएर, सोमेन एव मुखेन=चन्द्र प्रधान नै भई, एतद्=यो, अमृतम्=अमृत, दृष्ट्वा एव =देखेर नै, तृप्यति=तृप्त हुन्छ, सः=त्यो, एतद् एव=यै, रूपम्=रूप-लाई (लक्षित गरेर,) अभिसंविशति=उदासीन रहन्छ, एतस्मात्=यस, रूपात्= रूपबाट, उदेति=उत्साहशील हुन्छ ।

स० वा०—जो कहिए अनुसार यस अमृतलाई जान्दछ; यो मरुत् देवताहरू-मध्येमा नै एउटा भएर चन्द्र—प्रधान नै भई अमृत देखेर नै तृप्त हुन्छ । त्यो यै रूपलाई लक्षित गरेर भोगको अवसर नहुँदा उदासीन रहन्छ, भोगको अवसर हुँदा यसै रूपबाट उत्साहशील हुन्छ ।

स यावदादित्यः पाश्चादुदेता पुरस्तादस्तमेता द्विस्तावदुत्तरत उदेता, दक्षिणतोऽस्तमेता मरुतामेव तावदाधिपत्यꣳस्वाराज्यं पर्येता ॥ ४ ॥

द० प०—सः = त्यो उपासक, यावत्=जतिन्जेल, आदित्य=सूर्य, पश्चात्= पश्चिम दिशामा, उदेता=उदाउँछन्, पुरस्तात् = पूर्वदिशामा, अस्तम् एताः=अस्ता-उँछन् (तथा), द्विस्तावत्=त्योभन्दा दुगुना बढ़ी कालसम्म, उत्तरतः,=उत्तरदिशामा= उदेता=उदाउँछन्, दक्षिणतः=दक्खिन दिशामा, अस्तम् एता=अस्ताउँछन्, तावत्= त्यतिन्जेल, मरुताम् एव=मरुत् देवताहरूकै, आधिपत्यम्=स्वामित्व (र), स्वाराज्यम् स्वराट्भाव, पर्येता=सर्वतर्फबाट प्राप्त गर्दछ ।

स० वा०—त्यो उपासक, जतिन्जेल सूर्य पश्चिम दिशामा उदाउँछन्, पूर्व-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशामा अस्ताउँछन् र त्यसभन्दा दुगुना बढी कालसम्म उत्तर दिशामा उदाउँछन्, दक्षिण दिशामा अस्ताउँछन्, त्यतिन्जेल मरुत्‌देवताहरूकै स्वामित्व र स्वराट् भाव प्राप्त गर्दछ।

तेस्रो अध्यायमा नवौं खण्ड समाप्त

दशम खण्ड

साध्यहरूको जीवनाश्रयभूत पञ्चम अमृतको उपासना

अथ यत्पञ्चममसमृतं तत्साध्या उपजीवन्ति ब्रह्मणा मुखेन न वै देवा अश्नन्ति न पिबन्त्येतदेवामृतं दृष्ट्वा तृप्यन्ति ॥ १ ॥

द० प०—अथ=अनि, यत्=जो, पञ्चमम्=पाँचौं, अमृतम्=(चलेजस्तो रूपको) अमृत हो, तत्=त्यसलाई, साध्याः=साध्य देवताहरू, ब्रह्मणा मुखेन= ब्रह्म प्रधान भएर, उपजीवन्ति=आश्रय लिई जीउँछन्, देवाः=देवताहरू, वै=निस्सै, न अश्नन्ति=खाँदैनन्, न पिबन्ति=पिउँदैनन्, एतत्=यो, अमृतम्=अमृतलाई, दृष्ट्वा एव=देखेर नै, तृप्यन्ति=तृप्त हुन्छन्।

स० वा०—अनि जो पाँचौं चलेजस्तो रूपको अमृत हो, त्यसलाई साध्य देवताहरू ब्रह्म-प्रधान भई आश्रय लिई जीउँछन्, देवताहरू निस्सै खाँदैनन्, पिउँदैनम्। किन्तु अमृतलाई देखेर नै तृप्त हुन्छन्।

य एतदेव रूपमभिसंविशन्त्येतस्माद्रूपादुद्यन्ति ॥ २ ॥

द० प०—ये=यी (साध्यहरू), एतद् एव=यै, रूपम्=रूपलाई (लक्षित गरेर), अभिसंविशन्ति=उदासीन रहन्छन्, एतस्मात्=यै, रूपात्=रूपबाट, उद्यन्ति =उत्साहशील हुन्छन्।

स० वा०—ती साध्य देवताहरू यही रूपलाई लक्षित गरेर भोगको अवसर नहुँदा उदासीन रहन्छन्, भोगको अवसर हुँदा यही रूपबाट उत्साहशील हुन्छन्।

स य एतदेवममृतं वेद साध्यानामेवैको भूत्वा ब्रह्मणैव मुखेनैतदेवामृतं दृष्ट्वा तृप्यति - स एतदेव रूपमभिसंविशत्येतस्माद्रूपादुदेति ॥ ३ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प० —यः=जो, एवम्=यस प्रकार, एतत्=यस, अमृतम्=अमृतलाई, वेद=जान्दछ, सः=त्यो, साध्यानाम् एव=साध्य देवताहरूमध्येकै, एकः=एउटा, भूत्वा=भएर, ब्रह्मणा एव मुखेन=ब्रह्म प्रधान नै भई, एतद्=यो, अमृतम्=अमृतलाई, दृष्ट्वा एव=देखेर नै, तृप्यति=तृप्त हुन्छ, सः=त्यो, एतद् एव=यै, रूपम्=रूपलाई (लक्षित गरेर), अभिसंविशति=उदासीन रहन्छ, एतस्मात्=यस, रूपात्=रूपबाट, उदेति=उत्साहशील हुन्छ ।

स० वा०—जो कहिए-अनुसार यस अमृतलाई जान्दछ, त्यो साध्य देवताहरूमध्येकै एउटा भएर ब्रह्म-प्रमुख नै भई यस अमृतलाई देखेर नै तृप्त हुन्छ । त्यो यै रूपलाई लक्षित गरेर भोगको अवसर नहुँदा उदासीन रहन्छ । भोगको अवसर हुँदा यस रूपबाट उत्साहशील हुन्छ ।

स यावदादित्य उत्तरत उदेता दक्षिणतोऽस्तमेता द्विस्तावदूर्ध्वं उदेतार्वाङस्तमेता साध्यानामेव तावदाधिपत्यꣳ स्वाराज्यं पर्येता ॥ ४ ॥

द० प०—सः=त्यो उपासक, यावत्=जतिन्जेल, आदित्यः=सूर्य, उत्तरतः=उत्तर दिशामा, उदेता=उदाउँछन्, दक्षिणतः=दक्खिन दिशामा, अस्तम् एता=अस्ताउँछन्, द्विस्तावत्=त्योभन्दा दुगुना बढी कालसम्म, ऊर्ध्वः=माथिल्लो दिशामा, उदेता=उदाउँछन्, अर्वाङ्=तल्लो दिशामा, अस्तम् एता=अस्ताउँछन्, तावत्=त्यतिन्जेल, साध्यानाम् एव=साध्य देवताहरूकै, आधिपत्यम्=स्वामित्व, (एवं) स्वाराज्यम्=स्वराट्भाव, पर्येता=सबतर्फबाट पाउँछ ।

स० वा०—त्यो उपासक जतिन्जेल सूर्य उत्तर दिशामा उदाउँछन्, दक्खिन दिशामा अताउँछन् त्योभन्दा दुगुना बढ़ी कालसम्म माथिल्लो दिशामा उदाउँछन्, तल्लो दिशामा अस्ताउँछन्, त्यतिन्जेल साध्य देवताहरूकै स्वामित्व र स्वराट् भाव प्राप्त गर्दछ ।

तेस्रो अध्यायको दशौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकादश खण्ड

भोगक्षयपछि सबको उपसंहार हुँदा आदित्यरूप ब्रह्मको स्वरूपमा स्थिति

सम्बन्ध—आदित्यदेव यसरी उदयास्तद्वारा प्राणीहरूलाई स्वकर्मफल भोगका निमित्त अनुग्रह गरेर तिनको कर्मफलभोग समाप्त भएपछि ती प्राणीलाई आफूमा मिलाएर—

अथ तत ऊर्ध्वं उदेत्य नैवोदेता नास्तमेतैकल एव मध्ये स्थाता तदेष श्लोकः॥ १॥

द० प०—अथ = अनि, ततः = त्यसपछि, ऊर्ध्वः सन्=ऊर्ध्वगत भएर अर्थात् आत्मरूपमा नै, उदेत्य=उदाएपछि, न एव उदेता=न उदाउने नै छन्, न अस्तम् एता=न अस्ताउने नै छन्, किन्तु एकलः एव=एकलै, मध्ये=स्वात्मरूपमा नै, स्थाता=रहनेछन्, तत् = त्यस विषयमा, एषः=यो, श्लोकः=मन्त्र छ।

स० वा०—अनि तदनन्तर आत्मरूपमा नै उदाएपछि न फेरि उदाउँनेछन्, न अस्ताउने नै छन्, जुनका निमित्त उदाउने अस्ताउने गर्नुपरेको हो, ती प्राणी नै छैनन्। किन्तु एकलै स्वात्मरूपमा नै रहनेछन्। त्यस विषयमा यो मन्त्र छ।

ब्रह्मलोकका विषयमा विद्वान्‌को अनुभव

न वै तत्र न निम्लोच नोदियाय कदाचन।
देवास्तेनाहꣳ सत्येन मा विराधिषि ब्रह्मणेति॥ २॥

द० प०—तत्र=त्यस ब्रह्मलोकमा, न वै=(यस्तो–तिमीले सोधेजस्तो) छैन, (सविता) कदाचन=कुनै कालमा, न निम्लोच=अस्ताएनन्, न उदियाय= उदाएनन्, देवाः = हे देवताहो ! अहम्=म, तेन=त्यस, सत्येन=सत्यले, ब्रह्मणा= ब्रह्मसँग, मा विराधिषि = विरुद्ध नहूँ।

स० वा०—त्यस ब्रह्मलोकमा तिमीले सोधेजस्तो छैन। सूर्य कुनै बखत पनि न अस्ताए, न उदाए। (तिमी पत्याउँदैनौ भने म शपथ गर्दछु) हे देवताहो ! म त्यस सत्यले ब्रह्मसँग विरुद्ध नहूँ।

टिप्पणी—कुनै विद्वान् वसु आदिको समान आचरण राखी रोहित-आदि-अमृत-भोगको पात्र भई यथोक्त क्रमले रचनात्मभूत सवितालाई आत्मभावले प्राप्त गरेर

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सावधान स्थितिमा यो मन्त्र देखेर व्युत्थित भई आउँदा 'त्यहाँ पनि सूर्यले दिनरात गराई घुम्दै प्राणीको आयु बिताइदिन्छत् ? जस्तो यहाँ हाम्रो स्थिति छ' भनी कसैले सोद्धा फर्केर आएका योगीले दिएको उत्तररूपको मन्त्र हो ।

मधुविद्याको फल

सम्बन्ध—'साँचै हो तिनले भनेको' भन्छ श्रुति—

न ह् वा अस्मा उदेति न निम्लोचति सकृद्दिवा हैवास्मै भवति य एतामेवं ब्रह्मोपनिषदं वेद ॥ ३ ॥

द० प०—अस्मै = यसका निमित्त (सविता), ह् वै=अवश्य नै, न उदेति= उदाउँदैनन्, न निम्लोचति=अस्ताउँदैमन्, अस्मै=यसका निमित्त, सकृत्=एकैचोटि जस्तो (सर्वदा), दिवा ह् एव=दिन नै, भवति=हुन्छ । यः = जो, एताम् = यो, ब्रह्मोपनिषदम्=वेद–गुह्य कुरा, वेद=जान्दछ ।

स० वा०—यस यथोक्त ब्रह्मवेत्ताका निमित्त सूर्य अवश्य उदाउँदैनन्, अस्ताउँदैनन्, किन्तु सर्वदा दिन नै हुन्छ । जो यो वेदगुह्य कुरा (मधु-विद्या) जान्दछ ।

सम्प्रदाय-परम्परा

तद्धैतद् ब्रह्मा प्रजापतय उवाच प्रजापतिर्मनवे मनुः प्रजाभ्यस्तद्धैतदुद्दालकायारुणये ज्येष्ठाय पुत्राय पिता ब्रह्म प्रोवाच ॥ ४ ॥

द० प०—तद् ह्=त्यै, एतद् = यो (मधु ज्ञान), ब्रह्मा=ब्रह्माले, प्रजापतये = विराट्लाई, उवाच = बताए, प्रजापतिः = विराट्ले, मनवे=मनुलाई, मनुः= मनुले, प्रजाभ्यः=इक्ष्वाकु आदि सन्तानलाई, उवाच = बताए, तद् ह्=त्यै, एतद् = यो, ब्रह्म=मधुज्ञानरूप ब्रह्म, आरुणये=अरुण-पुत्र, उद्दालकाय=उद्दालक नाम गरेका, ज्येष्ठाय=जेठा, पुत्राय=छोरालाई, पिता = बाबुले, प्रोवाच=उपदेश गरे ।

स० वा०—त्यै यो मधुज्ञान ब्रह्माले विराट्लाई, विराट्ले मनुलाई, मनुले इक्ष्वाकु आदि सन्तानलाई बताए । त्यै मधुज्ञानरूप ब्रह्म अरुण-पुत्र उद्दालक नाम गरेका जेठा छोरालाई बाबु (अरुण) ले उपदेश गरे ।

इदं वाव तज्ज्येष्ठाय पुत्राय पिता ब्रह्म प्रब्रूयात् प्रणाय्याय वान्तेवासिने ॥ ५ ॥

द० प०—इदम् वाव=यै, तद् = त्यो मधुज्ञानरूप ब्रह्म, पिता=बाबुले,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्येष्ठाय=जेठा, पुत्राय = छोरालाई, वा=अथवा, प्रणाय्याय=योग्य, अन्तेवासिने= शिष्यलाई, प्रब्रूयात्=उपदेश गरोस् ।

स० वा०—यही त्यो मधुज्ञानरूप ब्रह्म बाबुले जेठा छोरालाई वा गुरुले योग्य शिष्यलाई उपदेश गर्नू ।

नान्यस्मै कस्मैचन यद्यप्यस्मा इमामद्भिः परिगृहीतां धनस्य पूर्णां दद्यादेतदेव ततो भूय इत्येतदेव ततो भूय इति ॥ ६ ॥

द० प०—अन्यस्मै=अरू, कस्मैचन=कसैलाई, न=उपदेश नगरोस्, यद्यपि =यद्यपि, अस्मै=यस उपदेशकर्तालाई, अद्भिः=समुद्रले, परिगृहीताम्=वेष्टित भएको, धनस्य=धनले, पूर्णाम्=भरिपूर्ण भएको, इमाम्=यो पृथ्वी, दद्यात्= (कसैले) देला, (तथापि यो मधुविद्या नदिनू, किनभने), ततः=त्यसभन्दा, एतद् एव=यै मधुविद्यादान, भूयः=धेरै फलवाला छ, इति=यसो भनेर । एतद् एव= यै मधुविद्यादान, भूयः=धेरै फलवाला छ, इति=यसो भनेर ।

स० वा०—यो मधुविद्या अरू कसैलाई नदिनू । हुन सक्छ, कसैले उपदेशक आचार्यलाई समुद्रवेष्टित विविध भोगका उपकरणले भरिपूर्ण यी पृथ्वी नै देओस् तैपनि यस विद्याको निष्क्रय हुँदैन । किनभने त्यो पृथ्वीदानभन्दा यो मधुविद्यादान ज्यादै फलवाला छ ।

तेस्रो अध्यायमा एघारौं खण्ड समाप्त

द्वादश खण्ड

गायत्रीद्वारा ब्रह्मको उपासना

संबन्ध—जब ब्रह्मविद्या यस प्रकार अतिशय फलवाला छ, तब यसलाई अरू किसिमबाट पनि बताउनु बेस हुन्छ भनेर 'गायत्री वा' इत्यादि ग्रन्थको आरम्भ गरिन्छ । अखिल विशेषरहित 'नेति नेति' इत्यादि प्रकारले विशेषको निषेधद्वारा गम्य भएको ब्रह्म दुर्बोध वस्तु हुनाले गायत्रीद्वारा पनि निरूपण गरिन्छ । छन्दहरू अनेक हुँदाहुँदै पनि ब्रह्मज्ञानको द्वाररूपले गायत्रीलाई नै लिनु यसको ज्यादै महत्त्व हुनाले हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायत्री वा इदꣳ सर्वं भूतं यदिदं किं च वाग्वै गायत्री वाग्वा इदꣳ सर्वं भूतं गायति च त्रायते च ॥ १ ॥

द० प०—इदम्=यो, सर्वम्=सबै, भूतम्=प्राणिवर्ग र, इदम्=यो, यत् किम् च=जुन कुनै पनि चीज, वै=अवश्य, गायत्री=गायत्री हो, वाक् वै=वाणी नै, गायत्री=गायत्री हो, वाक् वै=वाणी नै, इदम्=यो, सर्वम्=सबै, भूतम्=भूतवर्ग-लाई, गायति=गाउँदछ अर्थात् चिनाउँछ, च=र, त्रायते च = रक्षा पनि गर्छ।

स० वा०—यो संपूर्ण प्राणिवर्ग र जुनसुकै पनि स्थावर जङ्गम गायत्री हो। एउटा छन्दोरूप गायत्री कसरी अखिल चराचरलाई व्याप्त गर्ने हुन सक्छ र ? भन्ने शङ्कामा समाधान गर्दछ—वाणी नै गायत्री हो, वाणीले अवश्य सब चर अचरलाई, गाउँदछ अर्थात् यो गोरु हो, यो घोडा हो इत्यादि शब्द रूपले उल्लेख गर्दछ, तथा 'यसबाट तँ नडरा, केबाट डर भो ?' इत्यादि शब्दले प्राणीलाई रक्षा पनि गर्दछ।

या वै सा गायत्रीयं वाव सा येयं पृथिव्यस्याꣳ हीदꣳ सर्वं भूतं प्रतिष्ठितमेतामेव नातिशीयते ॥ २ ॥

द० प०—वै=निश्चयले, यः=जुन, सा=त्यो, गायत्री=गायत्री हो, इयम्=यो, वाव=अवश्य, सा=त्यो हो, यः=जो, इयम्=यो, पृथिवी=पृथ्वी हो। हि=किनभने, अस्याम्=यसमा, सर्वम्=सम्पूर्ण, भूतम्=भूतसमुदाय, प्रतिष्ठितम्=रहे-को छ, एताम्=यस पृथ्वीलाई, न एव अतिशीयते=अवश्य अतिक्रमण गर्दैन।

स० वा०—जुन त्यो गायत्री हो, त्यो निस्सै पनि त्यो चीज हो, जो यो पृथ्वी हो। किनभने यसमा संपूर्ण भूत-समुदाय रहेको छ। यसलाई आधार नगरीकन रहन सकेको छैन। अभिप्राय यो हो—गान र त्राणद्वारा गायत्रीको समस्त भूतसँग सम्बन्ध छ, त्यस्तै प्रतिष्ठान (रहन दिनु) द्वारा पृथ्वीको समस्त भूतसँग सम्बन्ध छ। अतः गायत्री पृथ्वी हो।

या वै सा पृथिवीयं वाव सा यदिदमस्मिन्पुरुषे शरीरमस्मिन्हीमे प्राणाः प्रतिष्ठिता एतदेव नातिशीयन्ते ॥ ३ ॥

द० प०—या = जुन, सा=त्यो, पृथिवी=पृथ्वी हो, इयम्=यो, वाव=अवश्य, सा=त्यो वस्तु हो, यद्=जो, इदम्=यो, अस्मिन्=यस, पुरुषे=पुरुषमा, शरीरम्=शरीर छ, हि=किनभने, अस्मिन्=यस शरीरमा, प्राणाः = प्राणहरू, प्रतिष्ठिताः=रहेका छन्, एतद्=यसलाई, न एव अतिशीयन्ते=अवश्य अतिक्रमण गर्दैनन्।

स० वा०—जुन त्यो पृथ्वी हो, यो अवश्य त्यो वस्तु हो, जो यस भूतेन्द्रिय

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संघातरूप पुरुषमा शरीर छ। किनभने, यै शरीरमा प्राण रहेका छन्। तिनले यस शरीरलाई अवश्य अतिक्रमण गर्न सक्तैनन् अर्थात् यस शरीरलाई आधार नगरी रहन सक्तैनन्। भाव यो हो—पृथ्वी संपूर्ण भूत प्रतिष्ठित भएजस्तै शरीरमा सम्पूर्ण भूत शब्द वाक्य प्राण प्रतिष्ठित भएकोले गायत्री शरीर हो।

यद्वै तत्पुरुषे शरीरमिदं वाव तद्यदिदमस्मिन्नन्तःपुरुषे हृदयमस्मिन्हीमे प्राणाः प्रतिष्ठिताः एतदेव नातिशीयन्ते ॥ ४ ॥

द० प०—वै=निश्चयले, यद्=जो, तत्=त्यो, पुरुषे=देहेन्द्रिय संधानरूप पुरुषमा, शरीरम्=शरीर छ, इदम्=यो, वाव=अवश्य, तद्=त्यो चीज हो, यद्=जो, इदम्=यो, अस्मिन्=यस, पुरुषे=पुरुषमा, अन्तः=भित्र, हृदयम्=मुटु छ, हि=किनभने, अस्मिन्=यस मुटमा, प्राणाः=प्राणहरू, प्रतिष्ठिताः=रहेका छन्, एतद्=यस मुटुलाई, न एव अतिशीयन्ते=अतिक्रमण गर्दैनन्।

स० वा०—निस्सै पनि जुन त्यो देहेन्द्रिय संधानरूप पुरुषमा शरीर छ, त्यो अवश्य त्यो चीज हो, जो यस पुरुषमा भित्र मुटु छ। किनभने यस मुटुमा प्राण रहेका छन्। तिनले यसलाई अतिक्रमण गर्न सक्तैनन्। अर्थात् त्यसलाई आधार नलिईकन रहन सक्तैनन्। अतः शरीर जस्तै गायत्री हृदय (मुटु) हो।

सैषा चतुष्पदा षड्विधा गायत्री तदेतदृचाभ्यनूक्तम् ॥ ५ ॥

द० प०—सा=त्यो, एषा=यो, गायत्री=गायत्री, चतुष्पदा=चार पाउ भएको, (र) षड्विद्या=(वाणी, भूत, पृथिवी, शरीर, हृदय र प्राण यस रूपले) छः प्रकारको छ, तत्=त्यस विषयमा, एतत्=यो गायत्रीसंज्ञक ब्रह्म, ऋचा=मन्त्रले (पनि), अभ्यनूक्तम्=प्रकाशित गरिएको छ।

स० वा०—त्यो गायत्री चार पाउको वाणी, भूत, पृथ्वी, शरीर, हृदय र प्राणरूपले छः प्रकारको छ। त्यस विषयमा यो गायत्रीसंज्ञक ब्रह्म जो गायत्रीमा अवगत गायत्रीद्वारा नै प्रतिपादित छ, त्यो मन्त्रले पनि प्रकाशित गरिएको छ।

कार्य ब्रह्म र शुद्ध ब्रह्मको भेद

तावानस्य महिमा ततो ज्यायाꣳश्च पूरुषः। पादोऽस्य सर्वा भूतानि त्रिपादस्यामृतं दिवीति ॥ ६ ॥

द० प०—अस्य=यस गायत्रीसंज्ञक ब्रह्मको, महिमा=महत्त्व (विभूति विस्तार), तावान्=त्यति नै छ, पुरुषः च=निर्देश पुरुष त, ततः=त्यस गायत्रीसंज्ञक

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मभन्दा, ज्यायान्=अतिशय उत्कृष्ट छ, अस्य=यस प्रकारको, सर्वा=सम्पूर्ण, भूतानि=भूतहरू, पादः=एक पाउ हो, अस्य=यसको, त्रिपाद=तीन पाउवाला; पुरुषसंज्ञक ब्रह्म, दिवि=द्योतनशील स्वात्मामा, [अवस्थितम्]=रहेको छ, इति=यो मन्त्र हो ।

स० वा०—यस गायत्री ब्रह्मको विभूति विस्तार त्यति नै छ । निर्विशेष पुरुष भने त्यस गायत्रीसंज्ञक ब्रह्मभन्दा अतिशय उत्कृष्ट छ । समस्त स्वभाव र जङ्गम यसको एक पाउ हो । तीन पाउवाला अमृत संज्ञक पुरुष प्रकाश-शील स्वरूपैमा अवस्थित छ, यो मन्त्र हो ।

भूताकाश, देहाकाश र हृदयाकाशको अभेद

यद्वै तद्ब्रह्मे तीदं वाव तद्योऽयं बहिर्धा पुरुषादाकाशो यो वै स बहिर्धा पुरुषादाकाशः ॥ ७ ॥

अयं वाव स योऽयमन्तः पुरुष आकाशो यो वै सोऽन्तः पुरुष आकाशः ॥ ८ ॥

अयं वाव स योऽयमन्तर्हृदय आकाशस्तदेतत्पूर्णमप्रवर्ति पूर्णमप्रवर्तिनीꣳश्रियं लभते य एवं वेद ॥ ९ ॥

द० प०—वै=निश्चयले, यद्=जो, तद्=त्यो, (त्रिपाद् अमृत रूप), ब्रह्म-इति='ब्रह्म' भनी भनिन्छ, इयम्=यो, वाव=अवश्य, तद्=त्यो हो, यः=जो, अयम्=यो, पुरुषात्=पुरुषदेखि, बहिर्धा=बाहिर, आकाशः=भौतिक आकाश छ । वै=निश्चयले, यः=जो, सः=त्यो, पुरुषात्=पुरुषभन्दा, बहिर्धा=बाहिर, आकाशः=आकाश छ, अयम्=यो, वाव=अवश्य, सः=त्यो हो, यः=जो, अयम्=यो, अन्तः पुरुषे=शरीरभित्र, आकाशः=आकाश छ, यः=जो, सः=त्यो, अन्तःपुरुषे=शरीरभित्र, आकाशः=आकाश छ, अयम्=यो, वाव=अवश्य, सः=त्यो हो, यः=जो, अन्तर्हृदये=हृदय (मुटु) भित्र, आकाशः=आकाश छ, तत्=त्यो, एतत्=यो, हृदयाकाशसंज्ञक ब्रह्म, पूर्णम्=सर्वगत (र), अप्रवर्त्ति=कहीं प्रवृत्त नहुने स्वभावको छ, यः=जो, एवम्=यस प्रकार, वेद=जान्दछ, र उपासना गर्दछ, [सः]=त्यो, अप्रवर्त्तिनीम्=कतै नचल्ने, श्रियम्=सम्पत्ति, लभते=पाउँदछ ।

स० वा०—निश्चयसाथ जो त्यो त्रिपाद् अमृतरूप गायत्रीद्वारा प्रतिपादित ब्रह्म भनिन्छ, यो अवश्य त्यो हो, जो शरीरदेखि बाहिर आकाश छ । जो यो शरीरदेखि बाहिरको आकाश हो, त्यो अवश्य त्यो हो, जो शरीरभित्र आकाश छ । तथा जो यो

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरभित्र आकाश छ, त्यो अवश्य त्यो हो जो मुटुभित्र आकाश छ। त्यो हार्दाकाश-संज्ञक ब्रह्म सर्वगत छ, कतै प्रवृत्त नहुने स्वभावको छ। जो हार्दाकाशरूप ब्रह्मलाई यस प्रकार जान्दछ र उपासना गर्दछ त्यो कतै नचल्ने स्थिर संपत्ति प्राप्त गर्दछ। यो गौण फल हो। खास फल त यो हो--यहाँ जीवित हुँदैमा ब्रह्मभावमा प्राप्त हुन्छ।

तेस्रो अध्यायमा बाह्रौं खण्ड समाप्त

●

त्रयोदश खण्ड

हृदयान्तर्गत पूर्वसुषिभूत प्राणको उपासना

सम्बन्ध--'**तस्य ह वा**' इत्यादि खण्डले गायत्रीसंज्ञक ब्रह्मको उपासनाको अङ्ग रूपले द्वारपालादि गुणको विधान गर्नानिमित्त यो उत्तर ग्रन्थ आरम्भ गरिन्छ। जस्तो लोकमा राजाका द्वारपाल केही उपहारद्वारा वश गरिंदा राजासँग भेट गर्ने काममा उपयोगी हुन्छन्। त्यस्तै यहाँ पनि उपासनाका अङ्गहरूको उपयोग हुन्छ।

तस्य ह वा एतस्य हृदयस्य पञ्च देवसुषयः स योऽस्य प्राङ् सुषिः स प्राणस्तच्चक्षुः स आदित्यस्तदेतत्तेजोऽन्नाद्यमित्युपासीत तेजस्व्यन्नादो भवति य एवं वेद॥ १॥

द० प०—ह वै=प्रसिद्ध, एतस्य=यो, हृदयस्य=हृदयका, पञ्च=पाँच, देवसुषयः=प्राणादि देवताहरूले रक्षा गरिएका छिद्रहरू छन्, सः=त्यो, यः=जो, अस्य=यस हृदयको, प्राङ्=पूर्वतर्फ रहेको, सुषिः=छिद्र छ, सः=त्यो, प्राणः= प्राण हो, तत्=त्यो, चक्षुः=चक्षु इन्द्रिय हो, सः=त्यो, आदित्यः=सूर्य हो, तत् एतत्=त्यै यो, तेजः=तेज (र), अन्नाद्यम्=खाइने चीज हो, इति=यस्तो भावना गरेर, उपासीत=उपासना गरोस्, यः=जो, एवम्=यस्तो, वेद=जान्दछ (र उपासना गर्दछ) [सः]=त्यो, तेजस्वी=तेजिलो (र), अन्नादः=अन्नको भोक्ता (नीरोगी), भवति=हुन्छ।

स० वा०—त्यस प्रसिद्ध हृदयका प्राणादि देवताहरूले रक्षा गरिएका पाँचवटा छिद्र छन्। त्यो जो पूर्वतर्फ रहेको छिद्र छ त्यो प्राण (त्यहाँ रहने त्यस द्वारबाट

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संचार गर्ने वायुविशेष) हो । अनि त्यो प्राणसँग सम्बद्ध चक्षु इन्द्रिय पनि हो। त्यस्तै सूर्य पनि हो । यही यस प्राणलाई तेज र खाने चीज हो भनी उपासना गर्नू । जो यो कुरा जान्दछ र यथावत् उपासना गर्दछ त्यो तेजिलो र अन्नको भोक्ता (रोगरहित) हुन्छ । [यो, उपासनाको गौण फल हो, मुख्य फल त प्राणरूप द्वारपालद्वारा स्वर्ग प्राप्ति नै हो ।]

हृदयान्तर्गत दक्षिणसुषिभूत व्यानको उपासना

अथ योऽस्य दक्षिणः सुषिः स व्यानस्तच्छ्रोत्रꣳस चन्द्रमास्तदेतच्छ्रीश्च यशश्चेत्युपासीत श्रीमान्यशस्वी भवति य एवं वेद ॥ २ ॥

द० प०--अथ=तथा, यः=जो, अस्य=यस हृदयको, दक्षिणः=दक्खिन-तर्फको, सुषिः=छिद्र हो, सः=त्यो, व्यानः=व्यान वायु हो, तत्=त्यो, श्रोत्रम्=श्रवणेन्द्रिय हो, सः=त्यो, चन्द्रमाः = चन्द्रमा हो, तत् एतत्=त्यै यसलाई, श्रीः=विभूति, च= र, यशः=सुख्याति, च = पनि हो, इति=यस्तो भावना गरेर, उपासीत=उपासना गरोस्, यः=जो, एवम् = यस्तो, वेद=जान्दछ (र उपासना गर्दछ), [सः] = त्यो, श्रीमान्=संपत्तिमान् (र), यशस्वी=सुख्यातिमान्, भवति=हुन्छ ।

स० वा०--तथा श्री जो यस हृदयका दक्खिनतर्फको छिद्र हो, त्यो व्यान (त्यहाँ रहने, त्यस द्वारबाट संचार गर्ने वायुविशेष) हो । त्यो व्यानसँग संबद्ध श्रवणेन्द्रिय पनि हो, त्यस्तै चन्द्रमा पनि हो । यस व्यानलाई विभूति र असल ख्याति भनी उपासना गर्नू । जो यस्तो जान्दछ र उपासना गर्दछ, त्यो सम्पत्तिमान् र सुख्यातिमान् हुन्छ ।

हृदयान्तर्गत पश्चिमसुषिभूत अपानको उपासना

अथ योऽस्य प्रत्यङ् सुषिः सोऽपानः सा वाक्सोऽग्निस्तदेतद्ब्रह्मवर्चसमन्नाद्यमित्युपासीत ब्रह्मवर्चस्यन्नादो भवति य एवं वेद ॥ ३ ॥

द० प०—अथ=तथा, यः = जो, अस्य = यस हृदयको, प्रत्यङ् = पश्चिम तर्फ, सुषिः = छिद्र छ, सः = त्यो, अपानः = अपान हो, सा=त्यो, वाक् = वाक् इन्द्रिय हो, सः = त्यो, अग्निः = अग्नि हो, तद् एतद् = त्यही यो अपानलाई, ब्रह्मवर्चसम् = ब्रह्मवर्चस (चरित्र र स्वाध्यायबाट हुने तेज र), अन्नाद्यम् = खाइने वस्तु, इति = यस्तो भावना गरेर, उपासीत = उपासना गरोस्, यः = जो, एवम् = यस्तो, वेद = जान्दछ, (सः) = त्यो, ब्रह्मवर्चसी = चरित्र र स्वाध्यायबाट हुने तेज भएको (र), अन्नादः = अन्नको भोक्ता, भवति = हुन्छ ।

Prof. Amodavardhana Kaundinhyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०=तथा जो यस हृदयका पश्चिमतर्फको छिद्र छ, त्यो अपान (त्यहाँ रहने, त्यस द्वारबाट संचार गर्ने वायुविशेष) हो । त्यो अपानसँग संबद्ध वाक् इन्द्रिय पनि हो, अग्नि पनि हो । यस अपानलाई अग्निसँग संबन्ध हुनाले चरित्र र स्वाध्याय-बाट हुने तेज र खाइने वस्तु भनी उपासना गर्नू । जो यस्तो जान्दछ र गर्दछ त्यो ब्रह्मवर्चसी र अन्नको भोक्ता हुन्छ ।

हृदयान्तर्गत उत्तरसुषिभूत समानको उपासना

अथ योऽस्योदङ् सुषिः स समानस्तन्मनः स पर्जन्यस्तदेतत्कीर्तिश्च व्युष्टिश्चेत्युपासीत कीर्तिमान्व्युष्टिमान् भवति य एवं वेद ॥ ४ ॥

द० प०—अथ=तथा, यः=जो, अस्य=यस हृदयको, उदङ्=उत्तरतर्फ, सुषिः=छिद्र छ, सः=त्यो, समानः=समान हो, तत्=त्यो, मनः=मन हो, (तथा) सः=त्यो, पर्जन्यः=मेघ हो, तत् एतत्=त्यै यस समानलाई, कीर्त्तिः=आफ्ना पछाडि भएको ख्याति, च=र, व्युष्टिः=शरीरको सुन्दरता, च=पनि, इति=यसो भनी, उपासीत=उपासना गरोस्, यः=जो, एवम्=यस्तो, वेद=जान्दछ, (सः)=त्यो, कीर्तिमान्=कीर्त्तिमान् (र), व्युष्टिमान्=सौन्दर्यवान्, भवति=हुन्छ ।

स० वा०—तथा जो यस हृदयको उत्तरतर्फ छिद्र छ, त्यो समान (त्यहाँ रहने, त्यस द्वारबाट संचार गर्ने वायुविशेष) हो । त्यो समानसँग संबद्ध मन पनि हो, मेघ पनि हो । यस समानलाई कीर्त्ति र सौन्दर्य भनी उपासना गर्नू । जो यो कुरा जान्दछ र उपासना गर्दछ त्यो कीर्तिमान् र सौन्दर्यवान् हुन्छ ।

हृदयान्तर्गत ऊर्ध्वसुषिभूत उदानको उपासना

अथ योऽस्योर्ध्वः सुषिः स उदानः स वायुः स आकाशस्तदेतदोजश्च महश्चेत्युपासीतौजस्वी महस्वान्भवति य एवं वेद ॥ ५ ॥

द० प०—अथ=तथा, यः=जो, अस्य=यस हृदयका, ऊर्ध्वः=माथितिर, सुषिः=छिद्र छ, सः=त्यो, उदानः=उदान हो, सः=त्यो, वायुः=वायु हो, (तथा) सः=त्यो, आकाशः=आकाश हो, तद् एतद्=त्यो यस उदानलाई, ओजः=बल, च=र, महः=महत्त्व, च=पनि, इति=यसो भनी, उपासीत=उपासना गरोस्, यः=जो, एवम्=यस्तो, वेद=जान्दछ, [सः]=त्यो, ओजस्वी=बलवान् (र), महस्वान्=महत्त्वशाली, भवति=हुन्छ ।

स० वा०—तथा जो यस हृदयको माथितिर छिद्र छ, त्यो उदान (त्यहाँ रहने, त्य द्वारबाट संचार गर्ने, वायुविशेष) हो । त्यो वायु पनि हो, आकाश पनि

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । यस उदानलाई बल र महत्त्व भनी उपासना गर्नू । जो यस्तो जान्दछ र उपासना गर्दछ त्यो बलवान् र महत्त्वशाली हुन्छ ।

उपर्युक्त प्राणादि द्वारपालहरूको उपासनाको फल

ते वा एते पञ्च ब्रह्मपुरुषाः स्वर्गस्य लोकस्य द्वारपाः स य एतानेवं पञ्च ब्रह्मपुरुषान्स्वर्गस्य लोकस्य द्वारपान्वेदास्य कुले वीरो जायते प्रतिपद्यते स्वर्गं लोकं य एतानेवं पञ्च ब्रह्मपुरुषान्स्वर्गस्य लोकस्य द्वारपान्वेद ॥ ६ ॥

द० प०—ते=ती (कहिएका), एते=यी, पञ्च=पाँचवटा, ब्रह्मपुरुषाः=हार्द ब्रह्मका पुरुषहरू, वै=निश्चयले, स्वर्गस्य=स्वर्ग, लोकस्य=लोकका, द्वारपाः=द्वारपाल हुन्, यः=जो, एतान्=यी, पञ्च=पाँच, ब्रह्मपुरुषान्=हार्द ब्रह्मका पुरुषहरूलाई, एवम्=यस प्रकार, स्वर्गस्य=स्वर्ग, लोकस्य=लोकका, द्वारपान्=द्वारपाल, वेद=जान्दछ, अस्य=त्यसका, कुले=वंशमा, वीरः=वीर, पुत्रः=छोरो, जायते=जन्मन्छ, (तथा) [सः]=त्यो, स्वर्गम्=स्वर्ग, लोकम्=लोकमा, प्रतिपद्यते=प्राप्त हुन्छ, यः=जो, एतान्=यी, पञ्च=पाँचवटा, ब्रह्मपुरुषान्=हार्द ब्रह्मका पुरुषहरूलाई, एवम्=यसरी, स्वर्गस्य=स्वर्ग, लोकस्य=लोकका, द्वारपान्=द्वारपाल, वेद=जान्दछ ।

स० वा०—ती उक्त पाँचवटा हार्दब्रह्मका पुरुषहरू निस्सै स्वर्गका द्वारपाल हुन् । जो यी पाँच हार्दब्रह्मका पुरुषहरूलाई यस प्रकार स्वर्गका द्वारपाल भनी जान्दछ र उपासना गर्दछ, त्यसका कुलमा वीर छोरो जन्मन्छ, आफू पनि स्वर्गलोक प्राप्त गर्ने हुन्छ ।

हृदयस्थित मुख्य ब्रह्मको उपासना

अथ यदतः परो दिवो ज्योतिर्दीप्यते विश्वतः पृष्ठेषु सर्वतः पृष्ठेष्वनुत्तमेषूत्तमेषु लोकेष्विदं वाव तद्यदिदमस्मिन्नन्तःपुरुषे ज्योतिः ॥ ७ ॥

द० प०—अथ=तथा, यत्=जो, अतः=यस द्युलोकदेखि, परः=पर, विश्वतः पृष्ठेषु अर्थात् सर्वतः पृष्ठेषु=सबभन्दा माथि, अनुत्तमेषु अर्थात् उत्तमेषु=सबभन्दा उत्तम, लोकेषु=सत्यलोक आदि लोकहरूमा, ज्योतिः=ज्योति, दीप्यते=प्रकाश भैइरहेको छ, इदम्=यो, वाव=अवश्य, तद्=त्यो हो, यद्=जो, इदम्=यो, अस्मिन्=यस, अन्तःपुरे=पुरुषभित्र, ज्योतिः=ज्योति छ ।

स० वा०—तथा यस द्युलोकदेखि पर सबभन्दा माथि सर्वश्रेष्ठ सत्यलोक आदि लोकहरूमा जो यो ज्योति प्रकाश भैरहेको छ, यो अवश्य त्यो हो जो यस पुरुषभित्र ज्योति छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयस्थित परमज्योतिको अनुमापक लिङ्ग

तस्यैषा दृष्टिर्यत्रैतदस्मिञ्छरीरे संस्पर्शेनोष्णिमानं विजानाति तस्यैषा श्रुतिर्यत्रैतत्कर्णावपिगृह्य निनदमिव नदथुरिवाग्नेरिव ज्वलत उपशृणोति तदेतद्दृष्टं च श्रुतं चेत्युपासीत चक्षुष्यः श्रुतो भवति य एवं वेद य एवं वेद ॥ ८ ॥

द० प०—तस्य=त्यस ज्योति (हृदयस्थित पुरुष) लाई, एषा=यो, दृष्टिः=देख्ने (थाह गर्ने) उपाय हो, यत्र=जुन, एतस्मिन्=यस, शरीरे=शरीरमा, संस्पर्शेन=छुवाइले, उष्णिमानम्=तातोपन, विजानाति=जान्दछ, तस्य=त्यसको, एषा=यो, श्रुतिः=सुन्ने उपाय हो, यत्र=जुन वखत, कर्णौ=दुइ कान, एतत्=यसरी, अपिगृह्य=बन्द गरेर, निनदम् इव=रथ हिंडेजस्तो, नदथुः इव=साँढे डुक्रेजस्तो, अग्नेः=आगो, ज्वलतः इव=बलेजस्तो (शब्द), उपशृणोति=सुन्दछ, तत् एतत्=त्यै यसलाई, दृष्टम्=देखिएको, च=र, श्रुतम्=सुनिएको, च=पनि, इति=यसो भनेर, उपासीत=उपासना गरोस्, यः=जो, एवम्=यस प्रकार, वेद=जान्दछ, [सः]=त्यो, चक्षुष्यः=दर्शनीय (र), श्रुतः=प्रसिद्ध, भवति=हुन्छ ।

स० वा०—यस ज्योति (हृदयस्थित पुरुष) लाई देख्ने (थाह गर्ने) उपाय यो हो, जुन कि यस शरीरमा छुवाइले तातोपन जान्दछ । त्यसलाई सुन्ने उपाय यो हो—जुन वखत दुइ कान बन्द गर्दा रथ चलेजस्तो, सांढे डुक्रेजस्तो, आगो बल्दाको जस्तो शब्द सुन्दछ । यस ज्योतिलाई देखिएको सुनिएको भनी उपासना गर्नू । जो यस ज्योतिलाई यस प्रकार जान्दछ र उपासना गर्दछ त्यो दर्शनीय र प्रसिद्ध हुन्छ ।

टिप्पणी—यहाँ अन्तर्ज्योतिलाई 'दृष्ट' र 'श्रुत' मानी उपासना गर्न विधान गरिएको छ । अन्तर्ज्योतिको अनुमापक प्रमाण जो शरीरगत उष्णस्पर्श हो, त्यो त्वगिन्द्रियले प्रत्यक्ष छ । त्यो उष्णस्पर्शरूप साथै रहने गुण हुनाले चक्षुरिन्द्रिय-ग्राह्य सरहकै सम्झिन्छ र 'दृष्ट' मानिन्छ । अन्तर्ज्योतिको अर्को अनुमापक प्रमाण जीउभित्रको शब्द पनि छ, जो बल्दो वाह्य आगाको शब्द जस्तै छ, दुइ कान बन्द गर्दा सुनिन्छ । त्यो 'श्रुत' छ । ती अनुमापक प्रमाण दृष्ट र श्रुत हुनाले अन्तर्ज्योति समेत दृष्ट र श्रुत मानिने भएको हो ।

तेस्रो अध्यायमा तेह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्दश खण्ड

शाण्डिल्यविद्या

सर्वदृष्टिले ब्रह्मको उपासना

सम्बन्ध—त्यै अनन्त गुणवान् अनन्तशक्ति अनेक भेदले उपासनीय त्रिपाद् अमृतब्रह्मको विशेष-गुण-शक्ति-युक्त रूपले उपासना विधान गर्न चाहँदै भन्दछ—

सर्वं खल्विदं ब्रह्म तज्जलानिति शान्त उपासीत। अथ खलु क्रतुमयः पुरुषो यथाक्रतुरस्मिँल्लोके पुरुषो भवति तथेतः प्रेत्य भवति स क्रतुं कुर्वीत ॥ १ ॥

द० प०—इदम्=यो, सर्वम्=सारा जगत्, खलु=निश्चयले, ब्रह्म=ब्रह्म हो, (कसरी ?) तज्जलान्='तज्ज' त्यै ब्रह्मबाट उत्पन्न भएको छ, 'तल्ल' त्यै ब्रह्ममा लीन हुनेछ, 'तदन्' त्यसैमा चेष्टा गर्दछ, इति=यस हेतुले, शान्तः=रागद्वेषादिरहित भैकन, (त्यस सर्वात्मक ब्रह्मलाई), उपासीत=उपासना गरोस्। (कसरी ?), अथ खलु=जुन कारणले कि, पुरुषः=जीव, क्रतुमयः=अध्यवसायात्मक छ, पुरुषः=जीव, अस्मिन्=यो, लोके=लोकमा, यथाक्रतुः=जस्तो निश्चय भएको, भवति=हुन्छ, तथा=त्यस्तै (तदनुरूप फलवाला), इतः=यहाँबाट, प्रेत्य=मरी गएपछि, भवति=हुन्छ, (यसकारण), सः=यस्तो जानेको त्यो जीवले, क्रतुम्=(कहिने अनुसारको) निश्चय, कुर्वीत=गरोस्।

स० वा०--यो सारा जगत् निस्सै ब्रह्म हो। कसरी भने, सृष्टिकालमा त्यैं ब्रह्मबाट उत्पन्न भएको छ। प्रलय कालमा त्यसैमा लीन हुन्छ र स्थितिकालमा त्यसैमा चेष्टा गर्दछ। यसरी ब्रह्मात्मभावले तीनै कालमा समान हुनाले यो जगत् ब्रह्म नै हो। अतः राग-द्वेषादि दोषले रहित भैकन त्यस सर्वात्मक ब्रह्मको उपासना गर्नू। कसरी भने यो, जीव अध्यवसायात्मक छ, यो यस लोकमा जस्तो निश्चयवाला हुन्छ, यस देहबाट मरेर गएपछि उस्तै—तदनुरूप फलवाला हुन्छ। त्यसकारण यस्तो जानेर जीवले अब बताइने अनुसारको निश्चय गर्नू।

समग्र ब्रह्ममा आरोपित गुण

मनोमयः प्राणशरीरो भारूपः सत्यसंकल्प आकाशात्मा सर्वकर्मा सर्वकामः सर्वगन्धः सर्वरसः सर्वमिदमभ्यात्तोऽवाक्यनादरः ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—(त्यो ब्रह्म) मनोमयः=लगभग मनस्वरूपको, (अतएव) प्राणशरीरः=लिङ्गदेह नै शरीर भएको, भारूपः=चैतन्यस्वरूप, सत्यसंकल्पः=सफल संकल्पवाला, आकाशात्मा=आकाश जस्तो, (सर्वगत, सूक्ष्म, रूपविहीन), सर्वकर्मा= विश्वको निर्माणकर्ता, सर्वकामः=संपूर्ण निर्दोष कामवाला, सर्वगन्धः=समस्त सुखकर गन्धवाला, सर्वरसः=सकल निर्दोष रसवाला, सर्वम् = समस्त, इदम्=यो (जगत्), अभ्यात्तः=व्याप्त गर्ने, अवाकी=वागिन्द्रियरहित, अनादरः=संभ्रमरहित छ ।

स० वा०—त्यो ब्रह्म झण्डै मनस्वरूपको, अर्थात् मन विषयमा प्रवृत्त हुँदा प्रवृत्त भएजस्तो, निवृत्त हुँदा निवृत्त भएजस्तो, अतएव लिंगदेह नै शरीर भएको, वस्तुतः चैतन्यस्वरूप, सफल सङ्कल्पवाला आकाश जस्तो—सर्वगत, सूक्ष्म, रूपादिरहित समस्त कर्मवाला—विश्वकै निर्माता, संपूर्ण निर्दोष कामवाला, समस्त सुखकर गन्धवाला सकल दोषरहित रसवाला, यो समस्त जगत्लाई व्याप्त गर्ने, वागिन्द्रियादि रहित र संभ्रमरहित छ ।

ब्रह्म सानोभन्दा सानो र ठूलोभन्दा ठूलो छ

एष म आत्मान्तर्हृदयेऽणीयान्व्रीहेर्वा यवाद्वा सर्षपाद्वा श्यामाकाद्वा श्यामाकतण्डुलाद्वैष म आत्मान्तर्हृदये ज्यायान्पृथिव्या ज्यायानन्तरिक्षाज्ज्यायान्दिवो ज्यायानेभ्यो लोकेभ्यः ॥ ३ ॥

द० प०—एषः=यो, मे=मेरो, आत्मा=आत्मा, अन्तर्हृदये=हृदयभित्र, व्रीहेः=धानभन्दा, वा=अथवा, यवान्=जौभन्दा, वा=अथवा, सर्षपान् = सस्यूँभन्दा, वा=अथवा, श्यामाकान्=सामाभन्दा, वा=अथवा, श्यामाकतण्डुलान्=सामाको चामलभन्दा, अणीयान्=ज्यादै सानो छ, एषः=यो, मम=मेरो, आत्मा अन्तर्हृदये= हृदयभित्र, पृथिव्याः=पृथिवीभन्दा, ज्यायान्=धेरै ठूलो छ, अन्तरिक्षात्=अन्तरिक्षभन्दा, ज्यायान्=ज्यादै ठूलो छ, दिवः=द्युलोकभन्दा, ज्यायान्=अति नै ठूलो छ, एभ्यः=यी, लोकेभ्यः = लोकहरूभन्दा, ज्यायान्=अत्यन्तै ठूलो छ ।

स० वा०—यो मेरो आत्मा हृदयभित्र धानभन्दा, जौभन्दा, सस्यूँभन्दा सामाभन्दा अथवा सामाको चामलभन्दा पनि सानो छ । के अणुपरिमाण छ त ? हैन, यो मेरो आत्मा पृथ्वीभन्दा, अन्तरिक्षभन्दा, द्युलोकभन्दा अथवा समस्त यी लोकहरूभन्दा पनि महान् छ । अतः अनन्तपरिमाणको छ ।

हृदयस्थित ब्रह्मको र परब्रह्मको एकता

सर्वकर्मा सर्वकामः सर्वगन्धः सर्वरसः सर्वमिदमभ्यात्तोऽवाक्यनादर एष म आत्मान्तर्हृदय एतद्ब्रह्मैतमितः प्रेत्याभिसंभवितास्मीति यस्य स्यादद्धा न विचिकित्सास्तीति ह स्माह शाण्डिल्यः शाण्डिल्यः ॥ ४ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०--सर्वकर्मा=विश्वको निर्माता, सर्वकामः=संपूर्ण निर्दोष कामवाला, सर्वगन्धः=समस्त सुखकर गन्धवाला, सर्वरसः=सकल दोषरहित रसवाला, सर्वम्=समस्त, इदम्=यो (जगत्), अभ्यात्तः=व्याप्त गर्ने, अवाकी=वागिन्द्रियादि-रहित, अनादरः=सम्भ्रम-शून्य, एषः=यो, मे=मेरो, आत्मा=आत्मा, अन्तर्हृदये=हृदय-भित्र छ, एतद्=यो, ब्रह्म=ब्रह्म हो, इतः=यस देहबाट, प्रेत्य=मरेपछि, एतम्=यसमा, अभिसंभवितास्मि=प्राप्त हुनेछु, इति=यस्तो, यस्य=जसको, श्रद्धा=तत्त्व-निश्चय, स्यात्=छ, इति=यो निश्चय र फलका संबन्धमा, विचिकित्सा=संदेह, न अस्ति=छैन, [स तथैवेश्वरभावं प्रतिपद्यते विद्वान्]=त्यो विद्वान् त्यै अनुसार ईश्वरभावमा प्राप्त हुन्छ, इति=यसो, शाण्डिल्यः=शाण्डिल्य ऋषिले, आह स्म=भनेथे, शाण्डिल्यः=शाण्डिल्यले+आह स्म=भनेथे ।

स० वा०--विश्वको निर्माता संपूर्ण-निर्दोष-कामवाला, समस्त-सुखकर-गन्धवाला, सकल-दोषरहित-रसवाला, समस्त जगत्लाई व्याप्त गर्ने, वागिन्द्रियादिरहित, सम्भ्रम शून्य, यो मेरो आत्मा हृदयभित्र छ । 'यो ब्रह्म हो, म यस देहबाट मरेपछि यसैमा प्राप्त हुनेछु, यस्तो निश्चय जसलाई छ, त्यस निश्चय र फलका संबन्धमा संदेह छैन, त्यो विद्वान् त्यै अनुसार ईश्वर भावमा प्राप्त हुन्छ । शाण्डिल्य ऋषिले यसो भनेथे ।

तेस्रो अध्यायमा चौधौं खण्ड समाप्त

●

पञ्चदश खण्ड

विराट् कोशको उपासना

संबन्ध—'यसका कुलमा वीर पुत्र जन्मन्छ' भनियो । 'वीर छोरो जन्मेर मात्र पिताको त्राणलाई हुँदैन', 'त्यसकारण शिक्षा-सम्पन्न पुत्रलाई पुण्य लोकप्रापक भन्दछन्' श्रुति पनि छ । अतः त्यसको दीर्घायुस्त्व कसरी हुन्छ, यसैको निमित्त कोश-विज्ञानको आरम्भ गरिन्छ । परममान्य गायत्री—ब्रह्मको उपासना–प्रतिपादनमा संलग्न रहेकोले 'वीरो जायते' यस श्रुतिका लगत्तै यो कुरा कहिएको थिएन र त्यो अहिले कहिन्छ ।

अन्तरिक्षोदरः कोशो भूमिबुध्नो न जीर्यति दिशो ह्यस्य स्रक्तयो द्यौरस्योत्तरं बिलꣳस एष कोशो वसुधानस्तस्मिन्विश्वमिदꣳ श्रितम् ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अन्तरिक्षोदरः=अन्तरिक्ष पेट भएको, भूमिबुघ्नः=पृथिवी पींध भएको, कोशः=उदर, न जीर्यति=नष्ट हुँदैन, हि=किनभने, दिशः=दिशाहरू, स्रक्तयः=कुनाहरू हुन्, द्यौः=द्युलोक, अस्य = यसको, उत्तरम् = माथिल्लो, बिलम्=छिद्र हो, सः एषः=त्यो यो, कोशः=ढुकुटी, वसुधानः=(कर्मफलसंज्ञक) धन राख्ने पात्र हो, तस्मिन्=त्यसभित्र, इदम्=यो, विश्वम्=चराचर, श्रितम्=आश्रित छ।

स० वा०—'अन्तरिक्ष पेट (भित्री भाग) भएको पृथिवी पींध भएको त्रैलोक्यस्वरूप ढुकुटी कहिल्यै नाश हुँदैन' दिशाहरू यसका कुनाहरू हुन्, द्युलोक यसको माथितिरको छिद्र (खुला भाग) हो। त्यै यो ढुकुटी कर्मफलसंज्ञक धन राख्ने भाँडो हो। त्यसभित्र यो चराचर आश्रित छ।

तस्य प्राची दिग्जुहूर्नाम सहमाना नाम दक्षिणा राज्ञीनाम प्रतीची सुभूता नामोदीची तासां वायुर्वत्सः स य एतमेवं वायुं दिशां वत्सं वेद न पुत्ररोदꣳरोदिति सोऽहमेतमेवं वायुं दिशां वत्सं वेद मा पुत्ररोदꣳरुदम् ॥ २ ॥

द० प०—तस्य=त्यस कोशको, प्राची दिक्=पूर्वदिशातिरको भाग, जुहुः नाम='जुहु' नाम गरिएको हो, दक्षिणा दिक्=दक्खिनतिरको भाग, सहमाना नाम=सहमाना नाम गाखिएको हो, प्रतीची दिक्=पश्चिमतिरको भाग, राज्ञीनाभ=राज्ञी नाम गरिएको हो, उदीची=उत्तरतिरको भाग, सुभूता नाम=सुभूता नाम गरिएको हो, तासाम्=ती दिशाहरूको, वायुः=हावा, वत्सः=बालक छोरो हो, यः=जो, एतम्=यो, वायुम्=हावालाई, एवम्=यस प्रकार, दिशाम्=दिशाहरूको, वत्सम्=बालक (छोरो), वेद=जान्दछ, सः=त्यो, पुत्ररोदम्=छोरा निमित्तको रुवाइ, न रोदिति=रुदन गर्दैन, सः=त्यो, अहम्=म, एतम्=यो, वायुम्=हावालाई, एवम्=यस प्रकार, दिशाम्=दिशाहरूको, वत्सम्=बालक (छोरो), वेद=जान्दछु, (अतः) पुत्ररोदम्=छोरा निमित्तको रुवाइ, मा रुदम्=नगरूँ।

स० वा०—त्यस ढुकुटीको पूर्वदिशातर्फको भाग 'जुहु' नामक हो, (कर्मकाण्डीहरू पूर्वतिर फर्केर नै हवन गर्दछन्।) दक्खिन दिशातर्फको भाग 'सहमाना' नामक हो, (दक्खिन दिशामा नरकहरू छन् र तिनमा पापीहरूले दुःख सहनुपर्ने हुन्छ) पश्चिम दिशातर्फको भाग 'राज्ञी' नामक हो, (यो राजा वरुणले रहिएको दिशा हो।) उत्तर दिशातर्फको भाग 'सुभूता' हो। [यो विभूति (ऐश्वर्य) संपन्न शिव-कुबेरादिले रहिएको दिशा हो।] ती दिशाहरूको वायु बालक (छोरो) हो। जो यस वायुलाई यस प्रकार 'दिशाहरूको बालक (छोरो) भनी जान्दछ, त्यो पुत्रमरण निमित्तक रुवाइ कहिल्यै गर्दैन। पुत्र जीवितार्थी म वायुलाई यस प्रकार दिशाहरूको पुत्र भनी जान्दछु। अतः मलाई पुत्र-मरण निमित्तको रुवाइ गर्नु नपरोस्।

Prof. Amodavardhana Kaundinhyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरिष्टं कोशं प्रपद्येऽमुनामुनामुना प्राणं प्रपद्येऽमुनामुनामुना भूः प्रपद्येऽमुनामुनामुना भुवः प्रपद्येऽमुनामुनामुना स्वः प्रपद्येऽमुनामुनामुना ॥ ३ ॥

द० प०—(म) अमुना अमुना अमुना=फलाना फलाना फलाना [तीन पटक पुत्रको नाम लिने] (सहित) अरिष्टम्=अविनाशी, कोशम् = ढुकुटीलाई, प्रपद्ये=शरण लिन्छु, (तथा), अमुना अमुना अमुना=फलाना फलाना फलाना (सहित), प्राणम्=प्राणलाई, प्रपद्ये=शरण लिन्छु, (तथा), अमुना अमुना अमुना =फलाना फलाना फलाना (सहित), भूः=भूःलाई, प्रपद्ये=शरण लिन्छु, (तथा) अमुना अमुना अमुना=फलाना फलाना फलाना (सहित), भुवः=भुवःलाई, प्रपद्ये = शरण लिन्छु, (तथा) अमुना अमुना अमुना=फलाना फलाना फलाना (सहित), स्वः=स्वःलाई, प्रपद्ये=शरण लिन्छु ।

स० वा०—म फलाना फलाना फलाना-सहित अविनाशी ढुकुटीलाई शरण लिन्छु । त्यस्तै फलाना फलाना फलानासहित प्राणलाई शरण लिन्छु । त्यस्तै फलाना फलाना फलाना-सहित भूःलाई शरण लिन्छु । त्यस्तै फलाना फलाना फलाना-सहित भुवःलाई शरण लिन्छु । त्यस्तै फलाना फलाना फलाना-सहित स्वःलाई शरण लिन्छु । [यहाँ 'फलाना' भनेका ठाउँमा पुत्रको नाम तृतीयान्त गरी लिने] ।

स यदवोचं प्राणं प्रपद्य इति प्राणो वा इदꣳसर्वं भूतं यदिदं किञ्च तमेव तत्प्रापत्सि ॥ ४ ॥

अथ यदवोचं भूः प्रपद्य इति पृथिवीं प्रपद्येऽन्तरिक्षं प्रपद्ये दिवं प्रपद्य इत्येव तदवोचम् ॥ ५ ॥

अथ यदवोचं भुवः प्रपद्य इत्यग्निं प्रपद्ये वायुं प्रपद्य आदित्यं प्रपद्य इत्येव तदवोचम् ॥ ६ ॥

अथ यदवोचꣳस्वः प्रपद्य इत्यृग्वेदं प्रपद्ये यजुर्वेदं प्रपद्ये सामवेदं प्रपद्य इत्येव तदवोचम् तदवोचम् ॥ ७ ॥

द० प०—सः=त्यो पुत्रजीवितार्थी मैले, प्राणम्=प्राणलाई, शरण लिन्छु, इति=यसो, यद्=जो, अवोचम् = भनें, तत्=त्यसले, इदम् = यो, सर्वम्=संपूर्ण, भूतम्=भूतसमुदाय, यद् इदम्=जो यो (कुनै चीज) छ, वै=निश्चयले, प्राणः= प्राण हो, तम् एव = त्यसैलाई, प्रापत्सि=शरण लिएको भएँ । अथ=तथा, भूः= भूःलाई, प्रपद्ये = शरण लिन्छु, इति=यसो, यद्=जो, अवोचम्=भनें, तत्= त्यसले, पृथिवीम्=पृथ्वीलाई, प्रपद्ये=शरण लिन्छु, अन्तरिक्षम्=अन्तरिक्षलाई प्रपद्ये=शरण लिन्छु, दिवम्=द्युलोकलाई, प्रपद्ये=शरण लिन्छु, इति एव=यसै, अवोचम्=भनेको हुँ । अथ=तथा, भुवः=भुवःलाई, प्रपद्ये=शरण लिन्छु, इति =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसो, यद्=जो, अवोचम्=भनें, तत्=त्यो, अग्निम्=अग्निलाई, प्रपद्ये=शरण लिन्छु, वायुम्=वायुलाई, प्रपद्ये=शरण लिन्छु, आदित्यम्=सूर्यलाई, प्रपद्ये= शरण लिन्छु, इति एव=यसो नै, अवोचम्=भनेको हुँ। अथ=तथा, स्वः= स्वःलाई, प्रपद्ये=शरण लिन्छु, इति=यसो, यद्=जो, अवोचम्=भनें, तद्=त्यो, ऋग्वेदम्=ऋग्वेदलाई, प्रपद्ये=शरण लिन्छु, यजुर्वेदम्=यजुर्वेदलाई, प्रपद्ये= शरण लिन्छु, सामवेदम्=सामवेदलाई, प्रपद्ये=शरण लिन्छु, इति एव=यसो नै, अवोचम्=भनेको हुँ, तद्=त्यो, अवोचम्=भनेको हुँ।

स० वा०—उही, पुत्रजीवितार्थी मैले 'प्राणलाई शरण लिन्छु' जो भनें, त्यसले—यो संपूर्ण भूतसमुदाय जो यो कुनै पनि चीज छ त्यो प्राण हो, त्यसैलाई शरण लिएको हुँ। तथा 'भूः लाई शरण लिन्छु' जो भनें, त्यसले—पृथिवीलाई शरण लिन्छु, अन्तरिक्षलाई शरण लिन्छु, द्युलोकलाई शरण लिन्छु यै भनेको हुँ। तथा 'भुवः-लाई शरण लिन्छु' जो भनें त्यो अग्निलाई शरण लिन्छु, वायुलाई शरण लिन्छु, सूर्य-लाई शरण लिन्छु यसो भनेको हुँ। एवं 'स्वःलाई शरण लिन्छु' जो भनें, त्यो ऋग्वेद-लाई शरण लिन्छु, यजुर्वेदलाई शरण लिन्छु, सामवेदलाई शरण लिन्छु यसो भनेको हुँ।

टिप्पणी—माथि कहिएको अविनाशी कोशलाई दिशाहरू र तिनको वत्स (वायु) सहित गरी चिन्तन गर्नु र उपर्युक्त मन्त्रहरू जप्नू।

तेस्रो अध्यायमा पन्ध्रौं खण्ड समाप्त

●

षोडश खण्ड

आत्मयज्ञको उपासना

सम्बन्ध—छोराको आयुका निमित्त उपासना कहियो। अब आफ्नो दीर्घजीवन-का निमित्त यो उपासना र जप-विधान गर्दै श्रुति भन्दछ। बाँचेमा नै पुत्रादि फलले युक्त हुन सक्छ, नत्र सक्तैन। यस उसले पुरुष आफूलाई यज्ञरूपले निष्पन्न गर्दछ—

पुरुषो वाव यज्ञस्तस्य यानि चतुर्विंꣳशतिवर्षाणि तत्प्रातःसवनं चतुर्विंꣳशत्यक्षरा गायत्री गायत्रं प्रातःसवनं तदस्य वसवोऽन्वायत्ताः प्राणा वाव वसव एते हीदꣳ सर्वं वासयन्ति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—पुरुषः=पुरुष (कार्यकरण संघात रूप), वाव=निश्चयले, यज्ञः=यज्ञ हो, (त्यसमा आयुका), यानि=जुन, चतुर्विंशति-वर्षाणि=चौबीस वर्ष हुन्, तत्=त्यो, प्रातःसवनम्=प्रातः सवन हो, (कुन समानताले ?) गायत्री=गायत्री, चतुर्विंशत्यक्षरा=चौबीस अक्षर भएको छ, प्रातःसवनम्=(विधियज्ञको) प्रातः सवन, गायत्रम्=गायत्री छन्दवाला छ, तत्=त्यसै कारण (विधियज्ञ जस्तै यस पुरुष यज्ञमा पनि), वसवः=वसुदेवताहरू, अन्वायत्ताः=अनुगत छन्, (पुरुषयज्ञमा कुन हुन् त वसु ?) प्राणाः वाव=प्राण नै, वसवः=वसुहरू हुन्, हि=किनभने, एते=यी (प्राणहरू) (वाक् आदि समस्त इन्द्रियरूप र वायुरूप), इदम्=यो, सर्वम्=समस्त (मनुष्यादि प्राणिवर्गलाई), वासयन्ति=बसाउँछन् ।

स० वा०—पुरुष (जीवनविशिष्ट कार्यकारण संघातरूप) निस्सै यज्ञ हो। त्यसका आयुका जुन चौबीस वर्ष हुन्, त्यो पुरुषयज्ञको प्रातःसबन हो। कुन समानताले भने, गायत्री चौबीस अक्षर भएको छ। विधियज्ञको प्रातः सवन गायत्री छन्दवाला छ। यसकारण पुरुष प्रातःसवनरूपले निष्पन्न चौबीस वर्षको आयुले युक्त छ। यसैले विधियज्ञसदृश हुनाले यो पुरुष यज्ञ नै हो। त्यसै कारण विधियज्ञमा जस्तै यस पुरुष-यज्ञमा पनि वसु देवताहरू अनुगत छन्। कुन हुन् त यसमा वसुहरू ? भने, वाक् आदि इन्द्रिय र वायुरूप प्राणहरू नै वसुहरू हुन्। किनभने, यिनैले मनुष्यादि प्राणिवर्गलाई बसाएका छन्। यी प्राण नभएमा प्राणिवर्ग टिक्न सक्तैन।

तं चेदेतस्मिन्वयसि किञ्चिदुपतपेत्स ब्रूयात्प्राणा वसव इदं मे प्रातः-सवनं माध्यन्दिनꣳ सवनमनुसंतनुतेति माहं प्राणानां वसूनां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो ह भवति ॥ २ ॥

द० प०—तम्=त्यस (यज्ञसंपादक) लाई, एतस्मिन्=यस (चौबीस वर्षको), वयसि=उमेरमा, किञ्चित्=कुनै, मृत्युशङ्का गराउने व्याधि आदिले, उपतपेत् चेत्=दुःख उब्जायो भने, सः=त्यो पुरुष, इति=यसो, ब्रूयात्=जपोस्, प्राणाः=हे प्राणरूप, वसवः=वसुहरूहो, इदम्=यो, मे=मेरो, प्रातः सवनम्=प्रातः सवन-रूप आयुलाई, माध्यन्दिनम्=माध्यन्दिन, सवनम्=सवनरूप आयुसँग, अनुसंतनुत=मिलाइदेओ, यज्ञः=यज्ञस्वरूप, अहम्=म, प्राणानाम्=प्राणरूप, वसूनाम्=वसुहरू-का, मध्ये=बीचमा, मा विलोप्सीय=नष्ट नहोऊँ, इति=यस्तो, जप गरेपछि, ततः=त्यस दुःखबाट, ह एव=अवश्य, उदेति=उम्कन्छ (र), अगदः=संताप शून्य, भवति=हुन्छ, ह=निश्चय हो।

स० वा०—त्यस यज्ञसंपादकलाई यस चौबीस वर्षका उमेरमा मृत्युको शङ्का गराउने कुनै व्याधि-आदिले दुःख उब्जायो भने त्यो पुरुषले भनोस् कि 'हे प्राणरूप

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसुहरूहो ! मेरो यो प्रातःसवनरूप आयुलाई माध्यन्दिन सवनरूप आयुसँग मिलाइदेओ ! यज्ञस्वरूप म प्राणरूप वसुका बीचमा लुप्त (नष्ट) नहोऊँ ।' यस्तो जप गरेपछि त्यस दुःखबाट अवश्य उम्कन्छ र संताप-शून्य हुन्छ । निश्चय हो ।

अथ यानि चतुश्चत्वारिꣳशद्वर्षाणि तन्माध्यन्दिनꣳसवनं चतुश्चत्वारिꣳशदक्षरा त्रिष्टुप्त्रैष्टुभं माध्यन्दिनꣳसवनं तदस्य रुद्रा अन्वायत्ताः प्राणा वाव रुद्रा एते हीदꣳसर्वꣳरोदयन्ति ॥ ३ ॥

द० प०—अथ = अनि, यानि = जुन, चतुश्चत्वरिंशद् वर्षाणि = चवालीस वर्ष (२५-६८) हुन्, तत् = त्यो, माध्यन्दिनम् = माध्यन्दिन, सवनम् = सवन हो, (कुन मानताले ?) त्रिष्टुप् = त्रिष्टुप् छन्द, चतुश्चत्वारिंशदक्षरा = चवालीस अक्षर भएको छ, माध्यन्दिनम् = माध्यन्दिन, सवनम् = सवन, त्रैष्टुभम् = त्रिष्टुप्छन्दवाला छ, तत् = त्यसै कारण, (विधियज्ञमा जस्तै यस पुरुषयज्ञमा पनि) रुद्राः = रुद्र देवताहरू, अन्वायत्ताः = अनुगत छन्, (पुरुषयज्ञमा कुन हुन् त रुद्र ?) प्राणाः वाव = प्राणहरू नै रुद्राः = रुद्र हुन्, हि = यसकारणले कि, एते = यी प्राणहरू, इदम् = यो, सर्वम् = सबैलाई, रोदयन्ति = रुवाउँछन्, (हो, मध्यम उमेरमा इन्द्रिय = प्राणहरू पूरै हुन्छन्) ।

स० वा०—अनि जुन बीचका चवालीस वर्ष (२५-६८) हुन्, त्यो माध्यन्दिन सवन हो । कुन समानताले भने, त्रिष्टुप् छन्द चवालीस अक्षरको छ, माध्यन्दिन सवन त्रिष्टुप् छन्दवाला छ । यसकारण पुरुष माध्यन्दिन सवनरूपले निष्पन्न बीचका चवालीस वर्षको आयुले युक्त छ । यसैले विधियज्ञ सदृश हुनाले यो पुरुषयज्ञ नै हो । त्यसै कारण विधियज्ञमा जस्तै यस पुरुषयज्ञमा पनि रुद्रदेवता अनुगत छन् । कुन हुन् त यसमा रुद्रदेवता ? भने, वाक् आदि इन्द्रियहरू र वायुरूप प्राण नै रुद्र हुन् । किनभने, यिनले सबैलाई रुवाउँछन् हो, मध्यम उमेरमा समस्त इन्द्रिय र प्राण पूरै हुन्छन् ।

तं चेदेतस्मिन्वयसि किञ्चिदुपतपेत्स ब्रूयात्प्राणा रुद्रा इदं मे माध्यन्दिनꣳसवनं तृतीयसवनमनुसंतनुतेति माहं प्राणानाꣳरुद्राणां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो ह भवति ॥ ४ ॥

द० प०—तम् = त्यस (यज्ञ संपादक) लाई, एतस्मिन् = यो, (बीचको चवालीस वर्षको) उमेरमा, किञ्चित् = कुनै, (मृत्युको शङ्का गराउने व्याधि आदि) ले, उपतपेत् चेत् = दुःख पैदा गरायो भने, सः = त्यो पुरुष, इति = यसो, ब्रूयात् = जपोस्, प्राणाः = हे प्राणरूप, रुद्राः = रुद्रदेवताहो, इदम् = यो, मे = मेरो, माध्यन्दिनम् = माध्यन्दिन, सवनम् = सवनरूप आयुलाई, तृतीय सवनम् = तेस्रो सवनरूप आयुसँग, अनुसंतनुत = मिलाइदेओ, यज्ञः = यज्ञस्वरूप म, प्राणानाम् = प्राणरूप, रुद्राणाम् =

Prof. Amodvardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्रहरूका, मध्ये=बीचमा, म, विलोप्सीय=लुप्त (नष्ट) न होऊँ, इति=यस्तो जप गरेपछि, ततः=त्यस दुःखबाट, ह एव=अवश्य, उत् एति=उम्कन्छ, (र) अगदः=संताप-शून्य, भवति=हुन्छ, ह=निश्चय हो ।

स० वा०—त्यस यज्ञसंपादकलाई यस बीचको चवालीस वर्ष (२५–६८) को मृत्युको शङ्का गराउने कुनै व्याधि आदिले दुःख पैदा गरायो भने त्यो पुरुषले यस्तो जपोस्—हे प्राणरूप रुद्रदेवताहो ! यो मेरो माध्यन्दिन सवनरूप आयुलाई तृतीय सवन-रूप आयुसँग मिलाइदेओ, यज्ञस्वरूप म प्राणरूप रुद्रहरूका बीचमा नष्ट नहोऊँ । यस्तो जप गरेपछि त्यस दुःखबाट अवश्य उम्कन्छ र संताप शून्य हुन्छ ।

अथ यान्यष्टाचत्वारिꣳशद्वर्षाणि तत्तृतीयसवनमष्टाचत्वारिꣳशदक्षरा जगती जागतं तृतीयसवनं तदस्यादित्या अन्वायत्ताः प्राणा वावादित्या एते हीदꣳसर्वमाददते ॥ ५ ॥

द० प०—अथ=अनि, यानि=जुन, अष्टाचत्वारिंशद् वर्षाणि=अठचालीस वर्ष (६९–११६) हुन्, तत्=त्यो, तृतीयम्=तेस्रो, सवनम्=सवन हो, (कुन समानताले ?) जगती=जगती छन्द, अष्टाचत्वारिंशदक्षरा=अठचालीस अक्षरको छ, तृतीयसवनम्=तेस्रो सवन, जागतम्=जगती छन्दवाला छ, तत्=त्यसकारण (विधियज्ञमा जस्तै यस पुरुषयज्ञमा पनि) आदित्याः=आदित्यदेवताहरू, अन्वा-यत्ताः=अनुगत छन्, (पुरुषयज्ञमा कुन हुन् त आदित्यहरू ?) प्राणाः वाव=प्राणहरू नै, आदित्याः=आदित्यहरू हुन्, हि=यसकारणले कि, एते=यी प्राणहरू, इदम्=यो, सर्वम्=समस्त शब्दादि विषय, आददते=ग्रहण गर्दछन् ।

स० वा०—अनि जुन अठचालीस वर्ष (६९–११६) हुन्, त्यो तृतीय सवन हो । कुन समानताले भने, जगती छन्द अठचालीस अक्षरको छ । तृतीय सवन जगती छन्दवाला छ । त्यसकारण पुरुष तृतीय सवन रूपले निष्पन्न पछिल्ला अठचालीस वर्षका आयुले युक्त छ । यसैले विधियज्ञ-सदृश हुनाले यो पुरुष यज्ञ नै हो । त्यसै कारण विधियज्ञमा जस्तै यस पुरुषयज्ञमा पनि आदित्य देवताहरू अनुगत छन् । कुन हुन् त यसमा आदित्यदेवताहरू ? भने वाक् आदि समस्त इन्द्रिय र प्राण नै आदित्यहरू हुन् । किनभने, यी प्राणले समस्त शब्दादि विषय ग्रहण गर्दछन् ।

तं चेदेतस्मिन्वयसि किञ्चिदुपतपेत्स ब्रूयात्प्राणा आदित्या इदं मे तृतीयसवनमायुरनुसंतनुतेति माहं प्राणानामादित्यानां मध्ये यज्ञो विलोप्सीये-त्युद्धैव तत एत्यगदो हैव भवति ॥ ६ ॥

द० प०—तम् = त्यस (यज्ञसंपादक) लाई, एतस्मिन् = यी पछिल्ला अठ-चालीस वर्ष (६९–११६) को, वयसि = उमेरमा, किञ्चित् = कुनै (मृत्युको शङ्का

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराउने व्याधि आदि) ले, उपतपेत् चेत् = दुःख पैदा गरायो भने, सः = त्यो पुरुष, इति = यस्तो, ब्रूयात् = जपोस्, प्राणाः = हे प्राणस्वरूप, आदित्याः = आदित्य देवहो, इदम् = यो, मे = मेरो, तृतीयम् = तेस्रो, सवनम् = सवनरूप आयुलाई, आयुः = जीवनकाल (६९–११६) सम्म, अनुसंतनुत = मिलाइदेओ, यज्ञः = यज्ञस्वरूप, अहम् = म, प्राणानाम् = प्राणरूप, आदित्यानाम् = आदित्यहरूका, मध्ये = बीचमा, विलोप्सीय = लुप्त (नष्ट) नहोऊँ, इति = यस्तो जपेपछि, ततः = त्यस दुःखबाट, ह एव = अवश्य, उत् एति = उम्कन्छ, (र) अगदः = संतापशून्य, भवति एव = हुन्छ नै । ह = निश्चय हो ।

स० वा०––त्यस यज्ञसंपादकलाई यो पछिल्लो अठचालीस वर्ष (६९–११६) को उमेरमा मृत्युको शङ्का गराउने कुनै व्याधि आदिले दुःख पैदा गरायो भने त्यस पुरुषले यस्तो जप्नू––हे प्राणरूप आदित्य देवहो ! यो मेरो तृतीय सवनरूप आयुलाई पूर्ण जीवन कालसँग मिलाइदेओ । यज्ञस्वरूप म प्राणरूप आदित्य देवताहरूका बीचमा नष्ट नहोऊँ । यस्तो जप गरेपछि त्यस दुःखबाट अवश्य उम्कन्छ र सन्ताप-शून्य नै हुन्छ । निश्चय हो ।

सम्बन्ध––निश्चय गरिएको विद्या अवश्य फलका निमित्त हुन्छ भन्ने कुरा प्रदर्शित गर्दै उदाहरण दिन्छ –

एतद्ध स्म वै तद्विद्वानाह महिदास ऐतरेयः स किं म एतदुपतपसि योऽहमनेन न प्रेष्यामीति स ह षोडशं वर्षशतमजीवत्प्र ह षोडशं वर्षशतं जीवति य एवं वेद ॥ ७ ॥

द० प०––एतद् वै = यै, तद् = त्यो यज्ञविद्या, विद्वान् = जान्ने, ऐतरेयः = इतराका छोरा, महिदासः = महिदासले, इति = यसो, आह स्म=भनेका थिए, ह = यो अघि भएको कुरा हो, (के भनेका थिए ?) सः = त्यो [त्वम् हे रोग]= तँ हे रोग, किम् = किन, मे = मलाई, एतत् = यो, उपतपसि = दुःख दिन्छस्, यः=जुन, अहम् = यज्ञरूप म, अनेन=यस दुःखले, न प्रेष्यामि=मर्नेछैन, ह = प्रसिद्ध छ, सः = [यस्तो निश्चय भएका] ती महिदास, षोडश वर्षशतम् = एक सय सोह्र वर्ष, अजीवत् = बाँचेथे, यः = जो, एवम् = यस प्रकार, (कहे-अनुसारको) यज्ञसंपादन, वेद = जान्दछ, [सः] = त्यो, षोडशम् वर्षशतम् = एक सय सोह्र वर्ष, प्रजीवति = बाँच्तछ, ह = निश्चय हो ।

स० वा०––यो अघि भएको कुरा हो––यै त्यो यज्ञविद्या जान्ने इतराका छोरा महिदासले यसो भनेका थिए––'प्रसिद्ध हे रोग ! तँ मलाई किन यो दुःख

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्छस् ? यज्ञरूप म यस दुःखले मर्नेछैन ।' (हुन पनि) यस्तो निश्चय भएका महिदास एक सय सोह्र वर्ष बाँचेथे । जो अझ पनि बताए-अनुसार यो यज्ञसंपादन जान्दछ, त्यो एक सय सोह्र वर्ष बाँच्तछ । यो निश्चय हो ।

तेस्रो अध्यायमा सोह्रौं खण्ड समाप्त

●

सप्तदश खण्ड

अक्षयादि फल दिने आत्मयज्ञको उपासना

संबन्ध--यस खण्डमा पुरुषको यज्ञसँग गरिएका समानताको निर्देशले अघिल्ला खण्डसँगै संबन्ध राख्तछ ।

स यदशिशिषति यत्पिपासति यन्न रमते ता अस्य दीक्षाः ॥ १॥

द० प०--सः = त्यो पुरुष, यत् = जो, अशिशिषति = खान इच्छा गर्छ, यत् = जो, पिपासति = पिउन चाहन्छ, यत् = जो, न रमते = इष्ट वस्तु नपाउनाले चैन लिंदैन, ताः = ती कुरा, अस्य = यस (पुरुष) का, दीक्षाः = दीक्षा (यज्ञका व्रत) हुन् । (व्रत-नियन-पालनमा दुःखै अनुभव हुने हुनाले विधियज्ञसँग समानता छ ।)

स० वा०--त्यो पुरुष जो खान खोज्छ, पिउन खोज्छ, चाहेको चीज, नपाउनाले बेचैन हुन्छ, ती कुरा यस यज्ञरूप पुरुषका दीक्षा (यज्ञका व्रत) हुन् । व्रत नियम-पालनमा दुःखैको अनुभव हुने हुनाले विधियज्ञसँग प्रकृत पुरुषयज्ञको समानता छ ।

अथ यदश्नाति यत्पिबति यद्रमते तदुपसदैरेति ॥ २ ॥

द० प०--अथ = तथा, यद् = जो, अश्नाति = खान्छ, यत् = जो, पिबति = पिउँछ, यद् = जो, रमते = (चाहेको चीज पाउनाले) रमाउँछ, तत् = त्यो (गर्नाले), उपसदैः = उपसद्हरूसँगको, [समानतम्] = समानतामा, एति = प्राप्त हुन्छ । (उपसद्हरूले केवल दुग्धपान गरेर रहनुपर्दछ, दूध पिउँदाको सुख त हुन्यै भयो । त्यै समानता हो ।)

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०--तथा जो खान्छ, जो पिउँछ, जो चाहेको चीज पाउनाले रमाउँछ, त्यो उपसद्‌हरूसँग समानता प्राप्त गर्नु हो । उपसद्‌हरू केवल दुग्धपान गरेर रहनुपर्दछ, दूध पिउँदाको सुख त हुन्यै भयो । त्यै समानता हो ।

अथ यद्धसति यज्जक्षति यन्मैथुनं चरति स्तुतशस्त्रैरेव तदेति ॥ ३ ॥

द० प०--अथ = तथा, यद् = जो, हसति = हाँस्तछ, यत् = जो, जक्षति = भक्षण गर्दछ, यत् = जो, मैथुनम् = स्त्रीसंभोग, चरति = गर्दछ, तत्= ती, स्तुतशस्त्रैः= स्तुतशस्त्रहरूसँग, [समानताम्] = समानतामा, एति = प्राप्त हुन्छ (शब्दयुक्त हुने हुनाले दुइमा समानता छ ।)

स० वा०--तथा जो हाँस्तछ, जो भक्षण गर्दछ, जो स्त्रीसंभोग गर्दछ त्यो स्तुतशस्त्र (पाठविशेष) को समानतामा प्राप्त हुन्छ । ती कर्म शब्दयुक्त हुने हुनाले दुइमा समानता छ ।

अथ यत्तपो दानमार्जवमहिंसा सत्यवचनमिति ता अस्य दक्षिणाः॥४॥

द० प०--अथ = तथा, यत् = जो, तपः = तप, दानम् = दान, आर्जवम् = सोझोपन, अहिंसा = हिंसा नगर्नु (र), सत्यवचनम् = साँचो बोल्नु, इति = यी कुरा हुन्, ताः = ती, अस्य = यस पुरुषयज्ञको, दक्षिणाः = दक्षिणा हुन् ।

स० वा०--तथा जो तप, दान, सोझोपन, अहिंसा र सत्यवचन हुन्, ती यस पुरुषयज्ञका दक्षिणा हुन् । (धर्मपुष्टि गर्ने गुण दुवैमा छ ।)

तस्मादाहुः सोष्यत्यसोष्टेति पुनरुत्पादनमेवास्य तन्मरणमेवावभृथः ॥ ५ ॥

द० प०—(जुन कारणले पुरुषयज्ञ हो) तस्मात् = त्यसकारण (यसकी आमाले जन्माउन आँट्ता) 'सोष्यति = 'सोष्यति' (जन्माउन आँटी), इति = यसो, आहुः = भन्दछन्, (जन्माइसक्ता) 'असोष्ट' = 'असोष्ट' (जन्माई), इति = यसो, आहुः = भन्दछन्, तत् = (त्यो), अस्य = यसको, पुनः उत्पादन = फेरि जन्माउनु, एव = नै हो, यज्ञमा सोमरस उत्पादन गर्नु जस्तो हो, तन्मरणम् एव = त्यसको मृत्यु हुनु नै, अवभृथः = यज्ञान्त स्नान हो (यसमा समाप्तिको समानता छ) ।

स० वा०—पुरुष यज्ञ भएका कारण यसलाई आमाले जन्माउन आँट्ता 'सोष्यति'—जमाउनेछ भन्दछन्, जन्माएपछि 'असोष्ट' जन्माई भन्दछन्, त्यो यस पुरुषको पुनर्जन्म हुनु नै हो । विधियज्ञमा 'सोष्यति सोमं देवदत्तः, असोष्ट सोमं यज्ञदत्तः' देवदत्तले सोमरस निकाल्नेछन्, यज्ञ दत्तले सोमरस निकाले इत्यादि रूपले 'सोष्यति' 'असोष्ट' यी शब्द प्रयोग हुने [illegible] । यस्तै यसमा पनि भएकाले शब्दको समानताले

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि पुरुष यज्ञ हो । तथा त्यस पुरुषको मृत्यु हुनु यज्ञान्त स्नान हो । यसमा समाप्तिको समानता प्रसिद्धै छ ।

तद्धैतद्घोर आङ्गिरसः कृष्णाय देवकीपुत्रायोक्त्वोवाचापिपास एव स बभूव सोऽन्तवेलायामेतत्त्रयं प्रतिपद्येताक्षितमस्यच्युतमसि प्राणसꣳशितमसीति तत्रैते द्वे ऋचौ भवतः ॥ ६ ॥

श० प०—तत् = त्यो, एतत् = यो यज्ञदर्शन, आङ्गिरसः = अङ्गिरा गोत्रका, घोरः = घोरनामक ऋषिले, देवकीपुत्राय = देवकीका छोरा, कृष्णाय = कृष्णलाई, उक्त्वा = उपदेश गरेर, उवाच = भने, सः = त्यो (यथोक्त यज्ञ जान्ने पुरुष), अन्तवेलायाम् = आखिरी बखतमा, एतत्त्रयम् = यी तीन मन्त्र, प्रतिपद्येत = जपोस्, (१) 'अक्षितम् असि' = (तँ) अक्षय छस्, (२) 'अच्युतम् असि' = (तँ) स्वरूपबाट च्युत नहुने छस्, (३) 'प्राणसंशितम् असि' = (तँ) सूक्ष्म पारिएको प्राण छस्, (यो दर्शन सुनेपछि) सः = ती, देवकीपुत्र कृष्ण, अपिपास एव = अरू विद्यामा प्यास नभएका नै, बभूव = भएथे । तत्र = त्यस विषयमा, एते = यी, द्वे = दुइ, ऋचौ = ऋचा, भवतः = छन् ।

स० वा०—त्यै यो यज्ञदर्शन अङ्गिरा गोत्रका घोरनामक ऋषिले देवकीका छोरा कृष्णलाई उपदेश गरेर भनेथे—त्यो यथोक्त यज्ञदर्शन जान्ने पुरुषले आखिरी बखतमा यी तीन मन्त्र जपोस्—(१) 'अक्षितम् असि' = तँ अक्षय छस्, (२) अच्युतम् असि, = स्वरूपबाट च्युत नहुने छस्, (३) 'प्राणसंशितम् असि = सूक्ष्म पारिएको प्राण (सूक्ष्म तत्त्व) छस् । यो दर्शन सुनेपछि देवकीका छोरा कृष्ण अरू विद्यामा प्यास नभएका—खोजी नभएका भए । त्यस विद्याविषयमा यी दुइ मन्त्र छन् ।

आदित्प्रत्नस्य रेतसः । उद्वयं तमसस्परि ज्योतिः पश्यन्त उत्तरꣳस्वः पश्यन्त उत्तरं देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तममिति ज्योतिरुत्तममिति ॥७॥

पहिलो पूरा मन्त्र यो हो—**आदित्प्रत्नस्य रेतसो ज्योतिः पश्यन्ति वासरम् । परो यदिध्यते दिवि ।**

श० प०—प्रत्नस्य = पुरानो, रेतसः = कारणको, वासरम् = दिन जस्तो सर्वत्र व्याप्त, परम् = श्रेष्ठ, ज्योतिः = प्रकाश, आ = चारौं तर्फबाट, पश्यन्ति = (शुद्धान्तःकरणहरू), देख्तछन्, यत् = जुन ज्योति, दिवि = सर्वदा प्रकाशशील परब्रह्ममा, इध्यते = चम्किरहेको छ । (अर्को मन्त्रको अर्थ) वयम् = हामीहरू, तमसः = अज्ञानरूप अन्धकारदेखि, परि = परतिर, उत्तरम् = उत्कृष्ट, (आदित्यमा रहेको), ज्योतिः = प्रकाश, पश्यन्तः = देख्तै (त्यसै ज्योतिलाई), स्वः = आफ्ना हृदयमा, रहेको पनि, पश्यन्तः देख्तै, देवत्रा = देवताहरूमा, उत्तरम् = श्रेष्ठ, देवम् = सतत प्रकाशशील,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तमम् = सर्वश्रेष्ठ, ज्योतिः=ज्योतिःस्वरूप, सूर्यम्=सूर्यमा, उदगन्म = प्राप्त भयौं, इति=दुइ मन्त्र यिनै हुन्, [ज्योतिरुत्तमम्, यो दोहऱ्याएको यज्ञकल्पनाको समाप्ति सूचन गर्नानिमित्त हो]

स० वा०—(१) पुरातन 'सत्' नामक जगत्कारण तत्त्वको दिन जस्तो सर्वत्र व्याप्त उत्तम प्रकाशलाई शुद्धान्तःकरणवालाहरू देख्तछन्, जुन ज्योति सर्वदा प्रकाशशील परब्रह्ममा चम्किरहेको छ । (२) हामीहरू अज्ञानरूप अन्धकारदेखि परतिर सूर्यमा रहेको उत्कृष्ट ज्योति हेर्दै, त्यै ज्योतिलाई आफ्ना हृदयमा पनि देख्तै देवताहरूमा श्रेष्ठ सतत प्रकाशशील सर्वश्रेष्ठ ज्योतिःस्वरूप सूर्यमा प्राप्त भयौं। [यो सूर्यमण्डलमा पुगेका सगुण ब्रह्मका उपासकहरूको खुशियालीको आश्चर्यमय उद्गार हो]

तेस्रो अध्यायमा सत्रौं खण्ड समाप्त

अष्टादश खण्ड

मन आदि दृष्टिले अध्यात्म तथा आधिदैवब्रह्मको उपासना

सम्बन्ध—चौधौं खण्डको दोस्रो कण्डिकामा उसका गुणको एकदेशलाई लिएर ईश्वरलाई मनोमय तथा आकाशात्मा भनियो । अब मन र आकाशमा समस्त ब्रह्मदृष्टि विधान गर्न 'मनो ब्रह्म' इत्यादि ग्रन्थ आरम्भ गरिन्छ ।

मनो ब्रह्मेत्युपासीतेत्यध्यात्ममथाधिदैवतमाकाशो ब्रह्मेत्युभयमादिष्टं भवत्यध्यात्मं चाधिदैवतं च ॥ १ ॥

द० प०—मनः = मन, ब्रह्म=ब्रह्म हो, इति यस्तो भावना गरी, उपासीत= उपासना गरोस्, इति=यो, अध्यात्मम् = आत्म (शरीर) विषयक दृष्टि हो, अथ= तथा, आकाशः = आकाश, ब्रह्म=ब्रह्म हो, इति = यो, अधिदैवतम्=देवताविषयक दृष्टि हो, (यसरी) अध्यात्मम्=शरीरविषयक, च=र, अधिदैवतम्=देवताविषयक, च=पनि, उभयम्=दुवै, (ब्रह्मदृष्टि विषयक उपासना) आदिष्टम् = उपदेश गरिएको हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—'मन ब्रह्म हो' यस्तो भावना गरी उपासना गर्नू। यो अध्यात्म (शरीर) विषयक दृष्टि हो। 'आकाश ब्रह्म हो' यो देवता-विषयक दृष्टि हो। यसरी अध्यात्म र अधिदैवत दुवै ब्रह्मदृष्टि विषयक उपासना उपदेश गरिएको हुन्छ। आकाश र मन सूक्ष्म वस्तु हुनाले र ब्रह्म मनले पाइने वस्तु हुनाले मन ब्रह्मदृष्टि गर्न योग्य छ।

तदेतच्चतुष्पाद् ब्रह्म। वाक्पादः प्राणः पादश्चक्षुः पादः श्रोत्रं पाद इत्यध्यात्मम्। अथाधिदैवतमग्निः पादो वायुः पाद आदित्यः पादो दिशः पाद इत्युभयमेवादिष्टं भवत्यध्यात्मं चैवाधिदैवतं च॥ २॥

द० प०—तत्=त्यो, एतत्=यो (मनः संज्ञक), ब्रह्म, चतुष्पात्=चार पाउवाला छ, (कसरी ?) वाक्=वाक् इन्द्रिय, पादः=एक पाउ हो, प्राणः= प्राण, पादः=अर्को पाउ हो, चक्षुः=चक्षु इन्द्रिय, पादः=अर्को पाउ हो, श्रोत्रम्= श्रोत्र इन्द्रिय, पादः=अर्को पाउ हो। इति=यो, अध्यात्मम्=आत्म (शरीर) विषयक दृष्टि हो। अथ=तथा, अग्निः=अग्नि, पादः=एक पाउ हो। वायुः= वायु, पादः=अर्को पाउ हो, आदित्यः=सूर्य, पादः=अर्को पाउ हो, दिशः=दिशा, पादः=अर्को पाउ हो, इति=यो, अधिदैवतम्=देवताविषयक दृष्टि हो, (यसरी) अध्यात्मम्=अध्यात्म, च=र, अधिदैवतम्=अधिदैवत। च=पनि, उभयम्=दुवै, (ब्रह्मदृष्टि विषयक उपासना), आदिष्टम्=उपदेश गरिएको हुन्छ।

स० वा०—त्यो यो मनःसंज्ञक ब्रह्म चार पाउवाला छ। कसरी भने वाक् इन्द्रिय एक पाउ हो, प्राण अर्को पाउ हो, चक्षु इन्द्रिय अर्को पाउ हो, श्रोत्र इन्द्रिय अर्को पाउ हो। यो अध्यात्म (शरीर) विषयक दृष्टि हो। त्यस्तै अग्नि एक पाउ, वायु अर्को पाउ, सूर्य अर्को पाउ र दिशाहरू अर्को पाउ हो। यो अधिदैवत (देवता विषयक) दृष्टि हो। यसरी उध्यात्म र अधिदैवत दुवै ब्रह्म-दृष्टि-विषयक उपासना उपदेश गरिएको हुन्छ।

तीमध्ये—

वागेव ब्रह्मणश्चतुर्थः पादः। सोऽग्निना ज्योतिषा भाति च तपति च। भाति च तपति च कीर्त्या यशसा ब्रह्मवर्चसेन य एवं वेद॥ ३॥

द० प०—वाक् एव=वाक् इन्द्रिय नै, ब्रह्मणः=मनोरूप ब्रह्मको, चतुर्थः= चौथो (चारमध्ये एक), पादः=पाउ हो, सः=त्यो, अग्निना=अग्नि (अधिदैवत) रूप, ज्योतिषा=ज्योतिले, भाति=प्रकाशमान हुन्छ, च=र, तपति=च उत्साहयुक्त पनि हुन्छ, यः=जो, एवम्=यस्तो, वेद=जान्दछ, [सः]=त्यो, कीर्त्या=परोक्ष प्रशंसाले, यशसा=प्रत्यक्ष प्रशंसाले, ब्रह्मवर्चसेन=ब्रह्मतेजले, भाति=प्रकाशमान हुन्छ, च=र, तपति च=उत्साहयुक्त पनि हुन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—वाक् इन्द्रिय नै मनोरूप ब्रह्मको चौथो पाउ हो। त्यो अग्नि (अधिदेव) रूप ज्योतिले प्रकाशमान छ र उत्साहयुक्त पनि छ। जो यस प्रकार जान्दछ त्यो परोक्ष र प्रत्यक्ष दुवै प्रशंसाले र ब्रह्मतेजले प्रकाशमान हुन्छ एवं उत्साह युक्त पनि हुन्छ।

प्राण एव ब्रह्मणश्चतुर्थः पादः। स वायुना ज्योतिषा भाति च तपति च। भाति च तपति च कीर्त्या यशसा ब्रह्मवर्चसेन य एवं वेद॥ ४॥

द० प०—प्राणः एव=प्राण नै, ब्रह्मणः = मनोरूप ब्रह्मको, चतुर्थः=चौथो, पादः=पाउ हो, सः = त्यो, वायुना=वायुरूप, ज्योतिषा=ज्योतिले, भाति=प्रकाशमान हुन्छ, च=र, तपति = उत्साहयुक्त हुन्छ, च=पनि, यः = जो, एवम्=यस प्रकार, वेद = जान्दछ, [सः] = त्यो, कीर्त्या=परोक्ष प्रशंसा (र), यशसा=प्रत्यक्ष प्रशंसाले (एवं), ब्रह्मवर्चसेन = ब्रह्मतेजले, भाति = प्रकाशमान हुन्छ, च = र, तपति च = उत्साहयुक्त समेत हुन्छ।

स० वा०—प्राण नै मनोमय ब्रह्मको चौथो पाउ हो। त्यो वायुरूप ज्योतिले प्रकाशामन छ एवं उत्साहयुक्त छ। जो यस प्रकार जान्दछ, त्यो यश, कीर्त्ति र ब्रह्मतेजले प्रकाशमान हुन्छ तथा उत्साहयुक्त हुन्छ।

चक्षुरेव ब्रह्मणश्चतुर्थः पादः। स आदित्येन ज्योतिषा भाति च तपति च। भाति च तपति च कीर्त्या यशसा ब्रह्मवर्चसेन य एवं वेद॥ ५॥

द० प०—चक्षुः एव = चक्षुरिन्द्रिय नै, ब्रह्मणः = मनोमय ब्रह्मको, चतुर्थः = चौथो, पादः = पाउ हो, सः = त्यो, आदित्येन = सूर्यरूप ज्योतिले, भाति = प्रकाशमान छ, (र) तपति = उत्साहयुक्त छ, च = पनि, यः=जो, एवम्=यस प्रकार, वेद = जान्दछ, [सः] = त्यो, कीर्त्या = परोक्ष प्रशंसाले (र), यशसा = प्रत्यक्ष प्रशंसाले, (एवम्) ब्रह्मवर्चसेन = ब्रह्मतेजले, भाति = प्रकाशमान हुन्छ, च = र, तपति च = उत्साहयुक्त पनि हुन्छ।

स० वा०—चक्षु इन्द्रिय नै मनोमय ब्रह्मको चौथो पाउ हो। त्यो सूर्यरूप ज्योतिले प्रकाशमान छ र उत्साहयुक्त छ। जो यस प्रकार जान्दछ त्यो परोक्ष र प्रत्यक्ष प्रशंसाले एवं ब्रह्मतेजले प्रकाशमान हुन्छ एवम् उत्साहयुक्त समेत हुन्छ।

श्रोत्रमेव ब्रह्मणश्चतुर्थः पादः। स दिग्भिर्ज्योतिषा भाति च तपति च। भाति च तपति च कीर्त्या यशसा ब्रह्मवर्चसेन य एवं वेद य एवं वेद॥ ६॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

द० प०—श्रोत्रम् एव = श्रोत्र इन्द्रिय नै, ब्रह्मणः = मनोमय ब्रह्मको,

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थः = चौथो, पादः = पाउ हो, सः = त्यो, दिग्भिः=दिशारूप, ज्योतिषा = ज्योतिले, भाति=प्रकाशमान छ, (र) तपति = उत्साहयुक्त छ, यः = जो, एवम् = यस प्रकार, वेद = जान्दछ, [सः] = त्यो, कीर्त्या = परोक्ष प्रशंसाले (र), यशसा = प्रत्यक्ष प्रशंसाले, (एवं) ब्रह्मवर्चसेन = ब्रह्मतेजले, भाति = प्रकाशमान हुन्छ, च = र, तपति च = उत्साहमुक्तसमेत हुन्छ । यः = जो, एवम् = यस्तो, वेद = जान्दछ ।

स० वा०—श्रवणेन्द्रिय नै मनोमय ब्रह्मको चौथो पाउ हो । त्यो दिशारूप ज्योतिले प्रकाशमान छ तथा उत्साहयुक्त छ । जो यस प्रकार जान्दछ र यथोक्त उपासना गर्दछ त्यो प्रत्यक्ष, परोक्ष दुवै प्रशंसाले र उत्साहसमेतले युक्त हुन्छ ।

तेस्रो अध्यायमा अट्ठारौं खण्ड समाप्त

एकोनविंश खण्ड

आदित्य र अण्डदृष्टिले अध्यात्म एवम् आधिदैविक उपसना

सम्बन्ध—आदित्य ब्रह्मको एक पाउ हो भनियो । त्यसमा सकल ब्रह्मदृष्टिका निमित्त यस खण्डको आरम्भ गरिन्छ ।

आदित्यो ब्रह्मेत्यादेशस्तस्योपव्याख्यानमसदेवेदमग्र आसीत् । तत्सदासीत्तत्समभवत्तदाण्डं निरवर्तत तत्संवत्सरस्य मात्रामशयत तन्निरभिद्यत ते आण्डकपाले रजतं च सुवर्णं चाभवताम् ॥ १ ॥

द० प०—आदित्यः=आदित्य, ब्रह्म=ब्रह्म हो, इति = यस्तो, आदेशः = उपदेश छ, तस्य=त्यसको, उपव्याख्यानम्=उपव्याख्यान, [क्रियते]=गरिन्छ, इदम्=यो जगत्, अग्रे = अघि, असत् = नामरूप स्पष्ट नभएको, एव = नै, आसीत् = थियो, तत्=त्यो (पछि), सत् = कार्माभिमुख, आसीत् = भयो, तत् = त्यो, समभवत् = अलिकति नामरूप खुलेको भयो, तत् = त्यो, आण्डम् = अण्ड, समवर्त्तत = हुन गयो, तत् = त्यो, संवत्सरस्य = वर्षको, मात्राम् = परिमाणसम्म, अशयत = रहिरह्यो, (अनि) तत् = त्यो, निरभिद्यत = फुट्यो, ते = ती, आण्डकपाले = अण्डका दुइ फ्याक, रजतम् = चाँदी, च = र, सुवर्णम् = सून, च = पनि, अभवताम् = हुन गए ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०--सूर्य ब्रह्म हो भन्ने उपदेश छ। त्यसको प्रशंसाका निमित्त यो उपाख्यान गरिन्छ। यो जगत् उत्पत्ति हुनुभन्दा पहिले असत् (नभए-जस्तो) अर्थात् नामरूप स्पष्ट नभएको थियो। यो हैन कि शून्य नै थियो। पछि कार्याभिमुख अलिकति प्रहृति....खुलेको भयो। अनिपछि अलि अलि नामरूप खुल्नाले बीउ टुसाए-जस्तो भयो। त्यसपछि क्रमैसित अण्ड बन्न आयो। त्यो अण्ड वर्ष दिनसम्म पडिरह्यो, अनि फुट्यो, फुटेर भएका दुइ फ्याक चांदी र सून भए।

टिप्पणी--यो खण्ड 'सूर्यलाई ब्रह्मदृष्टिले उपासना गर्नू' भन्ने विधान गर्न आएको हो। यहाँ खास गरीकन जगत्को सत्ता वा असत्ता प्रतिपादन गर्नु अभीष्ट छैन। सत् शब्दको प्रयोग जसको नामरूप स्पष्ट छ, त्यै पदार्थका विषयमा देखिन्छ। जगत्को नामरूपको टड्कारो अभिव्यक्ति प्रायशः सूर्यको अधीन छ। त्यो नभएमा अन्धकारमय जगत्—भए पनि—थाह हुँदैन। उ भएमा भएको वस्तु झलमल्ल हुन्छ र 'सत्' (भएको) प्रतीत हुन्छ। यसकारण सूर्यको प्रशंसापरक यस वाक्यमा 'सत्' भए पनि उत्पत्तिभन्दा पहिले असत् नै थियो' भनेर श्रुतिले जगत्को सत्ता सूर्याधीन देखाई 'सूर्य ब्रह्मदृष्टिको लायक छ' भन्ने सूचित गर्दछ।

तद्यद्रजतꣳ सेयं पृथिवी यत्सुवर्णꣳ सा द्यौर्यज्जरायु ते पर्वता यदुल्बꣳ स मेघो नीहारो या धमनयस्ता नद्यो यद्वस्तेयमुदकꣳ स समुद्रः ॥ २ ॥

द० प०—तद् = त्यो, यद् = जुन, रजतम् = चाँदी हो, सा = त्यो, इयम् = यो, पृथिवी = पृथ्वी हो, यद् = जो, सुवर्णम् = सून हो, सा = त्यो, द्यौः=द्युलोक हो, यद्=जो, जरायु = ठूलो गर्भवेष्टन हो, ते = ती, पर्वताः = पर्वतहरू हुन्। यद् = जो, उल्बम् = सूक्ष्म गर्भवेष्टन हो, सः = त्यो, मेघः = बादल (र), नीहारः=कुहिरो हो, याः = जुन, धमन्यः = रक्तवाहिनी नाडी हुन्। ताः = यिनीहरू, नद्यः = नदीहरू हुन्, यद् = जो, वास्तेयम् = वस्तिस्थान (मूत्राशय) मा भएको, उदकम् = पानी हो, सः = त्यो, समुद्रः = समुद्र हो।

स० वा०—ती दुइ फ्याकमा जुन चाँदीमय फ्याक हो, त्यो पृथिवीरूपले उपलक्षित तल्लो फ्याक हो। जुन सूनमय फ्याक हो त्यो द्युलोकरूपले उपलक्षित माथिल्लो फ्याक हो। त्यस अण्डको जुन ठूलोचाहिं गर्भवेष्टन हो, ती पर्वत भए। जुन मिहीचाहिं गर्भवेष्टन हो, त्यो मेघ र कुहिरो भयो। जुन रक्तवाहिनी नाडी हुन्, ती नदीहरू भए। जो मूत्राशयमा रहेको पानी हो त्यो समुद्र भयो।

अथ यत्तदजायत सोऽसावादित्यस्तं जायमानं घोषा उलूलवोऽनूदतिष्ठन्त्सर्वाणि च भूतानि सर्वे च कामास्तस्मात्तस्योदयं प्रति प्रत्यायनं प्रति घोषा उलूलवोऽनूत्तिष्ठन्ति सर्वाणि च भूतानि सर्वे च कामाः ॥ ३ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ = यसपछि, यत् = जो, तद् = त्यो, अजायत = उत्पन्न भयो, सः = त्यो; असौ = यो, आदित्यः = सूर्य हो, तम् = त्यो, जायमानन् = उत्पन्न हुँदा, घोषाः = शब्दहरू, उलूलवः = विस्तीर्ण ध्वनिहरू, अनूदतिष्ठन्=उठे, सर्वाणि = सम्पूर्ण, भूतानि = स्थावर जंगमहरू; च = र, सर्वे = समस्त, कामाः = भोग्य वस्तुहरू, च = पनि, उदतिष्ठन् = उत्पन्न भए, तस्मात् = त्यसकारण, तस्य = त्यो, आदित्यस्य = सूर्यको, उदयम् प्रति = उदय हुँदा, प्रत्यायनम् प्रति = हरएक पटक उदय हुँदा, घोषाः = शब्दहरू (र), उलूलवः = विस्तीर्ण आवाजहरू, अनूत्तिष्ठन्ति = उठ्ने गर्दछन्, (तथा) सर्वाणि = समस्त, भूतानि = प्राणीहरू, च = र, सर्वे = सम्पूर्ण कामाः = भोग्यवस्तुहरू, च = पनि, अनूत्तिष्ठन्ति = उत्पन्न हुन्छन् । (दृश्यरूपमा प्रस्तुत हुन्छन्) ।

स० वा०—यसपछि जो त्यो उत्पन्न भयो त्यो, यो सूर्य हो। त्यो उत्पन्न हुँदा, शब्दहरू, विस्तीर्ण ध्वनिहरू उठे । साथै संपूर्ण स्थावर – जंगमहरू र समस्त भोग्य वस्तुहरू उत्पन्न भए । त्यसकारण त्यो सूर्य हरएक पटक उदित हुँदा विविध शब्दहरू र विस्तीर्ण ध्वनिहरू उठ्तछन् तथा सबै प्राणीहरू र समस्त भोग्यवस्तु दृश्यरूपमा प्रस्तुत हुन्छन् ।

स य एतमेवं विद्वानादित्यं ब्रह्मेत्युपास्तेऽभ्याशो ह यदेनꣳ साधवो घोषा आ च गच्छेयुरुप च निम्रेडेरन्निम्रेडेरन् ॥ ४ ॥

द० प०—सः = त्यो, यः = जो, एतम् = यस विषयलाई, एवम् = यस प्रकार, विद्वान्=जानेर, आदित्यम्=सूर्यलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते = उपासना गर्दछ, एनम् = यस्तो जानी उपासना गर्नेलाई, साधवः = असल, घोषाः = शब्दहरू, अभ्याशः ह = शीघ्र नै, आगच्छेयुः = आउलान्, च = र, उपनिम्रेडेरन् = सुख देलान्, च = पनि ।

स० वा०—जो यस विषयलाई यस प्रकार जानेर सूर्यलाई ब्रह्म भनी उपासना गर्दछ, त्यो त्यै (ब्रह्म) रूपमा प्राप्त हुन्छ । दृष्ट फलचाहिं यो हुन्छ—त्यस उपासकलाई असल शब्दहरू सुनिन आउँछन् र सुख प्रदान पनि गर्दछन् ।

तेस्रो अध्यायमा उन्नाईसौं खण्ड समाप्त

तृतीयाध्याय संपूर्ण

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ अध्याय

प्रथम खण्ड

राजा जानश्रुति र रैक्कको उपाख्यान

सम्बन्ध—वायु र प्राणमा ब्रह्मका पाददृष्टिको अध्यास पहिले वर्णन गरियो। अब अहिले निजको साक्षात् ब्रह्मरूपले उपास्यत्व बताउनाका निमित्त आउँदो ग्रन्थ आरम्भ गरिन्छ। कथाचाहिं सुखपूर्वक बोध गराउन र विद्या दिने लिने विधि दर्शाउनानिमित्त छ। यसले श्रद्धा, अन्नदान र विनयहरू पनि विद्याप्राप्तिका साधन हुन् भन्ने समेत दर्शाउँदछ।

ॐ जानश्रुतिर्ह पौत्रायणः श्रद्धादेयो बहुदायी बहुपाक्य आस। स ह सर्वत आवसथान्मापयाञ्चक्रे सर्वत एव मेऽत्स्यन्तीति ॥ १ ॥

द० प०—ह = अघिको कुरा हो, जानश्रुतिः = जनश्रुतका वंशधर, पौत्रायणः = पनाति, श्रद्धादेयः = श्रद्धासाथ दिने, बहुदायी = धेरै दान गर्ने, बहुपाक्यः = (भोजनार्थीहरूका निमित्त) प्रशस्त पकाउने, आस = थिए। ह = प्रसिद्ध छ, सः = तिनीले, सर्वतः एव = सबै, मे = मेरो, अन्नम् = अन्न, अत्स्यन्ति = खानेछन् भनेर, सर्वतः = सबैतिर, आवसथान् = यात्रीहरू बस्ने, (धर्मशालाहरू), मापयाञ्चक्रे = बनाउन लगाएका थिए।

स० वा०—यो अघि भएको कुरा हो—जनश्रुतका वंशधर पनाति श्रद्धासाथै दिने, धेरै दान गर्ने, भोजनार्थीहरूका निमित्त प्रशस्त पकाउने यस्ता थिए। प्रसिद्धै छ—तिनले चारैतिरबाट आएका सबैले मेरो अन्न खाऊन् भनेर ग्राम, नगर सबैतिर यात्रीहरू बस्ने धर्मशालाहरू बनाउन लगाएका थिए।

अथ ह हꣳसा निशायामतिपेतुस्तद्धैवꣳ हꣳसो हꣳसमभ्युवाद हो होऽयि भल्लाक्ष भल्लाक्ष जानश्रुतेः पौत्रायणस्य समं दिवा ज्योतिराततं तन्मा प्रसाङ्क्षीस्तत्त्वा मा प्रधाक्षीरिति ॥ २ ॥

द० प०—अथ = अनि, (गर्मी समयमा कुनै दिन ती राजा दरबारका कौसीमा रहेका वेला), निशायाम् = रातमा, हंसाः = हाँसहरू, अतिपेतुः = (राजाले देख्ने गरेर) उडे, तत् एव = त्यत्तिखेरै, हंसः = एउटा हाँसले, हंसम् = अर्को हाँसलाई, इति = यसो, अभ्युवाद = भन्यो, हो हो भल्लाक्ष = ए भल्लाक्ष, अयि भल्लाक्ष =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ए भल्लाक्ष, जानश्रुतेः-जनश्रुतिका वंशधर, पौत्रायणस्य=रनातिको, दिवा=द्युलोकले, समम् = तुल्य, ज्योतिः = तेज, आततम्=फैलिएको छ, तत् = त्यसलाई, मा प्रसाङ्क्षी = स्पर्श नगर्, तत्=त्यसले, त्वा=तँलाई, मा प्रधाक्षीः=नडढाओस् ।

स० वा०–अनि गर्मी समयमा कुनै दिन ती राजा दरबारका कौसीमा रहेका वेला, रातमा हाँसहरू राजाकै अगाडि भएर उडे । त्यतिखेरै एउटा पछिल्तिर उड्ने हाँसले अघिल्तिर उड्ने हांसलाई बोलाएर भन्यो–ए भल्लाक्ष ! जनश्रुतका वंशधर प्रजापतिको तेज द्युलोक समान फैलिएको छ । त्यसलाई नछो, त्यसले तँलाई डढाउला ।

तमु ह परः प्रत्युवाच कम्वर एनमेतत्सन्तꣳ सयुग्वानमिव रैक्वमात्थेति यो नु कथꣳ सयुग्वा रैक्व इति ॥ ३ ॥

द० प०— तम् = त्यसलाई, परः = अर्को [अग्रगामी] ले, उ = रिसाएर, इति = यसो, प्रत्युवाच = जवाफ दियो, ह=हो, अरे=ए, उ = दया लाग्छ, एनम्= यी राजालाई, कम् = कुन, सन्तम् = हुँदा, सयुग्वानम् = गाडासहित रहने, रैक्वम्= रैक्वलाई, इव = जस्तै, एतत् = यो समान वचन, आत्थ = बोल्छस् ? (अनिपछिहलाले), इति=यसरी (सोध्यो), यः = जो, सयुग्वा=गाडावाला, रैक्वः = रैक्व हो, [सः] = त्यो, कथम् नु ? = कस्तो छ र ?

स० वा०—त्यस पछिल्लो हाँसलाई अघिल्लो हाँसले रिसाएजस्तो गरी जवाफ दियो—अरे ! यी राजालाई कुन महत्त्वको देखेर रैक्वलाई जस्तै समानको वचन गर्दछस् ? दया लाग्छ । अनि पछिल्लाले सोध्यो–त्यो गाडावाला रैक्व कस्तो छ र ?

यथा कृतायविजितायाधरेयाः संयन्त्येवमेनꣳ सर्वं तदभिसमेति यत्किञ्च प्रजाः साधु कुर्वन्ति यस्तद्वेद यत्स वेद स मयैतदुक्त इति ॥ ४ ॥

द० प०—(भल्लाक्षले भन्यो) यथा=जस्तो, (जूवामा), कृताय विजिताय= 'कृत' नामक (चार अङ्कवाला) पासा जित्नेका निमित्त, अधरेयाः = तीन, दुइ, एक अङ्कवाला (पासाहरू), संयति = मिल्न आउँछन् अर्थात् चार अङ्कवालामा तीन दुइ एक अङ्क रहेकै हुनाले त्यसैमा अन्तर्भूत हुन्छन्, एवम्=यसै गरी, एनम्=यी रैक्वलाई, तत् = त्यो, सर्वम् = सबै, अभिसमेति = मिल्न आउँछ, यत् = जो, किम् च= कुनै पनि, साधु = सत्कर्म, प्रजाः = दुनियाँहरू, कुर्वन्ति = गर्दछन्, अर्थात् सबै प्रजाको धर्म रैक्वका धर्ममा अन्तर्भूत हुन्छ । यः = जो (कुनै पनि), तत्=त्यो, वेद्य कुरा, वेद=जान्दछ, (कुन कुरा ?), सः=ती रैक्व, यत्=जुन कुरा, वेद= जान्दछन्, (तम् अपि सर्वप्राणिधर्मजातं तत्फलं च अभिसमेति) = त्यसलाई पनि संपूर्ण प्राणीको धर्म र त्यसको फल मिल्न आउँछ, सः=यस्तो रैक्व-बाहेकको विद्वान् पनि, मया = मैले, एतत् = यसो, उक्तः = भनियो, इति = यस्तो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—भल्लाक्षले भन्यो—जस्तो जूवामा 'कृत' नामक चार अङ्कवाला पासा जित्नेलाई तीन, दुइ, एक अङ्कवाला पासा मिल्न आउँछन्—चार अङ्कवालामा तीन, दुइ, एक अङ्क रहेकै हुनाले स्वतः अन्तर्भूत हुन्छन्, यसै गरी, यी रैक्वलाई त्यो सब मिल्न आउँछ जुन सत्कर्म दुनियाँहरू गर्दछन्—सबै प्रजाका धर्म रैक्वका धर्ममा अन्तर्भूत हुन्छन्। जो त्यो वेद्य कुरा—जुन कि रैक्व जान्दछन्—जान्दछ त्यसलाई पनि सर्वप्राणिधर्म र उसको फलसमेत मिल्न आउँछ। रैक्व बाहेकको पनि त्यस विषयको ज्ञाता जुनसुकै विद्वान्का विषयमा म यसो भन्दछु, संशय छैन।

तदु ह जानश्रुतिः पौत्रायाण उपशुश्राव। स ह संजिहान एव क्षत्तारमुवाचाङ्गारे ह सयुग्वानमिव रैक्वमात्थेति यो कथꣳ सयुग्वा रैक्व इति ॥ ५ ॥

द० प०—उ=दया लाग्छ, ह=हो, जानश्रुतिः=जनश्रुतका वंशधर, पौत्रायणः=पनातिले, तत्=त्यो (अग्रगामी हाँसले भनेको) कुरा, उपशुश्राव=सुने, सः=तिनी (राजा) ले, संजिहानः एव=बिछयौना छोड्नेबित्तिकै, क्षत्तारम्=सेवकलाई, इति=यसो, उवाच=भने, अरे अंग=बच्चा! (मलाई), सयुग्वानम् इव=गाडावालचाहिं, रैक्वम्=रैक्वलाई, (गएर मलाई देख्न चाहना भएको कुरा), आत्थ=भन्, (तब सेवकले भन्यो—) यः=जुन, सयुग्वा=गाडीवाला, रैक्वः=रैक्व हुन्, (ती), कथम् उ=कस्ता छन् नि ?

स० वा०—दया लाग्छ, जनश्रुतका वंशधर पनातिले त्यो अग्रगामी हांसले भनेको कुरा सुने। अनि विहान बिछयौना छोड्नेबित्तिकै सेवकलाई भने—बच्चा! गाडावालचाहिं रैक्वलाई—मलाई देख्न चाहना भएको कुरा भन्। सेवकले सोध्यो-गाडावाल रैक्क कस्ता छन् नि ?

यथा कृतायविजितायाधरेयाः संयन्त्येवमेनꣳ सर्वं तदभिसमेति यत्किञ्च प्रजाः साधु कुर्वन्ति यस्तद्वेद यत्स वेद स मयैतदुक्त इति ॥ ६ ॥

द० प०—यथा=जस्तो, (जूवामा) कृताय-विजिताय='कृत' नामक (चार अङ्कवाला पासा जित्नेका निमित्त, अधरेयाः=तीन, दुइ, एक अङ्कवाला (पासाहरू), संयन्ति=मिल्न आउँछन्, अर्थात् चार अङ्कवालामा तीन, दुइ, एक अङ्क रहेकै हुनाले त्यसैमा अन्तर्भूत हुन्छन्, एवम्=यसै गरी, एनम्=यी रैक्वलाई, तत्=त्यो, सर्वम्=सबै, अभिसमेति=मिलन आउँछ, यत्=जो, किम् च=कुनै पनि साधु=सत्कर्म, प्रजाः=दुनियाँहरू, कुर्वन्ति=गर्दछन्, अर्थात् सबै प्रजाको धर्म रैक्वका, धर्ममा अन्तर्भूत हुन्छ। यः=जो (कुनै पनि), तत्=त्यो वेद्य कुरा, वेद=जान्दछ, (कुन कुरा ?), सः=ती रैक्व, यत्=जुन कुरा, वेद=जान्दछन् [तम् अपि

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्राणिधर्मजातं तत्फलं च अभिसमेति]=त्यसलाई पनि संपूर्ण प्राणीको धर्म र त्यसको फल मिल्न आउँछ, सः=त्यस्तो रैक्वबाहेकको विद्वान् पनि, मया=मैले, एतत्=यसो, उक्तः = भनियो ।

स० वा०—जस्तो जूवामा 'कृत' नामक चार अङ्कवाला पासा जित्नेलाई तीन, दुइ, एक अङ्कवाला पासा मिल्न आउँछन्—चार अङ्कवालामा तीन, दुइ, एक अङ्क रहेकै हुनाले त्यसमा स्वतः अन्तर्भूत हुन्छन्, यसै गरी यी रैक्वलाई त्यो सब मिल्न आउँछ, जुन सत्कर्म दुनियाँहरू गर्दछन्—सबै प्रजाका धर्म रैक्वका धर्ममा अन्तर्भूत हुन्छन् । जो कुनै पनि पुरुष त्यो वेद्य कुरा—जुन कि रैक्व जान्दछन्—जान्दछ त्यसलाई पनि समस्त प्राणिधर्म र उसको फलसमेत मिल्न आउँछ । रैक्व-बाहेकको पनि त्यस विषयको ज्ञाता जुनसुकै विद्वान्का विषयमा म यसो भन्छु, संशय छैन ।

स ह क्षत्तान्विष्य नाविदमिति प्रत्येयाय तꣳ होवाच यत्रारे ब्राह्मणस्यान्वेषणा तदेनमर्च्छेति ॥ ७ ॥

द० प०—(अनि) सः=त्यो, क्षत्ता=सेवक, अन्विष्य=खोजी गरेर, न अविदम् इति=चिनिनँ भनेर, प्रत्येयाय=फर्क्यो, ह=हो, तम्=त्यस सेवकलाई, (राजाले), उवाच = भने, अरे=ए !, यत्र=जहाँ, (एकान्त जंगलहरूमा), ब्राह्मणस्य=ब्रह्मवेत्ताको, अन्वेषणा=खोजी हुन्छ, तत्=त्यहीं, एनम्=यिनकहाँ, अर्च्छ=जा, ह=यो भएको कुरो हो ।

स० वा०—अनि त्यो सेवक खोजी गरेर चिनिनँ भनी फर्क्यो । तब राजाले भने—ए ! जुन एकान्तस्थलहरूमा ब्रह्मवेत्ताको खोजी हुन्छ, त्यतै यिनकहाँ जा !

सोऽधस्ताच्छकटस्य पामानं कषमाणमुपोपविवेश तꣳहाभ्युवाद त्वं नु भगवः सयुग्वा रैक्व इत्यहꣳ ह्यरा ३ इति ह प्रतिजज्ञे स ह क्षत्ताविदमिति प्रत्येयाय ॥ ८ ॥

द० प०—सः=त्यस सेवकले, शकटस्य=गाडाको, अधस्तात्=मनितिर, पामानम्=लूतो, कषमाणम्=कन्याइरहेको (रैक्वलाई देखेर), उपविवेश=नजीकमा गई बस्यो, (अनि) तम्=ती रैक्वलाई, इति=यसो अभ्युवाद=भन्यो, भगवः=भगवन्, सयुग्वा=गाडावाला, रैक्वः = रैक्व, त्वम् नु=तपाइं हुनुहुन्छ कि ? (अनि रैक्वले) अरे=ए !, अहम् हि=मै हुँ, इति=यसरी, प्रतिजज्ञे=स्वीकार गरे, ह=हो, सः=त्यो, क्षत्ता=सेवक, आविदम्=चिनें, इति = यसो भनी, प्रत्येयाय = फर्केर आयो । ह = यो अघि भएको कुरा हो ।

स० वा०—त्यस सेवकले एकान्त स्थलमा गाडामन्तिर लूतो कन्याइरहेका

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रैक्वलाई देखेर नजीकमा गई बस्यो र तिनीलाई सविनय सोध्यो—भगवन् ! गाडावाल रैक्व तपाइँ हुनुहुन्छ कि ? अनि उनले 'अरे ! मै हुँ' भनी स्वीकार गरे। त्यसपछि सेवक 'चिनें' भनेर फर्केर आयो । यो अघि भएको कुरा हो ।

चौथो अध्यायमा पहिलो खण्ड समाप्त

द्वितीय खण्ड

रैक्वका प्रति जानश्रुतिको उपसत्ति

तदु ह जानश्रुतिः पौत्रायणः षट्शतानि गवां निष्कमश्वतरीरथं तदादाय प्रतिचक्रमे तꣳहाभ्युवाद ॥ १ ॥

द० प०—तत्=तब (ऋषिको गार्हस्थ्य-सम्बन्धी अभिप्राय बुझेर), उह= नै, जानश्रुतिः=जनश्रुतका वंशधर, पौत्रायणः=पनाति, गवाम्=गाई, षट्शतानि =छः सय, निष्कम्=कण्ठहार, अश्वतरीरथम्=खच्चरी जोतिएको रथ, तत्=त्यो धन, आदाय=लिएर, प्रतिचक्रमे=(रैक्वकहाँ) गए, (र) तम्=तिनी (रैक्व) लाई, अभ्युवाद=भने, ह=यो भएको कुरा हो ।

स० वा०—तब सेवकका भनाइबाट ऋषिको गृहस्थाश्रम-सम्बन्धी अभिप्राय बुझेर जनश्रुतका वंशधर पनाति तुरुन्तै छः सय गाई, कण्ठहार, खच्चरी जोतिएको रथ, त्यति सम्पत्ति लिई रैक्वकहाँ गएर उनलाई आदरसाथ भने—

रैक्वेमानि षट्शतानि गवामयं निष्कोऽयमश्वतरीरथो नु म एतां भगवो देवताꣳशाधि यां देवतामुपास्स इति ॥ २ ॥

द० प०—रैक्व=हे रैक्व ऋषि !, इमानि=यी, गवाम्=गाई, षट्शतानि छः सय, अयम्=यो, निष्कः = कण्ठहार, अयम् = यो, अश्वतरीरथः = खच्चरी जोतिएको रथ, (यहाँको निमित्त ल्याएको छु स्वीकृत गर्नुहोस्), भगवः = हे भगवन् ! मे = मलाई, एताम् = यी, देवताम् = देवता, शाधि = उपदेश गर्नुहोस्, याम् = जुन, देवताम् = देवतालाई उपास्से = उपासना गर्नुहुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—हे रैक्व ऋषि ! यी छः सय गाई, यो गलामा लाउने हार र यो खच्चरी जोतिएको रथ यहाँका निमित्त ल्याएको छु, स्वीकार गर्नुहोस् र हे भगवन् ! मलाई त्यो देवताको उपदेश गर्नुहोस्, जुन देवतालाई यहाँले उपासना गर्नुहुन्छ ।

तमु ह परः प्रत्युवाचाह हारेत्वा शूद्र तवैव सह गोभिरस्त्विति । तदु ह पुनरेव जानश्रुतिः पौत्रायणः सहस्रं गवां निष्कमश्वतरीरथं दुहितरं तदादाय प्रतिचक्रमे ॥ ३ ॥

द० प०—ह = भएको कुरा हो, तम् = ती राजालाई, परः = अर्का व्यक्ति (रैक्व) ले, उ = रिससाथ, इति = यस्तो, प्रत्युवाच = जवाफ गरे, शूद्र = हे शूद्र, अह = अपसोच छ, हारेत्वा = कण्ठहारसहितको रथ, गोभिः = गाईहरूसाथै, तव एव = तैंलाई, अस्तु=होस्, तत् उ ह = त्यतिखेर नै, जानश्रुतिः = जनश्रुतका वंशधर, पौत्रायणः = पनाति, गवाम् = गाई, सहस्रम् = हजार, निष्कम् = कण्ठहार, अश्वतरीरथम् = खच्चरीहरू जोतिएको रथ, (र), दुहितरम् = छोरी, तत् = त्यो सम्पत्ति, आदाय = लिएर, पुनः एव = फेरि पनि, प्रतिचक्रमे = (रैक्वकहाँ) गए ।

स० वा०—यो भएको कुरा हो––ती राजालाई रैक्वले झोकिएर जवाफ गरे—शूद्र ! अपशोच छ, कण्ठहारसहितको रथ गाईहरू साथै तैंलाई होस् (गार्हस्थ्यलाई अपर्याप्त वस्तुको मलाई प्रयोजन छैन ।) अनि तुरन्तै जनश्रुतका वंशधर पनाति हजार गाई, कण्ठहार, खच्चरीहरू जोतिएको रथ र छोरी यति सम्पत्ति लिएर फेरि पनि रैक्वकहाँ गए ।

टिप्पणी—यहाँ 'शङ्करबाट' 'अह' पद छुट्टयाई निरर्थक मानिएको छ । 'अहि' यस्तो पदच्छेद गरेमा त्यो असूयार्थक हुनाले राजाले टक्र्याएको धन-माल असलै भए पनि रैक्वले कमसल ठहराएको भन्ने भाव दिन्छ र शब्द अनर्थक मान्नुपर्दैन । 'असूयायां वितर्के स्यादाह क्षेपनियोगयोः ।'—मेदिनी ।

यहाँ चर्चाको विषय छ––क्षत्ता (द्वारपाल सेवक) लाई अह्राएको देख्नाले विद्या ग्रहणका निमित्त ब्राह्मण-समीप उपस्थित हुनाले र शूद्रलाई सो कुराको अधिकारै नहुनाले यी जानश्रुति अवश्य क्षत्रिय थिए । किनकि यिनलाई रैक्वले 'शूद्र !' भनेर संबोधन गरे !

यसमा कुनै आचार्य भन्दछन्—शूद्र भनेको त हाँसको वचन सुनेर 'शुच्' शोकले द्रवीभूत भएको भन्ने अर्थले पो त ! आफूले नदेखेको नसुनेको कुरा पनि जान्ने रहेछन् भन्ने पार्नलाई त्यस्तो संबोधन गरेका हुन् ।

कोही भन्दछन्—शूद्र जस्तै बिना शुश्रूषा धनैले विद्या लिन पो आउँदो रहेछ भनिठानेर 'शूद्र' भनेको हो, जातै शूद्र भएर भनेको होइन ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्का थरी भन्दछन्—आफ्नो गार्हस्थ्यलाई अलि निकै धनको चाहना थियो, राजा भन्नाले त्यति जाबो धन ल्याएको भनेर रिसैले 'शूद्र' भनेका हुन् । यसमा प्रमाण हो—पछि धेरै धन ल्याउँदा खुशीसाथ ग्रहण गरी विद्या उपदेश गर्नु ।

तꣳ हाभ्युवाद रैक्वेदꣳ सहस्रं गवामयं निष्कोऽयमश्वतरीरथ इयं जायायं ग्रामो यस्मिन्नास्सेऽन्वेव मा भगवः शाधीति ॥ ४ ॥

द० प०—ह=यो भएको कुरा हो, तम् = ती रैक्वलाई, अभ्युवाद = भने, रैक्व = हे रैक्व ऋषि, इदम्=यी, सहस्रम् गवाम् = हजार गाई, अयम् = यो, निष्कः = कण्ठहार, अयम् = यो, अश्वतरीरथः = खच्चरीहरू जोतिएको रथ, इयम् = यी, जाया = पत्नी (मेरी छोरी), अयम् = यो, ग्रामः = गाउँ, यस्मिन् = जसमा, आस्से = रहनुभएको छ, (ग्रहण गर्नुहोस् र), भगवः = हे भगवन्, मा = मलाई, अनुशाधि एव = अवश्यै उपदेश गर्नुहोस् ।

स० वा०—यो भएको कुरा हो—ती रैक्वलाई राजाले भने—रैक्व ऋषिजी ! यी हजार गाई, यो कण्ठहार, यो खच्चरीहरू जोतिएको रथ, यी मेरी छोरी यहाँका निमित्त पत्नी, यो गाउँ, जहाँ यहाँ बस्नुभएको छ, ग्रहण गर्नुहोस् र भगवन् ! मलाई अवश्य उपदेश गर्नुहोस् ।

तस्या ह मुखमुपोद्गृह्णन्नुवाचाजहारेमाः शूद्रानेनैव मुखेनालापयिष्यथा इति ते हैते रैक्वपर्णा नाम महावृषेषु यत्रास्मा उवास स तस्मै होवाच ॥ ५ ॥

द० प०—(रैक्वले) तस्याः = तिनी (पत्नी बनाइदिनाका निमित्त ल्याइएकी राजाकी छोरी) को, मुखम् ह = मुखलाई नै (विद्यादानमा द्वार अर्थात् तीर्थ), उपोद्गृह्णन् = जानेर, इति = यसो, उवाच = भने, शूद्र = हे शोकले द्रवीभूत जानश्रुति, इमाः=यी, गाईहरू, आजहार=ल्यायौ, अनेन एव=यै, मुखेन=विद्या-ग्रहणका द्वार (तीर्थ) ले, आलापयिष्यथाः =बातचीत गर्न लाउँछौ, महावृषेषु= महावृष देशमा, ते ह = तिनै हुन्, एते=यी, रैक्वपर्णाः नाम=रैक्वपर्ण भनी प्रसिद्ध भएका ग्रामहरू, यत्र=जहाँ, उवास=रैक्व वसेका थिए, (तान्)=ती गाउँहरू, अस्मै = रैक्वलाई, (राजा अदात्)=राजाले दिएथे, (यसपछि) तस्मै=तिनी जानश्रुतिलाई, (रैक्वले) उवाच=विद्या उपदेश गरे ।

स० वा०—रैक्वले ती पत्नी बनाइदिनानिमित्त ल्याइएकी राजपुत्रीको मुखलाई नै विद्यादानको द्वार अर्थात् तीर्थ जानेर भने—हे शोकले द्रवीभूत जानश्रुति ! यी गाईहरू ल्यायौ, ठीक छ । यै विद्याग्रहणको द्वारले मलाई बोल्न लाउन आँटेका छौ । महावृष देशमा तिनै हुन् यी रैक्वपर्ण भनी प्रसिद्ध भएका ग्रामहरू, जहाँ रैक्व

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस्तथे। ती गाउँ राजाले यी रैक्वलाई दिएका हुन्। यसपछि रैक्वले राजालाई विद्याको उपदेश गरे।

टिप्पणी—तीर्थमा दान गर्नु श्रेयस्कर हुन्छ। यस्तै विद्यादान गर्न जसमा योग्य हुन्छ त्यो पनि 'तीर्थ' भनिन्छ। ती तीर्थ विद्या (मूर्त्तिमती) ले नै तोकेका छः ओटा छन्। जस्तै :—

"ब्रह्मचारी धनदायी मेधावी श्रोत्रियः प्रियः।
विद्यया वा विद्यां प्राह तानि तीर्थानि षण्मम ॥

प्रस्तुतमा जानश्रुति कन्याले उपलक्षित धनका दाता हुनाले विद्यादानमा तीर्थ ठहरे।

चौथो अध्यायमा दोस्रो खण्ड समाप्त

तृतीय खण्ड

रैक्वद्वारा संवर्ग विद्याको उपदेश

वायुर्वाव संवर्गो यदा वा अग्निरुद्वायति वायुमेवाप्येति यदा सूर्योऽस्तमेति वायुमेवाप्येति यदा चन्द्रोऽस्तमेति वायुमेवाप्येति ॥ १ ॥

द० प०—वायुः=वायु, वाव=नै, संवर्गः=(संग्रहण गर्ने हुनाले) संवर्ग हो, यदा=जब, अग्निः=आगो, उद्वायति=निभ्दछ, (तदा)=तब, वायुम्=वायुमा, एव=नै, अप्येति=लीन हुन पुग्छ, (तथा), यदा=जब, सूर्यः=सूर्य, अस्तम् एति=अस्ताउँछ, (तब) वायुम् एव=वायुमा नै, अत्येति=लीन हुन्छ, (तथा) यदा=जब, चन्द्रः=चन्द्रमा, अस्तम् एति=अस्ताउँछ, (तब) वायुम् एव=वायुमा नै, अप्येति=लीन हुन्छ।

स० वा०—वायु नै सबैलाई संग्रह गर्ने हुनाले 'संवर्ग' हो। जब आगो निम्छ तब वायुमा नै लीन हुन पुग्छ। तथा जब सूर्य अस्ताउँछ तब वायुमा नै लीन हुन्छ। तथा जब चन्द्र अस्त हुन्छ तब वायुमा नै लीन हुन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी—आफ्ना स्वरूपैमा रहने सूर्य र चन्द्र कसरी वायुमा लीन भएका हुन्छन् ? समाधान—अस्ताएका बखत नदेखिने हुनुमा वायु निमित्त छ। चलन क्रिया वायुकै कार्य हुनाले सूर्य चन्द्रादिलाई अस्ताउन (अन्त पुऱ्याएर नदेखिने हुन पारेको) वायुले नै हो। अथवा प्रलय कालमा सूर्य चन्द्रको स्वरूप नष्ट भएपछि तेजोरूप तिनको वायु (स्वकारण) मा नै त लय हुन्छ।

यदाप उच्छुष्यन्ति वायुमेवापियन्ति वायुर्ह्येवैतान्सर्वान्संवृङ्क्त इत्यधिदैवतम् ॥ २ ॥

द० प०—(तथा) यदा = जब, आपः = पानी, उच्छुष्यन्ति = सुक्तछ, (तब), वायुम् एव = वायुमा नै, अपियन्ति = लीन हुन्छ, हि = निस्सै हो, वायुः एव = वायुले नै, एतान् = यी, सर्वान् = सब चीजलाई, संवृङ्क्ते = आपस गर्दछ, (अतः वायु उपासनीय छ) इति = यो, अधिदैवतम् = देवतामा संवर्ग दृष्टि हो।

स० वा०—तथा जब पानी सुक्तछ, तब वायुमा नै लीन हुन्छ। निस्सै हो, वायुले नै यी अग्नि आदि बलिष्ठ वस्तुलाई आफूमा लीन पार्छ। यसकारण संवर्ग गुण भएको वायु उपासनीय छ। यो देवतामा संवर्ग दृष्टि हो।

अथाध्यात्मं प्राणो वाव संवर्गः स यदा स्वपिति प्राणमेव वागप्येति प्राणं चक्षुः प्राणꣳश्रोत्रं प्राणं मनः प्राणो ह्येवैतान्सर्वान्संवृङ्क्त इति ॥ ३ ॥

द० प०—अथ = यसपछि, अध्यातमम् = आत्मा (शरीर) मा संवर्गदृष्टि कहिन्छ, प्राणः = प्राण, वाव = नै, संवर्गः=संवर्ग हो, सः = त्यो (पुरुष), यदा = जब, स्वपिति = सुत्तछ, (तब), वाक् = वाक् इन्द्रिय, प्राणम् एव = प्राणमा नै, अप्येति= लीन हुन्छ, चक्षुः = चक्षु इन्द्रिय, प्राणम् = प्राणमा, अप्येति = लीन हुन्छ, श्रोत्रम् = श्रोत्रेन्द्रिय, प्राणम् = प्राणमा = अप्येति = लीन हुन्छ, मनः = मन, प्राणम् = प्राणमा अप्येति = लीन हुन्छ, प्राणः हि एव = प्राण नै, एतान् = यी वाक् इन्द्रिय आदि, सर्वान्=संपूर्णलाई; संवृङ्क्ते = आफूमा लीन गर्दछ, इति = यो, आत्मा (शरीर) मा संवर्गदृष्टि हो।

स० वा०—यसपछि आत्मा (शरीर) मा संवर्ग दृष्टि कहिन्छ। प्राण नै संवर्ग हो। पुरुष जब सुत्तछ त वाक् इन्द्रिय प्राणमा नै लीन हुन्छ। चक्षु इन्द्रिय प्राणमा नै लीन हुन्छ, श्रोत्र इन्द्रिय प्राणमा नै लीन हुन्छ तथा मन प्राणमा नै लीन हुन्छ। ठीक हो, निद्रित अवस्थामा प्राणले नै यी वाक् आदि समस्त करणलाई आफूमा समेट्तछ। यो शरीरमा संवर्ग दृष्टि हो।

तौ वा एतौ द्वौ संवर्गौ वायुरेव देवेषु प्राणः प्राणेषु ॥ ४ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०— तौ वै = तिनै, एतौ=यी, द्वौ=दुवै, संवर्गौ=संवर्ग हुन् (कुन ?) देवेषु=देवताहरूमा, वायुः=वायु, प्राणेषु=इन्द्रियहरूमा, प्राणः=मुख्य प्राण ।

स० वा०—तिनै यी दुइ संवर्ग हुन्— देवताहरूमा वायु, इन्द्रियहरूमा प्राण ।

संवर्गको स्तुतिका निमित्त आख्यायिका

अथ ह शौनकं च कापेयमभिप्रतारिणं च काक्षसेनिं परिविष्यमाणौ ब्रह्मचारी बिभिक्षे तस्मा उ ह न ददतुः ॥ ५ ॥

द० प०—अथ=अब, आख्यायिका कहिन्छ, ह=यो अघि भएको कुरा हो । परिविष्यमाणौ=(भान्सेहरूले खाने पदार्थ) पस्केर दिन लागिएका, कापेयम्=कपिगोत्रीय, शौनकम् = शुनकका छोरासँग; च=र, काक्षसेनिम्=कक्षसेनका छोरा, अभिप्रतारिणम् = अभिप्रतारीसँग, ब्रह्मचारी = एक ब्रह्मवेत्ता (निकै हुँ) भन्नेले, बिभिक्षे=भिक्षा माँगे, तस्मै—तिनीलाई, उ ह = के गर्दा रहेछन् भन्ने वितर्क गरेर, न ददतुः=दिएनन् ।

स० वा०—अब यस विषयमा एउटा कथा कहिन्छ । जो अघि भएको कुरा हो । कपिगोत्रीय शौनक (शुनकका छोरा) लाई र कक्षसेनका छोरा अभिप्रतारीलाई भान्सेहरूले खानेकुरा पस्कन लागेका थिए । त्यसै वेला एक ब्रह्मवेत्ता निकै हुँ भन्ने ब्रह्मचारी आएर भिक्षा माँगे, तर के भन्ने रहेछन् भन्ने वितर्क गरेर ती दुइले तिनलाई भिक्षा दिएनन् ।

स होवाच महात्मनश्चतुरो देव एकः कः स जगार भुवनस्य गोपास्तं कापेय नाभिपश्यन्ति मर्त्या अभिप्रतारिन्बहुधा वसन्तं यस्मै वा एतदन्नं तस्मा एतन्न दत्तमिति ॥ ६ ॥

द० प०—सः=ती ब्रह्मवेत्ताले, इति = यसो, उवाच=भने, भुवनस्य=जगत्को, गोप्ता=रक्षक, सः = त्यो, कः=कुन, एकः=एउटा, देवः = देवताले, महात्मनः=महत्त्वशाली, चतुरः=चार ओटालाई, जगार=निलेको छ, कापेय = हे कपिगोत्रीय, अभिप्रतारिन्=हे अभिप्रतारी, मर्त्याः=मनुष्यहरू; बहुधा=अनेक प्रकारले, वसन्तम्=बस्ने, तम् = त्यसलाई, न अभिपश्यन्ति=देख्तैनन्, वा=तथा, यस्मै = जसका निमित्त, एतत्=यो, अन्नम्=अन्न, [संस्क्रियते]=संस्कार गरिन्छ, तस्मै=त्यसलाई, एतत् = यो अन्न, न दत्तम्=दिइएन ।

स० वा०—ती ब्रह्मवेत्ताले भने—जगत्को रक्षक त्यो कुन एउटा देवताले महत्त्वशाली चार ओटालाई निलेको छ ? हे कापेय ! हे अभिप्रतारी ! मनुष्यहरू त्यसलाई देख्तैनन् । तथा जसका निमित्त यो अन्न संस्कार गरिन्छ त्यसलाई यो अन्न दिइँदैन ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदु ह शौनकः कापेयः प्रतिमन्वानः प्रत्येयायात्मा देवानां जनिता प्रजानाᳫं हिरण्यदᳫंष्ट्रो बभसोऽनसूरिर्महान्तमस्य महिमानमाहुरनद्यमानो यदनन्नमत्तीति वै वयं ब्रह्मचारिन्नेदमुपास्महे दत्तास्मै भिक्षामिति ॥७॥

द० प०—तत्=त्यो वचन, प्रतिमन्वानः = मनन गरेर, कापेयः=कपिगोत्रीय, शौनकः=शौनक, प्रत्येयाय = (ब्रह्मवेत्ताछेउ) आए, इति=यसो, [आह च] = भने पनि (जो), आत्मा=सबैको आत्मा, देवानाम् = अग्नि आदि देवताहरूको अधिदैवत वायुरूपले र वाक् आदि इन्द्रिय एवं प्रजाहरूको अध्यात्म प्राणरूपले, एवं प्रजानाम् = स्थावर जंगमको, जनिता=उत्पादक, हिरण्यदंष्ट्रः= नभाँचिने दाह्रावाला, बभसः=भक्षणशील, अनसूरिः=मेधावी छ, अस्य= यसको, महिमानम्=महिमा, महान्तम्=ठूलो, आहुः=भन्दछन्, यत् = जुन कारणले कि, अनद्यमानः = (अरूले आफू) नखाइने भएर, अनन्तम्=नखाइने (अग्नि वायु आदि) लाई पनि, अत्ति = खान्छ, ब्रह्मचारिन्=हे ब्रह्मवेत्ता ! वयम्=हामीहरू, वै = निश्चयले, इदम् = यस तत्त्व (ब्रह्म) लाई, उपास्महे = सर्वतोभावले उपासना गर्दछौं, अस्मै=यिनलाई, भिक्षाम्=भिक्षा, दत्त=देओ ।

स० वा०—ब्रह्मवेत्ताको त्यो वचन मनन गर्दै कपिगोत्रीय शौनकले ब्रह्मवेत्ताछेउ गएर भने—जो सबैको आत्मा अग्नि आदि देवताहरूको अधिदेवता वायुरूपले र वाक् आदि इन्द्रिय एवं स्थावर जंगमको अध्यात्म प्राणरूपले उत्पादक नभाँचिने दाह्रावाला भक्षणशील मेधावी छ र ब्रह्मवेत्ताहरू जसको महिमा ठूलो बताउँछन् तथा जो आफू कसैले खाइँदैन, अरूलाई चाहिं खान नसकिने चीज— अग्नि, वाक् आदि देवतालाई पनि खाइदिन्छ। हे ब्रह्मवेत्ता ! हामी त्यै तत्त्व (ब्रह्म) लाई निश्चयसाथ उपासना गर्दछौं । ए ! यिनीलाई भिक्षा देओ !

तस्मा उ ह ददुस्ते वा एते पञ्चान्ये पञ्चान्ये दश सन्तस्तत्कृतं तस्मात्सर्वासु दिक्ष्वन्नमेव दश कृतᳫंसैषा विराडन्नादि तयेदᳫं सर्वं दृष्टᳫं सर्वमस्येदं दृष्टं भवत्यन्नादो भवति य एवं वेद य एवं वेद ॥ ८ ॥

द० प०—तस्मै = ती ब्रह्मवेत्तालाई, ददुः=(भिक्षा) दिए, ते=ती, वै=निस्सै, एते=यी, अग्नि आदि, पञ्च = पाँच, अन्ये=अर्का अर्थात् अधिदैवपट्टिका हुन्, (तथा) पञ्च = पाँच वाक् आदि गरिएका, अन्य=पृथक् अर्थात् अध्यात्मपट्टिका हुन्, (यसरी), दश सन्तः=दश भएर, कृतम्='कृत' नामक पासा हुन्छ, तस्मात्=त्यसकारण, सर्वासु=सम्पूर्ण, दिक्षु=दिशामा, (अग्नि आदि पाँच र वाक् आदि पाँच गरी हुने दश), अन्नम् एव = अन्न नै हो, तथा, दश= दश । कृतम् = 'कृत' नामक, चार अङ्कवाला पासा हो, सा एषा=त्यै यो, विराट्=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विराट् दश संख्या हुनाले (अन्न र), अन्नादी=(कृत नामक पासा हुनाले) अन्न भोग गर्ने छ, तया=त्यो अन्न र अन्न भोक्त्रीले, इदम्=यो, सर्वम्=सम्पूर्ण, दृष्टम्=प्राप्त गरिएको छ, यः=जो, एवम्=यस्तो, वेद=जान्दछ, अस्य = त्यसको, इदम् = यो, सर्वम् = सबै, दृष्टम् = प्राप्त गरिएको, भवति = हुन्छ, (तथा) (त्यो) अन्नादः = अन्नको भोक्ता, भवति=हुन्छ ।

स० वा०—अनि ती ब्रह्मवेत्तालाई भिक्षा दिए। निस्सै ती यी अग्नि आदि पाँच वाक् आदिदेखि भिन्नै (अधिदैवतर्फका) हुन् । तथा ती वाक् आदि पांच अग्नि आदिदेखि भिन्न (अध्यात्मपट्टिका) हुन् । यी दश भएर 'कृत' नामक पासा हुन्छ । विराट् छन्द दश संख्याको हुन्छ । 'विराट् अन्न हो' भन्ने पनि श्रुति-अनुसार मानिएकोले दश संख्याका समानताले गर्दा यी अग्न्यादि र वाक्आदि दशै दिशामा अन्न-रूप हुन् । तथा पासाका खेलमा ४, ३, २, १ यी सब मिलेर दश हुने र अधिक संख्या (चार) वाला 'कृत' पासामा दश संख्या अन्तर्भूत हुनाले कृत पासा खानेवाला मानिन्छ । यहाँ मानिसको कृत पासामा पनि दश संख्या अन्तर्भूत हुनाले ती दशलाई खाने ठहर्छ र स्वयम् अन्नादी पनि हुन्छ । त्यो अन्न र अन्नादोले सब जगत् प्राप्त गरिएको छ । जो यस्तो जान्दछ त्यसलाई दशै दिशाको यो सब चीज उपलब्ध हुन्छ तथा त्यो अन्नको भोक्ता हुन्छ ।

चौथो अध्यायमा तेस्रो खण्ड समाप्त

चतुर्थ खण्ड

सत्यकामको ब्रह्मचर्यपालन र वनमा गई गाई चराउनु

संबन्ध—अन्न र अन्नादरूपले परिचित यो वाक् आदि र अग्नि आदि जगत्-लाई एक तुल्याएर सोह्र विभाग गरी त्यसमा ब्रह्मदृष्टि विधान गर्नु छ, र यो आगामी ग्रन्थ आरम्भ गरिन्छ । कथाचाहिं श्रद्धा र तप ब्रह्मोपासनाका अङ्ग हुन् भन्ने बुझाउना-निमित्त छ ।

सत्यकामो ह जबालो जबालां मातरमामन्त्रयाञ्चक्रे ब्रह्मचर्यं भवति विवत्स्यामि किंगोत्रो न्वहमस्मीति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—ह: = यो अघि भएको कुरा हो, जाबालः=जबालाका छोरा, सत्यकामः=सत्यकामले, मातरम्=आमा, जबालाम्=जबालासँग; आमन्त्रयाञ्चक्रे= राय माँगे, भवति=हे पूजनीया, ब्रह्मचर्यम्=ब्रह्मचर्य-साथ, विवत्स्यामि इति=(गुरुकुलमा) बस्न चाहन्छु, अहम्=म, किंगोत्रः=कुन गोत्र भएको, अस्मि इति = छु, (हुँ) नि ?

स० वा०—जबालाका छोरा सत्यकामले आमा जबालासँग राय माँगे, पूजनीया ! स्वाध्याय ग्रहणका निमित्त ब्रह्मचर्यपूर्वक गुरुकुलमा बस्न चाहन्छु, म कुन गोत्रको हुँ नि ?

सा हैनमुवाच नाहमेतद्वेद तात यद्गोत्रस्त्वमसि बह्वहं चरन्ती परिचारिणी यौवने त्वामलभे साहमेतन्नवेद यद्गोत्रस्त्वमसि जबाला तु नामाहमस्मि सत्यकामो नाम त्वमसि स सत्यकाम एव जाबालो ब्रुवीथा इति ॥२॥

द० प०—सा=ती जबालाले, एनम्=यी सत्यकामलाई, उवाच=भनिन्, तात=बाबू, अहम्=म, एतत्=यो कुरा, न वेद=जान्दिनँ कि, त्वम्=तिमी, यद्दोत्रः=जुन गोत्रका छौ, अहम् = म, (पतिगृहमा) बहु = धेरै, चरन्ती = शुश्रूषा गर्दी, परिचारिणी=सुसार गर्नें नै शील भएकी हुँ, यौवने = जवानीमा, त्वाम् = तिमीलाई, अलभे = पाएकी हुँ, सा = त्यो (शुश्रूषामै तन-मन दिएकी), अहम् = मैले, एतत् = यो कुरा, न वेद = जान्दिनँ कि, यद्दोत्रः = जुन गोत्रका, त्वम् = तिमी, असि = छौ, अहम् तु = म त, जबाला नाम = जबाला नामकी, अस्मि = हुँ, त्वम् = तिमी, सत्यकामः नाम = सत्यकाम नामका, असि = हौ, सः त्वम् = त्यो तिमी, सत्यकामः एव जाबालः = सत्यकाम जावाल नै, ब्रुवीथाः = भने ।

स० वा०—ती जबालाले यी सत्यकामलाई भनिन्—बाबू ! म यो कुरा जान्दिनँ कि तिमी जुन गोत्रका छौ ! म पतिगृहमा धेरै सुसारे गरिरहन्थें, शुश्रूषा गर्ने नै शील भएकी हुँ । जवानी मै तिमीलाई पाएकी हुँ, शुश्रूषामै तनमन दिने मलाई यो थाह छैन कि तिमी जुन गोत्रका छौ । म भने जबाला नामकी हुँ, तिमी सत्यकाम हौ । अतः गुरुकुलमा यै भने कि 'म सत्यकाम जावाल हुँ ।'

स ह हारिद्रुमतं गौतममेत्योवाच ब्रह्मचर्यं भगवति वत्स्याम्युपेयां भगवन्तमिति ॥ ३ ॥

द० प०—ह = भएको कुरा हो, सः = ती सत्यकाम, हारिद्रुमतम् = हरिद्रुमान्का छोरा, गौतमम् = गौतम गोत्रका गुरुकहाँ, एत्य = गएर, उवाच = भने, भगवति = पूज्य यहाँकहाँ, ब्रह्मचर्यम्=ब्रह्मचर्यपूर्वक, वत्स्यामि = बस्नेछु, भगवन्तम् = पूज्य यहाँकहाँ, उपेयाम् = (शिष्यभावले) समीपमा रहन पाऊँ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—ती सत्यकामले हरिद्रुमान्‌का छोरा गौतमवंशीय गुरुकहाँ गएर भने—पूज्य यहाँकहाँ ब्रह्मचर्यपूर्वक बस्नेछु, पूज्य यहाँकहाँ शिष्यभावले समीपमा रहन पाऊँ।

तᳲ होवाच किंगोत्रो नु सोम्यासीति स होवाच नाहमेतद्वेद भो यद्गोत्रोऽहमस्म्यपृच्छं मातरᳲसा मा प्रत्यब्रवीद्बह्वहं चरन्ती परिचारिणी यौवने त्वामलभे साहमेतन्न वेद यद्गोत्रस्त्वमसि जबाला तु नामाहमस्मि सत्यकामो नाम त्वमसीति सोऽहᳲ सत्यकामो जाबालोऽस्मि भो इति ॥ ४ ॥

द० प०—(गौतमले) तम्=ती सत्यकामलाई, इति=यसो, उवाच=भने, सोम्य=हे प्रियदर्शन, किंगोत्रः असि नु=कुन गोत्रका छौ नि ? सः=ती सत्यकामले, इति=यसो, उवाच=भने, भोः=पूज्य ! अहम्=म, एतत्=यो कुरा, न वेद=जान्दिनँ, अहम्=म, यद्दोत्रः=जुन गोत्रको, अस्मि=छु, मातरम्=आमालाई, अपृच्छम्=सोधेथें, सा=उहाँले, मा=मलाई, प्रत्यब्रवीत्=जवाफ दिनुभयो, अहम्=म, (पतिगृहमा), बहु=धेरै, चरन्ती=शुश्रूषा गर्दा, परिचारिणी=सुसार गर्ने नै शील भएकी हुँ, यौवने=जवानीमा, त्वाम्=तिमीलाई, अलभे=पाएकी हुँ, सा=त्यो (शुश्रूषामै तन-मन दिएकी), अहम्=मैले, एतत्=यो कुरा, न वेद=जान्दिनँ कि, यद्दोत्रः=जुन गोत्रका, त्वम्=तिमी, असि=छौ, अहम् तु=म त, जबाला नाम=जबाला नामकी, अस्मि=हुँ, त्वम्=तिमी, सत्यकामः नाम=सत्यकाम नामका, असि=हौ, भो=हे पूज्य, सः=त्यो, अहम्=म, सत्यकामः जाबालः=सत्यकाम जाबाल, अस्मि=हुँ।

स० वा०—गौतमले ती सत्यकामलाई भने—प्रियदर्शन ! कुन गोत्रका छौ नि ? सत्यकामले भने—पूज्य ! म यो कुरा जान्दिनँ कि जुन गोत्रको छु। आमालाई सोधेथें। उहाँले मलाई जवाफ दिनुभयो—'म पतिगृहमा धेरै सुसारै गरिरहने शुश्रूषा गर्नें नै शील भएकी हुँ, जवानीमै तिमीलाई पाएथें', शुश्रूषामै तन-मन दिने मलाई यो थाह छैन कि तिमी जुन गोत्रका छौ। म भने जबाला नामकी हुँ, तिमी सत्यकाम नामका हौ।' पूज्य ! अतः म सत्यकाम जाबाल हुँ।

तᳲ होवाच नैतदब्राह्मणो विवक्तुमर्हति समिधᳲसोम्याहरोप त्वा नेष्ये न सत्यादगा इति तमुपनीय कृशानामबलानां चतुःशता गा निराकृत्योवाचेमाः सोम्यानुसंव्रजेति ता अभिप्रस्थापयन्नुवाच नासहस्रेणावर्तेयेति स ह वर्षगणं प्रोवास ता यदा सहस्रᳲ संपेदुः ॥ ५ ॥

द० प०—(गौतमले) तम्=तिनी (सत्यकाम) लाई, उवाच=भने, एतद्—यो (सरलतारूप अर्थले युक्त) वचन, अब्राह्मः=ब्राह्मणभिन्न जाति,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवक्तुम्=विशेषतः बोल्न, न अर्हति=योग्य हुँदैन, सोम्य=हे प्रियदर्शन, सत्यात्=सत्यरूप ब्राह्मणधर्मबाट, न अगाः=चुकेनौ, (अतः) समिधम्=समिधा, आहर=ल्याऊ, त्वा=तिमीलाई, उपनेष्ये=उपनयन गरिदिनेछु, इति=यसो भनेर, तम्=ती सत्यकामलाई, उपनीय=व्रतवन्ध गरिदिएर, [गवाम् यूथान्]=गाईहरूका बथानबाट, कृशानाम्=दुब्ला, अबलानाम्=बल नभएका, चतुःशताः=चार सय, गाः=गाई, निराकृत्य=छुट्ट्याएर, इति=यसो, उवाच=भने, सोम्य=हे प्रियदर्शन ! इमाः=यी (गाईका), अनुसंव्रज=पछि लाग, (तब सत्यकामले) ताः=तिनी (गाईहरू), अभिप्रस्थापयन्=हिंडाउँदा, इति=यसो, उवाच=भने, असहस्रेण=हजार संख्या नभईकन, न अवर्तेय=फर्कोइन, ह=यो कुरा हो, सः=ती, सत्यकाम, वर्षगणम्=धेरै वर्षसम्म, प्रोवास=प्रवास (वनैमा) रहे, यदा=जतिसम्ममा, सहस्रम्=हजार, संपेदुः=भए ।

स० वा०—गौतमले ती सत्यकामलाई भने—सरलतारूप अर्थले युक्त भएको वचन ब्राह्मणभिन्न जातिले विशेष गरेर बोल्न योग्य हुँदैन (शक्तैन), तिमी सत्यरूप ब्राह्मणधर्मबाट चुकेनौ, अतः प्रियदर्शन ! संस्कार निमित्तको हवनार्थ समिधा ल्याऊ, तिमीलाई उपनयन गरिदिन्छु । यति भनेर तिनीलाई उपनयन गरिदिई गाईका बथानबाट दुब्ला निर्बलिया चार शय गाई छुट्ट्याएर भने—प्रियदर्शन ! यी गाईका पछि लाग । सत्यकामले पनि ती गाईलाई हिंडाउँदै भने—हजार संख्या नपुऱ्याईकन फर्कोइनँ ! अनि ती धेरै वर्षसम्म वनैमा बसे, जबसम्ममा गाई हजार पूरा भए ।

चौथो अध्यायमा चौथो खण्ड समाप्त

पञ्चम खण्ड

वृषभबाट सत्यकामलाई ब्रह्मको प्रथम पाउको उपदेश

सम्बन्ध—श्रद्धा तथा तपले सिद्ध भएका सत्यकामदेखि दिक्सम्बन्धी वायु देवता संतुष्ट भएर उनलाई अनुग्रह गर्न साँढेमा प्रविष्ट भई त्यै रूपमा प्राप्त भए ।

अथ हैनमृषभोऽभ्युवाद सत्यकाम ३ इति भगव इति ह प्रतिशुश्राव प्राप्ताः सोम्य सहस्रꣲस्मः प्रापय न आचार्यकुलम् ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ=अनि, एनम्=यी सत्यकामलाई, ऋषभः=साँढेले, इति=यसरी, अभ्युवाद=बोलायो, 'सत्यकाम ३ = सत्यकाम !' (सत्यकामले) भगव इति = पूज्य ! भनी, प्रतिशुश्राव = बोले, (अनि साँढेले भन्यो—), सोम्य = प्रियदर्शन ! सहस्रम्=हजार, प्राप्ताः=पुगेका, स्मः=छौं, नः = हामीहरूलाई, आचार्यकुलम्=गुरुकुलमा, प्रापय=पुऱ्याऊ ।

स० वा०—अनि सत्यकामलाई एउटा साँढेले सत्यकाम ३ भनी बोलायो । सत्यकामले उत्तर दिए—पूज्य ! अनि साँढेले भन्यो—प्रियदर्शन ! हामी हजार पुगेका छौं । हामीहरूलाई गुरुकुलमा पुऱ्याऊ ।

ब्रह्मणश्च ते पादं ब्रवाणीति ब्रवीतु मे भगवानिति तस्मै होवाच प्राची दिक्कला प्रतीची दिक्कला दक्षिणा दिक्कलोदीची दिक्कलैष वै सोम्य चतुष्कलः पादो ब्रह्मणः प्रकाशवान्नाम ॥ २ ॥

द० प०—(अर्को कुरा—) ते=तिमीलाई, ब्रह्मणः=ब्रह्मको, पादम्—एक पाउ, च=पनि, ब्रवाणि=बताऊँ ? इति = यसो (भने) (सत्यकामले) इति = यसो (भने), भगवान्=पूज्य यहाँले, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, (अनि साँढेले) तस्मै=तिनी (सत्यकाम) लाई, ह=निश्चयसाथ, उवाच=भन्यो, प्राची=पूर्व, दिक्=दिशा, कला=ब्रह्मका पादको चौथो भाग हो, (तथा) प्रतीची दिक्=पश्चिम दिशा, कला=ब्रह्मका पाउको चौथो भाग हो । (तथा) दक्षिणा दिक् = दक्खिन दिशा, कला=चौथो भाग हो, (एवं) उदीची दिक्=उत्तर दिशा, कला=चौथो भाग हो, सोम्य=हे प्रियदर्शन, एषः=यो, ब्रह्मणः=ब्रह्मको, चतुष्कलः=चार अवयव भएको, पादः=पाद, प्रकाशवान् नाम=प्रकाशवान् नाम गरेका हौ ! वै=निश्चय छ ।

स० वा०—अर्को कुरा—तिमीलाई ब्रह्मको एक पाउ पनि बताऊँ । सत्यकामले भने—पूज्य ! यहाँले मलाई उपदेश गर्नुहोस् । अनि दिशालाई साँढेले भन्यो—पूर्व ब्रह्मका पाउको चौथो भाग हो । यस्तै पश्चिम दिशा, दक्षिण दिशा र उत्तर दिशाहरू ब्रह्मका पाउका एक-एक चौथा भाग हुन् । प्रियदर्शन ! यो ब्रह्मको चार अवयववाला पाद 'प्रकाशवान्' नाम गरेको हो, निश्चय छ ।

स य एतमेवं विद्वांश्चतुष्कलं पादं ब्रह्मणः प्रकाशवानित्युपास्ते प्रकाशवानस्मिँल्लोके भवति प्रकाशवतो ह लोकाञ्जयति य एतमेवं विद्वांश्चतुष्कलं पादं ब्रह्मणः प्रकाशवानित्युपास्ते ॥ ३ ॥

द० प०—यः=जो, एतम्=यो, ब्रह्मणः=ब्रह्मको, चतुष्कलम्=चार

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवयववाला, पादम्=पादलाई, एवम्=यस प्रकार, विद्वान्=जानेर, प्रकाशवान् इति=प्रकाशवान् भनेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, अस्मिन्=यो, लोके=लोकमा, प्रकाशवान्=प्रख्यात, भवति=हुन्छ, (तथा) यः=जो, एतम्=यो, ब्रह्मणः=ब्रह्मको, चतुष्कलम्=चार अवयववाला, पादम्=पादलाई, एवम्=यसरी, विद्वान्=जानेर, प्रकाशवान् इति='प्रकाशवान्' भनेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, ह=निस्सै, प्रकाशवतः=उज्याला, लोकान्=लोकहरूलाई, जयति=जित्तछ—वश पार्छ ।

स० वा०—जो यो ब्रह्मको चार अवयववाला पादलाई यस प्रकार जानेर 'प्रकाशवान्' भनी उपासना गर्दछ, त्यो यस लोकमा प्रख्यात हुन्छ । तथा जो यो ब्रह्मको चार अवयववाला पादलाई यसरी जानेर 'प्रकाशवान्' भनेर उपासना गर्दछ, त्यो निस्सै उज्याला लोकहरूलाई जित्तछ—आफ्ना बनाउँछ ।

चौथो अध्यायमा पाँचौं खण्ड समाप्त

षष्ठ खण्ड

अग्निबाट ब्रह्मका द्वितीय पादको उपदेश

अग्निष्टे पादं वक्तेति स ह श्वोभूते गा अभिप्रस्थापयाञ्चकार । ता यत्राभिसायं बभूवुस्तत्राग्निमुपसमाधाय गा उपरुध्य समिधमाधाय पश्चादग्नेः प्राङुपोपविवेश ॥ १ ॥

द० प०—अग्निः=अग्निले, ते=तिमीलाई, पादम्=एक (अर्को) पाउ, वक्ता=बताउलान्, इति=यसो (भनेर) [ऋषभ उपरराम]=साँढे चुप लाग्यो, सः=ती सत्यकामले, श्वोभूते=भोलिपल्ट, गाः=गाईहरूलाई, अभिप्रस्थापयाञ्चकार (गुरुकुलतर्फ) चलाए, ताः=ती गाईहरू, यत्र=जुन ठाउँमा, सायम्=रातमा, अभिसंबभूवुः=जम्मा भए, तत्र=त्यहाँ, गाः=गाईहरूलाई, उपरुध्य=रोकेर, अग्निम्=अग्नि, उपसमाधाय=स्थापन गरेर, समिधम्=समिधा, आधाय=होमेर, अग्नेः=अग्निका, पश्चात्=पश्चिमपट्टि, प्राङ्=पूर्वाभिमुख भएर, उपविवेश=बसे ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—'अग्निले तिमीलाई एक बात बताउलान्' भनेर साँढे चुप लाग्यो। ती सत्यकामले भोलिपल्ट गाईहरूलाई गुरुकुलतर्फ चलाए। ती गाईहरू जुन ठाउँमा रातमा जम्मा भए, त्यहाँ तिनीहरूलाई रोकेर अग्नि स्थापन गरी समिधा होमेर अग्निका पश्चिमपट्टि पूर्व मोहडा हुने गरी साँढेको वचन सम्झँदै बसे।

तमग्निरभ्युवाद सत्यकाम ३ इति भगव इति ह प्रतिशुश्राव ॥ २ ॥

द० प०—तम्=तिनीलाई, अग्निः=अग्निले, इति=यसरी, अभ्युवाद=बोलाए, सत्यकाम ३=सत्यकाम ! (सत्यकामले), भगवः=भगवन्, इति=यसरी, प्रतिशुश्राव=बोले।

स० वा०—तिनीलाई अग्निले बोलाए—'सत्यकाम ३' !' सत्यकामले बोले—'भगवन् !'

ब्रह्मणः सोम्य ते पादं ब्रवाणीति ब्रवीतु मे भगवानिति तस्मै होवाच पृथिवी कलान्तरिक्षं कला द्यौः कला समुद्रः कलैष वै सोम्य चतुष्कलः पादो ब्रह्मणोऽनन्तवान्नाम ॥ ३ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, (म) ते=तिमीलाई, ब्रह्मणः=ब्रह्मको, पादम्=एक पाउ, ब्रवाणि=बताऊँ ? इति=यसो (भने) (सत्यकामले); भगवान्=पूज्य यहाँले, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यसो (भने), (अनि अग्निले) तस्मै=तिनी (सत्यकाम) लाई, ह=निश्चयसाथ, उवाच=भने, पृथिवी=पृथ्वी, कला=ब्रह्मका पादको चौथो भाग हो, अन्तरिक्षम्=अन्तरिक्ष, कला=ब्रह्मका पादको चौथो भाग हो, द्यौः=द्युलोक, कला=चौथो भाग हो, समुद्रः=समुद्र, कला=चौथो भाग हो, सोम्य=हे प्रियदर्शन, एषः=यो, ब्रह्मणः=ब्रह्मको, चतुष्कलः=चार अवयववाला, पादः=पाउ, अनन्तवान् नाम=अनन्तवान् नाम गरिएको हो, वै=निश्चय हो।

स० वा०—हे प्रियदर्शन ! म तिमीलाई ब्रह्मको एक पाउ बताऊँ ? सत्यकामले भने—पूज्य यहाँले मलाई उपदेश गर्नुहोस्, अनि अग्निले तिनीलाई निश्चयसाथ भने—पृथ्वी ब्रह्मका पाउको चौथो भाग हो। यस्तै अन्तरिक्ष, द्युलोक, समुद्र ब्रह्मका पाउका एक एक चौथा भाग हुन्। हे प्रियदर्शन ! यो ब्रह्मको चार अवयववाला पाद 'अनन्तवान्' नाम गरिएको हो। यो निश्चय छ।

स य एतमेवं विद्वांश्चतुष्कलं पादं ब्रह्मणोऽनन्तवानित्युपास्तेऽनन्तवानस्मिँल्लोके भवत्यनन्तवतो ह लोकाञ्जयति य एतमेवं विद्वांश्चतुष्कलं पादं ब्रह्मणोऽनन्तवानित्युपास्ते ॥ ४ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यः = जो, एतम्—यो, ब्रह्मणः = ब्रह्मको, चतुष्कलम्—चार अवयववाला, पादम् = पादलाई, एवम् = यस प्रकार, विद्वान् = जानेर 'अनन्तवान्' इति = अनन्तवान् भनेर, उपास्ते = उपासना गर्दछ, सः = त्यो, अस्मिन् = यो, लोके = लोकमा, अनन्तवान् = अन्त-रहित, भवति = हुन्छ, (तथा) यः—जो, एतम् = यो, ब्रह्मणः = ब्रह्मको, चतुष्कलम् = चार अवयववाला, पादम् = पादलाई, एवम् = यसरी, विद्वान् = जानेर, अनन्तवान् इति = 'अनन्तवान्' भनेर, उपास्ते = उपासना गर्दछ, सः = त्यो, ह = निस्सै, अनन्तवतः = अन्त-रहित (सर्वदा स्थायी), लोकान्—लोकहरूलाई, जयति—जित्तछ—वश पार्छ ।

स० वा०—जो यो ब्रह्मको चार अवयववाला पादलाई यस प्रकार जानेर 'अनन्तवान्' भनेर उपासना गर्दछ, त्यो यस लोकमा अन्त-रहित हुन्छ तथा जो यो ब्रह्मको चार अवयववाला पादलाई यसरी जानेर 'अनन्तवान्' भनी उपासना गर्दछ, त्यो निस्सै स्थायी लोकहरूलाई जित्तछ—आफ्ना बनाउँछ ।

चौथो अध्यायमा छैटौं खण्ड समाप्त

सप्तम खण्ड

हाँसद्वारा ब्रह्मका तृतीय पादको उपदेश

हꣳसस्ते पादं वक्तेति स ह श्वोभूते सा अभिप्रस्थापयाञ्चकार ता यत्राभि सायं बभूवुस्तत्राग्निमुपसमाधाय गा उपरुध्य समिधामधाय पश्चादग्नेः प्राङुपोपविवेश ॥ १ ॥

द० प०—हंसः = हाँसले, ते—तिमीलाई, पादम्—एक पाद, वक्ता—बताउनेछन्, इति—यसो भनेर [अग्निः उपरराम]—अग्नि चुप लागे, सः—ती सत्यकामले, श्वोभूते—भोलिपल्ट, गाः = गाईहरूलाई, अभिप्रस्थापयाञ्चकार = (गुरुकुल-तर्फ) चलाए, ताः = ती गाईहरू, यत्र = जुन ठाउँमा, सायम् = रातमा, अभिसंबभूवुः = जम्मा भए, तत्र = त्यहाँ, गाः = गाईहरूलाई, उपरुध्य—रोकेर, अग्निम्—अग्नि,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसमाधाय = स्थापन गरेर, समिधम् = समिधा, आधाय=होमेर, अग्नेः = अग्निका, पश्चात्=पश्चिमपट्टि, प्राङ्ः=पूर्व अभिमुख भएर, उपविवेश = बसे।

स० वा०—'हाँसले तिमीलाई एक पाद बताउला' भनेर अग्नि चुप लागे। ती सत्यकामले भोलिपल्ट गाईहरूलाई गुरुकुलतर्फ चलाए। ती गाईहरू जुन ठाउँमा रातमा जम्मा भए, त्यहाँ गाईहरूलाई रोकेर अग्नि स्थापन गरी समिधा होमेर अग्निका पश्चिमपट्टि पूर्व मोहडा गरी अग्निको वचन सम्झँदै बसे।

टिप्पणी—यहाँ 'हंस' भनेर सूर्यलाई संकेत गरेको हो। सेतोपना र उडाइको समानता छ।

तꣳ हꣳस उपनिपत्याभ्युवाद सत्यकाम ३ इति भगव इति ह प्रतिशुश्राव ॥ २ ॥

द० प०—तम्=तिनीलाई, हंसः=हाँसले, उपनिपत्य=नजीकमा ओर्लेर, सत्यकाम ३ इति = सत्यकाम ! भनेर, अभ्युवाद=बोलायो, (सत्यकामले) भगवः= भगवन् ! इति=यसरी, प्रतिशुश्राव=बोले।

स० वा०—तिनलाई हाँसले यसरी बोलायो—सत्यकाम ३ ! सत्यकामले बोले—भगवन् !

ब्रह्मणः सोम्य ते पादं ब्रवाणीति ब्रवीतु मे भगवानिति तस्मै होवाचाग्निः कला सूर्यः कला चन्द्रः कला विद्युत्कलैष वै सोम्य चतुष्कलः पादो ब्रह्मणो ज्योतिष्मान्नाम ॥ ३ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, (म) ते=तिमीलाई, ब्रह्मणः=ब्रह्मको, पादम्=एक पाउ, ब्रवाणि = बताऊँ ? इति=यसो (भन्यो), (सत्यकामले) भगवान्=पूज्य यहाँले, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यसो (भने), (अनि हाँसले) तस्मै=तिनी (सत्यकाम) लाई, ह=निश्चयसाथ, उवाच = भन्यो, अग्निः=अग्नि, कला=(ब्रह्मका पादको) चौथो भाग हो, सूर्यः = सूर्य, कला (ब्रह्मका पादको) चौथो भाग हो, चन्द्रः=चन्द्रमा, कला=चौथो भाग हो, विद्युत्=बिजुली, कलाः=चौथो भाग हो, सौम्य=हे प्रियदर्शन, एषः = यो, ब्रह्मणः = ब्रह्मको, चतुष्कलः=चार अवयववाला, पादः=पाउ, ज्योतिष्मान् नाम= ज्योतिष्मान् नाम गरिएको हो।

स० वा०—[हाँसले भन्यो] प्रियदर्शन ! म तिमीलाई ब्रह्मको एक पाउ बताऊँ ? सत्यकामले भने—पूज्य यहाँले उपदेश गर्नुहोस्। अनि हाँसले तिनीलाई निश्चयसाथ भन्यो—अग्नि ब्रह्मका पादको चौथो भाग हो, यस्तै सूर्य, चन्द्र, बिजुली,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मका पाउका एक-एक चौथा-चौथा हुन् । हे प्रियदर्शन ! यो ब्रह्मको चार अवयववाला पाद 'ज्योतिष्मान्' नाम गरिएको हो ।

स च एतमेवं विद्वाꣳश्चतुष्कलं पादं ब्रह्मणो ज्योतिष्मानित्युपास्ते ज्योतिष्मानस्मिँल्लोके भवति ज्योतिष्मतो ह लोकाञ्जयति य एतमेवं विद्वाꣳश्चतुष्कलं पादं ब्रह्मणो ज्योतिष्मानित्युपास्ते ॥ ४ ॥

द० प०—यः=जो, एतम्=यो, ब्रह्मणः = ब्रह्मको, चतुष्कलम्=चार अवयववाला, पादम्=पादलाई, एवम् = यस प्रकार, विद्वान्=जानेर, ज्योतिष्मान् इति= 'ज्योतिष्मान्' भनेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, अस्मिन्=यो, लोके= लोकमा, ज्योतिष्मान् = चमकिलो, भवति=हुन्छ, (तथा) यः=जो, एतम्=यो, ब्रह्मणः=ब्रह्मको, पादम्=पादलाई, एवम्=यसरी, विद्वान् = जानेर, ज्योतिष्मान् इति= ज्योतिष्मान् भनी, उपास्ते=उपासना गर्दछ, सः=त्यो, ह=निस्सै, ज्योतिष्मतः= चमकिला, लोकान्=लोकहरूलाई, जयति=जित्तछ—वश पार्छ ।

स० वा०—जो यो ब्रह्मको चार अवयववाला पादलाई यस प्रकार जानेर, 'ज्योतिष्मान्' भनेर उपासना गर्दछ, त्यो यस लोकमा चमकिलो हुन्छ, तथा जो यो ब्रह्मको चार अवयववाला पादलाई यसरी जानेर ज्योतिष्मान् भनी उपासना गर्दछ, त्यो निस्सै चमकिला लोकहरूलाई जित्तछ—आफ्ना बनाउँछ ।

चौथो अध्यायमा सातौं खण्ड समाप्त

•

अष्टम खण्ड

पानीकागद्वारा ब्रह्मको चतुर्थ पादको उपदेश

मद्गुष्टे पादं वक्तेति स ह श्वोभूते गा अभिप्रस्थापयाञ्चकार ता यत्राभि सायं बभूवुस्तत्राग्निमुपसमाधाय गा उपरुध्य समिधमाधाय पश्चादग्नेः प्राङुपोपविवेश ॥ १ ॥

द० प०—मद्गुः=पानीकागले, ते = तिमीलाई, पादम्=ब्रह्मको एक पाउ, वक्ता = बताउनेछ, इति = यसो भनेर [हंस उपरराम]=हांस चुप लाग्यो, सः=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती सत्यकामले, श्वोभूते=भोलिपल्ट, गाः=गाईहरूलाई, अभिप्रस्थापयाञ्चकारः=(गुरुकुलतर्फ) चलाए, ताः=ती गाईहरू, यत्र=जुन ठाउँमा, सायम्=रातमा, अभिसंवभूवुः=जम्मा भए, तत्र = त्यहाँ, गाः=गाईहरूलाई, उपरुध्य=रोकेर, अग्निम्=अग्नि, उपसमाधाय=स्थापन गरेर, समिधम् = समिधा, आधाय=होमेर, अग्नेः=अग्निका, पश्चात् = पश्चिमपट्टि, प्राङ् = पूर्वाभिमुख भएर, उपविवेश=बसे।

स० वा०--'पानीकागले तिमीलाई एक पाद बताउनेछ' भनेर हाँस चुप लाग्यो। ती सत्यकामले भोलिपल्ट गाईहरूलाई गुरुकुलतर्फ चलाए। ती गाईहरू जुन ठाउँमा रातमा जम्मा भए, त्यहाँ गाईहरूलाई रोकेर अग्निस्थापन गरी समिधा होमेर अग्निका पश्चिमपट्टि पूर्व मोहोडा गरेर हाँसको वचन सम्झँदै बसे।

टिप्पणी—यहाँ मग्द्गु (पानीकाग) भनेर प्राणलाई संकेन गरेको हो, पानीसँगको विशेष सम्वन्ध प्राणकै हुन्छ।

तं मद्गुरुपनिपत्याभ्युवाद सत्यकाम ३ इति भगव इति ह प्रतिशुश्राव ॥ २ ॥

द० प०—तम् = तिनीलाई, मद्गुः=पानीकागले, इति=यसरी, अभ्युवाद = बोलायो, सत्यकाम ३=ए सत्यकाम! (सत्यकामले) भगवः=भगवन्! इति= यसरी, प्रतिशुश्राव=बोले।

स० वा०—तिनी सत्यकामलाई 'पानीकागले यसरी बोलायो--ए सत्यकाम! सत्यकामले बोले—भगवन्!

ब्रह्मणः सोम्य ते पादं ब्रवाणीति ब्रवीतु मे भगवानिति तस्मै होवाच प्राणः कला चक्षुः कला श्रोत्रं कला मनः कलैष वै सोम्य चतुष्कलः पादो ब्रह्मण आयतनवान्नाम ॥३॥

द० प०—[पानीकागले भन्यो] सोम्य = हे प्रियदर्शन, (म) ते = तिमीलाई। ब्रह्मणः = ब्रह्मको, पादम् = एक पाद, ब्रवाणि = बताऊँ, इति = यस्तो भन्ने पानीकागलाई, (सत्यकामले) भगवान् = पूज्य यहाँले, मे = मलाई, ब्रवीतु = उपदेश गर्नुहोस्, इति = यसो (भने) (अनि पानोकागले) तस्मै = तिनी (सत्यकाम) लाई, ह=निश्चयसाथ, उवाच = भन्यो, प्राणः = प्राण, कला = ब्रह्मको पादको चौथो भाग हो, चक्षुः=चक्षु इन्द्रिय, कला=ब्रह्मका पादको चौथो भाग हो, श्रोत्रम् = श्रवणेन्द्रिय, कला = चौथो भाग हो, मनः = मन; कला = चौथो भाग हो, सोम्य = हे प्रियदर्शन, एषः = यो, ब्रह्मणः = ब्रह्मको, चतुष्कलः=चार अवयववाला, पाद: = पाउ हो, आयतनवान् नाम=आयतनवान् नाम गरिएको हो।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—पानीकागले भन्यो—हे प्रियदर्शन ! म तिमीलाई ब्रह्मको एक बात बताउँछु ? सत्यकामले भने—पूज्य यहांले मलाई उपदेश गर्नुहोस् ! अनिपछि कागले तिनीलाई निश्चयसाथ भन्यो—प्राण ब्रह्मका पादको चौथो भाग हो। यस्तै चक्षु इन्द्रिय, श्रवणेन्द्रिय र मन ब्रह्मका पाउका कला एक चौथा भाग हुन्। हे प्रियदर्शन ! यो ब्रह्मको चार अवयववाला पाद 'आयतनवान्' नाम गरिएको हो।

स य एतमेवं विद्वांश्चतुष्कलं पादं ब्रह्मण आयतनवानित्युपास्त आयतनवानस्मिँल्लोके भवत्यायतनवतो ह लोकाञ्जयति य एतमेवं विद्वांश्चतुष्कलं पादं ब्रह्मण आयतनवानित्युपास्ते ॥ ४ ॥

द० प०—यः=जो, एतम्=यो, ब्रह्मणः=ब्रह्मको, चतुष्कलम्=चार अवयववाला, पादम्=पादलाई, एवम्=यस प्रकार, विद्वान्=जानेर, आयतनवान् इति= 'आयतनवान्' भनेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, अस्मिन्=यो, लोके= लोकमा, आयतनवान्=आश्रयवान्, भवति=हुन्छ, (तथा) यः=जो, एतम्=यो, ब्रह्मणः=ब्रह्मको, चतुष्कलम्=चार अवयववाला, पादम्=पादलाई, एवम्=यसरी, विद्वान्=जानेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, ह=निस्सै, आयतनवान्= अवकाशयुक्त, लोकान्=लोकहरूलाई, जयति=जित्तछ–यश पार्छ।

स० वा०—जो यो ब्रह्मको चार अवयववाला पादलाई यस प्रकार जानेर 'आयतनवान्' भनेर उपासना गर्दछ, त्यो यस लोकमा आश्रयवान् हुन्छ। तथा जो यो ब्रह्मको चार अवयववाला पादलाई यसरी जानेर 'आयतनवान्' भनी उपासना गर्दछ, त्यो निस्सै अवकाश युक्त लोकहरूलाई जित्तछ—आफ्ना भोग्य बनाउँछ।

चौथो अध्यायमा आठौं खण्ड समाप्त

नवम खण्ड

सत्यकामले आचार्यकुलमा पुगेर आचार्यबाट पुनः उपदेश ग्रहण गर्नु

प्राप हाचार्यकुलं तमाचार्योऽभ्युवाद सत्यकाम ३ इति भगव इति ह प्रतिशुश्राव ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—(यसरी ब्रह्मवित् भएका सत्यकाम) आचार्यकुलम्=गुरुकुलमा, प्राप=पुगे, तम्=तिनीलाई, आचार्यः=आचार्यले, सत्यकाम ३=हे सत्यकाम, इति=यसरी, अभ्युवाद=बोलाए, (तब सत्यकामले) भगव=भगवन् ! इति=यसरी, प्रतिशुश्राव=बोले । ह=यो भएको कुरा हो ।

स० वा०—यसरी ब्रह्मवित् भएका सत्यकाम गुरुकुलमा पुगे । तिनीलाई आचार्यले सत्यकाम ! भनेर बोलाए। सत्यकामले भगवन् ! भनी बोले ।

ब्रह्मविदिव वै सोम्य भासि को नु त्वानुशशासेत्यन्ये मनुष्येभ्य इति ह प्रतिजज्ञे भगवाꣳस्त्वेव मे कामे ब्रूयात् ॥ २ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, ब्रह्मवित् इव=ब्रह्मवेत्ता जस्तै, भासि=प्रतीत हुन्छौ, वै=निस्सै हो, त्वा=तिमीलाई, कः नु=कसले, अनुशशास=उपदेश गर्‍यो ? (सत्यकामले) मनुष्येभ्यः=मनुष्यदेखि, अन्ये=भिन्नैले, इति=यसरी, प्रतिजज्ञे=निश्चयसाथ भने, (अब) मे=मेरा, कामे=इच्छामा, भगवान् तु एव=पूज्य यहाँले नै, ब्रूयात्=उपदेश गर्नुहोस् ।

स० वा०—प्रियदर्शन ! ब्रह्मवेत्ता जस्ता प्रतीत हुन्छौ, अवश्य हो, तिमीलाई कसले उपदेश गर्‍यो ? सत्यकामले निश्चयसाथ भने—मनुष्यदेखि भिन्नै (देवताहरू) ले । अब मेरो इच्छानुसार त पूज्य गुरुले नै उपदेश गर्नुहोस् ।

श्रुतꣳ ह्येव मे भगवद्दृशेभ्य आचार्याद्धैव विद्या विदिता साधिष्ठं प्रापतीति तस्मै हैतदेवोवाचात्र ह न किञ्चन वीयायेति वीयायेति ॥ ३ ॥

द० प०—हि=किनभने, मे=मैले, भगवद्दृशेभ्यः=पूज्य यहाँहरू जस्ताबाट, इति=यो कुरा, श्रुतम् एव=सुनिएकै छ, आचार्यात्=आचार्यबाट, विदिता=जानेको, विद्या=विद्या, ह एव=नै, साधिष्ठम्=बढिया हुन, प्रापति=जान्छ, (अनि आचार्यले) तस्मै=तिनी (सत्यकाम) लाई, ह=निश्चयले, एतद् एव=यै (देवताहरूले उपदेश गरेको षोडशकला विद्या), उवाच=उपदेश गरे, अत्र=यसमा, किञ्चन=केही, न वीयाय=छुटेन, न वीयाय=छुटेन, इति=यो षोडशकला विद्या समाप्त भयो ।

स० वा०—किनभने मैले पूज्य यहाँ (गुरु) जस्ताबाट सुनेको छु—'आचार्यबाट जानेको विद्या नै बढिया हुने हुन्छ ।' यसपछि आचार्यले ती सत्यकामलाई निश्चयसाथ यै षोडशकला विद्या उपदेश गरे । यसमा त्यो विद्याको कुनै अंश पनि छुटेन । यो षोडश कला विद्या समाप्त भयो ।

चौथो अध्यायमा नवौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशम खण्ड

उपकोसलका प्रति अग्निद्वारा ब्रह्मविद्याको उपदेश

संबन्ध—अब फेरि प्रकारान्तरले ब्रह्मविद्या नै र ब्रह्मवेत्ताको गति एवं अग्निविद्या बताउन ग्रन्थ आरम्भ गरिन्छ। कथाचाहिँ उही श्रद्धा र तप ब्रह्मविद्याका साधन हुन् भन्ने बुझाउनानिमित्त छ।

उपकोसलो ह वै कामलायनः सत्यकामे जाबाले ब्रह्मचर्यमुवास तस्य ह द्वादशवर्षाण्यग्नीन्परिचचार स ह स्मान्यानन्तेवासिनः समावर्त्तयꣳ स्तꣳ ह स्मैव न समावर्तयति ॥ १ ॥

द० प०—ह वै = यो निस्सै अघि भएको कुरा हो, कामलायनः = कमलका छोरा, उपकोसलः = उपकोसल, जाबाले: = जबालाका छोरा, सत्यकामे = सत्यकामकहाँ, ब्रह्मचर्यम् = ब्रह्मचर्यपूर्वक, उवास = बसे, तस्य = तिनी (आचार्य) का, अग्नीन् = अग्निलाई, द्वादशवर्षाणि = बाह्र वर्षसम्म, परिचचार = सेवा गरे, (किन्तु) सः = ती आचार्यले, अन्यान् = अरू, अन्तेवासिनः = शिष्यहरूलाई, समावर्त्तयत् = वेद पढाइसकी समावर्तन गर्दा, तम् = ती उपकोसललाई, न एव समावर्तयति स्म = समावर्त्तन गरिदिँदै गरिदिन्नथे।

स० वा०—यो अघि भएको कुरा हो। कमलका छोरा उपकोसल जबालाका छोरा सत्यकामकहाँ ब्रह्मचर्य लिएर बसेका थिए। तिनले गुरुका अग्निलाई बाह्र वर्षसम्म सेवा गरे। तर गुरुले अरू शिष्यहरूलाई वेद पढाइसकी समावर्त्तन गरिदिँदा ती उपकोसललाई पढाएर समावर्त्तन गरिदिँदै गरिदिन्नथे।

तं जायोवाच तप्तो ब्रह्मचारी कुशलमग्नीन्परिचचारीन्मा त्वाग्नयः परिप्रवोचन्प्रब्रूह्यस्मा इति तस्मै हाप्रोच्यैव प्रवासाञ्चक्रे ॥ २ ॥

द० प०—तम् = ती आचार्यलाई, जाया = (उनकी) भार्याले, इति = यसो, उवाच = भनिन्, ब्रह्मचारी (यी) ब्रह्मचारी, तप्तः = ज्यादै तपस्या गरेका छन्, अग्नीन् = अग्निहरूलाई, कुशलम् = राम्रोसँग, परिचचारीत् = सेवा गरेका छन्, त्वा = तपाईंलाई, अग्नयः = अग्निहरूले, मा परिप्रवोचन् = निन्दा नगरून्, अस्मै = यिनीलाई, प्रब्रूहि = विद्याको उपदेश गर्नुहोस् (तर गुरुजीचाहिँ) तस्मै = तिनीलाई, अप्रोच्य एव = उपदेश नगरीकन नै, प्रवासाञ्चक्रे = परदेश लागे। ह = भएको कुरा हो।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—ती आचार्यलाई उनकी भार्याले भनिन्—यी ब्रह्मचारीले ज्यादै तपस्या गरेका छन्, अग्निहरूलाई पनि राम्ररी सेवा गरेका छन्, विद्या नदिएकाले तपाईंलाई अग्निहरूले निन्दा नगरून् । अतः यिनीलाई विद्याको उपदेश गर्नुहोस्, तर आचार्यजी उपदेश नगरीकन नै परदेश लागे ।

स ह व्याधिनानशितुं दध्रे तमाचार्यजायोवाच ब्रह्मचारिन्नशान किं नु नाश्नासीति । स होवाच बहव इमेऽस्मिन्पुरुषे कामा नानात्यया व्याधिभिः प्रतिपूर्णोऽस्मि नाशिष्यामीति ॥ ३ ॥

द० प०—सः=ती उपकोसल, व्याधिना=मानसिक दुःखले, अनशितुम्=अनशन गर्न, दध्रे=(इच्छा) लिए, तम्=तिनीलाई, आचार्यजाया=गुरुपत्नीले, इति=यसो, उवाच=भनिन्, ब्रह्मचारिन्=ए ब्रह्मचारी ! अशान=खाऊ, किम् नु=किन, न अश्नासि=खाँदैनौ ? सः=ती उपकोसलले, इति=यसो, उवाच=भने, अस्मिन्=यस, पुरुषे=पुरुषमा, बहवः कामाः=धेरै इच्छाहरू, नानात्यया=अनेक दौड वाला छन्, व्याधिभिः=अनेक मानसिक चिन्ताहरूले, प्रतिपूर्णः=परिपूर्ण, अस्मि=छु, न अशिष्यामि=खानेछैन ।

स० वा०—ती उपकोसलले मानसिक दुःखले गर्दा अनशन गर्ने इच्छा लिए । तिनलाई गुरुपत्नीले भनिन्—ब्रह्मचारी ! खाऊ, किन खाँदैनौ ? उपकोसलले भने—यस पुरुषमा इच्छाहरू अनेक दौडवाला छन्, पूर्ण हुने कुनै होइनन्, मानसिक दुःखले परिपूर्ण छु, खानेछैन ।

अथ हाग्नयः समूदिरे तप्तो ब्रह्मचारी कुशलं नः पर्यचारीद्धन्तास्मै प्रब्रवामेति तस्मै होचुः प्राणो ब्रह्म कं ब्रह्म खं ब्रह्मेति ॥ ४ ॥

द० प०—अथ=यसपछि, अग्नयः=अग्निहरूले, इति=यसो, समूदिरे=सँग-सँगै भने, ब्रह्मचारी=ब्रह्मचारी, तप्तः=तपस्यायुक्त छ, नः=हामीहरूलाई, कुशलम्=राम्रोसँग, पर्यचारीत्=सेवा गरेको छ, हन्त=दया लागिरहेछ, अस्मै=यसलाई, प्रब्रवामः=उपदेश गरौं, इति=यस्तो (निश्चय गरेर), तस्मै=तिनीलाई, इति=यसरी, ऊचुः=उपदेश गरे, प्राणः=प्राण, ब्रह्म=ब्रह्म हो, कम्=सुख, ब्रह्म=ब्रह्म हो, खम्=आकाश, ब्रह्म=ब्रह्म हो ।

स० वा०—यसपछि अग्निहरूले सब-साथै भने—यो ब्रह्मचारी तपस्याले पनि युक्त छ, हाम्रो सेवा पनि राम्ररी गरेको छ, दया लागिरहेछ, यसलाई हामी उपदेश गरौं । अनि ती उपकोसललाई यसरी उपदेश गरे—प्राण ब्रह्म हो, सुख ब्रह्म हो, आकाश ब्रह्म हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स होवाच विजानाम्यहं यत्प्राणो ब्रह्म कं च तु खं च न विजानामीति ते होचुर्यद्वाव कं तदेव खं यदेव खं तदेव कमिति प्राणं च हास्मै तदाकाशं चोचुः ॥ ५ ॥

द० प०—सः=ती उपकोसलले, इति=यसो, उवाच=भने, अहम्=म, विजानामि यत्=जान्दछु कि, प्राणः=प्राण, ब्रह्म=ब्रह्म हो, (जुन हुँदा जीवन रहन्छ, जुन नहुँदा जीवन रहँदैन त्यो वायुविशेष प्राण ब्रह्मरूप हुनु युक्त छ) तु=किन्तु, कम्=सुख (क्षणविध्वंसी) र, खम्=आकाश (अचेतन) यी दुइ ब्रह्म भन्ने कुरा, न विजानामि=जान्दिनँ, (तव) ते=ती अग्निहरूले, ऊचुः=भने, यद्वाव=जुन चाहिं नै, कम्=सुख हो, तद् एव=त्यै, खम्=आकाश हो, अर्थात् यो सुख विषयेन्द्रिय संयोगजन्य लौकिक सुख हैन, आकाशस्थ सुख हो, तथा यद् एव=जुनचाहिं, खम्=आकाश हो, तद् एव=त्यै, कम्=सुख हो, अर्थात् यो आकाश अचेतन भौतिक आकाश हैन, सुखाश्रय आकाश हो, (अग्निहरूले) अस्मै=यी, सत्यकामलाई, ह=निश्चयले, प्राणम्=प्राण र, तदाकाशम्=त्यो प्राण-संबन्धी आकाश अर्थात् हार्द आकाश, च=पनि, ऊचुः=उपदेश गरे ।

स० बा०—ती उपकोसलले भने म यो जान्दछु कि प्राण ब्रह्म हो । जुन हुँदा जीवन रहन्छ, जुन नहुँदा जीवन रहँदैन त्यो वायुविशेष प्राण ब्रह्म हुनु युक्त छ । यो म बुझ्दिनँ कि सुख (क्षणविध्वंसी कुरो) र आकाश (अचेतन वस्तु) ब्रह्म हो । (फेरि यहाँहरूको वाक्य बेप्रमाणको पनि कसरी होला र ?) तब ती अग्निहरूले भने हामीले जुन सुख भन्यौं त्यै आकाश हो, अर्थात् यो सुख विषयेन्द्रियसंयोगजन्य लौकिक सुख हैन, किन्तु आकाशस्थ सुख हो । एवं जुन आकाश भन्यौं त्यै सुख हो, अर्थात् यो आकाश अचेतन भौतिक आकाश होइन, सुखाश्रय आकाश हो । निर्देशानुसारको आकाश सुखविशिष्ट हुनाले ब्रह्म हो, त्यस आकाशमा रहने प्राण ब्रह्मसँगका संपर्कले ब्रह्म हो । यस आशयले अग्निहरूले सत्यकामलाई ब्रह्म भावमा उपासना गर्न प्राण र प्राण-संबन्धी आकाश यिनै दुइ कुरा जोडेर उपदेश गरे ।

टिप्पणी—शङ्का—'सुखगुणविशिष्ट आकाश ब्रह्म हो' भन्नु रहेछ, 'कं खं ब्रह्म' भनिदिएको भए भैहाल्थ्यो नि ! समाधान—त्यस्तो भनाइ गर्दा सुख-विशिष्ट आकाश मात्र ध्येय हुने भयो, आकाशस्थ सुख पनि ध्येय विपक्षित छ । अतः 'कं ब्रह्म, खं ब्रह्म' अलग अलग भन्नुपर्‍यो ।

चौथो अध्यायमा दशौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकादश खण्ड

गार्हपत्याग्निविद्या

संबन्ध—अग्निहरू सबैले गोस्वारारूपमा उपकोसललाई ब्रह्मको उपदेश गरे अब प्रत्येकले आफू-आफू विषयको विद्या उपदेश गर्दछन्।

अथ हैनं गार्हपत्योऽनुशशास पृथिव्यग्निरन्नमादित्य इति। य एष आदित्ये पुरुषो दृश्यते सोऽहमस्मि स एवाहमस्मीति ॥ १ ॥

द० प०—ह=यो पुरानो कुरा हो, अथ=अनि, एनम्=यिनी (उपकोसल) लाई, गार्हपत्यः=गार्हपत्य अग्निले, इति=यस्तो, अनुशशास=शिक्षा गरे, पृथिवी=पृथ्वी, अग्निः=अग्नि, अन्नम्=अन्न र, आदित्यः=सूर्य [मम एताः चतस्रः तनवः] =मेरा यी चार शरीर छन्, (तिनीमध्ये) यः=जो, एषः=यो, आदित्ये=सूर्यमण्डलमा, पुरुषः = पुरुष, दृश्यते=देखिन्छ, सः=त्यो, अहम्=म, अस्मि=हुँ, सः एव=त्यै, अहम्=म, अस्मि=हुँ।

स० वा०—अनि यी उपकोसललाई गार्हपत्य अग्निले शिक्षा गरे—पृथ्वी, अग्नि, अन्न र सूर्य यी मेरा चार शरीर छन्। तिनीहरूमध्ये जो यो सूर्यमण्डलमा पुरुष छ, त्यो म गार्हपत्य अग्नि हुँ, जो म गार्हपत्य अग्नि हुँ, त्यो सूर्यमण्डलमा रहेको पुरुष हुँ।

टिप्पणी—यहाँ भोज्य स्वरूपका पृथिवी र अन्नको जस्तो संबन्ध गार्हपत्य र सूर्यको होइन, किन्तु भोक्तृत्व, पाचकत्व र प्रकाशकत्व यी धर्म समान रूपले रहेकाले यी दुइमा अत्यन्त अभेद छ। पृथिवी र अन्नको त यिनी दुइसँग भोज्यरूपले संबन्ध छ।

स य एतमेवं विद्वानुपास्तेऽपहते पापकृत्यां लोकी भवति सर्वमायुरेति ज्योग्जीवति नास्यावरपुरुषाः क्षीयन्त उप वयं तं भुञ्जामोऽस्मिꣳश्च लोकेऽमुष्मिꣳश्च य एतमेवं विद्वानुपास्ते ॥ २ ॥

द० प०—यः=जो, एतम्=यो गार्हपत्य अग्निलाई, एवम्=यस्तो (अन्न-अन्नाद रूपमा चतुर्धा विभक्त), विद्वान्=जानेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, पापकृत्याम्=पापकर्म, अपहते=नाश गर्दछ, (तथा) लोकी=(हाम्रा लोकले) लोकवान्, भवति=हुन्छ, सर्वम्=सम्पूर्ण (पूरै), आयुः=आयु, एति=पाउँदछ, ज्योक्=उज्यालो (प्रख्यात) हुने गरीकन, जीवति=जीउँछ। अस्य=यसका, अवरजाः=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि हुने सन्तान, न क्षीयन्ते=घट्तैनन्, (तथा) यः=जो, एतम्=यो, गार्हपत्य (म) लाई, एवम्=यस प्रकार, उपास्ते=उपासना गर्दछ । तम्=त्यसलाई, वयम्=हामी, अस्मिन्=यो, लोके = लोकमा, च = र, अमुष्मिन्=उस, लोके=लोकमा, उपभुञ्जामः= पालन गर्दछौं ।

स० वा०—जो यो गार्हपत्य अग्नि (म) लाई अन्न-अन्नाद रूपमा चतुर्धा विभक्त जानेर उपासना गर्दछ, त्यो पापकर्म नाश गर्दछ, हाम्रो आग्नेय लोकले लोकवान् हुन्छ । तथा पूरै आयु पाउँछ, प्रख्यात हुने गरी जीउँछ । यसका पछि हुने सन्तान घट्तैनन् तथा जो यो गार्हपत्यलाई यस प्रकार जानेर उपासना गर्दछ, त्यसलाई हामी (अग्निहरू) यस लोकमा पनि परलोकमा पनि पालन गर्दछौं ।

चौथो अध्यायमा एघारौं खण्ड समाप्त

द्वादश खण्ड

अन्वाहार्यपचनाग्निविद्या

अथ हैनमन्वाहार्यपचनोऽनुशशासापो दिशो नक्षत्राणि चन्द्रमा इति । य एष चन्द्रमसि पुरुषो दृश्यते सोऽहमस्मि स एवाहमस्मीति ॥ १ ॥

द० प०—ह=यो पुराकालमा भएको कुरा हो । अथ=अनि, एनम्=यी उपकोसललाई, अन्वाहार्यपचनः=अन्वाहार्यपचन अग्निले, इति = यस्तो, अनुशशास = शिक्षा गरे, आपः = जल, दिशा=दिशा, नक्षत्राणि=नक्षत्र (र), चन्द्रमाः = चन्द्रमा [मम एताः चतस्रः तनवः] = यी मेरा चार शरीर छन्, (तिनीमध्ये), यः = जो, एषः = यो, चन्द्रमसि = चन्द्रमामा, पुरुषः = पुरुष, दृश्यते = देखिन्छ, सः = त्यो, अहम् = म, अस्मि = हुँ, सः एव = त्यै, अहम् = म, अस्मि = हुँ ।

स० वा०—अनि यी उपकोसललाई अन्वाहार्यपचन अग्निले शिक्षा गरे—जल र दिशा, नक्षत्र र चन्द्रमा यी मेरा चार शरीर छन् । तिनीहरूमध्ये जो यो चन्द्रमण्डल-मा पुरुष छ त्यो म (अन्वाहार्यपचन) हुँ, जो अन्वाहार्यपचन अग्नि हुँ त्यो चन्द्रमण्डल-मा स्थित पुरुष हुँ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी—दर्श, पूर्णमास यज्ञमा अन्वाहार्यपचन अग्निमा हविष्य पकाइन्छ। चन्द्रमाका विषयमा चाहिं चन्द्रमामा प्राप्त भएर अन्न हुन जान्छ भन्ने मुनिवाक्य छ। यसरी दुवैको अन्नसँग संबन्ध छ।

अन्वाहार्यपचनलाई 'दक्षिणाग्नि' पनि भन्दछन्। तथा चन्द्रमामा दक्षिणमार्गतिरबाट जानेहरू प्राप्त हुन्छन्। यसउसले यी दुवैको दक्षिण दिशासँग संबन्ध छ। नक्षत्रहरू चन्द्रमाका भोग्य भन्ने प्रतीति छ। जल पनि अन्नको उत्पादक हुनाले एकप्रकारको अन्न नै हो। यसरी चारै कुरा परस्पर संबद्ध छन्।

स य एतमेवं विद्वानुपास्तेऽपहते पापकृत्यां लोकी भवति सर्वमायुरेति ज्योग्जीवति नास्यावरपुरुषाः क्षीयन्त उप वयं तं भुञ्जामोऽस्मिꣳश्च लोकेऽमुष्मिꣳश्च य एतमेवं विद्वानुपास्ते ॥ २ ॥

श० प०—यः = जो, एतम् = यो अन्वाहार्यपचन अग्निलाई, एवम् = यस्तो (अन्न-अन्नाद रूपमा चतुर्धा विभक्त), विद्वान् = जानेर, उपास्ते = उपासना गर्दछ, सः = त्यो, पापकृत्याम् = पापकर्मलाई, अपहते = नाश गर्दछ, (तथा) लोकी = (हाम्रा लोकले) लोकवान्, भवति = हुन्छ, सर्वम् = पूरै, आयुः = आयु, एति = पाउँदछ, ज्योक् = उज्यालो (प्रख्यात) हुने गरी, जीवति = जीउँछ, अस्य = यसका, अवरजाः = पछि हुने सन्तान, न क्षीयन्ते = घट्तैनन्, (तथा) यः = जो, एतम् = यो अन्वाहार्यपचन (म) लाई, एवम् = यस प्रकार, उपास्ते = उपासना गर्दछ, तम् = त्यसलाई, वयम् = हामी, अस्मिन् = यो, लोके = लोकमा, च = र, अमुष्मिन् = उस, लोके = लोकमा, उपभुञ्जामः = पालन गर्दछौं।

स० वा०—जो यो अन्वाहार्यपचन अग्नि (म) लाई अन्न अन्नाद रूपमा चतुर्धा विभक्त जानेर उपासना गर्दछ त्यो, पापकर्म नाश गर्दछ, हाम्रो आग्नेय लोकले लोकवान् हुन्छ, तथा पूरै आयु पाउँदछ, प्रख्यात हुने गरी जीउँछ। यसका पछि हुने सन्तान घट्तैनन् तथा जो यो अन्वाहार्यपचनलाई यस प्रकार जानेर उपासना गर्दछ, त्यसलाई हामी यस लोकमा पनि परलोकमा पनि पालन गर्दछौं।

चौथो अध्यायमा बाह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोदश खण्ड

आहवनीयाग्नि विद्या

अथ हैनमाहवनीयोऽनुशशास प्राण आकाशो द्यौर्विद्युदिति । य एष विद्युति पुरुषो दृश्यते सोऽहमस्मि स एवाहमस्मीति ॥ १ ॥

द० प०—ह = यो अधिको कुरा हो, अथ = यसपछि, एनम् = यिनी (उपकोसल) लाई, आहवनीयः = आहवनीय अग्निले, इति = यस्तो, अनुशशास = शिक्षा दिए, प्राणः = प्राण, आकाशः = आकाश, द्यौः = द्युलोक, विद्युत् = बिजुली, इति = यस्ता, [मम अपि एताः चतस्रः तनवः] = मेरा पनि यी चार शरीर छन्, (तिनीमध्ये) यः = जो, एषः = यो, विद्युति = बिजुलीमा, पुरुषः = पुरुष, दृश्यते = देखिन्छ, सः = त्यो, अहम् = म, अस्मि = हुँ, सः एव = त्यै, अहम् = म, अस्मि = हुँ ।

स० वा०—यसपछि यी उपकोसललाई आहवनीय अग्निले शिक्षा दिए—प्राण, आकाश, द्युलोक र बिजुली यी मेरा पनि चार शरीर छन् । तीमध्ये जो यो बिजुलीमा पुरुष देखिन्छ त्यो म हुँ । जो म आहवनीय अग्नि हुँ, त्यो बिजुलीमा रहेको पुरुष हुँ ।

टिप्पणी—यहाँ द्युलोक र आकाशका साथ बिजुली र आहवनीयको भोग्यरूपले संबन्ध छ । किनकि बिजुलीको द्युलोक, आहवनीयको आकाश आश्रय हुन् ।

स य एतमेवं विद्वानुपास्तेऽपहते पापकृत्यां लोकी भवति सर्वमायुरेति ज्योग्जीवति नास्यावरपुरुषाः क्षीयन्त उप वयं तं भुञ्जामोऽस्मिꣳश्च लोकेऽमुष्मिꣳश्च य एतमेवं विद्वानुपास्ते ॥ २ ॥

द० प०—यः = जो, एतम् = यो, आहवनीय अग्निलाई, एवम् = यस्तो (अन्न-अन्नाद रूपले चतुर्धा विभक्त), विद्वान् = जानेर, उपास्ते = उपासना गर्दछ, सः = त्यो, पापकृत्याम् = पापकर्म, अपहते = नाश गर्छ, (तथा) लोकी = (हाम्रा लोकले) लोकवान्, भवति = हुन्छ, (एवं) सर्वम् = पूरै, आयुः = आयु, एति = प्राप्त गर्दछ, (तथा) ज्योक् = उज्यालो (प्रख्यात) हुने गरी, जीवति = जीउँछ, (एवं) अस्य = यसका, अवरजाः = भावी सन्तान, न क्षीयन्ते = घट्तैनन्, (त्यस्तै) यः = जो, एतम् = यो आहवनीय (म) लाई, एवम् = यस प्रकार, उपास्ते = उपासना गर्दछ, तम् = त्यसलाई, वयम् = हामी, अस्मिन् = यो, लोके = लोकमा, च = र, अमुष्मिन् = उस, लोके = लोकमा, च = पनि, उपभुञ्जामः = पालन गर्दछौं ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—जो यो आहवनीय अग्नि (म) लाई अन्न-अन्नाद रूपमा चतुर्धा विभक्त जानेर उपासना गर्दछ, त्यो पापकर्म नाश गर्दछ, हाम्रो आग्नेय लोकले लोकवान् हुन्छ, तथा पूरै आयु पाउँदछ, प्रख्यात हुने गरी जीउँछ। यसका पछि हुने सन्तान क्षीण हुँदैनन्, तथा जो यो आहवनीयलाई यस प्रकार जानेर उपासना गर्दछ, त्यसलाई हामी यस लोकमा र परलोकमा समेत पालन गर्दछौं।

चौथो अध्यायमा तेह्रौं खण्ड समाप्त

●

चतुर्दश खण्ड

आचार्यको आगमन

ते होचुरुपकोसलैषा सोम्य तेऽस्मद्विद्यात्मविद्या चाचार्यस्तु ते गति वक्तेत्याजगाम हास्याचार्यस्तमाचार्योऽभ्युवादोपकोसल ३ इति ॥ १ ॥

द० प०—ते=ती अग्निहरूले, इति=यसो, ऊचुः=भने, सोम्य=हे प्रियदर्शन, उपकोसल=उपकोशल, ते=तिमीलाई, एषा=यो, अस्मद्विद्या=हाम्रो विद्या (अग्निविद्या), च=र, आत्मविद्या=आत्मविद्या, (बताइयो), ते=तिमीलाई, गतिम् तु=(विद्याको फल प्राप्तिका निमित्त) बाटो त, आचार्यः=आचार्यले, वक्ता=बताउनेछन्, (तदनन्तर) अस्य=यिनका, आचार्यः=आचार्य, आजगाम=आए, तम्=ती, उपकोसललाई, आचार्यः=आचार्यले, उपकोसल ३ इति=उपकोशल ! भनी, अभ्युवाद=बोलाए।

स० वा०—ती अग्निहरूले भने—प्रियदर्शन उपकोसल ! तिमीलाई यो अग्निविद्या र आत्मविद्या ('प्राणो ब्रह्म कं ब्रह्म खं ब्रह्म' यो) बताइयो। अब तिमीलाई विद्याको फल प्राप्तिका निमित्त मार्ग त आचार्यले बताउनेछन्। [यति भनेर अग्निहरू चूप लागे] त्यसपछि यिनका आचार्य आए र ती उपकोसललाई आचार्यले 'उपकोशल !' भनी बोलाए।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य र उपकोसलको संवाद

भगव इति ह प्रतिशुश्राव ब्रह्मविद इव सोम्य ते मुखं भाति को नु त्वानुशशासेति को नु मानुशिष्याद्भो इतीहापेव निह्नुत इमे नूनमीदृशा अन्यादृशा इतीहाग्नीनभ्यूदे किं नु सोम्य किल तेऽवाचन्निति ॥ २ ॥

द० प०—(उपकोसलले) भगव इति=भगवन् भनेर, प्रतिशुश्राव=बोले, अनि (आचार्य सत्यकामले) इति=यसरी (सोधे-), सोम्य=हे प्रियदर्शन, ते=तिम्रो, मुखम्=मुख, ब्रह्मविदः इव=ब्रह्मवेत्ताको जस्तो, भाति=भान हुन्छ, कः नु=कसले, त्वाम्=तिमीलाई, अनुशशास=उपदेश गर्‍यो ? (उपकोसलले) भोः=पूज्य ! इह=यहाँ, मा=मलाई, कः नु=कसले, अनुशिष्यात्=उपदेश गर्थ्यो र ? इति=यसरी, अपनिह्नुते इव=छिपाएजस्तो गरे (पछिबाट), नूनम्=निश्चय, इह=यहाँ, इमे=यी अग्निहरू, ईदृशाः=यस्ता (डरले काँपे जस्ता) छन्, (जो पहिले) अन्यादृशाः=अर्कै छाँटका थिए, इति=यसरी, अग्नीन्=अग्निहरूलाई, अभ्यूदे=बताइदिए, (अनि आचार्यले) इति=यसो (भने), सोम्य=प्रियदर्शन ! किल=संभव छ, ते=तिनीहरूले, किम् नु=के, अवोचन्=उपदेश गरे ?

स० वा०—उपकोसलले 'भगवन् !' भनी बोले। आचार्य सत्यकामले सोधे—प्रियदर्शन ! तिम्रो मुख ब्रह्मवेत्ताको जस्तो सुप्रसन्न भान हुन्छ, तिमीलाई कसले उपदेश गर्‍यो ? उपकोसलले 'पूज्य ! यहाँ मलाई कसले उपदेश गर्थ्यो र ?' भनी छिपाए जस्तो गरे। पछिबाट तुरुन्तै 'निस्सै यी अग्निहरू यस्ता डरले काँपिरहे जस्ता छन्, जो पहिले अर्कै छाँटका थिए भनी अग्निहरूलाई बताइदिए। आचार्यले भने—संभव छ, प्रियदर्शन ! अग्निहरूले तिमीलाई के उपदेश गरे ?

इदमिति ह प्रतिजज्ञे लोकान्वाव किल सोम्य तेऽवोचन्नहं तु ते तद्वक्ष्यामि यथा पुष्करपलाश आपो न श्लिष्यन्त एवमेवंविदि पापं कर्म न श्लिष्यत इति ब्रवीतु मे भगवानिति तस्मै होवाच ॥ ३ ॥

द० प०—(उपकोसलले) इदम् इति=यो भनेर, ह=निश्चयसाथ, प्रतिजज्ञे=प्रत्युत्तर दिए। अनि (आचार्यले) इति=यसो (भने), सोम्य=हे प्रियदर्शन ! (अग्निहरूले) ते=तिमीलाई, किल=निस्सै, लोकान् वाव=पृथिवी आदि लोकहरू मात्र, अवोचन्=उपदेश गरे, अहम् तु=म त, ते=तिमीलाई, तत्=त्यो, ब्रह्म, वक्ष्यामि=उपदेश गर्नेछु, यथा=जसरी, पुष्करपलाशे=कमलका पातमा, आपः=पानी, न श्लिष्यन्ते=लेर्पिदैनन्, एवम्=यसै गरी, एवंविदि=यसरी ब्रह्म जान्नेमा, पापम्=पापकर्म, न श्लिष्यते=लाग्दैन, (तब उपकोसलले) भगवान्=पूज्य यहाँले,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यसो (भने), (सत्याकमले) तस्मै—तिनीलाई, उवाच = उपदेश गरे, ह = यो पुरा कालको कुरा हो।

स० वा०—अनि उपकोसलले 'यो' भनेर निश्चयसाथ प्रत्युत्तर दिए। यसपछि आचार्यले भने–प्रियदर्शन ! तिमीलाई अग्निहरूले निस्सै पृथिवी आदि लोकहरू मात्र उपदेश गरे। म त तिमीलाई त्यो—ब्रह्म उपदेश गर्दछु। यो ब्रह्मज्ञानको महिमा यस्तो छ कि जसरी कमलका पातमा पानी लेपिंदैन, यसै गरी ब्रह्म जान्नेमा पापकर्म लाग्दैन, तब उपकोसलले भने—पूज्य ! यहांले मलाई उपदेश गर्नुहोस्। अनि आचार्य सत्यकामले तिनी उपकोसललाई उपदेश गर्न लागे।

चौथो अध्यायमा चौधौं खण्ड समाप्त

पञ्चदश खण्ड

आचार्यको उपदेश—नेत्रस्थित पुरुषको उपासना

य एषोऽक्षिणि पुरुषो दृश्यत एष आत्मेति होवाचैतदमृतमभयमेतद्ब्रह्मेति। तद्यद्यप्यस्मिन्सर्पिर्वोदकं व सिञ्चति वर्त्मनी एव गच्छति ॥ १ ॥

द० प०—यः=जो, एषः=यो, अक्षिणि = आंखामा (साधनसंपन्न विवेकीहरूले) पुरुषः=पुरुष, दृश्यते = देखिन्छ, एषः=यो, आत्मा=आत्मा हो, इति = यस्तो, उवाच=उपदेश गरे, एतत्=यो आत्मतत्त्व, अमृतम्=अमरणधर्मी, अभयम्= भयरहित छ, एतत्=यो, ब्रह्म=ब्रह्म हो, इति=यसो (पनि), उवाच=भने, तत्=त्यो पुरुष रहने ठाउँमा, यद्यपि = यद्यपि, (कसैले) सर्पिः=घिउ, वा=अथवा, उदकम् वा=पानी नै, सिञ्चति=छिट्तछ, (तथापि) त्यो, वर्त्मनी एव=पलकमा नै, गच्छति=जान्छ, आंखामा लेपिंदैन।

स० वा०—जो यो आंखामा बाह्येन्द्रियवृत्ति हटेका साधनसंपन्न विवेकी पुरुषले पुरुष देखिन्छ, त्यो आत्मा हो। यस्तो उपदेश गरेर भने—यो आत्मतत्त्व अमरणधर्मी भयरहित छ। यो ब्रह्म हो। त्यो पुरुष रहने ठाउँ (आंखा) मा कसैले घिउ वा पानी

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै छिटोस्, तर्केर परेलातिर जान्छ, आँखामा लेपिंदैन। पुरुष रहने ठाउँ त यस्तो निर्लेप छ भने पुरुषको निर्लेपता त के भन्नुपर्छ र ?

एतᳪं संयद्वाम इत्याचक्षत एतᳪं हि सर्वाणि वामान्यभिसंयन्ति सर्वाण्येनं वामान्यभिसंयन्ति य एवं वेद ॥ २ ॥

द० प०—एतम्=यस पुरुषलाई, संयद्वाम इति='संयद्वाम' यसो, आचक्षते=भन्दछन्, हि=यस कारणले कि, एतम्=यसमा, सर्वाणि=संपूर्ण, वामानि=सुन्दर पदार्थहरू, अभिसंयन्ति = प्राप्त हुन्छन्, यः=जो, एवम्=यस प्रकार, वेद=जान्दछ, एनम् = यसलाई, सर्वाणि = संपूर्ण, वामानि = सुन्दर वस्तुहरू, अभिसंयन्ति = प्राप्त हुन्छन् ।

स० वा०—यस पुरुष (आत्मा) लाई, 'संयद्वाम' भन्दछन् । कारण, यसमा संपूर्ण सुन्दर वस्तुहरू जुट्न आउँछन् । जो यस्तो जान्दछ र उपासना गर्दछ त्यसमा समस्त असल पदार्थ जुट्न आउँछन् ।

एष उ एव वामनीरेष हि सर्वाणि वामानि नयति सर्वाणि वामानि नयति य एवं वेद ॥ ३ ॥

द० प०—एषः = यो, उ एव = नै, वामनीः = वामनी हो, हि = किनभने, एषः = यो, सर्वाणि = संपूर्ण, वामानि = सुन्दर वस्तुहरू (पुण्यकर्मका फलहरू) नयति = (पुण्यानुसार प्राणीमा) पुऱ्याउँछ, यः = जो, एवम् = यस्तो, वेद = जान्दछ, (त्यो) सर्वाणि=समस्त, वामानि=असल पदार्थहरू, नयति=वहन गर्दछ ।

स० वा०—यो पुरुष नै 'वामनी' हो । किनभने यसले सबै असल वस्तु—पुण्यकर्मका फल पुण्यानुसार प्राणीमा पुऱ्याउँदछ । जो यस्तो जान्दछ त्यो उपासक संपूर्ण असल पदार्थ वहन गर्दछ ।

एष उ एव भामनीरेष हि सर्वेषु लोकेषु भाति सर्वेषु लोकेषु भाति य एवं वेद ॥ ४ ॥

द० प०—एषः = यो, उ एव=नै, भामनीः = 'भामनी' हो, हि = किनभने, सर्वेषु=संपूर्ण, लोकेषु=लोकहरूमा, भाति=प्रकाश हुन्छ, यः=जो, एवम् = यस्तो, वेद = जान्दछ, [सः] = त्यो, सर्वेषु = समस्त, लोकेषु = लोकहरूमा, भाति = प्रकाशमान हुन्छ ।

स० वा०—यो पुरुष नै 'भामनी' हो । कारण-त्यो संपूर्ण लोकमा प्रकाश हुन्छ । जो यस्तो जान्दछ र उपासना गर्दछ त्यो समस्त लोकमा चमकदार हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त ब्रह्मोपासकको गति

अथ यदु चैवास्मिञ्छव्यं कुर्वन्ति यदि च नार्चिषमेवाभिसंभवन्त्यर्चिषोऽहरह्न आपूर्यमाणपक्षमापूर्यमाणपक्षाद्यान्षडुदङ्ङेति मासाꣳस्तान्मासेभ्यः संवत्सरꣳ संवत्सरादादित्यमादित्याच्चन्द्रमसं चन्द्रमसो विद्युतं तत्पुरुषोऽमानवः स एतान्ब्रह्म गमयत्येव देवपथो ब्रह्मपथ एतेन प्रतिपद्यमाना इमं मानवमावर्तं नावर्त्तन्ते नावर्तन्ते ॥ ५ ॥

श० प०—अथ=अब, उपर्युक्त ब्रह्मवेत्ताको गति वर्णन गरिन्छ। अस्मिन्= यो (ब्रह्मवेत्ता) [मृते] = मरेमा, (ऋत्विक्हरूले) शव्यम् = शव-कर्म, कुर्वन्ति यद् = गर्दछन् भने, च एव = पनि, न कुर्वन्ति यदि च = गर्दैनन् भने पनि, (उपर्युक्त ब्रह्मवेत्ताहरू) अर्चिषम् एव = ज्वालाभिमानी देवतामा नै, अभिसंभवन्ति = प्राप्त हुन्छन्, अर्चिषः = ज्वालाभिमानी देवताबाट, अहः = दिवसाभिमानी देवतामा (प्राप्त हुन्छन्), अह्नः=दिवसाभिमानी देवताबाट, आपूर्यमाणपक्षम् = शुक्लपक्षाभिमानी देवतामा, (प्राप्त हुन्छन्), आपूर्यमाणपक्षात्=शुक्लपक्षाभिमानी देवताबाट, (सूर्य) यान्=जुन, षट्=छः, मासान्=महीना, उदङ्=उत्तरतर्फ, एति=जान्छन्, तान्= ती महीना (उत्तरायण-देवता) मा, (प्राप्त हुन्छन्), तेभ्यः=ती महीनाका अभिमानी देवताबाट, संवत्सरम्=वर्षका अभिमानी देवतामा, (प्राप्त हुन्छन्), संवत्सरात्=वर्षाभिमानी देवताबाट, आदित्यम्=सूर्यमा (प्राप्त हुन्छन्), आदित्यात्= सूर्यबाट, चन्द्रमसम्=चन्द्रमामा, (प्राप्त हुन्छन्), चन्द्रमसः = चन्द्रमाबाट, विद्युतम्= बिजुलीमा (प्राप्त हुन्छन्), तत् = त्यसमा रहेका, एतान् = यिनीहरूलाई, सः=त्यो, अमानवः=मनुष्यभिन्न, पुरुषः=(ब्रह्मलोकबाट आएको) पुरुषले, ब्रह्म = सत्यलोकस्थ ब्रह्ममा, गमयति = पुऱ्याउँछ, एषः = यो, देवपथः = अर्चिरादि देवताहरूले उपलक्षित मार्ग हो, ब्रह्मपथः = प्राप्य ब्रह्मले उपलक्षित मार्ग हो, एतेन=यस मार्गले, प्रतिपद्यमानाः=ब्रह्ममा जानेहरू, इमम्=यो, मानवम्=मनुको सृष्टिरूप आवर्त्तम्= भुमरीमा, न आवर्त्तन्ते=फर्केर आउँदैनन्, न आवर्त्तन्ते=फर्केर आउँदैनन्।

स० वा०—अब उपर्युक्त ब्रह्मवेत्ता (नेत्रस्थित, संयद्वाम, वामनी, भामनी यी गुणले युक्त सुखाकाश र प्राणसहित अग्निविद्याका उपासक) को गति वर्णन गरिन्छ। यो ब्रह्मवेत्ता मरेपछि ऋत्विक्हरूले शव-कर्म (अन्त्येष्टि गरे पनि नगरे पनि त्यस्ता ब्रह्मवेत्ता [सगुण ब्रह्मका उपासक] हरू ज्वालाभिमानी (म ज्वाला हुँ भन्ने निश्चयवाला) देवतामा पुग्दछन्। त्यताबाट दिवसाभिमानी देवतामा, त्यताबाट शुक्लपक्षाभिमानी देवतामा, त्यताबाट उत्तरायण मासाभिमानी देवतामा, त्यताबाट वर्षाभिमानी देवतामा, त्यताबाट सूर्यमा, त्यताबाट चन्द्रमामा, त्यताबाट बिजुलीमा प्राप्त हुन्छन्। त्यहाँ रहेका तिनीहरूलाई ब्रह्मलोकबाट आएको एउटा मनुष्यभिन्न दिव्य पुरुषले सत्य-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकस्थ ब्रह्ममा पुऱ्याउँछ । यो देवपथ—अचिरादि देवताहरूले उपलक्षित मार्ग हो । तथा ब्रह्मपथ—प्राप्तव्य ब्रह्मले उपलक्षित मार्ग हो । यस मार्गले ब्रह्ममा जानेहरू मनुको सृष्टिरूप भुमरीमा फेरि फर्केर आउँदैनन् ।

चौथो अध्यायमा पन्ध्रौं खण्ड समाप्त

षोडश खण्ड

यज्ञोपासना

सम्बन्ध—रहस्य (उपासना) का प्रकरणमा मार्गोपदेशको प्रसङ्ग हुनाले र यहाँका अघिल्ला र पछिल्ला प्रकरण आरण्यकत्व धर्मले समानै भएकाले यज्ञमा कुनै क्षत हुन आएमा त्यसको प्रायश्चित्तका निमित्त व्याहृतिहरूको विधान गर्नु छ, तथा प्रायश्चित्त जान्ने ऋत्विक् ब्रह्माका निमित्त मौनको विधान गर्नु छ । यस-निमित्त यो प्रकरण आरम्भ गरिन्छ ।

एष ह वै यज्ञो योऽयं पवत एष ह यन्निदꣳ सर्वं पुनाति । यदेष यन्निदꣳ सर्वं पुनाति तस्मादेष एव यज्ञस्तस्य मनश्च वाक्च वर्तनी ॥ १ ॥

द० प०—एषः = यो, (वायु) ह वै = प्रसिद्ध, यज्ञः = यज्ञ हो, यः = जो, अयम्=यो, पवते=चल्दछ, ह=प्रसिद्ध छ, एषः = यो वायु, यन्=चल्दै, (सबतर्फ वहँदै) इदम् = यो, सर्वम् = समस्त जगत्लाई, पुनाति = पवित्र गर्दछ, यत् = जुन कारणले, एषः = यो वायु, यन् = वहँदै, सर्वम् = समस्त जगत्लाई, पुनाति = पवित्र गर्दछ, तस्मात् = त्यसकारण, एषः एव=यो नै, यज्ञः=यज्ञ हो, तस्य=त्यस यज्ञका, मनः=मन, च=र, वाक्=वाणी, च=पनि, वर्त्तनी=बाटा हुन् ।

स० वा०—यो वायु प्रसिद्ध यज्ञ हो, जो यो चल्दछ । प्रसिद्ध छ कि यो वायु वहँदै यो समस्त जगत्लाई पवित्र गर्दछ, त्यसकारणले यो यज्ञ हो । यसका मन र वाणी दुइ बाटा छन् । अर्थात् यज्ञ चल्नलाई यथार्थ ज्ञान पनि हुनुपर्दछ, मन्त्रोच्चारण

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हुनुपर्छ । वस्तु-ज्ञान मनले गरिन्छ, मन्त्रोच्चारण वाणीले गरिन्छ । अतः यी यज्ञ चल्ने मार्ग भए ।

ब्रह्माका मौन-भङ्गले यज्ञको हानि

तयोरन्यतरां मनसा सꣳस्करोति ब्रह्मा वाचा होताध्वर्युरुद्गातान्यतराꣳ स यत्रोपाकृते प्रातरनुवाके पुरा परिधानीयाया ब्रह्मा व्यववदति ॥ २ ॥

अन्यतरामेव वर्त्तनीꣳसꣳस्करोति हीयतेऽन्यतरा स यथैकपादव्रजन् रथो वैकेन चक्रेण वर्तमानो रिष्यत्येवमस्य यज्ञो रिष्यति यज्ञꣳरिष्यन्तं यजमानोऽनुरिष्यति स इष्ट्वा पापीयान् भवति ॥ ३ ॥

द० प०–तयोः = ती दुइमध्ये, अन्यतराम् = एक, वर्त्तनीम् = बाटोलाई, ब्रह्मा = (यज्ञमा वरिएको) ब्रह्मा, मनसा = मनले, संस्करोति = संस्कार गर्दछ, अन्यतराम् = अर्को बाटोलाई, होता = होता, अध्वर्युः = अध्वर्यु, उद्गाता = उद्गाता, वाचा = वाणीले, संस्कुर्वन्ति = संस्कार गर्दछन्, यत्र = यदि, प्रातरनुवाके = प्रातरनुवाकनामक शस्त्र (स्तोत्रविशेष), उपाकृते = प्रारम्भ गरेपछि, परिधानीयायाः = 'परिधानीया' नामक ऋचाको उच्चारण हुनुभन्दा, पुरा = पहिले, सः = त्यो ब्रह्मा, व्यववदति = मौन छोड्दछ (बोल्दछ), तब, अन्यतराम् एव = एउटा मात्र, वर्त्तनीम् = बाटोलाई, संस्करोति = संस्कार गर्दछ, अन्यतरा = अर्को एउटा (मनोवर्त्तनी), हीयते = नष्ट हुन्छ, यथा = जसरी, एकपाद = एउटा गोडा भएको मानिस, व्रजन् = हिंड्न लाग्दा, रिष्यति = लड्दछ, वा = अथवा, एकेन = एउटा, चक्रेण = पाङ्ग्राले, वर्तमानः = रहेको, रथः = रथ, व्रजन् = चल्न लाग्दा, रिष्यति = ढल्दछ, एवम् = यसै गरी, अस्य = यस (यजमान) को, सः = त्यो, यज्ञः = यज्ञ, रिष्यति = नष्ट हुन्छ, रिष्यन्तम् = नष्ट हुन लाग्दा, यजमानः = यजमान, अनुरिष्यति = पछि लागेर नष्ट हुन्छ, सः = त्यो यजमान, इष्ट्वा = त्यसरी यज्ञ गरेर, पापीयान् = ज्यादै पापी, भवति = हुन्छ ।

स० वा०—ती दुइमध्ये एउटा मनोरूप मार्गलाई यज्ञमा वरिएका ब्रह्मा विवेक ज्ञानयुक्त मनले संस्कार गर्दछन्, अर्को वाणीरूप मार्गलाई होता, अध्वर्यु र उद्गाता वाणीले संस्कार गर्दछन् । अतः यज्ञमा वाक् र मन संस्कार गरिएको हुनुपर्दछ । प्रातरनुवाकनामक शस्त्र (स्तोत्रविशेष) प्रारम्भ गरेपछि परिधानीया नामक ऋचाको उच्चारण हुनुभन्दा पहिले ब्रह्माले मौनभङ्ग गर्छ भने एउटा मार्ग (वाणीरूप) मात्र संस्कार गरिएको हुन्छ, अर्को एउटा (ब्रह्माले संस्कार गरेको मनोरूप) मार्ग नष्ट हुन्छ । तब जसरी एउटा गोडा भएको मानिस हिंड्न लाग्दा लड्दछ, अथवा एक पाङ्ग्रा भएको रथ चल्न लाग्दा ढल्दछ यस्तै गरी यस यजमानको यज्ञ पनि एउटा

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक् रूप मार्गले टिक्न नसक्ता नष्ट हुने हुन्छ। त्यति मात्र हैन, यज्ञ नष्ट हुँदा त्यसका पछि लागेर यजमान समेत नष्ट हुन्छ। त्यो त्यसरी यज्ञ गरेर ज्यादै पापी हुन्छ।

ब्रह्माको मौन पालनाले यज्ञको प्रतिष्ठा

अथ यत्रोपाकृते प्रातरनुवाके न पुरा परिधानीयाया ब्रह्मा व्यववदत्युभे एव वर्तनी सꣳस्कुर्वन्ति न हीयतेऽन्यतरा ॥ ४ ॥

स यथोभयपाद्व्रजन् रथो वोभाभ्यां चक्राभ्यां वर्तमानः प्रतितिष्ठत्येवमस्य यज्ञः प्रतितिष्ठति यज्ञं प्रतितिष्ठन्तं यजमानोऽनुप्रतितिष्ठति स इष्ट्वा श्रेयान् भवति ॥ ५ ॥

द० प०—अथ=अर्को पक्षमा, यत्र=यदि, प्रातरनुवाके=प्रातरनुवाकनामक शस्त्र, उपाकृते=प्रारम्भ गरेपछि, परिधानीयायाः=परिधानीया नामक ऋचा (को उच्चारण हुनु) भन्दा, पुरा=अघि, सः=त्यो ब्रह्मा, न व्यववदति=मौनभङ्ग गर्दैन (त) उभे एव=दुवै, वर्तनी=मार्ग, संस्कुर्वन्ति = संस्कार गर्दछन्, अन्यतरा= एउटा (पनि), न हीयते=नष्ट हुँदैन, यथा=जसरो, उभयपाद्=दुवै गोडा भएको मानिस, वा = अथवा, उभाभ्याम्=दुइ, चक्राभ्याम्=चक्रले, वर्तमानः=रहेको, रथः = रथ, व्रजन्=चल्न लाग्दा, प्रतितिष्ठति = अडिरहेको हुन्छ, एवम्=यसै गरी, अस्य=यस (यजमान) को, यज्ञः=यज्ञ, प्रतितिष्ठति=(अविकल रूपमा) अडिरहन्छ, (साथै) यज्ञम्=यज्ञ, प्रतितिष्ठन्तम्=साबूत अडिरहँदा, यजमानः=यजमान, अनुप्रतितिष्ठति=त्यै अनुसार अडिरहन्छ, सः=त्यो यजमान, इष्ट्वा = यज्ञ गरेर, श्रेयान् = श्रेष्ठ, भवति=हुन्छ।

स० वा०—यदि त प्रातरनुवाक नामक शस्त्र प्रारम्भ गरेपछि परिधानीया ऋचाको उच्चारण हुनुभन्दा अघि ब्रह्माले मौनभङ्ग गर्दैन (नबोली रहन्छ) भने सबै ऋत्विक्ले दुवै मार्ग संस्कार गरिएको हुन्छ, एउटा मार्ग पनि हीन हुँदैन। जसरी दुवै गोडा भएको मानिस वा दुइ पाङ्ग्रा भएको रथ चल्न लाग्दा अडिरहन्छ—ढल्दैन, यसै गरी यस यजमानको यज्ञ अविकल भई अडिरहन्छ, यज्ञ अडिरहँदा यजमान पनि त्यसैका अनुसार अडिरहन्छ—सुप्रतिष्ठित रहन्छ, तथा त्यो यजमान यज्ञ गरेर श्रेष्ठ हुन्छ।

चौथो अध्यायमा सोह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तदश खण्ड

यज्ञदोषको प्रायश्चित्तरूपले व्याहृतिहरूको उपासना

सम्बन्ध—ब्रह्माले नियतकालसम्म मौन धारण गर्नुपर्छ भन्ने विधान गरियो। कदाचित् त्यो नियम भङ्ग भई कर्म नाश हुने भएमा र अरू होता आदि ऋत्विक्हरूको पनि कुनै त्रुटिले कर्म नाश हुने भएमा व्याहृतिले होम गर्नु प्रायश्चित्त हुन्छ। त्यस निमित्त व्याहृतिहरूको विधान गर्नु छ र भन्दछ—

प्रजापतिर्लोकानभ्यतपत्तेषां तप्यमानानाꣳ रसान् प्रावृहदग्निं पृथिव्या वायुमन्तरिक्षादादित्यं दिवः ॥ १ ॥

द० प०—प्रजापतिः=प्रजापतिले, लोकान्=लोकहरूलाई (लक्ष्य गरेर), अभ्यतपत्=ध्यानरूप तप गरे, (अनि) तप्यमानानाम्=तपिएका, तेषाम्=तिनी (लोकहरू) को, रसान्=रस (साररूप), प्रावृहत्=झिके, (कुन कसबाट ?) पृथिव्याः=पृथ्वीबाट, अग्निम्=अग्नि, अन्तरिक्षात्=अन्तरिक्षबाट, वायुम्=वायु, दिवः=द्युलोकबाट, आदित्यम्=सूर्य।

स० वा०—प्रजापतिले सार झिक्ने इच्छाले लोकहरूलाई लक्ष्य गरेर ध्यानरूप तप गरे। तपिएका ती लोकहरूबाट साररूप रस निकाले। कुन कसबाट त ? भने, पृथिवीबाट अग्नि, अन्तरिक्षबाट वायु र द्युलोक (स्वर्ग) बाट सूर्य।

स एतास्तिस्रो देवता अभ्यतपत्तासां तप्यमानानाꣳ रसान्प्रावृहदग्ने-र्ऋचो वायोर्यजूꣳषि सामान्यादित्यात् ॥ २ ॥

द० प०—(फेरि) सः=ती प्रजापतिले, एताः=यी, तिस्रः=तीन, देवताः=देवताहरूलाई, (लक्ष्य गरेर) अभ्यतपत्=ध्यानरूप तप गरे, तप्यमानानाम्=तपिएका=तासाम्=ती देवताहरूका, रसान्=साररूप रस, प्रावृहत्=निकाले, (के के कस-कसबाट ?) अग्नेः=अग्निबाट, ऋचः=ऋक्, वायोः=वायुबाट, यजूंषि=यजु, आदित्यात्=सूर्यबाट, सामानि=साम।

स० वा०—ती प्रजापतिले यी तीन देवतालाई लक्ष्य गरेर ध्यानरूप तप गरे। अनि तपिएका ती देवताहरूबाट साररूप रस निकाले। कस-कसबाट कुन-कुन त ? भने, अग्निबाट ऋक्, वायुबाट यजु, सूर्यबाट साम।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स एतां त्रयीं विद्यामभ्यतपत्तस्यास्तप्यमानाया रसान्प्रावृहद्भूरित्यृग्भ्यो भुवरिति यजुर्भ्यः स्वरिति सामभ्यः ।। ३ ।।

तद्यदृक्तो रिष्येद्भूः स्वाहेति गार्हपत्ये जुहुयादृचामेव तद्रसेनर्चां वीर्येणर्चां यज्ञस्य विरिष्टꣳ संदधाति ।। ४ ।।

द० प०—(तदनन्तर) सः=ती प्रजापतिले, त्रयीम् विद्याम्=त्रयी विद्या (वेद) लाई (लक्ष्य गरेर), अभ्यतपत्=ध्यानरूप तप गरे, तप्यमानायाः=तपिएका, तस्याः = त्यस (त्रयी विद्या) बाट, रसान् = साररूप रस, प्रावृहत् = निकाले, (कस-कसबाट कुन-कुन ?) ऋग्भ्यः = ऋक्हरूबाट, भूः इति = 'भूः' यो, यजुर्भ्यः = यजुहरूबाट, भुवः इति = 'भुवः' यो, सामभ्यः = सामहरूबाट, स्वः इति = 'स्वः' यो, (अतः) तत् = त्यस यज्ञमा, यदि = यदि, ऋक्तः = ऋक्का कारण, रिष्येत् = क्षति भएको रहेछ भने, 'भूः स्वाहा इति = 'भूः स्वाहा' यसो भनेर, गार्हपत्ये = गार्हपत्य अग्निमा, जुहुयात् = हवन गरोस्, ऋचाम् = ऋग्वेद-संबन्धी, यज्ञस्य = यज्ञको, विरिष्टम् = क्षतलाई, ऋचाम् एव = ऋक्हरूकै, रसेन = रसले, ऋचाम् = ऋक्हरूको, वीर्येण = ओजले, संदधाति = जोडिदिन्छ (पूर्त्ति गरिदिन्छ) ।

स० वा०—त्यसपछि प्रजापतिले त्रयी विद्या (वेद) लाई लक्ष्य गरेर ध्यान-रूप तप गरे । अनि तपिएका त्रयी विद्याबाट साररूप रस निकाले । कस-कसबाट कुन-कुन त ? भने, ऋक्बाट 'भूः', यजुबाट 'भुवः', सामबाट 'स्वः' । अतः त्यो यज्ञ यदि ऋग्वेदका सम्बन्धबाट क्षतिमा प्राप्त भएको रहेछ भने 'भूः स्वाहा' भनी गार्हपत्य अग्निमा हवन गर्नू । ऋग्वेद-सम्बन्धी यज्ञको क्षतलाई ऋचाहरूकै रसले र ऋचाहरूकै ओजले जोडिदिन्छ--पूर्त्ति गरिदिन्छ ।

अथ यदि यजुष्टो रिष्येद्भुवः स्वाहेति दक्षिणाग्नौ जुहुयाद्यजुषामेव तद्रसेन यजुषां वीर्येण यजुषां यज्ञस्य विरिष्टꣳ संदधाति ।। ५ ।।

द० प०—अथ = तथा, यदि = यदि, यजुष्टः = यजुर्वेदसंबन्धबाट, रिष्येत् = यज्ञक्षतिमा प्राप्त भएको रहेछ भने, 'भुवः स्वाहा इति' = 'भुवः स्वाहा' यसो भनेर, दक्षिणाग्नौ = दक्षिणाग्निमा, जुहुयात् = हवन गरोस्, यजुषाम् = यजुर्वेदसम्बन्धी, यज्ञस्य = यज्ञको, विरिष्टम् = क्षतिलाई, यजुषाम् एव = यजुहरूकै, रसेन = रसले, यजुषाम् = यजुहरूकै, वीर्येण = ओजले, संदधाति = जोडिदिन्छ (पूर्त्ति गरिदिन्छ) ।

स० वा०--तथा यदि यजुर्वेदका सम्बन्धबाट यज्ञ क्षतमा प्राप्त भएको रहेछ भने, 'भुवः स्वाहा' भनेर दक्षिणाग्निमा हवन गर्नू । यजुर्वेद-सम्बन्धी यज्ञको क्षतलाई यजुर्वेदकै रसले र यजुर्वेदकै ओजले जोडिदिन्छ--पूर्त्ति गरिदिन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ यदि सामतो रिष्येत्स्वः स्वाहेत्याहवनीये जुहुयात्साम्नामेव तद्रसेन साम्नां वीर्येण साम्नां यज्ञस्य विरिष्टꣳ संदधाति ॥ ६ ॥

द० प०—अथ=तथा, यदि=यदि, सामतः=सामवेदबाट, रिष्येत्=यज्ञ क्षतमा प्राप्त भएको रहेछ भने, स्वः स्वाहा इति='स्वः स्वाहा' यसो भनेर, आहवनीये=आहवनीय अग्निमा, जुहुयात्=हवन गरोस्, साम्नाम्=सामवेद-सम्बन्धी, यज्ञस्य=यज्ञको, विरिष्टम्=क्षतलाई, साम्नाम् एव=सामहरूकै, रसेन=रसले, साम्नाम्=सामका, वीर्येण=ओजले, संदधाति=जोडिदिन्छ—(पूर्त्ति गरिदिन्छ)।

स० वा०—तथा यदि सामवेदका सम्बन्धबाट यज्ञ क्षतमा प्राप्त भएको रहेछ भने 'स्वः स्वाहा' भनी आहवनीय अग्निमा हवन गर्नू। सामवेद-सम्बन्धी यज्ञको क्षतलाई सामवेदकै रसले एवं सामवेदकै ओजले जोडिदिन्छ—पूर्त्ति गरिदिन्छ।

विद्वान् ब्रह्माको विशिष्टता

तद्यथा लवणेन सुवर्णꣳ संदध्यात्सुवर्णेन रजतꣳ रजतेन त्रपु त्रपुणा सीसꣳ सीसेन लोहं लोहेन दारु दारु चर्मणा ॥ ७ ॥

एवमेषां लोकानामासां देवतानामस्यास्त्रय्या विद्याया वीर्येण यज्ञस्य विरिष्टꣳ संदधाति भेषजकृतो ह वा एष यज्ञो यत्रैवंविद्ब्रह्मा भवति ॥ ८ ॥

द० प०—तत्=त्यस विषयमा, (यस्तो बुझ्नुपर्छ—) यथा=जसरी, लवणेन=क्षार पदार्थ (स्वाग) ले, सुवर्णम्=सुनलाई, संदध्यात्=जोड्ला, सुवर्णेन=सुनले, रजतम्=चाँदीलाई, रजतेन=चाँदीले, त्रपु=राङलाई, त्रपुणा=राङले, सीसम्=सीसालाई, सीसेन=सीसाले, लोहम्=फलामलाई, लोहेन=फलामले, दारु=काठलाई, (अथवा) चर्मणा=छालाले, दारु=काठलाई, संदध्यात्=जोड्ला, एवम्=यसै गरी, एषाम्=यी, लोकानाम्=लोकहरूको, आसाम्=यी, देवतानाम्=देवताहरूको, अस्याः=यो, त्रय्याः विद्यायाः=वेदविद्याको, वीर्येण=ओजले, यज्ञस्य=यज्ञको, विरिष्टम्=क्षतलाई, संदधाति=जोडिदिन्छ, एषः=यो, यज्ञः=यज्ञ, ह वै=निस्सै, भेषजकृतः=औषधीहरूले नीरोग पारिएको जस्तो हुन्छ, यत्र=जुन यज्ञमा, एवंवित्=यस्तो (प्रायश्चित्त) जान्ने, ब्रह्मा=ब्रह्मा, भवति=हुन्छ।

स० वा०—त्यस विषयमा यस्तो बुझ्नुपर्दछ—जस्तो स्वागले सुन सुनले, चाँदी चाँदीले, राङ राङले, सीसा सीसाले, फलाम, फलामले वा छालाले काठ जोडिन्छ, त्यसै गरी यी लोकहरूको, यी देवताहरूको यस वेदविद्याको ओजले यज्ञको क्षत (खत)

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जोडिदिन्छ। यो यज्ञ निस्सै औषधीले नीरोग पारिए जस्तो हुन्छ, जुन यज्ञमा कि यस्तो व्याहृति-प्रायश्चित्तको ज्ञाता ब्रह्मा हुन्छ।

एष ह वा उदक्प्रवणो यज्ञो यत्रैवंविद्ब्रह्मा भवत्येवंविदꣳ ह वा एषा ब्रह्माणमनुगाथा यतो यत आवर्तते तत्तद्गच्छति ॥ ९ ॥

द० प०—एषः=यो, यज्ञः=यज्ञ, ह वै=निस्सै, उदक्प्रवणः=उत्तरतिर भिरालो भएको, [भवति]=हुन्छ, यत्र=जुन यज्ञमा, एवंवित्=यस्तो जान्ने, ब्रह्मा=ब्रह्मा, भवति=हुन्छ, एवंविदम्=यस्तो जान्ने, ब्रह्माणम्=ब्रह्मा-प्रति, एषा=यो, अनुगाथा, प्रशंसाको गीत छ, यतः यतः=जुन-जुन कर्मप्रदेशबाट, आवर्त्तते=(क्षत भएर यज्ञ) दोहरिन्छ, तत् तत्=त्यस-त्यस क्षतलाई, [प्रतिसंदधत्] =जोड्दै, गच्छति=जान्छ, पालन गर्छ।

स० वा०—यो यज्ञ निस्सै उत्तरतिर भिरालो भएको अर्थात् उत्तर मार्ग प्राप्तिको हेतु हुन्छ। जुन यज्ञमा यस्तो जान्ने ब्रह्मा हुन्छ। यस्तो जान्ने ब्रह्माप्रति यो प्रशंसाको गीत छ—जुन-जुन कर्मप्रदेशबाट क्षत भएर यज्ञ दोहरिन्छ, त्यस-त्यस क्षतलाई जोडिदिंदै पालन गर्दछ।

मानवो ब्रह्मैवैक ऋत्विक्कुरूनश्वाभिरक्षत्येवंविद्ध वै ब्रह्मा यज्ञं यजमानꣳसर्वाꣳश्चर्त्विजोऽभिरक्षति तस्मादेवंविदमेव ब्रह्माणं कुर्वीत नानेवंविदं नानेवंविदम् ॥ १० ॥

द० प०—मानवः=मौन अथवा मनन गर्ने, एकः=एउटा, ब्रह्मा एव= ब्रह्मा नै, ऋत्विक्=ऋत्विक् हो, (युद्धमा) अश्वा=घोडीले, कुरून्=कर्ता (योद्धा) हरूलाई, अभिरक्षति=रक्षा गर्दछे, एवंविद्=यस्तो जान्ने, ब्रह्मा= ब्रह्माले, यज्ञम्=यज्ञलाई, यजमानम्=यजमानलाई, च=र, सर्वान्=सबै, ऋत्विजः =ऋत्विक्हरूलाई, अभिरक्षति=रक्षा गर्दछ, तस्मात्=त्यसकारण, एवंविदम् एव=यस्तो जान्ने नै, ब्रह्माणम्=ब्रह्मा, कुर्वीत=बनाओस्, अनेवंविदम्=यस्तो नजान्नेलाई, ब्रह्माणम्=ब्रह्मा, न कुर्वीत=नबनाओस्।

स० वा०—मौन वा मनन गर्ने ब्रह्मा नै एक ऋत्विक् हो। लडाइँमा घोडीले आफ्ना पीठमा चढेका लडाकूलाई रक्षा गर्दछे। यसै गरी उक्त प्रायश्चित्तादि जान्ने ब्रह्माले यज्ञ, यजमान र समस्त ऋत्विक्हरूलाई पालन गर्दछ। त्यसो हुनाले यस्तै जानिफकारलाई ब्रह्मा बनाउनू। यस्तो नजान्नेलाई नबनाउनू।

चौथो अध्यायमा सत्रौं खण्ड समाप्त

चतुर्थ अध्याय समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चम अध्याय

प्रथम खण्ड

सम्बन्ध—गत अध्यायमा सगुणब्रह्मविद्याको उत्तरायण मार्गरूप गति कहियो। अब यो पाँचौं अध्यायमा पञ्चाग्निवेत्ता गृहस्थको र अरू विद्यामा निष्ठा राख्ने श्रद्धालु ऊर्ध्वरेताहरूको त्यै (उत्तरी मार्ग) गतिको अनुवाद गरेर केवल कर्मपरायण पुरुषको दक्षिण दिशा-सम्बन्धी पुनरावृत्तिरूप धूमादि मार्ग अनि तेस्रो त्योभन्दा पनि कष्टतर संसार-गति वैराग्यका निमित्त बताइनुपर्नेछ। अतः यो ग्रन्थ आरम्भ गरिन्छ। वाक् आदिभन्दा प्राण श्रेष्ठ छ, प्राण नै संवर्ग हो, इत्यादि धेरै प्रकारले गएका ग्रन्थमा प्राणको ग्रहण भएको छ, वाक् आदिमा सबै मिलेर काम गर्नेपन समानै हुँदाहुँदै पनि प्राण नै श्रेष्ठ कसरी भयो ? र त्यो उपासनीय भयो ? यस शङ्काको निवारण गर्ना· निमित्त त्यस प्राणको श्रेष्ठत्व आदि गुण बताउन यो लगत्तै आउँदो ग्रन्थ आरम्भ गरिन्छ।

ज्येष्ठ श्रेष्ठादि गुणको उपासना

यो ह वै ज्येष्ठं च श्रेष्ठं च वेद ज्येष्ठश्च ह वै श्रेष्ठश्च भवति प्राणो वाव ज्येष्ठश्च श्रेष्ठश्च ॥ १ ॥

द० प०—यः=जो, ह वै=निश्चयसाथ, श्रेष्ठम्=जेठो, च=र, ज्येष्ठम्=उत्तमलाई, वेद = जान्दछ, [सः] = त्यो, ज्येष्ठः = जेठो र श्रेष्ठः = उत्तम, ह वै= निस्सै, भवति = हुन्छ, प्राणः = प्राण, वाव = निश्चयले, ज्येष्ठः = जेठो, च=र, श्रेष्ठः = उत्तम, च=पनि (छ)।

स० वा०—जो उमेरले जेठो र गुणले उत्तम वस्तुलाई निश्चयसाथ जान्दछ, त्यो उमेरले जेठो र गुणले उत्ताम निस्सै हुन्छ। कुन हो त त्यो वस्तु ? भने प्राण हो। त्यो उमेरले जेठो छ, किनभने पुरुष गर्भमा रहँदा प्राणको वृत्ति वाक् आदि इन्द्रिय-हरूको भन्दा पहिले नै लब्धस्वरूप हुन्छ जसले कि गर्भ बढ्दछ। वाक् आदिका वृत्तिको लाभ त आँखा आदि इन्द्रियस्थान र अवयव बनिसकेपछि मात्र हुन्छ। यस-कारण प्राण अरू इन्द्रियहरूभन्दा जेठो छ। श्रेष्ठत्वचाहिँ अव्वल घोडाको दृष्टान्तद्वारा प्रतिपादन गरिनेछ। अतः यस कार्यकारण संघातमा प्राण नै उमेरले जेठो र गुणले उत्तम छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो ह वै वसिष्ठं वेद वसिष्ठो ह स्वानां भवति वाग्वाव वसिष्ठः ॥ २ ॥

द० प०—यः=जो, वसिष्ठम्=वेसरी ढाकिदिनेलाई, ह वै=निश्चयसाथ, वेद=जान्दछ [सः]=त्यो, स्वानाम्=आत्मीय जनहरूमध्ये, वसिष्ठः=खूब ढाक्ने, ह=निस्सै, भवति=हुन्छ, वाक्=वाक् इन्द्रिय, वाव=निस्सै, वसिष्ठः=बेसरी ढाक्ने छ ।

स० वा०—जो वसिष्ठ (बेसरी ढाक्ने) लाई निश्चयसाथ जान्दछ, त्यो आपस्त जनहरूमध्ये वसिष्ठ नै हुन्छ । के हो त त्यो ? भने वाक् इन्द्रिय नै वसिष्ठ हो । किनभने बोलैया पुरुषहरू अरूहरूलाई ढाकिदिन्छन्—दबाइदिन्छन् ।

यो ह वै प्रतिष्ठां वेद प्रति ह तिष्ठत्यस्मिꣳश्च लोकेऽमुष्मिꣳश्च चक्षुर्वाव प्रतिष्ठा ॥ ३ ॥

द० प०—यः = जो, ह वै = निश्चयसाथ, प्रतिष्ठाम्=प्रतिष्ठालाई, वेद = जान्दछ [सः] = त्यो, अस्मिन् लोके=यस लोकमा, च=र, अमुष्मिन् लोके=परलोकमा, च=पनि, ह=निस्सै, प्रतितिष्ठति=प्रतिष्ठित हुन्छ, चक्षु=चक्षु इन्द्रिय, वाव=अवश्य, प्रतिष्ठा = प्रतिष्ठा हो ।

स० वा०—जो निश्चयसाथ प्रतिष्ठालाई जान्दछ त्यो अवश्य यस लोक र परलोकमा प्रतिष्ठित हुन्छ । के हो त प्रतिष्ठा ? भने, चक्षु इन्द्रिय नै प्रतिष्ठा हो । प्राणी आँखाले देखेर नै अनुकूल प्रतिकूल स्थलमा रहन सक्तछ ।

यो ह वै संपदं वेद सꣳ हास्मै कामाः पद्यन्ते दैवाश्च मानुषाश्च श्रोत्रं वाव संपत् ॥ ४ ॥

द० प०—यः=जो, ह वै=निश्चयसाथ, संपदम्=संपद्लाई, वेद=जान्दछ, अस्मै=यसलाई, ह=अवश्य, दैवाः=देवसंबन्धी, च=र, मानुषाश्चः=मनुष्यसम्बन्धी, च=पनि, कामाः=अभीष्ट वस्तुहरू, संपद्यन्ते = प्राप्त हुन्छन् । श्रोत्रम्=कर्णेन्द्रिय, वाव=अवश्य, संपत्=हो ।

स० वा०—जो निश्चयसाथ संपत्लाई जान्दछ, त्यसलाई अवश्य देवसम्बन्धी र मनुष्यसम्बन्धी अभीष्ट वस्तु मिल्दछन् । के हो त त्यो संपत् ? भने, कर्णेन्द्रिय नै संपद् हो, कानले नै सुनेर वेदहरू पढिन्छन् र अर्थज्ञान गरिन्छन् अनि कर्महरू गरिन्छन् र तिनबाट अभिलषित वस्तु मिल्दछन् ।

यो ह वा आयतनं वेदायतनꣳ ह स्वानां भवति मनो ह वा आयतनम् ॥ ५ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यः=जो, ह वै=निश्चयसाथ, आयतनम्=आयतनलाई, वेद=जान्दछ, [सः]=त्यो, ह=निस्सै, स्वानाम्=आत्मीय जनको, आयतनम्=आश्रय, भवति=हुन्छ, मनः=मन, ह वै=निश्चयले, आयतनम्=आश्रय हो ।

स० वा०—जो निश्चयसाथ आयतनलाई जान्दछ त्यो अवश्य आत्मीय जनको आश्रय हुन्छ । के हो त त्यो आयतन ? भने मन नै आयतन हो । किनभने भोक्ताका निमित्त इन्द्रियहरूले ल्याइएका प्रतीतिरूप विषयको आश्रय मन नै छ ।

इन्द्रियहरूको विवाद

अथ ह प्राणाः अहꣳ श्रेयसि व्यूदिरेऽहꣳ श्रेयानस्म्यहꣳ श्रेयानस्मीति ॥ ६ ॥

द० प०—अथ=अर्को कुरा थालिन्छ, प्राणाः=सामान्य प्राण (इन्द्रियहरू), अहम्=म, श्रेयान्=ठूलो, अस्मि=छु, अहम्=म, श्रेयान्=ठूलो, अस्मि=छु, इति=यसरी, अहं श्रेयसि=आफू ठूलो हुने प्रसङ्गमा, व्यूदिरे=विवाद गर्न लागे, ह=प्रसिद्ध छ ।

स० वा०—अब अर्को कुरा—एक समय इन्द्रियहरूले 'म ठूलो छु, म ठूलो छु' भनी आपसमा आफू ठूलो हुने प्रसङ्गमा विवाद गरे ।

प्रजापतिको निर्णय

ते ह प्राणाः प्रजापतिं पितरमेत्योचुर्भगवन्को नः श्रेष्ठ इति तान् होवाच यस्मिन्व उत्क्रान्ते शरीरं पापिष्ठतरमिव दृश्येत स वः श्रेष्ठ इति ॥ ७ ॥

द० प०—(अनि) ते=ती, प्राणाः=इन्द्रियहरूले, पितरम्=बाबु, प्रजापतिम्=प्रजापतिछेउ, एत्य=गएर, इति=यसो, ऊचुः=भने, ह=कुरा प्रसिद्ध छ, भगवन्=पूज्य ! नः=हामीहरूमध्ये, कः=को, श्रेष्ठः=उत्तम छ ? (प्रजापतिले) तान्=तिनीहरूलाई, ह=निश्चयसाथ, इति=यसो, उवाच=भने, वः=तिमीहरूमध्ये, यस्मिन्=जो, उत्क्रान्ते=शरीरबाट निक्लेमा, शरीरम्=शरीर, पापिष्ठतरम् इव=अत्यन्त पापी जस्तो अर्थात् ज्यादै अपवित्र, दृश्येत=देखिएला, सः=त्यो, वः=तिमीहरूमध्ये, श्रेष्ठः=उत्तम हो ।

स० वा०—अनि ती इन्द्रियहरूले बाबु प्रजापतिछेउ गएर भने—'पूज्य ! हामीहरूमध्ये को श्रेष्ठ छ ?' अनि तिनीहरूलाई प्रजापतिले निश्चयसाथ भनिदिए—'तिमीहरूमध्येमा शरीरबाट जो निक्लँदा शरीर अत्यन्त पापी जस्तो अर्थात् ज्यादै अपवित्र देखिन्छ त्यो तिमीहरूमा श्रेष्ठ हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक् इन्द्रियको परीक्षा

सा ह वागुच्चक्राम सा संवत्सरं प्रोष्य पर्येत्योवाच कथमशकतर्ते मज्जीवितुमिति ? यथा कला अवदन्तः प्राणन्तः प्राणेन पश्यन्तश्चक्षुषा शृण्वन्तः श्रोत्रेण ध्यायन्तो मनसैवमिति प्रविवेश ह वाक् ॥ ८ ॥

द० प०--अनि, सः=त्यो, वाक्=वाक् इन्द्रिय, उच्चक्राम=शरीरबाट निक्ल्यो, ह = यो भएको कुरा हो, सा=त्यो, वाक्=वाक् इन्द्रिय, संवत्सरम्=वर्ष-भरि, प्रोष्य = परदेशमा बसेर, पर्येत्य=फर्केर, इति=यसो, उवाच=भन्यो, मत् ऋते=म-बेगर, जीवितुम्=बाँच्न, कथम् = कसरी, अशकत=सक्यौ ? (तब इन्द्रिय-हरूले भने—) यथा = जसरी, कलाः=लाटाहरू, अवदन्तः = नबोलीकन, प्राणेन= प्राणद्वारा, प्राणन्तः = जीउँदै, चक्षुषा = आँखाले, पश्यन्तः=हेर्दै, श्रोत्रेण = कानले, शृण्वन्तः=सुन्दै, मनसा = मनले, ध्यायन्तः=चिन्तन गर्दै रहन्छन्, एवम्=यसै गरी, (अनि) वाक् = वाक् इन्द्रिय, प्रविवेश = शरीरमा पस्यो, ह = यो भएको कुरा हो ।

स० वा०—अनि त्यो वाक् इन्द्रिय परीक्षा दिन शरीरबाट निक्ल्यो र वर्ष दिनभर परदेशमा बसी फर्केर आएर इन्द्रियहरूलाई सोध्यो—तिमीहरू म-विना कसरी जीउन सक्यौ ? इन्द्रियहरूले भने–जसरी लाटाहरू नबोलीकन प्राणले जीएर, आँखाले हेर्दै, कानले सुन्दै, मनले चिन्तन गर्दै रहन्छन्, त्यसै गरी जीउन सक्यौं । अनि आफू श्रेष्ठ नभएको बुझी वाक् इन्द्रिय शरीरभित्र प्रवेश गऱ्यो ।

चक्षु इन्द्रियको परीक्षा

चक्षुर्होच्चक्राम तत्संवत्सरं प्रोष्य पर्येत्योवाच कथमशकतर्ते मज्जीवितुमिति ? यथान्धा अपश्यन्तः प्राणन्तः प्राणेन वदन्तो वाचा शृण्वन्तः श्रोत्रेण ध्यायन्तो मनसैवमिति प्रविवेश ह चक्षुः ॥ ९ ॥

द० प०—(अनि) चक्षुः = चक्षु इन्द्रिय, उच्चक्राम = शरीरबाट निक्ल्यो, ह=यो, भएको कुरा हो, तत्=त्यो चक्षु, संवत्सरम् = वर्षभरि, प्रोष्य=परदेशमा बसी, पर्येत्य=फर्केर आई, इति = यसो, उवाच = भन्यो, मत् ऋते = म-विना, जीवितुम्=बाँच्न, कथम् = कसरी, अशकत = सक्यौ ? (तब इन्द्रियहरूले भने—) यथा = जसरी, अन्धाः = अन्धाहरू, अपश्यन्तः = नदेखीकन, प्राणेन = प्राणद्वारा, प्राणन्तः = जीउँदै, वाचा = वाणीले, वदन्तः = बोल्दै, श्रोत्रेण = कानले, शृण्वन्तः = सुन्दै, मनसा = मनले, ध्यायन्तः = चिन्तन गर्दै रहन्छन्, (यसै गरी बाँच्यौं) अनि चक्षु इन्द्रिय, प्रविवेश = शरीरमा प्रवेश गऱ्यो, ह = यो भएको कुरा हो ।

स० वा०—अनि चक्षु इन्द्रिय शरीरबाट निक्ल्यो र वर्षभरि परदेशमा बसी

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केर आएर भन्यो—म-बेगर तिमीहरू कसरी बाँच्न सक्यौ ? तब इन्द्रियहरूले जवाफ दिए—जसरी अन्धाहरू नदेखीकन प्राणले जिएर वाणीले बोल्दै, कानले सुन्दै, मनले चिन्तन गर्दै रहन्छन्, त्यसै गरी बाँच्यौं । यति सुनेपछि चक्षु इन्द्रिय आफू श्रेष्ठ नभएको बुझी शरीरभित्र प्रवेश गऱ्यो । हऱ्यो भएको कुरा हो ।

श्रोत्र इन्द्रियको परीक्षा

श्रोत्रं होच्चक्राम तत्संवत्सरं प्रोष्य पर्येत्योवाच कथमशकतर्ते मज्जीवितुमिति ? यथा बधिरा अशृण्वन्तः प्राणन्तः प्राणेन वदन्तो वाचा पश्यन्तश्चक्षुषा ध्यायन्तो मनसैवमिति प्रविवेश ह श्रोत्रम् ॥ १० ॥

द० प०—(अनि) श्रोत्रम् = कर्णेन्द्रिय, उच्चक्राम = शरीरबाट निक्ल्यो, ह=हो, तत् = त्यो कर्णेन्द्रिय, संवत्सरम् = वर्षभरि, प्रोष्य = परदेशमा बसी, पर्येत्य = फर्केर आई, उवाच = भन्यो, मत् ऋते = म-बेगर, जीवितुम् = बाँच्न, कथम् = कसरी, अशकत = सक्यौ ? (तब इन्द्रियहरूले भने-) यथा = जसरी, बधिराः = बहिराहरू, अशृण्वन्तः = नसुनीकन, प्राणेन = प्राणद्वारा, प्राणन्तः = जीउँदै, वाचा = वाणीले, वदन्तः = बोल्दै, चक्षुषा = आँखाले, पश्यन्तः = हेर्दै, मनसा = मनले, ध्यायन्तः = चिन्तन गर्दै रहन्छन्, एवम् = यसै गरी, (अनि) श्रोत्रम् = श्रोत्रेन्द्रिय, प्रविवेश = शरीरभित्र पस्यो; ह = यो भएको कुरा हो ।

स० वा०—अनि कर्णेन्द्रिय शरीरबाट निक्ल्यो र वर्षभरि परदेशमा बसी फर्केर आई इन्द्रियहरूलाई सोध्यो । तिमीहरू म-विना कसरी जीउन सक्यौ ? इन्द्रियहरूले भने--जसरी बहिराहरू नसुनीकन प्राणले जीएर, वाणीले बोल्दै, आँखाले हेर्दै, मनले चिन्तन गर्दै रहन्छन्, त्यसै गरी जीउन सक्यौं । यो सुनेर कर्णेन्द्रिय आफू श्रेष्ठ नभएको बुझी शरीरभित्र प्रवेश गऱ्यो ।

मनको परीक्षा

मनो होच्चक्राम तत्संवत्सरं प्रोष्य पर्येत्योवाच कथमशकतर्ते मज्जीवितुमिति ? यथा बाला अमनसः प्राणन्तः प्राणेन वदन्तो वाचा पश्यन्तश्चक्षुषा शृण्वन्तः श्रोत्रेणैवमिति प्रविवेश ह मनः ॥ ११ ॥

द० प०—(अनि) मनः = मन, उच्चक्राम = शरीरबाट निक्ल्यो, ह = हो, तत् = त्यो मन, संवत्सरम् = वर्षभरि, प्रोष्य = परदेशमा बसी, पर्येत्य = फर्केर आएर, इति = यसो, उवाच = भन्यो, मत् ऋते = म-विना, जीवितम् = बाँच्न, कथम् = कसरी, अशकत = सक्यौ, (तब इन्द्रियहरूले भने—) यथा = जसरी, अमनसः = मन विकसित नभएका, बालाः = बालकहरू, प्राणेन = प्राणले, प्राणन्तः =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीउँदै, वाचा =वाणीले, वदन्तः=बोल्दै, चक्षुषा = आँखाले, पश्यन्तः = हेर्दै, श्रोत्रेण = कानले, शृण्वन्तः = सुन्दै रहन्छन्, एवम् = यसै गरी, इति = अनि । मनः = मन, प्रविवेश = शरीरभित्र पस्यो, ह = यो भएको कुरा हो ।

स० वा०—अनि मन शरीरबाट निक्लेर वर्ष दिनभरि परदेशमा बसी फर्केर आएर इन्द्रियहरूलाई सोध्यो—तिमीहरू म-विना कसरी बाँच्न सक्यौ ? इन्द्रियहरूले भने—जसरी मन विकसित नभएका बालकहरू प्राणले जीउँदै, वाक् इन्द्रियले बोल्दै, आँखाले हेर्दै, कानले सुन्दै रहन्छन्, त्यसै गरी जीउन सक्यौं । यो सुनेर मन आफू श्रेष्ठ नभएको बुझी शरीरभित्र पस्यो ।

प्राणको परीक्षा र विजय

अथ ह प्राण उच्चिक्रमिषन्स यथा सुहयः षड्वीशशङ्कून् संखिदेदेवमितरान्प्राणान्समखिदत्तꣳ हाभिसमेत्योचुर्भगवन्नेधि त्वं नः श्रेष्ठोऽसि मोत्क्रमीरिति ॥ १२ ॥

द० प०—अथ = अनि, प्राणः = प्राण, उच्चक्रमिष्यन् = शरीरबाट निक्लन लाग्दा, सः = त्यो, यथा = जसरी, सुहयः=असल (पानीदार) घोडा, पड्वीशशङ्कून्= खुट्टा बाँध्ने कीलाहरूलाई, संखिदेत्=उखेलिदिन्छ, एवम् = यसै गरी, इतरान् = अरू, प्राणान् = इन्द्रियहरूलाई, समखिदत् = शरीरबाट निकालिदियो, ह = भएको कुरा हो, (तब ती समस्त इन्द्रियहरू) तम् = त्यस मुख्य प्राणका, अभिसमेत्य = सामुमा गएर, इति = यसो, ऊचुः = भने–'भगवन् = हे मान्य प्राण ! एधि = मालिक हुनुहोस्, त्वम् = तपाईं, नः = हामीहरूमा, श्रेष्ठः = उत्तम, असि = हुनुहुन्छ, मा उत्क्रमीः = ननिकल्नुहोस् ।

स० वा०--अनि प्राण शरीरबाट निक्लन लाग्दा जस्तो असल पानीदार घोडा जाँच्नालाई चढेका सवारले कोर्रा लाउँदा खुट्टा बाँध्ने कीलै उखेलिदिन्छ, त्यस्तै गरी इन्द्रियहरूलाई शरीरबाट निकालिदियो । तब सब इन्द्रियहरू त्यस प्राणका सामु गएर प्रार्थना गरे—हे मान्य ! तपाईं हाम्रा मालिक हुनुहोस्, तपाईं हामीहरूमा श्रेष्ठ हुनुहुन्छ, शरीरबाट ननिक्लनुहोस् ।

इन्द्रियहरूद्वारा प्राणको स्तुति

अथ हैनं वागुवाच यदहं वसिष्ठोऽस्मि त्वं तद्वसिष्ठोऽसीत्यथ हैनं चक्षुरुवाच यदहं प्रतिष्ठास्मि त्वं तत्प्रतिष्ठासीति ॥ १३ ॥

अथ हैनꣳ श्रोत्रमुवाच यदहꣳ संपदस्मि त्वं तत्संपदसीत्यथ हैनं मन उवाच यदहमायतनमस्मि त्वं तदायतनमसीति ॥ १४ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ=यसपछि, एनम्=यस (प्राण) लाई, वाक्=वाक् इन्द्रियले, इति=यसो, उवाच=भन्यो, अहम् =म, यत्=जुन, वसिष्ठः=वसिष्ठ, अस्मि=छु, त्वम्=तपाईं, तद्=त्यै, वसिष्ठः=वसिष्ठ, असि=हुनुहुन्छ, ह=हो, अथ=अनि, एनम्=यस प्राणलाई, चक्षुः=चक्षु इन्द्रियले, इति=यसो, उवाच=भन्यो, अहम्=म, यत्=जो, प्रतिष्ठा=प्रतिष्ठा, अस्मि=छु, त्वम्=तपाईं, तत्=त्यै प्रतिष्ठा, असि=हुनुहुन्छ, ह=हो, अथ=अनि, एवम्=यस प्राणलाई श्रोत्रम्=कर्णेन्द्रियले, इति=यसो, उवाच=भन्यो, अहम्=म, यत्=जुन, संपद्=संपद्, अस्मि=छु, त्वम्=तपाईं, तद्=त्यै, संपद्=संपद्, असि=हुनुहुन्छ, ह=हो, अथ=अनि एनम्=यस (प्राण) लाई, मनः=मनले, इति=यसो, उवाच=भन्यो, अहम्=म, यत्=जो, आयतनम्=आयतन, अस्मि=छु, त्वम्=तपाइँ, तद्=त्यो, आयतनम्=आयतन, असि=हुनुहुन्छ, ह=हो ।

स० वा०—यसपछि प्राणलाई वाक् इन्द्रियले भन्यो—म जो वसिष्ठ छु, तपाइँ त्यै वसिष्ठ हुनुहुन्छ । अनि यसलाई चक्षु इन्द्रियले भन्यो—म जो प्रतिष्ठा छु, तपाइँ त्यै प्रतिष्ठा हुनुहुन्छ । अनि यसलाई श्रोत्र इन्द्रियले भन्यो—म जो संपत् छु, तपाइँ त्यै संपत् हुनुहुन्छ । अनि यसलाई मनले भन्यो—म जो आयतन छु, तपाइँ त्यै आयतन हुनुहुन्छ ।

न वै वाचो न चक्षूꣳषि न श्रोत्राणि न मनाꣳसीत्याचक्षते प्राणा इत्येवाचक्षते प्राणो ह्येवैतानि सर्वाणि भवति ॥ १५ ॥

द० प०—(लोकमा) वै=निश्चय हो कि, न वाचः=न वाणी, न चक्षूंषि=न चक्षु, न श्रोत्राणि=न श्रोत्र, न मनांसि=न मन, इति=भनी, आचक्षते=भन्दछन्, (किन्तु) प्राणाः इति='प्राण' भनी, आचक्षते=भन्दछन्, हि=ठीक हो प्राणः एव=प्राण नै, एतानि=यी, सर्वाणि=समस्त इन्द्रिय, भवति=हुन्छ ।

स० वा०—लोकमा शास्त्रज्ञहरू वाक् आदि करणहरूलाई न 'वाक्', न 'चक्षु' न 'श्रोत्र' र न 'मन' भन्दछन् किन्तु 'प्राण' भन्दछन् । हुन पनि हो—प्राण नै यी सब इन्द्रियहरू भएको हो ।

टिप्पणी—यहाँ यो शङ्का अवश्य उठ्छ कि—वाक् आदि प्राणहरूले चेतनायुक्त पुरुषहरूले झैं आफ्नो श्रेष्ठताका निमित्त विवाद गर्दै परस्पर स्पर्धा गर्नु कसरी संभव हुन्छ ? किनभने वाक् इन्द्रियलाई छोडेर चक्षु आदि प्रत्येकले बोल्नु संभव छैन । त्यस्तै शरीरबाट निक्लेर हिंड्नु, फेरि पस्नु, ब्रह्माकहाँ जानु अथवा प्राणको स्तुति गर्नु यो कुनै पनि उपपन्न हुन सक्तैन । समाधान—अग्नि आदि चेतनायुक्त देवताहरूबाट अधिष्ठित भएकाले वाक् आदिको चेतनावत्व त शास्त्रबाट नै सिद्ध छ । वस्तुतः यहाँ वाक् आदिको संवाद अन्वय-व्यतिरेकले प्राणको श्रेष्ठता निर्धारण गर्नानिमित्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पना गरिएको हो । जस्तो लोकमा मानिसहरू आफ्नो श्रेष्ठताका निमित्त परस्पर विवाद गर्दै कुनै गुणविशेषज्ञसँग सोद्धछन्—हामीमा श्रेष्ठ को हो ? अनि त्यो ज्ञाताले भनिदिन्छ कि तिमीहरूले एक-एक गरेर यो काम सिद्ध गर्न उद्यम गर, जुनधाहिंबाट यो काम सिद्ध हुन्छ त्यै तिमीहरूमा श्रेष्ठ हो । अनि ती प्रत्येकले त्यसै गरी उद्योग गरेपछि आफ्नो वा अर्काको श्रेष्ठत्व निश्चय गर्दछन् । त्यस्तै व्यवहार श्रुतिले वाक् आदिमा कल्पना गरेको हो । उसको आशय हो—अरू (इन्द्रियहरू) नरहे पनि जीवन रहेको देखिन्छ, प्राण नभए जीवन रहेको देखिंदैन भन्ने बोध भई उपासकलाई प्राण-को श्रेष्ठता सुनिश्चित होओस् ।

पाँचौं अध्यायमा पहिलो खण्ड समाप्त

द्वितीय खण्ड

प्राणलाई अन्न-निर्देश

स होवाच किं मेऽन्नं भविष्यतीति यत्किञ्चिदिदमा श्वभ्य आ शकुनिभ्य इति होचुस्तद्वा एतदनस्यान्नमनो ह वै नाम प्रत्यक्षं न ह वा एवंविदि किञ्चनानन्नं भवतीति ॥ १ ॥

द० प०—ह=यो अघि भएको कुरा हो, सः=त्यो मुख्य प्राणले, इति =यसो, उवाच=भन्यो, मे=मेरो, अन्नम्=खानेकुरा, किम् = के, भविष्यति= हुनेछ, (वाक् आदि इन्द्रियले) आ श्वभ्यः = कुकुरसम्म (र), आ शकुनिभ्यः= चरा-चुरुङ्गीसम्म, इदम्=यो, यत्किञ्चित् = जुनसुकै पनि (खाद्य हुनेछ), इति= यसो, ऊचुः = भने, ह=हो, वै=प्रसिद्ध छ, एतद्=यो, अनस्य=प्राणको, अन्नम्=खाद्य कुरा हो, अन इति='अन' यो, ह वै = निश्चयले, प्रत्यक्षम् = प्रत्यक्ष, नाम = प्राणको नाम हो, एवंविदि = यस्तो जान्नेमा, किञ्चन = केही, अनन्नम् अखाद्य, ह वै = निस्सै, न भवति = हुँदैन ।

स० वा०—मुख्य प्राणले भन्यो—मेरो खानेकुरा के हुनेछ ? वाक् आदि इन्द्रियहरूले भने—कुकुर एवं चराचुरुङ्गीसम्मका पनि प्राणीहरूको जो खाद्य छ,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो जुनसुकै पनि तिम्रो खाद्य हुनेछ । (हुन पनि) त्यो यो सबै अनको अन्न हो, 'अन' यो निस्सै प्राणको नाम हो । यस्तो जान्नेका प्रति कुनै कुरा पनि अनन्त (अखाद्य) हुँदैन ।

प्राणलाई वस्त्रको—निर्देश

स होवाच किं मे वासो भविष्यतीत्याप इति होचुस्तस्माद्वा एतद्-शिष्यन्तः पुरस्ताच्चोपरिष्टाच्चाद्भिः परिदधति लम्भुको ह वासो भवत्यनग्नो ह भवति ॥ २ ॥

द० प०—सः=त्यो (प्राण)ले, इति = यसो, उवाच = भन्यो, मे = मेरो, वासः = आच्छादन (लुगा), किम् = के, भविष्यति = हुनेछ ? (वाक् आदि इन्द्रिय-हरूले) आपः इति = पानी भनेर, ह = निश्चयसाथ, ऊचुः = भने, तस्मात् = त्यस-कारणले, एतत् = यो अन्न, अशिष्यन्तः = खान आँट्ता, पुरस्तात् = पहिले (र), उपरिष्टात् = पछि, अद्भिः = पानीले, परिदधति = परिधान गर्दछन्, (त्यसले गर्दा), ह = निश्चयसाथ, वासः = लुगा, लम्भुकः = पाउने, (र) ह = निस्सै, अनग्नः = नाङ्गो नरहने (पछ्यौरा ओढेको), भवति = हुन्छ ।

स० वा०—त्यो प्राणले भन्यो—मलाई लुगा के हुनेछ ? वाक् आदि इन्द्रियहरूले भने—पानी । यसै कारणले भोजन गर्न लाग्दा अघिबाट र पछिबाट जलले ढाक्ने गर्दछन् । जसले कि त्यो प्राण अधोवस्त्र पाएको र पछ्यौरासहितको हुन्छ ।

टिप्पणी—यो भोजनका अगाडि र पछाडि गरिने आचमनमा वस्त्र दृष्टि गर्ने विधान हो । वस्त्रार्थ भनेर फेरि छुट्टै आचमन गर्नुपर्ने कुरा होइन ।

प्राणविद्याको स्तुति

तद्धैतत्सत्यकामो जाबालो गोश्रुतये वैयाघ्रपद्यायोक्त्वोवाच यद्यप्येतच्छुष्काय स्थाणवे ब्रूयाज्जायेरन्नेवास्मिञ्छाखाः प्ररोहेयुः पलाशानीति ॥ ३ ॥

द० प०—तद् ह = त्यै, एतत् = यो, प्राणदर्शन, जाबालः = जबालाका छोरा, सत्यकामः = सत्यकामले, वैयाघ्रपद्याय=व्याघ्रपात्का छोरा, गोश्रुतये = गोश्रुतिलाई, उक्त्वा = बताएर, इति = यसो, उवाच = भने, एतत् = यो प्राणदर्शन, शुष्काय = सुकेका, स्थाणवे = ठुटालाई, ब्रूयात् यद्यपि = बतायो भने पनि, अस्मिन् = यस ठुटामा, शाखाः=हाँगाहरू, जायेरन् = उब्जलान्, पलाशानि = पातहरू, प्ररोहेयुः = पलाउलान्, (जिउँदा पुरुषलाई बताउँदा त के भन्नु पर्ला र ?)

स० वा०—त्यै यो प्राणदर्शन जबालाका छोरा सत्यकामले व्याघ्रपाद्का छोरा

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोश्रुतिलाई बताएर भनेका थिए—यो प्राणदर्शन सुकेका ठुटालाई बताए पनि त्यसमा हांगा उब्जलान्, पात पलाउलान्, जीवित पुरुषलाई बताएमा यथोक्त फल-लाभका विषयमा त के भन्नुपर्छ ?

मन्थकर्म

सम्बन्ध—यथोक्त-प्राणदर्शन-वेत्ताका निमित्त यो मन्थनामक कर्म आरम्भ गरिन्ल।

अथ यदि महज्जिगमिषेदमावास्यायां दीक्षित्वा पौर्णमास्याᳫं रात्रौ सर्वौषधस्य मन्थं दधिमधुनोरुपमथ्य ज्येष्ठाय श्रेष्ठाय स्वाहेत्यग्नावाज्यस्य हुत्वा मन्थे संपातमवनयेत् ॥ ४ ॥

द० प०—अथ = यसपछि, यदि = यदि, (प्राणदर्शनको वेत्ता) महत् = महत्वमा, जिगमिषेत्= प्राप्त हुन खोज्ला (त), अमावास्यायाम् = औंसीमा, दीक्षित्वा = भूमिशयनादि नियम गरेर, पौर्णमास्याम् = पूर्णिमामा, रात्रौ = रातमा, सर्वौषधस्य = सब किसिमका धान्य (अनाज पदार्थ) हरूको, मन्थम् = पीठालाई, दधिमधुनो = दही र मह (सहित), उपमथ्य = मथन गरेर, 'ज्येष्ठाय श्रेष्ठाय स्वाहा' = ज्येष्ठ श्रेष्ठलाई हवि प्रदान गर्दछु, इति = यसो भनी, अग्नौ = आवसथ्य अग्निमा, आज्यस्य = घिउ, हुत्वा = हवन गरेर, संपातम् = संस्रव (सुराको घृतशेष) लाई, मन्थे = मन्थमा, अवनयेत् = चुहाओस् ।

स० वा०—यसपछि प्राणदर्शनको वेत्ता महत्त्वमा प्राप्त हुन खोज्दछ भने औंसीमा दीक्षित जस्तो सत्यवचन-ब्रह्मचर्य-भूमिशयनादि-नियमवान् भएर पूर्णिमामा रातमा संपूर्ण ग्राम्य आरण्य यथालभ्य सबै अनाजको थोरै-थोरै परिमाणको पीठो तयार गरी दही र मह हाली मथन गरेर 'ज्येष्ठाय श्रेष्ठाय स्वाहा' = ज्येष्ठ श्रेष्ठलाई हविर्दान गर्दछु भनी आवसथ्य अग्निमा घिउ हवन गरेर स्रुवको घृतशेष त्यस मन्थ (मथेर तयार गरिएको सर्वौषधको पीठो) मा चुहाउनू ।

वसिष्ठाय स्वाहेत्यग्नावाज्यस्य हुत्वा मन्थे संपातमवनयेत्प्रतिष्ठायै स्वाहेत्यग्नावाज्यस्य हुत्वा मन्थे संपातमवनयेत्संपदे स्वाहेत्यग्नावाज्यस्य हुत्वा मन्थे संपातमवनयेदायतनाय स्वाहेत्यग्नावाज्यस्य हुत्वा मन्थे संपातमवनयेत् ॥ ५ ॥

द० प०—(यै प्रकारले) वसिष्ठाय स्वाहा इति = वसिष्ठलाई हविर्दान गर्दछु भनी, अग्नौ = आवसथ्य अग्निमा, आज्यस्य = घिउ, हुत्वा = होमेर, संपातम् = स्रुवको घृतशेष, मन्थे = मन्थमा, अवनयेत् = चुहाओस्, (एवम्) प्रतिष्ठायै स्वाहा

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति = प्रतिष्ठालाई हवि दिन्छु भनी, अग्नौ = अग्निमा, आज्यस्य = घिउ, हुत्वा = होमेर, संपातम् = स्रुवको घृतशेष, मन्थे = मन्थमा, अवनयेत् = चुहाओस्, (तथा) संपदे स्वाहा इति = संपत्लाई हवि प्रदान गर्दछु भनी, अग्नौ = अग्निमा, आज्यस्य = घिउ, हुत्वा = होमेर, संपातम् = स्रुवको घृतशेष, मन्थे = मन्थमा, अवनयेत् = चुहाओस्, (एवम्) आयतनाय स्वाहा इति = आयतनलाई हविदान गर्दछु भनी, अग्नौ = अग्निमा, आज्यस्य = घिउ, हुत्वा = होमेर, संपातम् = स्रुवको घृतशेष, मन्थे = मन्थमा, अवनयेत् = चुहाओस् ।

स० वा०—यसै गरी क्रमशः [संस्कृतै वाक्यवाट] वसिष्ठलाई हविर्दान गर्दछु, प्रतिष्ठालाई हविर्दान गर्दछु, संपत्लाई हविर्दान गर्दछु, आयतनलाई हविर्दान गर्दछु भनी आवसथ्य अग्निमा घिउ होम्नू, साथै हरएक पटकको होमपछि स्रुवको घृतशेष मन्थमा चुहाउनू ।

अथ प्रतिसृप्याञ्जलौ मन्मथाधाय जपत्यमो नामास्यमा हि ते सर्वमिदꣳ स हि ज्येष्ठः श्रेष्ठो राजाधिपतिः स मा ज्यैष्ठ्यꣳ श्रैष्ठ्यꣳ राज्यमाधिपत्यं गमयत्वहमेवेदꣳ सर्वमसानीति ॥ ६ ॥

द० प०—अथ = अनि, प्रतिसृप्य = अग्निदेखि थोरै हटेर, मन्थम् = मन्थ, अञ्जलौ = अँजुलीमा, आधाय = लिएर, इति = यसो ('अमोनाम' देखि 'असानि' सम्मको वाक्य) जपति = जप्तछ [यसको अर्थ छ–] (हे मन्थ ! तँ) अमो नाम = 'अम' नामवाला, असि = छस्, हि = यसकारणले कि, इदम् = यो, सर्वम् = समस्त जगत्, ते = (आफ्नो प्राणभूत) तेरा, अमा = साथमा छ, (अतः) सः = त्यो (तँ प्राणभूत मन्थ) ज्येष्ठः = जेठो, च = र, श्रेष्ठः = उत्तम, (अतएव) राजा = दीप्तिमान्, अधिपतिः = अधिष्ठान भएर पालन गर्नेछस्, सः = त्यो प्राणभूत मन्थ, मा = ममा, ज्यैष्ठ्यम् = जेठोपन, श्रैष्ठ्यम् = उत्तमपन, राज्यम् = चमक, आधिपत्यम् = आधार भएर पाल्नेपन, गमयतु = प्राप्त गराओस्, अहम् एव = म नै, इदम् = यो, सर्वम् = सबै, असानि = हुँ ।

स० दा०—अनि अग्निदेखि अलि पछि हटेर मन्थलाई अँजुलीमा लिएर, यो 'अमो नाम' देखि 'असानि' सम्मको मन्त्रवाक्य जप्नू । [त्यसको अर्थ छ—] हे मन्थ ! तँ 'अम' नामवाला छस्, किनभने यो सबै जगत् आफ्नो प्राणभूत तेरा साथमा छ । अतः त्यो (प्राणभूत मन्थरूप तँ जेठो, उत्तम, चमकदार, सबको आधार भएर पालन गर्नेछस् । अतः त्यो प्राणभूत मन्थले ममा जेठोपन, उत्तमपन, चमक, आधार भैकन सबैलाई पाल्नेपन प्राप्त गराओस् । म नै प्राण जस्तो यो सब जगत् हुँ ।

अथ खल्वेतयर्चा पच्छ आचामति । तत्सवितुर्वृणीमह इत्याचामति । वयं देवस्य भोजनमित्याचामति । श्रेष्ठꣳ सर्वधातममित्याचमति । तुरं भगस्य

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धीमहीति सर्वं पिबति। निर्णिज्य कꣳ सं चमसं वा पश्चादग्नेः संविशति चर्मणि वा स्थण्डिले वा वाचंयमोऽप्रसाहः। स यदि स्त्रियं पश्येत्समृद्धं कर्मेति विद्यात् ॥ ७ ॥

द० प०—अथ = यसपछि, एतया = यो, ऋचा = ऋचाले, पच्छः = पाउपिछे, आचामति =मन्थभक्षण गर्दछ, सवितुः=प्राणरूप सूर्यको, तत्=त्यो (भोजन), वृणीमहे=प्रार्थना गर्दछौं, इति=यो वाक्य जपेर, (मन्थको एक गाँस) आचामति= खान्छ, वयम्=हामी, देवस्य=प्रकाशशील सूर्यको, भोजनम्=खानेकुरा, [यसको अघिल्लो मन्त्रसँग सन्बन्ध छ] इति=यति जपेर, आचामति=(अर्को गाँस) खान्छ, श्रेष्ठम् = सब अन्नभन्दा उत्तम, सर्वधातमम् = समस्त जगत्को अतिशय धारणकर्ता, [यसको संबन्ध पूर्व मन्त्रको 'भोजनम्' सँग छ] इति=यो वाक्यांश जपेर, आचामति=(अर्को गाँस) खान्छ, भगस्य = सविता देवताको (स्वरूप), तुरम्=शीघ्र नै, धीमहि=ध्यान गरौं, इति=यो मन्त्र जपेर, कंसम्=पानपात्र, वा=अथवा, चमसम्=यज्ञपात्र आकारको भाँडो, निर्णिज्य=पखालेर, सर्वम्=सबै, पिबति= पिउँछ, (अनि) अग्नेः=अग्निका, पश्चात्=पश्चिमतिर, प्राक्शिराः=पूर्व सिरान गरेर, वाचंयमः=नबोलीकन, अप्रसाहः=चित्तलाई संयममा राखेर, संविशति=सुत्तछ, (यसरी सुत्ता), सः=त्यो मन्थकर्मी (स्वप्नमा), स्त्रियम् स्त्रीलाई,=पश्येत्=देख्ला (त), कर्म=कर्म, समृद्धम्=पूर्ण भएको, विद्यात्=जानोस् ।

स० वा०—यसपछि यो ऋचाले पाउपिच्छे मन्थ भक्षण गर्दछ। (१) 'प्राणरूप सूर्यको भोजन प्रार्थना गर्दछौं' यस अर्थको मन्त्रले एक गाँस मन्थ खान्छ, (२) 'हामी प्रकाशशील सूर्यको खानेकुरा प्रार्थना गर्दछौं' यस अर्थको मन्त्रले अर्को गाँस खान्छ, (३) 'सब अन्नभन्दा उत्तम समस्त जगत्लाई सर्वश्रेष्ठरूपले धारण गर्ने, भोजन प्रार्थना गर्दछौं,' यस अर्थको मन्त्रले अर्को गाँस खान्छ, अनि (४) 'सूर्य देवको शीघ्र नै ध्यान गरौं' यस अर्थको मन्त्रले पानपात्र वा यज्ञपात्र आकारको पात्र (जेमा मन्थ राखेको हो) पखालेर सबै पान गर्दछ। यसपछि अग्निदेखि पश्चिमपट्टि मृगहरूका छालामा वा खाली जमीनमा पूर्व सिरान गरेर नबोलीकन चित्त संयममा राखेर सुत्तछ। त्यसले सपनामा स्त्रीलाई देखेछ भने कर्म पूर्ण भएको जान्नू ।

टिप्पणी—हवन गर्दा भन्नुपर्ने मन्त्रवाक्य क्रमशः यी हुन् :—(१) 'तत्सवितुर्वृणीमहे', (२) 'वयं देवस्य भोजनम्', (३) 'श्रेष्ठं सर्वधातमम्', (४) 'तुरं भगस्य धीमहि' ।

तदेष श्लोको यदा कर्मसु काम्येषु स्त्रियꣳ स्वप्नेषु पश्यति समृद्धिं तत्र जानीयात्तस्मिन्स्वप्ननिदर्शने तस्मिन्स्वप्ननिदर्शने ॥ ८ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—तत्=त्यस विषयमा, एषः=यो, श्लोकः=मन्त्र छ, यदा=जब, काम्येषु=कामना सिद्ध गर्नानिमित्तका, कर्मसु=कर्महरूमा, स्वप्ने=सपनामा, स्त्रियम्=स्त्रीलाई, पश्यति=देख्तछ, तत्र=ती कर्महरूमा, तस्मिन्=त्यो, स्वप्न-निदर्शने=स्त्री आदि असल स्वप्न देखेमा, समृद्धिम्=कर्मको फलप्राप्ति, (हुन्छ भनी) जानीयात्=जानोस् ।

स० वा०—त्यस विषयमा यो मन्त्र छ—जब कामना सिद्धिनिमित्तक कर्महरू चलेका वेलामा सपनामा स्त्रीलाई देख्तछ भने त्यस कर्मको फलप्राप्ति हुन्छ भनी जान्नू ।

पाँचौं अध्यायमा दोस्रो खण्ड समाप्त

●

तृतीय खण्ड

पाञ्चालहरूका सभामा श्वेतकेतु

सम्बन्ध—मुमुक्षुहरूलाई वैराग्यका निमित्त ब्रह्मादेखि लिएर घाँसका गाँज-सम्मका संसार-गति बताउनुपर्नेछ भनेर आख्यायिका आरम्भ गरिन्छ ।

श्वेतकेतुर्हारुणेयः पञ्चालानाꣳ समितिमेयाय तꣳह प्रवाहणो जैवलि-रुवाच कुमारानु त्वाशिषत्पितेत्यनु हि भगव इति ॥ १ ॥

द० प०—ह=यो अघि भएको कुरा हो, आरुणेयः=आरुणिका छोरा, श्वेतकेतुः=श्वेतकेतु, पञ्चालानाम्=पञ्चाल देशीयहरूका, समितिम्=सभामा, एयाय=आए, तम्=तिनीलाई, जैवलिः=जीबलका छोरा, प्रवाहणः=प्रवाहणले, इति=यसो, उवाच=भने, कुमार=हे कुमार ! पिता=पिताले, त्वा=तिमीलाई, अन्वशिक्षत्=शिक्षा दिएका छन् ? (श्वेतकेतुले भने—) भगवः=भगवन् !, हि=अवश्य, अनु [शिष्टः अस्मि]=शिक्षा गरिएको छु ।

स० वा०—यो अघि भएको कुरा हो । आरुणिका छोरा श्वेतकेतु पञ्चाल-देशका निवासीहरूका सभामा आएका थिए । तिनीलाई जीबलका छोरा प्रवाहणले

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने—कुमार ! तिमीलाई तिम्रा पिताले शिक्षा दिएका छन् ? श्वेतकेतुले भने—भगवन् ! अवश्य शिक्षा गरिएको छु ।

प्रवाहणको प्रश्न

वेत्थ यदितोऽधि प्रजाः प्रयन्तीति ? न भगव इति। वेत्थ यथा पुनरावर्तन्त ३ इति ? न भगव इति। वेत्थ पथोर्देवयानस्य पितृयाणस्य च व्यावर्तना ३ इति ? न भगव इति ॥ २ ॥

द० प०—प्रजाः=जनहरू, इतः = यस लोकबाट, अधि = माथितिर, यत्= जहाँ, प्रयन्ति=जान्छन्, तत्=त्यो ठाउँ, वेत्थ=जान्दछौ ? इति=यस्तो (प्रवाहणले सोधे), भगवः=भगवन्, न = जान्दिनँ, इति=यस्तो (श्वेतकेतुले जवाफ दिए), यथा=जसरी, पुनः=फेरि, आवर्त्तन्ते=आउँदछन्, (त्यो कुरा), वेत्थ=जान्दछौ ? इति = यस्तो (प्रवाहणले सोधे) भगवः=भगवन्, न=जान्दिनँ, इति = यसो (श्वेतकेतुले भने, देवयानस्य=देवयान र, पितृयाणस्य=पितृयानका, पथोः = यी दुई बाटाको, ब्यावर्तता = छुट्टिने ठाउँलाई, वेत्थ=जान्दछौ, इति=यसो (प्रवाहणले सोधे—), न = जान्दिनँ, इति=यसो (श्वेतकेतुले उत्तर दिए) ।

स० वा०—प्रवाहणले सोधे—मनुष्यहरू यस लोकबाट माथितिर जहाँ जान्छन्, त्यो ठाउँ जान्दछौ ? श्वेतकेतुले उत्तर दिए--भगवन् ! अँहँ। प्रवाहण—ती फेरि जसरी फर्कन्छन् त्यो कुरा थाह छ ? श्वेतकेतु—पूज्य ! थाहा छैन । प्रवाहण–सँगै चल्ने देवयान र पितृयान यी दुइ बाटा जहाँबाट छुट्टिन्छन्, त्यो जान्दछौ ? श्वेतकेतु--भगवन् ! जान्दिनँ ।

वेत्थ यथासौ लोको न संपूर्यत ३ इति ? न भगव इति। वेत्थ यथा पञ्चम्यामाहुतावापः पुरुषवचसो भवन्तीति, नैव भगव इति ॥ ३ ॥

द० प०—असौ=त्यो (पितृसंबन्धी), लोकः=लोक, यथा=जसरी, न संपूर्यते= भनिदैन (त्यो), वेत्थ=जान्दछौ, इति=यस्तो, प्रवाहणले प्रश्न गरे। न भगवः= जान्दिनँ भगवन् ! इति=यसरी, श्वेतुकेतुले उत्तर दिए ! पञ्चम्याम्=पाचौं, आहुतौः= आहुति, (हुतायाम्) होमिएपछि, आपः = पानी, यथा=जसरी, पुरुषवचसः = पुरुष-संज्ञक, भवन्ति = हुन्छन्, (त्यो), वेत्थ=जान्दछौ, इति=यो प्रश्न (प्रवाहणले गरे) भगवः=भगवन्, न एव=अवश्य जान्दिनँ, इति=यसरी श्वेतकेतुले उत्तर दिए।

स० वा०—प्रवाहण—त्यो पितृसंबन्धी यमलोक असंख्य मानिस जांदा पनि जसरी भरिंदैन, त्यो जान्दछौ ? श्वेतकेतु--भगवन् ! जान्दिनँ । प्रवाहण—अग्नि-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होत्रमा पाँचौं आहुति होमेपछि ती होमिएका द्रव पदार्थ जसरी पुरुषनामका हुन्छन्, त्यो जान्दछौ ? श्वेतकेतु—भगवन् ! जान्दिनँ ।

प्रवाहणबाट पराभूत श्वेतकेतु आफ्ना बाबुकहाँ आउनु

अथानु किमनुशिष्टोऽवोचथा यो हीमानि न विद्यात्कथꣳ सोऽनुशिष्टो ब्रवीतेति । स हायस्तः पितुरर्धमेयाय तꣳ होवाचाननुशिष्य वाव किल मा भगवानब्रवीदनु त्वाशिषमिति ॥ ४ ॥

द० प०—अथ = अनि, किम् = किन, अनुशिष्टः = शिक्षा पाएको हुँ, अवोचथाः = भन्यौ त ? हि = किनभने, यः = जो, इमानि = यी, कुरा, नविद्यात् = जानोइन, सः = त्यो, कथम् = कसरी, अनुशिष्टः = शिक्षा पाएको छु, ब्रुवीत = भन्ला, इति = यसो (प्रवाहणले भने) (यसरी राजाले) आयस्तः = खिन्न पारिएका, सः = ती श्वेतकेतु, पितुः = बाबुको, अर्धम् = वासस्थानमा, एयाय = आए, तम् = तिनी (बाबु) लाई, इति = यसो, उवाच = भने, भगवान् = पूज्य यहाँले, मा = मलाई, अननुशिष्य = शिक्षा नदिईकन, वाव = नै, अब्रवीत् किल = भन्नुभयो क्यार, त्वा = तिमीलाई, अन्वशिषम् = शिक्षा दिएँ ।

स० वा०—अनि प्रवाहणले भने—किन शिक्षा पाएको छु भन्यौ त ? किनभने, जो यी कुरा जानोइन, त्यो कसरी 'शिक्षा पाएको छु' भन्ला ? यसरी राजाले खिन्न पारिएका श्वेतकेतु बाबुका वासस्थानमा आए र उनलाई भने—पूज्य, यहाँले मलाई शिक्षा नदिईकन भन्नुभएछ क्यार 'तिमीलाई शिक्षा दिएँ' ।

पञ्च मा राजन्यबन्धुः प्रश्नानप्राक्षीत्तेषां नैकञ्चनाशकं विवक्तुमिति स होवाच यथा मा त्वं तदैतानवदो यथाहमेषां नैकञ्चन वेद यद्यहमिमानवेदिष्यं कथं ते नावक्ष्यमिति ॥ ५ ॥

द० प०—किनभने, राजन्यबन्धुः = क्षत्रियहरू बन्धु भएको एक व्यक्तिले, मा = मलाई, पञ्च = पाँच, प्रश्नान् = प्रश्न, अप्राक्षीत् = सोध्यो, तेषाम् = तिनीहरूमध्ये, एकञ्चन = कुनै एउटा पनि, विवक्तुम् = अर्थतः निर्णय गर्न, न अशकम् = सकिनँ, (अनि) सः = ती आरुणिले, ह = निश्चयसाथ, इति = यस्तो, उवाच = भने, तदा = त्यस बखत, त्वम् = तिमीले, मा = मलाई, यथा = जस्तो, अवदः = भनेका थियौ, यथा = जस्तो कि, अहम् = मैले, एषाम् = यी प्रश्नहरूमध्ये, एकञ्चन = एउटा पनि, न वेद = जानिनँ, [तथा मां जानीहि] = त्यस्तै मलाई जान. अर्थात् म पनि ती प्रश्नको उत्तर जान्दिनँ, यदि = यदि, अहम् = म, अवेदिष्यम् = जान्दो हुँ त, ते = तिमी (पुत्र) लाई, कथम् = कसरी, न अवक्ष्यम् = नबताउँदो हुँ ?

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—किनभने, क्षत्रियहरू बन्धु हुने त्यो एक व्यक्तिले मलाई पाँच प्रश्न सोध्यो। तीमध्ये एउटालाई पनि अर्थतः निर्णय गर्न सकिनँ। अनि पिता आरुणिले भने—बाबू ! त्यति वेला (आउनासाथ) तिमीले मलाई जस्तो भनेका थियौ—जस्तो कि—'यी प्रश्नहरूमध्ये एकको निर्णय गर्न सकिनँ' त्यस्तै मलाई जान, म पनि ती प्रश्नको समाधान जान्दिनँ। यदि जान्दो हुँ त तिमी छोरालाई किन नबताउँदो हुँ ?

पिता र पुत्र प्रवाहणकहाँ आउनु

स ह गौतमो राज्ञोऽर्धमेयाय तस्मै ह प्राप्तायार्हाञ्चकार स ह प्रातः सभाग उदेयाय तꣳ होवाच मानुषस्य भगवन्गौतम वित्तस्य वरं वृणीथा इति। स होवाच तवैव राजन्मानुषं वित्तं यामेव कुमारस्यान्ते वाचमभाषथास्तामेव मे ब्रूहीति स ह कृच्छ्री बभूव ॥ ६ ॥

द० प०—(यसो भनेर) सः=ती, गौतमः=गौतम, राज्ञः = राजाको, अर्धम् = बासस्थानमा, एयाय = आए, प्राप्ताय = आएका, तस्मै = तिनलाई, अर्हाञ्चकार = सत्कार गरे, सः=ती आरुणि, प्रातः = बिहान, (राजा), सभागे = सभामा गएपछि, उदेयाय = समीपमा गए, तम् = तिनीलाई, (राजाले) उवाच = भने, भगवन्=पूज्य !, गौतम=गौतमजी !, मानवस्य=मनुष्यसम्बन्धी, वित्तस्य=ग्रामादिको, वरम् = वर, वृणीथाः = माग्नुहोस्, (अनि) सः = ती आरुणिले, उवाच = भने, राजन् = राजा !, मानुषम् = मनुष्यसम्वन्धी, वित्ताम् = धन, तव एव = तपाईंलाई नै होस्, (अनि के त ?) कुमारस्य=कुमार (मेरा छोरा) को, अन्ते = समीपमा, याम् = जुन, वाचम्=कुरा, अभाषथाः = भन्नुभयो, ताम् एव = त्यै कुरा, मे = मलाई, ब्रूहि=भन्नुहोस्, (तब) सः=ती राजा, कृच्छ्री = दुःखी, बभूव=भए।

स० वा०—यसो भनेर ती गौतम (आरुणि) राजाका भवनमा आए। आएका तिनीलाई राजाले सत्कार गरे। अनि भोलिपल्ट बिहान राजा सभामा गएपछि आरुणि उनका समीपमा गए। तिनीलाई राजाले भने—'पूज्य ! गौतमजी ! मनुष्यसम्बन्धी ग्रामादि सम्पत्तिमध्येको वर माँग्नुहोस्।' आरुणिले भने—'मनुष्यसम्वन्धी संपत्ति तपाईंकै साथ रहोस्। मलाई त मेरा छोरा-प्रति जुन पञ्चप्रश्नात्मक कुरा भन्नुभएको थियो, त्यै कुरा भन्नुहोस्। अनि त राजा प्रवाहण दुःखी भए—संकटमा परे।

टिप्पणी—संकट यस्तो कि—अभ्यागत ब्राह्मणलाई केही नदिई विमुख फर्काउनु पनि भएन, मनुष्य-योग्य धन-संपत्ति दिन खोज्दा उनी नचाहने। चाहने यै कि—छोरालाई सोधेकै देवयोग्य विद्या। यो विद्या भने अहिलेसम्म क्षत्रिय परम्परामा नै आइरहेको ब्राह्मणहरूमा नगएको हो। अब के गर्ने ? भन्ने।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवाहणको वर प्रदान

संबन्ध—पछिबाट 'ब्राह्मणलाई विद्या त दिनुपऱ्यो, तर विद्यादानको बिलकुलै नियम छोड्नचाहिं भएन' भन्ने ठहराएर—

तꣳह चिरं वसेत्याज्ञापयाञ्चकार त ꣳ होवाच यथा मा त्वं गौतमावदो यथेयं न प्राक् त्वत्तः पुरा विद्या ब्राह्मणान्गच्छति तस्मादु सर्वेषु लोकेषु क्षत्रस्यैव प्रशासनमभूदिति तस्मै होवाच ॥ ७ ॥

द० प०—तम्=तिनी (गौतम) लाई, ह=सम्बोधन गरेर, इति=यस्तो, आज्ञापयाञ्चकार=आज्ञा गरे, चिरम्=निकै समयसम्म, वस = बस्नुहोस्, (अनि) तम्=तिनीलाई, ह=निश्चयसाथ, उवाच=भने, गौतम=गौतमजी !, यथा=जस्तो, त्वम्=तपाइंले, मा=मसँग, अवदः=भन्नुभयो, ('त्यै विद्या दिनुहोस्', त्यसैले जान्नुहोस् कि ब्राह्मणमा यो विद्या रहेनछ ।) यथा = जुन प्रकारले, इयम्=यो विद्या, त्वत्तः=तपाइंभन्दा, प्राक्=पहिले, ब्राह्मणान्=ब्राह्मणहरूमा, न गच्छति=गएको थिएन, (त्यस्तै प्रसिद्ध पनि थियो), तस्मात् उ=त्यसै कारणले, पुरा=अघि, सर्वेषु= संपूर्ण, लोकेषु=लोकहरूमा, क्षत्रस्य एव=क्षत्रियकै, प्रशासनम्=प्रशिक्षण (यस विद्याले शिष्यहरूप्रति), अभूत् =भयो, इति=यसो भनेर, तस्मै=ती गौतमलाई, उवाच = विद्या बताए ।

स० वा०—ती गौतमलाई संबोधन गरेर राजा प्रवाहणले आज्ञा गरे—गौतमजी ! तपाइं निकै समय बस्नुहोस् । अनि फेरि भने—गौतमजी ! जस्तो मसँग तपाइंले भन्नुभयो 'त्यै विद्या बताउनुहोस्', यसैबाट तपाइं बुझ्नुहोस् कि यो विद्या ब्राह्मणहरूमा रहेनछ । जसरी यो विद्या तपाइंभन्दा पहिले ब्राह्मणमा गएको थिएन र ब्राह्मणहरू यस विद्याद्वारा प्रशिक्षण पनि गर्दैनथे, त्यस्तै लोकमा प्रसिद्ध पनि छ । त्यसै कारण अघि सबै लोकमा यो विद्याद्वारा क्षत्रियकै प्रशासन शिष्यहरू प्रति थियो । तैपनि म तपाइंलाई उपदेश गर्दछु र अब ब्राह्मणमा पनि यो विद्या जानेछ ।

पाँचौं अध्यायको तेस्रो खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ खण्ड

पञ्चम प्रश्नको उत्तर

संबन्ध—पांचौं आहुतिमा त्यो द्रव पदार्थ पुरुष शब्दवाच्य कसरी हुन्छ ? भन्ने पांचौं प्रश्नको समाधान पहिले गरिन्छ। कारण त्यस प्रश्नको समाधान भएपछि अरू प्रश्नको समाधान सुगम हुनेछ।

लोकरूपा अग्निविद्या

अग्निहोत्रजन्य अपूर्वको परिणामस्वरूप कार्यारम्भलाई पाँच प्रकारले भाग लगाएर अग्निभावले उपासना गर्नु उत्तरमार्ग प्राप्तिको साधन हुन्छ भन्ने विधान गर्ने मनसायले भन्दछ—

असौ वाव लोको गौतमाग्निस्तस्यादित्य एव समिद्रश्मयो धूमोऽहरर्चिश्चन्द्रमा अङ्गारा नक्षत्राणि विस्फुलिङ्गाः ॥ १ ॥

द० प०—गौतम=हे गौतम ! असौ=सो, लोकः=द्युलोक, वाव=अवश्य, अग्निः=अग्नि हो, तस्य=त्यसको, आदित्यः=सूर्य, एव=नै, समित्=समिधा हो, रश्मयः=किरणहरू, धूमः=धूवाँ हो, अहः=दिन, अर्चिः=ज्वाला हो, चन्द्रमाः=चन्द्रमा, अङ्गाराः=फिलिङ्गा हुन्, नक्षत्राणि=नक्षत्रहरू, विस्फुलिङ्गाः=झिल्का हुन्।

स० वा०—हे गौतम ! त्यो द्युलोक (स्वर्ग) अवश्य अग्नि हो, यहाँ अग्निहोत्रको आधार आहवनीय अग्नि भएजस्तै त्यसको सूर्य समिधा हो, (सूर्यले द्युलोक प्रदीप्त हुन्छ)। किरणहरू धूवाँ हो, (समिधाबाट नै धूवाँ उठ्छ)। दिन ज्वाला हो, (दुवैमा प्रकाश हुनाले समानता छ)। चन्द्रमा फिलिङ्गा हुन्, (दिन शान्त भएपछि स्पष्ट हुन्छ) नक्षत्रहरू झिल्का हुन् (यताउति छरिएका छन्)।

तस्मिन्नेतस्मिन्नग्नौ देवाः श्रद्धां जुह्वति तस्या आहुतेः सोमो राजा संभवति ॥ २ ॥

द० प०—तस्मिन्=त्यो, (कहिए-अनुसारको) एतस्मिन्=यो, अग्नौ=अग्निमा देवाः=देवताहरू, (अध्यात्मपट्टि यजमानका प्राणहरू, अधिदैवपट्टि अग्नि आदिहरू), श्रद्धाम्=अग्निहोत्रका आहुतिका परिणाम-अवस्थारूप सूक्ष्म जल, जुह्वति=होम्दछन्, तस्याः=त्यो, आहुतेः=आहुतिबाट, राजा=चमकदार, सोमः=चन्द्रमा, संभवति=उत्पन्न हुन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यो कहिएअनुसारको अग्निमा यजमानका प्राणरूप देवता (अधिदैवपट्टि अग्नि आदिरूप) श्रद्धाम् —श्रद्धा (अग्निहोत्रका आहुतिका परिणाम अवस्थारूप सूक्ष्मजल) लाई, होम्दछन् । त्यस आहुतिबाट चमकदार चन्द्रमा उत्पन्न हुन्छ, अर्थात् अग्निहोत्रका आहुतिको फलस्वरूप (कर्मकाण्डीले भोगिने) चन्द्रलोक तयार हुन्छ ।

पाँचौं अध्यायमा चौथो खण्ड समाप्त

पञ्चम खण्ड

पर्जन्यरूप अग्निविद्या

पर्जन्यो वाव गौतमाग्निस्तस्य वायुरेव समिदभ्रं धूमो विद्युदर्चिरशनिरङ्गारा ह्रादनयो विस्फुलिङ्गाः ।। १ ।।

द० प०—गौतम = हे गौतम, पर्जन्यः = वृष्टिका उपकरणहरूको अभिमानी देवता, वाव=निस्सै, अग्निः=अग्नि हो, तस्य = त्यसको, वायुः एव = वायु नै, समित् = समिधा हो, अभ्रम् = मेघ, धूमः = धूवाँ हो, विद्युत् = बिजुली, अर्चिः = ज्वाला हो, अशनिः = वज्र, अङ्गाराः=फिलिङ्गा हुन् । ह्रादनयः = गर्जनाहरू, विस्फुलिङ्गाः = झिल्का हुन् ।

स० वा०—हे गौतम ! पर्जन्य (वृष्टिका उपकरणहरूको अभिमानी देवता) निस्सै अग्नि हो । त्यसको वायु नै समिधा हो, (पर्जन्य वायुले प्रदीप्त हुन्छ) । पूर्वी बतासको प्रबलता भएमा वृष्टि भएको देखिन्छ । मेघ धूवाँ हो, (बादल धूवाँको कार्य हो) । बिजुली ज्वाला हो, (दुवैमा प्रकाशले समानता छ) वज्र फिलिङ्गाहरू हुन् । (ज्वालासँग फिलिङ्गा जस्तै बिजुलीसँग वज्र संबद्ध छ) । गर्जित शब्दहरू झिल्का हुन्, (दुवै यताउति फैलिने स्वभावका छन्) ।

तस्मिन्नेतस्मिन्नग्नौ देवाः सोमꣳ राजानं जुह्वति तस्या आहुतेर्वर्षꣳ संभवति ।। २ ।।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—तस्मिन्=त्यो कहिएअनुसारको, एतस्मिन्=यो, अग्नौ=अग्निमा, देवाः = देवताहरू, राजानम् = दीप्तिमान्, सोमम् = चन्द्रमालाई, जुह्वति=होम्दछन्, तस्याः = त्यस, आहुतेः = आहुतिबाट, वर्षम् = वर्षा, संभवति = हुन्छ ।

स० वा०—त्यस कहिएअनुसारको अग्निमा यजमानका प्राणरूप देवताहरू दीप्तिमान् चन्द्रमालाई होम्दछन् । भनाइको सार यो हो—अग्निहोत्रका आहुतिका परिणामावस्थारूप जुन श्रद्धासंज्ञक सूक्ष्म जल द्युलोकरूप अग्निमा हवन भई सोमाकारमा परिणत भएका थिए ती दोस्रापाला पर्जन्यरूप अग्निमा प्राप्त भई वृष्टिरूपमा परिणत हुन्छन् ।

पांचौं अध्यायको पांचौं खण्ड समाप्त

षष्ठ खण्ड

पृथिवीरूप अग्नि-विद्या

पृथिवी वाव गौतमाग्निस्तस्याः संवत्सर एव समिदाकाशो धूमो रात्रिरर्चिर्दिशोऽङ्गारा अवान्तरदिशो विस्फुलिङ्गाः ॥ १ ॥

द० प०—गौतम = हे गौतम, पृथिवी = पृथ्वी, वाव=निस्सै, अग्निः=अग्नि हो, तस्याः=त्यस पृथ्वीरूप अग्निको, संवत्सरः एव=वर्षदिनात्मक समय नै, समित्= समिधा हो, आकाशः=आकाश, धूमः=धूवाँ हो, रात्रिः=रात, अर्चिः=ज्वाला हो, दिशः=दिशाहरू, अङ्गाराः=फिलिङ्गा हुन्, अवान्तरदिशः=कोण दिशाहरू, विस्फुलिङ्गाः=झिल्का हुन् ।

स० वा०—हे गौतम ! पृथ्वी निस्सै अग्नि हो । त्यसको वर्ष दिनात्मक काल समिधा हो (वर्ष दिनले पुष्टि पाएर नै जमीन उत्पादनलाई समर्थ हुन्छ)। आकाश धूवाँ हो (पृथ्वीबाट उठे जस्तै देखिन्छ)। रात ज्वाला हो, (अग्निको अनुरूपै ज्वाला हुन्छ, तब अप्रकाशात्मक पृथ्वीको अनुरूपै तमोरूप रात्रि ज्वाला हुनु ठीकै छ)। पूर्व आदि दिशाहरू फिलिङ्गा हुन् (फिलिङ्गा अग्निको उपशान्त रूप हो, दूर दिशाहरू पनि उपशान्त नै लाग्दछन्)। आग्नेय आदि कोणदिशा झिल्का हुन् (दुवै साना छन्)।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मिन्नेतस्मिन्नग्नौ देवा वर्षं जुह्वति तस्या आहुतेरन्नं संभवति ॥२॥

द० प०—तस्मिन्=त्यो कहिएअनुसारको, एतस्मिन्=यो, अग्नौ=अग्निमा, देवाः=यजमानका प्राणरूप देवताहरू, वर्षम्=वृष्टिलाई, जुह्वति = होम्दछन्, तस्याः= त्यस, आहुतेः=आहुतिबाट, अन्नम्=अनाज, संभवति=पैदा हुन्छ ।

स० वा०—त्यो कहिएअनुसारको अग्निमा यजमानका प्राणरूप देवताहरू वृष्टिलाई होम्दछन् । त्यस आहुतिबाट धान, जौ आदि अन्न पैदा हुन्छ । सार—वृष्टि-रूपमा परिणत भैरहेका श्रद्धासंज्ञक जल पृथ्वीरूप अग्निमा प्राप्त भई अन्नरूपमा परिणत हुन्छन् ।

पाँचौं अध्यायमा छैटौं खण्ड समाप्त

सप्तम खण्ड

पुरुषरूप अग्नि-विद्या

पुरुषो वाव गौतमाग्निस्तस्य वागेव समित्प्राणो धूमो जिह्वार्चिश्चक्षुरङ्गाराः श्रोत्रं विस्फुलिङ्गाः ॥ १ ॥

द० प०—गौतम=हे गौतम, पुरुषः=पुरुष, वाव=निस्सै, अग्निः=अग्नि हो, तस्य=त्यसको, वाक् एव=वाक् इन्द्रिय नै, समित्=समिधा हो, प्राणः = प्राण, धूमः= धूवाँ हो, जिह्वा = जिभ्रो, अर्चिः = ज्वाला हो, चक्षुः = आँखा, अङ्गाराः=फिलिङ्गा हुन्, श्रोत्रम्=कान, विस्फुलिङ्गाः=झिल्का हुन् ।

स० वा०—हे गौतम ! पुरुष निस्सै अग्नि हो । त्यसको वाणी नै समिधा हो (पुरुष वाणीद्वारा सुशोभित हुन्छ, वाणी नभएको लाटो के शोभित हुन्छ र !) प्राण धूवाँ हो (धूवाँ जस्तै गरी मुखबाट निस्कन्छ) जिभ्रो ज्वाला हो (दुवै राता छन्) । आँखा फिलिङ्गा हुन् (दुवै प्रकाशका आश्रय छन्) । कान झिल्का हो (दुवै यताउति पुग्दछन् र समानता छ) ।

तस्मिन्नेतस्मिन्नग्नौ देवा अन्नं जुह्वति तस्या आहुते रेतः संभवति ॥२॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—तस्मिन्=त्यो उक्त प्रकारको, एतस्मिन्=यो, अग्नौ=अग्निमा, देवाः=प्राणरूप देवताहरू, अन्नम्=अन्न, जुह्वति=होम्दछन्, तस्याः=त्यो, आहुतेः=आहुतिबाट, रेतः=वीर्य, संभवति=पैदा हुन्छ ।

स० वा०—त्यो कहिए-अनुसारको अग्निमा प्राणरूप देवताहरू अन्न होम्दछन् । त्यस आहुतिबाट वीर्य पैदा हुन्छ ।

पाँचौं अध्यायमा सातौं खण्ड समाप्त

अष्टम खण्ड

स्त्रीरूप अग्नि-विद्या

योषा वाव गौतमाग्निस्तस्या उपस्थ एव समिद्यदुपमन्त्रयते स धूमो योनिरर्चिर्यदन्तः करोति तेऽङ्गारा अभिनन्दा विस्फुलिङ्गाः ॥ १ ॥

द० प०—गौतम=हे गौतम, योषा=स्त्री, वाव=निस्सै, अग्निः=अग्नि हो, तस्याः=त्यसको, उपस्थः एव=गुप्तेन्द्रिय नै, समित्=समिधा हो, यत्=जो, उपमन्त्रयते=वार्तालाप गर्दछ, सः=त्यो, धूमः=धूवाँ हो, योनिः=योनि, अर्चिः=ज्वाला हो, यत्=जो, अन्तःकरोति=मैथुन गर्दछ, ते=ती, अङ्गाराः=फिलिङ्गा हुन्, अभिनन्दाः=सुखका लेशहरू, विस्फुलिङ्गाः=झिल्का हुन् ।

स० वा०—हे गौतम ! स्त्री निस्सै अग्नि हो । त्यसको गुप्तेन्द्रिय समिधा हो (स्त्री गुप्तेन्द्रियद्वारा नै पुत्रादि उत्पादन गर्न चमकिली हुन्छे) । जो वार्तालाप गर्दछ त्यो धूवाँ हो, (वार्तालापको प्रवृत्ति स्त्रीबाट हुने हुन्छ) । योनि ज्वाला हो (दुवैमा लाली छ) । जो मैथुन गर्दछ ती फिलिङ्गा हुन् (दुवैको अग्निसँग सम्बन्ध छ) । मैथुनका सुखलेश झिल्का हुन् (दुवै तुच्छ छन्) ।

तस्मिन्नेतस्मिन्नग्नौ देवा रेतो जुह्वति तस्या आहुतेर्गर्भः संभवति ॥२॥

द० प०—तस्मिन्=त्यो उक्त प्रकारको, एतस्मिन्=यो, अग्नौ=अग्निमा, देवाः=देवताहरू, रेतः=वीर्य, जुह्वति=होम्दछन्, तस्याः=त्यो, आहुतेः=आहुतिबाट, गर्भः=गर्भ, संभवति=बन्दछ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यो उक्त प्रकारको यस अग्निमा यजमानका प्राणरूप देवताहरू वीर्य होम्दछन् । त्यस आहुतिबाट गर्भ बन्दछ । यसरी अग्निहोत्रका आहुतिरूप जल (द्रव पदार्थ) श्रद्धा, सोम, वर्षा, अन्न र वीर्य यी रूपमा परिणत हुँदै आई गर्भरूपमा परिणत हुन्छ ।

टिप्पणी—यस प्रकरणमा परिणत हुँदै जाने पदार्थ त्यो जल भनिएको हवनीय द्रव्य घिउ दूध आदि द्रव. पदार्थ नै हुनाले प्राधान्यविवक्षाले 'जल' भनिएको हो । परिणाम कार्यारम्भ केवल जलबाट मात्र हुने होइन, आहुति द्रव्यका संमिलितै समस्त भूतबाट हुने हो । अतः गर्भ पञ्चभूतात्मकै हुन्छ ।

पाँचौं अध्यायमा आठौं खण्ड समाप्त

नवम खण्ड

पञ्चम आहुतिमा पुरुषत्वमा प्राप्त भएका जलको गति

इति तु पञ्चम्यामाहुतावापः पुरुषवचसो भवन्तीति स उल्बावृतो गर्भो दश वा नव वा मासानन्तः शयित्वा यावद्वाथ जायते ॥ १ ॥

द० प०—इति तु=यसै प्रकारले, पञ्चम्याम्=पांचौं, आहुतौ=आहुतिमा, आपः=जल, पुरुषवचसः=पुरुषसंज्ञक, भवन्ति=हुन्छन्, इति=यो प्रश्न (व्याख्यान भयो), सः=त्यो पांचौं परिणामरूप, उल्बावृतः=सालले जेलिएको, गर्भः=गर्भ, दश=दश, वा=अथवा, नव=नौ, वा=अथवा, यावत्=जतिले पूर्णाङ्ग हुन्छ, मासान्=महीना, अन्तः=भित्र (आमाको कोखमा), शयित्वा=सुतेर, जायते=जन्मन्छ ।

स० वा०—यस प्रकार 'पांचौं आहुतिमा जल पुरुषसंज्ञक हुन्छन्' भन्ने प्रश्न व्याख्यान भयो । त्यो पांचौं परिणामरूप सालले जेलिएको गर्भ दश वा नौ अथवा जतिले पूर्णाङ्ग हुन्छ त्यति महीना आमाका कोखमा सुतेर जन्मन्छ ।

स जातो यावदायुषं जीवति तं प्रेतं दिष्टमितोऽग्नय एव हरन्ति यत एवेतो यतः संभतो भवति ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—सः=त्यो, जातः=जन्मेर, यावदायुषम्=आयु भएसम्म, जीवति= बाँच्तछ, प्रेतम् = मरेको, दिष्टम्=(कर्मले परलोक प्रति) निर्देश गरिएको, तम्= त्यस पुरुषलाई, इतः=यता (गाउँबाट), अग्नये=अग्निका निमित्त, हरन्ति= लैजान्छन्, यतः एव = जहाँबाट नै, इतः=यहाँ (प्राप्त भयो र), यतः = जुन पाँच अग्निबाट, संभूतः=उत्पन्न , भवति = हुन्छ ।

स० वा०—त्यो पुरुष जन्मेर आयु भएसम्म बाँच्तछ, मरेपछि कर्मले परलोक-तर्फलाई निर्देश गरिएको त्यसलाई गाउँबाट अग्निका निमित्त ऋत्विक् वा पुत्रहरूले लैजान्छन् । जताबाट आएको थियो र जुन पाँच अग्निबाट उत्पन्न हुन्छ ।

पाँचौं अध्यायमा नवौं खण्ड समाप्त

दशम खण्ड

प्रथम प्रश्नको उत्तर

तद्य इत्थं विदुः । ये चेमेऽरण्ये श्रद्धा तप इत्युपासते तेऽर्चिषमभिसंभवन्त्यर्चिषोऽहरह्न आपूर्यमाणपक्षमापूर्यमाणपक्षाद्यान्षडुदङ्ङेति मासाꣳस्तान् ॥ १ ॥

मासेभ्यः संवत्सरꣳ संवत्सरादादित्यमादित्याच्चन्द्रमसं चन्द्रमसो विद्युतं तत्पुरुषोऽमानवः स एनान्ब्रह्म गमयत्येष देवयानः पन्था इति ॥ २ ॥

द० प०—तद्=त्यहाँ (परलोकतर्फ उठेकाहरूमध्ये) यः=जो, इत्थम्=यस प्रकार, विदुः=(पञ्चाग्निदर्शन) जान्दछन्, च=र, ये=जो, अरण्ये=जङ्गलमा, (वानप्रस्थ र संन्यासीहरू) श्रद्धा = श्रद्धा र, तप इति=तप भनीकन, उपासते = उपासना गर्दछन् अर्थात् श्रद्धावान् तपस्वी छन्, ते=ती, अर्चिषम्=अर्चिरभिमानी देवतामा, अभिसंभवन्ति=प्राप्त हुन्छन्, अर्चिषम्=अर्चिरभिमानी देवताबाट, अहः = दिवसाभिमानी देवतामा, अह्नः=दिवसाभिमानी देवताबाट, आपूर्यमाणपक्षम्=शुक्ल-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षाभिमानी देवतामा, आपूर्यमाणपक्षात्=शुक्लपक्षाभिमानी देवताबाट, यान्=जुन, षड्=छः, मासान्=महीना, (सूर्य) उदङ्=उत्तरतिर, एति=जान्छन्, तान्=ती महीनाका (उत्तरायणकाल) अभिमानी देवतामा, मासेभ्यः=ती छः महीनाका अभिमानी देवताबाट, संवत्सरम्=वर्षका अभिमानी देवतामा, संवत्सरात्=वर्षाभिमानी देवताबाट, आदित्यम्=सूर्यमा, आदित्यात्=सूर्यबाट, चन्द्रमसम्=चन्द्रमामा, चन्द्रमसः=चन्द्रमाबाट, विद्युतम्=विद्युत्मा, अभिसंभवन्ति=प्राप्त हुन्छत्, तत्=त्यहाँ रहेकाहरूलाई, अमानवः=मनुष्य-भिन्न, सः=त्यो कुनै पुरुष, एनान्=यिनीहरूलाई, ब्रह्म=सत्यलोकस्थ ब्रह्ममा, गमयति=पुऱ्याउँछ, एषः=यो, देवयानः='देवयान' नामक, पन्थाः=बाटो, इति=व्याख्यात भयो।

स० वा०—परलोकतर्फलाई उठेका गृहस्थहरूमध्ये जो यस प्रकार पञ्चाग्नि-विद्या जान्दछन्, अर्थात् द्युलोकादि अग्निबाट क्रमैसित जन्मँदै आएका हामी पञ्चाग्नि-स्वरूप हौं भन्ने जान्दछन् ती र जो जङ्गलमा श्रद्धासाथ तपमा रहेका वानप्रस्थ र संन्यासीहरू छन् ती अर्चिरभिमानी देवतामा प्राप्त हुन्छन्। त्यताबाट दिवसाभिमानी देवतामा, त्यताबाट शुक्लपक्षाभिमानी देवतामा, त्यताबाट उत्तरायणकालाभिमानी देवतामा, त्यताबाट वर्ष दिनका अभिमानी देवतामा, त्यताबाट सूर्यमा, त्यताबाट चन्द्रमामा त्यताबाट विद्युत्मा प्राप्त हुन्छन्। त्यहाँ रहेका तिनीहरूलाई सत्यलोकबाट एउटा अमानव पुरुष आई सत्यलोकमा रहेका ब्रह्ममा पुऱ्याउँछ। यो 'देवयान' नामक मार्ग हो।

तृतीय प्रश्नको उत्तर
(देवयान र धूमयानको व्यावर्त्तन स्थान)

अथ य इमे ग्राम इष्टापूर्ते दत्तमित्युपासते ते धूममभिसंभवन्ति धूमाद्रात्रिꣳ रात्रेरपरपक्षमपरपक्षाद्यान्षड् दक्षिणैति मासाꣳस्तान्नैते संवत्सर-मभिप्राप्नुवन्ति ॥ ३ ॥

मासेभ्यः पितृलोकं पितृलोकादाकाशमाकाशाच्चन्द्रमसमेष सोमो राजा तद्देवानामन्नं तं देवा भक्षयन्ति ॥ ४ ॥

द० प०—अथ=अर्को कुरा प्रस्तुत गरिन्छ, ये=जो, इमे=यी, ग्रामे=गाउँमा, इष्टापूर्त्ते=यज्ञ र आपूर्त्त (तलाउ, कूवाहरू बनाउनु, बाग-बगैंचा लगाउनु आदि) तथा, दत्तम्=दान, इति=भनीकन, उपासते=उपासना गर्दछन्, अर्थात् यज्ञ, आपूर्त्त र दानमा तत्पर छन्, ते=ती, धूमम्=धूमाभिमानी देवतामा, अभिसंभवन्ति=प्राप्त हुन्छन्, धूमात्=धूमाभिमानी देवताबाट, रात्रिम्=रात्र्यभिमानी देवतामा, रात्रेः=रात्र्यभिमानी देवताबाट, अपरपक्षम्=कृष्णपक्षाभिमानी देवतामा, अपरपक्षात्=कृष्ण-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षाभिमानी देवताबाट, यान्=जुन, षट्=छः, मासान्=महीना (सूर्य) दक्षिण= दक्खिनतर्फ, एति=जान्छन्, तान्=ती, मासात्=महीना (दक्षिणायन काल) का अभिमानी देवतामा, + अभिसंभवन्ति=प्राप्त हुन्छन्, एते=यी कर्मीहरू, संवत्सरम्= वर्ष दिनका अभिमानी देवतामा, न अभिप्राप्नुवन्ति=प्राप्त हुँदैनन् । मासेभ्यः=छः महीना (दक्षिणायन काल) का अभिमानी देवताबाट, पितृलोकम्=पितृलोकमा, पितृलोकात्=पितृलोकबाट, आकाशम् = आकाशमा, आकाशात्=अकाशबाट, चन्द्रमसम्=चन्द्रमामा, + अभिप्राप्नुवन्ति=प्राप्त हुन्छन् । यः=जो, एषः=यी, राजा=ब्राह्मणका राजा, सोमः=सोम हुन्, तत्=ती, देवानाम् = देवताहरूको, अन्नम्=अन्न हुन्, तम्=तिनीलाई, देवाः = इन्द्र आदि देवताहरू, भक्षयन्ति= खान्छन् ।

स० वा०—अब अर्को कुरा प्रस्तुत गरिन्छ—जो यी गाउँमा यज्ञ, आपूर्त्त (तलाउ) कूवा खनाउनु, बाग-बगैंचा लगाउनु र (मठ–मन्दिर बनाउनु आदि) र दानहरू गर्दछन्, ती धूमाभिमानी देवतामा प्राप्त हुन्छन्, त्यताबाट क्रमशः रात्र्यभिमानी देवतामा, कृष्णपक्षाभिमानी देवतामा, दक्षिणायन कालाभिमानी देवतामा प्राप्त हुन्छन् । यिनीहरू वर्ष दिनका अभिमानी देवतामा चाहिं प्राप्त हुँदैनन् । किन्तु दक्षिणायन कालका अभिमानी देवताबाट पितृलोकमा, त्यताबाट आकाशमा, त्यताबाट चन्द्रमामा प्राप्त हुन्छन् । जो यी ब्राह्मणहरूका राजा सोम हुन् ती देवताहरूका अन्न हुन् । तिनीलाई इन्द्र आदि देवताहरूले खान्छन् ।

टिप्पणी—शङ्का–त्यसो भए त यज्ञहरू गर्नु त अनर्थका निमित्त पो हुने रहेछ, यदि ती कर्मीहरू देवताहरूले खाइने आहारा हुने छन् भने ! समाधान--'खाइन्छन्' भनेर उठाएर गाँस हालिने होइनन् । किन्तु स्त्री, पशु, भृत्यहरू जस्ता भोग्य—उपकरण मात्र हुने हुन् । अतः देवताका लेखा उपभोग्य छन् तपनि आफू सुखी भई देवताहरूका साथ विहार गर्ने हुन्छन् । तिनीहरूको सुखभोग योग्य जलीय शरीर चन्द्रमण्डलमा बन्न जान्छ ।

द्वितीय प्रश्नको उत्तर

(पुनरावर्त्तनको क्रम)

तस्मिन्यावत्संपातमुषित्वाथैतमेवाध्वानं पुनर्निवर्तन्ते यथेतमाकाशमाकाशाद्वायुं वायुर्भूत्वा धूमो भवति धूमो भूत्वाऽभ्रं भवति ॥ ५ ॥

अभ्रं भूत्वा मेघो भवति मेघो भूत्वा प्रवर्षति त इह व्रीहियवा ओषधिवनस्पतयस्तिलमाषा इति जायन्तेऽतो वै खलु दुर्निष्प्रपतरं यो यो ह्यन्नमत्ति यो रेतः सिञ्चति तद्भूय एव भवति ॥ ६ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—तस्मिन्=त्यस चन्द्रमण्डलमा, यावत्संपातम्=(उपभोगका निमित्त भूतकर्म) क्षय हुने समयसम्म, उषित्वा=बसेर, अथ=यसपछि, पुनः=फेरि, एतम् एव=यो नै, अध्वानम्=बाटो, निवर्त्तन्ते=फर्कन्छन्, (कुन यै बाटो ?) यथेतम्=आए-अनुसार, आकाशम्=आकाशमा, आकाशात्=आकाशबाट, वायुम्=वायुमा, (प्राप्त हुन्छ), वायुः=वायु, भूत्वा=भएर, धूमः=धूवाँ, भवति=हुन्छ, धूमः=धूवाँ, भूत्वा=भएर, अभ्रम्=जलधर, भवति=हुन्छ। अभ्रम्=जलधर, भूत्वा=भएर, मेघः=मेघ, भवति=हुन्छ, मेघः=मेघ, भूत्वा=भएर, प्रवर्षति=वर्षन्छ, ते=ती जीव, इह=यहाँ (पृथ्वीमा), व्रीहियवाः=धान जौहरू, ओषधिवनस्पतयः=ओषधि, वनस्पतिहरू, तिलमाषाः=तिल मासहरू, इति=यस प्रकारका चीज, जायन्ते=हुन आउँछन्, अतः=यसकारण, दुर्निष्प्रपतरम्=(चन्द्रमण्डलबाट) निस्कनु कष्टप्रद कुरा छ, खलु=निश्चय हो, यः यः=जो जो, अन्नम्=अन्न, अत्ति=खान्छ, (तथा) यः= जो, रेतः=वीर्य, सिञ्चिति=सिंच्तछ, तद्भूयः एव=त्यै अनुहार भएको, भवति=हुन्छ।

स० वा०—त्यस चन्द्रमण्डलमा उपभोगको निमित्तभूत कर्म क्षीण नभएसम्म बसेर यसपछि फेरि आएअनुसार नै बाटो फर्कन्छन्। जस्तो कि आकाशमा आएर वायुमा प्राप्त हुन्छन्। वायु भएर धूवाँ, धूवाँ भएर अभ्र (पानीसम्म धारण गरेको, सेचन गर्न नसक्ने वादल), अभ्र भएर मेघ (सेचन-समर्थबादल) हुन्छ, मेघ भएर वर्षन्छ। ती जीवहरू पृथ्वीमा धान जौहरू, औषधि-वनस्पतिहरू, तिल-मासहरू, यस प्रकारका चीज हुन आउँछन्। चन्द्रमण्डलबाट निस्कनु-ओर्लनु अवश्य कष्टप्रद कुरो हो। किनभने, वर्षाका धाराद्वारा झर्ने जीवहरू पर्न आउने ठाउँ पर्वततट, दुर्गम स्थल, नदी, समुद्र, जङ्गल र मरुदेश आदि हजारौं छन्। पहाडबाट पानीका प्रवाहले बगाइँदै नदीमा पुग्दछन्, तिनीहरूद्वारा समुद्रमा पुग्छन्, त्यहाँपछि गोहीहरूले खाइन्छन्। तिनलाई पनि अरूले खाइदिन्छन्। त्यहीं समुद्रैमा गोहीका साथै लीन भए भने मेघले समुद्रका पानीका साथै खिचिएर वर्षाका धाराद्वारा मरुप्रदेशमा, पत्थरका चट्टानमा वा अगम्य स्थलमा परेर रहिरहन्छन्। कुनै बखतचाहिं सर्प मृग आदिले पिइन्छन्। कुनै जन्तुले खाइन्छन्। ती जन्तु पनि अरू प्रवल जन्तुले खाइएलान्। यस छाँटले जीवहरू चक्कर भरिरहने होलान्। कदाचित् नखाइने चीजमा परेछन् भने त्यहीं सुक्लान्। खाइने मेलका स्थावरमा परे पनि वीर्य सेचन गर्ने शरीरसँगको सम्बन्ध दुर्लभै हुने हुन्छ। किनकि स्थावरको संख्या धेरै छ। मानव देहैमा परे पनि ऊर्ध्व रेता (ब्रह्मचारी), बालक, नपुंसक, वृद्धहरूमा परे बीचैमा नष्ट हुने हुन्छन्, सर्कने मेलो नहुन्यै भयो। अतएव चन्द्रमण्डलबाट ओर्लनु कष्टको कुरा हो। कदाचित् काकतालीय वृत्तिले वीर्यसेचक मानवले खाइएछन् भने बल्ल तिनका कर्मले वृत्ति

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँछ । कसरी भने, त्यो अन्न जसले खान्छ र ऋतुकालमा स्त्रीमा वीर्यसेचन गर्दछ त्यै रूपको भई पैदा हुन्छ ।

टिप्पणी—'जीव सुक्लान्, नष्ट होलान्' भनेको वैराग्य वृद्धिका उद्देश्यले स्वर्गबाट ओर्लनु अत्यन्त दुःखरूप छ भन्ने प्रदर्शित गर्नानिमित्त हो ।

अनुशयी जीवहरूको कर्मानुरूप गति

तद्य इह रमणीयचरणा अभ्याशो ह यत्ते रमणीयां योनिमापद्येरन्ब्रह्मण-योनिं वा क्षत्रिययोनिं वा वैश्ययोनिं वाथ य इह कपूयचरणा अभ्याशो ह यत्ते कपूयां योनिमापद्येरञ्श्वयोनिं वा सूकरयोनिं वा चण्डालयोनिं वा ॥ ७ ॥

द० प०—तत्=तिनमा, ये=जो, इह=यस लोकमा, रमणीयाम्=राम्रो आचरण (पुण्यकर्म) भएका छन्, ते=ती, अभ्याशः ह=शीघ्र नै, रमणीयाम्=क्रूरता आदि नभएको, योनिम्=योनिमा, आपद्यन्ते=प्राप्त हुन्छन्, यत्=जो, ब्राह्मणयोनिम्=ब्राह्मणजातीय योनिमा, वा=अथवा, क्षत्रिययोनिम्=क्षत्रिय जातीय योनिमा, वा=अथवा, वैश्ययोनिम्=वैश्यजातीय योनिमा, वा=पनि, (प्राप्त हुन्छ), अथ=अर्को पक्ष, इह=यस लोकमा, ये=जो, कपूयचरणाः=नराम्रो आचरण (पापकर्म) भएका छन्, ते=तिनीहरू, अभ्याशः=चाँडै नै, कपूयाम्=क्रूरता आदि भएको, योनिम्=योनिमा, आपद्यन्ते=प्राप्त हुन्छन्, यत्=जो, श्वयोनिम्=कुकुरको योनिमा, वा=अथवा, सूकरयोनिम्=सुँगुरको योनिमा, वा=अथवा, चण्डालयोनिम्=पोडेको=योनिमा (प्राप्त हुन्छन्) ।

स० वा०—त्यसमा, यस लोकमा जो राम्रो आचरण (पुण्यकर्म) भएका छन्, ती शीघ्र नै क्रूरता आदि दोषले रहित योनिमा प्राप्त हुन्छन् । जस्तो कि, ब्राह्मणयोनिमा, अथवा क्षत्रिययोनिमा वा वैश्ययोनिमा । अनि जो यहाँ नराम्रो आचरण (पापकर्म) भएका छन्, ती चांडै नै क्रूरता आदि दोषले पूर्ण योनिमा प्राप्त हुन्छन्, जस्तो कि कुक्कुरयोनिमा अथवा सुँगुरयोनिमा वा पोडेको योनिमा ।

चतुर्थ प्रश्नको उत्तर

अशास्त्रीय प्रवृत्तिवालाको गति

सम्बन्ध—जो राम्रो आचरण भएका द्विजातिहरू छन् ती स्वकर्ममा रही यज्ञहरू गर्ने हुन् भने घटीयन्त्र जस्तै धूमादि मार्गले जाइ-आइ गरिरहन्छन् । उपासनात्मक विद्या प्राप्त हुनेहरू हुन् भने अर्चिरादि मार्गले जान्छन् जो सगुण ब्रह्मको उपासना पनि नगर्ने, यज्ञ-यागादि कर्म पनि नगर्ने हुन् तिनका विषयमा भन्दछ—

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथैतयोः पथोर्न कतरेण च न तानीमानि क्षुद्राण्यसकृदावर्त्तीनि भूतानि भवन्ति जायस्व म्रियस्वेत्येतत्तृतीयꣳस्थानं तेनासौ लोको न संपूर्यते तस्माज्जुगुप्सेत तदेष श्लोकः ॥ ८ ॥

द० प०—अथ=अर्को कुरा, (जो) एतयोः=यी दुई, पथयोः=मार्गमध्ये, कतरेण च=कुनै एकले पनि, न [गच्छन्ति]=जांदैनन्, तानि=ती, इमानि=यी, क्षुद्राणि=साना जीव (डाँस, लामखुट्टे, कीराहरू आदि), जायस्व=जन्म, म्रियस्व=मर, इति=एवं प्रकार, असकृत् आवर्त्तीनि=वारंवार घुमिरहने, भूतानि=प्राणी, भवन्ति=हुन्छन्, एतत्=यो, तृतीयम्=क्षुद्र जन्तुरूप तेस्रो (उक्त दुइ मार्गको लेखा), स्थानम्=स्थान हो, तेन=त्यसकारणले, असौ=पर, लोकः=लोक, न संपूर्यते=भर्रिदैन, तस्मात्=त्यसो हुनाले, जुगुप्सेत=संसारगतिदेखि घिनाउनू, तत्=त्यस विषयमा, एषः=यो, श्लोकः=मन्त्र छ ।

स० वा०—अर्को कुरा—जो धूमादि र अर्चिरादि यी-दुई मार्गमध्ये एउटा मार्गले पनि जांदैनन् ती यी डांस, लामखुट्टे, कीरा आदि क्षुद्र र वारंवार जन्म, मर, एवं प्रकार घुमिरहने प्राणी हुन्छन् । यो उक्त दुइ मार्गंका लेखा तेस्रो स्थान हो । कथन भए-अनुसार दक्षिण मार्गवाट जानेहरू पनि भोग सकिएपछि फेरि फर्कन्छन्, सर्वदा रहिरहने भएनन् । ज्ञान-कर्मका अनधिकारीहरूचाहिं त्यस मार्गले जाने नै भएनन् । यहीं जन्म-मरण गरिरहने भए । यस चालले गर्दा परलोक कहिल्यै भर्रिदैन । जीवका यी कष्टमयी विविध संसार-गति देखेर घिनाउनुपर्छ । यस विषयमा एउटा मन्त्र छ ।

पांच पतित

स्तेनो हिरण्यस्य सुरां पिबꣳश्च गुरोस्तल्पमावसन्ब्रह्महा चैते पतन्ति चत्वारः पञ्चमश्चाचरꣳस्तैरिति ॥ ९ ॥

द० प०—हिरण्यस्य (ब्राह्मणको) सून, स्तेनः=चोर्ने, सुराम्=मदिरा, पिबन्=पिउने ब्राह्मण, गुरोः=गुरुको, तल्पम्=बिछयौना,अर्थात् गुरु पत्नीसँग, आवसन्=सहवास गर्ने, च=र, ब्रह्महा=ब्राह्मणहत्या गर्ने, एते=यी, चत्वारः=चार, पतन्ति=जाति-कर्मबाट गिर्दछन्, (तथा) तैः=तिनीहरूसँग, आचरन्=व्यवहार गर्ने, पञ्चमः च=पाँचौं पनि, पतति=गिर्दछ ।

स० वा०—ब्राह्मणको सुन चोर्ने, ब्राह्मण भएर मदिरा पिउने, गुरुपत्नी गमन गर्ने र ब्राह्मणहत्या गर्ने यी चार जाति कर्मबाट पतित हुन्छन् । त्यस्तै तिनीहरूसँग खान-पान, लेन-देन आदि व्यवहार गर्ने पाँचौं पनि पतित नै हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाग्निविद्याको महत्त्व

अथ ह य एतानेवं पञ्चाग्नीन्वेद न सह तैरप्याचरन्पाप्मना लिप्यते शुद्धः पूतः पुण्यलोको भवति य एवं वेद य एवं वेद ॥ १० ॥

द० प०—अथ ह=किन्तु, यः=जो, एवम्=यसरी, एतान्=यी, पञ्चाग्नीन्=पाँच अग्निहरूलाई, वेद=जान्दछ [सः]=त्यो, तैः=तिनीहरू, सह=सँग, आचरन् अपि=व्यवहार गर्दा पनि, पाप्मना=पापले, न लिप्यते=लिप्त हुँदैन, (त्यो) शुद्धः=शुद्ध, पूतः=(पञ्चाग्निदर्शनले गर्दा) पवित्र, पुण्यलोकः=ब्रह्मलोक आदि पुण्यलोक साधेको, भवति=हुन्छ, यः=जो, एवम्=यस प्रकार, वेद=जान्दछ, यः=जो, एवम्=यस प्रकार, वेद=जान्दछ ।

स० वा०—किन्तु जो यसरी पञ्चाग्निहरूलाई जान्दछ त्यो ती पातकीहरूसँग व्यवहार गर्दा पनि पापले लिप्त हुँदैन । त्यो शुद्ध पञ्चाग्निदर्शनले गर्दा पवित्र र ब्रह्मलोक आदि पुण्यलोक साधेको हुन्छ । जो बताए-अनुसार पाँचौं प्रश्नले सोधेको सम्पूर्ण कुरा जान्दछ ।

पाँचौं अध्यायमा दशौं खण्ड समाप्त

एकादश खण्ड

सम्बन्ध—'त्यो देवताको अन्न हो' 'त्यसलाई देवताहरू खान्छन्' भनेर दक्षिण मार्गबाट जानेहरूको अन्नभावको प्रतिपादन गरियो । अनि यी दुवै दोष परिहार गर्ने इच्छाले वैश्वानरको भोक्तृत्वभाव प्राप्त गर्नाका निमित्त आउँदो ग्रन्थ आरम्भ गरिन्छ । कथाचाहिं विषय सुखैसँग बोध गराउना-निमित्त र विद्याप्रदानको उचित विधि-देखाउना-निमित्त छ ।

औपमन्यव आदिको आत्ममीमांसाविषयक प्रस्ताव

प्राचीनशाल औपमन्यवः सत्ययज्ञः पौलुषिरिन्द्रद्युम्नो भाल्लवेयो जनः शार्कराक्ष्यो बुडिल आश्वतराश्विस्ते हैते महाशाला महाश्रोत्रियाः समेत्य मीमाꣳसाञ्चक्रुः को न आत्मा किं ब्रह्मेति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यो अघि भएको कुरा हो । औपमन्यवः=उपमन्युका छोरा, प्राचीन-शालः=प्राचीनशाल, पौलुषिः=पुलुषका छोरा, सत्ययज्ञः=सत्ययज्ञ, भाल्लवेयः=भाल्लविका छोरा, इन्द्रद्युम्नः=इन्द्रद्युम्नः, शार्कराक्ष्यः=शर्कराक्षका छोरा, जनः=जन, आश्वतराश्विः=अश्वतराश्वका छोरा, बुडिलः=बुडिल, ते=ती, एते=यी, महाशालाः=ठूला गृहस्थ, महाश्रोत्रियाः=महान् वैदिकहरू, समेत्य=जम्मा भएर, इति=यस विषयमा, मीमांसाञ्चक्रुः=विचार गरे, नः=हाम्रो, आत्मा=आत्मा, कः=कुन हो ? ब्रह्म=ब्रह्म, किम्=के हो ?

स० वा०—उपमन्युका छोरा प्राचीनशाल, पुलुषका छोरा सत्ययज्ञ, भाल्ल-विका छोरा इन्द्रद्युम्न, शर्कराक्षका छोरा जन र अश्वतराश्वका छोरा बुडिल यी ठूला गृहस्थ र महान् वैदिकहरू जुटेर यो विचार गरे कि हाम्रो आत्मा कुन हो ? ब्रह्म के हो ?

टिप्पणी—यहाँ 'आत्मन्' शब्द र 'ब्रह्मन्' शब्द परस्पर विशेषण विशेष्य भावका छन् । 'ब्रह्मन्' विशेषणले शरीरमा परिच्छिन्न भइरहेको आत्मा (विशेष्य)—लाई हटाएको छ । 'आत्मन्' विशेषणले आत्मव्यतिरिक्त आदित्यादि ब्रह्म (विशेष्य)—को उपास्यत्व हटाएको छ । अभेदले 'आत्मै ब्रह्म हो' 'ब्रह्म नै आत्मा हो' यसरी 'सर्वात्मा वैश्वानर ब्रह्म हो, त्यो नै आत्मा हो' भन्ने सिद्ध हुन्छ ।

औपमन्यव आदि उद्दालककहाँ आउनु

ते ह संपादयाञ्चक्रुरुद्दालको वै भगवन्तोऽयमारुणिः संप्रतीममात्मानं वैश्वानरमध्येति तꣳहन्ताभ्यागच्छामेति तꣳहाभ्याजग्मुः ॥ २ ॥

द० प०—भगवन्तः=सत्कारयुक्त, ते=तिनीहरूले, ह=निश्चयपूर्वक, संपादयाञ्चक्रुः=(आफ्ना उपदेशक) ठीक गरे, अयम्=यी, आरुणिः=अरुणका छोरा, उद्दालकः=उद्दालक, संप्रति=हाल, वै=निस्सै, इमम्=यो, वैश्वानरम्=वैश्वानर, आत्मानम्=आत्मालाई, अध्येति=जान्दछन्, हन्त=खुशी छ, तम्=तिनीकहाँ, अभ्यागच्छाम=जाऔं, इति=यस्तो निश्चय गरेर, तम्=तिनीकहाँ, अभ्याजग्मुः=आए, ह=यो अघिको कुरा हो ।

स० वा०—तिनीहरूले निश्चयसाथ आफ्ना उपदेशक ठीक गरे । यस्तो निश्चय गरेर कि यस बखत अरुणका छोरा यी पूज्य उद्दालक वैश्वानर आत्मालाई जान्दछन्, जो कि हामीले चाहेको कुरा हो । खुशी छ, हामी तिनीकहाँ जाऔं, यस्तो निश्चय गरेर तिनीहरू उद्दालककहाँ आए ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्दालक औपमन्यव आदिका साथ अश्वपतिकहाँ आउनु

स ह संपादयाञ्चकार प्रक्ष्यन्ति मामिमे महाशाला महाश्रोत्रियास्तेभ्यो न सर्वमिव प्रतिपत्स्ये हन्ताहमन्यमभ्यनुशासानीति ॥ ३ ॥

द० प०—सः=ती उद्दालकले, ह=निश्चयसाथ, संपादयाञ्चकार=मनमा ठीक गरे, इमे=यी, महाशालाः=महागृहस्थी, महाश्रोत्रियाः=परम वैदिकहरू, माम्=मसँग, वैश्वानरम्=वैश्वानर-विषय, प्रक्ष्यन्ति=सोध्नेछन्, हन्त=खेद छ, तेभ्यः=तिनीहरूलाई, सर्वम् इव=सबै भनेजस्तो, न प्रतिपत्स्ये=बताउन सक्नेछैन, (अतः) अहम्=म, अन्यम्=अर्को (उपदेशक), अभ्यनुशासानि=बताइदिउँला।

स० वा०—ती उद्दालकले निश्चयसाथ मनमा ठीक गरे—यी महागृहस्थ परम वैदिकहरू मसँग वैश्वानर-विषय सोध्नेछन्। अपशोच छ, म तिनीहरूलाई सबै भनेजस्तो बताउन सक्नेछैन। अतः अर्को उपदेशक बताइदिउँला।

तान्होवाचाश्वपतिर्वै भगवन्तोऽयं कैकेयः संप्रतीममात्मानं वैश्वानरमध्येति तꣳ हन्ताभ्यागच्छामेति तꣳ हाभ्याजग्मुः ॥ ४ ॥

द० प०—(उद्दालकले यस्तो निश्चय गरेर) तान्=ती औपमन्यवहरूलाई, उवाच=भने, भगवन्तः=हे मान्यहो! कैकेयः=केकयका छोरा, अयम्=यी, अश्वपतिः=अश्वपति, संप्रति=यस बखत, वैश्वानरम्=वैश्वानररूप, आत्मानम्=आत्मालाई, अध्येति=जान्दछन्, वै=निश्चय हो, हन्त=खुशी छ, तम्=तिनीकहाँ, अभ्यागच्छाम=जाऔं, इति=यस्तो निश्चय गरेर, तम्=तिनी (अश्वपति) कहाँ, अभ्याजग्मुः=आए, ह=पूर्ववृत्तान्त हो।

स० वा०—उद्दालकले यस्तो निश्चय गरेर ती औपमन्यवहरूलाई भने—मान्यहो! यस बखत वैश्वानर आत्मालाई केकयका छोरा यी अश्वपति राजा जान्दछन्। खुशी छ, हामी तिनीकहाँ जाऔं। यस्तो निश्चय गरेर तिनीहरू अश्वपतिकहाँ आए। यो पूर्वकालमा भएको वृत्तान्त हो।

अश्वपतिद्वारा मुनिहरूको स्वागत

तेभ्यो ह प्राप्तेभ्यः पृथगर्हाणि कारयाञ्चकार स ह प्रातः संजिहान उवाच न मे स्तेनो जनपदे न कदर्यो न मद्यपो नानाहिताग्निर्नाविद्वान्न स्वैरी स्वैरिणी कुतो यक्ष्यमाणो वै भगवन्तोऽहमस्मि यावदेकैकस्मा ऋत्विजे धनं दास्यामि तावद्भगवद्भ्यो दास्यामि वसन्तु भगवन्त इति ॥ ५ ॥ ५।११।५

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—प्राप्तेभ्यः=आएका, तेभ्यः=तिनी (औपमन्यवहरू) लाई, पृथक् पृथक्=अलग-अलग, अर्हणानि=सत्कार, कारयाञ्चकार=(पुरोहितादिद्वारा) गराए, (अनि) सः=तिनी (राजा) ले, प्रातः=बिहान, संजिहानः=निद्रा छोड्नेबित्तिकै, उवाच=भने, मे=मेरा, जनपदे=देशमा, स्तेनः=चोर, न=छैन, कदर्यः =कञ्जूस, न=छैन, मद्यपः=मदिरा पिउने, (द्विजाति), न=छैन, अनाहिताग्निः=अग्निहोत्र नलिएको (द्विजाति), न=छैन, अविद्वान्=विद्या नपढेको, न=छैन, स्वैरी=परस्त्रीगामी, न=छैन, (अनि), स्वैरिणी=व्यभिचारिणी, कुतः=कहाँबाट होस् ? भगवन्तः=हे पूज्यहो ! अहम्=म, यक्ष्यमाणः=यज्ञ गर्न आँटेको, अस्मि=छु, वै=निश्चय हो, (त्यसमा) एकैकस्मै=एक-एक, ऋत्विजे=ऋत्विक्लाई, यावत्=जति, धनम्=धन, दास्यामि=दिउँला, तावत्=त्यति, भगवद्भ्यः=यहाँहरू (प्रत्येक) लाई (पनि), दास्यामि=दिनेछु, भगवन्तः=पूज्य यहाँहरू, वसन्तु=बस्नुहोस् ।

स० वा०—राजा अश्वपतिले आफूकहाँ आएका ती औपमन्यवहरूलाई पुरोहितादिद्वारा अलग-अलग सत्कार गराएर भोलिपल्ट बिहान बिछयौना छोड्नेबित्तिकै [उनीहरूलाई धन उपहार गरे, तर ऋषिहरूले लिन इच्छा नगर्दा, ममा केही दोष देखेर हो कि ! भन्ने ठानी] राजाले भने—मेरा राज्यमा चोर छैन, कञ्जूस छैन, द्विजाति भैकन मदिरा पिउने छैन, अग्निहोत्र नलिएको द्विजाति छैन, विद्या नपढेको व्यक्ति छैन, परस्त्रीगामी छैन, व्यभिचारिणी कहाँबाट होस् ['अतः यो धन ग्रहण गर्नुहोस्' भन्दा पनि धन लिन इच्छा नगर्दा, 'थोरै के लिनू !' भनेर नलिएका हुन् कि ! भनी अनि फेरि भने—] पूज्य मुनिहो ! केही दिनमा यज्ञ गर्ने भएको छु, निश्चय छ, त्यसमा एक-एक ऋत्विक्लाई जति-जति दिउँला उति-उति नै यहाँहरू प्रत्येकलाई दिउँला, यहाँहरू बस्नुहोस् ।

अश्वपतिका प्रति मुनिहरूको प्रार्थना

ते होचुर्येन हैवार्थेन पुरुषश्चरेत्तꣳहैव वदेदात्मानमेवेमं वैश्वानरꣳ संप्रत्यध्येषि तमेव नो ब्रूहीति ॥ ६ ॥

द० प०—ते=तिनी (मुनि) हरूले, ह=निश्चयसाथ, ऊचुः=भने, पुरुषः=मानिस, येन=जुन, ह एव=नै, अर्थेन=प्रयोजनले, चरेत्=कहीं जाला, तम्=त्यो, ह एव=नै, (प्रयोजन), वदेत्=भन्ला, (अतः) संप्रति=यस बखत, (तपाइं) वैश्वानरम्=वैश्वानरस्वरूप, आत्मानम्=आत्मालाई, अध्येषि=जान्नुहुन्छ, तम् एव=त्यै कुरा, ब्रूहि=बताउनुहोस् ।

स० वा०—ती मुनिहरूले निश्चयसाथ भने—मानिस जुन प्रयोजनले कहीं

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ त त्यै कुरा त्यहाँ गर्छ, [सज्जनहरूको यै नियम हुन्छ । हामी वैश्वानर आत्माका जिज्ञासु छौं] । यस बखत वैश्वानर आत्मालाई तपाईं राम्ररी जान्नुहुन्छ । अतः त्यै कुरा हामीहरूलाई बनाउनुहोस् ।

राजाप्रति मुनिहरूको उपसत्ति

तान्होवाच प्रातर्वः प्रतिवक्तास्मीति ते ह समित्पाणयः पूर्वाह्णे प्रतिचक्रमिरे तान्हानुपनीयैवैतदुवाच ॥ ७ ॥

द० प०—(राजाले) तान् = तिनीहरूलाई, ह = निश्चयपूर्वक, इति = यसो, उवाच = भने, वः = तपाईंहरूलाई, प्रातः = बिहान, प्रतिवक्तास्मि = उत्तर दिनेछु, (अनि) ते = ती (मुनि) हरू, पूर्वाह्णे = (भोलिपल्टका) पूर्वाह्णमा, समित्पाणयः = हातमा समिधा लिएर, प्रतिचक्रमिरे = (राजाका समीप) गए, (राजाले) तान् = तिनीहरूलाई, अनुपनीय एव = उपनयन नगरीकन नै, एतत् = यो, (वैश्वानरात्मविद्या) उवाच = उपदेश गरे ।

स० वा०—राजाले ती मुनिहरूलाई भने—यहाँहरूलाई भोलि बिहान उत्तर दिनेछु । राजाको आशय बुझेर मुनिहरू भोलिपल्ट पूर्वाह्णमा हातमा समिधा लिएर राजाका समीप गए । राजाले यिनीहरूलाई उपनयन नगरीकन नै वैश्वानरात्मविद्या उपदेश गरे ।

टिप्पणी—उपल्लो जातिलाई तल्लो जातिले विद्या दिनुपर्दा उपनयन गुरुशुश्रूषा आदि नगराईकन दिने स्थिति हुनाले राजाले त्यसै गरे ।

पाँचौं अध्यायमा एघारौं खण्ड समाप्त

●

द्वादश खण्ड

अश्वपति र औपमन्यवको संवाद

औपमन्यव कं त्वमात्मानमुपास्स इति । दिवमेव भगवो राजन्निति हावाचैष वै सुतेजा आत्मा वैश्वानरो यं त्वमात्मानमुपास्से तस्मात्तव सुतं प्रसुतमासुतं कुले दृश्यते ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—(राजाले) औपमन्यव=हे उपमन्युकुमार, त्वम्=तपाइं, कम्= कुन, आत्मानम् = आत्मालाई, उपास्से=उपासना गर्नुहुन्छ ? इति=यसरी (सोधे), भगवः=पूज्य, राजन्=राजा ! दिवम् एव=द्युलोकलाई नै (उपासना गर्छु), इति=यसो, उवाच=भने, ह=निश्चय हो, (अनि राजाले भने—) एषः = यो (द्युलोक), वै=निश्चयले, सुतेजा नाम=सुतेजा नाम गरेको, वैश्वानरः=वैश्वानररूप, आत्मा=आत्मा हो, त्वम्=तपाइं, यम्=जुन, आत्मानम्=आत्मालाई, उपास्से= उपासना गर्नुहुन्छ, तस्मात्=त्यसकारणले, तव=तपाइंका, कुले=कुलमा, सुतम्= (कर्ममा) सोमलता कुटेर निकालिएको रस, प्रसुतम्=विशेषरूपले निकालिएको रस, आसुतम्=चारौंतर्फबाट निकालिएको रस, दृश्यते = देखिन्छ ।

स० वा०—राजाले सोधे—उपमन्युकुमार ! तपाइं कुन आत्माको उपासना गर्नुहुन्छ ? औपमन्यवले उत्तर दिए—पूज्य राजा ! हामी द्युलोकको उपासना गर्दछौं । राजाले भने—यो द्युलोक निस्सै सुतेजा नाम गरेको वैश्वानर आत्मा हो । जसलाई तपाइं उपासना गर्नुहुन्छ । यसकारणले तपाइंका कुलमा एकाहादिरूप ज्योतिष्टोमादि अहर्गणमा 'सुत'—सोमलता कुटेर निकालिएको रस, अहीन आदि कर्ममा 'प्रसुत'— खूबसँग निकालिएको सोम रस, सत्रमा 'आसुत'—चारौंतर्फबाट निकालिएको सोमरस देखिन्छ । अर्थात् तपाइंका कुलपुरुषहरू खूब कर्मनिष्ठ हुन् ।

अत्स्यन्नं पश्यसि प्रियमत्त्यन्नं पश्यति प्रियं भवत्यस्य ब्रह्मवर्चसं कुले य एतमेवमात्मानं वैश्वानरमुपास्ते मूर्धा त्वेष आत्मन इति होवाच मूर्धा ते व्यपतिष्यद्यन्मां नागमिष्य इति ॥ २ ॥

द० प०—अन्नम्=अन्न, अत्सि=खानुहुन्छ, (तथा) प्रियम्=पुत्रपौत्रादि, पश्यसि=देख्नुहुन्छ, यः=जो, एतम्=यो, वैश्वानरम्=वैश्वानररूप, आत्मानम्= आत्मालाई, एवम्=यस प्रकार, उपास्ते = उपासना गर्दछ, [सः]=त्यो, अन्नम् = अन्न, अत्ति=खान्छ, प्रियम्=प्रिय वस्तु, पश्यति=देख्तछ । (तथा) अस्य= यसका, कुले=वंशमा, ब्रह्मवर्चसम्=ब्रह्मतेज, भवति = हुन्छ । तु=किन्तु, एषः= यो, आत्मनः=वैश्वानररूप आत्माको, मूर्धा=शिर हो, इति=यसो, ह=निश्चयसाथ, उवाच=भने, (र) इति=यसो (पनि भने—) ते = तपाइंको, मूर्धा=टाउको, व्यपतिष्यत्=गिर्ने थियो, यद्=यदि, माम्=मकहाँ, न आगमिष्यः=नआउनुहुँदो हो ।

स० वा०—अन्न खानुहुन्छ, पुत्र-पौत्रादि प्रिय वस्तुलाई देख्नुहुन्छ, जो यो वैश्वनररूप आत्मालाई यस चालले (द्युलोक भन्ने भावले) उपासना गर्दछ त्यो प्रदीप्ताग्नि भएर अन्नको भोक्ता हुन्छ, पुत्रादि प्रिय वस्तु देख्ने हुन्छ र यसका कुलमा

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मतेज पनि हुन्छ। यो तपाईंले देखेको आत्मा वैश्वानररूप आत्माको टाउको हो। पूरै सग्लो वैश्वानर होइन। वैश्वानरको टाउको मात्रलाई सग्लै वैश्वानर भनी उपासना गरेका दोषले तपाईंको टाउको खस्ने थियो, मकहाँ नआउनुभएको भए, आउनुभयो, बेस भयो।

पाँचौं अध्यायमा बाह्रौं खण्ड समाप्त

त्रयोदश खण्ड

अश्वपति र सत्ययज्ञको संवाद

अथ होवाच सत्ययज्ञं पौलुषिं प्राचीनयोग्य कं त्वमात्मानमुपास्स इत्यादित्यमेव भगवो राजन्निति होवाचैष वै विश्वरूप आत्मा वैश्वनरो य त्वमात्मानमुपास्से तस्मात्तव बहु विश्वरूपं कुले दृश्यते ॥ १ ॥

द० प०—ह=यो अघि भएको कुरा हो, अथ=अनि, पौलुषिम् = पुलुषका छोरा, सत्ययज्ञम्=सत्ययज्ञलाई, इति=यसो, उवाच=भने, प्राचीनयोग्य = हे पुराकालदेखिका योग्य, त्वम् = तपाईं, कम्=कुन, आत्मानम्=आत्मालाई, उपास्से= उपसना गर्नुहुन्छ ? (सत्ययज्ञले) भगवः=हे सत्कारयोग्य, राजन् = राजा, आदित्यम्=आदित्यलाई, एव=नै, (उपासना गर्दछु) इति = यसो, उवाच=भने, (अनि राजाले भने—) एषः=यो, वै=निश्चयले, विश्वरूपः = विश्वरूप, वैश्वानर आत्मा = वैश्वानर आत्मा हो, यम् = जुन, आत्मानम्=आत्मालाई, त्वम्=तपाईं, उपास्से= उपासना गर्नुहुन्छ, तस्मात्=त्यसकारण, तव=तपाईंको, कुले=कुलमा, बहु=धेरै, विश्वरूपम्=यसलोक-परलोकका निमित्तको उपकरण, दृश्यते=देखिन्छ।

स० वा०—औपमन्यवलाई वैश्वानर विद्या बताएपछि राजाले पुलुषका छोरा सत्ययज्ञलाई भने—हे अघिदेखिका योग्य ! तपाईं कुन आत्माको उपासना गर्नुहुन्छ ? सत्ययज्ञले भने—सत्कारयोग्य राजा ! म सूर्यरूप आत्माको उपासना गर्दछु। राजाले भने—यो सूर्य शुक्ल-नीलादि-विविध रूपको हुनाले विश्वरूप नामक वैश्वानर आत्मा हो। जसलाई तपाईं उपासना गर्नुहुन्छ। त्यसैले तपाईंका कुलमा यस लोक र परलोक निमित्तको उपकरण प्रशस्त देखिन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवृत्तोऽश्वतरीरथो दासीनिष्कोऽत्स्यन्नं पश्यसि प्रियमत्त्यन्नं पश्यति प्रियं भवत्यस्य ब्रह्मवर्चसं कुले य एतमेवमात्मानं वैश्वानरमुपास्ते चक्षुष्ट्वेतदात्मन इति होवाचाऽन्धोऽभविष्यो यन्मां नागमिष्य इति ॥ २ ॥

द० प०—(तथा) अश्वतरीरथः=दुइ खच्चरी जोतिएको रथ, दासी-निष्कः=सुसारेहरूसहितको हार, प्रवृत्तः=प्रस्तुत छ, अन्नम्=अन्न, अत्सि=भोग गर्नुहुन्छ, प्रियम्=प्यारो पुत्रपौत्रादि, पश्यसि=देख्नुहुन्छ, यः=जो, एतम्=यस, वैश्वानरम् आत्मानम्=वैश्वानर आत्मालाई, एवम्=यस प्रकार (सूर्य भावनाले), उपास्ते=उपासना गर्दछ (सः)=त्यो, अन्नम्=अन्न, अत्ति=भक्षण गर्दछ, प्रियम्=प्यारो वस्तु, पश्यति=देख्तछ, अस्य=यसका, कुले=कुलमा, ब्रह्मवर्चसम्=ब्रह्मतेज, भवति=हुन्छ, तु=किन्तु, एतत्=यो, (सूर्य) आत्मनः=वैश्वानर आत्माको, चक्षुः=आँखा हो, इति=यसो, ह=निश्चयपूर्वक, उवाच=भने, (अनि फेरि) इति=यसो (भने—) अन्धः=अन्धो, अभविष्यः=हुनुहुथ्यो, यत्=यदि, माम्=मकहाँ, न आगमिष्यः=नआउनुभएको भए ।

स० वा०—त्यस्तै दुइ खच्चरी जोतिएको रथ, सुसारेहरूसहितको हार पनि प्रस्तुत छ । अन्न मजासँग भोग गर्नु हुन्छ, पुत्रपौत्रादि प्यारा वस्तु देख्नुहुन्छ । जो अरू पनि कोही यस वैश्वानर आत्मालाई सूर्य भन्ने भावले उपासना गर्दछ, त्यो अन्नको भोक्ता, प्रियवस्तुको द्रष्टा हुन्छ । तर यो विश्वरूप नामक आत्मा वैश्वानर आत्माको आँखा हो, पूरै सग्लो वैश्वानर होइन । यसो भनेर फेरि भने—तपाइँ अन्धो हुनु हुनुहुन्थ्यो, यदि मकहाँ नआउनुभएको भए । आउनुभयो, ठीक गर्नुभयो ।

पाँचौं अध्यायमा तेह्रौं खण्ड समाप्त

चतुर्दश खण्ड

अश्वपति र इन्द्रद्युम्नको संवाद

अथ होवाचेन्द्रद्युम्नं भाल्लवेयं वैयाघ्रपद्य कं त्वमात्मानमुपास्स इति वायुमेव भगवो राजन्निति होवाचैष वै पृथग्वर्त्मात्मा वैश्वानरो यं त्वमात्मानमुपास्से तस्मात्त्वां पृथग्बलय आयन्ति पृथग्रथश्रेणयोऽनुयन्ति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ = यसपछि (राजाले), भाल्लवेयम् = भाल्लविका छोरा, इन्द्रद्युम्नम् = इन्द्रद्युम्नलाई, इति = यसो, उवाच = भने, ह = कुरा प्रसिद्ध छ, वैयाघ्रपद्य = हे व्याघ्रपाद्का पुत्र, त्वम् = तपाइं, कम् = कुन, आत्मानम् = आत्मालाई, उपास्से = उपासना गर्नुहुन्छ ? (इन्द्रद्युम्नले) भगवः = हे सत्कारयुक्त, राजन् = राजा ! (म) वायुम् एव = वायुरूप आत्मालाई नै, (उपासना गर्दछु) इति = यसो, उवाच = भने, ह = निश्चय हो, (अनि राजाले भने) एषः = यो, वै = निश्चयले, पृथग्वर्त्मा = पृथग्वर्त्म (वायु) स्वरूप, वैश्वानरः = वैश्वानर आत्मा हो, यम् = जुन, आत्मानम् = आत्मालाई, त्वम् = तपाइं, उपास्से = उपासना गर्नुहुन्छ, तस्मात् = त्यसकारण, त्वाम् तपाइंकहाँ, पृथक् = नाना दिशाका, बलयः = (वस्त्र–अन्न आदि) उपहार, आयन्ति = आउँदछन्, पृथक् = बेग्लाबेग्लै, रथश्रेणयः = रथका पंक्ति, अनुयन्ति = पछि लागेर आउँदछन् ।

स० वा०—सत्ययज्ञलाई वैश्वानर विद्या बताएपछि भाल्लविका छोरा इन्द्रद्युम्नलाई भने—हे व्याघ्रपाद्का पुत्र तपाईं कुन आत्माको उपासना गर्नुहुन्छ ? (इन्द्रद्युम्नले भने) हे सत्कारयुक्त राजा ! म वायुरूप आत्माको उपासना गर्दछु । अनि राजाले भने—यो निस्सै पृथग्वर्त्म आवह-उद्वह आदि भेदले भिन्न-भिन्न मार्ग हुने वायुस्वरूप वैश्वानर आत्मा हो । जुन आत्माको तपाइं उपासना गर्नुहुन्छ । त्यसैले तपाइंकहाँ विभिन्न दिशाहरूबाट वस्त्र-अन्न आदि उपहारहरू आउँदछन्, तथा बेग्ला-बेग्लै रथका ताँती पछि लागेर आउँछन् ।

अत्स्यन्नं पश्यसि प्रियमत्त्यन्नं पश्यति प्रियं भवत्यस्य ब्रह्मवर्चसं कुले य एतमेवमात्मानं वैश्वानरमुपास्ते प्राणस्त्वेष आत्मन इति होवाच प्राणस्त उदक्रमिष्यद्यन्मां नागमिष्य इति ॥ २ ॥

द० प०—अन्नम् = अन्न, अत्सि = उपभोग गर्नुहुन्छ, प्रियम् = प्यारो वस्तु, पश्यसि = देख्नुहुन्छ, यः = जो, एतम् = यो, वैश्वानरम् = वैश्वानर, आत्मानम् = आत्मालाई, एवम् = यस प्रकार, (वायु भावले) उपास्ते = उपासना गर्दछ, [सः] = त्यो, अन्नम् = अन्न, अत्ति = उपभोग गर्दछ, प्रियम् = प्यारो वस्तु, पश्यति = देख्तछ, अस्य = यसका, कुले = कुलमा, ब्रह्मवर्चसम् = ब्रह्मतेज, भवति = हुन्छ, तु = किन्तु, एषः = यो, आत्मनः = वैश्वानर आत्माको, प्राणः = प्राण हो, इति = यसो, ह = निश्चयसाथ, उवाच = भने, (अनि फेरि) इति = यसो (भने) ते = तपाइंको, प्राणः = प्राण, उदक्रमिष्यत् = निक्लने थियो, यत् = यदि, माम् = मकहाँ, न आगमिष्यः = नआउनुभएको भए ।

स० वा०—अन्न उपभोग गर्नुहुन्छ, प्यारा पुत्रपौत्रादि देख्नुहुन्छ, जो अरू पनि कोही यो वैश्वानर आत्मालाई विभिन्न मार्ग हुने वायु भन्ने भावनाले उपासना गर्दछ,
Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो अन्न उपभोग गर्दछ, पुत्र-पौत्रादि प्रिय वस्तु देख्तछ तथा यसका कुलमा ब्रह्मतेज हुन्छ। किन्तु यो वायु वैश्वानर आत्माको प्राण हो, पूरै सग्लो वैश्वानर होइन, यसो भनेर फेरि भने तपाईंको प्राण निक्लने थियो यदि मकहाँ नआउनुभएको भए, आउनुभयो, ठीक भयो।

पाँचौं अध्यायमा चौधौं खण्ड समाप्त

पञ्चदश खण्ड

अश्वपति र जनको संवाद

अथ होवाच जनꣳ शार्कराक्ष्य कं त्वमात्मानमुपास्स इत्याकाशमेव भगवो राजन्निति होवाचैष वै बहुल आत्मा वैश्वानरो यं त्वमात्मानमुपास्से तस्मात्त्वं बहुलोऽसि प्रजया च धनेन च ॥ १ ॥

द० प०—अथ = अनि, (राजाले) जनम् = जनलाई, इति = यसो, उवाच = भने, शार्कराक्ष्य = ए शर्कराका पुत्र, त्वं = तपाईं, कम् = कुन, आत्मानम् = आत्मालाई, उपास्से = उपासना गर्नुहुन्छ ? (जनले भने) भगवः = सत्कार युक्त, राजन् = हे राजा, (म) आकाशम् एव = आकाशरूप आत्माको नै, उपास्से = उपासना गर्दछु। अनि राजाले, उवाच = भने, एषः = यो आकाश, आत्मा = सर्वगत हुनाले, बहुल आत्मा = बहुल नामको वैश्वानर आत्मा हो। यम् = जुन, आत्मानम् = आत्मालाई, त्वम् = तपाईं, उपास्से = उपासना गर्नुहुन्छ। तस्मात् = त्यसैकारणले, त्वम् = तपाईं, प्रजया = सन्तानले, च = र, धनेन = धनले, च = पनि, बहुल = परिपूर्ण, असि = हुनुहुन्छ।

स० वा०—सत्ययज्ञलाई वैश्वानर विद्या दिएपछि राजाले जनलाई भने—ए शर्कराक्षका पुत्र ! तपाईं कुन आत्माको उपासना गर्नुहुन्छ ? जनले भने—हे सत्कार-युक्त राजा ! म आकाशरूप आत्माको नै उपासना गर्दछु। अनि राजाले भने—यो सर्वगत हुनाले र बहुल गुणरूपले उपासित हुनाले बहुल संज्ञक वैश्वानर आत्मा हो। जसलाई तपाईं उपासना गर्नुहुन्छ। त्यसैकारणले तपाईं सन्तानले तथा धन संपत्तिले परिपूर्ण हुनुहुन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्स्यन्नं पश्यसि प्रियमत्त्यन्नं पश्यति प्रियं भवत्यस्य ब्रह्मवर्चसं कुले य एतमेवमात्मानं वैश्वानरमुपास्ते संदेहस्त्वेष आत्मन इति होवाच संदेहस्ते व्यशीर्यद्यन्मां नागमिष्य इति ॥ २ ॥

द० प०—अन्नम्=अन्न, अत्सि=उपभोग गर्नुहुन्छ, प्रियम्=प्यारो वस्तु, पश्यसि=देख्नुहुन्छ, यः=जो, एतम्=यो, वैश्वानरम्=वैश्वानर, आत्मानम्=आत्मालाई, एवम्=यस प्रकार, उपास्ते=उपासना गर्दछ, [सः]=त्यो, अन्नम्=अन्न, अत्ति=उपभोग गर्दछ। प्रियम्=प्यारो वस्तु, पश्यति=देख्तछ, अस्य=यसका, कुले=कुलमा, ब्रह्मवर्चसम्=ब्रह्मतेज, भवति=हुन्छ, तु=किन्तु, एषः=यो, आत्मनः=वैश्वानर आत्माको, संदेहः=शरीरको मध्यभाग हो, इति=यसो, उवाच=भने, ह=निश्चय हो, (अनि फेरि भने) ते=तपाईंको, संदेहः=शरीरको मध्यभाग, व्यशीर्यत=नष्ट हुँदो हो, यत्=यदि, माम्=मकहाँ, न आगमिष्यः=नआउनुभएको भए।

स० वा०—अन्न उपभोग गर्नुहुन्छ, पुत्रपौत्रादि प्यारो वस्तु देख्नुहुन्छ। जो अरू पनि कोही यो वैश्वानर आत्मालाई आकाश भन्ने भावनाले उपासना गर्दछ त्यो अन्न उपभोग गर्दछ, पुत्र-पौत्रादि प्रिय वस्तु देख्तछ तथा यसका कुलमा ब्रह्मतेज हुन्छ, तर यो आकाश वैश्वानर आत्माको शरीरको मध्यभाग हो, पूरै सग्लो वैश्वानर आत्मा होइन। यसो भनेर राजाले फेरि भने—तपाइंका शरीरको मध्यभाग नष्ट हुने थियो यदि मकहाँ नआउनुभएको भए; आउनुभयो, बेस भयो।

पांचौं अध्यायमा पन्ध्रौं खण्ड समाप्त

षोडश खण्ड

अश्वपति र बुडिलको संवाद

अथ होवाच बुडिलमाश्वतराश्विं वैयाघ्रपद्य कं त्वमात्मानमुपास्स इत्यप एव भगवो राजन्निति होवाचैष वै रयिरात्मा वैश्वानरो यं त्वमात्मानमुपास्से तस्मात्त्वꣳ रयिमान्पुष्टिमानसि ॥ १ ॥

द० प०—ह=प्रसिद्ध छ, अथ=यसपछि, (राजाले) आश्वतराश्विम्=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अश्वतराश्वका छोरा, बुडिलम् = बुडिललाई, इति = यसो, उवाच = भने, वैयाघ्रपद्य = हे व्याघ्रपाद्का पुत्र, त्वम् = तपाइँ, कम् = कुन, आत्मानम् = आत्मालाई, उपास्से = उपासना गर्नुहुन्छ, बुडिलले, भगवः = सत्कारयुक्त, राजन् = राजा ! अपः एव = जललाई नै, (उपासना गर्दछु) इति = यसो, उवाच = भने, (अनि राजाले भने--) एषः = यो, वै = निश्चयले, रयिः = धनरूप, वैश्वानरः = वैश्वानर, आत्मा = आत्मा हो, यम् = जसलाई, त्वम् = तपाइँ, उपास्से = उपासना गर्नुहुन्छ, तस्मात् = त्यसकारणले, त्वम् = तपाइँ, रयिमान् = धनवान् (र) पुष्टिमान् = पुष्टताले युक्त, असि = हुनुहुन्छ ।

स० वा०--जनलाई वैश्वानर विद्या दिएपछि राजाले अश्वतराश्वका छोरा बुडिललाई भने—व्याघ्रपाद्का पुत्र ! तपाइँ कुन आत्माको उपासना गर्नुहुन्छ ? बुडिलले भने—सत्कारयुक्त राजा ! म जलरूप आत्माको उपासना गर्दछु । अनि राजाले भने—यो निस्सै धनरूप (जलबाट अन्न हुन्छ, अन्नबाट धन हुन्छ) वैश्वानर आत्मा हो, जसको तपाइँ उपासना गर्नुहुन्छ । त्यसैकारणले तपाईं धनवान् र पुष्टताले युक्त हुनुहुन्छ ।

अत्स्यन्नं पश्यसि प्रियमत्त्यन्नं पश्यति प्रियं भवत्यस्य ब्रह्मवर्चसं कुले य एतमेवमात्मानं वैश्वानरमुपास्ते बस्तिस्त्वेष आत्मन इति होवाच बस्तिस्ते व्यभेत्स्यद्यन्मां नागमिष्य इति ॥ २ ॥

द० प०—अन्नम्=अन्न, अत्सि=खानुहुन्छ, प्रियम्=प्यारो वस्तु, पश्यसि= देख्नुहुन्छ, यः=जो, एतम्=यो, वैश्वानरम् = वैश्वानर, आत्मानम्=आत्मालाई, एवम्=यस प्रकार, उपास्ते = उपासना गर्दछ, [सः]=त्यो, अन्नम् = अन्न, अत्ति= खान्छ, प्रियम्=प्यारो वस्तु, पश्यति=देख्तछ, अस्य=यसका, कुले=कुलमा, ब्रह्म-वर्चसम् = ब्रह्मतेज, भवति=हुन्छ, तु = किन्तु, एषः = यो, आत्मनः = वैश्वानर आत्माको, बस्तिः=मूत्रसंग्रहस्थान हो, इति = यसो, ह = निश्चयसाथ, उवाच = भने, (अनि यो पनि भने—) ते = तपाईंको, बस्तिः = मूत्रसंग्रहस्थान, व्यभेत्स्यत्= फुट्ने थियो, यत् = यदि, माम् = मकहाँ, न आगमिष्यः = नआउनुहुँदो हो त ।

स० वा०—अन्न खानुहुन्छ, प्रिय वस्तु देख्नुहुन्छ । जो यस वैश्वानर आत्मालाई जल भन्ने भावनाले उपासना गर्दछ त्यो अन्न उपभोग गर्दछ, पुत्र-पौत्रादि प्यारो वस्तु देख्तछ तथा यसका कुलमा ब्रह्मतेज हुन्छ । तर यो जल वैश्वानर आत्माको बस्ति (मूत्रसंग्रहस्थान) हो, पूरै सग्लो वैश्वानर आत्मा होइन । यसो भनेर राजाले फेरि भने—तपाइँको मूत्रसंग्रहस्थान फुट्ने थियो, यदि तपाइँ मकहाँ नआउनुभएको भए । आउनुभयो, ठीक गर्नुभयो ।

पाँचौं अध्यायमा सोह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तदश खण्ड

अश्वपति र उद्दालकको संवाद

अथ होवाचोद्दालकमारुणिं गौतम कं त्वमात्मानमुपास्स इति पृथिवीमेव भगवो राजन्निति होवाचैष वै प्रतिष्ठात्मा वैश्वानरो यं त्वमात्मानमुपास्से तस्मात्त्वं प्रतिष्ठितोऽसि प्रजया च पशुभिश्च ॥ १ ॥

द० प०—अथ = यसपछि, (राजाले) आरुणिम् = अरुणका छोरा, उद्दालकम् = उद्दालकलाई, इति = यसो, उवाच = भने, गौतम = हे गौतम, त्वम् = तपाईं, कम् = कुन, आत्मानम् = आत्मालाई, उपास्से = उपासना गर्नुहुन्छ, (गौतमले) भगवः = सत्कारयुक्त, राजन् = हे राजा ! (म) पृथिवीम् एव = पृथ्वीलाई नै (उपासना गर्दछु), इति = यसो, ह = निश्चयसाथ, उवाच = उने—, एषः = यो, वै = निश्चयले, प्रतिष्ठा = प्रतिष्ठासंज्ञक, वैश्वानरः = वैश्वानर, आत्मा = आत्मा हो, यम् = जुन, आत्मानम् = आत्मालाई, त्वम्=तपाइं, उपास्से = उपासना गर्नुहुन्छ, तस्मात्=त्यसकारणले, त्वम् = तपाइं, प्रजया = सन्तानले, च=र, पशुभिः=पशुहरूले, च=पनि, प्रतिष्ठितः = प्रतिष्ठित, असि=हुनुहुन्छ ।

स० वा०—बुडिललाई वैश्वानर विद्या दिएपछि राजाले अरुणका छोरा उद्दालकलाई भने—गौतमजी ! तपाइं कुन आत्मालाई उपासना गर्नुहुन्छ ? उद्दालकले भने—सत्कारयुक्त राजा ! म पृथ्वीरूप आत्माको नै उपासना गर्दछु । राजाले भने—यो पृथ्वी निस्सै प्रतिष्ठासंज्ञक वैश्वानर आत्मा हो, जसको तपाइं उपासना गर्नुहुन्छ। त्यसै कारणले तपाइं सन्तान र पशुहरूले प्रतिष्ठित हुनुहुन्छ ।

अत्स्यन्नं पश्यसि प्रियमत्त्यन्नं पश्यति प्रियं भवत्यस्य ब्रह्मवर्चसं कुले य एतमेवमात्मानं वैश्वानरमुपास्ते पादौ त्वेतावात्मन इति होवाच पादौ ते व्यम्लास्येतां यन्मां नागमिष्य इति ॥ २ ॥

द० प०—अन्नम्=अन्न, अत्सि=भक्षण गर्नुहुन्छ, प्रियम् = प्यारो वस्तु, पश्यसि=देख्नुहुन्छ, यः=जो, एतम् = यो, वैश्वानरम्=वैश्वानर, आत्मानम्= आत्मालाई, एवम्=यस प्रकार, उपास्ते=उपासना गर्दछ, [सः]=त्यो, अन्नम्= अन्न, अत्ति=खान्छ, प्रियम्=प्यारो कुरा, पश्यति=देख्तछ, (तथा) अस्य=यसका, कुले = कुलमा, ब्रह्मवर्चसम् = ब्रह्मतेज, भवति = हुन्छ, तु = किन्तु, एतौ=यी, आत्मनः = वैश्वानर आत्माका, पादौ = पाउ हुन्, इति = यसो, ह = निश्चयसाथ,

Prof. Amodavardhana Kauhdinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उवाच = भने, (र) इति = यसो (भने) ते = तपाइंका, पादौ = गोडा, व्यम्लास्येताम्= गल्ने थिए, यत्=यदि, माम्=मकहाँ, न आगमिष्यः=नआउनुभएको भए ।

स० वा०—अन्न भक्षण गर्नुहुन्छ, पुत्र-पौत्रादि प्यारो वस्तु देख्नुहुन्छ । जो–कुनै पनि यस वैश्वानर आत्मालाई पृथिवी भन्ने भावना गर्दछ, त्यो अन्न उपभोग गर्दछ, पुत्रपौत्रादि प्रिय वस्तु देख्तछ, (तथा) त्यसका कुलमा ब्रह्मतेज हुन्छ । तर यो पृथ्वी वैश्वानर आत्माको पाउ हुन् । पूरै सग्लो वैश्वानर होइन । तपाइं मकहाँ नआउनुभएको भए तपाइंका गोडा गलित हुने थिए, आउनुभयो, ठीक भयो ।

पाँचौं अध्यायमा सत्रौं खण्ड समाप्त

अष्टादश खण्ड

अश्वपतिको उपदेश—सग्लो वैश्वानरको उपासनाको फल

तान्होवाचैते वै खलु यूयं पृथगिवेममात्मानं वैश्वानरं विद्वांसोऽन्नमत्थ यस्त्वेतमेवं प्रादेशमात्रमभिविमानमात्मानं वैश्वानरमुपास्ते स सर्वेषु लोकेषु सर्वेषु भूतेषु सर्वेष्वात्मस्वन्नमत्ति ॥ १ ॥

द० प०—ह = यो प्रसिद्ध कुरा हो, (राजा अश्वपतिले) तान् = ती मुनिहरूलाई, उवाच = भने, एते = यी, यूयम = तपाइंहरू, इमम् = यो, वैश्वानरम्= वैश्वानर, आत्मानम्=आत्मालाई, पृथक् इव = भिन्न छ भनेजस्तो गरी, (परिछिन्न बुद्धिले) विद्वांसः=जानेर, अन्नम्=अन्न, अत्थ = भक्षण गर्नुहुन्छ, यः तु = जो त, एतम् = यस आत्मालाई, एवम्=यस्तो प्रकारले, प्रादेशमात्रम् = द्युलोकरूप शिरदेखि लिएर पृथिवीरूप पाउसम्मका अङ्गले विशिष्ट, अभिविमानम्='म' भनिई प्रत्यक्षरूपले जानिने, वैश्वानरम्=सर्वात्मभूत, आत्मानम् = आत्मालाई, उपास्ते = उपासना गर्दछ, सः = त्यो, सर्वेषु = सम्पूर्ण, लोकेषु=द्युलोक आदिमा, सर्वेषु = समस्त, भूतेषु = चराचरमा, सर्वेषु=सारा, आत्मसु = शरीर-इन्द्रिय-मन-बुद्धिमा, अन्नम् = अन्न (भोग्य-वस्तु) अत्ति=उपभोग गर्दछ ।

स० वा०—यो प्रसिद्ध कुरा हो—राजा अश्वपतिले ती उद्दालक आदि मुनिहरूलाई भने—तपाईंहरू यो वैश्वानर आत्मालाई भिन्न छ जस्तो गरी परिच्छिन्न

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिले (१) जन्मान्धले हामीलाई ठानेजस्तो मानेर अन्न भक्षण गर्नुहुन्छ। जो न यस आत्मालाई द्युलोकरूप शिरदेखि लिएर पृथिवीरूप पाउसम्मका समरूप अंगले परिपूर्ण 'म' भनिई प्रत्यक्ष आत्मरूपले जानिने सर्वात्मरूप आफूलाई उपासना गर्दछ, त्यो द्युलोकादि सम्पूर्ण लोकमा, समस्त चराचरमा, सारा शरीर-इन्द्रिय-मन-बुद्धिहरूमा, अन्न (भोग्य वस्तु) उपभोग गर्दछ।

(१) **टिप्पणी**—अर्थात् कहिल्यै हात्ती नदेखेका जन्मान्धहरूले उसका आकारको अनुमान गर्न लागे भने तिनमा जुन पुरुषले हात्तीको सूँड, टाउको, कान वा खुट्टा आदि जुन अवयवको स्पर्श गर्छ त्यो त्यै अवयवलाई हात्तीको समग्ररूप ठान्न लाग्छ, त्यै छाँटले तपाईंहरू सबैको, वैश्वानरका अवयवमा समग्र-वैश्वानर-बुद्धि भैरहेको छ। यै अन्यथा ग्रहण अनिष्टकारी भएको हो।

वैश्वानरको साङ्गोपाङ्ग स्वरूप

तस्य ह वा एतस्यात्मनो वैश्वानरस्य मूर्धैव सुतेजाश्चक्षुर्विश्वरूपः प्राणः पृथग्वर्त्मात्मा संदेहो बहुलो बस्तिरेव रयिः पृथिव्येव पादावुर एव वेदिर्लोमानि बर्हिर्हृदयं गार्हपत्यो मनोऽन्वाहार्यपचन आस्यमाहवनीयः ॥ २ ॥

द० प०—तस्य=त्यस, एतस्य=यो, वैश्वानरस्य=वैश्वानर, आत्मनः=आत्माको, ह वै = निस्सै, मूर्धा एव = शिर नै, सुतेजाः=सुतेजा (द्युलोक) हो, चक्षुः = आँखा, विश्वरूपः=विश्वरूप (सूर्य) हो, प्राणः = प्राण, पृथग्वर्त्मा = पृथग्वर्त्मा (वायु) हो, संदेहः = शरीरको मध्यभाग, बहुलः=बहुल (आकाश) हो, बस्तिः एव = मूत्रसंग्रह स्थान नै, रयिः=जल हो, पृथिवी एव=पृथ्वी नै, पादौ = पाउ हो, उरः एव = वक्षःस्थल नै, वेदी = वेदी हो, लोम = रौं, दर्भः = कुश हो, हृदयम् = हृदय, गार्हपत्यः = गार्हपत्यनामक अग्नि हो, मनः = मन, अन्वाहार्यपचनः = अन्वाहार्यपचननामक अग्नि हो, आस्यम्=मुख, आहवनीयः=आहवनीय नामक अग्नि हो।

स० वा०—त्यो यस वैश्वानर आत्माको निस्सै पनि शिर नै द्युलोक हो, आँखा सूर्य हो, प्राण वायु हो, शरीरको मध्यभाग आकाश हो, बस्तिस्थान जल हो, पृथ्वी पाउ हो। यही भावनाले सर्वाङ्ग विशिष्ट (समस्त) रूपले उपासना गर्नुपर्दछ, अङ्ग (व्यस्त) रूपले होइन।

सर्वात्मा वैश्वानर ब्रह्म हो, त्यो नै आत्मा (आफू) हो। अतएव अभेद बुद्धिले उपासना हुनुपर्दछ, भेदोपासनामा भय हुन्छ, जुन कुरा तत् तत् अंग नष्ट हुने कुराबाट दर्शाइएको छ।

[अब वैश्वानर-अग्नि-वेत्ताको भोजनमा अग्निहोत्र संपादन गर्ने इच्छाले भन्दछ—] यस वैश्वानर आत्माको— छाती नै— वेदी हो, (आकार उस्तै परेको छ),

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रौं कुश हुन्, (वेदीमा जस्तै छातीमा रौंहरू छरिएका छन्), हृदय 'गार्हपत्य' नामक अग्नि हो, मन 'अन्वाहार्यपचन' नामक अग्नि हो, मन हृदयैबाट उत्पन्न भए जस्तो बीचमा अन्तर नभएको हुन्छ। अन्वाहार्यपचन अग्नि पनि गार्हपत्य अग्निबाट नै खडा गरिन्छ। दुइमा यै समानता छ। मुख 'आहवनीय' नामक अग्नि हो, (आहवनीय अग्नि जस्तै मुख पनि चारौंतर्फबाट खाद्य पदार्थ होमिने ठाउँ हो)।

पांचौं अध्यायमा अट्ठारौं खण्ड समाप्त

एकोनविंश खण्ड

भोजनको अग्निहोत्रत्व सिद्धिका निमित्त 'प्राणाय स्वाहा' यस पहिलो आहुतिको वर्णन

तद्यद्भक्तं प्रथममागच्छेत्तद्धोमीयꣳ स यां प्रथमाहुतिं जुहुयात्तां जुहुयात्प्राणाय स्वाहेति प्राणस्तृप्यति ॥ १ ॥

द० प०—तत् = त्यसो हुँदा, यद् = जो, भक्तम् = भात (अन्न), आगच्छेत्= (भोजनका निमित्त) आउला, तत् = त्यो, होमीयम् = हवन गर्नु पर्छ, सः = त्यो भोक्ता, याम् = जुन, प्रथमाम् = पहिलो, आहुतिम् = आहुति, जुहुयात् = होम्ला, ताम् = त्यसलाई 'प्राणाय स्वाहा' = प्राणलाई हवि प्रदान गर्दछु, इति = यसो भनेर, जुहुयात्=हवन गरोस्, (त्यसले) प्राणः=प्राणः तृप्यति=तृप्त हुन्छ।

स० वा०—मुख पनि आहवनीय अग्नि जस्तै हुँदा जुन अन्न भोजनका निमित्त आउँदछ, त्यसलाई हवन गर्नुपर्दछ। खानेले जुन पहिलो आहुति (गाँस) हवन गर्दछ त्यो 'प्राणाय स्वाहा'=प्राणलाई हविर्दान गर्दछु भनेर हवन गर्नू (गाँस हाल्नू)। त्यसले प्राण तृप्त हुन्छ।

प्राणे तृप्यति चक्षुस्तृप्यति चक्षुषि तृप्यत्यादित्यस्तृप्यत्यादित्ये तृप्यति द्यौस्तृप्यति दिवि तृप्यन्त्यां यत्किं च द्यौश्चादित्यश्चाधितिष्ठतस्तत्तृप्यति तस्यानु तृप्तिं तृप्यति प्रजया पशुभिरन्नाद्येन तेजसा ब्रह्मवर्चसेनेति ॥ २ ॥

द० प०—प्राणे = प्राण, तृप्यति=तृप्त हुँदा, चक्षुः=चक्षु इन्द्रिय, तृप्यति=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृप्त हुन्छ, चक्षुषि=चक्षु इन्द्रिय, तृप्यति=तृप्त हुँदा, आदित्यः=सूर्य, तृप्यति=तृप्त हुन्छ, आदित्ये=सूर्य, तृप्यति=तृप्त हुँदा, द्यौः=द्युलोक, तृप्यति=तृप्त हुन्छ, दिवि=द्युलोक, तृप्यन्त्याम्=तृप्त हुँदा, यत् किम् च=कुनै पनि जुनमा, आदित्यः=सूर्य, च=र, द्यौः=द्युलोक, च=पनि, अधितिष्ठतः=स्वामिभावले रहन्छन्, तत्=त्यो, तृप्यति=तृप्त हुन्छ, तस्य=त्यसको, तृप्तिम् अनु=तृप्तिपछि, [भुञ्जानः]=खाने व्यक्ति, तृप्यति=तृप्त हुन्छ, (त्यतिमात्र हैन) प्रजया=सन्तानले, पशुभिः=पशुहरूले, अन्नाद्येन=अन्नादिले, तेजसा=शरीरका चमकले, ब्रह्मवर्चसेन=सदाचार र स्वाध्यायका तेजले, तृप्यति=तृप्त हुन्छ ।

स० वा०—प्राण तृप्त हुँदा चक्षु इन्द्रिय तृप्त हुन्छ, चक्षु इन्द्रिय तृप्त हुँदा सूर्य, सूर्य तृप्त हुँदा द्युलोक, द्युलोक तृप्त हुँदा द्युलोक र सूर्य जेमा स्वामिभावले रहेका छन् त्यो तृप्त हुन्छ । त्यो तृप्त भएपछि खाने मानिस तृप्त हुन्छ; यो प्रत्यक्षै छ । त्यति मात्र हैन, त्यो सन्तानले, पशुहरूले, अन्नादिले, शरीरका चमकले र सदाचार एवं स्वाध्यायबाट हुने तेजले समेत तृप्त हुन्छ ।

पाँचौं अध्यायमा उन्नाईसौं खण्ड समाप्त

विंश खण्ड

'व्यानाय स्वाहा' यो दोस्रो आहुतिको वर्णन

अथ यां द्वितीयां जुहुयात्तां जुहुयाद् व्यानाय स्वाहेति व्यानस्तृप्यति ॥ १ ॥

व्याने तृप्यति श्रोत्रं तृप्यति श्रोत्रे तृप्यति चन्द्रमास्तृप्यति चन्द्रमसि तृप्यति दिशस्तृप्यन्ति दिक्षु तृप्यन्तीषु यत्किं च दिशश्च चन्द्रमाश्चाधितिष्ठन्ति तत्तृप्यति तस्यानु तृप्तिं तृप्यति प्रजया पशुभिरन्नाद्येन तेजसा ब्रह्मवर्चसेनेति ॥ २ ॥

द० प०—अथ=यसपछि, याम्=जुन, द्वितीयाम्=दोस्रो, [आहुतिम्]=आहुति, जुहुयात्=होम्ला, ताम्=त्यसलाई, 'व्यानाय स्वाहा' =व्यानलाई हवि प्रदान गर्दछु, इति=यसो भनेर, जुहुयात्=हवन गरोस्, (त्यसले) व्यानः=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यान, तृप्यति=तृप्त हुन्छ, व्याने=व्यान, तृप्यति=तृप्त हुँदा, श्रोत्रम्=श्रोत्र इन्द्रिय, तृप्यति=तृप्त हुन्छ, श्रोत्रे=श्रोत्र इन्द्रिय, तृप्यति=तृप्त हुँदा, चन्द्रमाः= चन्द्रमा, तृप्यति=तृप्त हुन्छ, चन्द्रमसि=चन्द्रमा, तृप्यति=तृप्त हुँदा, दिशः= दिशाहरू, तृप्यन्ति=तृप्त हुन्छन्, दिक्षु=दिशाहरू, तृप्यन्तीषु=तृप्त हुँदा, यत् किम् च=कुनै पनि जुनमा, दिशः=दिशाहरू, च=र, चन्द्रमाः=चन्द्रमा, च=पनि, अधितिष्ठन्ति=स्वामिभावले रहन्छन्, तत्=त्यो, तृप्यति=तृप्त हुन्छ, तस्य= त्यसका, तृप्तिम् अनु=तृप्तिपछि, तृप्यति=(भोक्ता) तृप्त हुन्छ (त्यति मात्र होइन) प्रजया=सन्तानले, पशुभिः=पशुहरूले, अन्नाद्येन=अन्नादिले, तेजसा= शरीरका चमकले, ब्रह्मवर्चसेन=ब्रह्मतेजले, तृप्यति = तृप्त हुन्छ ।

स० था०—यसपछि जुन दोस्रो आहुति हवन गर्ला, त्यसलाई 'व्यानाय स्वाहा' = व्यानलाई हवि दिन्छु भनेर हवन गर्नू, त्यसले व्यान तृप्त हुन्छ । व्यान तृप्त हुँदा श्रोत्र इन्द्रिय तृप्त हुन्छ, श्रोत्र इन्द्रिय तृप्त हुँदा चन्द्रमा, चन्द्रमा तृप्त हुँदा दिशाहरू, दिशाहरू तृप्त हुँदा दिशा र चन्द्रमा जेमा स्वामिभावले रहन्छन् त्यो तृप्त हुन्छ, त्यो तृप्त भएपछि खाने मानिस तृप्त हुन्छ । त्यति मात्र होइन, त्यो सन्तानले, पशुहरूले, अन्नादिले शरीरका चमकले, सदाचार र स्वाध्यायबाट हुने तेजले समेत तृप्त हुन्छ ।

पाँचौं अध्यायमा बीसौं खण्ड समाप्त

एकविंश खण्ड

'अपानाय स्वाहा' यो तेस्रो आहुतिको वर्णन

अथ यां तृतीयां जुहुयात्तां जुहुयादपानाय स्वाहेत्यपानस्तृप्यति ॥ १ ॥

अपाने तृप्यति वाक्तृप्यति वाचि तृप्यन्त्यामग्निस्तृप्यत्यग्नौ तृप्यति पृथिवी तृप्यति पृथिव्यां तृप्यन्त्यां यत्किञ्च पृथिवी चाग्निश्चाधितिष्ठतस्तत्तृप्यति तस्यानु तृप्तिं तृप्यति प्रजया पशुभिरन्नाद्येन तेजसा ब्रह्मवर्चसेनेति ॥ २ ॥

द० प०—अथ=अनि, याम्=जुन, तृतीयाम्=तेस्रो, [आहुतिम्]=आहुति, जुहुयात्=होम्ला, ताम्=त्यसलाई, 'अपानाय स्वाहा' इति=अपानलाई हवि दिन्छु

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर, जुहुयात्=हवन गरोस्, (त्यसले) अपानः=अपान, तृप्यति=तृप्त हुन्छ, अपाने=अपान, तृप्यति=तृप्त हुँदा, वाक्=वाक् इन्द्रिय, तृप्यति=तृप्त हुन्छ, वाचि =वाक् इन्द्रिय, तृप्यन्त्याम्=तृप्त हुँदा, अग्निः=अग्नि, तृप्यति=तृप्त हुन्छ, अग्नौ =अग्नि, तृप्यति=तृप्त हुँदा, पृथिवी=पृथ्वी, तृप्यति=तृप्त हुन्छ, पृथिव्याम्=पृथिवी, तृप्यन्त्याम्=तृप्त हुँदा, यत् किम् च=जुन कुनैमा, पृथिवी=पृथ्वी, च=र, अग्निः= अग्नि, च=पनि, अधितिष्ठतः=स्वामिभावले रहन्छन्, तत्=त्यो, तृप्यति=तृप्त हुन्छ, तस्य=त्यसको, तृप्तिम् अनु=तृप्तिपछि, तृप्यति=(भोक्ता) तृप्त हुन्छ, (यति मात्र होइन) त्यो प्रजया=सन्तानले, पशुभिः=पशुहरूले, अन्नाद्येन=अन्नादिले, तेजसा= शरीरका चमकले, ब्रह्मवर्चसेन=सदाचार र स्वाध्यायबाट भएका तेजले+तृप्यति= तृप्त हुन्छ।

स० वा०—अनि जुन तेस्रो आहुति हवन गर्ला, त्यसलाई 'अपानाय स्वाहा' = 'अपानलाई हवि दिन्छु' यसो भनेर हवन गरोस्, त्यसले अपान तृप्त हुन्छ। अपान तृप्त हुँदा वाक् इन्द्रिय तृप्त हुन्छ, वाक् इन्द्रिय तृप्त हुँदा अग्नि, अग्नि तृप्त हुँदा पृथिवी, पृथिवी तृप्त हुँदा जेमा पृथिवी र अग्नि स्वामिभावले रहन्छन् त्यो तृप्त हुन्छ। त्यसको तृप्तिपछि खाने मानिस तृप्त हुन्छ। त्यति मात्र हैन, त्यो सन्तानले, पशुहरूले, अन्नादिले, शरीरका तेजले र सदाचार एवं स्वाध्यायबाट भएका तेजले समेत तृप्त हुन्छ।

पाँचौं अध्यायमा एक्काईशौं खण्ड समाप्त

●

द्वाविंश खण्ड

'समानाय स्वाहा' यो चौथो आहुतिको वर्णन

अथ यां चतुर्थीं जुहुयात्तां जुहुयात्समानाय स्वाहेति समानस्तृप्यति॥१॥

समाने तृप्यति मनस्तृप्यति मनसि तृप्यति पर्जन्यस्तृप्यति पर्जन्ये तृप्यति विद्युत्तृप्यति विद्युति तृप्यन्त्यां यत्किं च विद्युच्च पर्जन्यश्चाधितिष्ठतस्तत्तृप्यति तस्यानु तृप्तिं तृप्यति प्रजया पशुभिरन्नाद्येन तेजसा ब्रह्मवर्चसेनेति॥ २॥

द० प०—अथ=यसपछि, याम्=जुन, चतुर्थीम्=चौथो [आहुतिम्]= आहुति, जुहुयात्=हवन गर्ला, ताम्=त्यसलाई, 'समानाय स्वाहा' इति='समानलाई

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हवि दिन्छु' यसो भनेर, जुहुयात्=हवन गरोस्, (त्यसले) समानः=समान, तृप्यति =तृप्त हुन्छ, समाने=समान, तृप्यति=तृप्त हुँदा, पर्जन्यः=वर्षाको उपकरण, तृप्यति =तृप्त हुन्छ, पर्जन्ये=वर्षाको उपकरण, तृप्यति=तृप्त हुंदा, विद्युत्=विद्युत्, तृप्यति=तृप्त हुन्छ , विद्युति=विद्युत्, तृप्यन्त्याम्=तृप्त हुँदा, विद्युत्=विद्युत्, च=र, पर्जन्यः=वर्षाको उपकरण, यत् किम् च = कुनै पनि जेमा, अधितिष्ठतः= स्वामिभावले रहन्छन्, तत्=त्यो, तृप्यति=तृप्त हुन्छ, तस्य=त्यसको, तृप्तिम् अनु=तृप्तिपछि, तृप्यति = (भोक्ता) तृप्त हुन्छ, (त्यति मात्र होइन) त्यो, प्रजया=सन्तानले, पशुभिः=पशुहरूले, अन्नाद्येन=अन्नादिले, तेजसा = शरीरका चमकले (र) ब्रह्मवर्चसेन=सदाचार र स्वाध्यायबाट भएका तेजले, तृप्यति= तृप्त हुन्छ ।

स० वा०—यसपछि जुन चौथो आहुति हवन गर्ला त्यसलाई 'समानाय स्वाहा' 'समानलाई हवि दिन्छु' भनेर हवन गर्नू । त्यसले समान तृप्त हुन्छ । समान तृप्त हुँदा मन तृप्त हुन्छ । मन तृप्त हुँदा वर्षाको उपकरण, वर्षाको उपकरण तृप्त हुँदा विद्युत्, विद्युत् तृप्त हुँदा विद्युत् र वर्षाको उपकरण कुनै पनि जेमा स्वामिभावले रहन्छन् त्यो तृप्त हुन्छ, त्यो तृप्त भएपछि खाने मानिस तृप्त हुन्छ । त्यति मात्र होइन, त्यो सन्तानले, पशुहरूले, अन्नादिले, शरीरका चमकले र सदाचार एवं स्वाध्यायबाट हुने तेजले समेत तृप्त हुन्छ ।

पाँचौं अध्यायमा बाईशौं खण्ड समाप्त

त्रयोविंश खण्ड

'उदानाय स्वाहा' यो पांचौं आहुतिको वर्णन

अथ यां पञ्चमीं जुहुयात्तां जुहुयादुदानाय स्वाहेत्युदानस्तृप्यति ॥ १ ॥
उदाने तृप्यति त्वक्तृप्यति त्वचि तृप्यन्त्यां वायुस्तृप्यति वायौ तृप्यत्याकाशस्तृप्यत्याकाशे तृप्यति यत्किं च वायुश्चाकाशश्चाधितिष्ठतस्तत्तृप्यति तस्यानु तृप्तिं तृप्यति प्रजया पशुभिरन्नाद्येन तेजसा ब्रह्मवर्चसेनेति ॥ २ ॥

द० प०—अथ=यसपछि, याम्=जुन, पञ्चमीम्=पांचौं, [आहुतिम्]= आहुति, जुहुयात् = होम्ला, ताम् = त्यसलाई, 'उदानाय स्वाहा' = उदानलाई हवि दिन्छु,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति=यसो भनेर, जुहुयात्=हवन गरोस्, (त्यसले) उदानः=उदान, तृप्यति=तृप्त हुन्छ, उदाने=उदान, तृप्यति=तृप्त हुँदा, त्वक्=त्वक् इन्द्रिय, तृप्यति=तृप्त हुन्छ, त्वचि=त्वक् इन्द्रिय, तृप्यन्त्याम्=तृप्त हुँदा, वायुः=वायु, तृप्यति=तृप्त हुन्छ, वायौ=वायु, तृप्यति=तृप्त हुँदा, आकाशः=आकाश, तृप्यति=तृप्त हुन्छ, आकाशे=आकाश, तृप्यति=तृप्त हुँदा, वायुः=वायु, च=र, आकाशः=आकाश, च=पनि, यत् किम् च=कुनै पनि जेमा, अधितिष्ठतः=स्वामिभावले रहन्छन्, तत्=त्यो, तृत्यति=तृप्त हुन्छ, तस्य=त्यसको, तृप्तिम् अनु=तृप्तिपछि, तृप्यति (भोक्ता) तृप्त हुन्छ, (त्यति मात्र होइन) प्रजया=सन्तानले, पशुभिः=पशुहरूले, अन्नाद्येन=अन्नादिले, तेजसा=शरीरका चमकले, ब्रह्मवर्चसेन=सदाचार र स्वाध्यायबाट भएका तेजले समेत, तृप्यति=तृप्त हुन्छ ।

स० वा०—यसपछि जुन पाँचौं आहुति होम्ला त्यसलाई 'उदानाय स्वाहा'='उदानलाई हवि दिन्छु' भनेर हवन गर्नू । त्यसले उदान तृप्त हुन्छ, उदान तृप्त हुँदा त्वक् इन्द्रिय तृप्त हुन्छ । त्वक् इन्द्रिय तृप्त हुँदा वायु, वायु तृप्त हुँदा आकाश, आकाश तृप्त हुँदा वायु र आकाश कुनै पनि जुनमा स्वामिभावले रहन्छन् त्यो तृप्त हुन्छ । त्यो तृप्त भएपछि खाने मानिस तृप्त हुन्छ । त्यति मात्र होइन, त्यो सन्तानले, पशुहरूले, अन्नादिले शरीरका चमकले र सदाचार एवं स्वाध्यायबाट भएका तेजले समेत तृप्त हुन्छ ।

पाँचौं अध्यायमा तेईसौं खण्ड समाप्त

चतुर्विंश खण्ड

अविद्वान्को हवनको स्वरूप

स य इदमविद्वानग्निहोत्रं जुहोति यथाङ्गारानपोह्य भस्मनि जुहुयात्तादृक्तत्स्यात् ॥ १ ॥

द० प०—यः=जो, इदम्=यो, वैश्वानर दृष्टि, अविद्वान्=नजानीकन, अग्निहोत्रम्=अग्निहोत्र, जुहोति=गर्दछ, सः=त्यो, अङ्गारान्=फिलिङ्गाहरूलाई अपोह्य=हटाएर, भस्मनि=खरानीमा, जुहुयात्=होम्ला, तादृक्=त्यस्तै, तत्=त्यो अग्निहोत्रहवन, स्यात्=होला ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—जो यो वैश्वानरदृष्टि नजानीकन अग्निहोत्र हवन गर्दछ, त्यसको त्यो अग्निहोत्र-हवन फिलिङ्गाहरू पन्छाएर खरानीमा हवन गरेजस्तै व्यर्थ होला।

विद्वान्का हवनको फल

अथ य एतदेवं विद्वानग्निहोत्रं जुहोति तस्य सर्वेषु लोकेषु सर्वेषु भूतेषु सर्वेष्वात्मसु हुतं भवति ॥ २ ॥

द० प०—अथ=अर्को पक्षमा, यः=जो, एतत्=यो वैश्वानर दृष्टि, एवम्=यसरी, विद्वान्=जानेर, अग्निहोत्रम्=अग्निहोत्र, जुहोति=हवन गर्दछ, तस्य=त्यसका, सर्वेषु=संपूर्ण, लोकेषु=लोकहरूमा, सर्वेषु=समस्त, भूतेषु=चराचरमा, सर्वेषु=सारा, आत्मसु=शरीर-इन्द्रिय-मन-बुद्धिमा, हुतम्=अन्न भक्षण, भवति=हुन्छ।

स० वा०—अर्को पक्षमा जो यो वैश्वानरदृष्टि यस प्रकार जानेर अग्निहोत्र हवन गर्दछ, त्यसको लोकमा, समस्त चराचरमा, सारा शरीर-इन्द्रिय-बुद्धिमा अन्न भोग गरिएको हुन्छ।

तद्यथेषीकातूलमग्नौ प्रोतं प्रदूयेतैवꣳ हास्य सर्वे पाप्मानः प्रदूयन्ते य एतदेवं विद्वानग्निहोत्रं जुहोति ॥ ३ ॥

द० प०—तद्=त्यस विषयमा, यथा=जस्तो, इषीकातूलम्=मूजको टुप्पो, अग्नौ=आगामा, प्रोतं=हालियो (भने), प्रदूयेत=डढिहाल्ला, एवम्=यसै गरी, अस्य=यसका, सर्वे=समस्त, पाप्मानः=पापहरू, प्रदूयन्ते=दग्ध हुन्छन्, यः=जो, एतद्=यो वैश्वानर दृष्टिलाई, एवम्=यस प्रकार, विद्वान्=जानेर, अग्निहोत्रम् जुहोति=भोजन रूप अग्निहोत्र गर्दछ।

स० वा०—त्यस विषयमा दृष्टान्त छ—जस्तो मूजको टुप्पो (फूल) आगामा हाल्दा तुरुन्तै डढिहाल्छ, त्यसै गरी यो सर्वात्मभूत सर्वान्न भोक्ताका प्रारब्ध बाहेक समस्त पापहरू तुरुन्त दग्ध हुन्छन्, जो यस वैश्वानर दृष्टिलाई यस प्रकार जानेर भोजन गर्दछ।

तस्मादु हैवंविद्यद्यपि चण्डालायोच्छिष्टं प्रयच्छेद्यात्मनि हैवास्य तद्वैश्वानरे हुतꣳ स्यादिति तदेष श्लोकः ॥ ४ ॥

द० प०—तस्मात्=त्यसकारणले, उ ह=नै, एवंविद्=यस्तो जान्ने पुरुषले, चण्डालाय=चाण्डाललाई, उच्छिष्टम्=जूठो, यद्यपि=यद्यपि, प्रयच्छेत्=देओस्, तत्=त्यो, अस्य=यसको, वैश्वानरे=वैश्वानर आत्मामा, ह एव=नै, हुतम्=होमेको, स्यात्=होला, इति=यस्तो स्तुति छ। तत्=त्यस स्तुति विषयमा, एषः=यो, श्लोकः=मन्त्र छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यसकारणले नै यस्तो जान्ने पुरुषले चाण्डाललाई यद्यपि जूठो देओस् त्यो अन्न वैश्वानर आत्मामा नै होमिएको हुन्छ । यस्तो स्तुति छ । यस विषयमा यो मन्त्र छ ।

यथेह क्षुधिता बाला मातरं पर्युपासत एवꣳ सर्वाणि भूतान्यग्निहोत्रमुपासत इत्यग्निहोत्रमुपासत इति ॥ ५ ॥

द० प०—यथा=जस्तो, इह=यस लोकमा, क्षुधिताः=भोकाएका, बालाः=बालकहरू, मातरम्=आमालाई, पर्युपासते=पर्खन्छन्, एवम्=यसै गरी, सर्वाणि=समस्त, भूतानि=अन्नभोक्ता प्राणीहरू, अग्निहोत्रम्=भोजनलाई, उपासते=प्रतीक्षा गर्दछन् । इति=वैश्वानरात्मविद्या समाप्त भयो ।

(अन्तिम तीन पदको आवृत्ति अध्याय समाप्ति सूचनार्थं हो)

स० वा०—जस्तो लोकमा भोकाएका बालकहरू कहिले आमा खानेकुरा देलिन् ! भनेर आमालाई पर्खन्छन्, यस्तै गरी अन्न खाने संपूर्ण प्राणी यसले कहिले खाला ? भनेर प्राणाग्निहोत्र (वैश्वानरवेत्ताको भोजन) लाई पर्खन्छन् । (भनाइको आशय हो—वैश्वानरात्मविद्याको ज्ञाता प्राणाग्निहोत्रीका भोजनले सब जगत् तृप्त हुन्छ ।

पाँचौं अध्यायमा चौबीसौं खण्ड समाप्त

पञ्चमाध्याय संपूर्ण

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठ अध्याय

प्रथम खण्ड

आरुणिको आफ्ना छोरा श्वेतकेतुप्रति उपदेश

संबन्ध—'सर्वं खल्विदं ब्रह्म तज्जलान्'— यो सब निश्चय ब्रह्म नै हो, त्यसैबाट उत्पन्न हुन्छ, त्यसैमा लीन हुन्छ र त्यसैमा चेष्टा गर्दछ भनियो। फेरि भरखरै 'एउटा ब्रह्मवित्‌ले खाएमा समस्त संसार तृप्त हुन्छ' पनि भनियो। त्यो कुरा आत्मा सर्वभूतस्थ एउटै भएमा संगत हुन आउँछ, भिन्न भएमा हुँदैन। त्यो एकता कसरी छ त ? यही निरूपण गर्न 'यो श्वेतकेतुर्हारुणेय आस' इत्यादि षष्ठ अध्याय आरम्भ हुन्छ। पितापुत्रको आख्यायिकाचाहिं ब्रह्मविद्या अत्यन्त सार वस्तु हो भन्ने बोधन गर्ना निमित्त छ।

श्वेतकेतुर्हारुणेय आस तꣳह पितोवाच श्वेतकेतो वस ब्रह्मचर्यम्। न वै सोम्यास्मत्कुलीनोऽननूच्य ब्रह्मबन्धुरिव भवतीति ॥ १ ॥

द० प०—ह=यो अघि भएको कुरा हो, आरुणेयः=अरुणका नाति, श्वेतकेतुः=श्वेतकेतु, आस=थिए, तम्=तिनीलाई, पिता=बाबु, (आरुणि=उद्दालक) ले, उवाच=भने, श्वेतकेतो=हे श्वेतकेतु ! ब्रह्मचर्यम् वस=(गुरुकुलमा गएर) ब्रह्मचर्यवास गर, सोम्य=हे प्रियदर्शन, न वै (युक्तम् एतत्)=यो अवश्य उचित हुँदैन कि, अस्मत्कुलीनः=हाम्रा कुलको पुरुष, अननूच्य=नपढेर, ब्रह्मबन्धुः इव=ब्रह्मबन्धु (ब्राह्मणहरूलाई दाजु भाइ भन्ने, आफू ब्राह्मणोचित वृत्तिमा नरहने) जस्तो, भवति=हुन्छ।

स० वा०—यो अघि भएको कुरा हो। अरुणका नाति एउटा श्वेतकेतु भनिने थिए। तिनीलाई बाबु उद्दालकले भने—श्वेतकेतु ! कुनै गुरुकुलमा गएर ब्रह्मचर्यवास गर। यो कसै योग्य हुँदैन कि हाम्रो कुलको पुरुष नपढेर ब्रह्मबन्धु (ब्राह्मणहरूलाई दाजु भाइ भन्ने, आफू ब्राह्मणाचारको नभएको) जस्तो हुन्छ।

टिप्पणी—यस प्रसङ्गबाट अनुमान हुन्छ कि तिनका बाबु कतै परदेश जानेवाला छन्। यसैले गुणवान् भएर पनि स्वयम् पुत्रको उपनयन गर्ने छैनन्।

स ह द्वादशवर्ष उपेत्य चतुर्विंशतिवर्षः सर्वान् वेदानधीत्य महामना अनूचानमानी स्तब्ध एयाय। तꣳह पितोवाच श्वेतकेतो यन्नु सोम्येदं महामना अनूचानमानी स्तब्धोऽस्युत तमादेशमप्राक्ष्यः ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—सः=ती, ह=प्रख्यात (श्रुतकेतु), द्वादशवर्षः=बाह्र वर्ष उमेरका छँदा, उपेत्य=(गुरुकुलमा) उपस्थित भएर, चतुर्विंशतिवर्षः=चौबीस वर्ष उमेरको हुँदा, सर्वान्=समस्त, वेदान्=वेद, अधीत्य=पढेर, महामनाः=आफूलाई अरूसरह नसम्झने मन भएका, अनूचानमानी=आफूलाई ठूलो प्रवक्ता ठान्ने, स्तब्धः=ठाडो स्वभावको भएर, एयाय=घर आए, ह=कुरा प्रसिद्ध छ, तम्=तिनीलाई, पिता=बाबुले, उवाच=भने, सोम्य=हे प्रियदर्शन, श्वेतकेतो=श्रुतकेतु, यत्=जो, इदम् = यो, महामनाः=आफूलाई अरूसरह नसम्झने मन भएका, अनूचानमानी=आफूलाई ठूलो प्रवक्ता सम्झने, स्तब्धः = ठाडो मिजासको, असि=छौ, त्यो, [को नु तेऽतिशयः प्राप्त उपाध्यायात्]=तिमीलाई गुरुबाट कुन विशेषता प्राप्त भएर हो ? उत=के, तम्=त्यो, आदेशम्=ब्रह्मलाई, अप्राक्ष्यः=सोध्यौ ?

स० वा०—ती श्रुतकेतु बाह्र वर्ष उमेरका हुँदा गुरुकुलमा उपस्थित भएर चौबीस वर्ष उमेरको हुँदा सब वेद पढेर आफूलाई अरूसरह नसम्झने मन भएको, आफूलाई ठूलो प्रवक्ता ठान्ने, ठाडो स्वभावको भएर घर फर्के। तिनीलाई बाबुले भने—प्रियदर्शन श्रुतकेतु ! जो यो आफूलाई अरूभन्दा बढ्ता ठान्ने मनको, आफूलाई ठूलो प्रवक्ता सम्झने ठाडो स्वभावका छौ त्यो तिमीलाई गुरुबाट कुन विशेषता प्राप्त भएर हो ? के त्यो ब्रह्मका बारेमा प्रश्न गऱ्यौ ?

येनाश्रुतꣳश्रुतं भवत्यमतं मतमविज्ञातं विज्ञातमिति। कथं नु भगवः स आदेशो भवतीति ॥ ३ ॥

द० प०—येन=जुनले गर्दा, अश्रुतम्=नसुनिएको कुरा, श्रुतम्=सुनिएको, भवति=हुन्छ, अमतम्=अतार्कित कुरा, मतम्=तर्कित हुन्छ, अविज्ञातम्=नजानिएको कुरा, विज्ञातम् = जानिएको हुन्छ, इति = यस्तो प्रश्न गरे। (श्रुतकेतुले) इति=यसो, (भने-) भगवः=पूज्य ! सः=त्यो, आदेशः=ब्रह्म, कथम् नु=(त्यस्तो) कसरी, भवति=हुन्छ ?

स० वा०—जुनले गर्दा नसुनिएको कुरा सुनिएको हुन्छ, विचार नगरिएको चीज विचार गरिएको हुन्छ, नजानिएको वस्तु जानिएको हुन्छ। श्वेतकेतुले भने—पूज्य ! त्यो ब्रह्म त्यस्तो (नजानिएको कुरा जानिएको बताइदिने) कसरी हुन्छ ?

यथा सोम्यैकेन मृत्पिण्डेन सर्वं मृन्मयं विज्ञातꣳस्याद्वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम् ॥ ४ ॥

द० प०—सोम्य=हे प्रियदर्शन !, यथा=जस्तो, एकेन = एउटा, मृत्पिण्डेन=माटाको डल्लाले, सर्वम् = सबै, मृण्मयम्=माटोको विकार (हाँडी गाग्रा आदि), विज्ञातम्=जानिएको, स्यात्=हुन्छ, विकारो नामधेयम्=विकार भनिने कुरा, वाचा-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रम्भणम्=वचनले सिर्जेको हो, (खास के हो त ?) मृत्तिका इति एव=माटो भन्नु नै, सत्यम्=साँचो कुरा हो ।

स० वा०—हे प्रियदर्शन ! जस्तो एउटा माटाको डल्लो 'यो चीज हो' भनी जान्नाले माटाबाट बनेका हाँडी, घ्याम्रा आदि सबै कुरा कारणपदार्थबाट भिन्न नभएकाले त्यै चीज (माटो) भनी जानिन्छ । लोकमा किन 'यो कारण, यो यसको विकार' भनिन्छ त ? भने, विकार भनिने कुरा वचनले मात्र सिर्जिएको अर्थात् नाम-मात्र हो, खास के हो त ? भने, 'माटो' यत्ति नै साँचो हो, आकारको विभिन्नताले पृथक् नाम राखिएको मात्र हो, चीज त माटो नै हो ।

यथा सोम्यैकेन लोहमणिना सर्वं लोहमयं विज्ञातꣳ स्याद्वाचारम्भणं विकारो नामधेयं लोहमित्येव सत्यम् ॥ ५ ॥

द० प०—सोम्य = हे प्रियदर्शन, यथा=जस्तो, एकेन = एउटा, लोहमणिना =सूनको ढिकाले, सर्वम् = सबै, लोहमयम्=सूनको विकार, विज्ञातम् = जानिएको, स्यात्=हुन्छ, विकारः नामधेयम्=विकार भनिने कुरा, वाचारम्भणम्=वचनले सिर्जेको हो, लोहम्='सून,' इति एव=यसो भन्नु नै, सत्यम् = साँचो कुरा हो ।

स० वा०—हे प्रियदर्शन ! जस्तो एउटा सूनको ढिको जान्नाले सूनबाट बनेका बाला, मुकुट, बाजू आदि सबै कुरा त्यै सूनै हो भन्ने जानिन्छ । विकार भनिने कुरा वचनले मात्र बनाएको हो, वस्तु अर्को केही होइन, खास के हो त ? भने 'सून,' यत्ति नै साँचो कुरा हो ।

यथा सोम्यैकेन नखनिकृन्तनेन सर्वं कार्ष्णायसं विज्ञातꣳ स्याद्वाचारम्भणं विकारो नामधेयं कृष्णायसमित्येव सत्यमेवꣳ सोम्य स आदेशो भवतीति ॥ ६ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, यथा=जस्तो, एकेन = एउटा, नखनिकृन्तनेन= नहर्नी अर्थात् त्यसले उपलक्षित फलामले, सर्वम् = सबै, कार्ष्णायसम् = फलामको विकार, विज्ञातम्=जानिएको, स्यात्=हुन्छ, विकारः नामधेयम् = विकार भनिने कुरा, वाचारम्भणम् = वचनले सिर्जिएको हो, कार्ष्णायसम् इति एव = 'फलाम' यसो भन्नु नै, सत्यम् = साँचो हो । सोम्य = हे प्रियदर्शन ! सः = त्यो, आदेशः = ब्रह्म, एवम्=यसै गरी, (आफू ज्ञान भएमा समस्त वस्तु ज्ञान गराउने) भवति=हुन्छ ।

स० वा०—हे प्रियदर्शन ! जस्तो एउटा नहर्नी अर्थात् फलाम जान्नाले, त्यसका विकार सबै त्यै चीज हो भनी जानिन्छ । विकार भनिने कुरा त वचनले मात्र सिर्जेको हो, खास कुरा त 'फलाम' भन्नु नै साँचो हो । हे प्रियदर्शन ! यसै गरी त्यो ब्रह्म आफू ज्ञान भएमा समस्त वस्तु ज्ञान गराउने हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न वै नूनं भगवन्तस्त एतदवेदिषुर्यद्ध्येतदवेदिष्यन् कथं मे नावक्ष्यन्निति भगवांस्त्वेव मे तद्ब्रवीत्विति तथा सोम्येति होवाच ॥ ७ ॥

द० प०—(अनि श्वेतकेतुले) इति=यसो (भने-) नूनम्=निश्चय नै, ते=ती, भगवन्तः=(मेरा) पूज्य गुरुले, एतत्=यो कुरा, न वै अवेदिषुः=अवश्यै जान्नुभएको थिएन, हि=यसकारणले कि, यत्=यदि, एतत्=यो कुरा, अवेदिष्यत=जान्नुहुँदो हो त, कथम्=कसरी, माम्=मलाई, न अवक्ष्यन्=उपदेश गर्नुहुँदैन हो, इति=अतः, भगवान् तु एव=पूज्य (पिताजी) नै, मे=मलाई, तत्=त्यो कुरा, ब्रवीतु=उपदेश गर्नुहोस्, (आरुणिले) सोम्य=हे प्रियदर्शन, तथा=त्यसै होस्, इति=यसो, उवाच=भने, ह = निश्चय हो ।

स० वा०—बाबुले यति भनेपछि श्वेतकेतुले भने—निश्चय नै ती मेरा पूज्य गुरुले यो कुरा जान्नुभएको रहेनछ । नत्र म गुणवान् शिष्यलाई किन बताउनुहुँदैन हो ! अतः पूज्य पिताजीले नै मलाई त्यो कुराको उपदेश गर्नुहोस् । आरुणिले भने—प्रियदर्शन ! हुन्छ ।

छैटौं अध्यायमा पहिलो खण्ड समाप्त

द्वितीय खण्ड

अन्य पक्षको खण्डनपूर्वक जगत्का सद्रूपताको समर्थन

सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम् । तद्धैक आहुरसदेवेदमग्र आसीदेकमेवाद्वितीयं तस्मादसतः सज्जायत ॥ १ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, इदम्=यो जगत्, अग्रे=अगाडि (सृष्टि हुनुभन्दा पहिले) एकम् एव = एकमात्र, अद्वितीयम्=दोस्रो कुनै नभएको, सत्=परमार्थवस्तुरूप, एव = नै, आसीत्=थियो, तत्=त्यस विषयमा, एके=कुनै वादी (वैनाशिक) हरू, आहुः=भन्दछन्, इदम्=यो जगत्, अग्रे=सृष्टि हुनुभन्दा पहिले, एकम्=एकमात्र, अद्वितीयम्=दोस्रो कुनै नभएको, असत्=सत्को अभाव, एव=मात्र, आसीत्=थियो, तस्मात्=त्यस, असतः=अभावबाट, सत्=भाव पदार्थ, अजायत=उब्ज्यो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—हे प्रियदर्शन ! यो नाम-रूप-क्रियावान् जगत् सृष्टि हुनुभन्दा पहिले एकमात्र अर्थात् आफ्ना कार्यवर्गमा परेको वस्तु त्यतिखेर कुनै नभएको, अद्वितीयम्=अद्वितीय अर्थात् गाग्राका निमित्त कुह्माल भएजस्तो दोस्रो सहकारि-कारण कुनै नभएको, सत्=परमार्थवस्तु (ब्रह्म) रूप नै थियो । यस (सृष्टिभन्दा पहिलेको वस्तु निरूपण गर्ने) विषयमा कोही वादी (बौद्धहरू) भन्दछन्—यो जगत् सृष्टि हुनुभन्दा अघि अभावरूपै थियो । त्यस अभावबाट भाव पदार्थ उब्ज्यो अर्थात् पहिले केही पनि थिएन, अभावैबाट पछि जगत् उत्पन्न भयो ।

टिप्पणी—यो जगत् पहिले ब्रह्म नै थियो । यसमा दृष्टान्त—कुनै मानिस बिहान कुह्मालेले माटाका डल्लाहरू फैलाएको देखेर अर्को गाउँमा गएको थियो । ऊ अपराह्णमा फर्केर आउँदा त्यस ठाउँमा हाँडी, गाग्राहरू देख्छ र भन्दछ—'यी हाँडी, गाग्राहरू सब बिहान माटै थियो' यस्तै भनाइ हो—'यो जगत् पहिले ब्रह्म नै थियो ।'

असत्बाट सत् उब्जन्छ भन्ने बौद्धहरूले यहाँ 'असत्' शब्दले नैयायिकहरूले मानेजस्तो सत्को प्रतिद्वन्द्वी कुनै पदार्थलाई लिएका छैनन् । किन्तु सत्को अभावलाई लिएका छन् । अतः उनीहरूले 'अभावबाट भावको उत्पत्ति हुन्छ' भनेको हो । केही हुँदै नभएको (अभाव) बाट कुनै पनि चीज कसरी उब्जन्छ ? बीउ हुन्छ र पो अङ्कुर उत्पन्न हुन्छ, बीउ नै नभई कसरी अङ्कुर उत्पन्न हुन्छ ?' भन्दा उनीहरू भन्दछन्—बीउ नष्ट भएर अङ्कुर पलाउँछ, नष्ट भएका बीउबाट अङ्कुर उब्जेपछि अभावबाट त भाव उत्पन्न भएको भयो ।

कुतस्तु खलु सोम्यैवं स्यादिति होवाच कथमसतः सज्जायेतेति ।
सत्त्वेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम् ॥ २ ॥

द० प०—तु=तर, सोम्य=हे प्रियदर्शन, खलु=निस्सै, एवम्=यस्तो, कुतः=कसरी, स्यात्=होला, असतः=असत् (अभाव) बाट, सत्=भाव पदार्थ, कथम्=कसरी, जायेत=उत्पन्न होला, सोम्य=हे प्रियदर्शन, इदम्=यो दृश्यमान जगत्, अग्रे=सृष्टिभन्दा पूर्व, एकम् एव=एकमात्र, अद्वितीयम्=दोस्रो कुनै नभएको, सत् तु एव=परमार्थ वस्तु (ब्रह्म) रूप नै, आसीत्=थियो, इति=यसो, ह=निश्चयले, उवाच=(आरुणिले) भने ।

स० वा०—हे प्रियदर्शन ! निस्सै पनि यस्तो कसरी होला ? अभावबाट भाव पदार्थ कसरी उत्पन्न होला ? हे प्रियदर्शन ! यो दृश्यमान जगत् सृष्टिभन्दा पूर्व एकमात्र सहकारिकारण आदि दोस्रो कुनै नभएको परमार्थवस्तु (ब्रह्म) रूप नै थियो । आरुणिले निश्चयसाथ यसो भने ।

टिप्पणी—आरुणिको सिद्धान्तपक्षीय आशय यो हो—अभावबाट भाव कसरी

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उब्जन्छ ? हुनै नसक्ने कुरा अङ्कुरको उत्पत्तिमा बीज कहाँ नष्ट भएको छ । अङ्कुरमा बीजका सब अवयवै त अनुगत छन् । जो बीजाकार अवयव-संस्थान हो त्यो अवयवभन्दा छुट्टै चीज हो भन्ने कुरा त उनी (बौद्ध) हरू पनि मान्दैनन् । जुन कि अङ्कुर पलाउँदा नष्ट भएको ठहरियोस् ।

संवृति (लौकिक व्यवहार) बाट मानिएको बीउको बनोट त नष्ट भयो कि ! भने, प्रश्न गरिन्छ—'संवृति' भनेको के हो ? भाव पदार्थ कि अभाव पदार्थ ? अभाव हो भने, अभावबाट भावको उत्पत्ति हुने कुरामा दृष्टान्तै छैन । भाव हो भने अभावबाट अङ्कुरोत्पत्ति भएको भएन । बीजका अवयवैबाट त अङ्कुरको उत्पत्ति भएको छ । अतः यो नामरूपादि विशिष्ट जगत् सृष्टि हुनुभन्दा अगाडि एक पारमार्थिक वस्तु स्वरूप थियो—ब्रह्मस्वरूप थियो ।

अब अर्को शङ्का हुन्छ—त्यो 'सत्' शब्दले निर्देश गरिएको ब्रह्म अवयवरहित पदार्थ हो ! जस्तो कि श्रुतिहरू भन्दछन्—

'निष्कलं निष्क्रियं शान्तं निरवद्यं निरञ्जनम्' (श्वेता० ६।१९)
'दिव्यो ह्यमूर्त्तः पुरुषः स बाह्याभ्यन्तरो ह्यजः' (मुण्डक २।१।२)

त्यस्तो वस्तुको यसरी विकार संस्थान हुनु कसरी संभव हुन्छ ? समाधान छ—माला, डोरी आदिका अवयवहरूबाट सर्पादि आकारको प्रतीति भएजस्तो बुद्धिकल्पित सत्का अवयवहरूबाट विकार संस्थान (विकाररूपको बनोट) हुन सक्छ । 'वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम्' (छा. उ. ६।१।४) एवं 'सदेव सत्यम्'=सत् नै सत्य हो इत्यादि श्रुतिहरूबाट प्रमाणित हुन्छ । अर्थात् जगत् ब्रह्मको परिणाम हो भनेको होइन, 'जगत् ब्रह्मको विवर्त्त हो' भनेको हो !

तदैक्षत बहु स्यां प्रजायेयेति तत्तेजोऽसृजत । तत्तेज ऐक्षत बहु स्यां प्रजायेयेति तदपोऽसृजत । तस्माद्यत्र क्व च शोचति स्वेदते वा पुरुषस्तेजस एव तदध्यापो जायन्ते ॥ ३ ॥

द० प०—तत्=त्यस सत्ले, इति=यस्तो, ऐक्षत=चितायो, बहु=धेरै, स्याम्=हूँ, प्रजायेय=बेसरी उत्पन्न हूँ, (अनि) तत्=त्यस सत्ले, तेजः=तेज, असृजत=सिर्ज्यो, तत्=त्यो तेजोरूपले स्थित सत्ले, इति=यस्तो, ऐक्षत=चितायो, बहु=धेरै, स्याम्=हूँ, प्रजायेय=खूब उत्पन्न हूँ, (अनि) तत्=त्यस तेजोरूपले स्थित सत्ले, अपः=जल, असृजत=सिर्ज्यो, तस्मात्=त्यसकारणले, पुरुषः=मनुष्य, यत्र=जहाँकहीं, च=र, क्व=जहिलेसुकै पनि, शोचते=शोक गर्दछ, वा=त, स्वेदते=पसीना काड्छ, तत्=त्यस बखत, तेजसः=एव=तेजबाट नै, आपः=पानी, अधिजायते=उत्पन्न हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यो सत् (ब्रह्म) ले चितायो—'धेरै होऊँ, खूब उत्पन्न होऊँ'। तब त्यसले तेज सिर्ज्यो। त्यो तेजोरूपले स्थित सत्ले चितायो—'धेरै होऊँ, बेसरी उत्पन्न होऊँ।' तब त्यस तेजोरूपले स्थित सत्ले जल सिर्ज्यो। त्यसकारण जहाँ जहिले मानिसले शोक गर्छ त पसीना काड्छ। त्यस बखत त्यो पानी तेजबाट नै उब्जेको हो।

टिप्पणी—यहाँ पहिले तेज सिर्जेको कुरा आउँदा 'त्यस आत्माबाट आकाश, त्यसबाट वायु, त्यसबाट तेज, त्यसबाट जल, त्यसबाट पृथिवी उत्पन्न भयो' भन्ने सृष्टि क्रममा विरोध भयो भन्ने लाग्दछ। तर विरोध छैन। ऊ सृष्टिक्रम कायम छँदै छ। यहाँ सृष्टिक्रम बताएको होइन। त्रिवृत्करण बताउनु छ र तेज, जल र अन्नको सृष्टि श्रुतिले दर्शाएको हो।

ता आप ऐक्षन्त बह्व्यः स्याम प्रजायेमहीति ता अन्नमसृजन्त। तस्मा-यत्र क्व च वर्षति तदेव भूयिष्ठमन्नं भवत्यद्भ्य एव तदध्यन्नाद्यं जायते ॥४॥

द० प०—ताः = त्यो जलरूपले स्थित सत्ले, इति = यस्तो ऐक्षन्त = चितायो, बह्व्यः = धेरै, स्याम = होऊँ, प्रजायेमहि = खूब उब्जूँ, (तब) ताः = त्यो जलरूपले स्थित सत्ले, अन्नम् = पृथिवीस्वरूप अन्न, असृजन्त = सिर्ज्यो, तस्मात् = त्यसकारण, यत्र क्व च = जहाँकहीं पनि, वर्षति = वर्षन्छ, तद् एव = त्यहीं, भूयिष्ठम् = धेरै, अन्नम् = अन्न, भवति = उब्जन्छ, तद् = त्यस बखत, अद्भ्यः एव = पानीबाट नै, अन्नाद्यम् = धान जौ आदि खाद्य अन्न, अधिजायते = उब्जेको हुन्छ।

स० वा०—त्यस जलरूपले स्थित सत्ले चितायो—'धेरै होऊँ, खूब उब्जूँ'। तब त्यसले जल सिर्ज्यो। त्यसकारण जहाँ (कहीं पनि) वर्षन्छ त्यहीं धेरै अन्न उब्जन्छ। त्यस बखत पानीबाट नै धान, जौ आदि खाद्य अन्न उब्जेको हो।

छैटौं अध्यायमा दोस्रो खण्ड समाप्त

तृतीय खण्ड

सृष्टिको क्रम

तेषां खल्वेषां भूतानां त्रीण्येव बीजानि भवन्त्याण्डजं जीवजमुद्भिज्जमिति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—तेषाम्=ती जीव प्रविष्ट भएका, एषाम्=यी पची आदि, भूतानाम्=प्राणीहरूका, इति=यी, त्रीणि एव=तीनैओटा, बीजानि=कारण, खलु=निश्चयले, भवन्ति=हुन्छन् । आण्डजम्=फुलबाट पैदा हुने पची आदि, जीवजम्=जीवज अर्थात् सालबाट प्रकट हुने मनुष्य-पशु आदि, उद्भिज्जम्=जमीन फोरेर उब्जने (बीउबाट उम्रने) स्थावर धान्य वृक्ष लता आदि ।

स० वा०—ती जीव प्रविष्ट भएका यी पक्षी आदि प्राणीका यी तीनओटा मात्र कारण छन्—फुलबाट पैदा हुने पक्षी आदि । सालबाट प्रकट हुने मनुष्य, पशु आदि । जमीन फोरेर अथवा भनौं बीउबाट उम्रने स्थावर धान्य, वृक्ष, लता आदि । अर्थात् अण्डजातीय सन्ततिको कारण अण्डज नै हो । जरायुज जातीय सन्ततिको कारण जरायुज नै र उद्भिज्ज जातीय सन्ततिको कारण उद्भिज नै हो ।

टिप्पणी—यहाँ स्वेदज (पसीनाबाट उब्जने) र संशोकज (बाफबाट पैदा हुने) को यथासंभव अण्डज र उद्भिज्जमा अन्तर्भाव छ ।

सेयं देवतैक्षत हन्ताहमिमास्तिस्रो देवता अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणीति ॥ २ ॥

द० प०—सा=प्रकृत, इयम्=यो 'सत्' नाम गरेको, देवता=देवताले, इति=यस्तो, ऐक्षत=चितायो, हन्त=खुशी छ, अहम्=म, इमाः=यी, (तेज, जल र अन्नरूपका) देवताः=देवतामा, अनेन=यो, जीवेन=प्राणधारण गर्ने आत्मा-द्वारा, अनुप्रविश्य=प्रवेश गरेर, अर्थात् तीसँग मिली विशेष विज्ञान प्राप्त गरेर, नामरूपे=नाम र रूप, व्याकरवाणि=स्पष्ट तुल्याऊँ ।

स० वा०—त्यो 'सत्' नाम गरेको देवताले चितायो—म यी तेज, जल र अन्नरूपका तीन देवतामा जीवद्वारा संसर्गले विशेष विज्ञान प्राप्त गरेर नाम र रूपलाई स्पष्ट तुल्याऊँ ।

टिप्पणी—शङ्का—स्वतन्त्रता रहँदा-रहँदै पनि असंसारी सर्वज्ञ देवताले जानी-जानी सैकडौं अनर्थहरूको आश्रयभूत शरीरमा प्रवेश गरेर दुःखको अनुभव गरूँ भनी संकल्प गर्नु र शरीरमा प्रवेश गर्नु यो त योग्य कुरा होइन ।

समाधान—ठीक हो, यदि उसले आफ्नो अविकृत रूपले नै अनुप्रवेश गरूँ र दुःखको अनुभव गरूँ भनेको भए । कुरा त यस्तो होइन । किन्तु 'यो जीवात्मारूपले प्रवेश गरूँ' यस्तो संकल्प गरेको छ । जीव भनेको वस्तु त त्यस देवताको आभास मात्र हो । जो ऐनामा परेको मानिसको प्रतिबिम्ब समान तथा जलमा परेको सूर्यको प्रतिबिम्ब समान मात्र हो । अचिन्त्य-अनन्त-शक्ति-युक्त त्यस देवताको बुद्धि आदिसँग संबन्ध हुनुरूप चैतन्यको आभास त्यस देवताको स्वरूप विवेचन गर्न नसक्नाका कारण

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुखी, दुःखी, मूढ इत्यादि अनेक विकल्प-प्रतीतिको हेतु भैरहेको छ। छाया मात्र-स्वरूपको जीवभावले प्रवेश गरेकाले त्यो देवता देहसंबन्धी सुख-दुःखादिले स्वतः संबद्ध हुँदैन। जस्तो ऐनामा मानिस, पानीमा सूर्य छाया (प्रतिबिम्ब) रूपले मात्र परेकाले ऐना र पानीका दोषले ती लिप्त हुँदैनन्, त्यसै गरी त्यो देवता पनि बुद्धयादिका दोषले लिप्त हुँदैन।

शङ्का—यदि यस प्रकार जीव छाया मात्र हो भने त्यो मिथ्या नै सिद्ध हुन्छ। तथा त्यसको परलोक इहलोक आदि पनि मिथ्या नै ठहर्ने भए त ?

समाधान—यस्तो दोष छैन। किनभने सत् (ब्रह्म) स्वरूपले त्यसको सत्यत्व स्वीकार गरिएको छ। संपूर्ण नाम-रूपादि विकारजात सत् रूपले नै सत्य छ, आफ्ना रूपले त मिथ्या नै छ। भनिएकै छ—'वाचारम्भणं विकारो नामधेयम्'। त्यस्तै जीव पनि हो। 'जस्तो यक्ष उस्तै बलि' भन्ने त उखानै छ। अतः के व्यवहार, के विकार सत् (ब्रह्म) रूपले लिने हो भने सब सत्य छन्, ब्रह्मभिन्न रूपले लिने हो भने सब मिथ्या छन्।

तासां त्रिवृतं त्रिवृतमेकैकां करवाणीति सेयं देवतेमास्तिस्रो देवता अनेनैव जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरोत् ॥ ३ ॥

द० प०—(उक्तरूपको चिन्तन गरेर) तासाम्=ती तीन (तेज, जल र अन्न) मध्ये, एकैकाम्=एक-एकलाई, त्रिवृतम् त्रिवृतम्=तीन-तीन तत्त्ववाला, करवाणि=बनाऊँ, इति=यस्तो, विचार गरेर, सा=त्यो (प्रकृत), इयम्=यो सत्-रूप, देवता = देवताले, इमाः=यी, तिस्रः = तीन, देवताः = देवतामा, अनेन एव=यै, जीवेन आत्मना=जीवस्वरूपले, अनुप्रविश्य=प्रवेश गरेर, नामरूपे=नाम र रूप, व्याकरोत् = स्पष्ट तुल्यायो।

स० वा०—माथि भने-अनुसारको चिन्तन गरेर ती तीन तेज, जल र अन्न-मध्ये एक-एकलाई तीन-तीनतत्त्ववाला बनाऊँ भन्ने विचार गरेर त्यो सत्-रूप देवताले यी तीन देवतामा यै जीवरूपले प्रवेश गरेर नाम र रूप स्पष्ट तुल्यायो। अर्थात् यो यो नामको यस रूपको छ भन्ने खुलायो।

तासां त्रिवृतं त्रिवृतमेकैकामकरोद्यथा तु खलु सोम्येमास्तिस्रो देवतास्त्रिवृत्त्रिवृदेकैका भवति तन्मे विजानीहीति ॥ ४ ॥

द० प०—(त्यस देवताले) तासाम्=ती देवता (तेज, जल र अन्न) मध्ये एकैकाम् = एकएकलाई, त्रिवृतम् त्रिवृतम्=तीन-तीन तत्त्ववाला, अकरोत्=बनायो, सोम्य=हे प्रियदर्शन ! यथा तु=जसरी त, इमाः=यी, तिस्रः=तीन, देवताः=देवता,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकैका=एक-एकओटा, त्रिवृत् त्रिवृत्=तीन-तीन तत्त्ववाला, भवति = हुन्छ, तत्= त्यो कुरा, मबाट, खलु=निश्चयसाथ, विजानीहि=जान, इति = यसो (आरुणिले) भनं।

स० वा०—त्यस 'सत्' नामको देवताले ती तेज, जल र अन्नरूप तीन देवता-मध्ये एक-एकलाई, तीन-तीन तत्त्ववाला बयायो। हे प्रियदर्शन! यी तीन देवता प्रत्येक तीन तत्त्ववाला कसरी हुने हो, त्यो उदाहरणद्वारा मबाट निश्चयसाथ जान।

टिप्पणी—त्रिवृतकरण हुँदा प्रत्येक बराबर भागका हुँदैनन्। किन्तु गौण-प्रधान भावले घटी-बढीका हुन्छन्। जस्तै—एउटा (१) तेज प्रधान, जल र अन्न गौण भएको हुन्छ। (२) अर्को जल प्रधान, तेज र अन्न गौण भएको हुन्छ। (३) अर्को अन्न प्रधान, तेज र जल गौण भएको हुन्छ।

छैटौं अध्यायमा तेस्रो खण्ड समाप्त

●

चतुर्थ खण्ड

एकको ज्ञानले सबको ज्ञान

सम्बन्ध—जो तीन देवताहरूको त्रिवृत्करण बनाइयो अब त्यसैको उदाहरण दिइन्छ। उदाहरण भनेको कुरा, एक स्थलको प्रसिद्धिद्वारा सबै स्थलको प्रसिद्धि बुझाउन भनिने कुरा हो।

यदग्ने रोहितꣳ रूपं तेजसस्तद्रूपं मच्छुक्लं तदपां यत्कृष्णं तदन्नस्यापागादग्नेरग्नित्वं वाचारम्भणं विकारो नामधेयं त्रीणि रूपाणीत्येव सत्यम् ॥ १ ॥

द० प०—यत्=जो, अग्नेः=(तीन तत्त्ववाला बनाएका) आगाको, रोहितम् = रातो, रूपम्=रूप छ, तत् = त्यो, तेजसः=तेजको, रूपम् = रूप हो, यत्=जो, शुक्लम्=सेतो (रूप हो), तत्=त्यो, अपाम्=(तीन तत्त्ववाला बनाइएका) पानीको (रूप हो), यत्=जो, कृष्णम्=कालो (रूप हो), तत् = त्यो, अन्नस्य=(तीन तत्त्ववाला बनाइएका) अन्नको (रूप हो), (अब) अग्नेः=अग्निबाट, अग्नित्वम्=अग्निभाव, अपागात्=हट्यो, वाचारम्भणम्=अग्नि भनिने, विकारः=विकार,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामधेयम् = नाममात्र हो, त्रीणि = तीन, रूपाणि = रूप, इति एव = यो नै, सत्यम् = सांचो हो ।

स० वा—त्रिवृत्करण गरिएका अग्निको जो रातो रूप छ, त्यो त्रिवृत्करण नगरिएका तेजको रूप हो । यसै गरी जो सेतो रूप छ, त्यो त्रिवृत्करण नगरिएका जलको रूप हो, यसै गरी जो कालो रूप छ त्यो त्रिवृत्करण नगरिएका अन्नको रूप हो । अब ती तीन रूपभन्दा बेग्लै ठानिएको अग्निबाट अग्नित्व हट्यो । अर्थात् ती तीन रूपको जम्मालाई 'अग्नि' भनिएको थियो, ती रूप अर्के अर्केका रहेछन्, ती हटे । अब अग्नि भनिने कुरै के बांकी रह्यो ? अग्नि भनिने विकार त नाममात्र हो, सत्य भन्नु त तीन रूप मात्र हो, अभिप्राय यो हो—मूल तत्त्व नै सत्य हो, विकार जति त मिथ्या हो ।

यदादित्यस्य रोहितꣳ रूपं तेजसस्तद्रूपं यच्छुक्लं तदपां यत्कृष्णं तदन्नस्यापागादादित्यादादित्यत्वं वाचारम्भणं विकारो नामधेयं त्रीणि रूपाणीत्येव सत्यम् ॥ २ ॥

द० प०—(तथा) यत् = जो, आदित्यस्य = (त्रिवृत्करण गरिएका) सूर्यको, रोहितम् = रातो, रूपम् = रूप छ, तत् = त्यो, तेजसः = (त्रिवृत्करण नगरिएका) तेजको, रूपम् = रूप हो, यत् = जो, शुक्लम् = सेतो (रूप छ) तत् = त्यो, अपाम् = (त्रिवृत्करण नगरिएका) जलको (रूप हो), यत् = जो, कृष्णम् = कालो (रूप छ), तत् = त्यो, अन्नस्य = (त्रिवृत्करण नगरिएका) अन्नको (रूप हो), (अब) आदित्यात् = सूर्यबाट, आदित्यत्वम् = आदित्यत्व, अपागात् = हट्यो, वाचारम्भणम् = सूर्य भनिने, विकारः = विकार, नामधेयम् = नाममात्र हो, त्रीणि = तीन, रूपाणि = रूप, इति एव = यो नै, सत्यम् = साँचो हो ।

स० वा०—त्यस्तै जो त्रिवृत्करण गरिएका सूर्यको रातो रूप छ, त्यो त्रिवृत्करण नगरिएका तेजको रूप हो । जो सेतो रूप छ, त्यो त्रिवृत्करण नगरिएका जलको रूप हो । जो कालो रूप छ, त्यो त्रिवृत्करण नगरिएका अन्नको रूप हो, अब ती तीन रूपभन्दा बेग्लै ठानिएका सूर्यको सूर्यत्व हट्यो । अर्थात् ती तीन रूपको जम्मालाई सूर्य भनिएको थियो; ती तीन त अर्के अर्केका रहेछन्, हटे । अब सूर्य भनिने विकार त नाममात्र हो, साँचो भन्नु त तीन रूप मात्र हो ।

यच्चन्द्रमसो रोहितꣳ रूपं तेजसस्तद्रूपं यच्छुक्लं तदपां यत्कृष्णं तदन्नस्यापागाच्चन्द्राच्चन्द्रत्वं वाचारम्भणं विकारो नामधेयं त्रीणि रूपाणीत्येव सत्यम् ॥ ३ ॥

द० प०—(तथा) यत् = जो, चन्द्रमसः = (त्रिवृत्करण गरिएका) चन्द्र-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माको, रोहितम्=रातो, रूपम्=रूप छ, तत्=त्यो, तेजसः=(त्रिवृत्करण नगरिएका) तेजको (रूप हो), यत्=जो, शुक्लम्=सेतो (रूप छ), तत्=त्यो, अपाम्=(त्रिवृत्करण नगरिएका) जलको (रूप हो), यत्=जो, कृष्णम्=कालो (रूप छ), तत् = त्यो, अन्नस्य (त्रिवृत्करण नगरिएका) अन्नको (रूप हो,) (अब) चन्द्रात्=चन्द्रमाबाट, चन्द्रत्वम् = चन्द्रभाव, अपागात् = हट्यो, वाचारम्भणम् = चन्द्रमा भनिने, विकारः=विकार, नामधेयम्=नाममात्र हो, त्रीणि=तीन, रूपाणि रूप, इति एव=यो नै=सत्यम्=साँचो हो ।

स० वा०—त्यस्तै जो त्रिवृत्करण गरिएका चन्द्रमाको जो रातो रूप छ, त्यो त्रिवृत्करण नगरिएका तेजको रूप हो । जो सेतो रूप छ, त्यो त्रिवृत्करण नगरिएका जलको रूप हो । जो कालो रूप छ, त्यो त्रिवृत्करण नगरिएका अन्नको रूप हो । अब ती तीन रूपभन्दा बेग्लै ठानिएका चन्द्रमाबाट चन्द्रभाव हट्यो । अर्थात् ती तीन रूपको जम्मालाई चन्द्रमा भनिएको थियो, ती तीन रूप त अर्कै-अर्कैका पो रहेछन्, हटे । अब चन्द्रमा भनिने विकार नाममात्र हो, सांचो भन्नु त तीन रूपमात्र हो ।

यद्विद्यु तो रोहितꣳ रूपं तेजसस्तद्रूपं यच्छुक्लं तदपां यत्कृष्णं तदन्नस्यापागाद्विद्यु तो विद्यु त्त्वं वाचारम्भणं विकारो नामधेयं त्रीणि रूपाणीत्येव सत्यम् ॥ ४ ॥

द० प०—(तथा) यत्=जो, विद्युतः=(त्रिवृत्करण गरिएका) बिजुलीको रोहितम्=रातो, रूपम्=रूप छ, तत्=त्यो, तेजसः=(त्रिवृत्करण नगरिएका) तेजको, रूपम्=रूप हो, यत्=जो, शुक्लम्=सेतो, (रूप छ), तत्=त्यो, अपाम् (त्रिवृत्करण नगरिएका) जलको (रूप हो), यत् = जो, कृष्णम्=कालो (रूप छ), तत्=त्यो, अन्नस्य=(त्रिवृत्करण नगरिएका) अन्नको (रूप हो) (अब) विद्युतः= बिजुलीबाट, विद्यु त्वम्=बिजुलीभाव, अपागात्=हट्यो, वाचारम्भणम्=बिजुली भनिने, विकारः=विकार, नामधेयम्=नाममात्र हो, त्रीणि=तीन, रूपाणि=रूप, इति=एव=यो नै सत्यम्=साँचो हो—

स० वा०—त्यस्तै जो त्रिवृत्करण गरिएका बिजुलीको रातो रूप छ, त्यो, त्रिवृत्करण नगरिएका तेजको रूप हो । जो सेतो रूप छ, त्यो त्रिवृत्करण नगरिएका जलको रूप हो । जो कालो रूप छ, त्यो त्रिवृत्करण नगरिएका अन्नको रूप हो । अब ती तीन रूपभन्दा बेग्लै ठानिएका बिजुलीबाट बिजुलीपन हट्यो । अर्थात् ती तीन रूपको जम्मालाई बिजुली भनिएको थियो, ती तीन रूप अर्के-अर्कैका पो रहेछन् । ती हटे । अब बिजुली भनिने विकार त नाममात्र हो, सांचो भन्नु त तीन रूपमात्र हो ।

टिप्पणी—शङ्का—'हे प्रियदर्शन ! जसरी यी तीन देवता एक-एक गरेर तीन-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन छन् त्यो मबाट जान' भनेर अग्नि आदि चार उदाहरणबाट नेत्रको मात्र त्रिवृत्करण देखाइयो, त्रिवृत्करणमा जल र अन्नको त उदाहरण प्रदर्शित गरिएन नि !

समाधान—यो दोष छैन। जलविषयक र अन्नविषयक उदाहरण पनि यसै गरी जान्नू भन्ने श्रुतिको आशय हो । तेजको उदाहरण उपलक्षणका निमित्त हो र रूपवान् हुनाले त्यसद्वारा अर्थ स्पष्ट हुने हुनाले पनि हो । गन्ध र रसको उदाहरण नदिएको तीनमा संभव नहुनाले हो । तेजमा गन्ध र रस छँदै छैनन् । त्रिविध-त्रिविध शब्दको उदाहरण नदिएको छुट्याएर देखाउन नसकिने हुनाले हो ।

यदि सारा जगत् त्रिवृत्कृत छ र अग्नि आदिको जस्तै केवल तीनै रूप सत्य हुन् भने अग्निका अग्नित्वको समान संसारको संसारत्व पनि निवृत्त हुने भयो । त्यस्तै अन्न जलको कार्य हो अतः जल नै सत्य हो, अन्न केवल वाचारम्भण (नाममात्र) हो । त्यस्तै तेज पनि सद्को कार्य हो, अतः त्यो पनि वाचारम्भण नै हो, केवल सत् नै सत्य हो । यस प्रकार यस सन्दर्भले यै कुरा बताउनु अभीष्ट छ ।

शंका—वायु र आकाश त तेज आदिका अन्तर्भूत नहुनाले त्रिवृत नगरिएरै बाँकी रहे । यसै गरी गन्ध, रस, शब्द र स्पर्श पनि त्यसै रहे । फेरि एकमात्र सत् जानेपछि अरू सब्र अज्ञान पदार्थको ज्ञान कसरी हुन सक्छ ? अथवा तिनको ज्ञान हुनलाई श्रुतिले अर्को कुनै दोस्रो प्रकार बताउनुपर्ने हो ।

समाधान—यो कुनै दोष छैन । किनभने रूपवान् द्रव्यमा सब गुण देख्न सकिन्छन् । कसरी भने, रूपवान् तेजमा शब्द र स्पर्शको पनि उपलब्धि हुनाका कारण त्यसमा स्पर्श र शब्द गुण भएका वायु र आकाशको सद्भावको पनि अनुमान गरिन्छ । त्यस्तै रूपवान् जल र अन्न यी तीनको त्रिवृत्करण देखाएर श्रुतिले भनेको छ कि त्यसका अन्तर्भूत सबै सत्को विकार हुनाले तीन रूप नै सत्य जानिएका छन् । किनभने रूपवान् मूर्त पदार्थलाई छोडेर वायु र आकाशको तथा तिनका गुण, गन्ध र रसको ग्रहण नै हुँदैन ।

अथवा यी रूपवान् पदार्थको त्रिवृत्करणलाई पनि श्रुति प्रदर्शनकै निमित्त मान्दछ । जसरी त्रिवृत्करणमा तीन रूप नै सत्य हुन्छन्, त्यस्तै पञ्चीकरणमा पनि नियम बराबरै हो । यस-उसले समस्त पदार्थ सत्को विकार हुनाले एउटा सत् जान्नाले यो साराका सारा जानिएको हुन्छ । अनि त 'एकमात्र अद्वितीय सत् नै सत्य हो' भन्ने कुरा सिद्ध नै हुन्छ । यसकारणले यो ठीकै भनिएको छ कि 'एउटा जानिएपछि सबै जानिएको हुन्छ ।'

एतद्ध स्म वै तद्विद्वाꣳस आहुः पूर्वे महाशाला महाश्रोत्रिया न नोऽद्य कश्चनाश्रुतममतमविज्ञातमुदाहरिष्यतीति ह्येभ्यो विदाञ्चक्रुः ॥ ५ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—एतद्=यो, तत्=त्यो त्रिवृत्करण, विद्वांसः=जान्ने, पूर्वे=अघिका, महाशालाः=महागृहस्थ, महाश्रोत्रियाः=महान् वेदवेत्ताहरूले, वै=निश्चयसाथ, इति=यसो, आहुःस्म=भनेथे, ह=यो अघि भएको कुरा हो, अद्य=यस बखत, नः=हाम्रा कुलमा, कश्चन=कुनै पुरुष, (कुनै कुरा) अश्रुतम्=नसुनिएको, अमतम्=विचार नगरिएको, अविज्ञातम्=नजानिएको, (भनेर) न उदाहरिष्यन्ति=भन्नेछैन, हि=किनभने, एभ्यः=यी त्रिवृत् गरिएका, रक्त आदि रूपद्वारा (अरू पनि सबै कुरा) विदाञ्चक्रुः=जानेका थिए।

स० वा०—यो त्रिवृत्करण जान्ने अघिका महागृहस्थ महान् वेदवेत्ताहरूले भनेथे—यस बखत हाम्रा कुलमा कसैले कुनै कुरालाई नसुनिएको विचार नगरिएको र नजानिएको भन्ने छैन। कुनै पनि हो, यो त्रिवृत् गरिएका रक्त रूप आदि उदाहरणद्वारा बाँकी रहेका अरू पनि समस्त कुरा जानेका थिए।

यदु रोहितमिवाभूदिति तेजसस्तद्रूपमिति तद्विदाञ्चक्रुर्यदु शुक्लमिवाभूदित्यपाᳬ रूपमिति तद्विदाञ्चक्रुर्यदु कृष्णमिवाभूदित्यन्नस्य रूपमिति तद्विदाञ्चक्रुः ॥ ६ ॥

द० प०—यत्=जुन चीज, उ=संदेह हुंदा, रोहितम् इव=रातो जस्तो, अभूत्=छ, इति=यस्तो जानियो, तत्=त्यो, तेजसः=तेजको, रूपम् इति=रूप हो भनी, तत्=त्यसलाई, विदाञ्चक्रुः=जाने, यत्=जुन कुरा, उ=संदेह हुँदा, शुक्लम् इव=सेतो जस्तो, अभूत्=छ, इति=यस्तो ठानियो, तत्=त्यो, अपाम्=जलको, रूपम् इति=रूप हो भनी, विदाञ्चक्रुः=जाने, यत्=जुन वस्तु, उ=संदेह हुँदा, कृष्णम् इव=कालो जस्तो, अभूत्=छ, इति=यस्तो, ठानियो, तत्=त्यसलाई, अन्नस्य=अन्नको; रूपम् इति=रूप हो भनेर, विदाञ्चक्रुः=जाने।

स० वा०—जुन कुरा संदेह हुँदा रातो जस्तो छ भन्ने ठानियो, त्यसलाई तेजको रूप हो भनी जाने। जुन चीज संशय हुँदा सेतो जस्तो छ भन्ने ठानियो, त्यसलाई जलको रूप हो भनी जाने, जुन वस्तु संदेह हुँदा कालो जस्तो छ भन्ने ठानियो त्यसलाई अन्नको रूप हो भनी जाने।

यद्विज्ञातमिवाभूदित्येतासामेव देवतानाᳬ समास इति तद् विदाञ्चक्रुर्यथा नु खलु सोम्येमास्तिस्रो देवताः पुरुषं प्राप्य त्रिवृत्त्रिवृदेकैका भवति तन्मे विजानीहीति ॥ ७ ॥

द० प०—यद्=जुन पदार्थ, उ=संदेह हुंदा, अविज्ञातम् इव=नजानिएजस्तो, अभूत्=भयो, इति=यस्तो ठानियो, तत्=त्यसलाई, एतासाम् एव=यिनै तीन, देवतानाम्=देवता (तेजले अन्न) हरूको, समासः इति=समुदाय हो, इति=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri.

यसो भनी, विदाञ्चक्रुः=जाने, सोम्य=हे प्रियदर्शन, यथा उ=जसरी, खलु=निश्चयसाथ, इमाः=यी, तिस्रः=तीन, देवताः=देवताहरू, पुरुषम्=शरीर, इन्द्रिय-संधानरूप पुरुषमा, प्राप्य=प्राप्त भएर, एकैका=हरएक, त्रिवृत् त्रिवृत्=तीन-तीन तत्त्ववाला, भवति=हुन्छ, तत्=त्यो कुरा, मे=मबाट, विजानीहि=जान ।

स० वा०—जुन पदार्थ संदेह हुँदा–नजानिएको भयो भन्ने ठानियो त्यसलाई यिनै तीन देवता (तेज, जल र अन्न) हरूको समुदाय हो भनी जाने । हे प्रियदर्शन ! अब जसरी यी देवताहरू शरीर–इन्द्रिय-संघातरूप पुरुषमा प्राप्त भएर हर-एक तीन-तीन तत्त्ववाला हुन्छन् त्यो कुरा मबाट जान ।

छैटौं अध्यायमा चौथो खण्ड समाप्त

●

पञ्चम खण्ड

अन्न आदिको त्रिविध परिणाम

अन्नमशितं त्रेधा विधीयते तस्य यः स्थविष्ठो धातुस्तत्पुरीषं भवति यो मध्यमस्तन्मांꣳसं योऽणिष्ठस्तन्मनः ॥ १ ॥

द० प०—अशितम्=खाएको, अन्नम्=अन्न, त्रेधा=तीन प्रकारको, विधीयते=(जठराग्निले पाकद्वारा) बनाइन्छ, तस्य=त्यस अन्नको, यः=जुन, स्थविष्ठः=स्थूल, धातुः=अंश हो, तत्=त्यो, पुरीषम्=झाडा, भवति=हुन्छ, यः=जुन, मध्यमः=न स्थूल न सूक्ष्म अंश हो, तत्=त्यो, मांसम्=(रस-रक्तादि क्रमले) मासु,+भवति=हुन्छ, यः=जुन, अणिष्ठः=सूक्ष्म अंश हो, तत्=त्यो, मनः=मन +भवति=हुन्छ ।

स० वा०—खाएको अन्न जठराग्निले पाक गरेपछि तीन प्रकारको हुन्छ । तिनमा जुन स्थूल अंश हो त्यो दिसा हुन्छ, जो मझौला अंश हो त्यो रस रक्तादि क्रमले मासु बन्दछ । जो सूक्ष्म अंश हो त्यो मन बन्छ ।

आपः पीतास्त्रेधा विधीयन्ते तासां यः स्थविष्ठो धातुस्तन्मूत्रं भवति यो मध्यस्तल्लोहितं योऽणिष्ठः स प्राणः ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—पीताः=पिइएको, आपः=पानी, त्रेधा=तीन प्रकारको, विधीयते =बनाइन्छ, तासाम् =तीमध्ये, यः=जो, स्थविष्ठः=स्थूल, धातुः = अंश हो, तत्= त्यो, मूत्रम्=पिशाब, भवति=हुन्छ, यः=जो, मध्यमः=मध्यम अंश हो, तत्= त्यो, लोहितम् = रगत, + भवति=हुन्छ, यः = जो, अणिष्ठः = सूक्ष्म अंश हो, सः= त्यो, प्राणः=प्राण, भवति=हुन्छ ।

स० वा०—पिएको पानी जठराग्निले पाक गरेपछि तीन प्रकारको हुन्छ। तिनमा जुन स्थूल अंश हो त्यो पिशाब बन्छ, जो मध्यम अंश हो, त्यो रगत बन्दछ, जो सूक्ष्म अंश हो, त्यो प्राण बन्छ ।

तेजोऽशितं त्रेधा विधीयते तस्य यः स्थविष्ठो धातुस्तदस्थि भवति यो मध्यमः स मज्जा योऽणिष्ठः सा वाक् ॥ ३ ॥

द० प०—अशितम्=खाएको, तेजः=घिउ आदि स्नेह पदार्थ, त्रेधा = तीन प्रकारको, विधीयते=बनाइन्छ, तस्य=त्यसको, यः=जो, स्थविष्ठः=स्थूल, धातुः = अंश छ, तत्=त्यो, अस्थि=हाड़, भवति=हुन्छ, यः=जो, मध्यमः=मझौला अंश हो, सः=त्यो, मज्जा=मासी, + भवति=बन्छ, यः=जो, अणिष्ठः=सूक्ष्म अंश हो, सः=त्यो, वाक्=वाणी, + भवति=बन्छ ।

स० वा०—खाएको घिउ आदि स्नेह पदार्थं जठराग्निले पाक गरेपछि तीन प्रकारको हुन्छ । तिनमध्ये जो स्थूल अंश हो त्यो हाड. हुन्छ । जो मध्यम अंश हो त्यो मासी बन्छ । जो सूक्ष्म अंश हो त्यो वाणी बन्छ ।

अन्नमयꣳ हि सोम्य मन आपोमयः प्राणस्तेजोमयी वागिति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥ ४ ॥

द० प०—हि=अत एव, सोम्य=हे प्रियदर्शन ! मनः=मन, अन्नमयम्= अन्नमय छ । प्राणः=प्राण, आपोमयः=जलमय छ, वाक्=वाणी, तेजोमयी = स्नेह-पदार्थमय छ । इति=यसरी, आरुणिले उपदेश गरे । (अनि) भगवान्=पूज्य पिताजीले, मा=मलाई, भूयः एव=फेरि पनि, विज्ञापयतु=बुझाउनुहोस्, इति= यसो (श्वेतकेतुले भने; तब आरुणिले) सोम्य=हे प्रियदर्शन ! तथा=त्यसै होस्, (हुन्छ) इति=यसो भनेर, उवाच=भन्न लागे, ह=यो अघि भएको कुरा हो ।

स० वा०--यसै कारण मन अन्नमय छ, प्राण जलमय छ, वाणी तेजोमय (स्नेह पदार्थमय) छ । यसरी आरुणिले उपदेश गरे । अनि श्वेतकेतुले भने–पूज्य पिताजीले मलाई फेरि पनि बुझाउनुहोस् । तब आरुणिले भने–प्रियदर्शन ! हुन्छ । अनि भन्न लागे यो अघिको कुरा हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी--शङ्का--खालि अन्न खाने मूसाहरू पनि बोल्ने र सास फेर्ने नै छन् । पानी मात्र खाने समुद्रका माछाहरू पनि मन भएका बोल्ने नै छन्, त्यस्तै स्नेह मात्र पान गर्नेहरूमा पनि प्राणतत्त्व र मनस्वित्व अनुमान गर्न सकिन्छ । तब कसरी अन्न-मय मन, जलमय प्राण र तेजोमय (स्नेहमय) वाक् भनिन्छ ?

समाधान--यी अन्न आदि सबै चीज त्रिवृत् गरिएका नै छन् । त्रिवृत् गरिएकै अन्न पानीहरू भोग गरिन्छन् । अतः न्यूनाधिक्यभावले सबैमा सबै चीज हुनाले मूसा आदिमा बोल्नेपन आदि हुन नसक्ने हुँदैन ।

छैटौं अध्यायमा पाँचौं खण्ड समाप्त

●

षष्ठ खण्ड

अन्न आदिको सूक्ष्म भाव नै मन आदि हुन्छ

दध्नः सोम्य मथ्यमानस्य योऽणिमा स ऊर्ध्वः समुदीषति तत्सर्पिर्भवति ॥ १ ॥

द० प०—सोम्य—हे प्रियदर्शन, दध्नः = दही, मथ्यमानस्य = मथिदा, यः = जो, अणिमा = सूक्ष्म भाग हो, सः = त्यो, ऊर्ध्वः = (नौनीरूपले) माथि, समुदीषति = उत्रन्छ, तत् = त्यो, सर्पिः = घिउ, भवति = हुन्छ ।

स० वा०—हे प्रियदर्शन ! दही मथिदा जो सूक्ष्म भाग हो, त्यो नौनी भएर माथि उत्रन्छ, त्यो घिउ हुन्छ ।

एवमेव खलु सोम्यान्नस्याश्यमानस्य योऽणिमा स ऊर्ध्वः समुदीषति तन्मनो भवति ॥ २ ॥

द० प०—सोम्य = हे प्रियदर्शन, एवम् एव = यसै गरी, अन्नस्य = अन्न, अश्यमानस्य = खाइँदा, यः = जो, अणिमा = सूक्ष्म अंश हो, सः = त्यो, ऊर्ध्वः = माथितिर, खलु = निस्सै, समुदीषति = उठ्तछ, तत् = त्यो, मनः = मन, भवति = हुन्छ ।

स० वा०—हे प्रियदर्शन ! यसै गरी खाएको अन्न पेटको वायुसहित अग्निले मथिदा जो सूक्ष्म भाग हो, त्यो माथितिर उठ्दछ, त्यो मन हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपाᳪ सोम्य पीयमानानां योऽणिमा स ऊर्ध्वः समुदीषति स प्राणो भवति ॥ ३ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, पीयमानानाम्=पिइएका, अपां=पानीको, यः=जो, अणिमा=सूक्ष्म अंश हो, सः=त्यो, ऊर्ध्वः=माथितिर, समुदीषति=उठ्तछ, सः=त्यो, प्राणः=प्राण, भवति=हुन्छ ।

स० वा०—हे प्रियदर्शन ! पिएको पानी पेटको वायुसहित अग्निले मथिदा जो सूक्ष्म भाग हो त्यो माथितिर उठ्तछ, त्यो प्राण हुन्छ ।

तेजसः सोम्याश्यमानस्य योऽणिमा स ऊर्ध्वः समुदीषति सा वाग्भवति ॥ ४ ॥

द० प०—सोम्य = हे प्रियदर्शन, तेजसः=घिउ आदि स्नेहपदार्थ, अश्यमानस्य =खाइँदा, यः = जो, अणिमा=सूक्ष्म भाग हो, सः=त्यो, ऊर्ध्वः=माथितिर, समुदीषति=उठ्तछ, सः=त्यो, वाक्=वाणी, भवति=हुन्छ ।

स० वा०—हे प्रियदर्शन ! खाएका घिउ आदि स्नेह पदार्थ पेटको वायुसहित अग्निले मथिदा, जो सूक्ष्म भाग हो, त्यो माथितिर उठ्तछ, त्यो वाणी हुन्छ ।

अन्नमयᳪ हि सोम्य मन आपोमयः प्राणस्तेजोमयी वागिति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥ ५ ॥

द० प०—(यसरी) सोम्य=हे प्रियदर्शन, मनः=मन, अन्नमयम्=अन्नमय छ, प्राणः = प्राण, आपोमयः=जलमय छ, वाक्=वाणी, तेजोमयी = स्नेहपदार्थमय छ, इति = यस प्रकारले आरुणिले बुझाए, (अनि श्वेतकेतुले) भगवान् = पूज्य पिताजीले, मा = मलाई, भूयः एव=फेरि पनि, विज्ञापयतु=बुझाउनुहोस्, इति=यसो (भने तब आरुणिले) सोम्य=हे प्रियदर्शन, तथा = त्यसै होस्, इति =यसो (भने), ह = यो अघि भएको कुरा हो ।

स० वा०—हे प्रियदर्शन ! यस प्रकारले मन अन्नमय छ, प्राण जलमय छ, वाणी तेजोमय (स्नेहपदार्थमय) छ । यसरी आरुणिले बुझाए । श्वेतकेतुले भने—पूज्य पिताजीले मलाई अझ पनि बुझाउनुभए हुन्थ्यो । आरुणिले भने—हुन्छ प्रियदर्शन ! अनि बताउन लागे ।

छैटौं अध्यायमा छैटौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तम खण्ड

षोडशकलाविशिष्ट पुरुषको उपदेश

सम्बन्ध—खाएका अन्नको जो सूक्ष्म अंश हो, त्यसले मनमा शक्ति प्रदान गरेको छ। त्यो अन्नले बढेको मनको शक्ति सोह्र प्रकारले विभक्त भई पुरुषको कलारूपले निर्देश गर्न खोजिएको छ। त्यस सोह्र भागमा विभक्त भएको शक्तिले संयुक्त कार्य-करण-संघातरूप 'जीवविशिष्ट पुरुष 'षोडशकल' भनिन्छ। जुन शक्ति हुनाले पुरुष देख्ने, सुन्ने, चिताउने, बुझ्ने, गर्ने सर्वक्रिया समर्थ हुन्छ। जुन शक्ति क्षीण हुँदा पुरुषको सामर्थ्य ह्रास हुन्छ। श्रुतिले भन्ने पनि छ—"जसलाई अन्न प्राप्त हुन्छ त्यै पुरुष (शक्ति सम्पन्न हुने हुनाले) द्रष्टा हुन्छ।" (छा० उ० ७।९।१) इत्यादि। सबै देहेन्द्रियहरूको सामर्थ्य मनले नै गराएको हो। मनोबलले सम्पन्नहरू नै लोकमा बलिष्ठ देखिन्छन्। अन्न सर्वात्मक हुनाले कोही ध्यानाहारीहरू पनि देखिन्छन्। अतः मनको बल अन्नले गराएको हो।

षोडशकलः सोम्य पुरुषः पञ्चदशाहानि माशीः काममपः पिबापोमयः प्राणो न पिबतो विच्छेत्स्यत इति ॥ १ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, पुरुषः=शरीर पुरुष, षोडशकलः=सोह्र कलाले युक्त छ, पञ्चदश=पन्ध्र, अहानि=दिन, माशीः=नखाऊ, कामम्=यथेच्छ, अपः=पानी, पिब=पिऊ, आपोमयः=जलको विकाररूप, प्राणः=प्राणः, पिबतः= जल पान गर्ने पुरुषको, न विच्छेत्स्यते=नष्ट हुनेछैन, इति=यसो, (आरुणिले भने)।

स० वा०—हे प्रियदर्शन ! शरीरी पुरुष सोह्र कलाले युक्त छ। तिमी पन्ध्र दिन भोजन नगर, पानीचाहिँ यथेच्छ पिऊ। जल पान गर्ने प्राणीको प्राण नष्ट हुने छैन। आरुणिले यसो भने।

स ह पञ्चदशाहानि नाशाथ हैनमुपससाद किं ब्रवीमि भो इत्यृचः सोम्य यजूंषि सामानीति स होवाच न वै मा प्रतिभान्ति भो इति ॥ २ ॥

द० प०—ह=यो भएको कुरा हो, सः=ती श्वेतकेतुले, पञ्चदश=पन्ध्र, अहानि=दिन, न आश=भोजन गरेनन्, अथ=अनि, एनम्=यी आरुणिकहाँ, उपससाद=आए, ह=हो, (अनि) इति=यसो (भने-) भोः=पूज्य पिताजी, किं ब्रवीमि=के भनूँ ?, (आरुणिले) इति=यसो (भने-) सोम्य=हे प्रियदर्शन, ऋचः=ऋग्वेद, यजूंषि=यजुर्वेद, सामानि=सामदेद, [अधीष्व]=पढ, सः=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्वेतकेतुले, इति=यसो, उवाच=भने, भोः=पूज्य !, मा=मलाई, न प्रतिभान्ति=स्फुरण हुँदैनन्, वै=निस्सै हो ।

स० वा०—यो भएको कुरा हो—ती श्वेतकेतुले पन्ध्र दिनसम्म भोजन गरेनन् । अनि आरुणिकहाँ आएर भने—पूज्य ! म के भनूँ ? आरुणिले भने—ऋग्वेद, यजुर्वेद र सामवेद पढ । श्वेतकेतुले भने—पूज्य ! ती मलाई स्फुरण हुँदैनन् ।

तꣳ होवाच यथा सोम्य महतोऽभ्याहितस्यैकोऽङ्गारः खद्योतमात्रः परिशिष्टः स्यात्तेन ततोऽपि न बहु दहेदेवꣳ सोम्य ते षोडशानां कलानामेका कलातिशिष्टा स्यात्तयैतर्हि वेदान्नानुभवस्यशानाथ मे विज्ञास्यसीति ॥ ३ ॥

द० प०—(आरुणिले) तम्=तिनी (श्वेतकेतु) लाई, उवाच=भने, ह=हो, सोम्य=हे प्रियदर्शन, यथा=जस्तो, अभ्याहितस्य=दाउराले बढाएका, [अग्नेः]=आगाको, खद्योतमात्रः=जूनकीरी जत्रो, अङ्गारः=फिलिङ्गो, परिशिष्टः=बाँकी, स्यात्=रहेको होला त, ततः=त्यस परिमाणभन्दा, अपि=अलिकति पनि, बहु=बढ्तालाई, न दहेत्=डढ़ाओइन, एवम्=यस्तै गरी, सोम्य=हे प्रियदर्शन, ते=तिम्रा, षोडशानाम्=सोह्र, कलानाम्=कला (अंश) हरूमध्ये, एका=एउटा, कला=अंश, अतिशिष्टा=बाँकी, स्यात्=छ, तया=त्यसले, एतर्हि=अहिल, वेदान्=वेदहरू, न अनुभवसि=सम्झँदैनौ, अशान=भोजन गर, अथ=अनि, मे=मेरो, [वाचं श्रुत्वा]=वचन सुनेपछि, विज्ञास्यसि=सम्झनेछौ ।

स० वा०—आरुणिले ती श्वेतकेतुलाई भने—हे प्रियदर्शन ! दाउराहरूले बढाएको आगाको पनि जूनकीरी जत्रो फिलिङ्गो बाँकी रहेको छ भने त्यसले त्यो सुहाउँदो परिमाणभन्दा अलिकति पनि बढ्तालाई डढाउन सक्तैन, यसै गरी हे सौम्य ! तिम्रो सोह्र अंशमध्ये एक अंश मात्र अवशिष्ट छ । त्यसद्वारा अहिले वेदहरू सम्झन सक्तैनौ । त्यसो हुनाले भोजन गर, अनि मेरो वचन सुनेपछि सम्झनेछौ ।

स हाशाथ हैनमुपससाद तꣳ ह यत्किञ्च पप्रच्छ सर्वꣳ ह प्रतिपेदे ॥४॥

द० प०—(यसपछि) सः=ती श्वेतकेतुले, आश=भोजन गरे, अथ=अनि, एनम्=यिनी (आरुणि) कहाँ, उपससाद=आए, तम्=तिनीलाई, (आरुणिले) यत् किम् च=कुनै जुन कुरा, पप्रच्छ=सोधे, सर्वम्=सबै, ह=निश्चयसाथ, प्रतिपेदे=जाने ।

स० वा०—यसपछि श्वेतकेतुले भोजन गरे र आरुणिकहाँ आए अनि तिनीलाई आरुणिले जुन कुरा सोधेथे, त्यो सब जाने ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तᳪं होवाच यथा सोम्य महतोऽभ्याहितस्यैकमङ्गारं खद्योतमात्रं परिशिष्टं तं तृणैरुपसमाधाय प्राज्वलयेत्तेन ततोऽपि बहु दहेत् ॥ ५ ॥

द० प०—(आरुणिले) तम्=तिनी (श्वेतकेतु) लाई, उवाच = भने= ह=हो, सोम्य=हे प्रियदर्शन, यथा = जसरी, अभ्याहितस्य = खूब दाउराले बढाएका, महतः=ठूलो, [अग्नेः]=आगाको, खद्योतमात्रम्=जूनकीरी परिमाणको भई, अङ्गारम् = फिलिङ्गो, परिशिष्टम्=बाँकी रहेको होस्, तम्=त्यसलाई, तृणैः=सुकेका झारले, उपसमाधाय=युक्त गरेर, प्रज्वालयेत्=बलाओस् त, ततः=त्यस (पहिलेको) भन्दा, बहु अपि=बढी पनि, दहेत्=डढाउन सक्तछ ।

स० वा०—आरुणिले श्वेतकेतुलाई भने—हे प्रियदर्शन! जसरी प्रशस्त दाउरा हालेर बढाएको ठूलो आगाको जूनकीरी परिमाणको फिलिङ्गो बाँकी रहेको होस्, त्यसमा सुकेका झारहरू जोरेर बलायो भने पहिलेको भन्दा बढी पनि डढाउन सक्तछ ।

एवᳪं सोम्य ते षोडशानां कलानामेका कलातिशिष्टाभूत्सान्नेनोपसमाहिता प्राज्वाली तयैतर्हि वेदाननुभवस्यन्नमयᳪं हि सोम्य मन आपोमयः प्राणस्तेजोमयी वागिति तद्धास्य विजज्ञाविति विजज्ञाविति ॥ ६ ॥

द० प०—एवम्=यसै गरी, सोम्य=हे प्रियदर्शन, ते=तिम्रा, षोडशानाम्=सोह्र, कलानाम्=(अन्नका सामर्थ्यरूप) अंशहरूमध्ये, एका=एउटा, कला = अंश, अतिशिष्टा = बाँकी रहेको, अभूत्=थियो, सः=त्यो, अन्नेन=अन्नले, उपसमाहिता=बढाइएर, प्राज्वाली=बलाइयो । तया = त्यो बलाइएका अंशले, एतर्हि = अहिले, वेदान् = वेदहरू, अनुभवसि=सम्झन्छौ, हि=यसै कारणले, सोम्य=हे प्रियदर्शन, मनः=मन, अन्नमयम्=अन्नको परिणाम हो, प्राणः=प्राण, आपोमयः= जलको परिणाम हो, वाक् = वाणी, तेजोमयी=स्नेह पदार्थको परिणाम हो, इति= यसरी आरुणिले सम्झाए, तत्=त्यो, अस्य=यी आरुणिको कथन, ह=निश्चयसाथ, विजज्ञौ=(श्वेतकेतुले) बुझे । इति=त्रिवृत्करणको प्रकरण समाप्त भयो ।

स० वा०—यसै गरी हे प्रियदर्शन! तिम्रा सामर्थ्यरूप अन्नका सोह्र अंशमध्ये एक अंश बाँकी रहेको थियो । त्यो भोजन गरिएका अन्नले बढाइयो र प्रदीप्त पारियो । त्यसद्वारा अहिले वेदहरू सम्झिरहेका छौ । अतः सिद्ध भयो कि मन अन्नको परिणाम हो । यसै गरी प्राण जलको परिणाम हो । वाणी तेज (स्नेहपदार्थ) को परिणाम हो भन्ने पनि सिद्ध नै छ । यसरी आरुणिले सम्झाए । त्यो कुरा श्वेतकेतुले निश्चय साथ जाने ॥ त्रिवृत्करणको प्रकरण समाप्त भयो ।

छैटौं अध्यायमा सातौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम खण्ड

सुषुप्तिकालमा जीवका स्थितिको उपदेश

सम्बन्ध—ऐनामा पुरुष, जलादिमा सूर्यादि प्रतिबिम्बरूपले प्रवेश गरेको छ। त्यो गरेजस्तै जुन मनमा परदेवता (आत्मा) जीवरूपले प्रवेश गरेको छ, त्यो मन अन्नमय छ। तेजोमय वाक् र जलमय प्राणको साथ सम्बद्ध छ भन्ने कुरा ज्ञान भयो। जुन मनमा रहेको र जससँग तादात्म्यमा प्राप्त भएको जीव चिन्तन गर्नु, देख्नु, सुन्नु आदि व्यवहारलाई समर्थ छ, हुन्छ। जुन मन निवृत्त भएमा त्यो जीव आफ्नै (ब्रह्म) रूपमा प्राप्त हुन्छ।

त्यो कुरा श्रुतिहरूले भनेका छन्—"मन र प्राणसँग सम्बन्ध भएको आत्मा ध्यान गर्छ जस्तो, चेष्टा गर्छ जस्तो हुन्छ। त्यो वासनायुक्त भएर यस लोकलाई अतिक्रमण गर्दछ।" (बृ. उ. ४।३।७) "यही यो आत्मा ब्रह्म विज्ञानमय तथा मनोमय छ।" (बृ. उ. ४।४।५) "त्यो आत्मा प्राणन क्रिया गर्नाले प्राण नामको हुन्छ।" (बृ. उ. १।४।७) इत्यादि।

त्यो मनमा रहेको, 'मन' भन्ने नाममा प्राप्त भएको जीव मनोनिवृत्तिद्वारा इन्द्रिय र विषयहरूदेखि हटेपछि जुन स्वरूपभूत परवेदना (ब्रह्म) मा जुनको स्थित हुनु हो त्यो कुरा अब आरुणिले छोरालाई बोध गराउँदछन्।

उद्दालको हारुणिः श्वेतकेतुं पुत्रमुवाच स्वप्नान्तं मे सोम्य विजानीहीति यत्रैतत्पुरुषः स्वपिति नाम सता सोम्य तदा संपन्नो भवति स्वमपीतो भवति तस्मादेनꣳ स्वपितीत्याचक्षते स्वꣳ ह्यपीतो भवति ॥ १ ॥

द० प०—आरुणिः=अरुणका छोरा, उद्दालकः=उद्दालकले, पुत्रम्=छोरा, श्वेतकेतुम्=श्वेतकेतुलाई, इति=यसो, उवाच=भने, सोम्य=हे प्रियदर्शन, स्वप्नान्तम्=सुषुप्त अवस्था, मे=मबाट, विजानीहि=स्पष्ट रूपले जान, यत्र=जुन कालमा, पुरुषः=पुरुष, स्वपिति=गाढ निद्रामा पर्दछ, र, एतत्=यो, स्वपिति='स्वपिति' भन्ने, नाम=गौण नाम हुन्छ, (कसरी ?) सोम्य=हे प्रियदर्शन, तदा=त्यस अवस्थामा, (पुरुष) सता=सत् (ब्रह्म) सँग, सम्पन्नः=मिलेको, अर्थात् एकै भएको, भवति=हुन्छ, तस्मात्=त्यसकारणले, एनम्=यस पुरुषलाई, 'स्वपिति' इति=स्वपिति भनी (लौकिकहरू) आचक्षते=भन्दछन्, हि=ठीक हो, स्वम्=आत्मामा, अपीतः=प्राप्त भएको, भवति=हुन्छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—अरुणका छोरा उद्दालकले छोरा श्वेतकेतुलाई भने—प्रियदर्शन ! सुषुप्त अवस्था मबाट स्पष्ट रूपमा जान। कहिले हुन्छ त्यो अवस्था ? भने, जुन कालमा पुरुष (जीव) गाढ निद्रामा पर्दछ, र त्यसको 'स्वपिति' नाम हुन्छ। हे प्रियदर्शन ! त्यतिखेर त्यो पुरुष सत् (ब्रह्म) सँग मिलेको अर्थात् एकै भएको हुन्छ। भनौं—आत्मा (वास्तविक आफू जो ब्रह्म नै हो) मा प्राप्त हुन्छ। त्यसकारणले यस पुरुषलाई 'स्वपिति' भन्दछन्। ठीक हो, त्यो स्व (आत्मा) मा, अपीत= प्राप्त भएको हुन्छ।

टिप्पणी—पुरुष जाग्रत् अवस्थामा पुण्यापुण्य निमित्तक सुखदुःखादि अनेक परिश्रमको अनुभवले गर्दा थकित हुन्छ। त्यसले गर्दा आफापना अनेक कामले शिथिल भएका इन्द्रियहरू आफ्ना कामबाट हट्न जान्छन्। जस्तै श्रुति छन्—वाक् थाक्छ, चक्षु थाक्छ (बृ. उ. १।५।२१) वाक् गृहीत हुन्छ, चक्षु गृहीत हुन्छ, श्रोत्र गृहीत हुन्छ, मन गृहीत हुन्छ, (बृ. उ. २।१।१७) इत्यादि। तर नथाकेको एउटा हुन्छ। त्यो हो प्राण। त्यो शरीररूपमा गुँडमा जागा रहेको हुन्छ। त्यस बखत जीवचाहिं आफ्नो रूपमा रहनुबाहेक अन्यत्र कहीं थकाइ मेटिन्न भनेर आफ्नो स्वाभाविक रूपमा प्राप्त भएको हुन्छ। यसैले त्यो स्व+अपीत='स्वपीत' (वास्तविक आफूमा प्राप्त भएको) भनिन्छ।

स यथा शकुनिः सूत्रेण प्रबद्धो दिशं दिशं पतित्वान्यत्रायतनमलब्ध्वा बन्धनमेवोपश्रयत एवमेव खलु सोम्य तन्मनो दिशं दिशं पतित्वान्यत्रायतन-मलब्ध्वा प्राणमेवोपश्रयते प्राणबन्धनꣳ हि सोम्य मन इति ॥ २ ॥

द० प०—यथा = जसरी, सः=त्यो (चिडियामारका हातमा रहेको), सूत्रेण = डोरीले, प्रबद्धः=बाँधिएको, शकुनिः = चरा, दिशम् दिशम्=दिशा दिशामा (सबतिर), पतित्वा=उडेर, अन्यत्र=अन्त, आयतनम्=स्थान, अलब्ध्वा=नपाएर, बन्धनम् एव = बाँधिएकै ठाउँलाई, उपाश्रयते=आश्रय लिन्छ, एवम् एव=यसै गरी, सोम्य=हे प्रियदर्शन, तत्=त्यो, मनः = मनःस्थित जीव, दिशम् दिशम्=(जाग्रत स्वप्नका सुखदुःखदिरूप) दिशा-दिशामा, पतित्वा=प्राप्त भएर, (अनुभव गरेर) अन्यत्र=(सत्-संज्ञक आत्माबाहेक) अन्त, आयतनम्=विश्रान्तिस्थान, अलब्ध्वा= नपाएर, प्राणम् एव=प्राणले उपलक्षित सत्-संज्ञक परदेवतालाई नै, उपश्रयते= आश्रय लिन्छ, हि=यसकारणले कि, सोम्य=हे प्रियदर्शन, मनः=मनःस्थित जीव, प्राण-बन्धनम्=प्राणोपलक्षित सत्-संज्ञक परवेदना नै आश्रय भएको छ।

स० वा०—जसरी चिडियामारका हातमा रहेको डोरीले बाँधिएको चरा, दिशा-दिशामा उडेर अन्यत्र स्थान नपाएर बाँधिएकै ठाउँलाई आश्रय लिन्छ, निस्सै यसै गरी हे प्रियदर्शन ! त्यो मनःस्थित जीव जाग्रत्-स्वप्नका सुखदुःखादिरूप दिशा-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशामा गएर—अनुभव गरेर आखिर सत्संज्ञक परदेवतालाई नै आश्रय लिन्छ। यसकारणले कि मनःस्थित जीवको आश्रय सत्-संज्ञक परदेवता (ब्रह्म) नै छ।

संबन्ध—अब आरुणि यसरी 'स्वपिति' नामको प्रसिद्धिद्वारा जगत्को मूलभूत, जीवको स्वरूप छोरालाई दर्शाएर अन्नादि कार्यकरणको परम्पराबाट पनि जगत्को मूल प्रकृत सत् (ब्रह्म) नै हो भन्ने दर्शाउन चाहन्छन्।

अशनापिपासे मे सोम्य विजानीहीति यत्रैतत्पुरुषोऽशिशिषति नामाप एव तदशितं नयन्ते तद्यथा गोनायोऽश्वनायः पुरुषनाय इत्येवं तदप आचक्षतेऽशनायेति तत्रैतच्छुङ्गमुत्पतितँ सोम्य विजानीहि नेदममूलं भविष्यतीति ॥ ३ ॥

द०प०—सोम्य=हे प्रियदर्शन, (तिमी) मे=मबाट, अशनापिपासे=भोक र प्यास, विजानीहि=जान, यत्र=जहिले, पुरुषः=पुरुष, अशिशिषति=खान चाहन्छ, र (त्यसको) एतत्=यो, अशिशिषति नाम='अशिशिषति' भन्ने नाम हुन्छ, (कुन निमित्तले ?) तत्=त्यस बखत, अशितम्=खाएको अन्नलाई, आपः एव=पानीले नै, नयन्ते=रस आदि भावमा परिणत गर्दछ। यथा=जस्तो, गोनायः=(गाई लैजाने) गोनाय, अश्वनायः=(घोडा लैजाने) अश्वनाय, पुरुषनायः=(मनुष्य लैजाने) पुरुषनाय, इति=यसो भनिन्छ, एवम्=यसै गरी, तत्=त्यस बखत, अपः=पानीलाई, अशनाय इति=(खाएको चीज परिणाममा लैजाने हुनाले) 'अशनाय' भनी, आचक्षते=भन्दछन्, तत्र=त्यस स्थितिमा, सोम्य=हे प्रियदर्शन, एतत्=यो शरीर, शुङ्गम्=अङ्कुर (कार्य), उत्पतितम्=उत्पन्न भएको, विजानीहि=स्पष्टतया जान, (अतः) इदम्=यो शरीर, अमूलम्=विनाकारणको, न भविष्यति=छैन।

स०वा०—हे प्रियदर्शन ! तिमी मबाट भोक र प्यासलाई राम्ररी जान। जुन समय पुरुष खान चाहन्छ र 'अशिशिषति' भन्ने नाम हुन्छ, त्यस समय खाएको अन्नलाई पानीले रसादि भावमा परिणत गर्दछ। यसकारण जस्तो गाई लैजाने गोठाले 'गोनाय', घोडा लैजाने सइस 'अश्वनाय' र मानिस लैजाने (मानिस प्रति नेतृत्व गर्ने) राजा वा सेनापति 'पुरुषनाय' भनिन्छ, त्यस्तै खाएको चीज रसादिरूपले परिणाममा लैजाने हुनाले पानीलाई 'अशनाय' भन्दछन्। त्यस स्थितिमा हे प्रियदर्शन ! यो शरीरलाई बरको बीजमा अंकुर टुसाएजस्तो कार्यरूप जान। अतः यो शरीर विना-कारणको छैन।

तस्य क्व मूलँ स्यादन्यत्रान्नादेवमेव खलु सोम्यान्नेव शुङ्गेनापो मूलमन्विच्छाद्भिः सोम्य शुङ्गेन तेजो मूलमन्विच्छ तेजसा सोम्य शुङ्गेन

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्मूलमन्विच्छ सन्मूलाः सोम्येमाः सर्वाः प्रजाः सदायतनाः सत्यप्रतिष्ठाः ॥ ४ ॥

द० प०—तस्य=त्यस शरीरको मूल कारण, अन्नात्=अन्नदेखि, अन्यत्र=अन्त, क्व=कहाँ, स्यात्=होला, अर्थात् अन्नै हो, एवम्=यसै गरी, सोम्य=हे प्रियदर्शन ! अन्नेन=अन्नरूप, शुङ्गेन=कार्यले, अपः=जलरूप, मूलम्=कारण, खलु=निश्चयले, अन्विच्छ=थाह गर, सोम्य=हे प्रियदर्शन, तेजसा=तेजोरूप, शुङ्गेन=कार्यले, सत्=सत् (ब्रह्म) रूप, मूलम्=कारण, अन्विच्छ=अवगत गर, सोम्य=हे प्रियदर्शन, इमाः=यी, सर्वाः=संपूर्ण, प्रजाः=उत्पन्न स्थावर जङ्गमहरू, सन्मूलाः=सत् (ब्रह्म) कारण भएका छन्, (तथा) सदायतनाः=सत् नै आश्रय भएका छन्, (एवं) सत्प्रतिष्ठाः=सत् नै लयस्थान भएका छन् ।

स० वा०—त्यस शरीरको कारण, अन्नबाहेक अन्त कहाँ छ ? कहीं छैन, अन्नैमा छ । यस्तै हे प्रियदर्शन ! अन्न पनि उत्पत्ति विनाशवान् हुनाले त्यसको पनि कुनै कारण अवश्य छ । अतः अन्नरूप कार्यले जलरूप कारण थाह गर । त्यस्तै जल पनि उत्पत्तिविनाशशील हुनाले कारणवाला नै हुन्छ । अतः हे प्रियदर्शन ! जलरूप कार्यले तेजोरूप कारण थाह गर । त्यो तेज पनि उस्तै हुनाले हे प्रियदर्शन ! तेजोरूप कार्यबाट सत् (ब्रह्म) रूप कारण थाह गर । हे प्रियदर्शन ! यी सबै पदार्थ सृष्टिभन्दा अघि सत् नै कारण भएका वर्तमानमा पनि सत् नै आश्रय भएका र अन्तमा पनि सत् नै लयस्थान भएका छन् ।

टिप्पणी—शरीरको कारण अन्नमा छ भनियो; कसरी ? खाएको अन्न पानीले द्रव बनाइदिन्छ । त्यो पेटको अग्निले पचाइँदा रसभावले परिणत हुन्छ । रसबाट रगत, रगतबाट मासु, मासुबाट बोसो, बोसोबाट हाड, हाडबाट मासी, मासीबाट वीर्य बन्दछ । त्यस्तै स्त्रीले खाएको अन्न उही क्रमले रसादि रूपले परिणत हुँदै गई अन्तमा रज बन्दछ । अन्नबाट बनेको यिनै संयुक्त वीर्य र रजबाट नै गर्भाशयमा शरीर बन्दछ । दिन-दिनै खाएका अन्नबाट बनेका तिनै वीर्य र रजले बढ्दै जाने पनि हुन्छ । यसरी शरीरको कारणभूत वीर्य र रज अन्नैमा रहेको भयो ।

अथ यत्रैतत्पुरुषः पिपासति नाम तेज एव तत्पीतं नयते तद्यथा गोनायोऽश्वनायः पुरुषनाय इत्येवं तत्तेज आचष्ट उदन्येति तत्रैतदेव शुङ्गमुत्पतितꣳसोम्य विजानीहि नेदममूलं भविष्यतीति ॥ ५ ॥

द० प०—अथ=अब, यत्र=जुन समयमा, पुरुषः=पुरुष, पिपासति=पिउन चाहन्छ (र त्यसको) एतत्=यो, पिपासति नाम='पिपासति' नाम हुन्छ, तत्=त्यस समयमा, पीतम्=पिएको पानीलाई, तेजः एव=तेजले नै, नयते=(रक्त एवं प्राण-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावमा) लैजान्छ (परिणत गर्दछ), तत्=त्यसकारण, यथा=जस्तो, गोनायः=गाई लैजाने, 'गोनाय', अश्वनायः=घोडा लैजाने 'अश्वनाय', र पुरुषनायः=मानिस प्रति नेतृत्व गर्ने 'पुरुषनाय', इति=यसो भनिन्छ, एवम्=यस्तै, तत्=त्यो, तेजः=तेजलाई, उदन्या इति='उदन्या' भनी, आचष्टे (लोकले) भन्दछ, तत्र=त्यस स्थितिमा, सोम्य=हे प्रियदर्शन, एतत् एव=यै शरीर, शुङ्गम्=अंकुर (कार्य), उत्पतितम्=उत्पन्न भएको, विजानीहि=स्पष्टतया जान, (अतः) इदम्=यो शरीर, अमूलम्=विना-कारणको, न भविष्यति=छैन, इति=यसो (आरुणिले भने)।

स० वा०—अनि जुन समयमा पुरुष पिउन चाहन्छ र त्यसको नै रक्त र प्राणभावमा लैजान्छ + परिणत गर्दछ। त्यसकारण जस्तो गाई लैजाने 'गोनाय', घोडा लैजाने 'अश्वनाय' र मनुष्यप्रति नेतृत्व गर्ने 'पुरुषनाय' भनिन्छ, यस्तै पानीलाई परिणाममा पुर्‍याउने हुनाले तेजलाई लोकले 'उदन्या' भन्दछ। त्यस स्थितिमा हे प्रियदर्शन ! यस शरीरलाई अंकुर (कार्य) उत्पन्न भएको जान। यो शरीर बिनाकारण छैन।

तस्य क्व मूलꣳस्यादन्यत्राद्भ्योऽद्भिः सोम्य शुङ्गेन तेजो मूलमन्विच्छ तेजसा सोम्य शुङ्गेन सन्मूलमन्विच्छ सन्मूलाः सोम्येमाः सर्वाः प्रजाः सदायतनाः सत्प्रतिष्ठा यथा नु खलु सोम्येमास्तिस्रो देवताः पुरुषं प्राप्य त्रिवृत्त्रिवृदेकैका भवति तदुक्तं पुरस्तादेव भवत्यस्य सोम्य पुरुषस्य प्रयतो वाङ्मनसि सम्पद्यते मनः प्राणे प्राणस्तेजसि तेजः परस्यां देवतायाम् ॥ ६ ॥

द० प०—तस्य=त्यश शरीरको, अद्भ्यः=पानीदेखि, अन्यत्र=अन्त, मूलम्=कारण, क्व=कहाँ, स्यात्=होला, सोम्य=हे प्रियदर्शन, अद्भिः=जलरूप, शुङ्गेन=कार्यले, तेजः=तेजोरूप, मूलम्=कारण, अन्विच्छ=थाह गर, (तथा) सोम्य=हे प्रियदर्शन, तेजसा=तेजोरूप, शुङ्गेन=कार्यले, सत् = सत् (ब्रह्म) रूप, मूलम्=कारण, अन्विच्छ=थाह गर, सोम्य=हे प्रियदर्शन, इमाः=यी, सर्वाः = सम्पूर्ण, प्रजाः=स्थावर जङ्गमहरू, सन्मूलाः=सत् कारण भएका छन्. (तथा), सदायतनाः = सत् आश्रय भएका छन्, (एवं) सत्प्रतिष्ठाः=सत् लयस्थान भएका छन्, सोम्य=हे प्रियदर्शन, यथानु = जसरी, इमाः=यी, तिस्रः=तीन, देवताः=देवता (तेज, जल र अन्न), पुरुषम् = शरीरमा, प्राप्य=प्राप्त भएर, एकैका=प्रत्येक, त्रिवृत्-त्रिवृत्=तीन-तीन तत्त्ववाला, भवति = हुन्छ, तत् = त्यो, पुरस्तात् एव=पहिले नै, उक्तम्=कहिएको, भवति=छ, सोम्य=प्रियदर्शन, अस्य=यो, पुरुषस्य=पुरुषको, प्रयतः = मर्नलाग्दा, वाक्=वाणी, मनसि=मनमा, सम्पद्यते=लीन हुन्छ, मनः = मन, प्राणे = प्राणमा + सम्पद्यते = लीन हुन्छ, प्राणः = प्राण, तेजसि = तेजमा, लीयते=लीन हुन्छ,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेजः=तेज, परस्याम्=सर्वश्रेष्ठ, देवतायाम्=देवता (सत्=ब्रह्म) मा, + सम्पद्यते=लीन हुन्छ ।

स० वा०—त्यस शरीरको पानीदेखि बाहेक अन्त कारण कहाँ होला, पानीमा नै छ । यस्तै हे प्रियदर्शन ! त्यो पानी पनि उत्पत्ति-विनाशवान् हुनाले त्यसको पनि कुनै कारण अवश्य छ । अतः जलरूप कार्यले तेजोरूप कारण थाह गर । तेज पनि त्यस्तै हुनाले त्यसको पनि कुनै कारण अवश्य छ । अतः तेजोरूप कार्यले सत् (ब्रह्म) रूप कारण थाह गर । हे प्रियदर्शन ! यो समस्त स्थावर जंगम आदिमा सत् कारण भएका छन्, मध्यमा सत् नै आश्रय भएका छन् र अन्तमा सत् नै लयस्थान भएका छन् । हे प्रियदर्शन ! यी तेज, जल र अन्नरूप तीन देवता शरीरमा प्राप्त भएर प्रत्येक जसरी तीन-तीन तत्त्ववाला हुन्छ, त्यो कुरा पहिले नै कहिएको छ । जस्तो खाए-पिएका अन्न-जलका मध्यम अंशले सप्तधातुक शरीर उत्पन्न हुन्छ र सूक्ष्म अंशले मन, प्राण र वाणी बन्दछ इत्यादि । अब यो जीवले अधिष्ठित प्राण र करणको संघात देह नष्ट भएपछि पूर्व देहबाट देहान्तरमा जुन क्रमले जान्छ, त्यो कुरा भनिन्छ । मर्न लागेको पुरुषको वाणी मनमा लीन हुन्छ । अतएव त्यतिखेर 'यो बोल्दैन' भनिन्छ । अनि मन प्राणमा लीन हुन्छ, त्यस वेला 'यो चिन्दैन' भनिन्छ । अनि प्राण तेजमा लीन हुन्छ, तब 'यो चल्दैन' भनिन्छ । संदेह भए शरीरमा तातो फेला पर्छ । 'तातै छ, बाँच्छ' भनिन्छ । अनि तेज परम देवता सत् (ब्रह्म) मा प्रशान्त हुन्छ ।

टिप्पणी—उक्त क्रमले उपसंहृत हुँदै मन आफ्ना कारणमा प्राप्त भएपछि त्यसमा रहेको जीव पनि सुषुप्तिकालमा जस्तै आफ्नो निमित्त (मन) को उपसंहार भएकाले आफू पनि उपसंहृत हुँदै सत्य (आत्मा) को असुसन्धानपूर्वक उपसंहृत भएको रहेछ भने सत् (ब्रह्म) नै हुन आउँछ, सुषुप्तिबाट जस्तो पुनः देहान्तरलाई उठ्तैन । सत्यको अनुसन्धानवाला (आत्मज्ञ) रहेनछ भने त्यै कारणबाट—सुषुप्तिबाट लागेजस्तो गरी—मरणका पश्चात् फेरि देहजालमा प्रवेश गर्दछ ।

स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥७॥

द० प०—सः=त्यो, यः=जो सत् नाम गरेको, एषः=यो, अणिमा=अणुभाव हो, ऐतदात्म्यम्=यै स्वरूप भएको, इदम्=यो, सर्वम्=समस्त जगत् छ, तत्=त्यो, सत्यम्=परामार्थ सत् छ, सः=त्यो नै, आत्मा=आत्मा हो, श्वेतकेतो=हे श्वेतकेतु ! तत्=त्यो, सत् (ब्रह्म), त्वम्=तिमी असि=हौ, इति=यस्तो (आरुणिले उपदेश गरे, अनि श्वेतकेतुले) भगवान्=पूज्य पिताजीले, मा=मलाई, भूयः एव=फेरि पनि, विज्ञापयतु=बोध गराउनुहोस् । (आरुणिले) सोम्य=हे प्रियदर्शन, तथा=त्यसै होस्, इति=यसो, उवाच=भने ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यो जो सत्नाम गरेको अणुभाव हो, यै स्वरूप भएको यो समस्त जगत् छ। त्यो परमार्थ सत् छ। अतः त्यो नै आत्मा (जगत्को प्रत्यक्ष स्वरूप) हो, अतः हे श्वेतकेतु ! त्यो सत् (ब्रह्म) तिमी हौ, (आरुणिले यस्तो उपदेश गरेपछि श्वेतकेतुले भने—) पूज्य पिताजी ! मलाई फेरि पनि बोध गराउनुहोस्।

टिप्पणी—बाबुले यसरी उपदेश गरेपछि पनि श्वेतकेतुलाई कुन कुराको संदेह थियो र 'फेरि पनि बोध गराउनुहोस्' भन्छन् ? भने, उनलाई यो संदेह थियो—'प्राणीहरू दिनदिनै सुषुप्तिकालमा सत्मा प्राप्त हुन्छन्' भनिन्छ। तब ती प्राणीलाई यो किन थाह हुन्न कि 'म सत्मा प्राप्त भएको छु'। यो कुरा दृष्टान्तपूर्वक बुझाइदिए हुन्थ्यो भन्ने श्वेतकेतुलाई थियो र त्यसो भनेका हुन्।

छैटौं अध्यायमा आठौं खण्ड समाप्त

नवम खण्ड

सुषुप्तिमा 'सत्' मा प्राप्त भएको ज्ञान नहुनामा मौरीको दृष्टान्त

यथा सोम्य मधु मधुकृतो निस्तिष्ठन्ति नानात्ययानां वृक्षाणाꣳ रसान् समवहारमेकताꣳ रसं गमयन्ति ॥ १ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, यथा=जसरी, मधुकृतः=मौरीहरू, मधु=मह, निस्तिष्ठन्ति=संपादन गर्दछन्, नानात्ययानाम्=नाना दिशाका, वृक्षाणाम्=रूखहरूको, रसान्=रस, समवहारम्=जम्मा गरेर, रसम्=रसलाई, एकताम्=(मधुभावले) एकतामा, गमयन्ति=प्राप्त गर्दछन्।

स० वा०—हे प्रियदर्शन ! जसरी मौरीहरू मह बनाउँछन्, कुन छाँटले ? अनेक दिशाका वृक्षहरूको रस जम्मा गरेर त्यो रसलाई महरूपले एकतामा प्राप्त गर्दछन्।

ते तथा तत्र न विवेकं लभन्तेऽमुष्याहं वृक्षस्य रसोऽस्म्यमुष्याहं वृक्षस्य रसोऽस्मीत्येवमेव खलु सोम्येमाः सर्वाः प्रजाः सति सम्पद्य न विदुः सति सम्पद्यामह इति ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—ते=ती रसहरू, यथा=जसरी, तत्र=त्यस महमा, अहम्=म, अमुष्य=फलानो, वृक्षस्य=रूखको, रसः=रस, अस्मि=हुँ, अहम्=म, अमुष्य=फलानो, वृक्षस्य=रूखको, रसः=रस, अस्मि=हुँ, इति=यस्तो, विवेकम्=छुट्ट्याउनु, न लभन्ते=पाउँदैनन् (सक्तैनन्), एवम् एव=यसै गरी, सोम्य=हे प्रियदर्शन, इमाः=यी, सर्वाः=सम्पूर्ण, प्रजाः=प्राणीहरू, सति=सत् (ब्रह्म) मा, संपद्य=प्राप्त भएर (पनि), सति=सत्मा, संपद्यामहे=प्राप्त भैरहेछौं, इति=भनी, न विदुः=थाह पाउँदैनन् । खलु=निश्चय हो ।

स० वा०—ती रसहरू जसरी त्यस महमा 'म फलानो रूखको रस हुँ, म फलानो रूखको रस हुँ' भनी छुट्ट्याउन सक्तैनन्, त्यसै गरी, हे प्रियदर्शन ! यी सम्पूर्ण प्राणीहरू सत्मा प्राप्त भएर पनि 'हामी सत्मा प्राप्त भैरहेछौं' भन्ने थाह पाउँदैनन् ।

त इह व्याघ्रो वा सिꣳहो वा वृको वा वराहो वा कीटो वा पतङ्गो वा दꣳशो वा मशको यद्यद्भवन्ति तदाभवन्ति ॥ ३ ॥

द० प०—(अत एव) ते=तिनीहरू, इह=यस लोकमा, व्याघ्रः=बाघ, वा=अथवा, वृकः=ब्वाँसो, वा=अथवा, वराहः=बँदेल, वा=अथवा, कीटः=कीरो, वा=अथवा, पतङ्गः=पुतली, वा=अथवा, दंशः=डांस, वा=अथवा, मशकः=लामखुट्टे नै होस् (सुषुप्तिभन्दा अघि), यद् यद्=जे जे, भवन्ति=थिए, (सुषुप्तिपछि), तद् तद्=त्यै त्यै, भवन्ति=हुन्छन् ।

स० वा०—यै आफ्नो सद्-रूपता नजानीकन सत्मा प्राप्त हुनाका कारण ती प्राणीहरू यस लोकमा सुषुप्तिभन्दा अघि बाघ, सिंह, ब्वाँसो, बँदेल, कीरो, पुतली, डांस, लामखुट्टे जे जे थिए, सुषुप्तिपछि त्यै त्यै कायम हुन्छन्, फरक पर्ने हुँदैन ।

स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥४॥

द० प०—सः=त्यो (जसमा प्रवेश गरेर पनि अनात्मज्ञ पुनः आविर्भूत हुन्छन्, आत्मज्ञ फर्कंदैनन्), यः=जो, एषः=यो, अणिमा=अणुभाव हो, ऐतदात्म्यम्=यै स्वरूप भएको, इदम्=यो, सर्वम्=समस्त चराचर हो, तत्=त्यो, सत्यम्=सत्य छ, सः=त्यो, आत्मा=आत्मा हो, श्वेतकेतो=हे श्वेतकेतु ! तत्=त्यो, त्वम्=तिमी, असि=हौ, इति=यसरी आरुणिले उपदेश गरे, (श्वेतकेतुले) भगवान्=पूज्य पिताजीले, मा=मलाई, भूयः एव=फेरि पनि, विज्ञापयतु=बोध गराउनुहोस्, इति=यसो भने, (अनि आरुणिले) सोम्य=हे प्रियदर्शन, तथा=त्यसै होस्, इति=यसो, उवाच=भने, ह=प्रसिद्ध कुरा हो ।

स० वा०—जसमा प्रवेश गरेर पनि अनात्मज्ञहरू पुनः आविर्भूत हुन्छन्,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मज्ञ चाहिं फर्कंदैनन् त्यो जो यो अणुभाव हो, यै स्वरूप भएको यो सब चराचर छ। त्यो सत्य हो, अतएव आत्मा हो, हे श्वेतकेतु ! त्यो तिमी हो। यसरी आरुणिले उपदेश गरे। श्वेतकेतुले भने—पूज्य पिताजीले मलाई फेरि पनि बोध गराउनुहोस्। आरुणिले भने—प्रियदर्शन ! हुन्छ।

टिप्पणी—फेरि पनि बोध गराउनुहोस् भनेको यस शङ्काले हो—जस्तो लोकमा आफ्ना घरमा सुतेको पुरुष उठेर ग्रामान्तरमा जांदा 'म आफ्ना घरबाट आएको हुँ' भन्ने थाह पाउँछ, त्यस्तो 'म सत्‌बाट आएको छु' भन्ने थाह जीवलाई किन हुँदैन ?

छैटौं अध्यायमा नवौं खण्ड समाप्त

दशम खण्ड

नदीको दृष्टान्तबाट उपदेश

इमाः सोम्य नद्यः पुरस्तात्प्राच्यः स्यन्दन्ते पश्चात्प्रतीच्यस्ताः समुद्रात्समुद्रमेवापियन्ति स समुद्र एव भवति ता यथा तत्र न विदुरियमहमस्मीयमहमस्मीति ॥ १ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, इमाः=यी, नद्यः = नदीहरू, प्राच्यः = पूर्ववाहिनी भएर, पुरस्तात् = पूर्वतर्फ, स्यन्दन्ते = वहन्छन्, प्रतीच्यः = पश्चिमवाहिनी भएर, पश्चात् = पश्चिमतर्फ, स्यन्दन्ते = वहन्छन्, ताः = तिनीहरू, समुद्रात् = समुद्रबाट (निक्लेर), समुद्रम् एव = समुद्रैमा, अपियन्ति=मिल्दछन्, सः—त्यो, समुद्रः एव = समुद्र नै, भवति = हुन्छ, यथा = जसरी, ताः = ती नदीहरू, तत्र = त्यस (समुद्र) मा, (एउटै भई मिलेकाले), इयम्=यो, अहम्=म (गङ्गा), अस्मि = हुँ, इयम् = यो, अहम् = म (यमुना) अस्मि = हुँ, इति = यस्तो, न विदुः= जान्दैनन्।

स० वा०—हे प्रियदर्शन ! यी नदीहरू पूर्ववाहिनी भएर पूर्वतर्फ वहन्छन्, पश्चिमवाहिनी भएर पश्चिमतर्फ वहन्छन्। मेघबाट आकृष्ट भई समुद्रबाट निक्लेर

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृष्टिरूपले झरेर गङ्गादि नदीरूपले फेरि समुद्रैमा मिल्न जान्छन् र त्यो समुद्र नै हुन्छ। जसरी ती नदीहरू समुद्रमा एउटै भई मिलेकाले 'यो म (गङ्गा) हुँ, यो म (यमुना) हुँ' भनेर जान्दैनन्।

एवमेव खलु सोम्येमाः सर्वाः प्रजाः सत आगम्य न विदुः सत आगच्छामह इति त इह व्याघ्रो वा सिꣳहो वा वराहो वा कीटो वा पतङ्गो वा दꣳशो वा मशको वा यद्यद्भवन्ति तदाभवन्ति ॥ २ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, एवम् एव=यसै गरी, इमाः=यी, सर्वाः=समस्त, प्रजाः=स्थावर जङ्गमहरू, सतः=सत्‌बाट, आगम्य=आएर, इति=यो, नविदुः=जान्दैनन् कि, सतः=सत्‌बाट, आगच्छामहे=आएका छौं, ते=तिनीहरू, व्याघ्रः=बाघ, वा=अथवा, सिंहः=सिंह, वा=अथवा, वराहः=बँदेल, वा=अथवा, कीटः=कीरो, वा=अथवा, पतङ्गः=पुतली, वा=अथवा, दंशः=डाँस, वा=अथवा, मशकः वा=लामखुट्टे नै, यद् यद्=जे जे, भवन्ति=थिए, तद् तद्=त्यो त्यो, आभवन्ति=हुन्छन्।

स० वा०—हे प्रियदर्शन! यसै गरी यी समस्त स्थावर जङ्गमहरू, सत्‌बाट आएर पनि यो थाह पाउँदैनन् कि 'सत्‌बाट आएका छौं'। अतः तिनीहरू सुषुप्ति आदिभन्दा अघि बाघ, सिंह, बँदेल, कीरो, पुतली, डाँस, लामखुट्टे जे थिए सुषुप्ति आदिभन्दा पछि त्यो त्यो नै हुन्छन्।

स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥३॥

द० प०—सः=त्यो सत्संज्ञक, यः=जो, एषः=यो, अणिमा=अणुभाव हो, ऐतदात्म्यम्=यै स्वरूप भएको, इदम्=यो, सर्वम्=सब, चराचर छ, तत्=त्यो, सत्यम्=सत्य छ, अतएव, सः=त्यो, आत्मा=आत्मा हो, श्वेतकेतो=हे श्वेतकेतु! तत्=त्यो, त्वम्=तिमी, असि=हौ, इति=यसरी (आरुणिले उपदेश गरे), भगवान्=पूज्य पिताजीले, मा=मलाई, भूय एव=फेरि पनि, (दृष्टान्तद्वारा) विज्ञापयतु=बोध गराउनुहोस्, इति=यसो (श्वेतकेतुले भने), सोम्य=हे प्रियदर्शन, तथा=त्यसै होस्, इति=यसो, उवाच=आरुणिले भने, ह=यो कुरा प्रसिद्ध छ।

स० वा०—त्यो सत्-संज्ञक जो यो अणुभाव हो, यही स्वरूप भएको यो सारा चराचर छ। त्यो परमार्थ सत् हो, अतएव त्यो आत्मा हो, हे श्वेतकेतु त्यो तिमी हौ। यसरी आरुणिले उपदेश गरे। श्वेतकेतुले भने—पूज्य पिताजीले मलाई फेरि पनि दृष्टान्तद्वारा बोध गराउनुहोस्। आरुणिले भने—प्रियदर्शन! हुन्छ।

लोकमा, पानीमा उठेका भुमरी, लहरी, फींज, फोकाहरू फेरि पानीमै मिलेपछि

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नष्ट भए भन्ने समझ भएको देखिन्छ, जीव भने प्रतिदिन सुषुप्तिमा अनि मरण र प्रलयमा त्यो कारणभावमा प्राप्त हुँदा पनि नाशिदैनन् । यो कसरी भएको ? भन्ने शङ्का हुनाले श्वेतकेतु फेरि बुझ्नाइमाग्छन् ।

छैटौं अध्यायमा दशौं खण्ड समाप्त

एकादश खण्ड

वृक्षको दृष्टान्तद्वारा उपदेश

अस्य सोम्य महतो वृक्षस्य यो मूलेऽभ्याहन्याज्जीवन्स्रवेद्यो मध्येऽभ्याहन्याज्जीवन्स्रवेद्योऽग्रेऽभ्याहन्याज्जीवन्स्रवेत्स एष जीवेनात्मनानुप्रभूतः पेपीयमानो मोदमानस्तिष्ठति ॥ १ ॥

द० प०—सोम्य = हे प्रियदर्शन, यः=(यदि) कोही, अस्य=यो, महतः= ठूलो, वृक्षस्य=रूखको, मूले=फेदमा, अभ्याहन्यात्=(बञ्चराहरूले) हानोस् (त), जीवन्=जीउँदो हुन्छ र, स्रवेत्=रस चुहाउँछ, यः=(यदि) कोही, मध्ये=बीचमा, अभ्याहन्यात् = हानोस्, (तपनि) जीवन्=जीउँदो हुन्छ र, स्रवेत्=रस चुहाउँछ, यः=(यदि) कोही, अग्रे = टुप्पामा, अभ्याहन्यात्=हानोस् (तापनि), जीवन्= जीउँदै हुन्छ र, स्रवेत्=रस चुहाउँछ, सः=त्यो, एषः=यो रूख, जीवेन=जीव, आत्मना=आत्माले, अनुप्रभूतः=व्याप्त भएको छ र, पेपीयमानः=खूब पानी पिउँदै, मोदमानः=खुशी भएर, तिष्ठति=रहन्छ ।

स० वा—हे प्रियदर्शन ! यो ठूलो रूखलाई कसैले, बञ्चरो आदिले फेदमा हानोस् त्यतिले सुक्तैन जीउँदै हुन्छ र रस चुहाउँछ । यदि कसैले माझमा हानोस् तापनि सुक्तैन जीउँदै हुन्छ र रस चुहाउँछ । यदि कसैले टुप्पामा हानोस् तर पनि त्यतिले सुक्तैन जीउँदै हुन्छ र रस चुहाउँछ । त्यो यो रूख जीवात्माले व्याप्त हुनाले पानी पिउँदै खुशीसाथ रहेको छ ।

अस्य यदेकाꣳ शाखां जीवो जहात्यथ सा शुष्यति द्वितीयां जहात्यथ सा शुष्यति तृतीयां जहात्यथ सा शुष्यति सर्वं जहाति सर्वः शुष्यति ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यद् = यदि, अस्य = यस रूखको, एकाम् = एउटा, शाखाम् = हाँगालाई, जीवः = जीवले, जहाति = छोड्दछ त, अथ = अनि, सा = त्यो, शुष्यति = सुक्तछ, द्वितीयाम् = दोस्रो हाँगालाई, जहाति छोड्दछ त, अथ = अनि, सा = त्यो, शुष्यति = सुक्तछ, तृतीयाम् = तेस्रो हाँगालाई, जहाति = छोड्दछ त, अथ = अनि, सा = त्यो, शुष्यति = सुक्तछ, सर्वम् = पूरै रूखलाई, जहाति = छोड्दछ त, सर्वः = सबै, शुष्यति = सुक्तछ ।

स० वा०—यदि रूखको एउटा हाँगालाई जीवले छोड्दछ त त्यो हाँगा सुक्तछ । दोस्रो हाँगालाई छोड्दछ त त्यो हाँगा सुक्तछ । एवम् तेस्रो हाँगालाई छोड्दछ त, त्यो हाँगा सुक्तछ । यदि पूरै रूखलाई जीवले छोड्दछ त सबै सुक्नछ ।

एवमेव खलु सोम्य विद्धीति होवाच जीवापेतं वाव किलेदं म्रियते न जीवो म्रियत इति स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥ ३ ॥

द० प०—सोम्य = हे प्रियदर्शन, एवम् एव = यसै गरी, खलु = निश्चयसाथ, विद्धि = जान, इति = यसरी, बुझाएर (आरुणिले), इति = यसो, उवाच = भने, जीवापेतम् = जीवले छोडिएको, इदम् = यो शरीर, किल = निस्सै, म्रियते = मर्दछ, जीवः = जीव, न म्रियते = मर्दैन, सः = त्यो, यः = जो, एषः = यो, अणिमा = अणुभाव हो, ऐतदात्म्यम् = यै आत्मा भएको, इदम् = यो, सर्वम् = समस्त जगत् छ, तत् = त्यो, सत्यम् = परमार्थ सत् छ, (अतः) सः = त्यो, आत्मा = आत्मा हो, श्वेतकेतो = हे श्वेतकेतु ! तत् = त्यो सत्, त्वम् = तिमी, असि = हौ, इति = यसरी आरुणिले उपदेश गरे, भगवान् = पूज्य पिताजीले, मा = मलाई, भूयः एव = फेरि पनि, विज्ञापयतु = बोध गराउनुहोस्, इति = यसो (श्वेतकेतुले भने), सोम्य = हे प्रियदर्शन, तथा = त्यसै होस्, इति = यसो, (आरुणिले) उवाच = भने, ह = यो कुरा प्रसिद्ध छ ।

स० वा०—हे प्रियदर्शन ! यसै गरी निश्चयसाथ जान । यसरी बुझाएर आरुणिले भने—जीवले छोडिएको शरीर अवश्य मर्दछ, जीव मर्दैन । त्यो जो यो अणुभाव हो यै आत्मा भएको यो समस्त जगत् छ । त्यो परमार्थ सत् हो, त्यो नै आत्मा हो । हे श्वेतकेतु ! त्यो सत् (ब्रह्म) तिमी हौ । यसरी आरुणिले उपदेश गरे । अनि श्वेतकेतुले भने—पूज्य पिताजीले मलाई फेरि पनि दृष्टान्तद्वारा बोध गराउनुहोस् । आरुणिले भने—प्रियदर्शन ! हुन्छ ।

टिप्पणी—सुतेर उठेका पुरुषले 'यो मेरो बाँकी काम' भनेर समास गर्न लागेको देखिन्छ । जन्मनासाथको बालकलाई दूधको अभिलाषा डर आदि देखताले

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वजन्ममा अनुभव गरेको स्तनपात, दुःखानुभवको स्मृति हुँदो रहेछ भन्ने अनुमान हुन्छ। तथा अग्निहोत्रादि वैदिक कर्मको सार्थकता हुनाले पनि जीव मर्दैन भन्ने कुरा निश्चित छ।

श्वेतकेतुले 'फेरि पनि बुझाउनुहोस्' भनेको यो शङ्काले हो—यो नाम रूपात्मक अत्यन्त स्थूल पृथिवी आदि जगत् नामरूपरहित अत्यन्त सूक्ष्म परमार्थ-सत्‌बाट कसरी उत्पन्न हुन्छ ?

छैटौं अध्यायको एघारौं खण्ड समाप्त

द्वादश खण्ड

बटवृक्षका फलको दृष्टान्तद्वारा उपदेश

न्यग्रोधफलमत आहरेतीदं भगव इति भिन्द्धीति भिन्नं भगव इति किमत्र पश्यसीत्यण्व्य इवेमा धाना भगव इत्यासामङ्गैकां भिन्द्धीति भिन्ना भगव इति किमत्र पश्यसीति न किञ्चन भगव इति ॥ १ ॥

द० प०—(आरुणिले) अतः=यस वृक्षबाट, न्यग्रोधफलम्=बरको फल, आहर=ल्याऊ, इति=यसो भने, श्वेतकेतुले भने—भगव=हे भगवन्, इदम्=ई (ल्याएँ), आरुणिले, भिद्धि=फोर, इति=यसो भने, श्वेतकेतुले—भगव=पूज्य, भिन्नम्=फेरियो, इति=यसो भने, (आरुणिले) अत्र=यसभित्र, किम्=के, पश्यसि=देख्छौ, इति=यसो भने, (श्वेतकेतुले) भगव=पूज्य ! इमा=यी, अण्व्यः इव=अत्यन्त साना जस्ता, धानाः=बीजहरू, इति=यसो भने, (आरुणिले) अङ्ग=बाबू, आसाम्—यीमध्ये, एकाम्=एउटा बीजलाई, भिन्धि=फोर, इति=यसो भने, (श्वेतकेतुले) भगव=पूज्य, भिन्ना=फोरियो, इति=यसो भने, (आरुणिले) अत्र=यसमा, किम्=के, पश्यसि=देख्तछौ, इति=यसो भने, (श्वेतकेतुले) भगव=पूज्य ! किञ्चन=म केही पनि देख्तिनँ, इति=यसो भने।

स० वा०—

आरुणि—यस बरको रूखबाट एउटा फल ल्याऊ।

श्वेतकेतु—पूज्य ! ई ल्याएँ।

Prof. Anadevardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरुणि—फोर ।

श्वेतकेतु—पूज्य ! फोरें ।

आरुणि—यसभित्र के देख्छौ ?

श्वेतकेतु—भगवन् ! ज्यादै साना जस्ता बीजहरू ।

आरुणि—तिनीमध्ये एउटा बीजलाई फोर ।

श्वेतकेतु—भगवन् ! फोरें ।

आरुणि—यसमा के देख्छौ ?

श्वेतकेतु—पूज्य ! केही पनि देख्तिनँ ।

तꣳ होवाच यं वै सोम्यैतमणिमानं न निभालयस एतस्य वै सोम्यैषोऽणिम्न एवं महान्न्यग्रोधस्तिष्ठति श्रद्धत्स्व सोम्येति ॥ २ ॥

द० प०—(तब) तम् = तिनी (श्वेतकेतुलाई आरुणिले), ह = निश्चयसाथ, इति = यसो, उवाच = भने, सोम्य = हे प्रियमूर्ति, यम् = जुन, एतम् = यो, अणिमानम् = अणुभावलाई, वै = निस्सै, न निभालयसे = देख्तैनौ (तथापि), सोम्य = हे प्रियमूर्त्ति, एतस्य वै = यै, अणिम्नः = अणुभावको, एष = यो, एवम् = यस्तो, महान् = ठूलो, न्यग्रोधः = वटवक्ष, तिष्ठति = खडा भैरहेको छ, सोम्य = हे प्रियमूर्ति, श्रद्धत्स्व = विश्वास गर ।

स० वा०—तब ती श्वेतकेतुलाई आरुणिले निश्चयसाथ भने—प्रियमूर्ति ! तिमी जुन यो अणुभावलाई निस्सै पनि देख्तैनौ त्यै अणुभावको कार्यभूत यो यस्तो जङ्गी वरको रूख खडा भैरहेछ । प्रियमूर्ति ! विश्वास गर ।

टिप्पणी—यद्यपि युक्ति र शास्त्रबाट निर्धारित भएपछि यो कुरै यस्तै रहेछ भनेर जानिन्छ । तथापि बाध्य विषयमा आसक्त मनवाला प्रवृत्तिशील पुरुषको अत्यन्त सूक्ष्म वस्तुमा प्रवेश हुनु विश्वास नभएमा गार्‍हो पर्दछ भन्ने ठानी आरुणिले छोरा श्वेतकेतुलाई 'विश्वास गर बाबू !' भनेका हुन् ।

स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥ ३ ॥

द० प०—सः = त्यो सत्-संज्ञक, यः = जो, एषः = यो, अणिमा = अणुभाव हो, ऐतदात्म्यं = यै आत्मा भएको, इदम् = यो, सर्वम् = समस्त चराचर छ, तत् = त्यो, सत्यम् = परमार्थ सत् हो, (अतएव) सः = त्यो, आत्मा = आत्मा (प्रत्यक्-रूप) हो, श्वेतकेतो = हे श्वेतकेतु ! तत् = त्यो सत्, त्वम् = तिमी, असि = हौ, इति = यसरी, आरुणिले उपदेश गरे, (श्वेतकेतुले) भगवान् = पूज्य पिताजीले, मा = मलाई, भूयः

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एव=फेरि पनि, विज्ञापयतु=दृष्टान्तद्वारा बोध गराउनुहोस्, इति=यसो भने, (आरुणिले) सोम्य=हे प्रियदर्शन, तथा=त्यसै होस् (हुन्छ), इति=यसो, उवाच= भने, ह=कुरा प्रसिद्ध छ ।

स० वा०—त्यो सत्-नामक जो यो अणुभाव हो, यै आत्मा भएको यो सारा जगत् छ । त्यो परमार्थ सत् हो अतएव त्यो नै आत्मा हो । हे श्वेतकेतु ! त्यो सत् तिमी हौ । यसरी आरुणिले उपदेश गरे ! श्वेतकेतुले भने—भगवन् ! मलाई फेरि पनि दृष्टान्तद्वारा बोध गराउनुहोस् । आरुणिले भने—प्रियदर्शन ! हुन्छ ।

टिप्पणी—यदि त्यो सत् जगत्को मूल हो भने किन उपलब्ध हुँदैन ? यो शङ्का रहेकाले श्वेतकेतुले पनि बोध गराउनुहोस् भनी प्रार्थना गरेका हुन् ।

छैटौं अध्यायमा बाह्रौं खण्ड समाप्त

त्रयोदश खण्ड

नूनको दृष्टान्तद्वारा उपदेश

संबन्ध—'भएको वस्तु पनि कुनै कुनै साधारण तवरबाट उपलब्ध हुँदैन, तर त्यो पनि कुनै अर्को प्रकारले त उपलब्ध हुन सक्छ । यदि यो कुरा प्रत्यक्ष गर्न चाहन्छौ भने सुन दृष्टान्त' भनेर आरुणि भन्दछन्—

लवणमेतदुदकेऽवधायाथ मा प्रातरुपसीदथा इति स ह तथा चकार तꣳ होवाच यद्दोषा लवणमुदकेऽवाधा अङ्ग तदाहरेति तद्धावमृश्य न विवेद ॥ १ ॥

द० प०—एतत्=यो (ढिकोरूपको), लवणम्=नून, उदके=पानीमा, अवधाय=हालेर, अथ=अनि, प्रातः=बिहान, मा=मकहाँ, उपसीदथा=आऊ, इति=यसो (आरुणिले भने), सः=ती श्वेतकेतुले, तथा=त्यसै, चकार=गरे, ह=निश्चय हो । (अनि) तम्=ती श्वेतकेतुलाई, (आरुणिले) इति=यसो, उवाच=भने, अङ्ग=बाबू ! दोषा=राति, (तिमीले) यत्=जुन, लवणम्=नून, उदके=पानीमा, अवाधाः=हालेका थियौ, तत्=त्यो, आहर=ल्याऊ, (श्वेतकेतुले) तत्=त्यो नूनको ढिको, अवमृश्य=खोजेर, न विवेद=पाएनन्, ह=निश्चय हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—(आरुणिले भने)—श्वेतकेतु ! यो नूनको ढिको पानीमा हालेर छोड र विहान मकहाँ आऊ। श्वेतकेतुले त्यसै गरे। आरुणिले तिनीलाई भने—बाबू ! राति जुन नून पानीमा हालेका थियौ, त्यो ल्याऊ त। श्वेतकेतुले त्यो नून खोजे, पाएनन्।

यथा विलीनमेवाङ्गास्यान्तादाचामेति कथमिति लवणमिति मध्यादाचामेति कथमिति लवणमित्यन्तादाचामेति कथमिति लवणमित्यभिप्रास्यैतदथ मोपसीदथा इति तद्ध तथा चकार तच्छश्वत्संवर्तते तꣳ होवाचात्र वाव किल सत्सोम्य न निभालयसेऽत्रैव किलेति ॥ २ ॥

द० प० —(आरुणिले) इति=यसो भने, अङ्ग=हे बाबू ! यथा=जसरी, (त्यो नूनको ढिको) अत्र एव=यै पानीमा, विलीनम्=पग्लेर रहेको छ, (र चक्षु त्वक्‌ले ग्रहण गर्न नसकिने भएको छ, तर कुनै दोस्रो उपायले त ग्रहण गर्न सकिन्छ, कसरी ? भने) अस्य=यस पानीको, अन्तात्=माथिल्लो भागबाट, आचाम=अचाऊ, (श्वेतकेतुले अचाएपछि) कथम्=कस्तो छ ? इति=यसरी सोधे, लवणम्=नुनिलो छ, इति=यस्तो, (श्वेतकेतुले) जवाफ दिए, (आरुणिले) मध्यात्=बीचबाट, आचाम=अचाऊ, इति=यसो भने, (श्वेतकेतुले अचाइसकेपछि आरुणिले) कथम्=कस्तो छ ? इति=यसरी सोधे, (श्वेतकेतुले) लवणम्=नुनिलो छ, इति=यसो भने, (अनि आरुणिले) अन्तात्=मनितिरको भागबाट, आचाम=अचाऊ, इति=यसो भने, (श्वेतुकेतुले अचाइसकेपछि आरुणिले) कथम्=कस्तो छ ? इति=यसरी सोधे, (श्वेतकेतुले) लवणम्=नुनिलो छ, इति=यसो भने, अनि आरुणिले, एतत्=यो पानी, अभिप्रास्य=फ्याँकेर, मा=मसँग, उपसीदथाः=उपस्थित होऊ, इति=यसो (आरुणिले भने), तत्=ती श्वेतकेतुले, ह=निश्चयसाथ, तथा=त्यसै, चकार=गरे (र) इति=यसो भने, तत्=त्यो नूनको ढिको [तस्मिन् एव उदके]=त्यै पानीमा, शश्वत्=नित्य, संवर्तते=विद्यमानै रहेछ, (तब आरुणिले) तम्=ती श्वेतकेतुलाई, इति=यसो, उवाच=भने, सोम्य=हे प्रियदर्शन, अत्र वाव=यहीं, सत्=रहेकालाई, न निभालयसे=चक्षु र त्वक् इन्द्रियले उपलब्ध गर्दैनौ, तर (त्यो नून) अत्र एव किल=यै पानीमा छ नि।

स० वा०—आरुणि—बाबू ! जसरी त्यो नूनको ढिको यै पानीमा पग्ली (मिलेर रहेको) छ, ढिको रूपमा छैन र चक्षु इन्द्रियले पनि त्वक् इन्द्रियले पनि ग्रहण नगरिने भैरहेको छ। तर छ त त्यो पानीमा। कसरी थाह हुन्छ त ? भने अर्को उपायले हुन्छ, त्यो हो रसनेन्द्रियको प्रयोग। लौ, यस पानीको माथिल्लो भागबाट लिएर अचाऊ। [श्वेतकेतुले अचाए, अनि] कस्तो छ ?

श्वेतकेतु—नुनिलो छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरुणि—अब बीचको भागबाट लिएर अचाऊ। [श्वेतकेतुले अचाए] कस्तो छ ?

श्वेतकेतु—नुनिलो छ।

आरुणि – अब तल्लो भागबाट लिएर अचाऊ। [श्वेतकेतुले अचाए] कस्तो छ ?

श्वेतकेतु—नुनिलो छ।

आरुणि—अब यो पानी फ्याँकेर मसँग आऊ।

श्वेतकेतु—[फ्याँकेर आएर] त्यो नून त त्यै पानीमा रहिरहेकै रहेछ।

आरुणि—प्रियदर्शन ! यै किसिमले यहीं रहिरहेको सत् (ब्रह्म) लाई तिमी देख्तैनौ, तर निस्सै पनि छ त यहीं।

स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥३॥

द० प०—सः = त्यो, यः = जुन, एषः = यो, अणिमा = अणुभाव छ, ऐतदात्म्यम् = यै आत्मा भएको, इदम् = यो, सर्वम् = समस्त चराचर छ, तत् = त्यो सत्, सत्यम् = सत्य छ, (र) सः = त्यो, आत्मा=आत्मा (प्रत्यक्-रूप) हो, श्वेतकेतो=हे श्वेतकेतु ! तत्=त्यो सत्, त्वम्=तिमी, असि=हौ, इति=यसरी आरुणिले बोध गराए, (श्वेतकेतुले भने—) भगवान्=पूज्य पिताजीले, मा= मलाई, भूयः एव=फेरि पनि, विज्ञापयतु=बोध गराउनुहोस्।

स० वा०—त्यो सत्-संज्ञक जुन यो अणुभाव हो, यै आत्मा भएको यो सारा जगत् छ। त्यो परमार्थ सत्य छ, अतएव त्यो आत्मा हो। हे श्वेतकेतु ! त्यो तिमी हौ। यसरी आरुणिले उपदेश गरे। श्वेतकेतुले भने—पूज्य ! पिताजीले मलाई फेरि पनि बोध गराउनुहोस्। आरुणिले भने—हे प्रियदर्शन हुन्छ।

टिप्पणी—नूनको अणुभाव जस्तै इन्द्रियले नभेटिने भए पनि जगत्को मूलभूत सत् उपायान्तरले प्राप्त गर्न सकिन्छ भने उपाय पनि जान्न पाऊँ भन्ने आशयले श्वेतकेतुले भनेका हुन्—'फेरि पनि बोध गराउनुहोस्।'

छैटौं अध्यायमा तेह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्दश खण्ड

अन्यत्रबाट ल्याएका पुरुषको दृष्टान्तद्वारा उपदेश

यथा सोम्य पुरुषं गन्धारेभ्योऽभिनद्धाक्षमानीय तं ततोऽतिजने विसृजेत्स यथा तत्र प्राङ् वोदङ् वाधराङ् वा प्रत्यङ् वा प्रध्मायीताभिनद्धाक्ष आनीतोऽभिनद्धाक्षो विसृष्टः ॥ १ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, यथा=जसरी, (कुनै चोरले) पुरुषम्=कुनै मानिसलाई, गन्धारेभ्यः=गान्धारदेशबाट, अभिनद्धाक्षम्=आँखामा पट्टी बाँधेर, आनीय=ल्याएर, तम्=त्यसलाई, अतिजने=शून्य प्रदेशमा, विसृजेत्=छोडिदेओस् (त), यथा=जसरी, तत्र=त्यहाँ, प्राङ् वा=पूर्व मुख भएर, उदङ् वा=उत्तर मुख भएर, अधराङ् वा=दक्षिण मुख भएर, प्रत्यङ् वा=पश्चिम मुख भएर, प्रध्मायीत=चिच्च्याउला कि (म), अभिनद्धाक्षः=(चोरहरूले) आँखामा पट्टी बाँधेर, आनीतः=(गान्धारबाट) ल्याइएको हुँ, अभिनद्धाक्षः=आँखामा पट्टी बाँधिएर नै, विसृष्टः=छोडिएको छु।

स० वा०—हे प्रियदर्शन, चोरले कुनै मानिसलाई आँखामा पट्टी बाँधिदिएर गान्धारबाट ल्याएर एउटा शून्य प्रदेशमा (हातहरू समेत बाँधिदिई) पट्टीसितै छोडिदिइएला त जसरी त्यहाँ त्यो मानिस दिग्भ्रान्त भई कहिले पूर्व मोहडा, कहिले उत्तर, कहिले दक्षिण, कहिले पश्चिम मोहडा गरेर चिच्च्याउला कि—'म चोरहरूले आँखामा पट्टी बाँधिदिई गान्धारबाट यहाँ ल्याई पट्टीसितै छोडिएको छु।'

तस्य यथाभिनहनं प्रमुच्य प्रब्रूयादेतां दिशं गन्धारा एतां दिशं व्रजेति स ग्रामाद् ग्रामं पृच्छन् पण्डितो मेधावी गन्धारानेवोपसम्पद्येतैवमेवेहाचार्यवान् पुरुषो वेद तस्य तावदेव चिरं यावन्न विमोक्ष्येऽथ सम्पत्स्य इति ॥ २ ॥

द० प०—(यसरी चिच्च्याउने) तस्य=त्यस पुरुषको, अभिनहनम्=बन्धन, (आँखाको पट्टी) प्रमुच्य=खोलिदिएर, यथा=जसरी, (कुनै दयालु सज्जनले) गन्धाराः=गान्धार देश, एताम्=यो, दिशम्=दिशामा (छ), एताम्=यस, दिशम्=दिशातिर, व्रज=जाऊ, इति=यसो, प्रब्रूयात्=भनिदेला (त), सः=त्यो, पण्डितः=उपदेश पाएको, मेधावी=समझदार पुरुष, ग्रामात्=एक गाउँबाट, ग्रामम्=अर्को गाउँ, पृच्छन्=सोध्दै, गन्धारान् एव=गान्धार देशमा नै, उदसंपद्येत=पुग्ला, एवम् एव=यसै गरी, इह=यस लोकमा, आचार्यवान्=गुरुले युक्त, पुरुषः=पुरुष, वेद=(सत्‌लाई) जान्दछ, तस्य=त्यसलाई, तावत् एव=त्यति मात्र, चिरम्=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढिलो हुन्छ, यावत्=जहाँसम्म, न विमोक्ष्ये=(देहबन्धनबाट) छुट्तैन, अथ=छुट्नासाथ त, सत्=सत् (ब्रह्म) मा, संपत्स्ये=प्राप्त हुन्छ—ब्रह्म नै हुन्छ ।

स० वा०—यसरी चिच्याइरहेका आँखाको पट्टी खोलिदिएर कुनै दयालु सज्जनले 'गान्धार देश यस दिशामा पर्छ, यै दिशातिर जाऊ भनिदियो भने, अर्ती पाएको त्यो समझदार मानिस एक गाउँबाट अर्को गाउँ सोद्धै गान्धार देशमा पुगिहाल्छ, यसै गरी अनुभवी गुरु पाएको पुरुष, सत् ब्रह्ममा प्राप्त हुन्छ—ब्रह्म नै हुन्छ ।

टिप्पणी—यहाँ उपमेयपक्षको विस्तार यस प्रकार बुझे उपमानोपमेय भावको मिलान राम्रो भई बोद्धव्य विषय स्पष्ट हुन आउँछ—

जगत्को आत्मरूप सत्बाट पुण्य-पापरूप चोरहरूले विवेक बुद्धिरूप आँखामा मोहरूप पट्टी बाधिदिई तेज, जल, अन्नको विकाररूप—वात, पित्त, कफ, रगत, बोसो, मासु, हाड, मासी, वीर्य, कीरा, दिसा-पिशाबहरूले युक्त तथा जाडो, गरमी आदि अनेक द्वन्द्वजन्य सुख-दुःखले सहित—यस देहरूपी जङ्गलमा पसालेर भार्या, पुत्र, मित्र, पशु, बन्धु आदि अनेक विषयको तृष्णारूपी डोरीले बाँधिदिएर छोडिएको देही पुरुष 'म फलानाको छोरो, मेरा यी बन्धुहरू, म सुखी, दुःखी, मूढ, विद्वान्, धर्मात्मा, दाजु-भाइले युक्त, जन्मेको, मरेको, बुढिएको, पापी हुँ । मेरो छोरो मऱ्यो, धन नष्ट भयो, अब कसरी जीवित रहुँला, अब मेरो कुन गति, को छ मेरो रक्षक ?' इत्यादि सयकडौं अनर्थजालले युक्त भएर चिच्याइरहँदा जब कदाचित् पुण्यका अधिकताले परम कारुणिक ब्रह्मात्मवेत्ता बन्धनमुक्त ब्रह्मिष्ठ कुनै महापुरुषलाई भेट्टाउँछ र त्यसले संसारका विषयमा दोषदृष्टि हुने बाटो देखाइएकाले संसार विषयहरूदेखि विरक्त हुन्छ र 'तिमी यस संसारको पुत्रत्व आदि भावले युक्त संसारी होइनौ, किन्तु जो सत् तत्त्व (ब्रह्म) हो त्यै हौ' भनी अविद्यामय मोहको पट्टी फुकाइदिई बन्धनमुक्त पारिदिन्छ, तब गान्धारको मानिस गान्धारै पुगेजस्तो गरी आफ्नो सत्-स्वरूप आत्मामा नै प्राप्त भएर आनन्दमय भइरहन्छ । यै कुरालाई आरुणिले 'आचार्यवान् पुरुषो वेद' यस वाक्यले भनेका हुन् ।

स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान् विज्ञापयत्विति तथा सोम्येति होवाच ॥ ३ ॥

द० प०—सः=त्यो, यः=जुन, एषः=यो, अणिमा=अणुभाव छ, ऐतदात्म्यम्=यै आत्मा भएको, इदम्=यो, सर्वम्=समस्त चराचर छ, तत्=त्यो सत्, सत्यम्=सत्य छ (र), सः=त्यो, आत्मा=आत्मा (प्रत्यक्ष-रूप) हो, श्वेतकेतो=हे श्वेतकेतु, तत्=त्यो सत्, त्वम्=तिमी, असि=हौ, इति=यसरी (आरुणिले बोध

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराए), श्वेतकेतुले भने— भगवान्=पूज्य पिताजीले, मा=मलाई, भूयः एव= फेरि पनि, विज्ञापयतु=बोध गराउनुहोस् ।

स० वा०—त्यो सत्-संज्ञक जुन यो अणुभाव हो, यै आत्मा भएको यो सारा जगत् छ । त्यो परमार्थ सत्य छ, अतएव त्यो आत्मा हो । हे श्वेतकेतु ! त्यो तिमी हौ । यसरी आरुणिले उपदेश गरे । श्वेतकेतुले भने—पूज्य पिताजीले मलाई फेरि पनि बोध गराउनुहोस् । आरुणिले भने—हे प्रियदर्शन ! हुन्छ ।

टिप्पणी—आचार्यवान् पुरुष जुन क्रमले सत् (ब्रह्म) मा प्राप्त हुन्छ, त्यो क्रम दृष्टान्तद्वारा सम्झाइदिनुभए हुन्थ्यो भन्ने आशयले श्वेतकेतुले 'फेरि पनि बोध गराउनुहोस्' भनेका हुन् ।

छैटौं अध्यायमा चौधौं खण्ड समाप्त

पञ्चदश खण्ड

मुमूर्षु पुरुषको दृष्टान्तद्वारा उपदेश

पुरुषꣳ सोम्योतोपतापिनं ज्ञातयः पर्युपासते जानासि मां जानासि मामिति । तस्य यावन्न वाङ्मनसि सम्पद्यते मनः प्राणे प्राणस्तेजसि तेजः परस्यां देवतायां तावज्जानाति ॥ १ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, उपतापिनम्=ज्वरादिले संतप्त भएको, पुरुषम्=मानिसलाई, ज्ञातयः=दाजुभाइहरूले, उत=के, माम्=मलाई, जानासि=चिन्दछौ, माम्=मलाई, जानासि=चिन्दछौ, इति=यसरी, पर्युपासते=वरिपरि घेरेर सोद्धछन्, तस्य=त्यस मानिसको, यावत्=जबसम्म, वाक्=वाणी, मनसि=मनमा, नसंपद्यसे=लीन भएको हुँदैन, मनः=मन, प्राणे=प्राणमा, +न संपद्यते=लीन भएको हुँदैन, प्राणः=प्राण, तेजसि=तेजमा, +न संपद्यते=लीन भएको हुँदैन, तेजः=तेज, परस्याम्=सर्वोत्तम, ब्रह्मरूप देवतामा, + न संपद्यते=लीन भएको हुँदैन, तावत् =तबसम्म, जानाति=चिन्दछ ।

स० वा०—हे प्रियदर्शन ! ज्वरादिले सन्तप्त भएको मरणासन्न मानिसलाई दाजु-भाइहरू 'के मलाई चिन्नुहुन्छ ? मलाई चिन्छौ ?' भनी वरिपरिबाट घेरेर सोध्न

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्छन् । त्यो मुमूर्षुचाहिँ जतिन्जेल त्यसको वाणी मनमा, मन प्राणमा, प्राण तेजमा र तेज सर्वोत्तम देवता आत्मामा लीन भएको हुँदैन त्यतिन्जेल चिन्दछ ।

संबन्ध—संसारीको जो मरण-क्रम हो त्यै आत्मवित्को सत्संपत्ति (सत्मा मिल्ने) क्रम हो भन्दछ —

अथ यदास्य वाङ्मनसि सम्पद्यते मनः प्राणे प्राणस्तेजसि तेजः परस्यां देवतायामथ न जानाति ॥ २ ॥

द० प०—अथ=पक्षान्तरमा, यदा=जब, अस्य=यस मुमूर्षुको, वाक्=वाणी, मनसि=मनमा, मनः=मन, प्राणे=प्राणमा, प्राणः=प्राण, तेजसि=तेजमा, तेजः=तेज, परस्याम् = सर्वोत्तम, देवतायाम्=देवता (आत्मा) मा, सम्पद्यते = लीन हुन्छ, अथ=तब, न जानाति=चिन्दैन ।

स० वा०—जब त मरणासन्न मानिसको वाणी मनमा, मन प्राणमा, प्राण तेजमा र तेज सर्वोत्तम आत्मरूप देवतामा मिल्न जान्छ तब त्यो मुमूर्षुले कसैलाई चिन्दैन ।

स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति भूय एव मा भगवान्विज्ञापयत्विति तथा सोम्येति होवाच ॥३॥

द० प०—सः=त्यो, यः = जुन, एषः=यो, अणिमा=अणुभाव छ, ऐतदात्म्यम् = यै आत्मा भएको, इदम्=यो, सर्वम्=समस्त चराचर छ, तत्=त्यो सत्, सत्यम्=सत्य छ, (र) सः=त्यो, आत्मा = आत्मा (प्रत्यक्-रूप) हो, श्वेतकेतो = हे श्वेतकेतु ! तत् = त्यो सत्, त्वम्=तिमी, असि=हौ, इति=यसरी (आरुणिले बोध गराए), (श्वेतकेतुले भने—) भगवान् = पूज्य पिताजीले, मा=मलाई, भूयः एव=फेरि पनि, विज्ञापयतु=बोध गराउनुहोस् ।

स० वा०—त्यो सत्-संज्ञक जुन यो अणुभाव हो, यै आत्मा भएको सारा जगत् छ । त्यो परमार्थ सत्य छ, अतएव त्यो आत्मा हो । हे श्वेतकेतु ! त्यो तिमी हौ । यसरी आरुणिले उपदेश गरे । श्वेतकेतुले भने—पूज्य पिताजीले मलाई फेरि पनि बोध गराउनुहोस् । आरुणिले भने—हे प्रियदर्शन ! हुन्छ ।

टिप्पणी—यदि मर्न आँटेका मानिसको र मुक्त हुन आँटेका मानिसको सत्मा लीन हुने कुरा बराबरै छ त आत्मवित् सत्बाट फर्कंदैन, अनात्मवित् फर्कन्छ, यसमा कारण के हो, दृष्टान्तबाट सम्झाइदिनुभए हुन्थ्यो कि भन्ने आशयले श्वेतकेतुले प्रार्थना गरेका हुन्—'फेरि पनि बोध गराउनुहोस् ।'

छैटौं अध्यायमा पन्ध्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षोडश खण्ड

चोरको तप्त परशु ग्रहणको दृष्टान्तद्वारा उपदेश

पुरुषꣳ सोम्योत हस्तगृहीतमानयन्त्यपहार्षीत्स्तेयमकार्षीत्परशुमस्मै तपतेति स यदि तस्य कर्ता भवति तत एवानृतमात्मानं कुरुते सोऽनृताभिसन्धोऽनृतेनात्मानमन्तर्धाय परशुं तप्तं प्रतिगृह्णाति स दह्यतेऽथ हन्यते ॥ १ ॥

द० प०—सोम्य=हे प्रियदर्शन, [राजपुरुषहरूले] पुरुषम्=कुनै मानिसलाई, हस्तगृहीतम्=हातमा पक्रेर, आनयन्ति=ल्याउँदछन्, (र) इति=यसो, (भन्दछन्) अपहार्षीत् (यसले धन) हरण गर्‍यो, स्तेयम्=चोरी, अकार्षीत्=गर्‍यो, अस्मै=यसका निमित्त, परशुम्=बन्चरो, तपत=तताओ, सः=त्यो (पक्रिएको मानिस), यदि=यदि, तस्य=त्यो, चोरी कर्म, कर्ता=गर्ने, भवति=छ, ततः एव=त्यसैले, आत्मानम्=आफूलाई, अनृतन्=झूटो, (चोर भईकन साधु), कुरुते=बनाउँदछ, सः=त्यो, अनृताभिसन्धिः=झुट्टो अभिप्राय भएको मानिस, आत्मानम्=आफूलाई, अनृतेन=झूट कुराले, अन्तर्धाय=छेकेर, तप्तम्=तातेको, परशुम्=बन्चरो, प्रतिगृह्णाति=समात्छ, सः=त्यो, दह्यते=पोलिन्छ, अथ=अनि, (राजपुरुषहरूले) हन्यते=पिटिन्छ ।

स० वा०—हे प्रियदर्शन ! पुलीसहरूले कुनै मानिसलाई हातमा पक्रेर ल्याउँछन् र भन्छन्–यसले धन हरण गर्‍यो, चोरी गर्‍यो, यसको निमित्त (परीक्षालाई) बन्चरो तताओ, आफूलाई निर्दोष सिद्ध गरोस् । तब त्यो चोरी गर्ने रहेछ भने आफूलाई झूटो–चोर भैकन साधु–बनाउँछ, त्यो झूटो अभिप्राय भएको मानिस आफूलाई झूट कुराले छेकेर तातेको बन्चरो समात्छ र पोलिहाल्छ, अनि पुलीसहरूबाट पिट्टा खान्छ ।

अथ यदि तस्याकर्ता भवति तत एव सत्यमात्मानं कुरुते स सत्याभिसन्धः सत्येनात्मानमन्तर्धाय परशुं तप्तं प्रतिगृह्णाति स न दह्यतेऽथ मुच्यते ॥ २ ॥

द० प०—अथ=अर्का पक्षमा, यदि=यदि, (त्यो) तस्य=त्यो चोरी, अकर्ता=नगर्ने, भवति=छ, ततः एव=त्यसैले, आत्मानम्=आफूलाई, सत्यम्=साँचो, कुरुते=बनाउँछ, सः=त्यो, सत्याभिसन्धः=साँचो अभिप्राय भएको मानिस, आत्मानम्=आफूलाई, सत्येन=सचाइले, अन्तर्धाय=छेकेर, तप्तम्=तातेको, परशुम्=बन्चरो, प्रतिगृह्णाति=समात्छ, (तर) न दह्यते=पोलिँदैन, अथ=अनि, मुच्यते=छोडिन्छ ।

स० वा०—यदि त्यो मानिस चोरी नगर्ने रहेछ भने त्यसैले आफूलाई साँचो

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउँछ। त्यो साँचो अभिप्राय भएको मानिस त्यस सचाइले आफूलाई छेकेर तातेको बन्चरो समात्छ, तर पोलिंदैन, अनि छुटि पनि हाल्छ।

स यथा तत्र नादाह्येतैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति तद्धास्य विजज्ञाविति विजज्ञाविति ॥ ३ ॥

द० प०—सः=त्यो साधु, यथा=जसरी, तत्र=त्यहाँ, न अदाह्येत=पोलिंदैन, [त्यै किसिमले आत्मज्ञ पुरुषको पुनरावर्त्तन हुँदैन, अनात्मज्ञ पुरुषको हुन्छ,] (प्रस्तुतमा) इदम्=यो, सर्वम्=सम्पूर्ण जगत्, ऐतदात्म्यम्=यै सत् आत्मा भएको छ, तत्=त्यो सत्, सत्यम्=परमार्थ सत्य हो (र), सः=त्यो, आत्मा=आत्मा (प्रत्यक्-रूप) हो, श्वेतकेतो=हे श्वेतकेतु ! तत्=त्यो सत्, त्वम्=तिमी, असि=हौ, इति=यसरी (आरुणिले उपदेश गरे), अस्य=यी पिताको, तत्=त्यो म सत् (ब्रह्म) नै हुँ भन्ने कथन, विजज्ञौ=राम्ररी जाने, ह=यो पुराकालमा भएको कुरा हो, इति=यो (आरुणि र श्वेतकेतुको संवादात्मक प्रकरण) समाप्त भयो। ['विजज्ञाविति' यस अंशको आवृत्ति गरेको प्रकरण समाप्ति सूचनार्थ हो।]

स० वा०—त्यो साधुचाहिं जसरी त्यहाँ पोलिंदैन, त्यसै गरी आत्मज्ञ पुरुष सत् (ब्रह्म) बाट फर्कंदैन, अनात्मज्ञचाहिं फर्कन्छ। प्रस्तुतमा—सब यो जगत् यै सत् आत्मा भएको छ त्यो परमार्थ सत्य हो, अतएव त्यै आत्मा (प्रत्यक्-रूप) हो। हे श्वेतकेतु ! त्यो सत् तिमी हौ। यसरी आरुणिले बोध गराए। श्वेतकेतुले पनि 'म सत् (ब्रह्म) नै हुँ' भन्ने कथनलाई राम्ररी बुझे। यो पुराकालमा भएको कुरा हो। (आरुणि र श्वेतकेतुको संवादात्मक यो प्रकरण समाप्त भयो।)

टिप्पणी—तातेको बन्चरो त चोर, साधु दुवैले समात्छन्, तर सत्य अभिप्राय भएको साधु पोलिंदैन, मिथ्या अभिप्राय भएको चोर पोलिन्छ। जस्तो यो कुरा हो, उस्तै साधारणतः मर्न आँटेको मानिस पनि मुक्त हुन आँटको मानिस पनि सत्मा त दुवै लीन हुन्छन्, तर आत्मज्ञान नभएको साधारण मुमूर्षु सत्बाट फर्कन्छ, आत्मज्ञान भएको मुमुक्षुचाहिं सत्बाट फर्कंदैन भन्ने कुरा दृष्टान्तबाट स्पष्ट गरियो।

छैटौं अध्यायमा सोह्रौं खण्ड समाप्त

छैटौं अध्याय सम्पूर्ण

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तम अध्याय

प्रथम खण्ड

नारदका प्रति सनत्कुमारको उपदेश

सम्बन्ध—प्रधानतया परमार्थतत्त्वको नै उपदेश गर्ने छैटौं अध्यायमा सत् (ब्रह्म) र आत्मा (प्रत्यक्ष-रूप) को एकता निर्णय गर्ने रूपले नै उपयुक्त भयो। सत्‌देखि पछिका विकाररूप तत्त्वहरूको निर्देशचाहिँ गरिएको छैन। अतः ती नाम आदि तत्त्वलाई क्रमशः निर्देश गरेर शाखाचन्द्र दर्शन न्यायले तीद्वारा पनि भूमा नाम गरेको निरतिशय तत्त्व निर्देश गर्नानिमित्त यो प्रपाठक आरम्भ गरिन्छ। आख्यायिकाचाहिँ परविद्याको प्रशंसा निमित्त छ। कर्त्तव्य कर्म सबै गरिसकेका र सर्वविद्याले सम्पन्न भए पनि देवर्षि नारद आत्मज्ञ नहुनाले शोक गर्ने नै भए भने अरू पुण्यातिशय नभएको अल्पज्ञ जन अकृतार्थै रहन्छ भन्ने कुरा के भनिरहनुपर्छ ? भन्ने बुझाउन र निरतिशय श्रेय (मोक्ष) को साधन आत्मज्ञानबाहेक केही छैन भन्ने दर्शाउन सनत्कुमार र नारदको कथा आरम्भ गरिन्छ।

ॐ अधीहि भगव इति होपससाद सनत्कुमारं नारदस्तꣳहोवाच यद्वेत्थ तेन नोपसीद ततस्त ऊर्ध्वं वक्ष्यामीति स होवाच ॥१॥

द० प०—भगवः = हे भगवन्, अधीहि = पढाउनुहोस्, इति = यसो भनी, नारदः = नारद, सनत्कुमारम् = सनत्कुमारकहाँ, उपससाद = उपसम्पन्न भए, ह = यो अघि भएको कुरा हो, तम् = तिनीलाई, (सनत्कुमारले) ह = निश्चयसाथ, इति= यसो, उवाच = भने, यद् = जो, वेत्थ = जान्दछौ, तेन = त्यसलाई जनाएर, मा = मकहाँ, उपसीद = उपसन्न होऊ, ततः = त्यहाँपछि, ते = तिमीलाई, ऊर्ध्वम् = त्यस उपरको कुरा, वक्ष्यामि = बताउनेछु, (अनि) सः = तिनी (नारद) ले, ह=निश्चय-साथ, उवाच = भने।

स० वा०—'हे भगवन् ! मलाई पढ़ाउनुहोस्' भनी नारद सनत्कुमारकहाँ उपसन्न—विनयपूर्वक उपस्थित भए। तिनीलाई सनत्कुमारले भने—तिमी जो जान्दछौ त्यो कुरा जनाएर मकहाँ उपसन्न होऊ। अनि त्यस-उपरको कुरा म तिमीलाई बताउनेछु। तब नारदले निश्चयपूर्वक भने—।

ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदꣳ सामवेदमाथर्वणं चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां वेदं पित्र्यꣳ राशिं दैवं निधिं वाकोवाक्यमेकायनं देवविद्यां

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविद्यां भूतविद्यां क्षत्रविद्यां नक्षत्रविद्यां सर्पदेवजनविद्यामेतद्भगवोऽध्येमि ॥२॥

द० प०—भगवः=हे भगवन् ! (म), ऋग्वेदम् = ऋग्वेद, अध्येमि = जान्दछु, यजुर्वेदम् = यजुर्वेद, सामवेदम् = सामवेद, चतुर्थम् = चौथो, आथर्वणम् = अथर्ववेद, इतिहासपुराणम् = इतिहास र पुराणरूप, पञ्चमम् = पाचौं (वेद), वेदानाम् = वेदहरूको, वेदम् = ज्ञानकारक व्याकरण, पित्र्यम् = श्राद्धकल्प, राशिम् = गणित, दैवम् = उत्पातज्ञान, निधिम् = खानी-सम्बन्धी शास्त्र, वाकोवाक्यम् = तर्कशास्त्र, एकायनम् = नीतिशास्त्र, देवविद्याम् = निरुक्त, ब्रह्मविद्याम् = शिक्षा-कल्प-छन्द-चितिहरू, भूतविद्याम् = भूततन्त्र, क्षत्रविद्याम्=धनुर्वेद, नक्षत्रविद्याम् = ज्यौतिष, सर्पदेवजनविद्याम्= गारुडविद्या र शिल्पादि विज्ञान, एतत् = यो सब, भगवः = हे भगवन् ! अध्येमि = जान्दछु ।

स० वा०—हे भगवन् ! ऋग्वेद जान्दछु, यजुर्वेद, सामवेद चौथो अथर्ववेद, इतिहास-पुराणरूप पाचौं वेद, वेदहरूको ज्ञानकारक व्याकरण, श्राद्ध, कल्प, गणित, उत्पातसम्बन्धी ज्ञान, खानीसम्बन्धी ज्ञान, तर्कशास्त्र, नीतिशास्त्र, निरुक्त, शिक्षा, कल्प, छन्द, चिति, भूतशास्त्र, धनुर्वेद, ज्यौतिष, गारुडविद्या, शिल्पादि विज्ञान भगवन् ! यो सब जान्दछु ।

सोऽहं भगवो मन्त्रविदेवास्मि नात्मविच्छ्रुतं ह्येव मे भगवद्दृशेभ्यस्तरति शोकमात्मविदिति सोऽहं भगवः शोचामि तं मा भगवाञ्छोकस्य पारं तारयत्विति तं होवाच यद्वै किञ्चैतदध्यगीष्ठा नामैवैतत् ॥३॥

द० प०—भगवः = हे भगवन् ! सः = ती विद्या जानेको, अहम् = म, मन्त्रवित् एव = मन्त्र जान्ने मात्र अर्थात् मन्त्रसाध्य कर्म मात्र जान्ने, अस्मि=छु, आत्मवित्= आत्मा जान्ने, न = छैन, आत्मवित् = आत्मवेत्ता, शोकम् = शोक, तरति = पार गर्दछ, इति = यो कुरा, मे = मैले, भगवद्दृशेभ्यः = पूज्य यहाँहरू जस्ताबाट, हि = निश्चयसाथ, श्रुतम् एव = सुनेकै छु, भगवः = हे भगवन्, सः = त्यो आत्मज्ञान नभएको, अहम् = म, शोचामि = शोक गरिरहेछु, तम्=त्यो, माम्=मलाई, भगवान् = पूज्य यहाँले, शोकस्य=शोकको, पारम् = पार, तारयतु = पुऱ्याइदिनुहोस्, इति=(नारदले) यसो भने, (सनत्कुमारले) तम् = ती नारदलाई, उवाच = भने, ह = यो पूर्ववृत्त कुरा हो, (के भने ?) एतद् = यो, यत् = जो, किम् च = केही, अध्यगीष्ठाः = जान्यौ, एतत् = यो, वै = निश्चयले, नाम एव = नाममात्र हो ।

स० वा०—भगवन् ! ती विद्या जानेको म मन्त्रसाध्य कर्म जान्ने मात्र छु, आत्मा जान्ने छैन, पूज्य यहाँहरू जस्ताबाट मैले राम्रै गरी सुनेको छु—'आत्मवेत्ता

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोकलाई पार गर्दछ ।' मचाहिं आत्मज्ञान नभएकाले शोक गरिरहेछु । त्यस्तो मलाई पूज्य यहाँले शोक-समुद्रको पार पुऱ्याइदिनुहोस् । सनत्कुमारले भने—यो जे जति जानेका छौ त्यो सब नाम (विकार पदार्थ) नै हो ।

नाम वा ऋग्वेदो यजुर्वेदः सामवेद आथर्वणश्चतुर्थ इतिहासपुराणः पञ्चमो वेदानां वेदः पित्र्यो राशिर्दैवो निधिर्वाकोवाक्यमेकायनं देवविद्या ब्रह्मविद्या भूतविद्या क्षत्रविद्या नक्षत्रविद्या सर्पदेवजनविद्या नामैवैतन्नामोपास्स्वेति ॥ ४ ॥

द० प०—ऋग्वेदः = ऋग्वेद, यजुर्वेदः = यजुर्वेद, सामवेदः = सामवेद, चतुर्थः = चौथो, आथर्वणः = अथर्ववेद, पञ्चमः = पाँचौं वेद, इतिहास-पुराणः = इतिहास र पुराण, वेदानाम् = वेदहरूको, वेदः = ज्ञानकारक व्याकरण, पित्र्यः = श्राद्धकल्प, राशिः = गणित, दैवः = उत्पात-ज्ञान, निधिः = खानी-संबन्धी ज्ञान, वाकोवाक्यम् = तर्कशास्त्र, एकायनम् = नीतिशास्त्र, देवविद्या = निरुक्त, ब्रह्मविद्या = शिक्षा-कल्प-छन्द-चिति, भूतविद्या = भूतशास्त्र, क्षत्रविद्या = धनुर्वेद, नक्षत्रविद्या = ज्योतिष, सर्पदेवजनविद्या = गारुडविद्या र शिल्पादि विज्ञान, एतत् = यो सब, नाम एव = नाम नै हो, नाम = नामलाई, उपास्स्व = उपासना गर ।

स० वा०—ऋग्वेद, यजुर्वेद, सामवेद, चौथो अथर्ववेद, इतिहास-पुराणरूप पाचौं वेद, वेदहरूको ज्ञानकारक व्याकरण, श्राद्ध-कल्प, गणित, उत्पात-ज्ञान, खानी-सम्बन्धी ज्ञान, तर्कशास्त्र, नीतिशास्त्र, निरुक्त, शिक्षा, कल्प, छन्द, चिति, भूतशास्त्र, धनुर्वेद, ज्योतिष, गारुडविद्या र शिल्पादि विज्ञान, यो सब नाम नै हो । ब्रह्मबुद्धिले नामको उपासना गर ।

स यो नाम ब्रह्मेत्युपास्ते यावन्नाम्नो गतं तत्रास्य कामचारो भवति यो नाम ब्रह्मेत्युपास्तेऽस्ति भगवो नाम्नो भूय इति नाम्नो वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ ५ ॥

द० प०—सः = त्यो, यः = जो, नाम = नामलाई, ब्रह्म इति = ब्रह्म भन्ने भावले, उपास्ते = उपासना गर्दछ, अस्य = त्यसको, यावत् = जहाँसम्म, गतम् = गति अर्थात् विषय छ, तत्र = त्यहाँसम्म, यथाकामचारः = यथेच्छ गति, भवति = हुन्छ, यः = जो नाम, ब्रह्म = ब्रह्म हो भनी, उपास्ते = उपासना गर्दछ, (नारदले) भगवः = भगवन् ! नाम्नः = नामभन्दा, भूयः = अधिक, (ब्रह्मदृष्टि गर्न योग्य) अस्ति = (केही) छ ? इति = यसो भने, (सनत्कुमारले) नाम्नः = नामभन्दा, भूयः = अधिक, वाव = अवश्य, अस्ति = छ, इति = यस्तो भने, (अनि नारदले) भगवान् = पूज्य यहाँले, तत् = त्यो चीज, ब्रवीतु = उपदेश गर्नुहोस्, इति = यसो (भने) ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—जो नामलाई ब्रह्म भनी उपासना गर्दछ, त्यो जहाँसम्म नामको गति (विषय) छ, त्यहाँसम्म यथेच्छ गति भएको हुन्छ। नारदले भने–भगवन् ! नामभन्दा अधिक—ब्रह्म भावना गर्न योग्य अर्को केही छ कि ? सनत्कुमारले भने अवश्य छ। अनि नारदले भने—भगवन् ! त्यो मलाई बताइदिनुहोस्।

सातौं अध्यायमा पहिलो खण्ड समाप्त

द्वितीय खण्ड

नामको भन्दा वाणीको महत्त्व

वाग्वाव नाम्नो भूयसी वाग्वा ऋग्वेदं विज्ञापयति यजुर्वेदꣳ सामवेदमाथर्वणं चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां वेदं पित्र्यꣳ राशिं दैवं निधिं वाकोवाक्यमेकायनं देवविद्यां ब्रह्मविद्यां भूतविद्यां क्षत्रविद्यां नक्षत्रविद्याꣳ सर्पदेवजनविद्यां दिवं च पृथिवीं च वायुं चाकाशं चापश्च तेजश्च देवाꣳश्च मनुष्याꣳश्च पशूꣳश्च वयाꣳसि च तृणवनस्पतीञ्श्वापदान्याकीटपतङ्गपिपीलिकं धर्मं चाधर्मं च सत्यं चानृतं च साधु चासाधु च हृदयज्ञं चाहृदयज्ञं च यद्वै वाङ्नाभविष्यन्न धर्मो नाधर्मो व्यज्ञापयिष्यन्न सत्यं नानृतं न साधु नासाधु न हृदयज्ञो नाहृदयज्ञो वागेवैतत्सर्वं विज्ञापयति वाचमुपास्स्वेति ॥१॥

द० प०—वाक्=वाक् इन्द्रिय, नाम्नः=नामभन्दा, वाव=अवश्य, भूयसी=श्रेष्ठ छ, वाक्=वाक् इन्द्रियले, वै=नै, ऋग्वेदम्=ऋग्वेद, विज्ञापयति=ज्ञान गराउँछ, अर्थात् यो ऋग्वेद हो भन्ने बुझाउँछ, यजुर्वेदम्=यजुर्वेद, सामवेदम्=सामवेद, चतुर्थम्=चौथो, आथर्वणम्=अथर्ववेद, इतिहासपुराणम्=इतिहासपुराणरूप, पञ्चमम्=पाचौं वेद, वेदानाम्=वेदहरूको, वेदम्=ज्ञानकारक व्याकरण, पित्र्यम्=श्राद्धकल्प, राशिम्=गणित, दैवम्=उत्पातज्ञान, निधिम्=खानीसम्बन्धी ज्ञान, वाकोवाक्यम्=तर्कशास्त्र, एकायनम्=नीतिशास्त्र, देवविद्याम्=निरुक्त, ब्रह्मविद्याम्=शिक्षा-कल्पछन्द-चितिहरू, भूतविद्याम्=भूतशास्त्र, क्षत्रविद्याम्=धनुर्वेद, नक्षत्रविद्याम्=ज्योतिष, सर्पदेवजनविद्याम्=गारुडविद्या र शिल्पादि विज्ञान, दिवम्=द्युलोक, पृथिवीम्=पृथिवी, वायुम्=वायु, आकाशम्=आकाश, अपः=जल, तेजः=तेज, देवान्=देवता-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरू, च=र, मनुष्यान्=मनुष्यहरू, च=र, पशून्=पशुहरू, च=र, वयांसि=चराहरू, च = र, तृणवनस्पतीन्=झार वनस्पतिहरू, श्वापदानि=हिंसक जन्तुहरू, आकीटपतङ्गम् = कीरा पुतलीसम्म, तथा धर्मम्=धर्म, च=र, अधर्मम्=पाप, च=र, सत्यम्=साँचो, च=र, अनृतम्=झूटो, च=र, साधु=असल, च=र, असाधु=कमसल, च=र, हृदयज्ञम्=हृदयको प्रिय, च=र, अहृदयज्ञम्=हृदयको अप्रियलाई + विज्ञापयति=चिनाउँदछ, यद् वै=यदि, वाक्=वाक् इन्द्रिय, न अभविष्यत्=नहुँदो हो त, न धर्मः=न धर्म, न अधर्मः=न अधर्म, व्यज्ञापयिष्यत्=जानिएको हुन्थ्यो, न सत्यम्=न साँचो, न अनृतम्=न झूटो, न साधु=न असल, न असाधु=न कमसल, न हृदयज्ञः=न हृदयको प्रिय, न अहृदयज्ञः=न हृदयको अप्रिय + व्यज्ञापयिष्यत्=जानिएको हुन्थ्यो, वाक् एव=वाक् इन्द्रिय नै, एतत्=यो, सर्वम्=सब कुरा, विज्ञापयति=बुझाउँछ, (तस्मात्) वाचम्=वाक् इन्द्रियलाई, उपास्स्व=ब्रह्मभावले उपासना गर, इति=(सनत्कुमारले) यस्तो (उपदेश गरे) ।

स० वा०—सनत्कुमारले भने वाक् इन्द्रिय नामभन्दा अवश्य श्रेष्ठ छ । वाक् इन्द्रियले नै यो ऋग्वेद हो भन्ने बुझाउँदछ, यस्तै यजुर्वेद, सामवेद चौथो अथर्ववेद, इतिहास पुराणरूप पाँचौं वेद, व्याकरण, श्राद्ध-कल्प, गणित, उत्पातज्ञान, खानीसम्बन्धी शास्त्र, तर्कशास्त्र, नीतिशास्त्र, निरुक्त, शिक्षा-कल्प-छन्द-चिति, भूतशास्त्र, धनुर्वेद, ज्योतिष, गारुडविद्या, शिल्पादिविज्ञान, द्युलोक, पृथिवी, वायु, आकाश, जल, तेज, देव, मनुष्य, पशु, चरा, झार, वनस्पति, हिंसक पशु, कीरा-पुतली-कमिलापर्यन्त र धर्म, अधर्म, साँचो, झूटो, असल, कमसल, मन परेको, नपरेको बुझाउँदछ । यदि वाक् इन्द्रिय नहुँदो हो त न धर्म, न अधर्म, न साँचो, न झूटो, न असल, न कमसल, न मन परेको, न मन न परेको जानिन्थ्यो । वाक् इन्द्रियले नै यो सबै बुझाएको छ । यसकारण वाक् इन्द्रियलाई ब्रह्मभावले उपासना गर ।

स यो वाचं ब्रह्मेत्युपास्ते यावद्वाचो गतं तत्रास्य यथाकामचारो भवति यो वाचं ब्रह्मेत्युपास्तेऽस्ति भगवो वाचो भूय इति वाचो वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥२॥

द० प०—सः=त्यो, यः=जो, वाचम्=वाक् इन्द्रियलाई, ब्रह्म इति=ब्रह्म भनी, उपास्ते=उपासना गर्दछ, अस्य=यसको, यावत् = जहाँसम्म, वाचः=वाक् इन्द्रियको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=यथेच्छ गति, भवति = हुन्छ, यः=जो कि, वाचम्=वाक् इन्द्रियलाई, ब्रह्म इति = ब्रह्म भनी, उपास्ते = उपासना गर्दछ, (नारदले) भगवः=हे भगवन् ! वाचः=वाक् इन्द्रियभन्दा, भूयः=बढ्ता (श्रेष्ठ), अस्ति=कुनै छ ? इति = यसो (भने), (सनत्कुमारले) वाचः = वाक् इन्द्रियभन्दा, भूयः=श्रेष्ठ, वाव = अवश्य, अस्ति=छ, इति=यसो (भने), (नारदले) भगवान्=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूज्य यहाँले, तत्=त्यो कुरा, मे=मलाई, ब्रवीतु=भन्नुहोस्, इति=यसो (भने)।

स० वा०—जो वाक् इन्द्रियलाई ब्रह्म भनेर उपासना गर्दछ त्यसको जहाँसम्म वाक् इन्द्रियको गति हुन्छ, त्यहाँसम्म—इच्छानुसार गति हुन्छ, जो ब्रह्मभावले वाक्को उपासना गर्छ। अनि नारदले भने भगवन् ! वाक् इन्द्रियभन्दा श्रेष्ठ कुनै छ कि ? सनत्कुमारले भने—'छ'। तब नारदले भने—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस्।

टिप्पणी—यस कण्डिकाका 'दिवं च पृथिवीं च' इत्यादिका 'च' शब्द समुच्चयार्थक हुन्। एवं पछिका पनि सम्झनुपर्छ।

सातौं अध्यायमा दोस्रो खण्ड समाप्त

तृतीय खण्ड

वाक्को अपेक्षा मनको श्रेष्ठता

मनो वाव वाचो भूयो यथा वै द्वे वामलके द्वे वा कोले द्वौ वाक्षौ मुष्टिरनुभवत्येवं वाचं च नाम च मनोऽनुभवति स यदा मनसा मनस्यति मन्त्रानधीयीयेत्यथाधीते कर्माणि कुर्वीयेत्यथ कुरुते पुत्रांश्च पशूंश्चेच्छेयेत्यथेच्छत इमं च लोकममुं चेच्छेयेत्यथेच्छते मनो ह्यात्मा मनो हि लोको मनो हि ब्रह्म मन उपास्स्वेति ॥ १ ॥

द० प०—मनः=मन (शान्तिविशिष्ट अन्तःकरण), वाव=अवश्य, वाचः=वाक् इन्द्रिभन्दा, भूयः=श्रेष्ठ छ, यथा=जस्तो, द्वे वा=दुइ, आमलके=अमलाका दाना, वा = अथवा, द्वे = दुइ, कोले=बयरका दाना, वा = अथवा, द्वौ=दुइ, अक्षौ = बर्राका फललाई, मुष्टिः=मुठ्ठीले, अनुभवति=व्याप्त गर्दछ, अर्थात् आफूभित्र पार्छ, एवम्=यसै गरी, वाचम्=वाक् इन्द्रियलाई, च = र, नाम=नामलाई, च = पनि, मनः = मनले, अनुभवति=व्याप्त गर्दछ, (कसरी भने) सः=त्यो पुरुष, यदा=जब, मनसा=मनले, मन्त्रान्=मन्त्रहरू, अधीयीय=पढूँ, इति=यस्तो, मनस्यति=सोच्तछ, अथ=तब, अधीते=पढ्दछ, कर्माणि=काम, कुर्वीय इति=गरूँ भनी+

Prof. Amoghavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनस्यति=सोच्तछ, अथ = तव, कुरुते=गर्दछ, पुत्रान्=छोराहरू, च=र, पशून् = पशुहरू, च=पनि, इच्छेय इति=चाहूँ भनी + मनस्यति=सोच्तछ, अथ=तव, इच्छते=(पाउने उपाय गरेर) चाहना गर्दछ, इमम् च=यो र, अमुम् च=परको पनि, लोकम्=लोक, इच्छेय इति=चाहूँ भनी + मनस्यति=सोच्तछ, अथ=तब, इच्छते=उपायपूर्वक चाहना गर्छ, (अतः) मनः हि=मन नै, ब्रह्म=ब्रह्म हो, (तस्मात्) मनः=मनलाई, उपास्स्व = ब्रह्म भन्ने भावले उपासना गर, इति=यसो (सनत्कुमारले भने)

स० वा०—सनत्कुमारले भने—मन (शान्तिविशिष्ट अन्तःकरण) वाक् इन्द्रियभन्दा अवश्य श्रेष्ठ छ। जस्तो दुइओटा अमलाका दाना, अथवा दुइओटा बयरका दाना अथवा दुइओटा बर्राका फललाई मुट्ठीले ढाक्तछ, यसैं गरी वाक् इन्द्रिय र नामलाई मनले व्याप्त (अनुभूत) गर्दछ, कसरी भने पुरुष जब मनले मन्त्रहरू पढूँ भन्ने सोच्तछ, तव पढ्दछ, काम गरूँ भन्ने सोच्तछ तब गर्छ, छोरा र पशुहरू चाहूँ भन्ने सोच्तछ तब पाउने उपाय गरेर चाहना गर्छ, यो लोक, परलोक चाहूँ भन्ने सोच्तछ तब उपायपूर्वक चाहना गर्छ। अतः मन नै ब्रह्म हो। त्यसकारण मनलाई ब्रह्मभावले उपासना गर।

स यो मनो ब्रह्मेत्युपास्ते यावन्मनसो गतं तत्रास्य यथाकामचारो भवति यो मनो ब्रह्मेत्युपास्तेऽस्ति भगवो मनसो भूय इति मनसो वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०—सः=त्यो, यः=जो, मनः = मन, ब्रह्म इति=ब्रह्म हो भनी, उपास्ते = उपासना गर्दछ, अस्य=त्यसको, यावत्=जहाँसम्म, मनसः=मनको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=यथेच्छ गति, भवति=हुन्छ, यः= जो, मनः=मनलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, (नारदले) भगवः=भगवन्, मनसः=मनभन्दा, भूयः=श्रेष्ठ, अस्ति=कुनै छ ? इति=यसो (भने) (सनत्कुमारले) मनसः=मनभन्दा, भूयः=श्रेष्ठ, वाव = अवश्य, अस्ति=छ, इति=यसो (भने), (नारदले) भगवान् = पूज्य यहाँले, तत्=त्यो कुरा, मे=मलाई, ब्रवीतु = उपदेश गर्नुहोस्, इति = यसो भने।

स० वा०—जो मनलाई ब्रह्म भनी उपासना गर्दछ, त्यसको—जहाँसम्म मनको गति छ त्यहाँसम्म—यथेच्छ गति हुन्छ। अनि नारदले भने—भगवन् ! मनभन्दा श्रेष्ठ केही छ कि ? सनत्कुमारले भने—'छ'। तब नारदले भने—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस्।

सातौं अध्यायमा तेस्रो खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ खण्ड

मनभन्दा संकल्पको श्रेष्ठता

सङ्कल्पो वाव मनसो भूयान्यदा वै संकल्पयतेऽथ मनस्यत्यथ वाचमीरयति तामु नाम्नीरयति नाम्नि मन्त्रा एकं भवन्ति मन्त्रेषु कर्माणि ॥ १ ॥

द० प०--मनसः=मनभन्दा, संकल्पः = संकल्प (कर्तव्य अकर्तव्यको विषय विभाग गरेर समर्थन गर्ने वृत्ति), वाव=अवश्य, भूयान्=श्रेष्ठ छ, वै = निस्सै हो कि, यदा=जब, सङ्कल्पयते=कर्तव्य अकर्तव्य विषयको विभाग गरेर समर्थन गर्दछ, अथ= तब, मनस्यति=गर्न सोच्तछ, अथ=अनि, वाचम्=वाणीलाई, ईरयति=प्रेरित गर्दछ, (अनि) ताम् = त्यो वाणीलाई, नाम्नि = नामका प्रति, ईरयति = प्रेरित गर्दछ, नाम्नि = नाममा, मन्त्राः = मन्त्रहरू, एकीभवन्ति = एकै हुन्छन्, मन्त्रेषु = मन्त्रहरूमा, कर्माणि = कर्महरू, एकम् = एक, भवन्ति = हुन्छन् ।

स० वा०--सङ्कल्प (कर्त्तव्य अकर्तव्य विषयको विभाग गरी समर्थन गर्ने वृत्ति) मनभन्दा अवश्य श्रेष्ठ छ । किनभने, यो निस्सै हो कि जब पुरुष कर्तव्य अकर्तव्य विषयको विभाग गरी एकको समर्थन गर्दछ, तब नै काम गर्न सोच्तछ । अनि वाणीलाई प्रेरित गर्दछ । त्यसपछि त्यो वाणीलाई नामप्रति प्रेरित गर्दछ । नाममा मन्त्रहरू एक हुन्छन् अनि मन्त्रहरूमा कर्महरू एक हुन्छन्—अन्तर्भूत हुन्छन् । सामान्यमा विशेषको अन्तर्भाव हुने त स्वाभाविकै कुरा हो । मन्त्रहरूमा कर्महरू अन्तर्भूत हुन्छन् भन्नाको आशय हो—मन्त्रले प्रकाश गरिएका कर्महरू नै गरिन्छन् ।

तानि ह वा एतानि संकल्पैकायनानि सङ्कल्पात्मकानि सङ्कल्पे प्रतिष्ठितानि समक्लृपतां द्यावापृथिवी समकल्पेतां वायुश्चाकाशं च समकल्पन्तापश्च तेजश्च तेषाꣳ सङ्क्लृप्त्यै वर्षꣳ सङ्कल्पते वर्षस्य सङ्क्लृप्त्या अन्नꣳ सङ्कल्पतेऽन्नस्य सङ्क्लृप्त्यै प्राणाः सङ्कल्पन्ते प्राणानाꣳ सङ्क्लृप्त्यै मन्त्राः सङ्कल्पन्ते मन्त्राणाꣳ सङ्क्लृप्त्यै कर्माणि सङ्कल्पन्ते कर्मणाꣳ सङ्क्लृप्त्यै लोकः सङ्कल्पते लोकस्य सङ्क्लृप्त्यै सर्वꣳ सङ्कल्पते स एष संकल्पः संकल्पमुपास्स्वेति ॥ २ ॥

द० प०--ह वै = प्रसिद्ध छ, तानि = ती, एतानि = यी (मन आदि), संकल्पैकायनानि = संकल्पै लयस्थान भएका छन्, (सृष्टिकालमा) संकल्पात्मकानि = सङ्कल्परूप छन्, (स्थितिकालमा) संकल्पे = संकल्पमा, प्रतिष्ठितानि = रहेका छन्,

Prof. Amodayardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्यावापृथिवी=द्युलोक र पृथिवी, समक्लृपताम्=संकल्प गरिरहेका हुन् कि जस्ता निश्चल देखिन्छन्, (तथा) वायुः=वायु, च=र, आकाशम्=आकाश, च = पनि, समकल्पेताम्=सङ्कल्प गरिरहेकाजस्ता छन्, (तथा) आपः=जल, च=र, तेजः=तेज, च=पनि, समकल्पन्त=सङ्कल्प गरिरहे जस्ता (स्वरूपतः निश्चल) देखिन्छन्, तेषाम्=ती द्यौ र पृथिवी आदिका, सङ्क्लृप्त्यै=सङ्कल्पले, वर्षम्=वृष्टि, सङ्कल्पते=समर्थ हुन्छ, वर्षस्य=वृष्टिको, सङ्क्लृप्त्यै=सङ्कल्पले, अन्नम्=अन्न, सङ्कल्पते=समर्थ हुन्छ, अन्नस्य=अन्नका, सङ्क्लृप्त्यै=सङ्कल्पले, प्राणाः=प्राणहरू, सङ्कल्पन्ते=समर्थ हुन्छन्, प्राणानाम्=प्राणहरूको, सङ्क्लृप्त्यै=सङ्कल्पले, मन्त्राः=मन्त्रहरू, सङ्कल्पन्ते=समर्थ हुन्छन्, मन्त्राणाम्=मन्त्रहरूको, सङ्क्लृप्त्यै=सङ्कल्पले, कर्माणि=अग्निहोत्रादि कर्महरू, सङ्कल्पन्ते=समर्थ हुन्छन्, कर्मणाम्=कर्महरूको, सङ्क्लृप्त्यै=सङ्कल्पले, लोकः=लोक (फलरूप). सङ्कल्पते=समर्थ हुन्छ, लोकस्य=लोकको, सङ्क्लृप्त्यै=सङ्कल्पले, सर्वम्=समस्त (जगत् नै), सङ्कल्पते=समर्थ हुन्छ, सः=त्यो (सबैको मूल), एषः=यो, संकल्पः=संकल्प हो, (अतः) सङ्कल्पम्=सङ्कल्पलाई, उपास्स्व=ब्रह्मभावले उपसना गर, इति=यसो (सनत्कुमारले भने)।

स० वा०—सनत्कुमारले भने—तिनी यो मन आदि तत्त्व प्रलयकालमा सङ्कल्पैमा लीन हुन्छन् । सृष्टिकालमा सङ्कल्परूप छन्, वर्तमान स्थितिकालमा सङ्कल्पैमा रहेका छन् । द्युलोक र पृथ्वी सङ्कल्प गरिरहेजस्ता निश्चल छन् । एवं वायु र आकाश सङ्कल्प गरिरहेका जस्ता छन् । जल र तेज पनि सङ्कल्प गरिरहेजस्ता आफ्ना स्वरूपले निश्चल देखिन्छन् । द्युलोक र पृथिवी आदिका सङ्कल्पले वृष्टि समर्थ हुन्छ । वृष्टिका संकल्पले अन्न समर्थ हुन्छ । वृष्टि भैदिएमा नै अनाज उत्पन्न हुन्छ, अन्नका संकल्पले प्राण समर्थ हुन्छन्, अन्नमय प्राण विदितै छन् । प्राणका संकल्पले मन्त्रहरू समर्थ हुन्छन्, प्राण बल भएकोले नै मन्त्रहरू पढ्न सक्छ । मन्त्रहरूका संकल्पले गरिने अग्निहोत्रादि कर्म फल प्रदानलाई समर्थ हुन्छन् । कर्महरूका संकल्पले फलस्वरूप लोक (कर्म र कर्ताको समवायीरूपले) समर्थ हुन्छ । लोकका संकल्पले सारा जगत् (स्वरूप विकल नभई टिक्नलाई) समर्थ हुन्छ । त्यो सबैको मूल यै संकल्प हो । अतः संकल्पलाई ब्रह्म भन्ने भावले उपासना गर ।

स यः सङ्कल्पं ब्रह्मेत्युपास्ते क्लृप्तान् वै स लोकान्ध्रुवान्ध्रुवः प्रतिष्ठितान् प्रतिष्ठितोऽव्यथमानानव्यथमानोऽभिसिध्यति । यावत्सङ्कल्पस्य गतं तत्रास्य यथाकामचारो भवति यः सङ्कल्पं ब्रह्मेत्युपास्तेऽस्ति भगवः सङ्कल्पाद्भूय इति सङ्कल्पाद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ ३ ॥

द० प०—सः=त्यो, यः = जो, संकल्पम् = सकल्पलाई, ब्रह्म इति = ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, वै=निश्चयले, ध्रुवान्=(अपेक्षाकृत)

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्य, लोकान्=लोकहरूलाई, ध्रुवः=आफू पनि नित्य भएर, प्रतिष्ठितान्=सफल सामग्रीले सम्पन्न, + लोकान्=लोकहरूलाई, प्रतिष्ठितः=आफू पनि ती उपकरणले सम्पन्न भएर, अव्यथमानान्=शत्रु आदिका त्रासले रहित, + लोकान्=लोकहरूलाई, अव्यथमानः=आफू पनि कुनै त्रास नलिई, अभिसिध्यति = सब प्रकारले प्राप्त गर्दछ, (तथा) यावत्=जहाँसम्म, सङ्कल्पस्य=सङ्कल्पको, गतम्=गति (विषय) छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=यथेच्छ गति, भवति=हुन्छ, यः = जो कि, संकल्पम्=सङ्कल्पलाई, ब्रह्म इति=ब्रह्म भनी, उपास्ते=उपासना गर्दछ, (अनि नारदले) भगवः=हे भगवन् ! सङ्कल्पात् = सङ्कल्पभन्दा, भूयः = श्रेष्ठ, अस्ति= कुनै छ ? इति यसरी सोधे, (सनत्कुमारले) सङ्कल्पात् = सङ्कल्पभन्दा, भूयः = श्रेष्ठ, वाव=अवश्य, अस्ति=छ, इति=यसो (भने), (अनि नारदले) भगवान्=पूज्य यहाँले, तत् = त्यो कुरा, मे=मलाई, ब्रवीतु=भन्नुहोस्, इति=यसरी (प्रार्थना गरे) ।

स० वा०—जो सङ्कल्पलाई ब्रह्म भनी उपासना गर्दछ त्यो अवश्य नित्य (अपेक्षाकृत) लोकहरूलाई आफू पनि नित्य भई, सफल सामग्रीपूर्ण लोकहरूलाई आफू पनि ती उपकरणले युक्त भई, शत्रु आदिको त्रासले रहित लोकहरूलाई आफू पनि त्रासशून्य भई सब प्रकारले प्राप्त गर्दछ । तथा जहाँसम्म सङ्कल्पको गति छ त्यहाँसम्म यसको इच्छानुसार गति हुन्छ, जो कि संकल्पलाई ब्रह्म भनी उपासना गर्दछ । अनि नारदले सोधे—भगवन् ! संकल्पभन्दा श्रेष्ठ केही छ कि ? सनत्कुमारले भने—अवश्य छ ! तब नारदले प्रार्थना गरे—भगवन् ! त्यो कुरा मलाई बताइदिनुहोस् ।

सातौं अध्यायमा चौथो खण्ड समाप्त

पञ्चम खण्ड

संकलपभन्दा चित्तको प्रधानता

चित्तं वाव संकल्पाद्भूयो यदा वै चेतयतेऽथ संकल्पयतेऽथ मनस्यत्यथ वाचमीरयति तामु नाम्नीरयति नाम्नि मन्त्रा एकं भवन्ति मन्त्रेषु कर्माणि ॥१॥

द० प०—चित्तम्=चित्त (प्राप्त [illegible] बोधले युक्त हुन्), संकल्पात् =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संकल्पभन्दा, वाव = अवश्य, भूयः=श्रेष्ठ छ, यदा=जब, चेतयते=(यो यस्तो कुरो प्राप्त भएको छ भनी) थाह गर्दछ, अथ = तब, संकल्पयते=(लिन वा छोड्न) संकल्प गर्दछ, अथ=अनि, मनस्यति=सोच्तछ, अथ = अनि, वाचम्=वाणीलाई, ईरयति = प्रेरित गर्दछ, ताम् = त्यस वाणीलाई, नाम्नि=नामका प्रति, ईरयति= प्रेरित गर्दछ, नाम्नि=नाममा, मन्त्राः=मन्त्रहरू, एकम्=एक, भवन्ति=हुन्छन्, मन्त्रेषु=मन्त्रहरूमा, कर्माणि = कर्महरू, एकम्=एक, भवन्ति=हुन्छन् ।

स० वा०—प्राप्तकालानुरूप बोधले युक्त हुनुरूप चित्त संकल्पभन्दा अवश्य श्रेष्ठ छ । मनुष्य जब 'यो यस्तो कुरो प्राप्त भएको छ' भनी थाह गर्दछ तब लिन वा छोड्न संकल्प गर्दछ । अनि सोच्तछ र वाणीलाई प्रेरित गर्दछ । तत्पश्चात् त्यस वाणीलाई नामका प्रति प्रेरित गर्दछ । नाममा मन्त्रहरू एक भएका हुन्छन्, मन्त्रहरूमा कर्महरू एक हुन आउँछन् ।

तानि ह वा एतानि चित्तैकायनानि चित्तात्मानि चित्ते प्रतिष्ठितानि तस्माद्यद्यपि बहुविदचित्तो भवति नायमस्तीत्येवैनमाहुर्यदयं वेद यद्वा अयं विद्वान्नेत्थमचित्तः स्यादित्यथ यद्यल्पविच्चित्तवान्भवति तस्मा एवोत शुश्रूषन्ते चित्तꣳ ह्येवैषामेकायनं चित्तमात्मा चित्तं प्रतिष्ठा चित्तमुपास्स्वेति ॥ २ ॥

द० प०—तानि=ती, एतानि=यी (संकल्प आदि), ह वा = निश्चय, चित्तैकायनानि = चित्त नै लयस्थान भएका छन्, चित्तात्मानि = चित्तस्वरूप नै छन्, चित्ते = चित्तमा, प्रतिष्ठितानि=रहेका छन्, तस्मात्=त्यसकारण, यदि=यदि, (कोही) बहुविद् =धेरै जान्ने, अपि=पनि, अचित्तः=प्राप्त समयानुसारको बोधले युक्त छैन भने एनम्= यसलाई, (लोक) अयम् = यो, न अस्ति = केही छैन, यद्=यदि, अयम्=यो, वेद= जान्दो हो त, यद्वा=अथवा, अयम्=यो, विद्वान्=जानीफकार, (हुँदो हो त), इत्थम् =यसरी, अचित्तः=प्राप्तसमयानुसारको बोध नभएको, न स्यात्=हुँदो होओइन, इति एव=यसो नै, आहुः=भन्दछन्, अथ=अर्को पक्षमा, यदि=यदि, अल्पवित्=कम जान्ने भएर पनि, चित्तवान्=समयानुसारी बोध भएको, भवति=छ भने, तस्मै एव = त्यसैबाट, (जनहरू) शुश्रूषन्ते (भनेको कुरो लिन) सुन्न चाहन्छन्, हि = यसै कारणले, चित्तम् = चित्त, एषाम्=यी संकल्पादिको, एकायनम्=लीन हुने ठाउँ हो, चित्तम् = चित्त, आत्मा=आत्मा हो, चित्तम्=चित्त, प्रतिष्ठा=रहने ठाउँ हो, (अतः) चित्तम्= चित्तलाई, उपास्स्व (ब्रह्मभावले) उपासना गर, इति=यसो (सनत्कुमारले भने) ।

स० वा०—ती यी संकल्प आदि निस्सै पनि प्रलयकालमा चित्त नै लयस्थान भएका छन्, सृष्टिकालमा चित्तै स्वरूप भएका छन् र वर्तमान स्थितिकालमा चित्तैमा रहेका छन् । त्यसकारण यदि कोही धेरै विषय जान्ने भएर पनि समयानुरूप बोध नभएको छ भने जनहरू भन्दछन्—'यो केही पनि छैन, यदि केही जान्दो हो र

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् हुँदो हो त यस्तो समयानुरूप बोध नभएको हुँदैन हो।' यदि कोही थोरै विषयको ज्ञाता भए पनि समयानुरूप बोध भएको छ भने जनहरू त्यसले भनेको कुरा लिन त्यसबाट सुन्न चाहन्छन्। यसैकारण चित्त नै यी संकल्प आदिको लयस्थान हो, चित्त नै आत्मा हो र चित्त नै रहने ठाउँ हो। अतः चित्तलाई ब्रह्मभावले उपासना गर भनी सनत्कुमारले उपदेश गरे।

स यश्चित्तं ब्रह्मेत्युपास्ते चित्तान्वै स लोकान् ध्रुवान् ध्रुवः प्रतिष्ठितान् प्रतिष्ठितोऽव्यथमानानव्यथमानोऽभिसिध्यति। यावच्चित्तस्य गतं तत्रास्य यथाकामचारो भवति यश्चित्तं ब्रह्मेत्युपास्तेऽस्ति भगवश्चित्ताद्भूय इति चित्ताद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ ३ ॥

द० प०—सः=त्यो, यः = जो, चित्तम्=चित्तलाई, ब्रह्म इति=ब्रह्म भनी, उपास्ते=उपासना गर्दछ, सः=त्यो, वै = निश्चयले, चित्तान्=बुद्धियुक्त गुणले बढेका, ध्रुवान्=नित्य (अपेक्षाकृत), लोकान्=लोकहरूलाई, ध्रुवः=आफू पनि नित्य भएर, प्रतिष्ठितान्=सकल सामग्रीले संपन्न+लोकान्=लोकहरूलाई, प्रतिष्ठितः=आफू पनि ती उपकरणले सम्पन्न भएर, अव्यथमानः=शत्रु आदिका त्रासले रहित+लोकान्= लोकहरूलाई, अव्यथमानः=आफू पनि कुनै त्रास नलिई, अभिसिध्यति=सब प्रकारले प्राप्त गर्दछ, (तथा) यावत्=जहाँसम्म, चित्तस्य=चित्तको, गतम्=गति (विषय) छ, तत्र= त्यहाँसम्म, यथाकामचारः=यथेच्छ गति, भवति=हुन्छ, यः=जो कि, चित्तम्=चित्तलाई, ब्रह्म इति=ब्रह्म भनी, उपास्ते=उपासना गर्दछ, (अनि नारदले) भगवः=हे भगवन्, चित्तात्=चित्तभन्दा, भूयः=श्रेष्ठ, अस्ति=कुनै छ ? इति=यसरी सोधे, (सनत्कुमारले) चित्तात्=चित्तभन्दा, भूयः=श्रेष्ठ, वाव=अवश्य, अस्ति=छ, इति=यसो (भने), (अनि नारदले) भगवान् = पूज्य यहाँले, तत् = त्यो कुरा, मे = मलाई, ब्रवीतु = उपदेश गर्नुहोस्, इति = यसरी (प्रार्थना गरे)।

स० वा०—सनत्कुमारले भने—जो चित्तलाई ब्रह्म भनी उपासना गर्दछ त्यो अवश्य नित्य (अपेक्षाकृत) लोकहरूलाई आफू पनि नित्य भई, सामग्रीपूर्ण लोकहरूलाई आफू पनि उपकरणयुक्त भई, त्रासरहित लोकहरूलाई आफू पनि त्रासशून्य भई सब प्रकारले प्राप्त गर्दछ। तथा जहाँसम्म चित्तको गति छ त्यहाँसम्म यस उपासकको इच्छानुसार गति हुन्छ, जो कि चित्तलाई ब्रह्म भनी उपासना गर्दछ। अनि नारदले भने—भगवन्! चित्तभन्दा श्रेष्ठ कुनै छ कि ? सनत्कुमारले भने—'अवश्य छ।' तब नारदले प्रार्थना गरे—भगवन्! त्यो कुरा मलाई बताइदिनुहोस्।

सातौं अध्यायमा पाँचौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठ खण्ड

चित्तको अपेक्षा ध्यानको महत्त्व

ध्यानं वाव चित्ताद्भूयो ध्यायतीव पृथिवी ध्यायतीवान्तरिक्षं ध्यायतीव द्यौर्ध्यायन्तीवापो ध्यायन्तीव पर्वता ध्यायन्तीव देवमनुष्यास्तस्माद्य इह मनुष्याणां महतां प्राप्नुवन्ति ध्यानापादांशा इवैव ते भवन्त्यथ येऽल्पाः कलहिनः पिशुना उपवादिनस्तेऽथ ये प्रभवो ध्यानापादांशा इवैव ते भवन्ति ध्यान-मुपास्स्वेति ॥ १ ॥

द० प०—ध्यानम्=ध्यान (एकाग्रता), चित्तात्=चित्तभन्दा, वाव=अवश्य, भूयः=श्रेष्ठ छ, पृथिवी=पृथ्वी, ध्यायति इव=ध्यान गरिरहेजस्तो (निश्चल) छ, अन्तरिक्षम्=आकाश, ध्यायति इव=ध्यान गरिरहेजस्तो छ, द्यौः=स्वर्ग, ध्यायति इव=ध्यान गरिरहेजस्तो छ, आपः=जल, ध्यायन्ति इव=ध्यान गरिरहेजस्ता छन्, पर्वताः=पर्वतहरू, ध्यायन्ति इव=ध्यान गरिरहेजस्ता छन्, देवमनुष्याः=देवता र मनुष्यहरू, ध्यायन्ति इव=ध्यान गरिरहेजस्ता (स्वाभाविक स्थितिमा निश्चल) छन्, तस्मात्=त्यसकारण, ये=जो, इह=यस लोकमा, मनुष्याणाम्=मनुष्यहरूमध्ये, महत्ताम्=महत्त्व, प्राप्नुवन्ति=पाइरहेका छन्, ते=ती, ध्यानापादांशाः इव=ध्यानका फलको केही अंशले युक्त जस्ता, भवन्ति=छन्, अथ=पक्षान्तरमा, ये=जो, अल्पाः=क्षुद्र (धनादि-महत्त्व कत्ति पनि नपाएका) छन्, ते=ती, कलहिनः=झगडालु, पिशुनाः=छुल्याहा, उपवादिनः=सामुमै दोष फलाक्ने हुन्छन्, अथ=अर्को पक्षमा, ये=जो, प्रभवः=(धन-विद्यादिले) विशेष सामर्थ्यवान् छन्, ते=ती, ध्यानापादां-शाः इव=ध्यानका फलको अंश पाएजस्ता, एव=नै, भवन्ति=छन्, (अतः) ध्यानम्=ध्यानलाई, उपास्स्व=(ब्रह्मभावले) उपासना गर, इति=यसो (सन-त्कुमारले भने भने)।

स० वा०—सनत्कुमारले भने—ध्यान (एकाग्रता) चित्तभन्दा अवश्य श्रेष्ठ छ। ध्यानको फल योगीहरूमा निश्चलता देखिन्छ। अतः पृथिवी ध्यान गरिरहेजस्तो निश्चल छ, यस्तै आकाश ध्यान गरिरहेजस्तो छ, स्वर्ग ध्यान गरिरहेजस्तो छ, पर्वत-हरू ध्यान गरिरहेजस्ता छन्, देवता र मनुष्यहरू ध्यान गरिरहेजस्ता स्वाभाविक स्थितिमा निश्चल छन्। जो यस लोकमा धन, विद्या, गुणहरूले महत्त्व पाएका छन् ती ध्यानका फल प्राप्तिको एक अंश पाएजस्ता छन्। जो क्षुद्र—धन-विद्यादिको महत्त्व कत्ति पनि नपाएका छन्, ती झगडालु, छुल्याहा, सामुमै दोष फलाक्ने यस्ता छन्। अनि

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो अरूका अगाडि विशेष सामर्थ्यवान् छन्, ती ध्यानको फल प्राप्तिका अंश पाएजस्ता नै छन् । अतः ध्यान विशिष्ट कुरा हुनाले त्यसलाई ब्रह्मभावले उपासना गर ।

स यो ध्यानं ब्रह्मेत्युपास्ते यावद्ध्यानस्य गतं तत्रास्य यथाकामचारो भवति यो ध्यानं ब्रह्मेत्युपास्तेऽस्ति भगवो ध्यानाद्भूय इति ध्यानाद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०——सः=त्यो, यः=जो, ध्यानम्=ध्यानलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, अस्य=यसको, यावत्=जहाँसम्म, ध्यानस्य=ध्यानको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=इच्छानुसार गति, भवति=हुन्छ, यः=जो, मनः=मनलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, (नारदले) भगवः=भगवन्, ध्यानात्=ध्यानभन्दा, भूयः=श्रेष्ठ, अस्ति=(कुनै) छ ? इति=यसरी सोधे, (सनत्कुमाले) ध्यानात्=ध्यानभन्दा, भूयः=श्रेष्ठ, वाव=अवश्य, अस्ति=छ, इति=यसो भने, (नारदले) भगवान्=पूज्य यहाँले, तत्=त्यो कुरा, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यसो भने ।

स० वा०——सनत्कुमारले भने——जो ध्यानलाई ब्रह्म भनी उपासना गर्दछ, त्यसको– जहाँसम्म ध्यानको गति छ, त्यहाँसम्म इच्छानुसारको गति हुन्छ । अनि नारदले सोधे——भगवन् ! ध्यानभन्दा श्रेष्ठ कुनै छ कि ? सनत्कुमारले भने——अवश्य छ । नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस् ।

सातौं अध्यायमा छैटौं खण्ड समाप्त

सप्तम खण्ड

ध्यानको भन्दा विज्ञानको महत्ता

विज्ञानं वाव ध्यानाद्भूयो विज्ञानेन वा ऋग्वेदं विजानाति यजुर्वेदꣳ सामवेदमाथर्वणं चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां वेदं पित्र्यꣳ राशिं दैवं निधिं वाकोवाक्यमेकायनं देवविद्यां ब्रह्मविद्यां भूतविद्यां क्षत्रविद्यां नक्षत्रविद्याꣳ सर्पदेवजनविद्यां दिवं च पृथिवीं च वायुं चाकाशं चापश्च तेजश्च देवाꣳश्च

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्याꣳश्च पशूꣳश्च वयाꣳसि च तृणवनस्पतीञ्छ्वापदान्याकीटपतङ्गपिपीलिकं धर्मं चाधर्मं च सत्यं चानृतं च साधु चासाधु च हृदयज्ञं चाहृदयज्ञं चान्नं च रसं चेमं च लोकममुं च विज्ञानेनैव विजानाति विज्ञानमुपास्स्वेति ॥ १ ॥

द० प०--विज्ञानम्=विज्ञान (शास्त्रार्थ विषयक ज्ञान), ध्यानात्=ध्यानभन्दा, भूयः=श्रेष्ठ छ, (किन ?) विज्ञानेन वै=विज्ञानले नै, ऋग्वेदम्=ऋग्वेद यो हो भनेर, विजानाति=जान्दछ, (तथा) यजुर्वेदम्=यजुर्वेद, सामवेदम्=सामवेद, चतुर्थम्=चौथो, आथर्वणम्=अथर्ववेद, इतिहासपुराणम्=इतिहास-पुराणरूप, पञ्चमम्=पाँचौं वेद, वेदानाम्=वेदहरूको, वेदम्=ज्ञानकारक व्याकरण, पित्र्यम्=श्राद्धकल्प, राशिम्=गणित, देवम्=उत्पातज्ञान, निधिम्=खानीसंबन्धी ज्ञान, वाकोवाक्यम्=तर्कशास्त्र, एकायनम्=नीतिशास्त्र, देवविद्याम्=निरुक्त, ब्रह्मविद्याम्=शिक्षा-कल्प-छन्द-चितिहरू, भूतविद्याम्=भूतशास्त्र, नक्षत्रविद्याम्=ज्योतिष, सर्पदेवजनविद्याम्=गारुडविद्या र शिल्पादि विज्ञान, दिवम्=द्युलोक, पृथिवीम्=पृथ्वी, वायुम्=वायु, आकाशम्=आकाश, अपः=जल, तेजः=तेज, देवान्=देवताहरू, मनुष्यान्=मनुष्यहरू, पशून्=पशुहरू, वयांसि=चराहरू, तृणवनस्पतीन्=झार र वनस्पतिहरू, श्वापदानि=हिंसक पशुहरू, आकीटपतङ्गपिपीलिकम्=कीरा, पुतली, कमिलापर्यन्त र, धर्मम्=धर्म, अधर्मम्=पाप, सत्यम्=साँचो, अनृतम्=झूटो, साधु=असल, असाधु=कमसल, हृदयज्ञम्=हृदयको प्रिय, अहृदयज्ञम्=हृदयको अप्रिय र, अन्नम्=अन्न, रसम्=रस, इमम्=यो, लोकम्=लोक, अमुम्=परलोक, विज्ञानेन एव=विज्ञनले नै, विजानाति=जान्दछ, (तस्मात्) विज्ञानम्=विज्ञानलाई, उपास्स्व=(ब्रह्मभावले) उपासना गर, इति=(सनत्कुमारले) यस्तो (उपदेश गरे)।

स० वा०—सनत्कुमारले उपदेश गरे—ध्यानभन्दा विज्ञान (शास्त्रार्थविषयक ज्ञान) अवश्य श्रेष्ठ छ। विज्ञानले नै ऋग्वेद यो हो भनेर जान्दछ एवं यजुर्वेद, सामवेद, चौथो अथर्ववेद, इतिहास-पुराणरूप पांचौं वेद, व्याकरण, श्राद्धकल्प, गणित, उत्पातज्ञान, खानी-सम्बन्धी ज्ञान, तर्कशास्त्र, नीतिशास्त्र, निरुक्त, शिक्षा, कल्प, छन्द, चिति, भूतशास्त्र, ज्यौतिष, गारुडविद्या, शिल्पादि विज्ञान, द्युलोक, पृथिवी, वायु, आकाश, जल, तेज, देवता, मनुष्य, पशु, चरा, झार, वनस्पति, हिंस्रक पशु, कीरा, पुतली, कमिलापर्यंन्त र धर्म, पाप, सांचो, झूटो, असल, कमसल, हृदयको प्रिय, हृदयको अप्रिय, अन्न, रस, यो लोक, परलोक यो सब विज्ञान (शास्त्रार्थ-विषयक ज्ञान) ले नै जानिन्छ, त्यसकारण विज्ञानलाई ब्रह्मभावले उपासना गर।

स यो विज्ञानं ब्रह्मेत्युपास्ते विज्ञानवतो वै स लोकाञ्ज्ञानवतोऽभिसिध्यति यावद्विज्ञानस्य गतं तत्रास्य यथाकामचारो भवति यो विज्ञानं ब्रह्मेत्यु-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पास्तेऽस्ति भगवो विज्ञानाद्भूय इति विज्ञानाद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०—सः=त्यो, यः=जो, विज्ञानम्=विज्ञानलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, वै=निश्चयले, विज्ञानवतः=विज्ञानले युक्त (र), ज्ञानवतः=ज्ञानले युक्त, लोकान्=लोकहरूलाई, अभिसिध्यति=प्राप्त गर्दछ, (तथा) अस्य=यस उपासकको, विज्ञानस्य=विज्ञानको, यावत्=जहाँसम्म, गतम्=गति (विषय) छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=इच्छानुसार गति, भवति=हुन्छ, यः=जो, विज्ञानम्=विज्ञानलाई, ब्रह्म इति=ब्रह्म भनी, उपास्ते=उपासना गर्दछ, (नारदले) भगवः=हे भगवन् ! विज्ञानात्=विज्ञानभन्दा, भूयः=श्रेष्ठ, अस्ति=(कुनै) छ ? इति=यसरी (सोधे), (सनत्कुमारले) विज्ञानात्=विज्ञानभन्दा, भूयः=श्रेष्ठ, वाव=अवश्य, अस्ति=छ, इति=यसो (भने), (नारदले) भगवान्=पूज्य यहाँले, तत्=त्यो कुरा, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यसरी प्रार्थना गरे ।

स० वा०—सनत्कुमारले भने—त्यो, जो कि विज्ञानलाई ब्रह्म भनेर उपासना गर्दछ, त्यो शास्त्रविषयक ज्ञान अन्यविषयक नैपुण्यले युक्त र ज्ञानयुक्त लोकहरू प्राप्त गर्दछ, तथा यसको—विज्ञानको जहाँसम्म गति छ त्यहाँसम्म—इच्छानुसार गति हुन्छ। जो कि विज्ञानलाई ब्रह्मभावले उपासना गर्दछ। अनि नारदले सोधे भगवन् ! विज्ञान-भन्दा श्रेष्ठ कुनै छ कि ? सनत्कुमारले भने अवश्य छ। नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस् ।

सातौं अध्यायमा सातौं खण्ड समाप्त

अष्टम खण्ड

विज्ञानभन्दा बलको श्रेष्ठता

बलं वाव विज्ञानाद्भूयोऽपि ह शतं विज्ञानवतामेको बलवानाकम्पयते। स यदा बली भवत्यथोत्थाता भवत्युत्तिष्ठन् परिचरिता भवति परिचरन्नुपसत्ता भवति कर्ता भवत्युपसीदन् द्रष्टा भवति श्रोता भवति मन्ता भवति बोद्धा भवति कर्ता

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवति विज्ञाता भवति। बलेन वै पृथिवी तिष्ठति बलेनान्तरिक्षं बलेन द्यौर्बलेन पर्वता बलेन देवमनुष्या बलेन पशवश्च वयाꣳसि च तृणवनस्पतयः श्वापदान्याकीटपतङ्गपिपीलिकं बलेन लोकस्तिष्ठति बलमुपास्स्वेति ॥ १ ॥

द० प०—बलम्=बल (मनको-विज्ञेय पदार्थमा-स्फुरण शक्ति शरीरमा प्रसिद्ध बल), विज्ञानात्=विज्ञानभन्दा, वाव=अवश्य, भूयः=श्रेष्ठ छ, ह=प्रसिद्ध छ, विज्ञानवताम्=विज्ञानवाला, शतम्=सयलाई, अपि=पनि, एकः=एउटा, बलवान्=मन र शरीरका बलियाले, आकम्पयते=हल्लाइदिन्छ, सः=त्यो पुरुष, यदा=जब, बली=बलवान्, भवति=हुन्छ, अथ=तब, उत्थाता=उठ्ने, भवति=हुन्छ, उत्तिष्ठम्=उठ्ने भएपछि, परिचरिता=सेवा गर्ने, भवति=हुन्छ, परिचरन्=सेवा गर्ने भएपछि, उपसत्ता=आचार्यका समीपमा जाने, भवति=हुन्छ, उपसीदम्=गुरुका समीपमा जाने भएपछि, द्रष्टा=दर्शन गर्ने, भवति=हुन्छ, अनि, श्रोता=उपदेश सुन्ने, भवति=हुन्छ, मन्ता=मनन गर्ने, भवति=हुन्छ, बोद्धा=बोधवान्, भवति=हुन्छ, (अनि) कर्ता=बोध-अनुसार अनुष्ठान गर्ने, भवति=हुन्छ, (अनि) विज्ञाता=अनुष्ठानको फल अनुभव गर्ने, भवति=हुन्छ, बलेन वै=बलले नै, पृथिवी=पृथ्वी लोक, तिष्ठति=टिकिरहेको छ, बलेन=बलले, अन्तरिक्षम्=आकाश, बलेन=बलले, द्यौः=स्वर्गलोक, बलेन=बलले, पर्वताः=पर्वतहरू, बलेन=बलले, देवमनुष्याः=देवता र मनुष्यहरू, बलेन=बलले, पशवः=पशुहरू, च=र, वयांसि=चराचुरुङ्गीहरू, च=र, तृणवनस्पतयः=झार वनस्पतिहरू, श्वापदानि=हिंसक पशुहरू, आकीटपतङ्गपिपीलिकम्=कीरा, पुतली, कमिलापर्यन्त + तिष्ठन्ति=टिकेका छन्, बलेन=बलले, लोकः=लोक, तिष्ठति=अडेको छ, (तस्मात्) बलम्=बललाई, उपास्स्व=(ब्रह्मभावले) उपासना गर, इति=यसरी सनत्कुमारले उपदेश गरे।

स० वा०—सनत्कुमारले भने—बल (मनको विज्ञेय पदार्थमा हुने स्फुरणशक्ति र शरीरमा हुने बल) विज्ञानभन्दा अवश्य श्रेष्ठ छ। प्रसिद्ध छ—एउटा मन र शरीरका बलिया पुरुषले सयओटा विज्ञानवालालाई पनि हल्लाइदिन्छ। पुरुष जब बलवान् हुन्छ, तब उठ्ने हुन्छ, उठ्ने भएपछि सेवा गर्ने हुन्छ, सेवा गर्ने भएपछि गुरुका समीपमा जाने हुन्छ, समीपमा जाने भएपछि दर्शन गर्ने हुन्छ, सुन्ने हुन्छ, मनन गर्ने हुन्छ, बोधवान् हुन्छ, अनि बोध-अनुसार अनुष्ठान गर्ने हुन्छ, अनि अनुष्ठानको फल अनुभव गर्ने हुन्छ, बलले नै पृथ्वीलोक टिकिरहेको छ, बलले नै आकाश, बलले स्वर्गलोक, बलले पर्वतहरू, बलले देवता, मनुष्यहरू, बलैले पशुहरू, चराचुरुङ्गीहरू, झार पात, वनस्पतिहरू, हिंसक पशुहरू, कीरा, पुतली, कमिलापर्यन्त टिकेका छन्। बलैले लोक अडेको छ, अतः बललाई ब्रह्मभावले उपासना गर।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स यो बलं ब्रह्मेत्युपास्ते यावद् बलस्य गतं तत्रास्य यथाकामचारो भवति यो बलं ब्रह्मेत्युपास्तेऽस्ति भगवो बलाद् भूय इति बलाद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०—सः = त्यो, यः=जो, बलम्=बललाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, अस्य=यसको, यावत्=जहाँसम्म, बलस्य=बलको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=इच्छानुसार गति, भवति=हुन्छ, यः=जो कि, बलम्=बललाई, ब्रह्म इति=ब्रह्म भावले, उपास्ते=उपासना गर्दछ, (नारदले) भगवः=हे भगवन् ! बलाद्=बलभन्दा, भूयः=श्रेष्ठ, अस्ति (केही) छ कि ? इति=यसरी सोधे, (सनत्कुमारले) बलात् = बलभन्दा, भूयः = श्रेष्ठ, वाव अवश्य, अस्ति=छ, इति=यसो (भने) (अनि नारदले) भगवान्=पूज्य यहाँले, तत् = त्यो कुरा, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यस्तो प्रार्थना गरे ।

स० वा०—जो बललाई ब्रह्म भनी उपासना गर्दछ, त्यसको जहाँसम्म बलको गति छ, त्यहाँसम्म यथेच्छ गति हुन्छ जो कि बललाई ब्रह्मभावले उपासना गर्दछ । अनि नारदले सोधे—भगवन् ! बलभन्दा श्रेष्ठ केही छ कि ? सनत्कुमारले भने—अवश्य छ, नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस् ।

सातौं अध्यायमा आठौं खण्ड समाप्त

नवम खण्ड

बलको भन्दा अन्नको प्रधानता

अन्नं वाव बलाद्भूयस्तस्माद्यद्यपि दशरात्रीर्नाश्नीयाद्यद्युह जीवेदथवाद्रष्टाश्रोतामन्ताबोद्धाकर्ताविज्ञाता भवत्यथान्नस्यायै द्रष्टा भवति श्रोता भवति मन्ता भवति बोद्धा भवति कर्ता भवति विज्ञाता भवत्यन्नमुपास्स्वेति ॥ १ ॥

द० प०—अन्नम्=अन्न, बलात्=बलभन्दा, वाव = अवश्य, भूयः=श्रेष्ठ छ, तस्मात्=त्यसकारण, यदि=यदि, दशरात्रीः=दश रात, न अश्नीयात्=भोजन नगरोस्, (त मर्दछ), उह = तर्कना गरिन्छ, अथवा = अथवा, जीवेत् यदि=बाँचोस् तपनि, अद्रष्टा=नदेख्ने, अश्रोता = नसुन्ने,अमन्ता=मनन नगर्ने, अबोद्धा = बोधहीन, अकर्ता = नगर्ने, अविज्ञाता = अनुष्ठानको ... ... हुन्छ, अथ=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को पक्षमा, अन्नस्य=अन्नको, आयै=प्राप्ति भएमा, द्रष्टा=देख्ने, श्रोता=सुन्ने, मन्ता=मनन गर्ने, वोद्धा=बोध गर्ने, कर्ता=गर्ने, विज्ञाता=अनुष्ठानको फल अनुभव गर्ने, भवति=हुन्छ, (अतः) अन्नम्=अन्नलाई, उपास्स्व=ब्रह्मभावले उपासना गर, इति=यसरी सनत्कुमारले उपदेश गरे ।

स० वा०—अन्न बलको कारण हुनाले बलभन्दा अवश्य श्रेष्ठ छ । त्यसकारण यदि कोही दश रातसम्म भोजन नगरोस् त अन्नको उपयोग नगर्दा बल घट्नाले मरिजाला, अथवा बाँचिरहेछ भने पनि त्यो नदेख्ने, नसुन्ने, मनन नगर्ने, नबुझ्ने, कर्म नगर्ने अनुष्ठनको फल अनुभव नगर्ने हुन्छ । जब धेरै दिन नखाई दुर्बल भैरहेकोमा अन्न पाएर खान लाग्दछ त देख्ने, सुन्ने, मनन गर्ने, बोध गर्ने, कार्य गर्ने र अनुष्ठानको फल बेहोर्ने हुन्छ । अतः ब्रह्मभावले अन्नको उपाससा गर भनी सनत्कुमारले उपदेश गरे ।

स योऽन्नं ब्रह्मे त्युपास्तेऽन्नवतो वै स लोकान्पानवतोऽभिसिध्यति यावदन्नस्य गतं तत्रास्य यथाकामचारो भवति योऽन्नं ब्रह्मे त्युपास्तेऽस्ति भगवोऽन्नाद्भूय इत्यन्नाद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥२॥

द० प०—सः=त्यो, यः=जो, अन्नम्=अन्नलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, सः=त्यो, वै=निश्चयले, अन्नवतः=अन्न भएका र, पानवतः=पान (पेय पदार्थ) भएका, लोकान्=लोकहरू, अभिसिध्यति=प्राप्त गर्दछ, (तथा) अस्य=यसको, यावत्=जहाँसम्म=अन्नस्य=अन्नको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=इच्छानुसार गति, भवति=हुन्छ, यः=जो कि, अन्नम्=अन्नलाई, ब्रह्म इति=ब्रह्मभावले, उपास्ते=उपासना गर्दछ, (नारदले) भगवः=भगवन् ! अन्नात्=अन्नभन्दा, भूयः=श्रेष्ठ, अस्ति=(केही) छ ? इति=यसरी सोधे, (सनत्कुमारले) अन्नात्=अन्नभन्दा, भूयः=श्रेष्ठ, वाव=अवश्य, अस्ति=छ, इति=यसो (भने), (अनि नारदले) भगवान्=पूज्य यहाँले, तत्=त्यो कुरा, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यसरी प्रार्थना गरे ।

स० वा०--जो अन्नलाई ब्रह्म भनेर उपासना गर्दछ त्यो निश्चयले प्रशस्त अन्न भएका र पेय पदार्थ भएका लोकहरू प्राप्त गर्दछ, तथा यस उपासकको—जहाँसम्म अन्नको गति छ त्यहाँसम्म--यथेच्छ गति हुन्छ, जो कि अन्नलाई ब्रह्मभावले उपासना गर्दछ । नारदले सोधे—भगवन् ! अन्नभन्दा श्रेष्ठ केही छ कि ? तब सनत्कुमारले भने—अन्नभन्दा श्रेष्ठ अवश्य छ । अनि नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस् ।

सातौं अध्यायमा नवौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशम खण्ड

अन्नको भन्दा जलको महत्त्व

आपो वावान्नाद्भूयस्यस्तस्माद्यदा सुवृष्टिर्न भवति व्याधीयन्ते प्राणा अन्नं कनीयो भविष्यीत्यथ यदा सुवृष्टिर्भवत्यानन्दिनः प्राणा भवन्त्यन्नं बहु भविष्यतीत्याप ऐवमा मूर्त्ता येयं पृथिवी यदन्तरिक्षं यद् द्यौर्यत्पर्वता यद्देवमनुष्या यत्पशवश्च वयांऽसि च तृणवनस्पतयः श्वापदान्याकीटपतङ्गपिपीलिकमाप एवेमा मूर्त्ता अप उपास्स्वेति ॥ १ ॥

द० प०—आपः=जल, अन्नाअत्=न्नभन्दा, वाव=अवश्य, भूयस्यः=श्रेष्ठ छ, तस्मात्=त्यसकारण, यदा=जब, सुवृष्टिः=असल वर्षा, न भवति=हुँदैन, (तदा)=तब, प्राणाः=प्राण, व्याधन्ते=दुःखी हुन्छन्, (किन ?) अन्नम्=अन्न, कनीयः=थोरै, भविष्यति=हुनेछ, इति=यसो भनेर। अथ=अर्को पक्षमा, यदा=जब, सुवृष्टिः=असल वर्षा, भवति=हुन्छ, (तदा)=तब, प्राणाः=प्राण, आनन्दिनः=सुखी, भवन्ति=हुन्छन्, (किन ?) अन्नम्=अन्न, बहु=धेरै, भविष्यति=हुनेछ, इति=यसो भनेर, इमाः=यो, आपः एव=पानी नै, मूर्त्ताः=मूर्तिमान् पदार्थ भएको हो, यः=जो, इयम्=यो, पृथिवी=पृथ्वी छ, यद्=जो, अन्तरिक्षम्=आकाश छ, यत्=जो, द्यौः=स्वर्ग छ, यत्=जो, पर्वताः=पर्वतहरू छन्, यत्=जो, देवमनुष्याः=देवता र मनुष्यहरू छन्, यत्=जो, पशवः=पशुहरू छन्, वयांसि=चरापरू छन्, तृणवनस्पतयः=झार एवं वनस्पतिहरू छन्, श्वापदानि=हिंसक पशुहरू छन्, आकीटपतङ्गपिपीलिकम्=कीरा, पुतली र कमिलापर्यन्त छन्, इमाः=यी, आपः एव=जल नै, मूर्त्ताः=मूर्त्तिमान् पदार्थ बनेका हुन्, (अतः) अपः=जललाई, उपास्स्व=ब्रह्म भनी उपासना गर, इति=यसो सनत्कुमारले भने।

स० वा—सनत्कुमारले भने—जल अन्नभन्दा अवश्य श्रेष्ठ छ। त्यसो हुनाले जब असल वर्षा हुँदैन, तब प्राण अन्न थोरै हुनेछ भनेर दुःखी हुन्छन्। जब त असल वर्षा हुन्छ तब प्राण अन्न धेरै हुनेछ भनेर सुखी हुन्छन्। यो जल नै मूर्तिमान् पदार्थ भएको हो। जो यो पृथ्वी छ, जो आकाश छ, जो स्वर्ग छ, जो पर्वतहरू छन्, जो देवता र मनुष्यहरू छन्, जो पशु, पक्षी, झार, वनस्पति, हिंस्रक पशुहरू कीरा, पुतली, कमिलापर्यन्त छन्, ती जल नै मूर्तिमान् भएका हुन्। अतः जललाई ब्रह्मभावले उपासना गर।

स योऽपो ब्रह्मेत्युपास्त आप्नोति सर्वान्कामांऽस्तृप्तिमान् भवति यावदपां गतं तत्रास्य यथाकामचारो भवति योऽपो ब्रह्मेत्युपास्तेऽस्ति भगवोऽद्भ्यो भूय इत्यद्भ्यो वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

Prof. Amoddavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यः = जो, अपः = जललाई, ब्रह्म इति = ब्रह्म भनेर, उपास्ते = उपासना गर्दछ, सः = त्यो, सर्वान् = सम्पूर्ण, कामान् = भोग्यवस्तुहरू, आप्नोति = पाउँदछ, तृप्तिमान् = तृप्ति भएको, भवति = हुन्छ, अस्य = यसको, यावत् = जहाँसम्म, अपाम् = जलको, गतम् = गति छ, तत्र = त्यहाँसम्म, यथाकामचारः = इच्छानुसारको गति, भवति = हुन्छ, यः = जो कि, अपः = जललाई, ब्रह्म इति = ब्रह्म भनेर, उपास्ते = उपासना गर्दछ, (नारदले) भगवः = हे भगवन्, अद्भ्यः = जलभन्दा, भूयः = श्रेष्ठ, अस्ति (केही) छ ? इति = यसरी सोधे, (सनत्कुमारले) अद्भ्यः = जलभन्दा, भूयः = श्रेष्ठ, वाव = अवश्य, अस्ति = छ, इति = यसो भने, (नारदले) भगवान् = पूज्य यहाँले, तत् = त्यो कुरा, मे = मलाई, ब्रवीतु = उपदेश गर्नुहोस्, इति = यसरी प्रार्थना गरे ।

स० वा०—जो जललाई ब्रह्म भनी उपासना गर्दछ, त्यो सम्पूर्ण भोग्य वस्तु प्राप्त गर्दछ र तृप्ति भएको हुन्छ । यसको—जहाँसम्म जलको गति छ त्यहाँसम्म इच्छानुसारको गति हुन्छ । जसले कि जललाई ब्रह्मभावले उपासना गर्दछ । नारदले सोधे—भगवन् ! जलभन्दा श्रेष्ठ केही छ कि ? सनत्कुमारले भने—जलभन्दा श्रेष्ठ अवश्य छ । अनि नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस् ।

सातौं अध्यायमा दशौं खण्ड समाप्त

एकादश खण्ड

जलको अपेक्षा तेजको प्रधानता

तेजो वावाद्भ्यो भूयस्तद्वा एतद्वायुमागृह्याकाशमभितपति तदाहुर्निशोचति नितपति वर्षिष्यति वा इति तेज एव तत्पूर्वं दर्शयित्वाथापः सृजते तदेतदूर्ध्वाभिश्च तिरश्चीभिश्च विद्युद्भिराह्लादाश्चरन्ति तस्मादाहुर्विद्योतते स्तनयति वर्षिष्यति वा इति तेज एव तत्पूर्वं दर्शयित्वाथापः सृजते तेज उपास्स्वेति ॥१॥

द० प०—तेजः = तेज, अद्भ्यः = जलभन्दा, वाव = अवश्य, भूयः = श्रेष्ठ छ, तत् वै = त्यो नै, एतत् = यो तेज, वायुम् = वायुलाई, अवष्टभ्य = निश्चल पारेर, आकाशम् = आकाशलाई, अभितपति = व्याप्त गरेजस्तो गरी संतप्त पार्छ, तदा = त्यस बखत, (जनहरू) निशोचति = (जगत्) खूब तातेको छ, नितपति = (जीउलाई)

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पोलेको छ, वै=निस्सै, वर्षिष्यति=वर्षनेछ, इति=यसो भन्छन्, तत्=त्यो, तेजः एव=तेज नै, पूर्वम्=पहिले, आत्मानम्=आफूलाई, दर्शयित्वा=(बढेको) देखाई, अथ=यसपछि, अपः = पानी, सृजते=सृष्टि गर्छ, तत्=त्यै, एतत् = यो तेज, (स्तनयित्नुरूपेण वर्षहेतुर्भवति)=मेघरूपले वर्षाको कारण हुन्छ, (कसरी ?) ऊर्ध्वाभिः = माथितिर जाने, च = र, तिरश्चीभिः=तेर्सो जाने, विद्युद्भिः=बिजुलीहरूले, (साथै) आह्लादाः=गडगडाहट, चरन्ति=फैलिन लाग्छन्, तस्मात्=त्यसैले गर्दा, (मानिसहरू) विद्योतते = बिजुली चम्किरहेछ, स्तनयति=गडगडाहट भैरहेछ, वै=निस्सै, वर्षिष्यति =वर्षा हुनेछ, इति=यसो (भन्छन्), तेजः एव=तेज नै, पूर्वम्=पहिले, तत्=त्यो रूप, दर्शयित्वा = देखाएर, अथ=अनि, अपः=पानी, सृजते = सृष्टि गर्दछ, (पानी पार्छ) (अतः) जलसृष्टिकारक हुनाले, तेजः = तेजलाई, उपास्स्व (ब्रह्मभावले) उपासना गर, इति = यसो (सनत्कुमारले भने)।

स० वा०—तेज जलभन्दा अवश्य श्रेष्ठ छ। त्यो तेज नै वायुलाई निश्चय पारेर आकाशलाई व्याप्तै गरेजस्तो गरी संतप्त पार्छ। त्यस बखत मानिसहरू जगतै तातेको छ, जीउ पोलेको छ, निस्सै वर्षा हुनेछ भन्दछन्। त्यो तेज नै पहिले आफूलाई बढेको देखाई पछि पानी पार्छ। अर्को कुरा—त्यो तेज वर्षाको हेतु हुन्छ। कसरी भने, माथितिर जाने र तेर्सो फैलिने बिजुलीहरूका साथसाथै गडगडाहट चल्न लाग्छ। त्यसैले गर्दा मानिसहरू भन्दछन्—बिजुली चम्किरहेछ, गडगडाहट भैरहेछ, निस्सै पानी पर्नेछ। तब त्यो तेजले नै पहिले आफूलाई चढेको देखाई पछि पानी पर्ने गराउँछ। अतः पानीको सृष्टिकारक हुनाले तेजलाई ब्रह्मभावले उपासना गर भनी सनत्कुमारले उपदेश गरे।

स यस्तेजो ब्रह्मेत्युपास्ते तेजस्वी वै स तेजस्वतो लोकान् भास्वतोऽपहततमस्कानभिसिध्यति यावत्तेजसो गतं तत्रास्य यथाकामचारो भवति। यस्तेजो ब्रह्मेत्युपास्तेऽस्ति भगवस्तेजसो भूय इति तेजसो वाव भूयोस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०—सः = त्यो, यः = जो, तेजलाई, ब्रह्म इति = ब्रह्म भनेर, उपास्ते= उपासना गर्दछ, सः = त्यो, तेजस्वी=तेजस्वी भएर, तेजस्वतः = तेजिला, भास्वतः= प्रकाशवान्, अपहततमस्कान्=रात्रि आदि र अज्ञात आदि अन्धकारले रहित, लोकान्= लोकहरू, अभिसिध्यति=सब प्रकारबाट प्राप्त गर्दछ, (तथा) अस्य=यसको, यावत्= जहाँसम्म, तेजसः = तेजको, गतम् = गति छ, तत्र = त्यहाँसम्म, यथाकामचारः = इच्छानुसारको गति, भवति = हुन्छ, यः = जो कि, तेजः =तेजलाई, ब्रह्म इति = ब्रह्मभावले, उपास्ते = उपासना गर्दछ, (नारदले) भगवः = हे भगवन्, तेजसः = तेजभन्दा, भूयः=श्रेष्ठ, अस्ति=(केही) छ ? इति=यसरी सोधे, (सनत्कुमारले) तेजसः=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेजभन्दा, भूयः = श्रेष्ठ, वाव = अवश्य, अस्ति = छ, इति = यसो भने, (नारदले) भगवान् = पूज्य यहाँले, तत् = त्यो कुरा, मे = मलाई, ब्रवीतु = उपदेश गर्नुहोस्, इति = यसरी प्रार्थना गरे।

स० वा०—सनत्कुमारले भने—जो तेजलाई ब्रह्म भनेर उपासना गर्दछ, त्यो तेजस्वी भएर तेजिला प्रकाशवान् रात अज्ञान आदि अन्धकारले रहित लोकहरू सब प्रकारबाट प्राप्त गर्दछ। तथा यस उपासकको—जहाँसम्म तेजको गति छ त्यहाँसम्म इच्छानुसार गति हुन्छ। जो कि तेजलाई ब्रह्मभावले उपासना गर्दछ। अनि नारदले सोधे—भगवन्! तेजभन्दा श्रेष्ठ कुनै छ कि? सनत्कुमारले भने—अवश्य छ। तब नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस्।

सातौं अध्यायमा एघारौं खण्ड समाप्त

द्वादश खण्ड

तेजको भन्दा आकाशको प्रधानता

आकाशो वाव तेजसो भूयानाकाशे वै सूर्याचन्द्रमसावुभौ विद्युन्नक्षत्राण्यग्निराकाशेनाह्वयत्याकाशेन शृणोत्याकाशेन प्रतिशृणोत्याकाशे रमत आकाशे न रमत आकाशे जायत आकाशमभिजायत आकाशमुपास्स्वेति ॥१॥

द० प०—आकाशः = आकाश, तेजसः = तेजभन्दा, वाव = अवश्य, भूयान् = श्रेष्ठ छ; (किन ?) आकाशे वै = आकाशमा नै, सूर्यचन्द्रमसौ = सूर्य र चन्द्रमा, उभौ = दुवै, विद्युन्नक्षत्राणि = बिजुली र नक्षत्रहरू, अग्निः = अग्नि, (स्थित छन्), (मनुष्य) आकाशेन = आकाशले, अर्थात् खुला हुनाले, आह्वयति = बोलाउँछ, आकाशेन = आकाशले, शृणोति = सुन्छ, आकाशेन = आकाशले, प्रतिशृणोति = एउटाले बोलेको अर्काले सुन्छ, आकाशे = आकाशमा, रमते = खेल-बहाड गर्दछ, आकाशे = आकाशमा, न रमते = (इष्ट वियोग हुँदा) नरमाउने गर्छ, आकाशे = आकाशमा, जायते = जन्मन्छ, आकाशम् = आकाशलाई, अभिजायते = (लक्ष्य गरेर अङ्कुरादि) उम्रन्छ, अतः = आकाशम् = आकाशलाई, उपास्स्व = ब्रह्म भनी उपासना गर, इति = यस्तो (सनत्कुमारले उपदेश गरे)।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—सनत्कुमारले भने—आकाश तेजभन्दा अवश्य श्रेष्ठ छ। आकाशमा नै सूर्य चन्द्रमा र बिजुली, नक्षत्र र अग्नि रहन्छन्। मानिस आकाशले (खुला हुनाले) बोलाउँछ, आकाशले सुन्छ, आकाशले गर्दा एउटाले बोलेको अर्कोले सुन्छ। मानिस आकाश (खुला) मा खेल-बहाड गर्छ, आकाशैमा इष्ट वस्तुको वियोग हुँदा नरमाउने गर्छ। खुलामा जन्मन्छ, आकाशैलाई ताकेर अङ्कुरादि उम्रन्छ। खुला भन्ने कुरो नभएर ठोस पदार्थले नै सब रोकेको भए कुनै व्यवहार चल्ने थिएन। अतः आकाशलाई ब्रह्मभावले उपासना गर।

स य आकाशं ब्रह्मेत्युपास्ते आकाशवतो वै स लोकान् प्रकाशवतोऽसम्बाधानुरुगायवतोऽभिसिध्यति यावदाकाशस्य गतं तत्रास्य यथाकामचारो भवति य आकाशं ब्रह्मेत्युपास्तेऽस्ति भगव आकाशाद्भूय इत्याकाशाद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०—सः=त्यो, यः=जो, आकाशम्=आकाशलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते = उपासना गर्दछ, सः=त्यो, वै=निश्चयले, आकाशवतः=विस्तारवाला, प्रकाशवतः=प्रकाशमान्, असम्बाधान्=ठसमस नभएका, उरुगायवतः=फराकिलो गति भएका, लोकान्=लोकहरू, अभिसिध्यति=सबैतिरबाट प्राप्त गर्दछ, अस्य=यसको, यावत्=जहाँसम्म, आकाशस्य = आकाशको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=इच्छानुसारको गति, भवति=हुन्छ, यः=जो कि, आकाशम्=आकाशलाई, ब्रह्म इति=ब्रह्म भावले, उपास्ते=उपासना गर्दछ, (अनि नारदले) भगवः=हे भगवन्, आकाशात् = आकाशभन्दा, भूयः=श्रेष्ठ, अस्ति = (कुनै) छ ? इति=यसरी सोधे, (सनत्कुमारले) आकाशात् = आकाशभन्दा, भूयः=श्रेष्ठ, वाव=अवश्य, अस्ति = छ, इति=यसो भने, (अनि नारदले) भगवान्=पूज्य यहाँले, तत्=त्यो कुरा, मे= मलाई, ब्रवीतु = उपदेश गर्नुहोस्, इति = यसरी प्रार्थना गरे।

स० वा०—जो आकाशलाई ब्रह्म भनेर उपासना गर्दछ त्यो निश्चयले विस्तारवाला प्रकाशमान ठसमस नभएका फराकिलो गति भएका लोकहरू सब प्रकारबाट प्राप्त गर्दछ। तथा यसको—जहाँसम्म आकाशको गति छ, त्यहाँसम्म—इच्छानुसार गति हुन्छ, जो कि आकाशलाई ब्रह्म भनेर उपासना गर्दछ। नारदले सोधे—भगवन्! आकाशभन्दा श्रेष्ठ केही छ कि ? सनत्कुमारले भने—अवश्य छ। तब नारदले प्रार्थना गरे—पूज्य यहाँबाट त्यो कुरा मलाई उपदेश गर्नुहोस्।

सातौं अध्यायमा बाह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोदश खण्ड

आकाशको अपेक्षा स्मरणको महत्व

स्मरो वावाकाशाद्भूयस्तस्माद् यद्यपि बहव आसीरन्न स्मरन्तो नैव ते कञ्चन शृणुयुर्न मन्वीरन्न विजानीरन्यदा वाव ते स्मरेयुरथ शृणुयुरथ मन्वीरन्नथ विजानीरन्स्मरेण वै पुत्रान्विजानाति स्मरेण पशून्स्मरमुपास्स्वेति ॥ १ ॥

द० प०—स्मरः=स्मरण, आकाशात्=आकाशभन्दा, वाव=अवश्य, भूयः=श्रेष्ठ छ, तस्मात्=त्यसकारण, यद्यपि=हुनत (एक ठाउँमा), बहवः=धेरै, एव=नै, आसीरन्=बसेका हुन्, (तर) न स्मरन्तः=सम्झना राख्तैनन् भने, ते=तिनीहरू, कञ्चन=कुनै (शब्द), न शृणुयुः=सुनोइनन्, न मन्वीरन्=मनन गरोइनन्, न विजानीरन्=जानोइनन्, यदा=जब, ते=तिनीहरू, वाव=निस्सै, स्मरेयुः=सम्झना राख्लान्, अथ=त, शृणुयुः=सुन्लान्, अथ=तव, मन्वीरन्=मनन गर्लान्, अथ=तव, विजानीरन्=जान्लान्, स्मरेण वै=सम्झनाले नै, पुत्रान्=छोराहरूलाई, विजानाति=चिन्दछ, स्मरेण=सम्झनाले, पशून्=आफ्ना वस्तुभाउहरूलाई, विजानाति=चिन्दछ, (अतः) स्मरम्=स्मरणलाई, उपास्स्व=(ब्रह्मभावले) उपासना गर, इति=यस्तो (सनत्कुमारले उपदेश गरे)।

स० वा०—सनत्कुमारले भने—स्मरण भनिने कुरा अवश्य आकाशभन्दा श्रेष्ठ छ। किनभने, एक ठाउँमा धेरै नै मानिस बसेका हुन् तापनि उत्तिखेरैको कुरा उत्तिखेरै पनि सम्झँदैनन् भने, कुन सन्दर्भले सोध्ने ? कुन सन्दर्भले सुन्ने ? कोही पनि न सुन्लान्, न मनन गर्लान्, न कोही जान्लान्। यदि ती कुराको सम्झना राख्छन् भने सुन्लान्, मनन गर्लान् र जान्लान् पनि। मानिस सम्झना राख्नाले नै कालान्तरमा पनि आफ्ना छोराहरूलाई, वस्तुभाउहरूलाई चिन्दछ। अतः स्मृति भनिने कुरो ठूलो हुनाले त्यसलाई ब्रह्मभावले उपासना गर।

स यः स्मरं ब्रह्मेत्युपास्ते यावत्स्मरस्य गतं तत्रास्य यथाकामचारो भवति यः स्मरं ब्रह्मेत्युपास्तेऽस्ति भगवः स्मराद्भूय इति स्मराद्वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०—सः=त्यो, यः=जो, स्मरम्=स्मरणलाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, अस्य=यसको, यावत्=जहाँसम्म, स्मरस्य=स्मरणको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः=इच्छानुसारको गति, भवति=हुन्छ, यः=जो कि, स्मरम्=स्मरणलाई, ब्रह्म इति=ब्रह्मभावले, उपास्ते=उपासना गर्दछ, (नारदले) भगवः=हे भगवन्, स्मराद्=स्मरणभन्दा, भूयः=श्रेष्ठ, अस्ति

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(केही) छ ? इति=यसरी सोधे, (सनत्कुमारले) स्मरात्=स्मरणभन्दा, भूयः= श्रेष्ठ, वाव=अवश्य, अस्ति=छ, इति=यसो (भने) (अनि नारदले) भगवान्= पूज्य यहाँले, तत्=त्यो कुरा, मे=मलाई, ब्रवीतु=उपदेश गर्नुहोस्, इति=यसरी प्रार्थना गरे ।

स० वा०—जो स्मरणलाई ब्रह्म भनी उपासना गर्दछ त्यसको—जहाँसम्म स्मरणको गति छ, त्यहाँसम्म—यथेच्छ गति हुन्छ । जो कि स्मरणलाई ब्रह्मभावले उपासना गर्दछ । नारदले सोधे—भगवन् ! स्मरणभन्दा श्रेष्ठ कुनै छ कि ? सनत्कुमारले भने—अवश्य छ । तब नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस् ।

सातौं अध्यायमा तेह्रौं खण्ड समाप्त

चतुर्दश खण्ड

स्मरणभन्दा आशाको महत्त्व

आशा वाव स्मराद्भूयस्याशेद्धो वै स्मरो मन्त्रानधीते कर्माणि कुरुते पुत्रांश्च, पशूंश्चेच्छत इमं च लोकममुं चेच्छत आशामुपास्स्वेति ॥१॥

द० प०—आशा=आशा, (अप्राप्त वस्तुको आकाङ्क्षा) स्मरात्=स्मरण- भन्दा, वाव=अवश्य, भूयसी=श्रेष्ठ छ, आशायाः=आशाले, इद्धः=बढेको, वै=नै, स्मरः=स्मरणकर्ता, मन्त्रान्=मन्त्र, अधीते=पढ्दछ, कर्माणि=कर्महरू, कुरुते= गर्दछ, पुत्रान्=छोराहरूलाई, च=र, पशून्=वस्तुभाउहरूलाई, च=पनि, इच्छते= चाहन्छ, इमम्=यो, च=र, अमुम्=त्यो (परको), च=पनि, लोकम्=लोकलाई, इच्छते=इच्छा गर्दछ, (अतः) आशाम्=आशालाई, उपास्स्व=(ब्रह्मभावले) उपासना गर, इति=(सनत्कुमारले) यस्तो उपदेश गरे ।

स० वा०—आशा अप्राप्त वस्तुको आकाङ्क्षा—स्मरणभन्दा अवश्य श्रेष्ठ छ । आशाले बढ़ेको स्मरणकर्ता नै मन्त्रहरू पढ्दछ, कर्महरू गर्दछ । फलका आशाले नै छोरा- हरू र वस्तुभाउहरूलाई चाहन्छ, तथा यो लोक र परलोकको समेत चाहना गर्दछ । अतः स्मरणभन्दा आशा ठूलो हुनाले त्यसलाई ब्रह्मभावले उपासना गर भनी सन- त्कुमारले उपदेश गरे ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स य आशां ब्रह्मेत्युपास्त आशयास्य सर्वे कामाः समृध्यन्त्यमोघा ह्यास्याशिषो भवन्ति यावदाशाया गतं तत्रास्य यथाकामचारो भवति य आशां ब्रह्मेत्युपास्तेऽस्ति भगव आशाया भूय इत्याशाया वाव भूयोऽस्तीति तन्मे भगवान् ब्रवीत्विति ॥ २ ॥

द० प०—सः=त्यो, यः = जो, आशाम् =आशालाई, ब्रह्म इति=ब्रह्म भनेर, उपास्ते=उपासना गर्दछ, अस्य=यसका, आशया=उपासना गरिएका आशाले, सर्वे = सम्पूर्ण, कामाः=भोग्य वस्तु, समृध्यन्ति = बढ्दछन्, अस्य=यसका, आशिषः = प्रार्थनाहरू, अमोघा = निष्फल नहुने, भवन्ति=हुन्छन्, अस्य=यसको, यावत्=जहाँसम्म, आशायाः=आशाको, गतम्=गति छ, तत्र=त्यहाँसम्म, यथाकामचारः= इच्छानुसारको गति, भवति=हुन्छ, यः=जो, आशाम् = आशालाई, ब्रह्म इति = ब्रह्मभावले, उपास्ते=उपासना गर्दछ, (नारदले) भगवः=हे भगवन्, आशायाः=आशाभन्दा, भूयः=श्रेष्ठ, अस्ति=(केही) छ ? इति=यसरी सोधे, (सनत्कुमारले) आशायाः = आशाभन्दा, भूयः=श्रेष्ठ, वाव = अवश्य, अस्ति=छ, इति=यसो (भने); (तव नारदले) भगवान्=पूज्य यहाँले, तत्=त्यो कुरा, मे=मलाई, ब्रवीतु= उपदेश गर्नुहोस्, इति=यसरी प्रार्थना गरे ।

स० वा०—जो आशा (अप्राप्त वस्तुको आकाङ्क्षा) लाई ब्रह्म भनी उपासना गर्दछ, त्यसका उपासना गरिएका आशाले समस्त भोग्य वस्तु बढ्दछन् । यसका प्रार्थनाहरू सफल हुन्छन् । यसको—जहाँसम्म आशाको गति छ, त्यहाँसम्म—इच्छानुसार गति हुन्छ । जो कि आशालाई ब्रह्मभावले उपासना गर्दछ । नारदले सोधे—भगवन् ! आशाभन्दा श्रेष्ठ कुनै छ कि ? सनत्कुमारले भने—आशाभन्दा श्रेष्ठ अवश्य छ । तब नारदले प्रार्थना गरे—पूज्य यहाँले त्यो कुरा मलाई उपदेश गर्नुहोस् ।

सातौं अध्यायमा चौधौं खण्ड समाप्त

पञ्चदश खण्ड

आशाका अपेक्षा प्राणको प्राधान्य

प्राणो वा आशाया भूयान्यथा वा अरा नाभौ समर्पिता एवमस्मिन्प्राणे सर्वꣳ समर्पितम् । प्राणः प्राणेन याति प्राणः प्राणं ददाति प्राणाय ददाति ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणो ह पिता प्राणो माता प्राणो भ्राता प्राणः स्वसा प्राण आचार्यः प्राणो ब्राह्मणः ॥ १ ॥

द० प०—प्राणः=प्राण, वै=निश्चयले, आशायाः=आशाभन्दा, भूयान्=श्रेष्ठ छ, यथा वै=जसरी नै, अराः=रथका पाङ्ग्राका डण्डीहरू, नाभौ=पांग्राका नाभिमा, समर्पिताः=जुटेका हुन्छन्, एवम्=यस्तै, अस्मिन्=यो, प्राणे=प्राणमा, सर्वम्=समस्त, समर्पितम्=जुटेको छ, प्राणः=प्राण, प्राणेन=आफ्नो शक्तिले, याति=चल्दछ, प्राणः=प्राण, प्राणम्=प्राणकन, ददाति=दिन्छ, (दिन पनि) प्राणाय=प्राणलाई, ददाति=दिन्छ, ह=निस्सै, प्राणः=प्राण, पिता=बाबु हो, प्राणः=प्राण, माता=आमा हो, प्राणः=प्राण, भ्राता=दाजुभाइ हो, प्राणः=प्राण, स्वसा=दिदी-बहिनी हो, प्राणः=प्राण, आचार्यः=गुरु हो, प्राणः=प्राण, ब्राह्मणः=ब्राह्मण हो।

स० वा—प्राण निस्सै पनि आशाभन्दा श्रेष्ठ छ। जसरी रथका पाङ्ग्राका डण्डीहरू रथका पाङ्ग्राका नाभि (मध्यभाग) मा जुटेका हुन्छन्, यसै गरी यस प्राणमा समस्त जगत् जुटेको छ। प्राण शक्तिले हिंड्दछ, प्राणले नै प्राण दिन्छ, दिन पनि प्राणैलाई दिन्छ। प्राण नै बाबु हो, प्राण नै आमा हो, प्राण नै दाजुभाइ हो, प्राण नै दिदी-बहिनी हो, प्राण नै गुरु हो, प्राण नै ब्राह्मण हो।

सम्बन्ध—कसरी पितृ आदि शब्द प्रसिद्ध अर्थ त्याग गरेर प्राणपरक हुन्छन्? उत्तर—प्राण भएमा बाबुहरूमा पितृ आदि शब्दको प्रयोग गरिने, प्राण छुटेमा नगरिने हुनाले। त्यो कुरा कसरी भने—

स यदि पितरं वा मातरं वा भ्रातरं वा स्वसारं वाचार्यं वा ब्राह्मणं वा किञ्चिद् भृशमिव प्रत्याह धिक्त्वास्त्वित्येवैनमाहुः पितृहा वै त्वमसि मातृहा वै त्वमसि भ्रातृहा वै त्वमसि स्वसृहा वै त्वमस्याचार्यहा वै त्वमसि ब्राह्मणहा वै त्वमसीति ॥ २ ॥

द० प०—सः=त्यो (कोही मानिसले), यदि=यदि, पितरम्=बाबुलाई, वा=अथवा, मातरम्=आमालाई, वा=अथवा, भ्रातरम्=दाजुभाइलाई, वा=अथवा, स्वसारम्=दिदीबहिनीलाई, वा=अथवा, आचार्यम्=गुरुलाई, वा=अथवा, ब्राह्मणम्=ब्राह्मणलाई नै, भृशम् इव=बेलायक, किञ्चित्=केही वचन, प्रत्याह=बोल्दछ (भने), एनम्=यसलाई, त्वा=तँलाई, धिक् अस्तु=धिक्कार छ, त्वम्=तँ, पितृहा=पितृघाती, वै=नै, असि=होस्, मातृहा=मातृघाती, वै=नै, असि=होस्, त्वम्=तँ, भ्रातृहा=भ्रातृघाती, वै=नै, असि=होस्, त्वम्=तँ, स्वसृहा=दिदी-बहिनीलाई मार्ने, वै=नै, असि=होस्, त्वम्=तँ आचार्यहा=गुरु मार्ने, वै=नै, असि=होस्, त्वम्=तँ, ब्राह्मणहा=बाहुन मार्ने, वै=नै, असि=होस्, इति एव=यसो नै, आहुः=भन्दछन्।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—कुनै मानिसले बाबु, आमा, दाजु-भाइ, दिदी-बहिनी, गुरु, ब्राह्मण-हरूमध्ये कुनैलाई अपमानजनक वचन बोल्छ भने त्यसलाई विचारवान्हरू 'धिक्कार छ तँलाई, तँ पितृघाती होस्, मातृघाती होस्, भ्रातृघाती होस्, गुरुघाती होस्, स्वसृघाती होस्, ब्राह्मणघाती होस्' यसै भन्दछन् ।

अथ यद्यप्येनानुत्क्रान्तप्राणाञ्छूलेन समासं व्यतिषंदहेन्नैवैनं ब्रूयुः पितृहासीति न मातृहासीति न भ्रातृहासीति न स्वसृहासीति नाचार्यहासीति न ब्राह्मणहासीति ॥ ३ ॥

द० प०—अथ=अर्को पक्षमा, उत्क्रान्तप्राणान्=प्राण छुटेका, एतान्=यिनी-हरूलाई, यद्यपि=यद्यपि, शूलेन=सुइराले, समासम्=एकत्रित गरेर, व्यतिषन्दहेत्=छिन्न-भिन्न गरी जलाओस् (तथापि), विचारवान्हरूले, एनम्=यसलाई, पितृहा=बाबु मार्ने, असि=होस्, इति=यसो, न ब्रूयुः=भन्दैनन्, मातृहा=आमा मार्ने, असि=होस्, इति=यसो' न+ब्रूयुः=भन्दैनन्, भ्रातृहा=दाजुभाइ मार्ने, असि=होस्, इति=यसो, न+ब्रूयुः=भन्दैनन्, स्वसृहा=दिदी-बहिनी मार्ने, असि=होस्, इति=यसो, न+ब्रूयुः=भन्दैनन्, आचार्यहा=गुरु मार्ने, असि=होस्, इति=यसो, न+ब्रूयुः=भन्दैनन्, ब्राह्मणहा=ब्राह्मण मार्ने, असि=होस्, इति=यसो, न+ब्रूयुः=भन्दैनन् ।

स० वा०—अर्को पक्षमा—प्राण छुटेका यिनी बाबु आमाहरूलाई यद्यपि कसैले सुइराले रोपी रोपी एकत्रित गरी फेरि सबैलाई छिन्न-भिन्न पारी जलाओस्, तापनि त्यस-लाई बाबु मार्ने होस्, आमा मार्ने होस्, दाजुभाइ मार्ने होस्, दिदी-बहिनी मार्ने होस्, गुरु मार्ने होस् र बाहुन मार्ने होस् पनि कसैले भन्दैनन् ।

प्राणो ह्येवैतानि सर्वाणि भवति स वा एष एवं पश्यन्नेवं मन्वान एवं विजानन्नतिवादी भवति तं चेद्ब्रूयुरतिवाद्यसीत्यतिवाद्यस्मीति ब्रूयान्ना-पह्नुवीत ॥ ४ ॥

द० प०—प्राणः=प्राण, हि एव=नै, एतानि=यी पिता माता आदि, सर्वाणि=सम्पूर्ण, भवति=हो, सः=त्यो, वै=नै, एषः=यो पुरुष, एवम्=यस्तो, पश्यन्=देख्ता, एवम्=यस्तो, मन्वानः=चिन्तन गर्दा, एवम्=यस्तो, विजानन्=जान्दा, अतिवादी=नाघेर कुरा गर्ने, भवति=हुन्छ, तम्=त्यसलाई, अतिवादी=नाघेर कुरा गर्ने, असि=छौ, इति=यसो, ब्रूयुः=(एकले) भन्लान्, (भने पनि) अति-वादी=नाघेर कुरा गर्ने, अस्मि=छु, इति=यसो, ब्रूयात्=भनोस्, न अपह्नुवीत=नढाँटोस् ।

स० वा०—प्राण नै यी पिता माता आदि सब थोक हो । त्यो यो पुरुष कहिए-अनुसार देख्ता अर्थात् फलतः अनुभव गर्दा युक्तिद्वारा यस्तै चिन्तन गर्दा र उपपत्तिहरूले युक्त गरेर यस्तै हो भन्ने निश्चय गर्दा अतिवादी अर्थात् पूर्वोक्त नामदेखि लिएर आशा-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मका सब कुरालाई नाघेर कुरा गर्नेवाला हुन आउँछ । त्यसलाई अरूले तिमी अतिवादी हौ—यतिका ब्रह्मादि-स्तम्बपर्यन्त जगत्लाई नाघेर प्राणलाई आत्मा मान्ने छौ—भन्लान्, 'हो, म अतिवादी हुँ' भन्नू, कुरा नढाँट्नू ।

सातौं अध्यायमा पन्ध्रौं खण्ड समाप्त

षोडश खण्ड

सत्य नै जान्न योग्य छ

संबन्ध—ती नारद सबभन्दा उत्कृष्ट आफ्नो आत्मा प्राणलाई नै सर्वात्मा भन्ने सुनेर अब यसभन्दा श्रेष्ठ तत्त्व अर्को रहेनछ भनिठानी चुप लागे । पहिलेको जस्तो गरी 'प्राणभन्दा श्रेष्ठ अर्को कुनै छ कि ?' भनेर सोधेनन् । यसरी विकासरूप असत्य ब्रह्मका ज्ञानले सन्तुष्ट भएका, आफूलाई परमार्थसत्यातिवादी ठान्ने योग्य शिष्यलाई झूट आग्रह-विशेषबाट छुटाउँदै सनत्कुमार भन्दछन्—नारद ! अतिवादी त यो हो जसलाई कि अब म भन्दछु । प्राणवेत्ता नै त परमार्थतः अतिवादी होइन । त्यो अतिवादित्व नाम आदिको अपेक्षा हो । जो त 'भूमा' नाम गरिएको सबै तत्त्वलाई अतिक्रमण गरेको परमार्थ सत्य तत्त्वलाई जान्दछ त्यो हो खास अतिवादी । यस आशयले भनिन्छ—

एष तु वा अतिवदति यः सत्येनातिवदति सोऽहं भगवः सत्येनातिवदानीति सत्यं त्वेव विजिज्ञासितव्यमिति सत्यं भगवो विजिज्ञास इति ॥ १ ॥

द० प०—एषः तु = यो पुरुष, अतिवदति = अतिवदन (नाघेर कुरा गर्नु) गर्दछ, वै = निश्चय हो । यः = जो, सत्येन = सत्यले, अतिवदति = अतिवदन गर्दछ, (नारदले) भगवः = भगवन् ! सः = त्यो, (यहाँका शरणमा परेको) अहम् = म, सत्येन = सत्यले, अतिवदानि = अतिवदन गरूँ, इति = यसो (भने); (सनत्कुमारले) सत्यम् तु एव = खास सत्य पदार्थ नै त, विजिज्ञासितव्यम् = जान्ने चाह गर्नुपर्दछ, इति = यसो (भने) (अनि नारदले) भगवः = हे भगवन्, सत्यम् = सत्यतत्त्व, विजिज्ञासे = जान्न चाहन्छु । इति = यसो (भने) ।

स० वा०—सनत्कुमार—'योचाहिं पुरुष भने नाघेर कुरा गर्दछ, निस्सै हो । जो सत्यले अतिवदन गर्दछ ।' नारद—भगवन् ! म सत्यले अतिवदन गरूँ' सन-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्कुमार—'त्यसो भए सत्य पदार्थ जान्ने चाह गर्नुपर्दछ।' नारद—'म सत्य तत्त्व जान्न अभिलाषा गर्दछु।'

सातौं अध्यायमा सोह्रौं खण्ड समाप्त

सप्तदश खण्ड

विज्ञान नै जान्न योग्य छ

यदा वै विजानात्यथ सत्यं वदति नाविजानन्सत्यं वदति विजानन्नेव सत्यं वदति विज्ञानं त्वेव विजिज्ञासितव्यमिति विज्ञानं भगवो विजिज्ञास इति ॥ १ ॥

द० प०—वै=निस्सै हो, यदा=जब, विजानाति (सत्यलाई) विशेषरूपले जान्दछ, अथ=तब, सत्यम्=सत्य, वदति=बोल्दछ, अविजानन्=नजान्नेले, सत्यम्=सत्य, न वदति=बोल्दैन, विजानन् एव=जान्नेले नै, सत्यम्=सत्य, वदति=बोल्दछ, (अतः) विज्ञानम् तु एव=विज्ञान नै त, विजिज्ञासितव्यम्=जान्न खोज्नुपर्छ, इति=यसो, (सनत्कुमारले भने), (नारदले) भगवः=हे भगवन्! विज्ञानम् विज्ञानपदार्थलाई, विजिज्ञासे=जान्न चाहन्छु, इति=यसो (भने)।

स० वा०—सनत्कुमारले भने—जब मानिस सत्यलाई राम्रोसँग जान्दछ तव सत्य बोल्दछ, नजान्नेले सत्य बोल्दैन। जान्नेले नै सत्य बोल्दछ। अतः विज्ञान नै त जान्न खोज्नुपर्दछ। नारदले भने—भगवन्! म विज्ञान पदार्थलाई जान्न चाहन्छु।

सातौं अध्यायमा सत्रौं खण्ड समाप्त

अष्टादश खण्ड

मति नै जान्न योग्य छ

यदा वै मनुतेऽथ विजानाति नामत्वा विजानाति मत्वैव विजानाति मतिस्त्वेव विजिज्ञासितव्येति। मतिं भगवो विजिज्ञास इति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यदा=जब, मनुते=मनन गर्दछ; अथ=तब, विजानाति=जान्दछ, वै=निस्सै हो, अमत्वा=मनन नगरीकन, न विजानाति=विशेषरूपले जान्दैन, मत्वा एव =मनन गरेर नै, विजानाति=विशेष गरेर जान्दछ, अतः=यसकारण, मतिः एव तु=मनन नै त, विजिज्ञासितव्या=विशेषले जान्न चाहनुपर्दछ, इति=यसो (सनात्कुमारले भने), (नारदले) भगवः=हे भगवन्, (म) मतिम्=मननलाई, विजिज्ञासे=विशेष गरेर जान्न चाहन्छु, इति=यसो (भने)।

स० वा०—सनत्कुमारले भने—मनुष्य जब मनन गर्दछ तब जान्दछ, निस्सै हो; मनन नगरीकन जान्दैन, मनन गरेर नै जान्दछ। अतः मनन नै विशेषरूपले जान्न चाहन्तुपर्छ। नारदले भने—भगवन्! म मननलाई विशेषरूपले जान्न चाहन्छु।

सातौं अध्यायमा अठारौं खण्ड समाप्त

एकोनविंश खण्ड

श्रद्धा नै जान्न योग्य छ

यदा वै श्रद्दधात्यथ मनुते नाश्रद्दधन्मनुते श्रद्दधदेव मनुते श्रद्धा त्वेव विजिज्ञासितव्येति। श्रद्धां भगवो विजिज्ञास इति॥ १॥

द० प०—यदा=जब, श्रद्दधाति=विश्वास गर्दछ, अथ=तब, मनुते=मनन गर्दछ, वै=निश्चय हो, अश्रद्दधत्=श्रद्धा नगर्ने मानिस, न मनुते=मनन गर्दैन, श्रद्दधत् एव=श्रद्धा (विश्वास) गर्ने नै, मनुते=मनन गर्दछ, (अतः) श्रद्धा तु एव=विश्वास नै, विजिज्ञासितव्या=जान्न खोज्नुपर्दछ, इति=(सनत्कुमारले) यसो (भने), (नारदले) भगवः=हे भगवन्, श्रद्धाम्=श्रद्धालाई, विजिज्ञासे=जान्न चाहन्छु, इति =यसो (भने)।

स० वा०—सनत्कुमारले भने—मनुष्य जब विश्वास गर्दछ तब मनन गर्दछ, निस्सै हो, विश्वास नगरीकन मनन गर्दैन, विश्वास गरेर नै मनन गर्दछ। अतः श्रद्धा (विश्वास) नै विशेषतः जान्न चाहनुपर्दछ। नारदले भने—भगवन्! म श्रद्धालाई विशेषतः जान्न चाहन्छु।

सातौं अध्यायमा उन्नाइसौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विंश खण्ड

निष्ठा नै जान्न योग्य छ

यदा वै निस्तिष्ठत्यथ श्रद्दधाति नानिस्तिष्ठञ्छ्रद्दधाति निस्तिष्ठन्नेव श्रद्दधाति निष्ठा त्वेव विजिज्ञासितव्येति । निष्ठां भगवो विजिज्ञास इति ॥ १ ॥

द० प०––(मनुष्य) यदा=जब, निस्तिष्ठति=निष्ठा गुरुशुश्रूषादिमा रहेको हुन्छ, अथ=तव, श्रद्दधाति=विश्वास गर्ने हुन्छ, वै=निश्चय हो, अनिस्तिष्ठन्=निष्ठामा नरहनेले, न श्रद्दधाति = श्रद्धा (विश्वास) गर्दैन, निस्तिष्ठन् एव=निष्ठामा रहेकाले नै, श्रद्दधाति=विश्वास गर्दछ, (अतः) निष्ठा एव=निष्ठा नै, विजिज्ञासितव्या=जान्न चाहनुपर्दछ, इति=यसो (सनत्कुमारले भने), भगवः=भगवन्, निष्ठाम्=निष्ठा-लाई, विजिज्ञासे=जान्न चाहन्छु । इति=यसो (नारदले भने)

स० वा०—सनत्कुमार––'मनुष्य जब गुरुशुश्रूषादि निष्ठामा रहन्छ तव श्रद्धा (विश्वास) गर्नें हुन्छ, निस्सै हो । निष्ठामा नरहेकाले विश्वास गर्दैन, निष्ठामा रहेकाले नै विश्वास गर्दछ । अतः निष्ठालाई नै जान्न चाहनुपर्दछ ।' नारद—'भगवन् ! म निष्ठालाई जान्न चाहन्छु ।

सातौं अध्यायमा बीसौं खण्ड समाप्त

●

एकविंश खण्ड

कृति नै जान्न योग्य छ

यदा वै करोत्यथ निस्तिष्ठति नाकृत्वा निस्तिष्ठति कृत्वैव निस्तिष्ठति कृतिस्त्वेव विजिज्ञासितव्येति । कृतिं भगवो विजिज्ञास इति ॥ १ ॥

द०प०—(मनुष्य) यदा=जब, करोति=इन्द्रियसंयम एवं चित्तैकाग्रता गर्दछ, अथ = तब, निस्तिष्ठति=निष्ठामा रहन्छ, वै=निश्चय हो, अकृत्वा=इन्द्रिय संयम एवं एकाग्रता नगरीकन, न निस्तिष्ठति=निष्ठामा रहँदैन, कृत्वा एव = इन्द्रिय संयम एवं चित्तैकाग्रता गरेर नै, निस्तिष्ठति = निष्ठामा रहन्छ, (अतः) कृतिः एव = इन्द्रिय संयम एवं चित्त-एकाग्रता नै, विजिज्ञासितव्या = जान्न चाहनुपर्दछ, इति=यसो

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(सनत्कुमारले भने), (अनि नारदले)भगवः = हे भगवन् ! (म) कृतिम्=इन्द्रिय संयम एवं चित्तैकाग्रतालाई, विजिज्ञासे = जान्न चाहन्छु, इति=यसो भने ।

स० वा०—मनुष्य जब इन्द्रिय–संयम एवम् चित्त–एकाग्रता गर्दछ तब गुरु-शुश्रूषादि निष्ठामा रहन्छ, यो निस्सै हो । इन्द्रिय-संयम एवं चित्त-एकाग्रता नगरीकन निष्ठामा रहँदैन, इन्द्रिय-संयम र चित्त-एकाग्रता गरेर नै निष्ठामा रहन्छ । यसकारण कृति (इन्द्रिय संयम एवं चित्तएकाग्रता) नै जान्न चाहनुपर्दछ भनी सनत्कुमारले उपदेश गरे । नारदले भने—भगवन् ! म कृति (इन्द्रिय–संयम एवं चित्तएकाग्रता) जान्न चाहन्छु ।

सातौं अध्यायमा एक्काइसौं खण्ड समाप्त

द्वाविंश खण्ड

सुख नै जान्न योग्य हो

यदा वै सुखं लभतेऽथ करोति नासुखं लब्ध्वा करोति सुखमेव लब्ध्वा करोति सुखं त्वेव विजिज्ञासितव्यमिति । सुखं भगवो विजिज्ञास इति ॥ १ ॥

द० प०—(मनुष्य) यदा = जब, सुखम् = निरतिशय सुख, लभते = पाउने हुन्छ, अथ = तब, करोति = कृति (इन्द्रिय-संयम एवं चित्त-एकाग्रता) गर्दछ, वै = निश्चय हो, असुखम् = विना-सुख, लब्ध्वा = पाई, न करोति = कृति (इन्द्रिय-संयम एवं चित्तैकाग्रता) गर्दैन, सुखम् = निरतिशय सुख, लब्ध्वा एव = पाउने भएर नै, करोति = कृति गर्दछ, (अतः) सुखम् तु एव = निरतिशय सुख नै, विजिज्ञासितव्यम् = जान्न चाहनुपर्दछ, इति = यसो (सनत्कुमारले भने), भगवः = भगवन्, (म) सुखम् = निरतिशय सुख, विजिज्ञासे = जान्न चाहन्छु, इति=यसो (नारदले भने) ।

स० वा०—सनत्कुमारले उपदेश गरे—मनुष्य जब निरतिशय सुख पाउने हुन्छ, तब कृति (इन्द्रिय-संयम एवं चित्त-एकाग्रता) गर्दछ । निस्सै हो निरतिशय सुख पाउने नभईकन कृति गर्दैन, निरतिशय सुख पाउने भएर नै कृति गर्दछ । अतः निरतिशय सुख नै जान्न चाहनुपर्दछ । नारदले भने—भगवन् ! म निरतिशय सुख जान्न अभिलाषा गर्दछु ।

सातौं अध्यायमा बाइसौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोविंश खण्ड

भूमा नै जान्न योग्य छ

यो वै भूमा तत्सुखं नाल्पे सुखमस्ति भूमैव सुखं भूमा त्वेव विजिज्ञासितव्य इति । भूमानं भगवो विजिज्ञास इति ॥ १ ॥

द० प०—यः = जो, भूमा = सर्वाधिक धेरै अर्थात् परम महान् (ब्रह्म) हो, तत् = त्यो, सुखम् = सुख हो, अल्पे = थोरैमा, सुखम् = सुख, न अस्ति = छैन, भूमा एवं परम महान् (ब्रह्म) नै, सुखम् = सुख हो, वै = निश्चय हो, (अतः) भूमा तु एव = परम महान् (ब्रह्म) नै, विजिज्ञासितव्यः = जान्न योग्य छ, इति = यसरी (सनत्कुमारले उपदेश गरे) भगवः = हे भगवन्, (म) भूमानम् = परम महान् तत्त्वलाई, विजिज्ञासे = विशेषरूपले जान्न चाहन्छु, इति = यसो (नारदले भने) ।

स० वा०—जो सर्वाधिक धेरै अर्थात् परम महान् पदार्थ (ब्रह्म) हो त्यै सुख हो । त्यसदेखि वरका थोरै (साना) पदार्थमा सुख छैन, कारण, त्यो सुख सातिशय छ (योभन्दा बढ्ता त्यो, त्योभन्दा बढ्ता ऊ भएर रहेको छ) र ज्यादा तृष्णा-जनक छ । तृष्णा दुःखको बीज हो, दुःखको कारण पदार्थ सुख अवश्य होइन । अतः भूमा नै सर्वातिशायी सुख हो । यसैले भूमा नै जान्न चाहनुपर्दछ । यसरी सनत्कुमारले उपदेश गरे । नारदले भने—भगवन् ! म भूमालाई विशेषरूपमा जान्न अभिलाषा गर्दछु ।

सातौं अध्यायमा तेइसौं खण्ड समाप्त

●

चतुर्विंश खण्ड

भूमाका स्वरूपको प्रतिपादन

सम्बन्ध—यो भूमा के लक्षणको छ त ? यस जिज्ञासामा भन्दछ—

यत्र नान्यत्पश्यति नान्यच्छृणोति नान्यद्विजानाति स भूमाथ यत्रान्यत्पश्यत्यन्यच्छृणोत्यन्यद्विजानाति तदल्पं यो वै भूमा तदमृतमथ यदल्पं तन्मर्त्यम् । स भगवः कस्मिन्प्रतिष्ठित इति । स्वे महिम्नि यदि वा न महिम्नीति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यत्र = जुन भूमा तत्त्वमा (ब्रह्मवित्‌ले), अन्यत् = अर्को कुनै वस्तु, न पश्यति = देख्तैन, अन्यत् = अर्को कुनै कुरा, न शृणोति = सुन्दैन, अन्यत् = अरू कुनै चीज, न विजानाति = जान्दैन, सः = त्यो, भूमा=भूमा हो, अथ = अर्को पक्षमा, यत्र = जुन तत्त्वमा, अन्यत् = अर्को कुनै वस्तु, पश्यति = देख्तछ, अन्यत् = अर्को कुनै कुरा, शृणोति = सुन्दछ, अन्यत् = अरू केही चीज, विजानाति = थाह गर्छ, तत् = त्यो, अल्पम् = थोरै हो, यः = जो, भूमा = भूमा हो, तत् = त्यो, अमृतम् = अमृत हो, अथ=अर्को पक्षमा, यत् = जुन, अल्पम् = थोरै हो, तत् = त्यो, मर्त्यम् = मरणधर्मी (विनाशी) हो, (नारदले) भगवः = भगवन्, सः = त्यो भूमा, कस्मिन् = केमा, प्रतिष्ठितः = रहेको छ ? इति = यस्तो प्रश्न गरे, (सनत्कुमारले) स्वे = अफ्नो, महिम्नि = महिमामा, यदि वा = अथवा, न महिम्नि = महिमामा पनि होइन ।

स० वा०—(सनत्कुमार) जुन भूमा तत्त्वमा कसैले कुनै करणद्वारा कुनै चीजलाई देख्ने, सुन्ने, थाह गर्ने गर्दैन, त्यो भूमा हो, त्यो व्यवहार यसमा किन हुँदैन त ? भने—त्यो कर्ता, कर्म, करण भन्ने विषय-भेद नामरूपभित्रैको कुरा हो, नामरूप-चाहिं मिथ्या हुनाले अविद्याका राज्यमा मात्र भास्ने कुरा हो । भूमामा भास्तैन । जसमा त कुनैले कुनै करणद्वारा कुनै चीजलाई देख्ने, सुन्ने, चिताउने, थाह गर्ने गर्दछ, त्यो अल्प (थोरै = भूमाको विपरीत) हो । तथा जो भूमा हो त्यो अमृत (अविनाशी) तत्त्व हो, जो अल्प हो त्यो मर्त्य (विनाशी) पदार्थ हो । [नारद—] भगवन् ! त्यो भूमा केमा रहेको छ ? [सनत्कुमार—] आफ्नै महिमामा अथवा महिमामा पनि छैन ।

सम्बन्ध—यदि भूमा आफ्नो महिमामा प्रतिष्ठित छ भने फेरि किन अप्रतिष्ठित छ भनेको ? यस जिज्ञासामा भन्दछ—

गोअश्वमिह महिमेत्याचक्षते हस्तिहिरण्यं दासभार्यं क्षेत्राण्यायतनानीति नाहमेवं ब्रवीमि ब्रवीमीति होवाचान्यो ह्यन्यस्मिन्प्रतिष्ठित इति ॥ २ ॥

द० प०—इह = यस लोकमा, गोअश्वम् = गोरु-घोडाहरूलाई, महिमा इति = महिमा भनी, आचक्षते = भन्दछन्, (तथा) हस्तिहिरण्यम् = हात्ती-सून, दासभार्यम् = नोकर चाकर र भार्या, क्षेत्राणि = खेतहरू, आयतनानि = घरहरू, इति = यिनी-लाई+महिमा इति आचक्षते = महिमा (बडोपन) भनी भन्दछन्, अहम् = म, एवम् = यस्तो, न ब्रवीमि = भन्दिनँ, हि = किनभने, (यस्तोमा) अन्यस्मिन् = अर्को कुनैमा, अन्यः = अर्को कुनै वस्तु, प्रतिष्ठितः इति = रहेको हुन्छ भनेर, (किन्तु) [एवम्] = यसो, ब्रवीमि = भन्दछु ।

स० वा०—यस लोकमा गोरु, घोडा, हात्ती, सून, नोकर, भार्या, खेत, घर यिनलाई महिमा (बडोपन) भन्दछन् । त्यसमा मनुष्य प्रतिष्ठित = आश्रित हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले यस्तो भनेको होइन किनमने त्यो भनाइको स्थितिमा—एक चीजमा अर्को चीज रहेको हुन्छ । भूमाका विषयमा यस्तो छैन । म त यसो भन्छु—

सातौं अध्यायमा चौबीसौं खण्ड समाप्त

●

पञ्चविंश खण्ड

सर्वत्र भूमा नै छ

सम्बन्ध—भूमा किन कसैमा प्रतिष्ठित छैन ? भने, यस कारणले कि—

स एवाधस्तात्स उपरिष्टात्स पश्चात्स पुरस्तात्स दक्षिणतः स उत्तरतः स एवेदꣳसर्वमित्यथातोऽहङ्कारादेश एवाहमेवाधस्तादहमुपरिष्टादहं पश्चादहं पुरस्तादहं दक्षिणतोऽहमुत्तरतोऽहमेवेदꣳ सर्वमिति ॥ १ ॥

द० प०—सः एव = त्यो (भूमा) नै, अधस्तात् = मनितिर छ, सः = त्यो, उपरिष्टात् = माथितिर छ, सः = त्यो, पश्चात् = पछिल्तिर छ, सः=त्यो, पुरस्तात्= अघिल्तिर छ, सः=त्यो, दक्षिणतः = दक्खिनतिर छ, सः=त्यो, उत्तरतः = उत्तर-तिर छ, सः एव = त्यो नै, इदम् = यो, सर्वम् = समस्त जगत् हो, (यसो हुनाले त्यो भूमा एउटै छ, आफै जतासुकै छ, कुनै अर्को आधारमा रहेको छैन) इति = यसो (सनत्कुमारले भने), अथ=अब, अतः = यसपछि, अहङ्कारादेशः एव=अहं भावले नै निर्देश गरिन्छ, अहम् एव=म नै, अधस्तात् = तलतिर छु, अहम् = म, उपरिष्टात्= माथितिर छु, अहम्=म, पश्चाद् = पछिल्तिर छु, अहम्=म, पुरस्तात्=अघिल्तिर छु, अहम्=म, दक्षिणतः=दक्खिनतिर छु, अहम् = म, उत्तरतः=उत्तरतिर छु, अहम् एव=म नै, इदम्=यो, सर्वम्=समस्त जगत् हुँ, इति=यसो अहंभावको निर्देश हो ।

स० वा०—सनत्कुमारले उपदेश गरे—त्यो भूमा नै तलतिर छ, त्यो नै माथि-तिर छ, त्यो नै पछिल्तिर छ, त्यो नै अघिल्तिर छ, त्यै दक्खिनतिर छ, त्यै उत्तरतिर छ, त्यै यो समस्त जगत् हो । अतः भूमाका विषयमा 'अर्को आधारमा रहेको' भन्ने कुरै हुन सक्तैन । अब 'त्यो नै' भन्दा भूमा अर्कै आफू जीव अर्कै भन्ने ठानिएला, नठानियोस् भनेर 'अहम्' भावले नै निर्देश गरिन्छ—म नै तलतिर छु, म नै माथितिर छु, म नै पछिल्तिर छु, म नै अघिल्तिर छु, म नै दक्खिनतिर छु, म नै उत्तरतिर छु, किं बहुना ? म नै समस्त जगत् हुँ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध—फेरि 'अहम्' भन्दा अविवेकीहरूले देहादि संघात-समेत लिइन्छ, यहाँ पनि त्यै लिइएला भन्ने आशङ्का गरी प्रकारान्तरले निर्देश गरिन्छ—

अथात आत्मादेश एव आत्मैवाधस्तादात्मोपरिष्टादात्मा पश्चादात्मा पुरस्तादात्मा दक्षिणत आत्मोत्तरत आत्मैवेदꣳसर्वमिति ॥ २ ॥

स वा एष एवं पश्यन्नेवं मन्वान एवं विजानन्नात्मरतिरात्मक्रीड आत्म-मिथुन आत्मानन्दः स स्वराड् भवति तस्य सर्वेषु लोकेषु कामचारो भवति अथ येऽन्यथातो विदुरन्यराजानस्ते क्षय्यलोका भवन्ति तेषाꣳ सर्वेषु लोकेष्वकाम-चारो भवति ॥ ३ ॥

श० प०—अथ=अब, अतः=यसपछि, आत्मादेशः=शुद्ध सत्-स्वरूप नै निर्देश गरिन्छ, आत्मा एव=आत्मा नै, अधस्तात्=मनितिर छ, आत्मा = आत्मा, उपरिष्टात् = माथितिर छ, आत्मा=आत्मा, पश्चात्=पछिल्तिर छ, आत्मा=आत्मा, पुरस्तात्=अघिल्तिर छ, आत्मा = आत्मा, दक्षिणतः = दक्खिनतिर छ, आत्मा=आत्मा, उत्तरतः = उत्तरतिर छ, आत्मा एव = आत्मा नै, इदम्=यो, सर्वम् = समस्त जगत् हो, इति=यो आत्मभावले गरिएको निर्देश हो, सः = त्यो, एषः=यो पुरुष, एवम्= यस्तो, पश्यत्=देख्तो, एवम्=यस्तो, मन्वानः=मनन गर्दो, एवम्=यस्तो, विजानन्= विशेषरूपले जान्दो, आत्मरतिः=आत्मामा नै रमाउने, आत्मक्रीडः=आत्मासँगै खेल्ने, आत्ममिथुनः=आत्मामा नै द्वन्द्वसुख भएको, आत्मानन्दः=आफैमा आनन्द भएको हुन्छ, सः=त्यो, स्वराट्=आफू नै राजा, भवति=हुन्छ, तस्य=त्यसको, सर्वेषु=समस्त, लोकेषु=लोकहरूमा, कामचारः=इच्छानुसार गति, भवति=हुन्छ, अथ=अर्को पक्षमा, ये=जो (आत्मालाई), अतः=यस रूपदेखि, अन्यथा=अर्को तरहले, (विपरीतरूपले वा असम्यक् रूपले), विदुः=जान्दछन्, ते=ती, अन्य-राजानः=अर्को छुट्टै राजा भएका, क्षय्यलोकाः=नाश हुने लोक भएका, भवन्ति = हुन्छन्, तेषाम्=तिनीहरूको, सर्वेषु=सबै, लोकेषु = लोकहरूमा, अकामचारः= इच्छानुसार गति नहुने, भवति=हुन्छ ।

स० वा०—अब शुद्ध सत्-स्वरूपले नै निर्देश गरिन्छ । आत्मा नै मनितिर छ, आत्मा नै माथितिर छ, आत्मा नै पछिल्तिर छ, आत्मा नै अघिल्तिर छ, आत्मा नै दक्खिनतिर छ, आत्मा नै उत्तरतिर छ, आत्मा नै यो सब जगत् हो । यो आत्मभावले गरिएको निर्देश हो । त्यो यस्तो पूर्ण आत्मा देख्तो, यस्तै मनन गर्दो, यस्तै विशेषतः जान्दो, पुरुष आत्मामा नै रमाउने (देह साधन नलिईकन) आत्मासँग खेल्ने (बाह्य साधन नचाहिने) आत्मामा नै द्वन्द्वसुख भएको (स्त्रीप्रयोग-निरपेक्ष) आत्माबाट नै आनन्द भएको (शब्दादिबाट होइन) हुन्छ । त्यो स्वयं राजा हुन्छ । त्यसको समस्त लोकमा इच्छानुसार गति हुन्छ । अनि जो त आत्मालाई यस रूपदेखि विपरीत वा

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेठीक रूपले जान्दछन् तो अर्को छुट्टै राजा (स्वामी) भएका नाशवान् लोक भएका हुन्छन् । तिनीहरूको सबै लोकमा इच्छानुसार गति नहुने हुन्छ ।

सातौं अध्यायमा पच्चीसौं खण्ड समाप्त

षड्विंश खण्ड

यस प्रकार जान्नेलाई मिल्ने फलको उपदेश

तस्य ह वा एतस्यैवं पश्यत एवं मन्वानस्यैवं विजानत आत्मतः प्राण आत्मत आशात्मतः स्मर आत्मत आकाश आत्मतस्तेज आत्मत आप आत्मत आविर्भावतिरोभावावात्मतोऽन्नमात्मतो बलमात्मतो विज्ञानमात्मतो ध्यानमात्मतश्चित्तमात्मतः सङ्कल्प आत्मतो मन आत्मतो वागात्मतो नामात्मतो मन्त्रा आत्मतः कर्माण्यात्मत एवेदꣳ सर्वमिति ॥ १ ॥

द० प०—तस्य = त्यो, एवम् = यस्तो, पश्यतः = देख्तो, एवम् = यस्तो, मन्वानस्य = मनन गर्दा, एवम् = यस्तो, विजानतः = विशेषतया जान्दो, एतस्य = यस विद्वान्को, आत्मतः एव = आफूबाट नै, प्राणः = प्राण हुन्छ, आत्मनः = आफूबाट, आशा = अप्राप्त वस्तुको आकांक्षा हुन्छ, आत्मनः = आफूबाट, स्मरः = स्मरण हुन्छ, आत्मनः = आफूबाट, आकाशः = आकाश हुन्छ, आत्मनः = आफूबाट, तेजः = तेज हुन्छ, आत्मनः = आफूबाट, आपः = जल हुन्छ, आत्मनः = आफूबाट, आविर्भाव-तिरोभाव = उत्पत्ति र प्रलय हुन्छन्, आत्मनः = आफूबाट, अन्नम् = अन्न हुन्छ, आत्मनः = आफूबाट, विज्ञानम् = शास्त्रार्थविषयक ज्ञान हुन्छ, आत्मनः = आफूबाट, ध्यानम् = चित्त-एकाग्रता हुन्छ, आत्मनः = आफूबाट, चित्तम् = प्राप्तकालानुरूप बोधतत्त्व हुन्छ, आत्मनः = आफूबाट, सङ्कल्पः = कर्तव्य, अकर्तव्यले विषयको विभाग गरेर समर्थन गर्ने वृत्ति हुन्छ, आत्मनः = आफूबाट, मनः = शान्तिविशिष्ट अन्तःकरण हुन्छ, आत्मनः = आफूबाट, वाक् = वाक् इन्द्रिय हुन्छ, आत्मनः = आफूबाट, नाम = नाम हुन्छ, आत्मनः = आफूबाट, मन्त्राः = मन्त्रहरू हुन्छन्, आत्मनः = आफूबाट, कर्माणि = अग्निहोत्रादि कर्म हुन्छन्, आत्मनः एव = आफूबाट नै, इदम् = यो, सर्वम् = समस्त जगत् हुन्छ, इति = यस्तो हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यो यस्तो देख्तो, यस्तै मनन गर्दो, यस्तै विशेष रूपले मान्दो विद्वान्को आफूबाट नै प्राण, आशा (अप्राप्त वस्तुको आकाङ्क्षा), स्मरण, आकाश, तेज, जल, उत्पत्ति, प्रलय हुन्छन् तथा अन्न, बल, विज्ञान (शास्त्रार्थविषयक ज्ञान), ध्यान (चित्तको एकाग्रता), चित्त (प्राप्तकालानुरूप बोधतत्त्व), सङ्कल्प (कर्तव्य, अकर्तव्य विषयको विभाग गरेर समर्थन गर्ने वृत्ति), मन (शान्ति विशिष्ट अन्तःकरण) वाक् इन्द्रिय, नाम, मन्त्रहरू र अग्निहोत्रादि कर्महरू, किं वहुना ! आफूबाट नै यो समस्त जगत् हुन्छ ।

टिप्पणी—सत्-स्वरूप आत्माको ज्ञान हुनुभन्दा अघि आफूभन्दा छुट्टा सत्बाट प्राण आदि नामसम्मका पदार्थको उत्पत्ति प्रलय हुन्थे । सत्स्वरूप आफ्ना (आफू) को ज्ञान भएपछि त आफूबाट नै तिनको उत्पत्ति प्रलय हुने अनुभव हुन्छन् ।

तदेष श्लोको न पश्यो मृत्युं पश्यति न रोगं नोत दुःखताꣳ सर्वꣳ ह पश्यः पश्यति सर्वमाप्नोति सर्वश इति । स एकधा भवति त्रिधा भवति पञ्चधा सप्तधा नवधा चैव पुनश्चैकादशः स्मृतः शतं च दश चैकश्च सहस्राणि च विꣳशतिराहारशुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः स्मृतिलम्भे सर्वग्रन्थीनां विप्रमोक्षस्तस्मै मृदितकषायाय तमसस्पारं दर्शयति भगवान् सनत्कुमारस्तꣳस्कन्द इत्याचक्षते तꣳ स्कन्द इत्याचक्षते ॥ २ ॥

द० प०—तत् = त्यै यस विषयमा, एषः = यो 'नपश्यः' देखि 'सर्वशः' सम्मको, श्लोकः = मन्त्र, भवति = छ, [अर्थ हो—] पश्यः=यथोक्तदर्शी विद्वान्, मृत्युम् = मृत्यु, न पश्यति = देख्तैन, रोगम्=रोग, न + पश्यति = देख्तैन, दुःखताम् इत = दुःखभाव पनि, न+पश्यति=देख्तैन, पश्यः=उक्तानुसार दृष्टि भएको विद्वान्, सर्वम् ह=सबै कुरालाई [आत्मानम् एव]=आत्मरूप नै, पश्यति=देख्तछ, (अतएव) सर्वम्=सबै कुरालाई, सर्वशः=हरप्रकारले, आप्नोति=प्राप्त गर्दछ, इति=यो मन्त्र समाप्त भयो । (अर्को कुरा—) सः=त्यो विद्वान् (सृष्टि-भेदभन्दा पहिले) एकधा =एकरूपै, भवति = हुन्छ, (सृष्टिकालमा) त्रिधा = तीन प्रकारको, भवति = हुन्छ, पञ्चधा=पाँच प्रकारको, सप्तधा=सात प्रकारको, नवधा = नव प्रकारको, च एव = पनि हुन्छ, पुनः च=फेरि पनि, एकादश=एघार, शतम्=सय, दश=दश, एकः=एक, सहस्राणि च=हजार, विंशतिः च = बीस संख्याको, स्मृतः=कहिएको छ । परं च= अर्को कुरा पनि छ, आहार-शुद्धौ=विषयोपलब्धिरूप बुद्धिवृत्ति शुद्ध भएमा, सत्त्वशुद्धिः=अन्तःकरणको निर्मलता हुन्छ, सत्त्वशुद्धौ=अन्तःकरण शुद्ध भएमा, ध्रुवा= विछिन्न नहुने, स्मृतिः=सम्झना हुन्छ, स्मृतिलम्भे = स्मृति पाएमा, सर्वग्रन्थीनाम्= समस्त अविद्याकृत-अनर्थ-पारारूप ग्रन्थिहरूको, विप्रमोक्षः=विशेष तरीकाले मोचन हुन्छ, मृदितकषायाय=(ज्ञान वैराग्यका अभ्यासले) रागद्वेषादि दोष नष्ट गरिसकेका,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मै=ती नारदलाई, भगवान्=पूज्य, सनत्कुमारः=सनत्कुमारले, तमसः = अविद्यारूप अन्धकारको, पारम्=पार (परमार्थतत्त्व), दर्शयति = देखाए, तम्=ती, सनत्कुमारलाई, स्कन्दः इति='स्कन्द' भनी, आचक्षते=भन्दछन्, तम्=तिनीलाई, स्कन्दः इति='स्कन्द' भनी, आचक्षते = भन्दछन्, कथन गर्छन् ।

स० वा०—यस विषयमा 'नपश्यः' देखि 'सर्वशः' सम्मको यो मन्त्र छ । यसको अर्थ हो—यथोक्तदर्शी विद्वान्ले मृत्युलाई देख्तैं त्यो विद्वान् सबलाई आफैं देख्तछ । अतएव सबैं कुरालाई, सब प्रकारले प्राप्त गर्दछ । अर्को कुरा—यो विद्वान् सृष्टिभेद हुनुभन्दा पहिले एकै प्रकारको रहीकन सृष्टिकालमा तीन प्रकारको, पाँच प्रकारको, सात प्रकारको, नौ प्रकारको र एघार प्रकारको हुन्छ । एवम् सय, दश, एक, हजार, बीस संख्याको हुन्छ ।

अब यथोक्त विद्या राम्ररी स्फुरण हुनामा हेतुभूत साधनको उपदेश गरिन्छ । विषयोपलब्धिरूप बुद्धिवृत्ति शुद्ध भएमा अन्तःकरणको शुद्धि हुन्छ । अन्तःकरण शुद्ध भएमा विच्छिन्न नहुने स्मृति (सम्झना) हुन्छ । स्मृतिलाभ भएमा अविद्याकृत अनर्थपाशरूप ग्रन्थिहरू फुक्तछन् । यसरो सत्त्वशुद्धि आदि पछि-पछिका कुरा आहारशुद्धिमूलक हुनाले आहारशुद्धि अवश्य गर्नुपर्दछ ।

यसरी ज्ञान-वैराग्यका अभ्यासले राग-द्वेषादि कषाय नष्ट गरिसकेका नारदलाई भगवान् (प्राणीको उत्पत्ति विनाशादि समस्त कुरा जान्ने) सनत्कुमारले अविद्यारूप अन्धकारको परमार्थतत्त्व देखाइदिए । ती सनत्कुमारलाई 'स्कद' भन्दछन् ।

[आवृत्ति अध्याय समाप्ति-सूचनार्थ छ]

टिप्पणी—'उत्पत्तिं प्रलयं चैव भूतानामागतिं गतिम् ।
'वेत्ति विद्यामविद्यां च स वाच्यो भगवानिति ॥'

जो प्राणीहरूको उत्पत्ति, प्रलय, आउनु, जानु, विद्या, अविद्या सब जान्दछ त्यसलाई भगवान् भन्नू ।

सातौं अध्याय छब्बीसौं खण्ड समाप्त

छान्दोग्य उपनिषद्मा सातौं अध्यायमा सम्पूर्ण

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम अध्याय

प्रथम खण्ड

दहरपुण्डरीकमा ब्रह्मको उपासना

संबन्ध—यद्यपि छैटौं र सातौं अध्यायमा दिशा, देश, काल आदि भेदले रहित ब्रह्म 'सत् एकमात्र अद्वितीय छ,' 'आत्मा नै यो सब हो' भनी जानिएको छ, तैपनि 'यहाँ दिशा, देश आदि भेदले युक्त वस्तु छ' भन्ने भावनाले युक्त मन्दवुद्धिहरूको वुद्धि सहसा परमार्थ-सम्बन्धिनी गराउन सकिंदैन, फेरि ब्रह्मलाई नजानीकन पुरुषार्थसिद्धि पनि हुन सक्तैन । यसकारण त्यसको अनुभव हुनाका निम्ति हृदयकमल-रूप देश (स्थल) को उपदेश गर्नुपर्नेछ ।

हुनत आत्मतत्त्व सत् एकमात्र सम्यक् ज्ञानको विषय र निर्गुण छ, तैपनि मन्दवुद्धि पुरुषहरूलाई त्यसको सगुणता नै इष्ट छ । यसकारण त्यो सत्संकल्पादि गुणले युक्त छ भन्ने प्रतिपादन गर्नु आवश्यक छ । यै किसिमले, यद्यपि ब्रह्मोपासकलाई स्त्री आदि विषयवाट स्वयम् उपरति हुन्छ, तथापि अनेक जन्मका विषय-सेवनका अभ्यासले उत्पन्न भएको विषय-सम्बन्धिनी तृष्णा सहसा निवृत्त गर्न सकिंदैन, यसकारण ब्रह्म-चर्यादि साधनविशेषको विधान गर्नु पनि आवश्यक छ । यसै गरी, यद्यपि आत्माको एकत्व जान्नेहरूका दृष्टिमा गमनकर्ता, गमनक्रिया, गन्तव्य देशको अभाव हुन जानाका कारण शरीर-स्थितिको निमित्त भूत अविद्या आदिको क्षय भएकोले, बिजुली, वढेको हावा, दाउरा सल्केर सिद्धिइसकेको आगो आकाशमा लीन भएजस्तै आफ्नो आत्मामा नै निवृत्त हुने हुन्छ । तथापि जसको बुद्धि गन्ता, गमन आदिका वासनाले युक्त छ त्यस्ता हृदय-स्थलवाला गुणादि शिष्ट-ब्रह्मका उपासकहरूको शीर्षस्थ नाडीवाट हुने गतिको बयान गर्नु छ भनेर यो आठौं प्रपाठकको आरम्भ गरिन्छ । श्रुतिले ठानेको छ–'दिक्, देश, गुण, गति, फलहरूका भेदले शून्य परमार्थ सत्स्वरूप भएको अद्वय ब्रह्म पनि मन्दबुद्धिलाई असत् (नभएजस्तो) भान हुन्छ । तिनीहरू पहिले ठीक बाटोमा आउन्, त्यसपछि विस्तारै परमार्थ सत् पनि ग्रहण गराउँला ।'

हरिः ॐ अथ यदिदमस्मिन्ब्रह्मपुरे दहरं पुण्डरीकं वेश्म दहरोऽस्मिन्नन्तराकाशस्तस्मिन्यदन्तस्तदन्वेष्टव्यं तद्वाव विजिज्ञासितव्यमिति ॥ १ ॥

द० प०—अथ=अब अर्को प्रकरण आरम्भ गरिन्छ । यद्=जो, इदम्=यो, अस्मिन्=यस, ब्रह्मपुरे=शरीरमा, दहरम्=सूक्ष्म, पुण्डरीकम्=कमलरूप, वेश्म=घर छ, तस्मिन्=यसमा, दहरः=सूक्ष्म, अन्तराकाशः=भित्री आकाशसंज्ञक ब्रह्म

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

छ, तस्मिन् = त्यसमा, यद्=जुन तत्त्व, अन्तः=भित्र छ, त्यो तत्त्व, अन्वेष्टव्यम्= खोजी गर्नुपर्दछ, तत् वाव=त्यो नै, विजिज्ञासितव्यम्=विशेषरूपले जान्न इच्छा गर्नुपर्दछ, इति = यो उपदेश छ ।

स० वा०—अब अर्को प्रकरणको आरम्भ गरिन्छ। जो यो यस शरीरमा सूक्ष्म कमल (मुटु) रूप छ र, त्यसमा सूक्ष्म आकाशसंज्ञक ब्रह्म छ। त्यसको बीचमा जुन तत्त्व छ, त्यसको खोजी गर्नुपर्दछ, त्यै तत्त्व विशेषरूपले जान्न चाहनुपर्दछ ।

तं चेद् ब्रूयुर्यदिदमस्मिन्ब्रह्मपुरे दहरं पुण्डरीकं वेश्म दहरोऽस्मिन्नन्तराकाशः किं तदत्र विद्यते यदन्वेष्टव्यं यद्वाव विजिज्ञासितव्यमिति स ब्रूयात् ॥ २ ॥

द० प०—यद्=जो, इदम्=यो, अस्मिन्=यस, ब्रह्मपुरे=शरीरमा, दहरम्=सूक्ष्म, पुण्डरीकम् = कमलरूप, वेश्म=घर छ, अस्मिन्=यसमा, दहरः= सूक्ष्म, अन्तराकाशः=भित्री अकाश भनिने ब्रह्म छ, तत्र=त्यसमा, तत् = त्यो, किम्= के, विद्यते=छ, यत्=जो, अन्वेष्टव्यम्=खोजी गर्नुपर्ने र, यद् वाव=जुन नै, विजिज्ञासितव्यम्=विशेषरूपले जान्न चाहनुपर्छ, इति=यसरी, तम्=ती आचार्यलाई (शिष्यहरूले) ब्रूयुः चेत्=भने भने, सः =त्यो आचार्यले, ब्रूयात्=यसो भनोस्—

स० वा०—जो यो यस शरीरमा सूक्ष्म कमल (मुटु)–रूप घर छ, त्यसमा सूक्ष्म आकाशसंज्ञक ब्रह्म छ; त्यस सूक्ष्मभित्र फेरि त्यो के चीज हुन सक्तछ ? केही पनि हुँदैन, जो कि खोजी गर्नुपर्ने छ र त्यो नै विशेषरूपले जान्न चाहनुपर्नेछ भनिन्छ । यसरी आचार्यलाई शिष्यहरूले प्रश्न गरे भने आचार्यले यसो भन्नू—

टिप्पणी—कमल (मुटु)-भित्रको आकाश अल्प हुनाले त्यसमा रहेको वस्तु ज्यादै अल्प होला भनिठान्छौ त्यो ठीक होइन। कमलरूप घरभित्र रहेको चीज घरभन्दा अल्प नै छ भनेर मैले भनेको होइन । के त भने मुटु सानो छ, त्यै सुहाउँदो त्यसभित्रको अन्तःकरण मुटुले अड्कलिएको छ। सम्पूर्ण इन्द्रियलाई खिँचेका योगीहरूका त्यस शुद्ध अन्तःकरणमा स्वच्छ पानीमा छाया जस्तै, निर्मल ऐनामा रूप जस्तै विज्ञानज्योतिःस्वरूपले प्रतीत हुने ब्रह्म त्यै मुटु परिमाणको उपलब्ध हुन्छ भनेको हो । अन्तःकरण उपाधि भएकाले यसभित्रको आकाश सूक्ष्म भनिएको हो । स्वतः त—

यावान्वा अयमाकाशस्तावानेषोऽन्तर्हृदय आकाश उभे अस्मिन्द्यावापृथिवी अन्तरेव समाहिते उभावग्निश्च वायुश्च सूर्याचन्द्रमसावुभौ विद्युन्नक्षत्राणि यच्चास्येहास्ति यच्च नास्ति सर्वं तदस्मिन्समाहितमिति ॥ ३ ॥

द० प०—यावान् वै = जति नै, अयम्=यो, आकाशः = आकाश छ, द्यावा पृथिवी=द्युलोक र पृथिवी, उभे=दवै, अस्मिन्=यस आकाशमा, अन्तः एव = भित्र

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै, समाहिते=रहेका छन्, (तथा) अग्निः=अग्नि, च=र, वायुः=वायु, च=पनि, उभौ=दुवै, (एवम्) सूर्याचन्द्रमसौ=सूर्य र चन्द्रमा, उभौ=दुवै, (तथा) विद्युत्=विजुली, नक्षत्राणि=नक्षत्रहरू, यत् च=जो, अस्य=यस देही आत्माको, इह=यस लोकमा, अस्ति=आफ्नो भन्ने रूपबाट छ, यत् च=जुन, न अस्ति (पछि नाश हुने हुनाले) छैन, तत्=त्यो, सर्वम्=सबै कुरो, अस्मिन् यो ब्रह्माकाशमा, समाहितम्=रहेको छ, इति=यस्तो जवाफ छ ।

स० वा०—जति यो आकाश छ, त्यति यो हृदयभित्र आकाश छ, द्युलोक, पृथिवी दुवै, यस आकाशमा रहेका छन् । तथा अग्नि, वायु दुवै तथा सूर्य, चन्द्र दुवै तथा बिजुली र नक्षत्रहरू, किं बहुना यस देही आत्माको यस लोकमा जो आफ्नो भन्नु चीज छ र जो भविष्यमा नाश हुने हुनाले छैन पनि, त्यो सब यै बुद्धयुपाधिविशिष्ट ब्रह्माकाशमा रहेको छ ।' यो शिष्यहरूलाई जबाफ हो ।

टिप्पणी—ब्रह्मलाई आकाशतुल्य परिमाणको मानेर यसो भनेको पनि होइन । "जसले आकाश, द्युलोक, ढाकेको छ" (महानारा उ० १।३) "त्यो यस आत्माबाट आकाश उत्पन्न भयो" (तैत्ति० उ० २।१।१) "हे गार्गी ! यस अक्षर तत्त्वमा नै आकाश स्थित छ" (बृ० उ० ३।८।११) इत्यादि श्रुतिहरू छन् । अतः ब्रह्म आकाशभन्दा पनि बृहत्तम छ ।

तं चेद् ब्रूयुरस्मिꣳश्चेदिदं ब्रह्मपुरे सर्वꣳ समाहितꣳसर्वाणि च भूतानि सर्वे च कामा यदैतज्जरा वाप्नोति प्रध्वꣳसते वा किं ततोऽतिशिष्यत इति ॥४॥

द० प०—अस्मिन्=यस, ब्रह्मपुरले उपलक्षित अन्तराकाशमा, इदम्=यो, सर्वम् = सबै, समाहितम् = रहेको छ, (के सबै ?) सर्वाणि = सम्पूर्ण, भूतानि = भूतहरू, च = र, सर्वे = समस्त, कामाः = इच्छा गरिने चीजहरू, च = पनि, (रहेका छन्) चेत् = भने, यदा = जब, एतत् = यो ब्रह्मपुरसंज्ञक शरीरलाई, जरा = बुढ्याइँले, आप्नोति = प्राप्त गर्दछ, वा = अथवा, प्रध्वंसते वा = नाश नै हुन्छ, ततः = त्यसभन्दा, [अन्यत्] = अर्को, किम् = के, अवशिष्यते = बाँकी रहन्छ ? इति=यसरी, तम् = ती आचार्यलाई, ब्रूयुः चेत् (शिष्यहरूले) सोध्लान् त !

स० वा०—यस अन्तराकाशमा यी सबै—भनौं—संपूर्ण भूतहरू र समस्त काम्य चीज रहेका छन् भने जब यसमा बुढ्याइँ लाग्छ वा नष्ट नै हुन्छ, तब त्यसभन्दा बाहेकको के बाँकी रहन्छ ? भनी आचार्यलाई शिष्यहरूले प्रश्न गरे भने––

स ब्रूयान्नास्य जरयैतज्जीर्यति न वधेनास्य हन्यत एतत्सत्यं ब्रह्मपुरमस्मिन्कामाः समाहिता एष आत्मापहतपाप्मा विजरो विमृत्युर्विशोको विजिघत्सोऽपिपासः सत्यकामः सत्यसंकल्पो यथा ह्येवेह प्रजा अन्वाविशन्ति

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथानुशासनं यं यमन्तमभिकामा भवन्ति यं जनपदं यं क्षेत्रभागं तं तमेवोपजीवन्ति ॥ ५ ॥

द० प०—सः=त्यो, (आचार्यले) ब्रूयात्=उत्तर देओस्, अस्य=यो शरीरको, जरया=बुढ्याइंले, एतत्=यो अन्तराकाशसंज्ञक ब्रह्म, न जीर्यति=बुढ़िदैन, (थोत्रिदैन), अस्य = यस शरीरको, बधेन=शास्त्रादिका चोटले, एतत् = यो, न हन्यते=घायल हुंदैन, त्यसभन्दा सूक्ष्म अशब्द अस्पर्श ब्रह्मको त कुरै के गर्नुपर्‍यो, एतत् = यो, सत्यम् = परमार्थ सत्य, ब्रह्मपुरम्=ब्रह्मस्वरूपै पुर हो, (शरीरनामक ब्रह्मपुर त ब्रह्मको उपलक्षणका निमित्त मात्र भनिएको हो, त्यो त विकार पदार्थ झूटा नै हो) अस्मिन्=यस (मुटुरूप कमलले उपलक्षित ब्रह्मपुरमा), कामाः=कामना गरिने, समाहिताः=स्थित छन्, एषः=यो, आत्मा=(तिमीहरूको) स्वरूप हो, अपहतपात्मा=धर्म अधर्मरूप पाप हटेको छ, विजराः=जरारहित, विमृत्युः=मृत्युरहित, विशोकः=शोकहीन, विजिघत्सः=खाने इच्छा नभएको, अपिपासः=पिउने इच्छा नभएको, सत्यकामः=सफल कामना भएको, सत्यसंकल्पः = साँचो संकल्प भएको छ; [यी ईश्वरका संकल्प र कामना शुद्ध सत्त्वोपाधिनिमित्तक हुन् स्वतः होइनन्, 'नेति नेति' भनिएकै छ । स्वराज्यको कामना गर्नेले उक्त लक्षणकै निरुपाधिक आत्मा (गुरु) शास्त्रहरूद्वारा स्वसंवेद्यरूपले जान्नुपर्दछ । नजानेमा के दोष होला ? यसमा यो दोष हो, त्यो दृष्टान्तद्वारा दर्शाउँछन्] यथा=जस्तो, इह=यस लोकमा, प्रजाः=(आफू भिन्नलाई मालिक मान्ने) दुनियाँहरू, यथानुशासनम्=(मालिकको) अनुशासनका अनुसार, अन्वाविशन्ति=अनुवर्त्तन गर्दछन्, (केको अनुवर्त्तन गर्दछन् ?) यम् यम्=जुन जुन, अन्तम्=ठाउँप्रति, यम्=जुन, जनपदम्=देशप्रति, यम्=जुन, क्षेत्रभागम्=क्षेत्रको खण्डप्रति, अभिकामाः=(आफाफ्नो बुद्धि-अनुसार) चाहना गर्ने हुन्छन्, तम् तम्=त्यै त्यै देश वा खण्डलाई, उपजीवन्ति=आश्रय गरेर जीवन धारण गर्दछन्, (यस्तै गरी स्वाराज्य चाहनेको ईश्वरको अनुशासन-अनुसार गुरु, आश्रयद्वारा निरुपाधिक आत्मालाई नै चिन्नुपर्दछ र त्यो प्राप्त गर्न सकिन्छ, त्यसै मनपर्दी गरेर सकिंदैन ।)

स० वा०—त्यो आचार्यले उत्तर देओस्—यो शरीरको बुढ्याइंले यो अन्तराकाशसंज्ञक ब्रह्म बुढ़िदैन । यस शरीरको चोटले यो अन्तराकाश संज्ञक ब्रह्म घायल हुँदैन, त्यसभन्दा सूक्ष्म 'अशब्द स्पर्श' ब्रह्म विकृत हुँदैन भन्ने कुरा त गर्ने परेन । यो परमार्थ सत्य ब्रह्मरूपै पुर हो । शरीर नामक ब्रह्मपुर त ब्रह्मको उपलक्षणका निमित्त मात्र मानिएको हो । त्यो त विकार पदार्थ हुनाले झूटै हो । यस मुटुरूप कमलले उपलक्षित ब्रह्मपुरमा कामना गरिने समस्त चीज स्थित छन् । यो आत्मा तिमीहरूको स्वरूप हो । यो धर्म अधर्मरूप पापले वर्जित जरा-रहित, मृत्यु-रहित, शोक-शून्य, खाने-पिउने इच्छा नभएको, सफल कामना भएको र साँचो संकल्प भएको छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[ईश्वरका यी संकल्प र कामना शुद्धसत्त्वोपाधिनिमित्तक हुन्, स्वतः होइनन्। 'नेति नेति' भनिएकै छ। स्वाराज्यको कामना गर्नेले उक्त लक्षणकै निरुपाधिक आत्मा गुरु तथा शास्त्रहरूद्वारा स्वसंवेद्यरूपले जान्नुपर्दछ। नजानेमा के दोष ? भनेमा त्यो दोष दृष्टान्तद्वारा सम्झनुपर्दछ। जस्तो यस लोकमा दुनियाँहरू राजाका अनुशासन-अनुसारै अनुवर्त्तन गर्दछन्—आफ्ना योग्यता-अनुसार जुन-जुन ठाउँ (देश वा क्षेत्रखण्ड-प्रति चाहना राख्तछन्; त्यै त्यै ठाउँ शासन गर्न वा कमाइ गर्न पाउँछन् र त्यसैका आश्रय-मा जीवनवृत्ति चलाउने हुन्छन्, स्वेच्छाले मात्र जहाँ तहाँ ठाउँ पाउने हुँदैनन्, यस्तै कोही योग्यताले स्वाराज्य (स्वराट्भाव) को चाहना गर्दछ भने त्यसले ईश्वरको अनु-शासन-अनुसारै गुरु तथा शास्त्रहरूद्वारा निरुपाधिक आत्मालाई नै जान्नु-चिन्नुपर्दछ र स्वाराज्य-प्राप्ति गर्न सक्तछ, मनमानी सोपाधिक आत्माका ज्ञानले प्राप्त गर्न सक्तैन। —यै दोष हुन्छ।]

पुण्यकर्मका फलको अनित्यत्व

तद्यथेह कर्मजितो लोकः क्षीयत एवमेवामुत्र पुण्यजितो लोकः क्षीयते तद्य इहात्मानमननुविद्य व्रजन्त्येतांश्च सत्यान्कामांस्तेषां सर्वेषु लोकेष्व-कामचारो भवत्यथ य इहात्मानमनुविद्य व्रजन्त्येतांश्च सत्यान् कामांस्तेषां सर्वेषु लोकेषु कामचारो भवति ॥ ६ ॥

द० प०—तत्=त्यस कर्मफलका विषयमा (यो अर्को दृष्टान्त छ—) यथा =यस्तो, इह=यस लोकमा, कर्मजितः = कर्मले आर्जिएको, लोकः=लोक, क्षीयते= नाश हुने हुन्छ, एवम् एव=यस्तै, अमुत्र=परत्रमा, पुण्यजितः=अग्निहोत्रादि पुण्यले आर्जेको, लोकः=लोक, क्षीयते=नाश हुने हुन्छ, तत्=त्यसकारण, ये=जो, इह= यस लोकमा, आत्मानम्=आत्मालाई, च=र, एतान्=यी आत्मामा रहेका, सत्यान् =सत्यसंकल्पका कार्यभूत, कामान्=अभीष्ट कुराहरूलाई, अननुविद्य=उपदेशानुसार नजानी, व्रजन्ति=(यस देहबाट) चल्दछन्, तेषाम्=तिनीहरूको; सर्वेषु=सम्पूर्ण, लोकेषु=लोकमा, अकामचारः = इच्छानुसारको गति नहुने, भवति=हुन्छ, अथ=अर्को पक्षमा, ये=जो, इह=यस लोकमा, आत्मानम् = आत्मालाई, च=र, एतान्=यी, (आत्मामा रहेका), सत्यान्=सत्यसंकल्पका कार्यभूत, कामान्=अभीष्ट कुरालाई, अनुविद्य=उपदेशानुसार जानेर, व्रजन्ति=(यस देहबाट) चल्दछन्, तेषाम् = तिनी-हरूको, सर्वेषु = समस्त, लोकेषु = लोकमा, कामचारः = इच्छानुसार गति, भवति = हुन्छ।

स० वा०—कर्मफलको क्षय हुने विषयमा यो दृष्टान्त छ—जस्तो यस लोकमा राजा आदिका अनुशासनमा रहने प्रजाहरूले सेवा आदिबाट पाएको प्रान्त, जिल्ला आदि (एक प्रकारको लोक) को भोग अधिकार पराधीन हुनाले एक बखत नाश हुने

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal.

हुन्छ, त्यस्तै परत्र अग्निहोत्र आदि पुण्य कर्मले जितेको लोक नाश हुने हुन्छ । त्यसकारण जो यहाँ आत्मालाई तथा आत्मामा रहेका सत्यसंकल्पका कार्यभूत अभीष्ट लोकहरूलाई उपदेशानुसार नजानी यस देहबाट चल्दछन्, तिनीहरूको सम्पूर्ण लोकमा इच्छानुसार गति हुँदैन । जो त यस लोकमा आत्मालाई तथा आत्मामा स्थित सत्यसंकल्प (ईश्वरीय) का कार्यभूत लोकहरूलाई गुरु एवं शास्त्रको उपदेशानुसार जानेर यस देहबाट चल्दछन् तिनीहरूको सम्पूर्ण लोकमा इच्छानुसार गति हुन्छ ।

आठौं अध्यायमा पहिलो खण्ड समाप्त

●

द्वितीय खण्ड

दहर ब्रह्मको उपासनाको फल

संबन्ध—उसको समस्त लोकमा इच्छानुसारी गति कसरी हुन्छ, सो बताइन्छ, जसले ब्रह्मचर्यादि साधनले सम्पन्न भई यथोक्त लक्षणको आत्मालाई एवं त्यसमा स्थित अभीष्ट लोकहरूलाई साक्षात् गरिसकेको छ—

स यदि पितृलोककामो भवति संकल्पादेवास्य पितरः समुत्तिष्ठन्ति तेन पितृलोकेन सम्पन्नो महीयते ॥ १ ॥

द० प०—सः=त्यो, यदि = यदि, पितृलोककामः = पितृरूप लोकको चाहना भएको, भवति=हुन्छ भने, अस्य = यसका, पितरः = बाबु बाजेहरू, संकल्पात् एव = संकल्प मात्रले, समुत्तिष्ठन्ति = उपस्थित हुन्छन्, (आत्मसंबन्धी हुन आउँछन्), तेन = त्यो, पितृलोकेन=पितृगणरूप लोक-भोगले, संपन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो पितृगणरूप लोकको कामना गर्छ भने त्यसका बाबु बाजे संकल्प मात्रले उपस्थित हुन्छन् । त्यो प्रितृगणरूप लोक भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

टिप्पणी—यस प्रकरणमा सुखका हेतु हुनाले भोग्य हुनाका कारण पितृ-मातृ भ्रात्रादि सबैलाई 'लोक' भन्ने व्यवहार गरिएको छ ।

अथ यदि मातृलोककामो भवति संकल्पादेवास्य मातरः समुत्तिष्ठन्ति तेन मातृलोकेन सम्पन्नो महीयते ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ = तथा, (त्यो) मातृलोककामः = मातृरूप लोकको चाहना भएको, भवति यदि = हुन्छ भने, अस्य = यसका, मातरः = आमा बज्यैहरू, संकल्पात् एव = संकल्प मात्रले, समुत्तिष्ठन्ति = उपस्थित हुन्छन् (आत्म-सम्बन्धी हुन आउँछन्) तेन = त्यो, मातृलोकेन = मातृगणरूप लोक-भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो मातृगणरूप लोकको कामना गर्दछ भने त्यसका आमा, बज्यैहरू संकल्प मात्रले उपस्थित हुन्छन् । त्यो मातृगणरूप लोक-भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

अथ यदि भ्रातृलोककामो भवति सङ्कल्पादेवास्य भ्रातरः समुत्तिष्ठन्ति तेन भ्रातृलोकेन सम्पन्नो महीयते ॥ ३ ॥

द० प०—अथ = तथा, (त्यो) भ्रातृलोककामः = भ्रातृरूप लोकको चाहना भएको, भवति यदि = हुन्छ भने, अस्य = यसका, भ्रातरः = दाजु-भाइहरू, सङ्कल्पात् एव = सङ्कल्प मात्रले, समुत्तिष्ठन्ति = उपस्थित हुन्छन्, तेन = त्यो, भ्रातृलोकेन = भ्रातृगणरूप लोक-भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो भ्रातृगणरूप लोकको कामना गर्दछ भने त्यसका दाजुभाइहरू सङ्कल्प मात्रले उपस्थित हुन्छन् । त्यो भ्रातृगणरूप लोकभोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

अथ यदि स्वसृलोककामो भवति संकल्पादेवास्य स्वसारः समुत्तिष्ठन्ति तेन स्वसृलोकेन सम्पन्नो महीयते ॥ ४ ॥

द० प०—अथ = तथा, (त्यो) स्वसृलोककामः = स्वसृरूप लोकको चाहना भएको, भवति यदि = हुन्छ भने, अस्य = यसका, स्वसारः = दिदीबहिनीहरू, सङ्कल्पात् एव = सङ्कल्प मात्रले, समुत्तिष्ठन्ति = उपस्थित हुन्छन्, तेन = त्यो, स्वसृलोकेन = स्वसृगणरूप लोक-भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो स्वसृगणरूप लोकको कामना गर्दछ भने त्यसका दिदीबहिनीहरू सङ्कल्प मात्रले उपस्थित हुन्छन् । त्यो स्वसृगणरूप लोक-भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

यथ यदि सखिलोककामो भवति संकल्पादेवास्य सखायः समुत्तिष्ठन्ति तेन सखिलोकेन सम्पन्नो महीयते ॥ ५ ॥

द० प०—अथ = तथा, (त्यो) सखिलोककामः = सखिरूप लोकको चाहना भएको, भवति यदि = हुन्छ भने, अस्य = यसका, सखायः = सँगीसाथीहरू, सङ्कल्पात् एव = सङ्कल्प मात्रले, समुत्तिष्ठन्ति = उपस्थित हुन्छन्, तेन = त्यो, सखिलोकेन = सखिगणरूप लोक भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यो सखिगणरूप लोकको कामना गर्दछ भने त्यसका सँगीसाथीहरू सङ्कल्प मात्रले उपस्थित हुन्छन् । त्यो सखिगणरूप लोकको भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

अथ यदि गन्धमाल्यलोककामो भवति संकल्पादेवास्य गन्धमाल्ये समुत्तिष्ठतस्तेन गन्धमाल्यलोकेन सम्पन्नो महीयते ॥ ६ ॥

द० प०—अथ = तथा, (त्यो) गन्धमाल्यलोककामः = गन्धमाल्यरूप लोकको कामना भएको, भवति यदि = हुन्छ भने, अस्य = यसलाई, गन्धमाल्ये = चन्दन-मालाहरू, संकल्पात् एव = संकल्प मात्रले, समुत्तिष्ठतः = उपस्थित हुन्छन्, तेन = त्यो, गन्धमाल्यलोकेन = गन्धमाल्यरूप लोकको भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो गन्धमाल्यरूप लोकको कामना गर्दछ भने त्यसलाई चन्दन-मालाहरू संकल्प मात्रले उपस्थित हुन्छन् । त्यो गन्धमाल्यरूप लोकको भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

अथ यद्यन्नपानलोककामो भवति संकल्पादेवास्यान्नपाने समुत्तिष्ठतस्तेनान्नपानलोकेन सम्पन्नो महीयते ॥ ७ ॥

द० प०—अथ = तथा, (त्यो) अन्नपानलोकामः = अन्नपानरूप लोकको कामना भएको, भवति = यदि हुन्छ भने, अस्य = यसलाई, अन्नपाने = अन्न र पान (पेय पदार्थ), संकलपात् एव = संकलप मात्रले, समुत्तिष्ठतः = उपस्थित हुन्छन्, तेन = त्यो, अन्नपानलोकेन = अन्नपानरूप लोकको भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो अन्नपानरूप लोकको कामना गर्दछ भने त्यसलाई अन्न, पान (पेय पदार्थ) हरू संकल्प मात्रले उपस्थित हुन्छन् । त्यो अन्न पानरूप लोकको भोगले युक्त महिमाको अनुभव गर्दछ ।

अथ यदि गीतवादित्रलोककामो भवति संकल्पादेवास्य गीतवादित्रे समुत्तिष्ठतस्तेन गीतवादित्रलोकेन सम्पन्नो महीयते ॥ ८ ॥

द० प०—अथ = तथा, (त्यो) गीतवादित्रलोककामः = गीतवादित्ररूप लोकको चाहना भएको, भवति यदि = हुन्छ भने, अस्य = यसलाई, गीतवादित्रे = गानबजान, संकल्पात् एव = संकल्प मात्रले, समुतिष्ठतः = उपस्थित हुन्छन्, तेन = त्यो, गीतवादित्रलोकेन = गीतवादित्ररूप लोकको भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स०वा०—त्यो गीतवादित्ररूप लोकको कामना गर्दछ भने त्यसलाई गान-बजान

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संकल्प मात्रले उपस्थित हुन्छन् । त्यो गीतवादित्ररूप लोकको भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

अथ यदि स्त्रीलोककामो भवति संकल्पादेवास्य स्त्रियः समुत्तिष्ठन्ति तेन स्त्रीलोकेन सम्पन्नो महीयते ॥ ९ ॥

द० प०—अथ = तथा (त्यो) स्त्रीलोककामः = स्त्रीरूप लोकको चाहना गर्ने, भवति यदि = हुन्छ भने, अस्य = यसलाई, स्त्रियः = स्त्रीहरू, संकलपात् एव = संकल्प मात्रले, समुत्तिष्ठन्ति = उपस्थित हुन्छन्, तेन = त्यो, स्त्रीलोकेन = स्त्रीरूप लोकको. भोगले सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो स्त्रीरूप लोकको कामना गर्दछ भने त्यसलाई स्त्रीहरू संकलप मात्रले उपस्थित हुन्छन्, त्यो स्त्रीरूप लोकको भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

यं यमन्तमभिकामो भवति यं कामं कामयते सोऽस्य संकल्पादेव समुत्तिष्ठति तेन सम्पन्नो महीयते ॥ १० ॥

द० प०—अथ = तथा (त्यो) यम् यम् = जुन जुन, अन्तम् = प्रदेशप्रति, अभिकामः = चाहना भएको, भवति = हुन्छ, (तथा) यम् = जुन (उक्त व्यतिरिक्त पनि), कामम् = भोग, कामयते = चाहन्छ, सः = त्यो, अस्य = यसका, संकलपात् एव = संकल्प मात्रले, समुत्तिष्ठति = उपस्थित हुन्छ, तेन = त्यस प्रदेश र भोगले, सम्पन्नः = युक्त भई, महीयते = महिमाको अनुभव गर्दछ ।

स० वा०—त्यो जुन जुन प्रदेश (ठाउँ) उपर चाहना गर्ने हुन्छ र कहिए-बाहेकका पनि जुन भोगलाई कामना गर्दछ, त्यो प्रदेश र भोग यसलाई संकलप मात्रले उपस्थित हुन्छन्, ती ठाउँ र भोगले युक्त भई महिमाको अनुभव गर्दछ ।

आठौं अध्यायमा दोस्रो खण्ड समाप्त

तृतीय खण्ड

असत्यले आवृत्त सत्यको उपासना र नामाक्षरको उपासना

सम्बन्ध—उपर्युक्त आत्मध्यानरूप साधनको अनुष्ठानका प्रति साधनहरूको उत्साह बढाउनानिमित्त दया गर्दै श्रुति भन्दछ—यो वडो कष्टको कुरा छ कि आफैंमा रहेका परम सन्निकृष्ट पनि—

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त इमे सत्याः कामा अनृतापिधानास्तेषाᳬ सत्यानाᳬ सतामनृतमपिधानं यो यो ह्यस्येतः प्रैति न तमिह दर्शनाय लभते ॥ १ ॥

द० प०– ते=ती, इमे=यी, सत्यः=सत्य संकल्पका कार्यभूत, कामाः= भोग्य पदार्थहरू, अनृतापिधानाः=असत्य (मिथ्याज्ञानजनित स्वेच्छाचार) ढकना भएका छन्, तेषाम्=ती भोग्य पदार्थ, सत्यानाम्=साँचा (व्यावहारिक सत्तामा), सताम् अपि=हुँदाहुँदै पनि, अपिधानम्=तिनको ढकना छ, (किनभने) यः यः= जो जो, अस्य=यस पुरुषको, इतः=यस लोकबाट, प्रैति = मरेर जान्छ, तम्= त्यसलाई, इह=यहाँ, दर्शनाय=देख्नाका निमित्त, न लभते = पाउँदैन।

स० वा०—यी सत्यसंकल्पका कार्यभूत भोग्य पदार्थ असत्य (स्वेच्छाचार)- स्वरुप ढकनाले ढाकिएका छन्, ती साँचा भै-भैकन पनि झूठ तिनलाई ढाक्ने भैरहेको छ। किनभने यस पुरुषको जो-जो (संवन्धी) यहाँबाट मरेर जान्छन् तिनलाई देख्न पाउँदैन।

अथ ये चास्येह जीवा ये च प्रेता यच्चान्यदिच्छन्न लभते सर्वं तदत्र गत्वा विन्दतेऽत्र ह्यस्यैते सत्याः कामा अनृतापिधानास्तद्यथापि हिरण्यनिधिं निहितमक्षेत्रज्ञा उपर्युपरि सञ्चरन्तो न विन्देयुरेवमेवेमाः सर्वाः प्रजा अहरहर्गच्छन्त्य एतं ब्रह्मलोकं न विन्दन्त्यनृतेन हि प्रत्यूढाः ॥ २ ॥

द० प०—अथ=तथा, अस्य=यस पुरुषको, इह=यहाँ, ये=जो, जीवाः= जोउँदा छन्, च=र, ये=जो, प्रेताः = मरेका छन्, यत् च=जुन पनि, अन्यत्= अरू कुरा छ, (त्यो) इच्छन् अपि=चाहना गर्दा पनि, न लभते=पाउँदैन, तत्=त्यो, सर्वम्=समस्त कुरा, अत्र=यस हृदयाकाशसंज्ञक ब्रह्ममा, गत्वा=पुगेर, विन्दते= (यथोक्त तरीकाले) पाउँदछ, हि=यसकारणले कि, अत्र=यहाँ, अस्य=यस पुरुषका, सत्याः=सत्यसंकल्पका कार्यभूत, कामाः=अभीष्ट पदार्थहरू, अनृतापिधानाः= झूट नै ढकना भएका छन्, तत् = त्यस कुरामा, यो दृष्टान्त छ, यथा=जसरी, निहितम्=भुईँभित्र राखिएको, हिरण्यनिधिम् = गडाउ सूनलाई, अक्षेत्रज्ञाः=त्यो ठाउँ थाह नपाउनेहरू, उपरि उपरि=माथि-माथि, सञ्चरन्तः अपि=डुलफिर गरिरहँदा पनि, न विन्देयुः=थाह पाउँदैनन्, एवम् एव=यस्तै, इमाः=यी, सर्वाः=समस्त, प्रजाः=प्राणीहरू, अहरहः=दिन-दिनै, (सुषुप्ति अवस्थामा) गच्छन्त्यः अपि=जाँदा पनि, एतम् = यो, ब्रह्मलोकम्=ब्रह्मरूप लोकलाई, न विन्दन्ति=थाह पाउँदैनन्, हि=यसैकारणले कि, 'अनृतेन=स्वैराचाररूप झूठले, प्रत्यूढाः=स्वरूपबाट बाहिर खिँचिएका छन्।

स० वा०—मानिसले यहाँ बाँचेका, मरेका प्राणी र अरू पनि जुनसुकै कुरा इच्छा गर्दा पनि पाउँदैन। त्यो सबै कुरा हृदयाकाश-संज्ञक ब्रह्ममा पुगेपछि यथोक्त तरीकाले पाउँदछ। यहाँ नपाउनाको कारण यो हो कि यहाँचाहिं यसका ती अभीष्ट चीजहरू असत्य (स्वेच्छाचार)-रूप ढकनाले ढाकिएका छन्। यस कुरामा दृष्टान्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो छ—जसरी भुईंभित्र राखिएको गडाउ सून त्यो ठाउँको पत्ता नपाउनेहरूले त्यस-माथि-माथि डुलफिर गरिरहँदा पनि थाह पाउँदैनन्, यस्तै यी सबै प्राणीहरू दिनदिनै सुषुप्ति अवस्थामा ब्रह्ममा पुग्दा पनि ब्रह्मरूप लोकलाई चिन्दैनन्। कारण यै हो कि यी असत्यले स्वरूपबाट बाहिर खिचिएका छन्।

स वा एष आत्मा हृदि तस्यैतदेव निरुक्तꣳ हृद्यमिति तस्माद्धृदय-महरहर्वा एवंवित्स्वर्गं लोकमेति ॥ ३ ॥

द० प०—सः वै=त्यै, 'अपहतपाप्मा' यस प्रकार वर्णन गरिएको, एषः = यो, आत्मा=आत्मा, हृदि=मुटुरूपी कमलमा [आकाशशब्देन अभिहितः]= 'आकाश' शब्दले कहिएको छ, तस्य = त्यसको, एतद् एव=यै, निरुक्तम्=निर्वचन हो, "हृद्यम्' इति=हृदि=हृत्मा, अयम् = यो आत्मा छ, तस्मात्=त्यसकारणले, हृदयम् = हृदय भनिन्छ, अहरहः वै = दिन-दिनै, एवंवित् = 'हृदि अयम्' हृत्मा यो (आत्मा) छ भनी जान्ने पुरुष, स्वर्गम् लोकम्=हृदयस्थ ब्रह्ममा, प्रतिपद्यते=प्राप्त हुन्छ।

स० वा०—त्यो 'पापरहित' इत्यादि प्रकारले वर्णन गरिएको यो आत्मा हृदय (मुटु) रूपी कमलमा 'आकाश' शब्दले कहिएर रहेको छ। त्यसको यै निर्वचन हो कि 'हृदि अयम्'=हृदयमा यो छ, त्यसकारणले, मुटु 'हृदय' भनिन्छ, दिनदिनै 'हृदयमा यो आत्मा छ' भनी थाह राख्ने पुरुष हृदयस्थ ब्रह्ममा प्राप्त हुन्छ।

अथ य एष सम्प्रसादोऽस्माच्छरीरात्समुत्थाय परं ज्योतिरुपसंपद्य स्वेन रूपेणाभिनिष्पद्यत एष आत्मेति होवाचैतदमृतमभयमेतद्ब्रह्मेति तस्य ह वा एतस्य ब्रह्मणो नाम सत्यमिति ॥ ४ ॥

द०प०—अथ=तथा, यः=जो, एषः = यो, सम्प्रसादः = विद्वान्, अस्मात् = यो, शरीरात्=शरीरबाट, समुत्थाय = उठेर, अर्थात् देहात्मभावना छोडेर, परम्= परमात्मलक्षणको, ज्योतिः=विज्ञप्ति स्वभावमा, उपसंपद्य = प्राप्त भएर, (आत्मस्थितिमा पुगेर), स्वेन = आफ्नो, रूपेण=रूपले, अभिनिष्पद्यते = संपन्न हुन्छ, एषः = यो, स्वस्व-रूपमा प्राप्त भएको विद्वान्, आत्मा = आत्मा हो, इति=यसो, उवाच = (आचार्यले) भने, अर्थात् शिष्यहरूप्रति यसो भनोस्, ह=प्रसिद्ध छ, एतत्=यो, अमृतम् = अविनाशी छ, (अतएव) अभयम् = भयरहित छ, (अतः) एतद्=यो, ब्रह्म=ब्रह्म हो, तस्य=त्यस, एतस्य=यो, ब्रह्मणः = ब्रह्मको, नाम = नाम, सत्यम् = 'सत्य' इति=यो हो। ह वै = निश्चय हो।

स० वा०--जुन ब्रह्मवेत्ता यो शरीरमा आत्मभावना छोडेर परमात्मस्वरूप विज्ञप्ति स्वभावको ज्योतिमा प्राप्त भएर--आत्मस्थितिमा पुगेर—स्वकीय रूपले सम्पन्न हुन्छ त्यो आत्मा हो, आचार्यले शिष्यहरूप्रति यसो भन्नू। अरू पनि— यो अविनाशी छ, अतः भयरहित छ, अतएव यो ब्रह्म हो। त्यसको नाम 'सत्य' हो। यो निश्चय छ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तानि ह वा एतानि त्रीण्यक्षराणि सतीयमिति तद्यत्सत्तदमृतमथ यत्ति तन्मर्त्यमथ यद्यं तेनोभे यच्छति यदनेनोभे यच्छति तस्माद्यमहरहर्वा एवंवित्स्वर्गं लोकमेति ॥ ५ ॥

द० प०—तानि = ती, एतानि = यी, अक्षराणि = ब्रह्मका नामाक्षर, सतीयम् इति = सकार, तकार र यम् यी, त्रीणि = तीन छन्, तत् = त्यो, यत् = जो, सत् = सकार हो, तत् = त्यो, अमृतम् = सत्-रूप ब्रह्म हो, अथ = अनि, यत् = जो, ति = तकार हो, तत् = त्यो, मर्त्यम् = नाशशील हो, अथ = अनि, यत् = जो, यम् = यम् हो, तेन = त्यसले, उभे = अविनाशी र विनाशी दुइलाई, यच्छति = नियमन गर्दछ, तस्मात् = त्यसकारणले, यम् = 'यम्' छ, ह वै = यो कुरा निश्चित हो, अहरहः = दिन-दिनै, एवंवित् = यस्तो (सत्यसंज्ञक ब्रह्म) लाई थाह गर्ने पुरुष, वै = निश्चयले, स्वर्गम् = ब्रह्म रूप, लोकम् = लोकमा, एति = जान्छ ।

स० वा०—ती यो ब्रह्मका नामाक्षर सकार, तकार र यम् यी तीन छन् । तीमध्ये सकार अविनाशी हो, तकार विनाशी हो, 'यम्' ले ती अविनाशी र विनाशी दुइलाई नियमन गर्दछ, त्यसैले 'यम्' छ । निस्सै हो । दिन-दिनै यस्तो सत्यसंज्ञक-ब्रह्मलाई थाह गर्ने पुरुष अवश्य ब्रह्मरूप लोकमा जान्छ ।

आठौं अध्यायमा तेस्रो खण्ड समाप्त ।

चतुर्थ खण्ड

सेतुरूप आत्माको उपासना

अथ य आत्मा स सेतुर्विधृतिरेषां लोकानामसम्भेदाय नैतꣳ सेतुमहोरात्रे तरतो न जरा न मृत्युर्न शोको न सुकृतं न दुष्कृतꣳ सर्वे पाप्मानोऽतो निवर्त्तन्तेऽपहतपाप्मा ह्येष ब्रह्मलोकः ॥ १ ॥

द० प०—अथ = अब संप्रसादका स्वरूपको पुनः स्तुति गरिन्छ । यः = जो, आत्मा = आत्मा हो, सः = त्यो, एषाम् = यी भूः आदि, लोकानाम् = लोकको, असम्भेदाय = रक्षाका निमित्त, सेतुः = पुल जस्तो हुनाले सेतु हो, विधृतिः = विशेषरूपले धारण गर्नेवाला हो, एतम् = यो, सेतुम् = सेतु (आत्मा) लाई, अहोरात्रे = दिन-रात, न तरतः = भेटाउँदैनन् (परिछिन्न पार्दैनन्), न जरा = न बुढ्याइँ, न मृत्युः = न मृत्यु, न शोकः = न शोक, न सुकृतम् = न धर्म, न दुष्कृतम् = न पाप, (भेटाउँछ), (किनभने ती) सर्वे = सबै, पाप्मानः = पापरूप हुन्, अतः = यस आत्मादेखि, निवर्त्तन्ते =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हट्तछन्, हि = यसकारणले कि, एषः=यो, ब्रह्मलोकः=ब्रह्मरूप लोक, अपहत-पाप्मा=पापरहित छ ।

स० वा०—अब उक्त लक्षणवाला सम्प्रसादका स्वरूपको उक्त अनुक्त गुणहरूद्वारा पुनः स्तुति गरिन्छ । त्यो हो ब्रह्मचर्यरूप साधनसँग संबद्ध गर्नानिमित्त । जुन आत्मा हो त्यो पृथिवी आदि लोकहरूलाई नष्ट हुन नदिनाका निमित्त पुल जस्तो हुनाले सेतु हो । विशेषरूपले धारण गर्नेवाला हो । यस सेतुसदृश आत्मालाई, दिनरातले भेटाउँदैनन्—परिछिन्न पार्न सक्तैनन् । त्यस्तै न बुढ्याइँले, न मृत्युले, न शोकले, न धर्मले, न अधर्मले भेटाउँछन् । यी सबै पापरूप हुन्, अतः यी आत्मामा नपुगीकन नै त्यसदेखि हट्तछन् । किनभने यो ब्रह्मरूप लोक निष्पाप छ ।

तस्माद्वा एतꣳ सेतुं तीर्त्वाऽन्धः सन्ननन्धो भवति विद्धः सन्नविद्धो भवत्युपतापी सन्ननुपतापी भवति तस्माद्वा एतꣳ सेतुं तीर्त्वापि नक्तमहरेवाभिनिष्पद्यते सकृद्विभातो ह्येवैष ब्रह्मलोकः ॥ २ ॥

द० प०—तस्मात्=त्यसकारणले, वै=निश्चयले, एतम्=यो, सेतुम्=सेतु (आत्मा) लाई, तीर्त्वा=प्राप्त गरेपछि, अन्धः सन्=(देही अवस्थामा) अन्धो भए पनि, अनन्धः=अन्धो नभएको, भवति=हुन्छ, विद्धः सन्=घायल भएको भए पनि, अविद्धः = बेघायल, भवति=हुन्छ, उपतापी सन्=रोगादिको तापवाला भए पनि, अनुपतापी=तापहीन, भवति = हुन्छ, तस्मात् वै=यसमा अहोरात्रादिको अभाव भएकोले नै, एतम्=यो, सेतुम्=सेतु (आत्मा) लाई, तीर्त्वा=प्राप्त गरेपछि, नक्तम् अपि=रात पनि, अहः एव=दिन नै, अभिनिष्पद्यते=बन्न आउँछ, हि=किनभने, एषः = यो, ब्रह्मलोकः=ब्रह्मरूप लोक, सुकृत् विभातः = सर्वदा प्रकाशमान छ ।

स० वा०—त्यसकारणले यो सेतु (आत्मा) लाई प्राप्त गरेपछि (स्वयम् आत्मा भएपछि) शरीरी अवस्थामा अन्धो भए पनि अन्धो नभएको हुन्छ । घायल भएको पनि बेघायल हुन्छ । रोगादिले संतप्त भए पनि असंतप्त हुन्छ । त्यस आत्मामा अहोरात्रादिको अभाव हुनाले नै यो आत्मालाई प्राप्त गरेपछि अन्धकाररूप रात पनि दिन नै बन्छ अर्थात् विद्वान्‌का निमित्त विज्ञप्तिरूप आत्मज्योतिःस्वरूप दिन जस्तै सदा एकरूप हुन्छ । किनभने यो ब्रह्मरूप लोक आफ्नो रूपले सधैं एकनास प्रकाशमान छ ।

तद्य एवैतं ब्रह्मलोकं ब्रह्मचर्येणानुविन्दन्ति तेषामेवैष ब्रह्मलोकस्तेषाꣳ सर्वेषु लोकेषु कामचारो भवति ॥ ३ ॥

द० प०—तत् = त्यसो हुनाले, ये एव=जुन नै, एतम्=यो, ब्रह्मलोकम्=ब्रह्मरूप लोकलाई, ब्रह्मचर्येण=स्त्रीविषयक तृष्णा त्याग गरेर, अनुविन्दन्ति = शास्त्र र आचार्यको उपदेशका अनन्तर आफूले प्राप्त गरिने बनाउँछन्, तेषाम् एव = तिनीहरूकै हो, एषः = यो, ब्रह्मलोकः = ब्रह्मरूप लोक । तेषाम् = तिनीहरूको, सर्वेषु= सम्पूर्ण, लोकेषु=लोकहरूमा, कामचारः=इच्छानुसारको गति, भवति= हुन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—त्यसो हुनाले जुनचाहिँले यस ब्रह्मरूप लोकलाई—स्त्रीविषयक तृष्णा त्याग गरेर शास्त्र र आचार्यको उपदेशका अनन्तर—आफूले प्राप्त गरिनें बनाउंछन् तिनीहरूकै हो यो ब्रह्मरूप लोक। (ब्रह्मवित् भए पनि स्त्रीविषयक तृष्णावालाको होइन)। अनि तिनी ब्रह्मलोक साध्नेहरूको गौण फल सम्पूर्ण लोकमा इच्छानुसारको गति पनि हुन्छ ।

आठौं अध्यायमा चौथो खण्ड समाप्त

पञ्चम खण्ड

यज्ञादिमा ब्रह्मचर्यदृष्टि

सम्बन्ध—जुन आत्मा सेतुत्वादि गुणले स्तुति गरियो, त्यो प्राप्त गर्नानिमित्त ब्रह्मचर्यनामक—ज्ञानको सहकारी अर्को साधन विधान गर्नु छ र श्रुति भन्न लागिरहेछ, तथा ब्रह्मचर्य छ भन्ने बुझाउन त्यसलाई यज्ञादिरूपले प्रशंसा पनि गर्दछ—

अथ यद्यज्ञ इत्याचक्षते ब्रह्मचर्यमेव तद्ब्रह्मचर्येण ह्येव यो ज्ञाता तं विन्दतेऽथ यदिष्टमित्याचक्षते ब्रह्मचर्यमेव तद्ब्रह्मचर्येण ह्येवेष्ट्वात्मानमनुविन्दते ॥ १ ॥

द० प०—अथ = अब अर्को प्रकरण आरम्भ गरिन्छ, यद् = जो, यज्ञः इति = यज्ञ भनी, आचक्षते = भन्दछन्, तत् = त्यो, ब्रह्मचर्यम् एव = ब्रह्मचर्य नै हो, हि = किनभने, यः = जो, ज्ञाता = आत्मज्ञ हो, त्यो, तम् = त्यस ब्रह्मरूप लोकलाई,ब्रह्मचर्येण एव = ब्रह्मचर्यले नै, विन्दते = प्राप्त गर्दछ, अथ = अर्को कुरा, यद् = जो, इष्टम् इति = इष्ट भनी, आचक्षते = भन्दछन्, तत् = त्यो, ब्रह्मचर्यम् एव = ब्रह्मचर्य नै हो, हि = किनभने, ब्रह्मचर्येण एव = ब्रह्मचर्यद्वारा नै, इष्ट्वा = पूजन गरेर, तम् = त्यो आत्मालाई, अनुविन्दते = (शास्त्र एवम् आचार्यको उपदेशानुसार) साक्षात् जान्दछ ।

स० वा०—अर्को कुरा जो 'यज्ञ' भनी भन्दछन्, त्यो ब्रह्मचर्य नै हो, किनभने आत्मज्ञले ब्रह्मचर्यद्वारा नै ब्रह्मरूप लोक प्राप्त गर्दछ। तथा जो 'इष्ट' भनी भन्दछन् त्यो ब्रह्मचर्य नै हो, किनभने ब्रह्मचर्यद्वारा नै पूजन गरेर त्यो आत्मालाई शास्त्र एवम् आचार्यका उपदेशानुसार साक्षात् जान्दछ ।

अथ यत्सत्त्रायणमित्याचक्षते ब्रह्मचर्यमेव तद्ब्रह्मचर्येण ह्येव सत आत्मनस्त्राणं विन्दतेऽथ यन्मौनमित्याचक्षते ब्रह्मचर्यमेव तद्ब्रह्मचर्येण ह्येवात्मानमनुविद्य मनुते ॥ २ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ = तथा, यत् = जुन, सत्त्रायणम् इति = सत्त्रायण भनी, आचक्षते=भन्दछन्, तत्=त्यो, ब्रह्मचर्यम् एव = ब्रह्मचर्य नै हो, हि = किनभने, ब्रह्मचर्येण एव = ब्रह्मचर्यद्वारा नै, सतः = परमात्माबाट, आत्मनः = आफ्नो, त्राणम् = रक्षा, विदन्ते = प्राप्त गर्दछ, अथ=अर्को कुरा, यत्=जो, मौनम् इति= मौन भनी, आचक्षते=भन्दछन्, तत्=त्यो, ब्रह्मचर्यम् एव=ब्रह्मचर्य नै हो, हि= किनभने. ब्रह्मचर्येण एव=ब्रह्मचर्यद्वारा नै, आत्मानम्=आत्मालाई, अनुविद्य= (शास्त्र एवम् आचार्यको उपदेशानुसार) साक्षात् गरेर, मनुते=ध्यान गर्दछ ।

स० वा०—तथा जो सत्त्रायण भन्दछन् त्यो ब्रह्मचर्य नै हो, किनभने पुरुष ब्रह्मचर्यद्वारा नै सत् (परमात्मा) बाट आफ्नो रक्षा प्राप्त गर्दछ । अर्को कुरा—जो मौन भन्दछन्, त्यो ब्रह्मचर्य नै हो, किनभने पुरुष ब्रह्मचर्यद्वारा नै आत्मालाई शास्त्र र आचार्यको उपदेशानुसार साक्षात् गरेर अनिपछि ध्यान गर्न लाग्दछ ।

अथ यदनाशकायनमित्याचक्षते ब्रह्मचर्यमेव तदेष ह्यात्मा न नश्यति यं ब्रह्मचर्येणानुविन्दतेऽथ यदरण्यायनमित्याचक्षते ब्रह्मचर्यमेव तत्तदरश्च ह वैण्यश्चार्णवौ ब्रह्मलोके तृतीयस्यामितोदिवि तदैरं मदीयꣳ सरस्तदश्वत्थः सोमसवनस्तदपराजिता पूर्ब्रह्मणः प्रभुविमितꣳ हिरण्मयम् ॥ ३ ॥

द० प०—अथ = तथा, यत् = जुन, अनाशकायनम् इति = अनाशकायन भनी, आचक्षते = भन्दछन्, तत् = त्यो, ब्रह्मचर्यम् एव=ब्रह्मचर्य नै हो, हि = किनभने, यम्=जसलाई, ब्रह्मचर्येण = ब्रह्मचर्यद्वारा, अनुविन्दते = (शास्त्र र आचार्यको उपदेशानुसार) साक्षात् गर्दछ, (सः) एषः=त्यो यो, आत्मा = आत्मा, न नश्यति= अनुभवपथबाट हट्दैन, अथ=तथा, यद् = जो, अरण्यायनम् इति = अरण्यायन भनी, आचक्षते=भन्दछन्, तत्=त्यो, ब्रह्मचर्यम् एव=ब्रह्मचर्य नै हो, तत् = त्यो, इतः= यस पृथ्वीलोकदेखि, तृतीयस्याम्=तेस्रो, दिवि = द्युलोकभित्र, ब्रह्मलोके = ब्रह्मलोकमा, ह वै=प्रसिद्ध, अरः च=अर र, ण्यः च=ण्य पनि, अर्णवौ = दुइ समुद्र छन्, [तयोर्ब्रह्मचर्यवतोऽयनादरण्यायनं ब्रह्मचर्यम्]=ती समुद्रमा ब्रह्मचर्यवान्को गमन हुने हुनाले अरण्यायन ब्रह्मचर्य हो, तत्=त्यही, ऐरम्=अन्नको माड (सार) ले पूर्ण, मदीयम्= हर्षोत्पादक, सरः=तलाउ छ, तत्=त्यहीं, सोमसवनः=सोमसवननामक, अश्वत्थः= पिप्पल वृक्ष छ, तम्=त्यही, अपराजिता = 'अपराजिता' नाम भएको, ब्रह्मणः = हिरण्यगर्भको, पूः = शहर छ, प्रभुविमितम्=प्रभु (हिरण्यगर्भले) विशेषरूपले निर्माण गरिएको, हिरण्यम्=सुवर्णमय, [मण्डपम्] = मण्डप छ ।

स० वा०—तथा जो 'अनाशकायन' भनिन्छ त्यो ब्रह्मचर्य नै हो । किनभने पुरुष जसलाई ब्रह्मचर्यद्वारा शास्त्र र आचार्यका उपदेशानुसार साक्षात् गर्दछ त्यो आत्मा अनुभवपथबाट हट्दैन । तथा जो 'अरण्यायन' भन्दछन्, त्यो ब्रह्मचर्य हो । किनभने यस पृथ्वीलोकका अपेक्षा तेस्रो द्युलोकभित्र ब्रह्मलोकमा प्रसिद्ध 'अर' र 'ण्य' दुइ

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्र छन् । तिनमा ब्रह्मचर्यवान्को अयन (गमन) हुन्छ । त्यहाँ अन्नको माड (रस)-ले पूर्ण उपयोक्ताहरूलाई हर्ष दिलाउने तलाउ छ । त्यहीं 'सोमसवन' (अमृत चुहाउने), नामक=नाम भएको पिप्पल वृक्ष छ । त्यहीं 'अपराजिता' नाम गरेको हिरण्यगर्भको शहर छ । उनैले विशेष तरीकाले निर्माण गरेको सुवर्णमय एक मण्डप पनि छ ।

तद्य एवैतावरं च ण्यं चार्णवौ ब्रह्मलोके ब्रह्मचर्येणानुविन्दन्ति तेषामेवैष ब्रह्मलोकस्तेषा᳸ सर्वेषु लोकेषु कामचारो भवति ॥ ४ ॥

द० प०—तत्=त्यो, ब्रह्मलोके=ब्रह्मलोकमा, ये एव=जुनचाहिं पुरुषहरू, ब्रह्मचर्णेण=ब्रह्मचर्यद्वारा, एतौ=यी, अरम्='अर' नामक, च=र, ण्यम्='ण्य' नामक च=पनि, अर्णवौ=दुइ समुद्रलाई, अनुविन्दन्ति=प्राप्त गर्दछन्, तेषाम् एव=तिनीहरू-को नै, एषः=यो, ब्रह्मलोकः=ब्रह्मलोक हुन्छ, तेषाम्=तिनीहरूको, सर्वेषु=समस्त, लोकेषु=लोकहरूमा, कामचारः=इच्छानुसार विचरण, भवति=हुन्छ ।

स० वा०—त्यस ब्रह्मलोकमा जुनचाहिं पुरुष ब्रह्मलाई ब्रह्मचर्यद्वारा ती 'अर' र 'ण्य' नामक समुद्रलाई प्राप्त गर्दछन् तिनीहरूको नै यो ब्रह्मलोक हुन्छ । एवं तिनीहरूको समस्त लोकमा इच्छानुसार घुमफिर हुन्छ, अरूको हुँदैन ।

टिप्पणी—यो ब्रह्मलोक-सम्वन्धी समुद्रहरू र द्वितीय खण्डमा वर्णित सङ्कल्पज पितृलोक आदि भोगहरू मानसिक हुन्, सूक्ष्म हुन् पार्थिव, आप्य रूपका स्थूल होइनन् ।

यस पञ्चम खण्डको सार—जो ज्ञाताले ब्रह्मलोक प्राप्त गर्न साधन भएकोले 'यज्ञ', पूजन गर्नेलाई आत्म प्राप्ति गराउने साधन भएकोले 'इष्ट,' सत्-रूप ब्रह्मबाट रक्षा गराउने हुनाले 'सत्रायण,' आत्म-मनन गर्नामा साधन हुनाले 'मौन,' आत्मानुभूति नष्ट हुन नदिने हुनाले 'अनाशकायन,' ब्रह्मलोकस्थ 'अर' 'ण्य' नामक समुद्रमा पुऱ्याउने साधन हुनाले 'अरण्यायन' भनेर यत्रा यत्रा पुरुषार्थ साधनहरूद्वारा प्रशंसा गरिएको छ, त्यो ब्रह्मचर्य ज्ञानको परम सहकारि कारण हो, त्यसलाई ब्रह्मवित्ले यत्नसाथ रक्षा-गर्नुपर्थछ ।

आठौं अध्यायको पाँचौं खण्ड समाप्त

षष्ठ खण्ड

हृदयनाडी र सूर्यरश्मिरूप मार्गको उपासना

संबन्ध—जो हृदय-कमलमा रहेको उक्त गुण विशिष्ट ब्रह्मलाई ब्रह्मचर्यादि साधन-सम्पन्न भैकन बाह्य विषयको झूठ तृष्णालाई छोडेर उपासना गर्दछ, त्यसको शिरःस्थ नाडीबाट प्रयाण हुन्छ भन्ने कुरा बताउनु छ र नाडी-खण्ड आरम्भ गरिन्छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ या एता हृदयस्य नाड्यस्ताः पिङ्गलस्याणिम्नस्तिष्ठन्ति शुक्लस्य नीलस्य पीतस्य लोहितस्येत्यसौ वा आदित्यः पिङ्गल एष शुक्ल एष नील एष पीत एष लोहितः ।। १ ।।

द० प०—अथ=अब अर्को प्रकरण शुरू गरिन्छ । याः=जो, एताः = यी, हृदयस्य=मुटुका, नाड्यः = नाडीहरू छन्, ताः=ती, पिङ्गलस्य=कैलो, शुक्लस्य=सेतो, नीलस्य = नीलो, पीतस्य=पहेंलो, र लोहितस्य=रातो, इति = यस प्रकारका, अणिम्नः =सूक्ष्म रसका, तिष्ठिन्ति=छन्, अर्थात् तत् तत् रङ्गका रसले पूर्ण छन्, वै=निस्सै, असौ=ती, आदित्यः=सूर्य, वै=निश्चयले, पिङ्गलः= कैला छन्, एषः=यो, शुक्लः=सेता छन्, एषः=यी, नीलः=नीला छन्, एषः=यी, पीतः=पहेंला छन्, एषः=यी, लोहितः=राता छन् ।

स० वा०—अब अर्को प्रकरणको शुरू गरिन्छ । जो यी मुटु (कमलाकार ब्रह्मोपासन गर्ने स्थान) का चारैतिर फिंजिएका सूक्ष्म नाडीहरू छन् ती कैलो, सेतो, नीलो, पहेंलो र रातो यस प्रकारका सूक्ष्म रसले भरिएका त्यै रङ्गका छन् । निस्सै ती सूर्य कैला, सेता, नीला, पहेंला र राता छन् ।

टिप्पणी—पित्तनामक सौर तेजले परिपक्व पारिएको थोरै थोरै कफसँग मिल्दा त्यो पित्तनामक सौर तेज कैलो हुन्छ । त्यो वातप्रधान भयो भने नीलो हुन्छ । त्यो कफप्रधान भयो भने सेतो हुन्छ । त्यो कफ बराबर भयो भने पहेंलो हुन्छ । रक्तप्रधान भयो भने रातो हुन्छ ।

संबन्ध—शरीरभित्रका नाडीसँग सूर्य-तेजको सम्बन्ध कसरी हुन्छ—यस विषयमा श्रुति दृष्टान्त दिन्छ—

तद्यथा महापथ आतत उभौ ग्रामौ गच्छतीमं चामुं चैवमेवैता आदित्यस्य रश्मय उभौ लोकौ गच्छन्तीमं चामुं चामुष्मादादित्यात्प्रतायन्ते ता आसु नाडीषु सृप्ता आभ्यो नाडीभ्यः प्रतायन्ते तेऽमुष्मिन्नादित्ये सृप्ताः ।। २ ।।

द० प०—तत् = त्यस विषयमा, यथा = जस्तो (लोकमा), आततः = फैलिएको, महापथः=सडक, इमम् च = यो (नजीकको) पनि, अमुम् च=त्यो टाढाको पनि, उभौ = दुइ, ग्रामौ = गाउँमा, गच्छति = जान्छ, एवम् = यस्तै गरी, एताः = यी, आदित्यस्य = सूर्यका, रश्मयः = किरणहरू, अमुम् च = त्यस (आदित्यमण्डल)-मा पनि, इमम् च = यस (पुरुष) मा पनि, गच्छन्ति=जान्छन्, (कसरी ?) अमुष्मात् = त्यस, आदित्यात् = सूर्यमण्डलबाट, प्रतायन्ते = फैलिन्छन् त, ताः = ती, आसु = यी, शरीरभित्रका नाडीहरूमा, सृप्ताः = पसेका हुन्छन्, आभ्यः = यी शरीरभित्रका नाडीहरूबाट, प्रतायन्ते=फैलिन्छन् त, ते = ती किरणहरू, अमुष्मिन् = त्यो, आदित्ये = सूर्यमण्डलमा, सृप्ताः = पसेका हुन्छन् ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

स० वा०—त्यस विषयमा दृष्टान्त छ—जस्तो फैलिएको सडक नजीकको

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँमा पनि पसेको हुन्छ, टाढ़ाको गाउँमा पनि। त्यसै गरी सूर्यका किरणहरू त्यस सूर्यमण्डलमा पनि यस पुरुषमा पनि प्रविष्ट हुन्छन्। यसरी कि—किरणहरू सूर्यमण्डलबाट फैलिन्छन् त यस शरीरभित्रका नाडीहरूमा पस्ने हुन्छन्, यी नाडीबाट फैलिन्छन् त त्यस सूर्यमण्डलमा पस्ने हुन्छन्।

तद्यत्रैतत्सुप्तः समस्तः सम्प्रसन्नः स्वप्नं न विजानात्यासु तदा नाडीषु सृप्तो भवति तं न कश्चन पाप्मा स्पृशति तेजसा हि तदा सम्पन्नो भवति ॥३॥

द० प०—तत् = त्यसो हुने हुँदा, यत्र = जुन समयमा, एतत् = यो निद्रामा प्राप्त भएर, समस्तः = पूरै, सुप्तः = सुतेको हुन्छ, अर्थात् गाढ निद्रामा परेको हुन्छ र, सम्प्रसन्नः = राम्रै गरी प्रसन्न हुन्छ (अतएव), स्वप्नम् = स्वप्न प्रत्ययलाई, न विजानाति = थाह पाउँदैन, तदा = त्यस समयमा, आसु = यी, नाडीषु = नाडीहरूमा, सृप्तः = पसेको हुन्छ, अर्थात् नाडीद्वारबाट हृदयाकाशमा गएको हुन्छ, तम् = त्यस सत्सँग सम्पन्न प्राणीलाई, कश्चन = कुनै धर्म-अधर्मरूप, पाप्मा = पाप, न स्पृशति = छुँदैन, हि = किनभने, तदा = त्यस समयमा, तेजसा = नाडीभित्रका सौर तेजले, सम्पन्नः = व्याप्त, भवति = हुन्छ।

स० वा०—त्यस्तो स्थिति हुने हुँदा जुन समयमा प्राणी सम्पूर्ण करणवृत्ति खिचिएर पूरै सुतेको हुन्छ अर्थात् गाढ नींदमा परेको हुन्छ र बाह्य विषयको सम्पर्कजनित कालुष्य नभएकाले राम्रै गरी प्रसन्न रहेको हुन्छ अतएव स्वप्न प्रत्ययलाई थाह गरेको हुँदैन, त्यस समयमा यी नाडीहरूमा पसेको हुन्छ र तिनै द्वारबाट हृदयाकाशमा पुगेको हुन्छ। त्यस सत् (ब्रह्म) सँग सम्पन्न (एकाकार) भएको प्राणीलाई धर्म-अधर्मरूप कुनै पापले छुँदैन। किनभने त्यस समयमा नाडीभित्रका सौर तेजले व्याप्त भएको हुन्छ।

अथ यत्रैतदबलिमानं नीतो भवति तमभित असीना आहुर्जानासि मां जानासि मामिति स यावदस्माच्छरीरादनुत्क्रान्तो भवति तावज्जानाति ॥ ४ ॥

द० प०—अथ = अनि, यत्र = जुन समयमा, एतत् = यो, अवलिमानम् = दुर्बलतामा, नीतः = (रोगादिले) पुऱ्याइएको, भवति = हुन्छ, (तब) तम् = त्यस पुरुषका, अभितः = वरिपरि, आसीनाः = बसेका, आत्मीय जनहरू, इति = यसो, आहुः = भन्दछन्, माम् = मलाई, जानासि = चिन्छौ ? माम् = मलाई, जानासि = चिन्छौ ? सः = त्यो मरणासन्न पुरुष, यावत् = जहाँसम्म, अस्मात् = यस, शरीरात् = शरीरबाट, अनुत्क्रान्तः = निस्कि नसकेको, भवति = हुन्छ। तावत् = त्यतिञ्जेल। जानाति = चिन्दछ।

स० वा०—अनि जुन समयमा यो पुरुष रोगादिले दुर्बल पारिएको हुन्छ, त्यस समयमा त्यसका वरिपरि बसेका बन्धुहरूले भन्छन्—मलाई चिन्छौ ? मलाई चिन्छौ ? त्यो मरणासन्न पुरुष जतिञ्जेल शरीरबाट निक्लिसकेको हुँदैन, त्यतिञ्जेल तिनीहरूलाई चिन्दछ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ यत्रैतदस्माच्छरीरादुत्क्रामत्यथैतैरेव रश्मिभिरूर्ध्वमाक्रमते स ओमिति वा होद्वा मीयते स यावत्क्षिप्येन्मनस्तावदादित्यं गच्छत्येतद्वै खलु लोकद्वारं विदुषां प्रपदनं निरोधोऽविदुषाम् ॥ ५ ॥

द० प०—अथ=अनि, यत्र = जुन समयमा, एतत्=यसरी, अस्मात् = यस, शरीरात् = शरीरबाट, उत्क्रामति = निक्लन्छ, अथ = तब, (अविद्वान्चाहिं) एतैः = एव=यिनै, रश्मिभिः=किरणहरूद्वारा, ऊर्ध्वम्=माथितिर (कर्मले जितेका लोकतिर), आक्रमते = चढ्दछ, सः = त्यो (विद्वान्चाहिं), ओम् इति=ओम् भनेर अर्थात् ओंकारले आत्माको ध्यान गर्दै, वा=अथवा, यथापूर्वम्=पहिलेकै जस्तो ध्यान गरी, ह एव=निस्सै, उर्ध्वम् वा=(विद्वान् भए) माथितिर, [इतरः तिर्यङ् वा] = अविद्वान् भए तेर्सोतिर यताउति, मीयते=जान्छ, सः=त्यो विद्वान्, यावत् = जति समयले, मनः =मन, क्षिप्येत् = (कहीं) पुर्‍याइएला, तावत् = त्यति समयले, आदित्यम् = आदित्य-मण्डलमा, गच्छति = पुग्छ, एतद् = यो, वै खलु = प्रसिद्ध, लोकस्य = ब्रह्मलोकको, द्वारम् = द्वार हो, यः=जो, आदित्यः=आदित्य हो, विदुषाम्=आत्मवित्हरूको, प्रपदनम्=ब्रह्मलोक प्राप्त गराउने द्वार हो, अविदुषाम्=अनात्मवित्हरूको चाहिं, निरोधः=रुकावट गर्ने स्थान हो ।

स० वा०—अनि जब यस शरीरबाट निक्लन्छ तब अनात्मवित् यिनै किरण-द्वारा माथितिर—आफूले कर्मले जितेको लोकतिर—चढ्दछ । त्यो आत्मवित्चाहिं ओङ्कारले आत्माको ध्यान गर्दै अथवा यथापूर्व प्रकारले ध्यान गर्दै अमृत हुन माथितिर सर्कन्छ । अनात्मवित्चाहिं यहीं यताउति जान्छ । त्यो विद्वान् मनलाई कतै पुर्‍याउने समयले अर्थात् छिटै आदित्यमा पुग्दछ । किनभने त्यो ब्रह्मलोकको द्वार हो, जो आदित्य हो । त्यो आत्मवित्को प्रपदन—ब्रह्मलोक प्राप्त गराउने द्वार—हो । अनात्म-वित्को चाहिं निरोध (रुकावट गर्ने स्थान) हो । तिनीहरू सौर तेजले देहैमा रोकिएर शिरस्थनाडीबाट निक्लन पाउँदैनन् ।

तदेष श्लोकः । शतं चैका च हृदयस्य नाड्यस्तासां मूर्धानमभिनिःसृतैका । तयोर्ध्वमायन्नमृतत्वमेति विष्वङ्ङन्या उत्क्रमणे भवन्त्युत्क्रमणे भवन्ति ॥६॥

द० प०—तत्=त्यस अर्थमा, एषः=यो, ('शतं चैका' देखि 'भवन्ति' सम्मको) श्लोकः = मन्त्र छ, (अर्थ हो—) हृदयस्य = मुटुका, शतम् = सय, च=र, एका = एउटा, च=पनि, (एक सय एक) नाड्यः=सूक्ष्मस्नायुहरू छन्, तासाम्=तिनीहरू-मध्ये, एका=एउटा, मूर्धानम्=शिरतिर, अभिनिःसृता=निक्लेको छ, तया = त्यस स्नायुद्वारा, ऊर्ध्वम्=माथितिर, आयन्=जाँदो पुरुष, अमृतत्वम्=अमृतभावमा, एति=प्राप्त हुन्छ, विश्वङ्=यताउति चारैतिर गएका, अन्याः=अरू नाडीहरू, उत्क्रमणे=प्राण निक्लनाका निमित्त मात्र, भवन्ति=हुन्छन् , उत्क्रमणे=प्राण लिनाका निमि मात्र, भवन्ति=हुन्छन् ।

Prof. Anandavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—उक्त विषयमा यो मन्त्र छ—मुटुसम्बन्धी नाडीहरू एक सय एक छन् । तीमध्ये एउटा शिरतिर निक्लेको छ । त्यस नाडीद्वारा प्राप्त हुन्छ, यताउति चारैतिर फैलिएका अरू नाडी भने अमृतभाव दिलाउने होइनन्, प्राण निक्लनाका निमित्त मात्र काम दिने हुन् ।

आठौं अध्यायमा छैटौं खण्ड समाप्त

सप्तम खण्ड

आत्मतत्त्वको अनुसन्धानका निमित्त इन्द्र र विरोचन प्रजापतिकहाँ जानु

सम्बन्ध—अब जो यो सम्प्रसाद यस शरीरबाट उठेर परम ज्योतिमा प्राप्त हुन्छ र आत्मस्वरूपले सम्पन्न हुन्छ यो आत्मा हो, यो अविनाशी एवं भयरहित छ । अतएव यो ब्रह्म हो भन्ने कुरा दहरविद्याका प्रसङ्गमा भनियो । त्यसमा यो 'सम्प्रदाय' भनेको कुन हो, कसरी त्यसलाई प्राप्त गरिन्छ; जसरी त्यो यस शरीरबाट उठेर परमज्योतिमा प्राप्त भएर आत्मस्वरूपले सम्पन्न हुन्छ, अनि जुन स्वरूपले सम्पन्न हुन्छ त्यो कुन लक्षणको आत्मा हो ? सम्प्रसादका देहसम्बन्धी रूप, अरू पनि त्यसबाहेकका कुरो के रूपको छ ? यी कुरा बताउनु छ र आउँदो ग्रन्थ आरम्भ गरिन्छ । कथाचाहिं विद्या लिने, दिने तरीका दर्शाउनानिमित्त र विद्याको प्रशंसा निमित्त छ ।

य आत्माऽपहतपाप्मा विजरो विमृत्युर्विशोको विजिघत्सोऽपिपासः सत्यकामः सत्यसंकल्पः सोऽन्वेष्टव्यः स विजिज्ञासितव्यः स सर्वांश्च लोकानाप्नोति सर्वांश्च कामान्यस्तमात्मानमनुविद्य विजानातीति ह प्रजापतिरुवाच ॥ १ ॥

द० प०—यः=जो, आत्मा=आत्मा, अपहतपाप्मा=धर्म-अधर्मादिरूप पापले रहित, विजरः=जरा-रहित, विमृत्युः=अमरधर्मी, विशोकः=शोकशून्य, विजिघत्सः = क्षुधारहित, अपिपासः=प्यासरहित, सत्यकामः=सफल कामना भएको, सत्य-संकल्पः=साँचो सङ्कल्प भएको छ, सः=त्यो, अन्वेष्टव्यः=शास्त्र र आचार्यको उपदेशबाट जान्नुपर्दछ, सः=त्यो, विजिज्ञासितव्यः = विशेषरूपले जान्न चाहनुपर्दछ, (फल के ?) सः = त्यो, सर्वान्=सम्पूर्ण, लोक, आप्नोति = पाउँदछ, च=र, सर्वान्=समस्त, कामान्=अभीष्ट विषय+आप्नोति=पाउँदछ, यः=जो, तम्= त्यो, आत्मानम् = आत्मालाई, अनुविद्य=शास्त्र र आचार्यको उपदेशअनुसार खोजी गरेर, विजानाति=जान्दछ, इति=यसो, प्रजापतिः=प्रजापतिले, उवाच=भने, ह= यो अघि भएको कुरा हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—जुन आत्मा धर्माऽधर्मादि पापले रहित, जरा-मरण-शोक शून्य, क्षुधा र पिपासाले रहित एवं सफल कामना भएको र साँचा सङ्कल्प भएको छ, त्यसको शास्त्र र गुरुका उपदेशबाट खोजी गर्नुपर्दछ र विशेषरूपले जान्नुपर्दछ । खोजी गर्नाको र विशेषतः जान्नाको फल यो हो कि त्यो सम्पूर्ण लोक प्राप्त गर्दछ र समस्त चाहेका कुरा पाउँदछ जो कि त्यो आत्मालाई शास्त्र र आचार्यका उपदेशबाट खोजी गरेर विशेष-रूपले जान्दछ । प्रजापतिले यसो भने । यो अघि भएको कुरा हो ।

तद्धोभये देवासुरा अनुबुबुधिरे ते होचुर्हन्त तमात्मानमन्विच्छामो यमात्मानमन्विष्य सर्वाꣳश्च लोकानाप्नोति सर्वाꣳश्च कामानितीन्द्रो हैव देवानामभिप्रवव्राज विरोचनोऽसुराणां तौ हासंविदानावेव समित्पाणी प्रजापतिसकाशमाजग्मतुः ॥ २ ॥

द० प०—तत्=यो प्रजापतिको वचन, उभये=दुवै थरी, देवासुराः=देवता र असुर (दैत्य, दानव) ले, अनुबुबुधिरे=बुझे, ह=अघिको कुरा हो, (अनि) ते=ती देव र असुरले, ऊचुः=भने, हन्त=हर्षको कुरा छ, तम्=त्यो, आत्मानम्=आत्मालाई, अन्विच्छामः=खोजौं, यम्=जुन, आत्मानम्=आत्मालाई, अन्विष्य=खोजी पत्ता लगाएपछि, जीव, सर्वान्=सम्पूर्ण, लोकान्=लोकहरू, च=र, सर्वान्=समस्त, कामान्=अभीष्ट वस्तु, च=पनि, आप्नोति=पाउँदछ, इति=यस्तो (निश्चय गरेर) देवानाम्=देवताहरूका, इन्द्रः=राजा (इन्द्र), ह एव=नै, अभिप्रवव्राज=सबै भोग सामग्री छोडेर हिंडे, (तथा) असुराणाम्=दैत्य-दानवहरूका, इन्द्रः=राजा, विरोचन+अभिप्रवव्राज=भोगसामग्री त्यागेर हिंडे, तौ=ती दुइ, असंविदानौ एव=(परस्पर) सल्लाह नगरीकन, समित्पाणी=समिधाका बिटा हातमा लिएर, प्रजापतिसकाशम्=प्रजापतिका नगीच, आजग्मतुः=आए । ह=कुरा प्रसिद्ध छ ।

स० वा०—प्रजापतिको वचन देव, असुर दुवै थरले बुझे । अनि तिनीहरूले आफाफ्ना सभामा भने—खुशीको कुरा छ, त्यो आत्मालाई हामी खोजौं । जुन आत्मालाई खोजी गरेर जानेपछि जीवले सम्पूर्ण लोक प्राप्त गर्दछ र समस्त अभीष्ट वस्तु पाउँछ । यसो भनेर देवताहरूका राजा स्वयम् इन्द्र र दैत्य-दानवहरूका राजा विरोचन भोगसामग्री सब छोडेर हिंडे । ती दुइ परस्परमा सल्लाह नगरी—ईर्ष्या देखाउँदै—समिधाको बिटो हातमा लिएर प्रजापतिका नजीक आए ।

तौ ह द्वात्रिꣳशतं वर्षाणि ब्रह्मचर्यमूषतुस्तौ ह प्रजापतिरुवाच किमिच्छन्ताववास्तमिति तौ होचतुर्य आत्माऽपहतपाप्मा विजरो विमृत्युर्विशोको विजिघत्सोऽपिपासः सत्यकामः सत्यसंकल्पः सोऽन्वेष्टव्यः स विजिज्ञासितव्यः स सर्वाꣳश्च लोकानाप्नोति सर्वाꣳश्च कामान् यस्तमात्मानमनुविद्य विजानातीति भगवतो वचो वेदयन्ते तामिच्छन्ताववास्तमिति ॥ ३ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

द० प०—तौ=ती दुइ; द्वात्रिंशतम्=बत्तीस, वर्षाणि=वर्ष, ब्रह्मचर्यम्=

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यसाथ, ऊषतुः=बसे, ह=यो, अघि भएको कुरो हो, तौ=ती दुइलाई, प्रजापतिः=प्रजापतिले, इति=यसो, उवाच=भने, किम्=के, इच्छन्तौ=चाहेर, अवास्तम्=ब्रह्मचर्यवास गर्‍यौ ? (अनि) ह=निश्चयसाथ, तौ=ती दुइले, इति=यसो ऊचतुः=भने, यः=जो, आत्मा=आत्मा, अपहतपाप्मा=धर्माधर्मादिरूप पापले वर्जित, विजरः=जरारहित, विमृत्युः=अमरणधर्मी, विशोकः=शोकशून्य, विजिघत्सः=क्षुधारहित, अपिपासः=प्यासरहित, सत्यकामः=सफल कामना भएको, सत्यसंकल्पः=साँचा संकल्प भएको छ, सः=त्यो, अन्वेष्टव्यः=शास्त्र र आचार्यको उपदेशबाट, खोज्नुपर्दछ, सः=त्यो, विजिज्ञासितव्य=विशेषरूपले जान्न चाहनुपर्छ, सः=त्यो विज्ञाता, सर्वान्=सम्पूर्ण, लोकान्=लोकहरू, आप्नोति प्राप्त गर्दछ, च=र, सर्वान्=समस्त, कामान्=अभीष्ट विषय, + आप्नोति=पाउँदछ, यः=जो, तम्=त्यो, आत्मानम्=आत्मालाई, अनुविद्य=शास्त्र र आचार्यको उपदेशानुसार खोजी गरेर, विजानाति=विशेषतः जान्दछ, इति=यो कुरा, भगवतः=पूज्य यहाँबाट, वेदयन्ते (शिष्टहरू) जान्दछन्, (अतः) तम्=त्यस, आत्मालाई, इच्छन्तौ=जान्न चाहेर, अवास्तम्=बसेका हौं ।

स० वा०—ती दुइ इन्द्र र विरोचन बत्तीस वर्ष ब्रह्मचर्य लिएर बसे । अनि प्रजापतिले सोधे—तिमी दुइ केको इच्छाले ब्रह्मचर्यवास गरेका हौ ? तब ती दुइले निवेदन गरे—जुन आत्मा धर्माधर्मादि पापले रहित, जरा-मरण-शोक-शून्य, भोक प्यासले रहित, सफल कामना र साँचा संकल्प भएको छ, त्यसको शास्त्र र आचार्यका उपदेशबाट खोजी गर्नुपर्दछ र विशेषरूपले जान्नुपर्दछ । अनि त्यो जान्ने पुरुषले सम्पूर्ण लोक प्राप्त गर्दछ र समस्त अभीष्ट वस्तु पाउँदछ भन्ने कुरा पूज्य यहाँबाट शिष्टहरू जान्दछन् । अतः त्यै आत्मालाई जान्नानिमित्त ब्रह्मचर्यवास गरेका हौं ।

तौ ह प्रजापतिरुवाच य एषोऽक्षिणि पुरुषो दृश्यत एष आत्मेति होवाचैतदमृतमभयमेतद्ब्रह्मेत्यथ योऽयं भगवोऽप्सु परिख्यायते यश्चायमादर्शे कतम एष इत्येष उ एवैषु सर्वेष्वन्तेषु परिख्यायत इति होवाच ॥ ४ ॥

द०प०—ह=प्रसिद्ध कुरा छ, तौ=ती दुइ शिष्यलाई, प्रजापतिः=प्रजापतिले, इति=यसो, उवाच=भने, यः=जो, एषः=यो, अक्षिणि=आँखामा, पुरुषः=पुरुष, दृश्यते=देखिन्छ, एषः=यो, आत्मा=आत्मा हो, (अनि) ह=निश्चयसाथ इति=यसो, उवाच=भने, एतद्=यो, अमृतम्=अमरणधर्मी, अभयम्=भयरहित छ, (अतएव) एतत्=यो, ब्रह्म=ब्रह्म हो, (अनि ती दुइ शिष्यले) भगवः=भगवन् ! यः=जो, अयम्=यो, अप्सु=पानीमा, परिख्यायते=सबतर्फ जानिन्छ, च=र, यः=जुन, अयम्=यो, आदर्शे=ऐनामा, (आफ्नो प्रतिबिम्बाकार) + परिख्यायते=जानिन्छ, एषाम्=यीमध्ये, एषः=यो आत्मा, कतमः=कुनचाहिं हो, (यहाँले भन्नुभएको) ? इति=यसरी, सोधे, (प्रजापतिले) उ=हे शिष्यहो, एष=यो, एव=नै हो [यश्चक्षुपि

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टा मयोक्तः] = जो नेत्रान्तर्गत द्रष्टा मैले भनेको हो, त्यो, एषः = यो, सर्वेषु = सबै, अन्तेषु = मध्यमा, परिख्यायते = देखिन्छ, इति = यसो, उवाच = भने, ह = प्रसिद्ध छ ।

स० वा०—कुरा प्रसिद्ध छ । ती दुइ शिष्यलाई प्रजापतिले भने—जो आँखामा पुरुष देखिन्छ त्यै यो आत्मा हो, यो अमरणधर्मी, भयरहित छ । अतएव यो ब्रह्म हो । अनि दुवै शिष्यले सोधे—भगवन् ! जो यो पानीमा छायारूप देखिन्छ, ऐनामा देखिन्छ, यिनमा कुनचाहिं आत्मा हो ? प्रजापतिले (जो चक्षुभित्रको द्रष्टा मैले भनेको छु भन्ने मनमा राखेर) भने—यी सबैमा त्यै त देखिन्छ ।

टिप्पणी—शङ्का—शिष्टहरूले छायापुरुषलाई आत्मा भनेर विपरीत ग्रहण गरेको कुरालाई निर्दोष आचार्य भएर पनि प्रजापतिले किन अनुमोदन गरे ? समाधान—प्रजापतिले अनुमोदन गरेका छैनन् । कसरी भने ? इन्द्र र विरोचन दुवै आफूमा पाण्डित्य, महत्त्व र बोद्धृत्व आरोप गर्नेवाला हुन्, लोकमा पनि त्यस्तै प्रसिद्ध छन् । तिनीलाई यस प्रसङ्गमा 'तिमीहरू मूढ़ हौ, विपरीत कुरा सम्झने' भनिदिऊँ भने चित्तमा दुःख मान्लान् र त्यसले गर्दा फेरि सोध्न, सुन्न, लिन, निश्चय गर्नपट्टि उत्साहहीन होलान्, शिष्यहरूलाई त्यस्तो पार्न हुँदैन, बचाएर राख्नुपर्छ, एकछिनको लागि विपरीत ग्रहण गरे पनि गरुन्, जलपूर्ण भिउँटका दृष्टान्तले यो गल्ती तुरुन्तै हटाइदिइहालुँला नि भन्ने ठानेका छन् ।

शङ्का—तैपनि 'त्यै हो आत्मा' भनेर झूठ बोल्नु त उचित थिएन ।

समाधान—झूठ बोलिएको छैन, कसरी भने, आफूले बताएको आँखाको पुरुष (द्रष्टा) मनमा रहिरहेकाले शिष्यहरूले ठानेको छायापुरुषभन्दा ज्यादै नै समीपस्थ थियो । त्यसैलाई लक्ष्य गरेर 'यै हो आत्मा' भनेका हुन् । विपरीत ग्रहणलाई हटाउन त जलपूर्ण भिउँटको दृष्टान्त लगत्तै दिंदै छन् ।

आठौं अध्यायमा सातौं खण्ड समाप्त

अष्टम खण्ड

इन्द्र र विरोचनले जलपूर्ण भिउँटमा आफ्नो प्रतिबिम्ब हेर्नु

उदशराव आत्मानमवेक्ष्य यदात्मनो न विजानीथस्तन्मे प्रब्रूतमिति तौ होदशरावेऽवेक्षाञ्चक्राते तौ ह प्रजापतिरुवाच किं पश्यथ इति तौ होचतुः सर्वमेवेदमावां भगव आत्मानं पश्याव आ लोमभ्य आ नखेभ्यः प्रतिरूपमिति ॥ १ ॥

द० प०—उदशरावे = पानी भएको भिउँटमा, आत्मानम् = आफूलाई, अवेक्ष्य = हेरेर, आत्मनः = आत्माका विषयमा, यत् = जुन कुरा, न विजानीथ = जान्दैनौ,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत् = त्यो । मे=मलाई, प्रब्रूतम् = भन, इति=यसो (भने), तौ=ती दुइले, उदशरावे = पानी भएका भिउँटमा, अवेक्षाञ्चक्राते=हेरे, ह=प्रसिद्ध कुरा छ, तौ=ती दुइलाई, प्रजापतिः=प्रजापतिले, इति = यसो, उवाच=भने, किम्=के, पश्यथः= देख्छौ ? तौ=ती दुइले, ह=निश्चयसाथ, इति=यसो, ऊचतुः=भने, भगवः=हे भगवन् ! आवाम्=हामी दुइ, आत्मानम् = आफूलाई, आ लोमभ्य=रौंसम्म (र), आ नखेभ्यः=नङसम्म, सर्वम् एव=सबै, प्रतिरूपम्=जस्ताको तस्तै, पश्यावः=देख्तछौं ।

स० वा०—प्रजापतिले भने—तिमी दुवै पानी भरिएको भिउँटमा आफूलाई हेरेर आत्माका विषयमा जुन कुरा जान्दैनौ त्यो मलाई भन ! अनि ती दुवैले पानी भरी भएको भिउँटमा हेरे । त्यसपछि प्रजापतिले सोधे—के देख्छौ ? ती दुइले भने—भगवन् ! हामी आफूलाई रौं र नङसम्म पनि सबै जस्ताको तस्तै देख्छौं ।

तौ ह प्रजापतिरुवाच साध्वलङ्कृतौ सुवसनौ परिष्कृतौ भूत्वोदशरावेऽवेक्षेथामिति तौ ह साध्वलङ्कृतौ सुवसनौ परिष्कृतौ भूत्वोदशरावेऽवेक्षाञ्चक्राते तौ ह प्रजापतिरुवाच किं पश्यथ इति ॥ २ ।

द० प०—ह=प्रसिद्ध कुरा छ, तौ=ती दुइलाई, प्रजापतिः=प्रजापतिले, इति=यसो, उवाच=भने, साधु = बढियासँग, अलङ्कृतौ = सिंगारिएका, सुवसनौ= असल वस्त्र लगाएका, परिष्कृतौ=रौं, नङहरू काटेका, भूत्वा=भएर, उदशरावे=पानी भएका भिउँटमा, अवेक्षेथाम् = हेर, (अनि) तौ = ती दुइले, साधु=वढिया गरी, अलङ्कृतौ = सिंगारिएका, सुवसनौ = असल वस्त्र लगाएका, परिष्कृतौ = रौं नङहरू काटेका, भूत्वा=भएर, उदशरावे = पानी भएका भिउँटमा, अवेक्षाञ्चक्राते = हेरे, (अनि) तौ = ती दुइलाई, प्रजापतिः=प्रजापतिले, इति=यसो । उवाच = भने, किम् = के, पश्यथः = देख्छौ ? ह=यो कुरा प्रसिद्ध छ ।

स० वा०—ती दुइलाई प्रजापतिले भने—राम्ररी सिंगारिएका वढिया लुगा लगाएका नङ केश साफ गरेका भएर पानी भएका भिउँटमा हेर । तव ती दुइले राम्ररी सिंगारिएका वढिया लुगा लगाएका नङ केश साफ गरेका भएर पानी भएका भिउँटमा हेरे । अनि तिनीहरूलाई प्रजापतिले सोधे—के देख्तछौ ?

तौ होचतुर्यथैवेदमावां भगवः साध्वलङ्कृतौ सुवसनौ परिष्कृतौ स्व एवमेवेमौ भगवः साध्वलङ्कृतौ सुवसनौ परिष्कृतावित्येष आत्मेति होवाचैतदमृतमभयमेतद्ब्रह्मेति तौ ह शान्तहृदयौ प्रवव्रजतुः ॥ ३ ॥

द० प०—ह=कुरा प्रसिद्ध छ, तौ=ती दुइले, इति=यसो, ऊचतुः=भने, भगवः=हे भगवन्, आवाम्=हामी दुइ, यथा एव=जसरी नै, इदम् = यो, साधु= राम्ररी, अलङ्कृतौ = सिंगारिएका, सुवसनौ = वढिया वस्त्र लगाएका, परिष्कृतौ= नङ केश साफ गरेका, स्वः=छौं, एवम् एव=यस्तै, भगवः=हे भगवन् ! इमौ=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी, साधु=राम्ररी, अलङ्‌कृतौ = सिंगरिएका, सुवसनौ=वढिया लुगा लगाएका, परिष्कृतौ=नङ केश साफ गरेका (छन्), अनि (प्रजापतिले), एषः=यो, आत्मा=आत्मा हो, इति=यसो, उवाच=भने र, एतत्=यो, अमृतम्=अमरणधर्मी, अभयम्=भयरहित छ, (अतएव) एतत्=यो, ब्रह्म=ब्रह्म हो, इति=यसो भने, (यसपछि) तौ=ती इन्द्र र विरोचन, शान्तहृदयौ=संतुष्ट-हृदय अर्थात् कृतार्थ बुद्धि भएर, प्रवव्रजतुः—गए, ह=यो भएको कुरा हो ।

स० वा०—ती दुइले भने—हे भगवन् ! हामी दुइ जसरी सिंगारिएका वढियाँ वस्त्र लगाएका, रौं नङ छाँटेका छौं, यस्तै यी दुइ राम्ररी सिंगारिएका, वढिया वस्त्र लगाएका, रौं नङ छाँटेका छन् । तब प्रजापतिले भने—यो आत्मा हो, अमरण धर्मी भयरहित छ, अतएव यो ब्रह्म हो । यसपछि ती इन्द्र र विरोचन संतुष्ट-हृदय भएर गए ।

सम्बन्ध—यस प्रकार गएका ती भोगासक्त राजा इन्द्र र विरोचनलाई पहिले बताएको आत्मलक्षणको विस्मरण होला भन्ने अप्रत्यक्षरूपले आशङ्का गरेर प्रत्यक्ष वचनले तिनको हृदयको दुःख हरण गर्न खोज्दै छन्—

तौ हान्वीक्ष्य प्रजापतिरुवाचानुपलभ्यात्मानमननुविद्य व्रजतो यतर एतदुपनिषदो भविष्यन्ति देवा वासुरा वा ते पराभविष्यन्तीति स ह शान्तहृदय एव विरोचनोऽसुराञ्जगाम तेभ्यो हैतामुपनिषदं प्रोवाचात्मैवेह महय्य आत्मा परिचर्य आत्मानमेवेह महयन्नात्मानं परिचरन्नुभौ लोकाववाप्नोतीमं चामुं चेति ॥ ४ ॥

द० प०—ह=यो कुरा प्रसिद्ध छ, तौ=इन्द्र र विरोचनलाई [गच्छन्तौ]=जान लागेका, अन्वीक्ष्य = देखेर, प्रजापतिः = प्रजापतिले, इति=यसो, उवाच=भने, आत्मानम् = आत्मालाई, अनुपलभ्य = नजानीकन, अननुविद्य = प्रत्यक्ष नगरीकन (विपरीत निश्चयका भएर), व्रजतोः = जानेमध्ये, देवाः वा = देवता हुन् वा, असुराः वा = असुर, यतरे = जुनचाहिं हुन्, एतदुपनिषदः=यो विद्या लिएकाहरू, पराभविष्यन्ति=(श्रेयोमार्गबाट) भ्रष्ट भएका हुनेछन्, (यति भन्दाभन्दै पनि) सः=ती, विरोचनः=विरोचन, शान्तहृदयः एव=संतुष्ट-हृदय नै भएर, असुरान्=दैत्य दानवहरू भएका ठाउँमा, जगाम = गए, ह=प्रसिद्ध छ, (अनि) तेभ्यः = ती दैत्य दानवहरूलाई, एताम् = यो, उपनिषदम् = विद्या, इति = यसरी, प्रोवाच = कहे, ह = भएको कुरा हो, इह = यस लोकमा, आत्मा एव = आत्मा (देह) नै, महय्यः = पूजनीय छ, आत्मा=आत्मा, परिचर्यः = सुसार गर्न योग्य छ, इह = यहाँ, आत्मानम् = देहलाई, महयन् = सत्कार गर्दा, परिचरन् = सुसार गर्दो, पुरुष, इमम् = यो, च = र, अमुम्=ऊ, च = पनि, उभौ=दुवै, लोकौं=लोक, अवाप्नोति=पाउँदछ ।

स० वा०—ती इन्द्र र विरोचनलाई जान लागेको देखेर प्रजापतिले उनीरूहको कानमा यो कुरा पर्ने गरी भने—यी आत्मालाई नजानीकन आफूले साक्षात्

Prof. Amodavardhana Kaundinyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगरीकन देवता वा असुर जो होस्, त्यसै जालान्, यो विद्या (देहैंलाई आत्मा मान्ने) लिएकाहरू श्रेयोमार्गबाट भ्रष्ट हुनेछन् । प्रजापतिले यसो भनेथे तापनि विरोचन संतुष्ट-हृदय नै भएर असुरहरू भएका ठाउँमा गए । अनि तिनीहरूलाई यो विद्या (देहात्मविद्या) कहे—यस लोकमा देह नै पूजनीय छ, त्यै सुसार गरिन योग्य छ। यहाँ देहलाई सत्कार गर्ने, सुसार गर्ने पुरुष इहलोक, परलोक दुवै पाउँदछ ।

तस्मादप्यद्येहाददानमश्रद्दधानमयजमानमाहुरासुरो बतेत्यसुराणाꣳ ह्येषोपनिषत्प्रेतस्य शरीरं भिक्षया वसनेनालंकारेणेति सꣳ स्कुर्वन्त्येतेन ह्यमुं लोकं जेष्यन्तो मन्यन्ते ॥ ५ ॥

द० प०—तस्मात्=त्यसकारणले, अद्य अपि = आजकल पनि, इह = यहाँ, अददानम् = दान नगर्ने, अश्रद्दधानम् = श्रद्धा नगर्ने (र), अयजमानम् = यज्ञ नगर्नेलाई, इति = यसो, आहुः = भन्दछन्. बत=अपशोच ! (यो त) आसुरः = असुर स्वभावको छ, हि = यसकारणले कि, एषा = यो, उपनिषद् = विद्या, असुराणाम् = असुरहरूको हो, प्रेतस्य = मरेकाको, शरीरम् = जीउ (मुर्दा) लाई, भिक्षया = खाने-पिउने चीजले, वसनेन = कपडाले, अलङ्कारेण = ध्वजा पताका आदिले, इति = यस प्रकारले, संस्कुर्वन्ति = संस्कार गर्दछन्, हि = यस हेतुले कि, एतेन = यो लाशको संस्कारले, अमुम् = ऊ (परको), लोकम् = लोक, जेष्यन्तः = जित्नेछौं (पाउनेछौं) भन्ने, मन्यन्ते = ठान्दछन् ।

स० वा०—त्यसकारणले आजकल पनि यहाँ दान नगर्ने, सत्कर्ममा श्रद्धा नगर्ने, यजन-पूजन नगर्नेलाई 'अपसोच ! यो त असुर स्वभावको छ' भन्दछन् । यसकारणले यो देहात्मविद्या असुर (दैत्य-दानवहरू) को हो । यिनीहरू मरेकाको शरीर (लाश) लाई गन्ध-माल्य-भोज्य आदि आदि पदार्थ राखिदिने, कपडाहरू ओढाइदिने, ध्वजापताकाहरूले सिंगार्ने इत्यादि गरेर संस्कार गर्दछन् । तिनीहरू ठान्दछन् कि—यस शव-संस्कारले हामी परलोक आफ्नो भोग्य बनाउनेछौं ।

आठौं अध्यायमा आठौं खण्ड समाप्त

•

नवम खण्ड

इन्द्रको पुनः प्रजापतिकहाँ आउनु

अथ हेन्द्रोऽप्राप्यैव देवानेतद्भयं ददर्श यथैव खल्वयमस्मिञ्छरीरे साध्वलङ्कृते साध्वलङ्कृतो भवति सुवसने सुवसनः परिष्कृते परिष्कृत एवमेवायमस्मिन्नन्धेऽन्धो भवति स्रामे स्रामः परिवृक्णे परिवृक्णोऽस्यैव शरीरस्य नाशमन्वेष नश्यति ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—अथ=अनि, इन्द्रः=इन्द्रले चाहिं, देवान्=देवताहरू भएका ठाउँमा, अप्राप्य एव=नपुगीकनै, एतत्=यो (आफूले गरेको आत्मस्वरूपको ग्रहणले भएको), भयम्=डर, ददर्श=देखे, (कसरी ?) यथा एव=जरूरी नै, खलु=निश्चयले, अस्मिन्=यो, शरीरे=शरीर, साधु=राम्ररी, अलङ्कृते=सिगरिएमा, अयम्=यो, छायापुरुष, साधु=राम्ररी, अलङ्कृतः=सिंगारिएको, भवति=हुन्छ, सुवसने=असल लुगा लगाएको भएमा, सुवसनः=असल लुगा लगाएको (हुन्छ), परिष्कृते=नङ केशहरू छाँटी छरितो भएमा, परिष्कृतः=त्यस्तै छरितो (हुन्छ), एवम् एव=यसै गरी, अस्मिन्=यो शरीर, अन्धे=अन्धो भएमा, अयम्=यो छाया पुरुष, अन्धः=अन्धो, भवति=हुन्छ, स्रामे=कानो भएमा स्रामः=कानो (हुन्छ), परिवृक्णे=काटिएमा, परिवृक्णः=काटिएको (हुन्छ), तथा अस्य एव=यै शरीरको, नाशम् अनु=नाशको पछि लागेर, एषः=यो छाया पुरुष, नश्यति=नाश हुन्छ ।

स० वा०—यसपछि इन्द्रचाहिंले देवताहरू भएका ठाउँमा नपुगीकन नै आफूले गरेका आत्मस्वरूपका ग्रहणले गर्दा डर देखे । [जलपात्रको दृष्टान्तद्वारा प्रजापतिले जुन—देहको अनात्मतत्त्व प्रदर्शित गर्नाका निम्ति व्यभिचारित्वरूप—न्याय दर्शाएका थिए यसको एक छेउ इन्द्रका बुद्धिमा फुर्‍यो । जसले कि छायापुरुषलाई आत्मस्वरूपले ग्रहण गर्नामा दोष देखे] कस्तो दोष भने, यस्तो यो शरीर राम्ररी सिंगारेमा छायापुरुष राम्ररी सिंगारिएको हुन्छ, यो शरीर राम्रा लुगा लगाएको भएमा छायापुरुष राम्रा लुगा लगाएको हुन्छ । यो शरीर नङ केश छाँटी छरितो पारिएमा छायापुरुष त्यस्तै छरितो हुन्छ एवम् शरीर अन्धो भएमा छायापुरुष अन्धो, शरीर कानो भएमा छायापुरुष कानो, शरीर काटिएको भएमा छायापुरुष काटिएको हुन्छ, किं बहुना ? यो शरीरको नाशका पछि लागेर छायापुरुष पनि नष्ट हुन्छ ।

नाहमत्र भोग्यं पश्यामीति स समित्पाणिः पुनरेयाय तꣳह प्रजापतिरुवाच मघवन्यच्छान्तहृदयः प्राव्राजीः सार्धं विरोचनेन किमिच्छन् पुनरागम इति स होवाच यथैव खल्वयं भगवोऽस्मिञ्छरीरे साध्वलङ्कृते साध्वलङ्कृतो भवति सुवसने सुवसनः परिष्कृते परिष्कृत एवमेवायमस्मिन्नन्धेऽन्धो भवति स्रामे स्रामः परिवृक्णे परिवृक्णोऽस्यैव शरीरस्य नाशमन्वेष नश्यति नाहमत्र भोग्यं पश्यामीति ॥ २ ॥

द० प०—अहम्=म, अत्र=यो छायापुरुषलाई तथा शरीरलाई आत्मा देख्नामा, भोग्यम्=फल, न पश्यामि=देख्तिनँ, इति=यस्तो (दोष निश्चय गरेर), सः=ती इन्द्र, समित्पाणिः=हातमा समिधा लिएर, पुनः=फेरि, एयाय=(प्रजापति-छेउ) आए, तम्=तिनीलाई, प्रजापतिः=प्रजापतिले, इति=यसो, उवाच=भने, मघवन्=इन्द्र ! शान्तहृदयः=संतुष्ट-हृदय भएर, विरोचनेन सार्धम्=विरोचनसँगै,

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत् = जो, प्राव्राजीः = गएका छौ, किम् = के, इच्छन् = इच्छा गरेर, पुनः = फेरि, आगमः=आयौ ? ह=प्रसिद्ध कुरा हो, सः=ती इन्द्रले, इति=यसो, उवाच=भने, भगवः=हे भगवन् !, यथा एव = जसरो नै, खलु = निश्चयले, अयम् = यो छायापुरुष, अस्मिन् = यो, शरीरे = शरोर, साधु = राम्ररो, अलङ्कृते = सिंगारिएमा, साधु = राम्ररी, अलङ्कृतः = सिंगारिएको, भवति = हुन्छ, सुवसने = राम्रा लुगा लगाएमा, सुवसनः = राम्रा लुगा लगाएको (हुन्छ), परिष्कृते = नङ केश छाँटी छरितो भएमा, परिष्कृतः = नङ केश छाँटी छरितो भएको (हुन्छ), एवम् एव=यसै गरी, अस्मिन् = यो शरीर, अन्धे = अन्धो भएमा (छायापुरुष) अन्धो, भवति = हुन्छ, स्रामे = कानो भएमा, स्रामः = कानो (हुन्छ), परिवृक्णे=काटिएमा, परिवृक्णः=काटिएको (हुन्छ), किं वहुना ? अस्य एव = यै, शरीरस्य=शरीरका, नाशम् अनु=नाशपछि लागेर, एषः = यो छायापुरुष, नश्यति = नाश हुन्छ । अत्र=यो छायापुरुष र शरीरमा आत्मा देख्नामा, भोग्यम् = फल, न पश्यामि = देख्तिनँ ।

स० वा०—म यो छायापुरुषलाई र शरीरलाई आत्मा देख्नामा कुनै फल देख्तिनँ भन्ने दोष निश्चय गरेर ती इन्द्र हातमा समिधा लिएर फेरि प्रजापतिछेउ आए । तिनीलाई प्रजापतिले सोधे—इन्द्र ! संतुष्ट हृदय भएर विरोचनसँगै गएका हौ, के इच्छा गरेर फेरि आयौ ? तब इन्द्रले निवेदन गरे—भगवन् ! यो छायापुरुष, जसरी यो शरीर राम्ररी सिंगारिएरको हुँदा राम्ररी सिंगारिएको, असल लुगा लगाएको हुँदा असल लुगा लगाएको, नङ केश छाँटी छरितो भएको हुँदा त्यस्तै छरितो भएको हुन्छ, यसै गरी यो छायापुरुष शरीर अन्धो भएमा अन्धो, कानो भएमा कानो, काटिएको भएमा काटिएको हुन्छ, धेरै कति भनूँ शरीर नाश हुँदा त्यो छायापुरुष पनि नष्ट नै हुन्छ । अतः यो छायापुरुष तथा शरीरलाई आत्मा देख्नामा म कुनै फल देख्तिनँ ।

टिप्पणी—शङ्का—अक्षिपुरुषलाई समानरूपले सुन्दासुन्दै इन्द्रले देहको छायालाई आत्मा भनेर लिए, विरोचनले देहैलाई । यस्तो केले भयो ?

समाधान—जस्तो इन्द्रलाई प्रजापतिको जलपात्रादि-सम्बन्धी वाक्य स्मरण गर्दै जाँदा देवताहरूकहाँ नपुग्दै आचार्यले बताएका दृष्टिले छायाशरीरको ग्रहण भयो, त्यसमा झट्टै दोषदर्शन पनि भयो । विरोचनलाई चाहिं त्यसो नभई देहैमा आत्मदृष्टि भयो, दोषदर्शन पनि भएन; त्यस्तै गरी विद्याग्रहण गर्ने सामर्थ्यमा प्रतिबन्ध पार्ने दोष थोरै हुनु र धेरै हुनुका अपेक्षाले इन्द्रलाई छायात्मा र विरोचनलाई देहात्माको ग्रहण हुन आयो । इन्द्र अल्पदोषका हुनाले 'य एषोऽक्षिणि पुरुषो दृश्यते' भन्ने श्रुतिको अर्थ श्रद्धापूर्वक यथाश्रुत नै (आँखामा सबैले देखिने पुरुष त छायारूपै हुनाले त्यसै) लाई आत्मा भनेर लिए, विरोचनले श्रुतिको अर्थ लक्षणाद्वारा छायाको मूल बिम्ब देहलाई आत्मा भनेर लिए । ऐनामा देखिएका नीलो र सादा कपडामा 'नीलोचाहिं बढी दामको हो' भनिदा त्यो बहुमूल्य कपडा छायाको मूल बिम्बभूत कपडा नै सम्झिन्छ, त्यो प्रति-

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विम्बरूप कपडा सम्झिदैन । त्यसै गरी 'आँखामा देखिएको पुरुष आत्मा हो' भनेकामा त्यो छाया नै त के आत्मा होला र ! छायाको मूल बिम्ब देह पो आत्मा होला भन्ने विरोचनको समझ हो ।

एवमेवैष मघवन्निति होवाचैतं त्वेव ते भूयोऽनुव्याख्यास्यामि वसापराणि द्वात्रिंशतं वर्षाणीति स हापराणि द्वात्रिंशतं वर्षाण्युवास तस्मै होवाच ॥ ३ ॥

द० प०—मघवन्=हे इन्द्र, एषः=यो कुरा, एवम् एव=यसै हो, ते = तिम्रा उपर, एतत्=यस (आत्मा) लाई, तु एव=नै, भूयः=फेरि, अनुव्याख्यास्यामि=व्याख्यान गर्नेछु, अपराणि=अरू, द्वात्रिंशतम्=बत्तीस, वर्षाणि=वर्ष, उवास=ब्रह्मचर्यवास गर, इति=यसो (प्रजापतिले), उवाच=भने, ह=यो प्रसिद्ध कुरा हो, (अनि) सः=ती इन्द्र, अपराणि=अरू, द्वात्रिंशतम्=बत्तीस, वर्षाणि= वर्ष, उवास=बसे, ह=विख्यात छ, (तब) तस्मै=ती इन्द्रलाई, (प्रजापतिले) उवाच=बताए, ह=यो अघि भएको कुरा हो ।

स० वा०—प्रजापतिले भने—इन्द्र ! यो कुरा यसै हो (छायात्मा तथा देहात्मा मान्नामा कुनै फायदा छैन, ठीक हो) । म तिम्रा उपर यस आत्माको फेरि व्याख्या गर्नेछु, अरू बत्तीस वर्ष ब्रह्मचर्यवास गर । अनि ती इन्द्र अरू बत्तीस वर्ष ब्रह्मचर्यसाथ गुरुका आश्रममा बसे । यसपछि तिनीलाई प्रजापतिले बताए ।

टिप्पणी—दोषरहित पुरुषलाई एकै पटक व्याख्यान गर्दा पनि वस्तु ज्ञानगोचर हुन्छ, तर तिमीले पक्रन सकेनौ, यसले कुनै दोषले तिम्रो ग्रहणशक्ति प्रतिबद्ध छ, त्यो दोष हटाउनु जरूरी छ भन्ने आशयले प्रजापतिले अरू बत्तीस वर्ष बस भनेका हुन् । आज्ञानुसार इन्द्र त्यति वर्ष बसेपछि दोष हटेकाले प्रजापतिले पुनः व्याख्या गरेका हुन् ।

आठौं अध्यायमा नवौं खण्ड समाप्त

दशम खण्ड

इन्द्रका प्रति स्वप्नपुरुषको उपदेश

य एष स्वप्ने महीयमानश्चरत्येष आत्मेति होवाचैतदमृतमभयमेतद्ब्रह्मेति स ह शान्तहृदयः प्रवव्राज स हाप्राप्यैव देवानेतद्भयं ददर्श तद्यद्यपीदं शरीरमन्धं भवत्यनन्धः स भवति यदि स्राममस्रामो नैवैषोऽस्य दोषेण दुष्यति ॥ १ ॥

Prof. Anandavardhana Kaundinyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—यः=जो, एषः=यो, स्वप्ने=स्वप्न अवस्थामा, महीयमानः = स्त्री आदिले सत्कार गरिँदै, चरति = डुल्दछ, एषः = यो, आत्मा = आत्मा हो, इति = यसो (प्रजापतिले भने), अनि, ह = निश्चयसाथ, इति = यसो, उवाच = भने, एतद् = यो, अमृतम् = अमरणधर्मी, अभयम् = भयरहित छ, (अतएव) एतद् = यो, ब्रह्म = ब्रह्म हो, (यसपछि) सः = ती इन्द्र, शान्तहृदयः = संतुष्ट-हृदय भएर, प्रवव्राज=गए, ह=यो अघि भएको कुरा हो, सः = ती, देवान्=देवताहरू भएका ठाउँमा, अप्राप्य एव=नपुग्दै, एतद्=यो (आफूले गरेको आत्मस्वरूपका ग्रहणले), भयम्=डर, ददर्श=देखे, (कसरी ?) तम् = त्यो, इदम् = यो, शरीरम्=शरीर, यद्यपि=यद्यपि, अन्धम्=अन्धो, भवति = हुन्छ (तथापि) सः = त्यो स्वप्न अवस्थाको आत्मा (शरीर), अनन्धः = अन्धो नभएको, भवति=हुन्छ, यदि = यद्यपि, स्रामम्=यो शरीर कानो हुन्छ, (तथापि) अस्रामः=स्वप्नशरीर कानो नभएको हुन्छ, एषः=यो स्वप्नात्मा, अस्य=यस शरीरका, दोषेण=दोषले, न दुष्यति=दूषित भएको हुँदैन ।

स० वा०—प्रजापतिले भने—'जो यो स्वप्न अवस्थामा स्त्री आदिले मानिँदै घुमफिर गर्दछ, त्यो आत्मा हो, त्यो अमरणधर्मी, भयरहित छ, यो ब्रह्म हो ।' यस-पछि इन्द्र सन्तुष्ट हृदय भएर हिंडे । तर तिनले देवताहरूकहाँ नपुग्दै आफूले गरेको आत्मस्वरूपको विपरीत ग्रहणले गर्दा डर देखे । कसरी भने, यो जाग्रत् अवस्थाको शरीर अन्धो छ तपनि त्यो स्वप्न अवस्थाको शरीर साबूत हुन्छ । यो कानो छ त पनि त्यो दुवै आँखा भएको हुन्छ । यस जाग्रत् शरीरका दोषले त्यो स्वप्न शरीर दूषित हुँदैन ।

न वधेनास्य हन्यते नास्य स्राम्येण स्रामो घ्नन्ति त्वेवैनं विच्छादयन्तीवाप्रियवेत्तेव भवत्यपि रोदितीव नाहमत्र भोग्यं पश्यामीति ॥ २ ॥

द० प०—(तथा) अस्य = यस जाग्रत् शरीरको, वधेन=नाशले, त्यो स्वप्नदेह, न हन्यते=नष्ट हुँदैन, अस्य=यस जाग्रत् शरीरका, स्राम्येण=कानोपनले, न स्रामः =कानो हुँदैन, तु=किन्तु; एनम्=यस (स्वप्नदेह) लाई, घ्नन्ति एव=पिट्छन् कि झैं. विच्छादयन्ति इव=लखेट्छन् कि झैं, अप्रियवेत्ता इव=दुःख बेहोर्ने झैं, रोदिति इव=रुन्छ जस्तो, अपि=पनि भवति=हुन्छ, (अतः) अहम् = म, अत्र = यस स्वप्नशरीरलाई आत्मा देख्नामा, भोग्यम्=फल, न पश्यामि=दख्तिनँ । इति यस्तो (इन्द्रले ठाने) ।

स० वा०—तथा यस जाग्रत् शरीरका नाशले त्यो स्वप्नशरीर नाशिँदैन यस शरीरका कानोपनले त्यो कानो हुँदैन । तर त्यस स्वप्नशरीरलाई कसैले पिट्छन् कि जस्तो, लखेट्छन् कि जस्तो गरी त्यो दुःख बेहोर्ने जस्तो भई रोइरहेछ कि जस्तो हुन्छ । अतः त्यस स्वप्नशरीरलाई आत्मा देखनामा म कुनै फल देख्तिनँ । यस्तो इन्द्र ले विचार गरे ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स समित्पाणिः पुनरेयाय तꣳ ह प्रजापतिरुवाच मघवन्यच्छान्तहृदयः प्राव्राजीः किमिच्छन्पुनरागम इति स होवाच तद्यद्यपीदं भगवः शरीरमन्धं भवत्यनन्धः स भवति यदि स्राममस्रामो नैवैषोऽस्य दोषेण दुष्यति ॥ ३ ॥

द० प०—सः = ती इन्द्र, समित्पाणिः = हातमा समिधा लिएर, पुनः = फेरि, एयाय = (प्रजापतिकहाँ) आए, ह = प्रसिद्ध छ, तम् = तिनीलाई, प्रजापतिः = प्रजापतिले, इति = यसो, उवाच = भने, मघवन् = हे इन्द्र, शान्तहृदयः = संतुष्ट हृदय भएर, यत् = जो, प्राव्राजीः = गएका हौ, किम् = के, इच्छन् = चाहना गरेर, पुनः = फेरि; आगमः = आयौ ?, सः = ती इन्द्रले, ह = निश्चयपूर्वक, उवाच = भने, भगवः = भगवन्, तत् = त्यो, इदम् = यो, शरीरम् = जाग्रत् शरीर, यद्यपि = यद्यपि, अन्धम् = अन्धो, भवति = हुन्छ, (तथापि) सः = त्यो आत्मा (स्वप्नशरीर), अनन्धः = अन्धो नभएको, भवति = हुन्छ, यदि = यद्यपि, (जाग्रत् शरीर) स्रामम् = कानो, + भवति = हुन्छ, (तथापि) त्यो आत्मा (स्वप्नशरीर), अस्रामः = कानो नभएको, + भवति = हुन्छ, एषः = यो आत्मा (स्वप्नशरीर), अस्य = यस जाग्रत् शरीरका, दोषेण = दोषले, न दुष्यति = दूषित हुँदैन !

स० वा०—ती इन्द्र हातमा समिधा लिएर फेरि प्रजापतिकहाँ आए। तिनीलाई प्रजापतिले भने—इन्द्र ! संतुष्ट हृदय भएर गएका हौ, के चाहना गरेर फेरि आयौ ? इन्द्रले निवेदन गरे—भगवन् ! यो शरीर अन्धो भए पनि त्यो आत्मा (स्वप्नशरीर) अन्धो हुँदैन, यो शरीर कानो भए पनि त्यो आत्मा (स्वप्नशरीर) साबुतै आँखा भएको हुन्छ । यस शरीरका दोषले त्यो आत्मा दूषित हुँदैन ।

न वधेनास्य हन्यते नास्य स्राम्येण स्रामो घ्नन्ति त्वेवैनं विच्छादयन्तीवाप्रियवेत्तेव भवत्यपि रोदितीव नाहमत्र भोग्यं पश्यामीत्येवमेवैष मघवन्निति होवाचैतं त्वेव ते भूयोऽनुव्याख्यास्यामि वसापराणि द्वात्रिꣳशतं वर्षाणीति स हापराणि द्वात्रिꣳशतं वर्षाण्युवास तस्मै होचाच ॥ ४ ॥

द० प०—अस्य = यस जाग्रत् शरीरका, वधेन = नाशले, (त्यो आत्मा = स्वप्नशरीर) न हन्यते = नष्ट हुँदैन, अस्य = यस शरीरका, स्राम्येण = कानोपनले, त्यो, न स्रामः = कानो हुँदैन, तु = किन्तु, एनम् = यस आत्मा (स्वप्नशरीर) लाई, घ्नन्ति एव = पिट्छन् कि जस्तो, विच्छादयन्ति इव = लखेट्छन् कि भनेजस्तो, अप्रियवेत्ता इव = दुःख बेहोर्नेझैं, रोदिति इव = रुन्छ जस्तो, अपि = पनि, भवति = हुन्छ, अतः, अहम् = म, अत्र = यस आत्मा (स्वप्नशरीर) लाई आत्मा देख्नामा, भोग्यम् = फल, न पश्यामि = देख्तिनँ । इति = यसो इन्द्रले भने । (तब प्रजापतिले) मघवन् = हे इन्द्र ! एषः = यो भएको कुरा हो, एतम् = यस आत्मालाई, तु एव = नै, ते = तिमी प्रति, भूयः = फेरि, अनुव्याख्यास्यामि = व्याख्यान गर्नेछु, अपराणि =

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरू, द्वात्रिंशतम्=बत्तीस, वर्षाणि=वर्ष, वस=ब्रह्मचर्यवास गर, इति=यसो भने, (तब)सः=ती इन्द्र, अपराणि=अरू, द्वात्रिंशतम्=बत्तीस, वर्षाणि=वर्ष, उवास=ब्रह्मचर्यसाथ वसे, (अनि) तस्मै=ती इन्द्रलाई, उवाच=उपदेश गरे, ह=यो पूर्ववृत्तान्त हो ।

स० वा०—यस शरीरका नाशले त्यो आत्मा (स्वप्नशरीर) नष्ट हुँदैन, यसका कानोपनले त्यो कानो हुँदैन । तर त्यस आत्मा (स्वप्नशरीर) लाई, कसैले पिट्छन् जस्तो, लखेट्छन् जस्तो र त्यो दुःख बेहोर्ने जस्तो गरी रुन्छ जस्तो हुन्छ । यसकारण म त्यस स्वप्नशरीरलाई आत्मा देख्नामा कुनै फल देख्तिनँ । इन्द्रले यसो भने । तब प्रजापतिले भने—इन्द्र ! यो आत्मा यस्तै हो, तिम्रा उपर, यस आत्माको व्याख्या फेरि गर्नेछु, अरू बत्तीस वर्ष ब्रह्मचर्यवास गर । अनि इन्द्रले अरू बत्तीस वर्ष ब्रह्मचर्यसाथ वास गरे र प्रजापतिले तिनीलाई उपदेश गरे ।

टिप्पणी—मैले दुइपटक युक्तिपूर्वक बताउँदा पनि ठीक ठीक निश्चय गर्दैनन् । अझै पनि प्रतिबन्धको कारण रहिरहेको छ भन्ने ठहराई त्यो हटाउनाका निमित्त प्रजापतिले पुनः ब्रह्मचर्यवासको आज्ञा गरेका हुन् ।

आठौं अध्यायमा दशौं खण्ड समाप्त

●

एकादश खण्ड

सुषुप्त पुरुषको उपदेश

संबन्ध—'म तिम्रा उपर यसको पुनः व्यख्यान गरुँला' भनेर—

तद्यत्रैतत् सुप्तः समस्तः संप्रसन्नः स्वप्नं न विजानात्येष आत्मेति होवाचैतदमृतमभयमेतद्ब्रह्मेति स ह शान्तहृदयः प्रवव्राज स हाप्राप्यैव देवानेतद्भयं ददर्श नाह खल्वयमेवꣳसम्प्रत्यात्मानं जानात्ययमहमस्मीति नो एवेमानि भूतानि विनाशमेवापीतो भवति नाहमत्र भोग्यं पश्यामीति ॥ १ ॥

द० प०—तत्=त्यसो (स्वप्नशरीर दुःख बेहोर्ने जस्तो हुने) हुँदा, यत्र=जुन समयमा, एतत्=यो निद्रामा प्राप्त भएर, समस्तः=पूरै, सुप्त = सुतेको हुन्छ अर्थात् गाढ निद्रामा परेको हुन्छ (र), संप्रसन्नः=राम्रै गरी प्रसन्न हुन्छ, (अतएव) स्वप्नम्=स्वप्न प्रत्ययलाई, न विजानाति=थाह पाउँदैन, एषः=यो (आँखामा रहेको द्रष्टा तथा स्वप्नमा मान पाई विचरण गर्नेवाला) आत्मा=आत्मा हो, इति=यसो, उवाच=

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(प्रजापतिले) भने, (अनि) ह=निश्चयसाथ, इति=यसो, उवाच=भने, एतद्=यो, अमृतम्=अमरणधर्मी, अभयम्=भयरहित छ, (अतएव) एतद्=यो, ब्रह्म=ब्रह्म हो, (यसो भनेपछि) सः=ती इन्द्र, शान्तहृदयः=संतुष्ट हृदय भएर, प्रवव्राज=हिँडे, ह=हो, सः=ती, देवान्=देवताहरूकहाँ, अप्राप्य एव=नपुग्दै, एतद्=यो, भयम्=डर, ददर्श=देखे, अयम्=यो, सुषुप्ति अवस्थामा रहेको, आत्मा, संप्रति=यस वखत (सुषुप्तिमा), आत्मानम्=आफूलाई, एवम्=यसरी, खलु=निस्सै, न जानामि=थाह पाउँदैन (कसरी ?) अयम्=यो, अहम्=म, अस्मि=हुँ, इति=यसरी, एतानि=यी, भूतानि=भूतहरूलाई, नो एव जानाति=जान्दैजान्दैन, विनाशम्=नाशमा, अपीतः=प्राप्त भएजस्तो, भवति=हुन्छ, (अतः) अहम्=म, अत्र=यस सुषुप्त शरीरलाई आत्मा मान्ने विषयमा, भोग्यम्=फल, न पश्यामि=देख्तिनँ, इति=यसो (इन्द्रले भने) ।

स० वा०—स्वप्नशरीर दुःख बेहोर्ने जस्तो हुने हुँदा, जुन समयमा यो आत्मा गाढ़ नींदमा परेको हुन्छ र राम्रै गरी प्रसन्न हुन्छ (अतएव) स्वत्न प्रत्ययलाई थाह पाउँदैन त्यो—आँखामा रहेको द्रष्टा तथा स्वप्नमा मान पाउँदै विचरण गर्ने—आत्मा हो, त्यो अमरणधर्मी भयरहित छ, अतएव त्यो ब्रह्म हो भनी प्रजापतिले उपदेश गरे। तब शान्त हृदय भई इन्द्र हिँडे। तर तिनी देवताहरूकहाँ नपुग्दै यो आफ्नो आत्मस्वरूपको विपरीत ग्रहणबाट भएको भय देखे। कस्तो भने, यो सुषुप्ति अवस्थामा रहेको आत्मा त्यतिखेर आफूलाई 'यो म हुँ' भनेर थाह पाउँदैन, न यी पृथ्वी आदि भूतहरूलाई नै थाह पाउँदछ। स्वयम् नष्ट भएजस्तो हुन्छ। अतः यस सुषुप्त शरीरलाई आत्मा मान्दा कुनै फल देख्तिनँ यस्तो ठानेर—

स समित्पाणिः पुनरेयाय तꣳह प्रजापतिरुवाच मघवन्यच्छान्तहृदयः प्राव्राजीः किमिच्छन्पुनरागम इति स होवाच नाहं खल्वयं भगव एवꣳ सम्प्रत्यात्मानं जानात्ययमहमस्मीति नो एवेमानि भूतानि विनाशमेवापीतो भवति नाहमत्र भोग्यं पश्यामीति ॥ २ ॥

द० प०—सः=ती इन्द्र, समित्पाणिः=हातमा समिधा लिएर, पुनः=फेरि, एयाय=(प्रजापतिकहाँ) आए, ह=भएको कुरा हो, तम्=तिनीलाई, प्रजापतिः=प्रजापतिले, इति=यसो, उवाच=भने, ह=प्रसिद्ध छ, मघवन्=हे इन्द्र, शान्तहृदयः=संतुष्ट-हृदय भएर, यत्=जो, प्राव्राजीः=गएका हौ, किम्=के, इच्छन्=चाहेर, पुनः=फेरि, आगमः=आयौ ? (तब) सः=ती इन्द्रले, ह=निश्चयसाथ, उवाच=भने, भगवः=हे भगवन्, अयम्=यो आत्मा (सुषुप्ति-शरीर), सम्प्रति=यस अवस्थामा (सुषुप्तिमा) आत्मानम्=आफूलाई, एवम्=यसरी, खलु=निस्सै, न जानाति=थाह पाउँदैन, (कसरी ?) अयम्=यो, अहम्=म, अस्मि=हुँ, इति=यसरी, इमानि=यी, भूतानि=पृथिवी आदि भूतहरूलाई, नो एव

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानाति=जान्दैजान्दैन, विनाशन् एव=नाशमा नै, अपीतः=प्राप्त भएजस्तो, भवति=हुन्छ, (अतः) अहम्=म, अत्र=यो सुषुप्त पुरुषलाई आत्मा देखनामा, भोग्यम्=फल, न पश्यामि=देख्तिनँ, इति=इन्द्रले यसो भने ।

स० वा०—ती इन्द्र हातमा समिधा लिएर फेरि प्रजापतिकहाँ आए। तब प्रजापतिले उनलाई भने—इन्द्र! संतुष्ट-हृदय भएर गएका हौ, के चाहेर फेरि आयौ ? इन्द्रले निश्चयसाथ भने—भगवन् ! यो सुषुप्ति अवस्थाको आत्मा आफूलाई 'यो म हुँ' भनी थाह पाउँदैन, न यो पृथ्वी आदि भूतहरूलाई नै जान्दछ, नाशमा नै प्राप्त भएजस्तो हुन्छ। अतः यस सुषुप्त पुरुषलाई आत्मा देख्नामा म कुनै फल देख्तिनँ ।

एवमेवैष मघवन्निति होवाचैतं त्वेव ते भूयोऽनुव्याख्यास्यामि नो एवान्यत्रैतस्माद्वसापराणि पञ्च वर्षाणीति स हापराणि पञ्च वर्षाण्युवास तान्येकशतꣳ सम्पेदुरेतत्तद्यदाहुरेकशतꣳ ह वै वर्षाणि मघवान्प्रजापतौ ब्रह्मचर्यमुवास तस्मै होवाच ॥ ३ ॥

द० प०—मघवन्=हे इन्द्र, एषः=यो कुरा (आत्मा), एवम् एव=यस्तै हो, इति=यसो, प्रजापतिले, उवाच=भने, ह=प्रसिद्ध कुरा हो, एतम्=यस (आत्मा) लाई, तु एव=नै, ते=तिम्रा उपर, भूयः=फेरि, अनुव्याख्यास्यामि=व्याख्यान गर्नेछु, एतस्मात्=यस आत्मादेखि, अन्यत्र=अर्को कुरा, न एव=अवश्य व्याख्यान गर्नेछैन, (अतः) अपराणि=अरू, पञ्च=पाँच, वर्षाणि=वर्ष, वस=ब्रह्मचर्यवास गर, इति=यसो, (प्रजापतिले भने), ह=प्रसिद्ध छ, (अनि) सः=ती इन्द्र, अपराणि=अरू, पञ्च=पाँच, वर्षाणि=वर्ष, उवास=ब्रह्मचर्य साथ) वसे, तानि=ती वर्ष, एकशतम्=एक सय एक, संपेदुः=पुगे, यत्=जुन कुरा, आहुः=भन्दछन् (कुन ?), मघवन्=इन्द्र, एकशतम्=एक सय एक, वर्षाणि=वर्ष, प्रजापतौ=प्रजापतिकहाँ, ब्रह्मचर्यम्=ब्रह्मचर्यसाथ, उवास=बसे, ह वै=निश्चय हो, तत्=त्यो कुरा, एतत्=यो 'द्वात्रिंशतम्' इत्यादि ग्रन्थले, देखाइयो, (अनि) तस्मै=ती इन्द्रलाई (प्रजापतिले), उवाच=उपदेश गरे, ह=निश्चय हो ।

स० वा०—हे इन्द्र ! यो कुरा (आत्मा) यस्तै हो भनी प्रजापतिले भने र फेरि भने—'तिम्रा उपर यै कुरा फेरि व्याख्यान गर्नेछु, यस आत्मादेखि अर्को कुरा अवश्य हैन । अतः अरू पाँच वर्ष ब्रह्मचर्य वास गर । अनि इन्द्र अरू पाँच वर्ष ब्रह्मचर्य-साथ बसे, ती जम्मा वर्ष एक सय एक पुगे । जुन कुरा भन्दछन्—'इन्द्र एक सय एक वर्ष प्रजापतिकहाँ ब्रह्मचर्यसाथ बसेथे ।' त्यो कुरा 'द्वात्रिंशतम्' इत्यादि ग्रन्थले देखाइयो, अनि ती इन्द्रलाई प्रजापतिले उपदेश गरे, निश्चय हो ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी—'यो कुरा यस्तै हो' भनेर मैले तीन पटक उपदेश गरें। तैपनि यिनी यथार्थरूपमा वस्तु ग्रहण गर्दैनन्। अतः अझ पनि बोधको प्रतिबन्धक दोष केही बाँकी नै छ।' भनेर प्रजापतिले अरू पाँच वर्ष ब्रह्मचर्य वास गर भनेका हुन्। इन्द्रले तदनुसार गरेपछि आत्मज्ञान प्राप्त गरेथे। यसरी एक सय एक वर्ष परिश्रमसाथ गुरु-कहाँ ब्रह्मचर्यवास गरेर बल्ल आत्मज्ञान प्राप्त गरिएथ्यो। अतः आत्मज्ञान भनेको कुरो इन्द्रपदभन्दा पनि महत्त्वपूर्ण कुरो हो। योभन्दा ठूलो पुरुषार्थ अर्को छैन भन्ने कुरा यस प्रकरणले बुझाउँदछ।

आठौं अध्यायमा एघारौं खण्ड समाप्त

द्वादश खण्ड

मर्त्यशरीर आदिको उपदेश

मघवन्मर्त्यं वा इदꣳ शरीरमात्तं मृत्युना तदस्यामृतस्याशरीरस्यात्मनोऽधिष्ठानमात्तो वै सशरीरः प्रियाप्रियाभ्यां न ह वै सशरीरस्य सतः प्रियाप्रिययोरपहतिरस्त्यशरीरं वाव सन्तं न प्रियाप्रिये स्पृशतः॥ १॥

द० प०—मघवन्=हे इन्द्र, इदम् = यो, शरीरम्=शरीर, वै=निश्चयले, मर्त्यम्=मरणधर्मी छ, मृत्युना=मृत्युले, आत्तम्=पक्रिएको छ, तम्=त्यो, अस्य=यो, अशरीरस्य=शरीररहित, अमृतस्य = अमरणधर्मी, आत्मनः=आत्माको, अधिष्ठानम्=आधार छ। सशरीरः=शरीरसहित, अर्थात् 'म शरीर हुँ' 'शरीर नै म हुँ' भन्ने अविवेकमा रहेको आत्मा, प्रियाप्रियाभ्याम्=(साध्यविषयको संयोग र वियोगबाट हुने) प्रिय र अप्रिय भन्ने कुराले, आत्तः=पक्रिएको छ, वै=यो कुरा प्रसिद्ध छ, सशरीरस्य सतः=शरीरसहित हुँदा, प्रियाप्रिययोः=प्रिय र अप्रियको, अपहतिः=नाश, न अस्ति=छैन, ह वै=प्रसिद्ध छ, अशरीरम्=शरीर-रहित, सन्तम्=छँदा वाव = नै, प्रियाप्रिये=प्रिय र अप्रियले, न स्पृशतः=छुँदैनन्।

स० वा०—हे इन्द्र! यो शरीर अवश्य मरणधर्मी छ। मृत्युले पक्रिएको छ। यो वस्तुतः शरीर-रहित अमरणधर्मी आत्माको—जीवरूपले— रहिने ठाउँ भएको छ। आत्मा र शरीर-सहित हुँदा अर्थात् 'म शरीर हुँ, शरीर नै म हुँ' भन्ने अविवेकमा रहँदा बाह्य विषयको संयोग र वियोगबाट हुने प्रिय र अप्रिय भन्ने कुराले पक्रिएकै हुन्छ, यो प्रसिद्धै कुरा छ। शरीरसहित हुँदा ती प्रिय र अप्रियको उच्छेद अवश्य हुँदैन, शरीररहित हुँदा नै ती प्रिय र अप्रियले छुँदैनन्।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध—अशरीर सम्प्रदायरूप भै-भैकन पनि अविद्याले शरीरसँग फरक नहुन गएको आत्मा शरीरबाट उठेर जसरी आफ्नै रूपमा प्राप्त हुन्छ, त्यो बताउनु छ र यो दृष्टान्त दिइन्छ—

अशरीरो वायुरभ्रं विद्युत् स्तनयित्नुरशरीराण्येतानि तद्यथैतान्यमुष्मादाकाशात्समुत्थाय परं ज्योतिरुपसम्पद्य स्वेन रूपेणाभिनिष्पद्यन्ते ॥ २ ॥

द० प०—वायुः=वायु, अशरीरः=शरीररहित छ, अभ्रम्=मेघ, विद्युत्=बिजुली, स्तनयित्नुः=मेघको गडगडाहट, एतानि=यी, अशरीराणि=शरीर नभएकै छन्, तत् = त्यस स्थितिमा, वर्षा आदि प्रयोजन पूर्ण भएपछि, एतानि=यी, अमुष्मात्=त्यो, आकाशात्=आकाशबाट, समुत्थाय=उठेर, परम्=प्रचण्ड (ग्रीष्मकालले बढेको), ज्योतिः=सूर्यको तेजमा, उपसंपद्य=प्राप्त भएर (प्राप्त भई छुट्टाछुट्टै भावमा आएर) स्वेन = आफाफ्ना, रूपेण=रूपले, अभिनिष्पद्यन्ते=परिणत हुन्छन् ।

स० वा०—हावा शरीररहित छ, वादल, बिजुली, वादलको गडगडाहट यी सब शरीररहितै छन् । त्यस स्थितिमा वृष्टि आदि प्रयोजन पूर्ण भैसकेपछि ती आकाशै समान भैरहेका हुन्छन् । पछि शिशिर सकिई ग्रीष्म ऋतु भएपछि प्रचण्ड भएका सूर्यका तापमा प्राप्त भएर पृथक्-पृथक् भावमा प्राप्त भई आफाफ्ना रूप (हावा पूर्विया वतास रूपमा, वादल पहाड-हात्ती आदि रूपमा, बिजुली तेजको लहरो आदि चपलरूपमा र गडगडाहट गर्जना-वज्रपात आदि रूप) मा परिणत हुन्छन् ।

एवमेवैष सम्प्रसादोऽस्माच्छरीरात्समुत्थाय परं ज्योतिरुपसंपद्य स्वेन रूपेणाभिनिष्पद्यते स उत्तमपुरुषः स तत्र पर्येति जक्षत्क्रीडन् रममाणः स्त्रीभिर्वा यानैर्वा ज्ञातिभिर्वा नोपजनꣳ स्मरन्निदꣳ शरीरꣳ स यथा प्रयोग्य आचरणे युक्त एवमेवायमस्मिञ्छरीरे प्राणो युक्तः ॥ ३ ॥

द० प०—एवम्=यसै गरी, एषः=यो, सम्प्रसादः=जीव, अस्मात् = यो, शरीरात्=शरीरबाट, समुत्थाय=उठेर, (देहादि-विलक्षण आत्माको स्वरूप जानेर) परम्=सर्वोत्तम, ज्योतिः = प्रकाश (आत्मा) मा, स्वेन = आफ्नो, रूपेण = रूपले (सद्-रूपले) अभिनिष्पद्यते = सम्पन्न हुन्छ । सः=त्यो, उत्तमपुरुषः=क्षर र अक्षरभन्दा उत्तम भएको पुरुष (परमात्मा) हो । सः=त्यो, तत्र=त्यस अवस्थामा, (सर्वात्म भएर) जक्षत्=खाँदै, स्त्रीभिः=स्त्रीहरूसँग, वा=अथवा, यानैः=सवारीहरूसँग, वा = अथवा, ज्ञानिभिः = बन्धुहरूसँग, क्रीडन् = खेल्दै, रममाणः = मनमनै रमाउँदै, इदम् = यो, उपजनम्=आत्माका नजीकमा उब्जने, शरीरम्=शरीरलाई, न स्मरन्=नसम्झी, पर्येति=सबतिर संचार गर्दछ । यथा=जसरी, प्रयोग्यः=घोडा, आचरणे=रथमा, युक्तः=(तान्नलाई) जोतिएको हुन्छ, एवम् एव=यसै गरी, अयम् = यो, प्राणः = प्राण (इन्द्रिय-मनो-बुद्धि-संयुक्त प्रज्ञात्मा), अस्मिन् = यो, शरीरे = शरीरमा, युक्तः = (कर्मफल भोगका निमित्त) जोतिएको छ ।

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स० वा०—यसै गरी यो जीव यस शरीरबाट उठेर—देहादिविलक्षण आत्माको स्वरूप जानेर—सर्वोत्तम प्रकाशरूप आत्मामा प्राप्त भएर आफ्नै सत्-रूपले सम्पन्न हुन्छ। त्यो क्षर अक्षरदेखि उत्तम पुरुष (परमात्मा) हो। त्यो त्यस अवस्थामा सर्वात्म भएर अनेक प्रकारका चीज खाँदै स्त्रीहरूसँग, सवारीहरूसँग, बन्धुवर्गसँग खेल्दै मनैमनमा रमाउँदै, त्यस आत्माको नजीकमा उब्जने शरीरलाई सम्झँदै नसम्झी सर्वत्र संचार गर्दछ। जसरी घोडा रथमा—तान्नाका निमित्त—जोतिन्छ, त्यसै गरी यो इन्द्रिय, मन बुद्धिले युक्त प्रज्ञात्मा यस शरीरमा कर्मफल भोग्नाका निमित्त जोतिएको छ।

अथ यत्रैतदाकाशमनुविषण्णं चक्षुः स चाक्षुषः पुरुषो दर्शनाय चक्षुरथ यो वेदेदं जिघ्राणीति स आत्मा गन्धाय घ्राणमथ यो वेदेदमभिव्याहराणीति स आत्माभिव्याहाराय वागथ यो वेदेदꣳ शृणवानीति स आत्मा श्रवणाय श्रोत्रम् ॥ ४ ॥

द० प०—अथ=अनि, यत्र=जहाँ, एतद्=यो, चक्षुः=नानीले उपलक्षित, आकाशम्=आकाश, अनुविषण्णम्=शरीरमा अनुगत छ, तत्र=त्यहाँ, सः=त्यो, चाक्षुषः=चक्षुमा भएको, पुरुषः=पुरुष छ, (त्यसलाई) दर्शनाय=रूप ग्रहणका निमित्त, चक्षुः=चक्षु इन्द्रिय छ, अथ=तथा, यः=जो, इदम्=यसलाई, जिघ्राणि=सुघूँ, इति=यस्तो, वेद=अनुभव गर्दछ, सः=त्यो आत्मा=आत्मा हो, (त्यसलाई) गन्धाय=गन्ध ग्रहणका निमित्त, घ्राणम्=घ्राणेन्द्रिय छ, अथ=तथा, यः=जो, इदम्=यो वचन, अभिव्याहराणि=बोलूँ, इति=यस्तो, वेद=अनुभव गर्दछ, सः=त्यो, आत्मा=आत्मा हो, (त्यसलाई) अभिव्याहाराय=बोल्ने क्रियाका निमित्त, वाक्=वाक् इन्द्रिय छ, अथ=तथा, यः=जो, इदम्=यो, शृणुवानि=भनूँ, इति=यस्तो, वेद=अनुभव गर्दछ, सः=त्यो, आत्मा=आत्मा हो, त्यसलाई, श्रवणाय=शब्दग्रहणका निमित्त, श्रोतम्=श्रवणेन्द्रिय छ।

स० वा०—अनि जहाँ नानीले उपलक्षित आकाश शरीरमा अनुगत छ, त्यहाँ त्यो चक्षुमा भएको पुरुष हो। त्यसलाई रूपग्रहणका निम्ति चक्षु इन्द्रिय छ। जो यो सुघूँ भन्ने अनुभव गर्दछ त्यो आत्मा हो, त्यसलाई गन्धग्रहणका निम्ति घ्राणेन्द्रिय छ। जो यो (वचन) बोलूँ भन्ने अनुभव गर्दछ त्यो आत्मा हो, त्यसलाई बोल्ने क्रियाका निमित्त वाक् इन्द्रिय छ। जो यो सुनूँ भन्ने अनुभव गर्दछ त्यो आत्मा हो, त्यसलाई शब्दग्रहणका निमित्त श्रोत इन्द्रिय छ।

अथ यो वेदेदं मन्वानीति स आत्मा मनोऽस्य दैवं चक्षुः स वा एष एतेन दैवेन चक्षुषा मनसैतान्कामान् पश्यन् रमते ॥ ५ ॥

द० प०—अथ=तथा, यः=जो, इदम्=यो, मन्वानि=मनन गरूँ, इति=यस्तो। वेद=अनुभव गर्दछ, सः=त्यो, आत्मा=आत्मा हो, यस्य=यसको (मनन-

Prof. Amedavardhana Kaundinyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाका निमित्त) मनः=मन, दैवम्=दिव्य (असाधारण), चक्षुः=नेत्र हो, सः= त्यो (सर्वात्मभावमा प्राप्त भएको), एषः=यो मुक्त आत्मा, वै=निश्चयले, एतेन= यो, दैवेन=दिव्य, चक्षुषा=नेत्र भएको, मनसा=मनले, एतान्=यी, कामान्= भोग्यलाई, पश्यन्=(नित्य फैलिएको दृष्टिले) देख्तै, रमते=रमाउँछ ।

स० वा०—तथा जो 'यो मनन गरूँ' भन्ने अनुभव गर्दछ, त्यो आत्मा हो, यसलाई मननक्रियाका निम्ति मन दिव्य नेत्र छ, अरू इन्द्रिय जस्तो वर्तमानकालिक विषय ग्रहण गर्ने करण होइन, त्रैकालिक विषय ग्रहण गर्ने करण हो । त्यो स्वरूपमा प्राप्त भएको अविद्याकृत देहेन्द्रिय मनबाट छुटेको अतएव सर्वात्मभावमा प्राप्त भएको यो आत्मा असाधारण हरणरूप मनले यी भोग्य विषयलाई सूर्यको प्रकाश जस्तो नित्य फैलिएका दृष्टिले हेर्दै रमाउँछ ।

य एते ब्रह्मलोके तं वा एतं देवा आत्मानमुपासते तस्मात्तेषाꣳ सर्वे च लोका आत्ताः सर्वे च कामाः स सर्वाꣳश्च लोकानाप्नोति सर्वाꣳश्च कामान्यस्तमात्मानमनुविद्य विजानातीति ह प्रजापतिरुवाच प्रजापतिरुवाच ॥ ६ ॥

द० प०—(कुन भोग ?) ये=जो, एते=यी, ब्रह्मलोके=ब्रह्महरू पलोकमा विद्यमान छन्, तम्=त्यो (प्रजापतिले बताएको) एतम्=यो, आत्मानम्=आत्मालाई, देवाः=देवताहरू, वै=निश्चयसाथ, उपासते=उपासना गर्दछन्, तस्मात्= त्यसकारणले, तेषाम्=तिनीहरूले, सर्वे च=समस्त नै, लोकाः=लोकहरू, आप्ताः =प्राप्त गरिएका छन्, सर्वे=सम्पूर्ण, कामाः च=भोगहरू पनि, आप्ताः=प्राप्त गरिएका छन्, (वर्तमान कालमा पनि) यः=जो, तम्=त्यस, आत्मानम्=आत्मालाई, अनुविद्य=शास्त्र र आचार्यको उपदेशानुसार खोजी गरेर, विजानाति=जान्दछ, सः=त्यो, सर्वान् च=संपूर्ण नै, लोकान्=लोकहरू, च=र, सर्वान्=समस्त, कामान्=भोगहरू, आप्नोति=प्राप्त गर्दछ, इति=यसो, प्रजापतिः=प्रजापतिले, उवाच=भने, ह=प्रसिद्ध छ ।

स० वा०—(कुन भोगलाई देख्तै रमाउँछ ?) जो यी ब्रह्मरूप लोकमा विद्यमान छन् । यो (प्रजापतिले बताएको), आत्मालाई देवताहरू निश्चयसाथ उपासना गर्दछन् । त्यसकारण तिनीहरूले सम्पूर्ण लोक एवं समस्त भोग प्राप्त गरेका छन् । आजकल पनि जो त्यस आत्मालाई शास्त्र र आचार्यको उपदेश-अनुसार खोजी गरेर यथार्थरूपमा जान्दछ, त्यो सर्वात्म भई सम्पूर्ण लोक एवं समस्त भोग प्राप्त गर्दछ । प्रजापतिले यसो भने ।

आठौं अध्यायमा बाह्रौं खण्ड समाप्त

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोदश खण्ड

'श्यामाच्छबलम्' यस मन्त्रको उपदेश

श्यामाच्छबलं प्रपद्ये शबलाच्छ्यामं प्रपद्येऽश्व इव रोमाणि विधूय पापं चन्द्र इव राहोर्मुखात्प्रमुच्य धूत्वा शरीरमकृतं कृतात्मा ब्रह्मलोकमभिसम्भवामीत्यभिसम्भवामीति ॥ १ ॥

द० प०—(म) श्यामात्=श्यामवर्ण जस्तो गम्भीर हृदयस्थ ब्रह्मदेखि, शबलम्=(अनेक काम मिश्रित हुनाले) छिर्बिरे ब्रह्मलोकमा, प्रपद्ये=प्राप्त हूँ, (किनभने), म शबलात्=ब्रह्मलोकबाट, श्यामम्=(नामरूपको अभिव्यक्तिका निमित्त) हृदयस्थ ब्रह्मभावमा, प्रपद्ये=प्राप्त भएको हुँ, अश्वः=घोडाले, रोमाणि=रौंहरू, विधूय=फट्कारेर, इव = झैं, पापम्=धर्माधर्मरूप पापलाई, विधूय=फट्कारेर, राहोः=राहुका, मुखात्=मुखबाट, प्रमुच्य=छुटेर, चन्द्रः इव=चन्द्रमा झैं, शरीरम्=शरीर, धूत्वा=(यहीं) छोडेर, कृतात्मा=कृतार्थ भईकन, अकृतम्=नित्य, ब्रह्मलोकम्=ब्रह्मलोकमा, अभिसम्भवामि=प्राप्त हूँ, अभिसम्भवामि=प्राप्त हूँ ।

स० वा०—म श्यामवर्ण जस्तो गम्भीर हृदयस्थ ब्रह्मबाट अनेक काममिश्रित हुनाले विचित्रको ब्रह्मलोकमा प्राप्त होऊँ । किनभने म नामरूपको अभिव्यक्तिका निमित्त ब्रह्मलोकबाट हार्द ब्रह्मभावमा प्राप्त भएको हुँ । अतः अब आफ्नो प्रकृतिस्वरूपमा नै प्राप्त होऊँ। घोडाले रौंहरू फट्कारेर धूलो र थकाइ दूर गरेर जस्तो निर्मल हुन्छ, त्यसै गरी हार्द ब्रह्मको ज्ञानले धर्माधर्मरूप पापलाई नष्ट गरेर, राहुका मुखबाट छुटेर चन्द्रमा निर्मल भएजस्तो गरी शरीरलाई यहीं छोडेर ध्यानद्वारा कृतार्थ भई नित्य ब्रह्मलोकमा प्राप्त होऊँ ।

टिप्पणी—यो 'श्यामाच्छबलं प्रपद्ये' इत्यादि मन्त्र पवित्र गर्ने हो, जपका निमित्त वा ध्यानका निमित्त यहाँ दिइएको छ ।

आठौं अध्यायमा तेह्रौं खण्ड समाप्त

चतुर्दश खण्ड

कारणरूपले आकाशसंज्ञक ब्रह्मको उपदेश

आकाशो वै नाम नामरूपयोर्निर्वहिता ते यदन्तरा तद्ब्रह्म तदमृतँ स आत्मा प्रजापतेः सभां वेश्म प्रपद्ये यशोऽहं भवामि ब्राह्मणानां यशो राज्ञां यशो विशां यशोऽहमनुप्रापत्सि स हाहं यशसां यशः श्येतमदत्कमदत्कँ श्येतं लिन्दु माभिगां लिन्दु माभिगाम् ॥ १ ॥

From Anoop Archana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—आकाशः=आकाश भनिएर, नाम=श्रुतिमा आत्मा प्रसिद्ध छ, वै=निश्चय हो । (त्यो) नामरूपयोः=नाम र रूपको, निर्वाहिता=निर्वाहक छ, अर्थात् नामरूप व्यक्त गर्ने हो, ते=ती नाम र रूप, यदन्तरा=जोभित्र छन्, तद् = त्यो, ब्रह्म = ब्रह्म हो, तद्=त्यो, अमृतम्=अमरणधर्मी छ, सः=त्यो, आत्मा= आत्मा हो, [अबको भाग मन्त्र हो-] प्रजापतेः=ब्रह्माको, सभाम्=सभा अर्थात् वेश्म ('प्रभुविमित' नामक) घरमा, प्रपद्ये=प्राप्त होऊँ, (तथा), अहम् = म, यशः = यश नाम गरेको, आत्मा=आत्मा, भवामि=होउँ, अहम्=म, ब्राह्मणानाम्=ब्राह्मण-हरूको, यशः=यश, राज्ञाम्=क्षत्रियहरूको, यशः=यश, र, विशाम्=वैश्यहरूको, यशः =यश, अनुप्रापत्सि=पाउन चाहन्छु, सः=त्यो, ह=नै, अहम्=म, यशसाम्=देह-इन्द्रिय-मन-बुद्धिरूप आत्माको, आत्मा=आत्मा हुँ, श्येतम्=रक्तवर्णको, अदत्कम्= दाँत नभएको, (तरपनि) अदत्कम्=तेज-बल-वीर्य खाइदिने स्त्रीचिह्न (योनि) छ, यस्तो, श्येतम्=रातो, लिन्दु=चिप्लो, स्त्री-चिह्नमा, लिन्दु=चिप्लो स्त्री चिह्नमा, मा अभिगाम्=नजाऊँ, लिन्दु=चिप्लो स्त्रीचिह्नमा, मा अभिगाम्=नजाऊँ ।

स० वा०—शरीररहित सूक्ष्म तत्त्व हुनाले आत्मा 'आकाश' भनेर श्रुतिमा प्रसिद्ध छ । त्यो आफूमा रहेका नाम र रूपलाई पानीमा रहेको फींज जस्तो गरी व्यक्त गर्ने हो । ती नाम र रूप जोभित्र छन् त्यो ब्रह्म हो, त्यो अमरणधर्मी छ, त्यो आत्मा हो । [अबको 'प्रजापतेः' देखि 'माभिगाम्' सम्मको भाग मन्त्र हो, जसको अर्थ यस प्रकार छ -] म ब्रह्माको 'प्रभुविमित' नाम गरेको घरमा प्राप्त होऊँ । म यश नाम गरेको आत्मा होऊँ, म ब्राह्मणको यश, क्षत्रियको यश र वैश्यको यश प्राप्त गर्न चाहन्छु । त्यै म देह-इन्द्रिय-मन-बुद्धिरूप आत्माको आत्मा हुँ । पाकेको बयर जस्तो रातो रङ्को, दाँत नभएको, तैपनि तेज-बल-वीर्य-विज्ञान-धर्म खाइदिने, चिप्लो स्त्री-चिह्न (योनि) मा नजाऊँ, नजाऊँ । अर्थात् अब जन्म लिन नपरोस् ।

आठौं अध्यायमा चौधौं खण्ड समाप्त

पञ्चदश खण्ड

आत्मज्ञानको परम्परा, नियम र फलको वर्णन

तद्धैतद्ब्रह्मा प्रजापतय उवाच प्रजापतिर्मनवे मनुः प्रजाभ्य आचार्य-कुलाद्वेदमधीत्य यथाविधानं गुरोः कर्मातिशेषेणाभिसमावृत्य कुटुम्बे शुचौ देशे स्वाध्यायमधीयानो धार्मिकान्विदधदात्मनि सर्वेन्द्रियाणि सम्प्रतिष्ठाप्याहिंस-न्सर्वभूतान्यन्यत्र तीर्थेभ्यः स खल्वेवं वर्त्तयन्यावदायुषं ब्रह्मलोकमभिसम्प-द्यते न च पुनरावर्त्तते न च पुनरावर्त्तते ॥ १ ॥

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द० प०—तत्=त्यो, 'ओमित्येतदक्षरम्' इत्यादि उपासनासहित, एतत्=यो आत्मज्ञान, ब्रह्मा=ब्रह्माले, प्रजापतये=प्रजापति (कश्यपलाई), उवाच=उपदेश गरे, प्रजापतिः=कश्यपले, मनवे=मनुलाई, मनु=मनुले, प्रजाभ्यः=प्रजाहरूलाई, उवाच=उपदेश गरे, ह=यो पूर्वकालमा भएको कुरा हो, आचार्यकुलात्=गुरुकुलबाट, वेदम्=वेद, अधीत्य=पढेर, यथाविधानम्=विधिअनुसार, अर्थात् नियमपूर्वक, गुरोः=गुरुको, कर्म=काम [कृत्वा]=गरेर, अतिशेषेण=बचेका समयले, अभिसमावृत्य=धर्मजिज्ञासा समाप्त गरेर, कुटुम्बे=गार्हस्थ्यमा, [स्थित्वा]=रहेर, शुचौ=पवित्र, देशे=ठाउँमा, स्वाध्यायम्=वेद, अधीयानः=पाठ गर्दै [पुत्रान् शिष्यान् च]=छोरा र शिष्यहरूलाई, धार्मिकान्=धर्मयुक्त, विदधत्=बनाउँदै, आत्मनि=आफ्ना हृदयमा, सर्वेन्द्रियाणि=संपूर्ण इन्द्रिय, प्रतिष्ठाप्य=खिचेर, सर्वभूतानि=सम्पूर्ण प्राणीलाई, तीर्थेभ्यः=शास्त्रले अनुमति दिएको विषयभन्दा, अन्यत्र=बाहेक, अहिंसन्=पीडा नपारी, एवम्=यसरी, यावदायुषम्=आयुसम्मको जीवन, वर्तयन्=राख्तै, (देहान्तमा) ब्रह्मलोकम्=ब्रह्मरूप लोकमा, अभिसम्पद्यते=प्राप्त हुन्छ, पुनः=फेरि, न च आवर्तते=फर्कंदैन, पुनः=फेरि, न च आवर्तते=फर्कंदैन, खलु=निश्चय हो ।

स० वा०—त्यो यो आत्मज्ञान 'ओमित्येतदक्षरम्' आदि उपासना-साथको आठ अध्यायको ग्रन्थद्वारा ब्रह्माले प्रजापतिलाई, पजापतिले कश्यपलाई, कश्यपले मनुलाई, मनुले प्रजाहरूलाई उपदेश गरे । यो पूर्वकालमा भएको कुरा हो । आचार्यकुलबाट वेद पढेर नियमपूर्वक गुरुको कामधन्धा गरेर बचेका समयमा धर्मजिज्ञासा समाप्त गरेर फर्की आई गार्हस्थ्यमा रही पवित्र स्थलमा वेद पाठ गर्दै छोरा र शिष्यहरूलाई धार्मिक बनाउँदै संपूर्ण इन्द्रिय आफ्ना हृदयमा खिची (छाडा हुन नदिई) शास्त्रले अनुमति दिएका विषयमा बाहेक परपीडा नपारी आयुसम्मको जीवन यसरी राखेर देह छुटेपछि ब्रह्मरूप लोकमा प्राप्त हुन्छ, फेरि फर्कंदैन, फेरि फर्कंदैन । यो निश्चित छ ।

आठौं अध्यायमा पन्ध्रौं खण्ड समाप्त

अष्टम अध्याय परिपूर्ण

छान्दोग्य उपनिषद् समाप्त

ॐ तत्सत्

शान्तिपाठ

ॐ आप्यायन्तु ममाङ्गानि वाक्प्राणश्चक्षुः श्रोत्रमथो बलमिन्द्रियाणि च सर्वाणि । सर्वं ब्रह्मौपनिषदं माहं ब्रह्म निराकुर्यां मा मा ब्रह्म निराकरोदनिराकरणमस्त्वनिराकरणं मेऽस्तु । तदात्मनि निरते य उपनिषत्सु धर्मास्ते मयि सन्तु ते मयि सन्तु ॥

ॐ शान्तिः शान्तिः शान्तिः

[यस मन्त्रको अर्थ उपनिषद्का आरम्भमा गरिएको छ]

Prof. Amodavardhana Kaundinyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Amodavardhana Kaundinnyayana Collection, Kathmandu, Nepal